CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५८

कोश विज्ञान र नेपाली कोश



—रामचन्द्र लंसाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशविज्ञान
र
नेपाली कोश

रामचन्द्र लंसाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशिका :

श्रीमती शारदा लंसाल

कलङ्की, काठमाडौं ।

सर्वाधिकार लेखकमा सुरक्षित ।

प्रथम संस्करण : १००० प्रति

२२ साउन, २०४६

६ अगस्त, १९८९

मूल्य : रू. ५६।-

20869

मुद्रक:

सृजना प्रिण्टर्स

ब्रह्मटोल काठमाडौं ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका

विश्वमा मानवसभ्यता र वाङ्मयको आरम्भकालदेखि नै विचार विनिमयको मूलमाध्यम रहेको भाषामा अभीष्ट क्षमता–विकासको निम्ति कोश अपरिहार्य साधन हो। संबन्धित भाषाभाषी र तिनका समस्त ज्ञान सम्पदामा निहित महिमा र गरिमाका साथै तत्संबन्धी साहित्यिक श्रीवृद्धिका सन्दर्भमा पनि कोशको भूमिका अनन्य छ। यसरी कोशको असीम उपयोगिता, नेपाली भाषामा कण्डै दुई शताब्दी लामो यसको ऐतिहासिक विचरणर विभिन्न तहका नेपाली विषयका पाठ्यक्रममा यस संबन्धी विषयवस्तुको सन्नियोजन हुँदाहुँदै पनि यस क्षेत्रमा आलोकित पार्ने विशेष अध्ययनको अपेक्षा अत्यधिक रूपमा अनुभव गरिएकाले त्यतातिर अभिमुख हुने अभिलाषा राखी यो कृति तयार पारिएको हो।

प्रस्तुत पुस्तक शिक्षाशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहमा रहेको नेपाली विषयको सामाजिक मनोवैज्ञानिक तथा प्रायोगिक भाषाविज्ञान नामक तेस्रो पत्रमा आधारित कोशविज्ञानका विषयवस्तुसँग विशेषतः आबद्ध छ भने मानविकी र सामाजिकशास्त्र संकायअन्तर्गत स्नातकोत्तर तहमा रहेको नेपाली विषयको ऐच्छिक अध्ययनअन्तर्गत सामाजिक र प्रायोगिक भाषाविज्ञान नामक पाठ्यांशका कोशसंबन्धी विषयवस्तुसँग पनि संबद्ध छ। यसरी यो प्रत्यक्षत: स्नातकोत्तर तहमा केन्द्रित पाइन्छ तापनि प्रवीणता प्रमाणपत्र र स्नातक तहमा रहेका अनिवार्य नेपाली पाठ्यांशमा समेत शब्दकोशको प्रयोग संबन्धी विषयवस्तुको अध्ययन–अध्यापनमा यो कृति अत्यन्त उपयोगी सिद्ध हुन्छ। यसबाहेक साहित्यिक, व्यावहारिक आदि विविध विषय क्षेत्रका शिक्षण –अधिगमका व्यापक सन्दर्भमा पनि कोशको प्रबल आधिपत्य रहेकाले यस संबन्धी विविध पक्षीय जानकारी सबैका लागि उत्तिकै अपेक्षित छ, त्यसका निम्ति पनि यो कृति निकै सहायक हुने आकाङ्क्षा राखिएको छ। वस्तुतः कोश वर्तमान विश्वका भाषिक र प्राज्ञिक दुवै क्षेत्रमा प्रवेशको निम्ति मूलद्वार हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः यसको स्वरूप, सम्पादन र उपादेयताका संबन्धमा सम्यक् ज्ञान नितान्त वाञ्छनीय छ । यिनै सन्दर्भमा प्रस्तुत पुस्तक–रचना गर्ने अभिप्रेरणा प्राप्त भएको हो ।

नेपाली भाषाका परिप्रेक्ष्यमा पर्यावलोकन गर्दा के प्रकट हुन्छ भने विभिन्न विद्वान्‌हरूबाट नेपाली साहित्यको ऐतिहासिक विकासक्रमको चर्चा जति गहन र विस्तृत रूपमा गरिएको पाइन्छ त्यस प्रकारको चर्चा कोशको संबन्धमा गरिएको भेटिन्न । परिणामतः कोशविज्ञानको सैद्धान्तिक पृष्ठभूमिमा नेपाली कोशपरम्पराको चर्चा-परिचर्चा निकै कठिन सिद्ध हुन गएको छ किन–भने अन्वेषणका दृष्टिले यो क्षेत्र अझसम्म महारण्य नै रहेको छ र मार्ग प्रशस्त पार्ने कार्य अतीव कठिन छ । त्यसमा पनि कालविभाजन र चरणविभाजनका अप्ठ्यारा उकालाहरू असाध्य डरलाग्दा बनेर ठाडिएका भेटिन्छन् । यसैले यसमा वाञ्छित सफलता दुःसाध्य प्रतीत हुन्छ । तैपनि पुस्तक–लेखनका क्रममा यथासाध्य खोजमेल गरी विभिन्न स्रोतहरूबाट प्राप्त सामग्रीका आधारमा नेपाली कोशको विकासक्रमलाई विभिन्न काल र चरणमा विभाजन गरी यहाँ प्रस्तुत गरिएको छ । यस कार्यमा के कति सफलता मिलेको छ, त्यो विद्वत्वर्गबाट मूल्याङ्कन हुने विषय हो ।

नेपाली भाषामा यस किसिमको पुस्तकको आवश्यकता दृष्टिगत गरी यस कार्यमा प्रवृत्त हुन मलाई अनवरत प्रेरणा र हौसला प्रदान गर्नुहुने मेरा आदरणीय गुरुवर्ग, सहकर्मी र मित्रहरू सबैप्रति म यस अवसरमा हार्दिक कृतज्ञता प्रकट गर्दछु । यसै गरी जस–जसबाट सामग्री र विचार ग्रहण गरी प्रस्तुत पुस्तकका लेखन–क्रममा लाभ उठाइएको छ ती महानुभावहरूमा पनि यो लेखक अत्यन्त आभार व्यक्त गर्दछ । यसरी नै यस पुस्त-कको प्रकाशनका लागि हरतरहले सहयोग गर्ने बन्धुवर राममणि दुवाडीप्रति पनि म हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत पुस्तकमा देखापरेका सम्पूर्ण त्रुटि र कमजोरी-हरूलाई मेरा विवशता र अज्ञताका परिणाम संझी तथा तिनलाई सहानुभूति–साथ ग्रहण गरी यथोचित सुझाव दिनुहुन समस्त विज्ञ पाठकहरूमा सविनय हार्दिक अनुरोध गर्दछु ।

२२ साउन, २०४६
(नागपञ्चमी र ऋषितर्पणी)
कलंकी, काठमाडौं ।

रामचन्द्र लंसाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय-सूची

अध्याय : एक– विषय प्रवेश — १–१४

कोशविज्ञान — २
कोशविधानविज्ञान — ५
अन्य विषयसँग संबन्ध — ८
(क) भाषाविज्ञान — ८
(ख) व्याकरण — १०
(ग) साहित्य — ११
(घ) समाजविज्ञान — ११
(ङ) भूगोल — १२

अध्याय : दुई – कोश–परिचय — १५–३१

कोशको परिचय — १५
कोशको उद्देश्य — २१
कोशको उपयोगिता — २३

अध्याय : तीन – कोश–वर्गीकरण — ३२–६५

प्रविष्टि–प्रकृतिको आधार — ३८
कालिक आधार — ३९
प्रयोजनको आधार — ४१
प्रविष्टि अनुक्रमको आधार — ४३
भाषासंख्याको आधार — ४४
प्रयोक्ताको आधार — ४६
प्रविष्टि स्रोतको आधार — ४९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : चार– शब्दकोशको स्वरूप– ६६–११०
आधुनिक शब्दकोशको सामान्य स्वरूप — ६७
पूर्व भाग — ६७
मूल भाग — ८०
उत्तर भाग — ९८
प्राचीन र आधुनिक स्वरूपको तुलना — ९९
अध्याय : पाँच– कोश–सम्पादन प्रक्रिया १११–१७०
पहिलो चरण — १११
(अ) योजना — ११२
(आ) सामग्री संकलन — ११३
(इ) प्रविष्टिचयन — १२०
दोस्रो चरण — १२७
(क) शीर्षशब्द १२८
(ख) हिज्जे १३१
(ग) उच्चारण १३२
(घ) व्याकरण निर्देश १३३
(ङ) व्युत्पत्ति १३६
(च) अर्थविधान १३७
(छ) पर्याय १५५
(ज) विपर्याय १५५
(झ) उदाहरण १५५
(ञ) चित्राङ्कन १५६
(ट) व्युत्पादक सर्ग १५६
(ठ) उखान टुक्का १५७
तेस्रो चरण — १५७
(अ) प्रविष्टि–अनुक्रम र यसको प्रकार — १५८
(आ) प्रविष्टि–विन्यास — १६०
(इ) नीडन — १६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ई) संसक्तप्रविष्टि — १६६
(उ) चिह्न प्रयोग — १६७
(ऊ) पूर्बोत्तर भागको संयोजन १६७

अध्याय : छ – भाषासंख्यापरक कोश र यसका समस्या १७१–२००

एकभाषी कोश र यसका समस्या — १७२
द्विभाषी कोश र यसका समस्या — १८४
बहुभाषी कोश र यसका समस्या — १९३

अध्याय : सात–नेपाली कोशको ऐतिहासिक विकासक्रम २०१–२४२

प्रारम्भिक काल — २०१

(१) नेपाली भाषा र वाङ्मयको पृष्ठभूमि — २०१
(२) नेपाली कोशविधानका आरम्भिक प्रयास — २०३
(३) नेपाली एकभाषी कोशको आरम्भ — २०६
(४) आधुनिक कोशविधानको पूर्वपीठिका — २०९

आधुनिक काल — २१३

(१) नेपाल वाङ्मयको पृष्ठभूमि — २१६
(२) आधुनिक द्विभाषी र एकभाषी कोशको प्रकाशन — २१५
(३) नेपालीकोश परम्परामा आधुनिक अनेकभाषी कोशको विकास — २१७
(४) आधुनिक नेपाली एकभाषी कोश : प्रथम चरण — २२६
: द्वितीय चरण — २२७
: तृतीय चरण — २३३

अध्याय : आठ – नेपाली कोशका प्रकार : सामान्य चर्चा – २४३–२६६

एकभाषी कोश — २४४
अनेकभाषी कोश — २४७
(१) द्विभाषी कोश — २४८
(२) बहुभाषी कोश — २५३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उखानटुक्का कोश — २५६
प्रकीर्ण कोश — २५०
(१) प्राविधिक कोश — २६०
(२) व्युत्पत्तिपरक कोश — २६२
(३) भाषिका कोश — २६३
(४) स्थाननामकोश — २६३
उपसंहार २६४
सन्दर्भग्रन्थ-सूची २६७—२७२
परिशिष्ट २७३—२७४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय: एक

विषय--प्रवेश

विशाल विश्वका अपरिमित ज्ञानसम्पदा र प्रत्येक संबन्धित भाषाका असीमित शब्दसम्पदामा आधिकारिक सक्षमता अधिगत गर्नको लागि कोश अनन्य साधन हो। आधुनिक संसारमा यसले न्यूनतम समयमा अधिकतम अभीष्ट सामग्री प्रदान गर्ने सामर्थ्य विकास गरेकाले कोशको उपादेयता अझ विस्तीर्ण बनेको छ। वस्तुत: आजको संसार संचारका दृष्टिले जति सांघुरो हुँदै आएको छ ज्ञान–राशिका दृष्टिले अति नै फराकिलो बन्दै गएको छ। यस्तै गरी मानव–सम्पर्कका दृष्टिले आधुनिक विश्व जति निकट हुने स्थिति सिर्जना भएको छ भाषिक प्रयोगका दृष्टिले उति नै विकट हुँदै जाने अवस्थिति दृष्टिगोचर हुन थालेको छ। वर्तमान विश्वमा यसरी हुँदै गइरहेको ज्ञानको अनवरत विस्फोट र हरेक भाषा तथा वाङ्मयको अविश्रान्त विकासले गर्दा व्यक्तिविशेषका लागि विस्तृत ज्ञान र भाषाका विविध क्षेत्रका विषयमा त कुरै छाडौं सामान्य व्यावहारिक जीवनका लागि आवश्यक पर्ने ज्ञान–विशेष र भाषाविशेषमा समेत सूचनाको सम्यक् अधिगति असंभव हुन गएको छ। अत: के सुस्पष्ट हुन थालेको छ भने कोश ज्ञान तथा भाषाका यिनै क्षेत्रमा प्रवेशका निम्ति मूलद्वार हो र यसले प्रत्येक व्यक्तिको दिनचर्याका विविध पक्षमा समेत अमूल्य योगदान गर्ने हुँदा यसको भूमिका गहन छ।

यसरी मानवी ज्ञान, भाषा र शब्दसम्पदाका सूचना–सागर एवम् संप्रेषण–साधन बनी कोशले गुरुतर तथा गौरवशाली दायित्व वहन गरेको पाइन्छ। परन्तु यस किसिमको दायित्व स्वत: निर्वाह हुँदैन र यसका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोश-सम्पादनका विभिन्न विधि र प्रविधिको सम्यक् संयोजन संबन्धित हुन्छ । यसैले कोशलाई सुप्रयोज्य, संसूच्य, संग्राह्य, संप्रेष्य जस्ता अभीष्ट स्वरूपमा सुनियोजित र संगठित पार्ने कोशका यिनै विधि प्रविधिसँग संबन्धित क्रमशः सैद्धान्तिक र प्रायोगिक वा अनुप्रयुक्त पक्षको व्यवस्थित अध्ययन गर्ने कोशविज्ञान र कोशविधानविज्ञानको सम्यक् परिचयविधान आवश्यक हुन्छ । यही कुरा दृष्टिगत गरी यस सन्दर्भमा कोशका यिनै सैद्धान्तिक र अनुप्रयुक्त विधि प्रविधिहरूको निरूपणका निम्ति प्रथमतः आधारभूमिको रूपमा कोशविज्ञान र कोशविधानविज्ञानको चर्चा गरिन्छ ।

कोशविज्ञान

कोशविज्ञान कोशसँग संबन्धित विषय हो । यसमा कोशविधान वा कोशसम्पादनका आवश्यक सिद्धान्तहरूको व्यवस्थित रूपले विवेचना गरिएको हुन्छ । यो अनुप्रयुक्त भाषाविज्ञानको एउटा शाखा हो । अनुप्रयुक्त भाषाविज्ञान लाई प्रायोगिक भाषाविज्ञान पनि भनिन्छ ।

आधुनिक भाषाविज्ञानका क्षेत्रमा दोस्रो विश्वयुद्धपछि द्रुततर गतिमा प्रगति भयो परिणामतः अनुप्रयुक्त भाषाविज्ञानको उदय भयो । नेपालीमा यो अनुप्रयुक्त वा प्रायोगिक भाषाविज्ञान शब्दको प्रचलन अंग्रेजी भाषाको "अप्लाइड लिङ्गुइस्टिक्स" शब्दको रूपान्तरबाट भएको हो । वस्तुतः नेपाली भाषामा रूपान्तरण गरिएको प्रस्तुत अनुप्रयुक्त भाषाविज्ञान शब्दको मूलस्रोत अंग्रेजी शब्द "अप्लाइड लिङ्गुइस्टिक्स"- को नै सर्वप्रथम प्रयोग उति पुरानो भइसकेको छैन । १६३१ ई. मा प्रकाशित एल. लकहार्टको कृति 'वर्ड इकोनोमी : एन एस्से ईन अप्लाईड लिङ्गुइस्टिक्स' - मा यो शब्द प्रथमतः प्रयुक्त भएको हो र यसले स्वतन्त्रविषयको रूपमा मान्यता चाहिं १९४६ ई. मा अमेरिकाली मिकिगन विश्वविद्यालयबाट प्राप्त गरेको हो । यसको लगत्तैपछि यसै विषयमा विशेषतः केन्द्रित विश्वविख्यात जर्नल 'ल्याङ्ग्वेज लर्निङ' (१९४८ ई.) यसै विश्वविद्यालय अन्तर्गत प्रकाशित हुन थाल्यो अनि प्रस्तुत अनुप्रयुक्त वा प्रायोगिक भाषाविज्ञान विश्वव्यापी रूपमा चर्चित भई क्रमशः दिनानुदिन विकसित र समृद्ध बन्यो ।[१] यसैको फलस्वरूप कोशसँग संबन्धित परम्परागत पद्धतिमा परिवर्तन र उन्नयन भई अनुप्रयुक्त वा प्रायोगिक भाषाविज्ञानको प्रमुख शाखाका रूपमा कोशविज्ञान प्रवर्तित र प्रतिष्ठित भयो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशविज्ञान मूलतः ग्रीकबाट विकसित अंग्रेजी शब्द 'लेक्सीकोलजी'-को नेपाली रूपान्तर हो, जसको व्युत्पत्तिगत अर्थ ' शब्दको अध्ययन गर्ने विज्ञान' भन्ने हुन्छ । यसरी व्युत्पत्तिका दृष्टिले शब्दको अध्ययनमा यसको अर्थ सीमित हुन्छ तापनि अहिले यस किसिमको संकीर्ण अर्थमा यसको प्रयोग हुँदैन र 'शब्द'शब्दले अर्थ विस्तार गरी व्यापक सन्दर्भ लिएको छ । सामान्य धारणामा जसरी कोशलाई शब्दसूची मानिन्छ त्यसरी नै कोशविज्ञानलाई शब्द-सूचीसँग संबन्धित विद्या मानिन्छ । परन्तु जसरी कोशमा शब्दसूची मात्र हुँदैन, त्यसमा परिभाषीकरण ,व्याख्या, हिज्जे, व्याकरणनिर्देश , उदाहरण ; पर्याय, विपर्याय, व्युत्पत्ति आदि हुन्छन् त्यस्तै कोशविज्ञान पनि शब्दसूचीसंग संबन्धित विद्या मात्र नभई यसमा भाषाका शब्दढुकुटीमा रहेका शब्दहरूको व्यवस्थित अध्ययन, कोशीय सामग्रीको संकलन, प्रविष्टिको चयन र वर्गीकरण, विविध अर्थनिर्धारण, वर्तनी, व्याकरणनिर्देश, व्युत्पत्ति, उदाहरण(प्रयोग)निदर्शात्मक उद्धरण, पर्याय तथा विपर्याय, चित्र, रेखा, तालिका आदिको संयोजन र सम्पादन संबन्धी सैद्धान्तिक पक्षको पनि वर्णन, विश्लेषण र विवेचन गरिन्छ । अतः यसमा ती समस्त सैद्धान्तिक पक्षको विवेचना गरिन्छ जसको आधारमा कोश–निर्माण गरिन्छ ।

यस संबन्धमा छोटकरी परिभाषा दिदै क्रिस्टलले "ए डिक्सनरी अफ लिङ्ग्विस्टिक्स एण्ड फोनेटिक्स" मा उल्लेख गरेका छन् – "कोशविज्ञान भाषाको शब्दढुकुटी (यसको इतिहास समेत)- को समस्त अध्ययनलाई बुझाउन सामान्यतः प्रयोग गरिने शब्द हो" । यसमा व्यापक शब्दावलीको प्रयोग गरिएको र कोशविज्ञानका विषय क्षेत्रलाई विशेषतः प्रस्तुत नगरिएको यो परिभाषा त्यति खुलस्त छैन, तर कोशविज्ञानको क्षेत्र व्यापक भएको तथ्य भने यसमा निर्दिष्ट छ । यसै गरी 'द न्यू एन्साइक्लोपिडिया ब्रिटानिका' को परिभाषा पनि उल्लेखनीय प्रतीत हुन्छ । यसमा भनिएको छ "कोशविज्ञान कुनै भाषाका शब्द वा शाब्दिक तत्वको वैज्ञानिक अध्ययन हो । कोशविज्ञानमा शब्द वा शाब्दिक तत्वको अर्थ, रूप, प्रयुक्ति, व्युत्पादन र इतिहास समावेश गरिएको हुन्छ।" स्पष्ट छ, यो परिभाषा अघिल्लोका तुलनामा निकै अभीष्ट र प्राञ्जल छ । जसरी शब्दकोशमा शब्दको मात्र प्रविष्टि हुँदैन, त्यहाँ शब्दसदृश अर्थगत निजतानिष्ठ सर्ग(उपसर्ग र प्रत्यय), उखान टुक्का आदि भाषिक वा कोशीय एकाइ हुन्छन् त्यसरी नै कोशविज्ञानमा पनि शब्दको मात्र अध्ययन नभई त्यसभन्दा व्यापक एकाइको अध्ययन हुन्छ । यही

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरालाई यस परिभाषामा शब्द वा शाब्दिक तत्त्व भनेर प्रकाश पारिएको छ। अर्को कुरा यसमा सैद्धान्तिक पक्षको अध्ययन हुने कुरा उल्लेख नगरिए तापनि अर्थ, रूप, प्रयुक्ति, व्युत्पादन र इतिहास शब्दावली समावेश गरी कोशविज्ञानका आधारभूत विषय क्षेत्रलाई निर्देश गरिएको पाइन्छ।

उपर्युक्त चर्चाका आधारमा के कुरा स्पष्टतः व्यक्त हुन्छ भने कोश-विज्ञान कोशनिर्माण गर्ने सैद्धान्तिक आधारहरूको विवेचनासँग संबन्धित व्यवस्थित अध्ययन हो। यसको आयाम व्यापक भएकाले यो भाषासामान्य र भाषाविशेषसँग पनि संबन्धित हुन सक्छ किनभने सैद्धान्तिक आधारसँग दुवैको साझा संबन्ध रहेको हुन्छ। यस संबन्धमा आर. ए. सिंह उल्लेख गर्छन्, "कोशविज्ञानात्मक अध्ययन दुई किसिमको हुन सक्छ, नामतः सामान्य र विशेष। सामान्य कोशविज्ञान सम्पूर्ण भाषाका साझा शाब्दिक सामान्य विशेषताहरूसित संबन्धित हुन्छ। यसले भाषामा निहित केही सार्वभौम विशेषतासँग संबन्ध गाँसिको पाइन्छ। अर्कातिर, विशेष कोशविज्ञानले कुनै एउटा भाषाविशेषका सन्दर्भमा शब्दहरूको अध्ययन गर्दछ"[२]। यसैले सैद्धा-न्तिक सहचारिता नै कोशविज्ञानको प्राथमिक अभिलक्षण हो।

कोशविज्ञानका विविध पक्षमा भाषाविज्ञानको गंभीर प्रभाव छ, किनभने कोशविज्ञान भाषाविज्ञानको शाखा हो र आधुनिक भाषाविज्ञानको विकासमा यो पनि सहगामी बन्दै आएको छ। वस्तुतः कोशविज्ञान भाषा विज्ञानकै अनुप्रयुक्त वा प्रायोगिक रूप हो। यसैले भाषाविज्ञानका विविध क्षेत्र र विधाबाट कोशविज्ञानले प्रशस्त सहायता प्राप्त गरेको छ। भाषा-विज्ञानका ध्वनिविज्ञान र वर्णविज्ञानबाट कुनै कुनै कोशीय शब्दादिको ध्वनि र उच्चारण तथा हिज्जेमा सहयोग प्राप्त भएको छ भने रूपविज्ञान र वाक्यविज्ञानबाट तिनको रूपविश्लेषण र उदाहरण (प्रयोग) आदिका संब-न्धमा सहायता मिलेको छ। यसै गरी कोशीय शब्दहरूको अर्थनिर्धारणमा अनिवार्यतः अर्थविज्ञानको सहयोग अपेक्षित छ। यसरी कोशविज्ञानका विभिन्न अंगहरू भाषाविज्ञानबाट आलोकित भएका छन्।

अनुप्रयुक्त वा प्रायोगिक भाषाविज्ञानका नाताले भाषाविज्ञान जस्तै कोशविज्ञानको अध्ययन पनि प्रमुखतः तीन रूपमा हुन्छ—ऐतिहासिक, वर्ण-नात्मक र तुलनात्मक। ऐतिहासिक कोशविज्ञानमा कालक्रमका दृष्टिले कोशीय एकाइसंग संबन्धित रूप र अर्थको अध्ययन गरिन्छ। वर्णनात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पद्धतिमा चाहिं समकालिक दृष्टिकोणबाट कोशीय एकाइको अध्ययन हुन्छ र यसमा प्रयोगावृत्ति अनुसार अर्थक्रम अंकित गरिन्छ। यस्तै तुलनात्मक पद्धतिमा विभिन्न भाषामा उपलब्ध हुने समान कोशीय रूपको तुलना गरिन्छ।

यद्यपि कोशविज्ञानमा विवेच्य प्रत्येक कोशीय शब्द वा एकाइको स्वतन्त्र र निजी अस्तित्व देखिन्छ तैपनि तिनीहरू सर्वात्मना ऐकान्तिक र निरपेक्ष छैनन्। फलतः रूपक्रमात्मक र विन्यासक्रमात्मक जस्ता संबन्धका दृष्टिले यी सन्दर्भसापेक्ष छन्। यसरी भाषिक शब्दभण्डारका समस्त शब्द कुनै न कुनै किसिमले अन्य तत्वसित संबद्ध हुन्छन्। उदाहरणार्थ कुनै एउटा शब्द कुनै अर्थविशेषसँग संपृक्त हुन्छ भने कुनै ध्वनिविशेषसँग संबन्धित भई कुनै एक किसिमको व्याकरणात्मक कार्य संपन्न गर्दछ। यसैले प्रत्येक शब्द वार्णिक, व्याकरणात्मक र आर्थी घटकसित स्वतः संबन्धित हुन्छ। कोशविज्ञानले पनि शब्दलाई यिनै सन्दर्भमा अध्ययन गर्दछ। अतः शब्द–सन्दर्भका सापेक्षतामा पदावली वाक्य जस्ता तहहरू पनि कोशविज्ञानका क्षेत्रभित्र समाविष्ट हुन्छन्।

यसरी कोशविज्ञान कोशविधानको सैद्धान्तिक पक्षमा आधारित शास्त्रको रूपमा प्रतिष्ठित पाइन्छ तापनि सामान्यतः हाम्रो व्यवहारमा कोशसँग संबन्धित सबै प्रकारको व्यवस्थित अध्ययन गर्ने शास्त्रलाई कोशविज्ञान नाम नै विशेषतः प्रचलित छ। वस्तुतः शास्त्रीय चर्चाका सन्दर्भमा सैद्धान्तिक र अनुप्रयुक्त पक्षको भेद गरी यिनमा भिन्नता स्थापित गरिन्छ तापनि साधारण व्यवहारमा कुनै लक्ष्मण–रेखा नकोर्ने प्रवृत्ति भेटिन्छ र कोशविज्ञान शब्द नै व्यापक रूपमा अधिष्ठित पाइन्छ।

कोशविधानविज्ञान

यो कोशको निर्माणसँग संबन्धित अनुशासन हो। कोशको संबन्धमा सैद्धान्तिक विवेचना कोशविज्ञानमा गरिएको हुन्छ भने यसमा कोशनिर्माणका प्रायोगिक पक्षहरू सम्मिलित हुन्छन्। कुनै अभीष्ट भाषासँग संबन्धित कुनै कोशविशेषको निर्माणका सामग्रीको संकलन तथा एकत्रीकरण, उद्दिष्ट प्रयोक्ता अनुकूल सामग्री चयन, यथाक्रम अर्थनिरूपण, व्याकरणात्मक कोटिनिर्देश, प्रयोजनानुरूप उदाहरण र उद्धरण, उच्चारण, हिज्जे, व्युत्पत्ति आदिको संयोजन र सम्पादन जस्ता आधारभूत विषय नै यसका प्रायोगिक पक्ष हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणार्थ, प्रविष्टिविन्यासक्रम संम्बन्धी साझा व्यहोरा विभिन्न किसिमका शब्दकोशसँग संबन्धित सिद्धान्त भएकोले यो कोशविज्ञानको विषय हो भने कुनै भाषाको कुनै कोश वर्णानुपूर्वी क्रममा पूर्ववर्णानुक्रमको अनुसरण गरी निर्माण गर्नु कोशविधानविज्ञानको विषय हो। यसरी हेर्दा भाषाविज्ञानको अन्यतम प्रायोगिक रूप कोशविज्ञान हो भने कोशविज्ञानको प्रायोगिक रूप कोशविधानविज्ञान हो।

कोशविधानविज्ञान मूलत: ग्रीक 'लेक्सिको+ग्राफ' शब्दबाट विकसित 'अंग्रेजी लेक्सिकोग्राफी' शब्दको नेपाली रूपान्तर हो। यसलाई कोशशिल्पविज्ञान, कोशकला, कोशनिर्माणविज्ञान आदि संज्ञा पनि दिइएको पाइन्छ। तर यो सिद्धान्तमा आधारित व्यवस्थित अनुप्रयोग हुनुका साथै कोशको विधानपक्षसित संबद्ध भएकोले कोशविधानविज्ञान नाम उपयुक्त देखिन्छ।

प्रस्तुत कोशविधानविज्ञानका संबन्धमा 'द न्यू इन्साक्लोपिडिया ब्रिटानिका' ले यसरी परिभाषा गरेको छ, "कोशविधानविज्ञान कोशको रचना (विधान)-मा अनुसरण गरिने सिद्धान्त, कार्यविधि र व्यवहार हो। यसमा अभीष्ट शब्दकोश तयार गरिने सम्बन्धित भाषाका शब्दसूचीको सम्पादन, तिनको अर्थविधान र शब्दको अक्षरविभाजन तथा सामान्यत: तिनको शब्दविभाग संबन्धी सूचना (नाम, क्रिया इ.) समावेश गरिन्छ।" यसै सन्दर्भमा भारतका भाषाशास्त्री एन. भी. राजगोपालनको विचार प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ। यिनले कोशविधानविज्ञानको महत्त्व प्रतिपादन गर्दै भनेका छन् "अनुप्रयुक्त भाषाविज्ञानले कोशविधानविज्ञानलाई सहयोग दिन्छ होइन वरू यसबाट लिन्छ। भाषाको शिक्षण वा सिकाइ सृजनात्मक वा विवेचनात्मक लेखन, एउटा भाषाबाट अर्को भाषामा अनुवाद-यी सबै क्रियाकलापमा कोशबाट सहयोग लिनुपर्ने हुन्छ, यसैले अनुप्रयुक्त भाषाविद् कोशकारलाई संमान गर्छन्।

कोशविधानकार्य कठिनतम, गम्भीरतम, नीरसतम र निरवच्छिन्न प्रयासको उदाहरण हो। असीम अध्यवसाय र विशालविद्वत्ता यसका पूर्वावश्यकता हुन्। १८१८ ई. बाट प्रारम्भ गरिएको अक्सफोर्ड अंग्रेजी शब्दकोशको उपसंहार १९२८ ई. मा गरियो। पूनामा १९५२ ई. मा निर्माणार्थ प्रारम्भ गरिएको संस्कृत शब्दकोशको अहिलेसम्म केवल दुई ठेली प्रकाशित भएका छन्। यसकिसिमको कोशकारको कटु अनुभवलाई लक्ष्य गर्दै सत्रौं शताब्दींतिरका कोशकार जे.जे. स्क्यालिगरले आफ्नो ल्याटिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कवितामा के व्यक्त गरेका छन् भने ठूला ठूला अपराधीलाई अरू कुनै सजाय दिनुपर्दैन, तिनीहरूलाई कोश बनाउन लगाउनु नै उपयुक्त सजाय हुनेछ, किनभने यस कार्यमा सबै किसिमका कष्ट सम्मिलित हुन्छन् जुन अरू कुनै सजायमा संभाव्य छन् [४]। यस्तै अंग्रेजी भाषाका प्रसिद्ध कोशकार सैमुअल जोन्सनले 'हानिहीन परिश्रमी' संज्ञा दिदै कोशकारलाई अथक र अतिव्यस्त व्यक्ति बताएका छन् [५]। नेपाली कोशकार पारसमणि प्रधानले पनि यस्तै दुःखपूर्ण अनुभव प्रकट गरेका छन्, "सरस्वती र लक्ष्मीको वाससित हनुमान्‌को जाँगर हुनेले मात्र यस्तो कोशसंग्रह गर्ने रहर गर्नुपर्ने रहेछ" [६]। वस्तुतः अनन्तपारं किल शब्दशास्त्रम्' भन्ने उक्ति कोशविधानमा चरितार्थ हुन्छ। यसैले आजको युगमा कोशनिर्माण अत्यन्त श्रमसाध्य, कष्टसाध्य र व्ययसाध्य साधन बन्न पुगेको छ। अतएव एक्लो प्रयासबाट आधुनिक कोश बनाउने अनुष्ठान टुंगिन गाह्रो पर्ने कुरा स्पष्ट हुन्छ र यसको लागि संस्थागत प्रयत्नले पनि निकै अवधि लिनसक्ने कुरा अनुमान गर्न सकिन्छ।

यस किसिमको कोशविधान संबन्धी गहनतम कार्यले गर्दा कोश-विज्ञानभन्दा कोशविधानविज्ञानको क्षेत्र गुरूतर प्रमाणित हुन्छ। प्रस्तुत कोशविधानविज्ञानबारे 'न्यू एन्साइक्लोपिडिया ब्रिटानिका'-ले कोशविज्ञानका सन्दर्भमा टिप्पणी गर्दै भनेको छ, "भाषाविज्ञानको यस शाखा- (कोश-विज्ञान) बाट प्रतिपादित सिद्धान्त शब्दकोश वा कोशको वास्तविक सम्पादन सँग संबद्ध कोशविधानविज्ञानमा प्रयुक्त हुन्छन्।" यसरी नै एन. भी. राज-गोपालनले यी दुईमा फरक देखाउदै कोशविधानविज्ञानको महत्तातर्फ संकेत गरेको पाइन्छ, "कहिलेकाहीं कोशविज्ञान र कोशविधानविज्ञानमा भेद गरिन्छ, अघिल्लोलाई भाषाविज्ञानको अंग स्वीकारिन्छ भने पछिल्लो चाहिं एकदम छुट्टै विषय मानिन्छ [७]।

यसबाट के निष्कर्ष निक्लन्छ भने कोशको वास्तविक सम्पादन कोशविधान विज्ञानको विषय क्षेत्र हो। कोशविज्ञान मुख्यतः सिद्धान्त पक्षमा संबद्ध हुन्छ र यसमा प्रतिपादित सिद्धान्त भाषाविशेषमा सीमित नभई विश्वजनीन हुन्छ, तर कोशविधानविज्ञान यिनै सिद्धान्तको वास्तविक अनुप्रयो-गमा अनुप्राणित हुन्छ र यो कुनै भाषाविशेषमा आबद्ध हुन्छ। तर सामान्य व्यवहारमा भने यी दुईमा उतिसारो भेद गर्ने प्रवृत्ति पाइन्न र कोशविज्ञान शब्द बढी प्रयोग गरिन्छ। यसैले एन. भी. राजगोपालनले यी दुईमा भेद उल्लेख गर्दा उनको उद्धरणमा 'कहिलेकाहीं' अर्थद्योतन गरेको प्रतीत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्य विषयसँग संबन्ध:-

मान्छे ज्ञानवान् प्राणी हो । मानव जीवनका विविध ज्ञानक्षेत्रमा भाषा र संबन्धित भाषाका शब्दसम्पदा नितान्त अपेक्षित हुन्छन् । यस परिप्रेक्ष्यमा कोशको क्षेत्र निकै फराकिलो प्रतीत हुन्छ, किनभने कोश मानवीय ज्ञान, भाषा र शब्दसम्पदाको संगम हो । अतः यसमा मानवीय व्यापक क्रियाकलाप स्वतः आबद्ध हुन्छन् र मानवका विशाल वाङ्मयसित यसको संबन्ध पनि स्वभावतः स्थापित हुन्छ । परिणामतः कोशसित संबन्धित कोशविज्ञान र कोशबिधानविज्ञानको संबन्ध पनि व्यापक बन्छ र अनेकौं विषय र शास्त्रसँग यसको संबन्ध गाँसिन्छ । यस सन्दर्भमा अन्य केही महत्त्वपूर्ण विषय र कोशविज्ञानमा पाइने पारस्परिक संबन्धको चर्चा प्रस्तुत गरिन्छः-

(क) भाषाविज्ञान

कोशविज्ञानको सर्वाधिक संबन्ध भाषाविज्ञानसित छ, किनभने कोशविज्ञान भाषाविज्ञानको अन्यतम अनुप्रयुक्त वा प्रयोगिक स्वरूप हो जसरी कोशविज्ञानको अनुप्रयुक्त रूप कोशविधानविज्ञान हो । वस्तुतः शब्द नै कोशविज्ञान र भाषाविज्ञान दुवैको आधार भएकोले यिनको संबन्ध अत्यन्त घनिष्ठ प्रमाणित हुन्छ । यसैले कोशविधानका सन्दर्भमा अपेक्षित विभिन्न कार्यमा यसको सहयोग स्वभावतः आवश्यक हुन्छ । उदाहरणार्थ कोशमा प्रविष्टि चयनलाई लिन सकिन्छ । कोशमा प्रविष्टिको चयन गर्दा सामान्यतः भाषाविज्ञानमा आधारित प्रयोगावृत्तिको सहयोग लिइन्छ । अनि कोशमा शीर्षशब्दको निर्धारणार्थ गरिने आधार रूपको विनिश्चय पनि संबन्धित भाषाको रूपवैज्ञानिक अध्ययनमा आश्रित हुन्छ । यसबाहेक कोशीय एकाइ वा कोशिमको हिज्जे (वर्तनी), उच्चारण, व्युत्पत्ति र अर्थविज्ञानको विभिन्न क्षेत्रमा कोशविज्ञान भाषाविज्ञानमा नितान्त निर्भर हुनुपर्छ । यस संबन्धमा डी. एफ. रोबिन्सनले भनेका छन्, "लिखित भाषाको पहिलो अंकनदेखि नै शब्दकोशको विधान भाषाविज्ञानपरक वर्णनको अभिन्न अंग हुँदै आएको छ । [८] यसरी नै कोशविधानसँग संबन्ध स्थापित गर्दै एन.भी. राजगोपालन उल्लेख गर्छन् "कोशविधानविज्ञान र भाषाविज्ञान दुवै नै भाषासँग संवन्ध राख्छन्, यद्यपि यिनको प्रयोजन र विश्लेषणविधि फरक छ। यिनमा यस्ता भिन्नता हुँदा हुदै पनि यिनीहरू अनेक पक्षमा अन्तर्बद्ध छन् [९] ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी भाषाविज्ञानका विभिन्न क्षेत र शाखाबाट कोशविज्ञानका विभिन्न पक्षमा सहायता पुग्ने हुँदा भाषाविज्ञानका लागि पनि वरदानसिद्ध हुन्छन् । कोशमा हिज्जे, उच्चारण आदिको व्यवस्थाका लागि भाषाविज्ञान अन्तर्गत ध्वनिविज्ञान संबन्धी अध्ययन सहयोगी हुन्छ भने कोशीय प्रविष्टिको रूपविश्लेषणमा रूपवैज्ञानिक अध्ययन उपकारक बन्छ । यसरी नै वाक्य-विज्ञानका सहायताले कोशीय उदाहरण आदिमा वाक्यगत सहप्रयोग द्वारा भाषिक सन्दर्भलाई सुनिर्देश गर्न सकिन्छ भने अर्थविज्ञानका सहयोगले केन्द्रीय अर्थ तथा अर्थक्रमलाई सुनिश्चित गर्न सकिन्छ । यसै गरी ऐतिहासिक भाषाविज्ञानले कोशीय एकाइको व्युत्पत्ति, रूप तथा अर्थको विकासक्रम आदिमा, भाषिका-विज्ञानले भाषिका निर्धारण र तद्गत कोशविधान आदिमा र व्यतिरेकी भाषाविज्ञानले द्विभाषिक विश्लेषणमा सहयोग गर्छ । यस्तै कोशविधानका अन्यान्य सन्दर्भमा पनि भाषाविज्ञान नितान्त अपेक्षित ठहरिन्छ । उदाहरणार्थ, कोशमा गरिने आलंकारिक, कथ्य आदि बीजकमा समाजविज्ञान र शैक्षिक कोश आदिमा गरिने भाषिक चयन र अनुस्तरणमा मनोभाषाविज्ञानको योगदानलाई प्रस्तुत गर्न सकिन्छ ।

यसै गरी पाठविज्ञान, शैलीविज्ञान, अनुवादविज्ञान आदि भाषा-विज्ञानका विभिन्न फाँटबाट पनि कोशविज्ञानमा सहयोग प्राप्त भएको छ ।

यसबाट के स्पष्ट हुन्छ भने भाषाविज्ञानका विविध क्षेत र शाखा-बाट कोशविज्ञान र कोशविधानविज्ञान प्रभावित छन् । अनि यसको प्रतिफल-मा कोशविज्ञानले पनि भाषाविज्ञानकोश, भाषापरिवारकोश, भाषापारिभाषिक शब्दावली आदि तयार गरी भाषाविज्ञानलाई अनुगृहित गरेको छ । यसरी यिनमा पारस्परिक घनिष्ठता पाइन्छ ।

निष्कर्षमा अझ के भन्न सकिन्छ भने कोशविज्ञानको प्रभाव मात्र होइन, अपितु कोशविज्ञानको उद्गम स्रोत नै भाषाविज्ञान हो । आधुनिक भाषाविज्ञानको प्रत्येक विधा वा पक्षमा भाषाविज्ञानको गंभीर छाप छ । यदि आधुनिक भाषाविज्ञानको विकासमा ध्यान दियौं भने कोशविज्ञानको विकास नै भाषाविज्ञानको पदचिह्नमा भएको प्रत्यक्षानुभव हुन्छ । उदा-हरणार्थ, कोशविज्ञानका क्षेत्रमा आधिकारिक रूपले ती विद्वान्हरू नै संलग्न छन् जसको भाषाविज्ञान संबन्धी अध्ययन गहिरो छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) व्याकरण–

सामान्यत: उपर्युक्त कोशविज्ञान र भाषाविज्ञानको संबन्धबाट नै कोशविज्ञान र व्याकरणको संबन्ध झल्किन्छ । यस बाहेक कोशीय एकाइमा पाइने मानकता तथा अमानकता, शुद्धता तथा अशुद्धता आदि निर्णयात्मक प्रकार्यका संबन्धमा कोशलाई व्याकरणले सघाउने हुँदा व्याकरणसँग यसको अरू विशेष संबन्ध स्थापित हुन्छ । अर्को शब्दमा, कोशको संग्रहालयात्मक प्रकार्यमा भाषाविज्ञानको योगदान अगाध छ भने यसको न्यायालयात्मक प्रकार्यमा व्याकरणको वर्चस्व प्रगाढ छ ।

यस संबन्धमा विचार प्रस्तुत गर्दै संरचनात्मक भाषाविज्ञानका प्रणेता ब्लुमफिल्ड भन्छन्– "शब्दकोश वस्तुत: व्याकरणको परिशिष्ट हो जुन आधारभूत अनियमितताको सूची हो"[१०] यसले के स्पष्ट गर्छ भने शब्दकोश र व्याकरण दुवैको कार्यक्षेत्र शब्द नै हो तर व्याकरण भाषाको नियमित र प्रागुक्तिसाध्य वा पूर्वानुमेय स्वरुपसँग संबद्ध हुन्छ भने शब्दकोश चाहिं अनियमित र प्रागुक्तिबाध्य स्वरुपमा आबद्ध हुन्छ । अर्थात् व्याकरणले सीमित नियममा असीमित शब्दलाई समाहित गरेको हुन्छ र सो नियमका आधारमा अन्य शब्दको स्वरुप स्वत: भविष्यवाणी (प्रागुक्ति) गर्न वा बताउन सकिन्छ तर शब्दकोशमा भने यस्तो नियमाधारित शब्दनिष्ठ रुपायन र व्युत्पादनका क्षेत्र–लाई नअँगाली व्यष्टिनिष्ठ पृथक् स्वरुपलाई समाहित गरिन्छ जसलाई कुनै नियमको आधारमा पूर्वनिरुपण गर्न सकिन्न । उदाहरणार्थ, कुनै कोशीय एकाइको अर्थविधान भविष्यकथन वा प्रागुक्ति होइन । यसैले कोशमा अनियमित रूप सन्निवेश गरिएको हुन्छ र नियमित रुपावली परिहार गरिन्छ ।

अर्का प्रसिद्ध भाषाविद् ग्लीसनको विचारमा व्याकरण र शब्दकोशको संबन्ध वर्ग र सदस्यको संबन्ध हो । व्याकरणले वर्गविधान गरी तिनको अध्ययन गर्छ भने शब्दकोषले व्यष्टिगत निरपेक्ष एकाइको अध्ययन गर्छ ।[११] उदाहरणार्थ , शब्द र रुपिम सदस्य हुन् र यिनले आफूसँग संबन्धित वर्ग–विधान गर्छन् जसलाई रुपवर्ग वा शब्दवर्ग भनिन्छ ।

वस्तुत: उपयोगिताको सन्दर्भमा माथि चर्चा गरेझैं व्याकरण र शब्द-कोशको व्यावर्तक सीमारेखा बद्धविकाशशील र मुक्तविकाशशील विशेषतामा आधारित छ । कुनै व्याकरणको नियम पाँच–छ बर्षमा नै आत्मसात् गरिन्छ र त्यसपछि त्यसको गतिशीलता सीमित हुन्छ । तर शब्दभण्डारको आर्जन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आजीवन सतत विकासशील र अग्रगामी रहन्छ। परिणामतः शब्दसम्पदा सदैव परिवर्तनशील हुन्छ त्यसमा पुराना शब्द लुप्त हुन्छन् र नयाँ शब्द थपिदै जान्छन्।

यसरी व्याकरण र शब्दकोश सूक्ष्मभेद भएका निकटतम विषय सिद्ध हुन्छन्। यसबाट नै यिनको संबन्ध स्पष्ट हुन्छ।

(ग) साहित्य–

कोशमा सामग्री-संकलन साहित्यबाट गरिने हुँदा कोशविज्ञान र साहित्यमा नङ र मासुको संबन्ध पाइन्छ। अझ व्यापकता दिई वाङ्मय अर्थमा साहित्यको प्रयोग गर्ने हो भने कोशको कलेवर नै लिखित र अलिखित अशेष साहित्यमा आश्रित हुने कुरा स्वतः स्पष्ट हुन्छ।

चाहे ऐतिहासिक वा अन्य किसिमका कोश हुन् तिनमा उद्‌गम–भूमिका रुपमा साहित्य प्रतिष्ठित पाइन्छ। यदि प्राचीन भाषाको कोश बनाउने हो भने त्यसमा कोशको प्रविष्टि, अर्थ, प्रयोग आदि विषयक समस्त सामग्री संबन्धित साहित्यबाट नै ग्रहण गर्नुपर्छ। यसै गरी आधुनिक जीवित भाषाको ऐति–हासिक कोशविधान गर्दा पनि प्राचीन समयमा कुनै शब्दको के अर्थ थियो, त्यसको विकास कसरी हुंदै आएको छ, त्यसको साक्ष्यमा के उदाहरण दिन सकिन्छ –यी कुरा तत्कालीन साहित्यका आधारमा नै निर्धारित गरिन्छ। यसरी नै वर्णनात्मक कोशमा, सामग्री संकलनको आधारभूत स्रोत संबन्धित लिखित र अलिखित साहित्य नै हुन्। यसबाहेक यस्ता कोशमा दिइने मुख्य तथा गौण अर्थ र अर्थक्रम विशेषतः साहित्यमा पाइने प्रयोगावृत्तिमा नै निर्भर हुन्छन्। अर्को शब्दमा भन्ने हो भने साहित्य विशाल फलशाली वृक्ष हो जस-बाट उपयुक्त फल टिपी कोशमधु तयार गरिन्छ।

अर्कातिर कोशविज्ञानले पनि साहित्य कोश, कृति कोश आदि तयार गरी साहित्यको अनुग्रहमाथि कृतज्ञता व्यक्त गरेको छ र साहित्यको अध्ययन-मा सरलता र सुगमता प्रदान गरेको छ। यथार्थमा यदि कोश नहुंदो हो ता प्राचीन साहित्यको अध्ययन दुरूह बन्ने मात्र होइन वर्तमान साहित्यको अध्ययन पनि अधुरो हुने थियो।

(घ) समाजविज्ञान

भाषाको प्रयोग सामाजिक सन्दर्भसँग संबद्ध भएकोले समाजशास्त्रसँग पनि कोशविज्ञानको संबन्ध सुस्थापित हुन्छ। वस्तुतः कुनै भाषाको कोशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तो भाषिक एकाइ नै कोशीय एकाइमा परिणत हुन्छन् जुन समाजीकृत हुन्छन् । यसैले युनेस्कोद्वारा कोशविज्ञानका सन्दर्भमा स्थापित समितिको प्रतिवेदनमा (१९६०) सी.सी. बर्ग कोशको परिभाषा यसरी उल्लेख गर्छन् –"कोश ती समाजीकृत भाषा रुपको व्यवस्थित किसिमले क्रमबद्ध सूची हो जुन कुनै भाषिक समुदायको वाक् व्यवहारबाट संगृहित गरिएका हुन्छन् र जसलाई कोशकारद्वारा यसरी व्याख्या गरिएको हुन्छ कि योग्य पाठक प्रत्येक भाषारूपको स्वतन्त्र अर्थबोध गर्न सकून् र ती भाषारुपको सामुदायिक प्रकार्यसंबन्धी समस्त तथ्य अवगत गर्न सकून् ।"[१२]

वस्तुत: कोशमा ती शब्द र अर्थ नै समाविष्ट हुन्छन् जसको समाजमा प्रयोग हुन्छ । यसबाहेक सामाजिक भाषिकामा आधारित भाषिक रुपहरूको सन्निवेश पनि सामाजिक तथ्य स्वीकृतिका आधारमा गरिन्छ । यसै गरी कोशमा दिइने उदाहरण सामाजिक प्रयोगको नै नमुना हो । यसरी भाषा आद्यन्त सामाजिक वस्तु भएकोले समाजका प्रत्येक गतिविधिसँग यो संबन्धित हुन्छ र कोशले पनि समाजविज्ञानको आधारमा नै यिनको निरुपण गर्नुपर्ने हुन्छ । यसैले विविध शब्द र उखान–टुक्का प्रयोग आदिलाई कोशमा समाहित गर्नुपर्दा कोशविज्ञानले समाजविज्ञानमा नितान्त निर्भर हुनुपर्छ । उदाहरणार्थ, तँ, तिमी, तपाईं, हजूर आदिशब्द न्याउरी मारी पछुतो, नाँच्न नजान्ने आँगन टेढो, नाक ठाडो पार्नु, परलोक हुनु, दुर्वासा बन्नु आदि उखान–टुक्का र भैंसी आयो, बिरुवा मर्‍यो, महाकविको निधन भयो आदि प्रयोगलाई लिन सकिन्छ । यसका अतिरिक्त कोशीय प्रविष्टिमा प्रयोग गरिने अश्लील, बाल–बोली, शिष्ट, कथ्य आदि बीजकहरू पनि समाजाश्रित नै हुन्छन् जसको समुचित प्रयोगमा समाजविज्ञानले कोशविज्ञानलाई सहायता गर्छ । उता कोशविज्ञान पनि समाजविज्ञानको कोश बनाएर यस संबन्धलाई अझ सुदृढ र सुमधुर पार्छ ।

(ङ) भूगोल

भाषिक विचार विनिमयमा भौगोलिक स्थितिले अत्यन्त प्रभाव पार्ने हुनाले त्यसको प्रभाव कोशविधानमा पनि परेको देखिन्छ । सामान्यत: शब्दकोशमा क्षेत्रीय भाषिकाका शब्दभण्डारको समावेश यसको उदाहरण हो । यसबाहेक भौगोलिक अध्ययन विना कुनै भाषाको भाषिकाकोश तयार गर्न सकिन्न भने मानक शब्दकोशमा पनि भूगोलको सहयोग लिएर नै क्षेत्रीय भाषिक विभेदलाई परिहार गर्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली कोशका सन्दर्भमा एउटै अर्थ लिएर विभिन्न क्षेत्रमा प्रयोग हुने इँजार, नाडु आदि शब्दको मानकता विनिश्चय गर्न, दुपी, डाँग्रे, साङ्ग आदि एकै अर्थका क्षेत्रीय शब्दको सीमा निर्धारण गर्न कोशका लागि सामग्री संकलन गर्दा क्षेत्रीय सन्तुलन कायम गर्न र भाषा भाषिका समान तथा बेमेल शब्दकोश आदि तयार गर्न हामीलाई भूगोलको सहयोग अत्यावश्यक हुन्छ।

यसरी नै भूगोल कोश आदि तयार गर्न कोशविज्ञानको अपरिहार्य सहयोग आवश्यक पर्ने हुँदा भूगोल र कोशविज्ञानको निकै गहिरो सम्बन्ध प्रत्यक्षतः प्रमाणित हुन्छ।

प्रस्तुत सन्दर्भमा यहाँ केही विषयलाई लिएर तिनसँग कोशविज्ञानको संबन्ध निर्देश गरियो। तर अन्य विषयसंग कोशविज्ञान र कोशविधान-विज्ञानको संबन्ध यत्तिमै परिसीमित हुँदैन। विज्ञान, मनोविज्ञान, गणित, दर्शन, इतिहास, मानवविज्ञान, शिक्षाशास्त्र आदिसंग पनि यसको संबन्ध विस्तारित छ। वस्तुतः आधुनिक संसारमा कोशविज्ञानको आयाम अत्यन्त व्यापक भएकाले मानवी ज्ञानजगत्सँग नै यसले संबन्ध गाँसेको छ। परिणामतः पारिभाषिक कोश, विषय कोश तथा विश्वकोश आदि तयार भएका छन् र यसले समस्त भाषाजगत् र ज्ञानजगत्लाई नै समेटेको छ।

पादटिप्पणी

१. थियो भान एल्स र अन्य, अप्लाइड लिङ्गुइस्टिक एण्ड द लर्निङ एण्ड टिचिङ अफ फरेन ल्याङ्ग्वेज (अंग्रेजी अनुवाद) अनुवादक आर० आर० भान ओरसो, एडवार्ड आर्नोल्ड, अष्ट्रेलिया, १९७७ ई., पृ० ५१–१२।

२. आर० ए० सिंह, एन इन्ट्रोडक्सन टु लेक्सिकोग्राफी, सी० आई० आई० एल०, १९८२ ई., पृ० २।

३. एन्० भी० राजगोपालन, "सम एस्पेक्टस एण्ड प्रोब्लेम्ज अफ लेक्सिको-ग्राफी", लेक्सिकोग्राफी इन इण्डिया (सं.) बी० जी० मिश्र, सी० आई० आई० एल०, १९८० ई०, पृ० १७२।

४. भोलानाथ तिवारी, कोशविज्ञान, शब्दकार, दिल्ली १९७९ ई०, पृ०-१३।

५. पूर्ववत्।

६. पारसमणि प्रधान र नगेन्द्रमणि प्रधान, (सं०) ठूलो नेपाली–नेपाली-अंग्रेजी कोश (परिबर्द्धित संस्करण) भाग्यमणि प्रकाशन, कालिम्पोङ, १९८३ ई., भूमिका पृ० १।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

७. एन० भी० राजगोपालन, पूर्ववत्, पृ० १७२ ।
८. डी० एफ० रोबिन्सन, म्यानुअल फर बाइलिङ्गुअल डिक्सनरीज् (ठेली–१) एस० आई० एल०, १६६९ ई०, पृ० ९ ।
९. एन० भी० राजगोपालन, पूर्ववत्, पृ० १७० ।
१०. लियोनार्ड ब्लुमफिल्ड, ल्याङ्ग्वेज, हल्ट रिनेहार्ट, न्यूयोर्क, १९३३ ई०; पृ० २७४ ।
११. एच० ए० ग्लीसन, एन इन्ट्रोडक्सन टु डिस्क्रिप्टिभ लिङ्गुइस्टिक (संशोधित भारतीय संस्करण, १९७४ ई०) अक्सफोर्ड एण्ड आई० बी० एच० कम्पनी, दिल्ली, पृ० ९४ ।
१२. रवीन्द्रनाथ श्रीवास्तव र अन्य (सं०) अनुप्रयुक्त भाषाविज्ञान, आलेख प्रकाशन, दिल्ली, १९८० ई०, पृ० १६७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय: दुई

कोश-परिचय

गत अध्यायको विवेचनाबाट के स्पष्ट हुन्छ भने कोशविज्ञान र कोश-विधानविज्ञानको केन्द्रबिन्दु तथा प्रयोगभूमि कोश हो र यसको सैद्धान्तिक तथा अनुप्रयुक्त पक्षमा क्रमश: कोशविज्ञान तथा कोशविधानविज्ञान संबन्धित हुन्छन् । अत: यस परिप्रेक्ष्यमा कोशमा प्रयुक्त हुने आधारभूत सैद्धान्तिक एवम् अनुप्रयुक्त कारक तथा पक्षहरूको क्रमश: निरुपण गर्नका लागि प्रथमत: 'कोश' संबन्धमा चर्चा गर्नु अभीष्ट प्रतीत हुन्छ ।

कोशको परिचय–

वैदिककालमा नै 'कोश' शब्दले व्यापक प्रसिद्धि पाएको तथ्य वैदिक साहित्यको प्राचीनतम ग्रन्थ ऋग्वेदमा नै यो अनेकार्थी रुपमा अनेक ठाउँमा प्रयुक्त भएको साक्ष्यले पुष्टि हुन्छ । महान् भाष्यकार सायणाचार्यद्वारा प्रतिपादित अर्थका आधारमा अध्ययन गर्दा ऋग्वेद संहिताको प्रथम मण्डलमा प्रस्तुत कोश शब्द मेघ[१] अर्थमा प्रयुक्त भएको छ भने अन्य मण्डलमा कुनै स्थानमा मध्यभाग[२] अर्थ, कुनैमा आयुध[३] अर्थ र कतै द्युलोक तथा भूलोक[४] आदि अर्थमा यो शब्द प्रयुक्त पाइन्छ ।

यसैगरी यो शब्द विभिन्न उपनिषत् ग्रन्थमा पनि निकै प्रयोग गरिएको पाइन्छ । मुण्डकोपनिषत्,[५] छान्दोग्योपनिषत्[६] आदिमा गरिएका प्रयोगहरू यसका प्रबल प्रमाण हुन् । तैत्तिरीयोपनिषत्मा गरिएको प्रयोगले प्रस्तुत चर्चाका सन्दर्भमा उद्दिष्ट अर्थको निकटवर्ती अर्थ जनाउने हुँदा यस सन्दर्भमा उक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयोग मननीय छ ।[७] यस बाहेक 'रामतापनी' उपनिषत्मा कोशकार शब्द अभीष्ट शब्दकोशकार अर्थमा प्रयुक्त भएको विवरण मोनियर विलियम्सद्वारा अंकित गरिएकोले अझ यो विवेच्य प्रतीत हुन्छ ।[८] यसँगरी मैत्री[९] गौडपादीय कारिका[१०] नृसिंहोन्तरातापनि[११]' महानारायण[१२]' आदि उपनिषत् ग्रन्थमा पनि 'कोश' शब्दको प्रयोग पाइन्छ । जेहोस्, प्रस्तुत कोश शब्द वैदिक साहित्यमा नै अनेकौं अर्थमा प्रयुक्त पाइन्छ र यसले भाँडावर्तन, बादल, बाल्टी, कचौरा म्यान, बिर्को, दाप, सन्दुक, थैली आदि विभिन्न अर्थ पनि व्यक्त गरेको छ ।[१३]

'वैदिक साहित्यपछि लौकिक संस्कृत-साहित्यमा पनि 'कोश' शब्द प्रशस्त प्रयुक्त छ । अर्थकोष वा खजाना अर्थमा कालिदासको 'रघुवंश'[१४] र बाणभट्टको कादम्बरीमा[१५] अनि फूलको पंख अर्थमा रघुवंश र शिवराजविजयमा भएको कोश शब्दको प्रयोग निकै प्रसिद्ध उदाहरण हुन् ।[१६] व्यापक परिप्रेक्ष्यमा ढुकुटी अर्थमा दुर्गा सप्तशतीमा पनि यो व्यवहृत पाइन्छ ।[१७]

कोशग्रन्थमा 'कोश' शब्दको प्रथम प्रविष्टि विश्वको नै सर्वप्रथम कोश 'वैदिक निघण्टु' को प्रथम अध्यायमा पाइन्छ ।[१८] यसपछिका कोश ग्रन्थमा यसको प्रविष्टि प्रायः कुनै न कुनै रुपमा अक्षुण्ण छ । संस्कृतका प्रसिद्ध कोशकार अमरसिंहको नामलिङ्गानुशासनमा कतै हिरण्य अर्थमा[१९] र कतै कोपिला, दाप, खजाना, दिव्य अर्थमा[२०] यसको समावेश भएको पाइन्छ । यसैगरी अर्का प्रसिद्ध आभिधानिक हेमचन्द्रका 'अभिधान चिन्तामणि' आदि कोशमा पनि यिनै अर्थ प्रतिपादित छन् ।

यसरी कोश शब्दको सुदीर्घ प्रयोग परम्परालाई पर्यवेक्षण गर्दा के निष्कर्षमा पुग्न सकिन्छ भने 'कोश'को प्रयोग अन्य विविधार्थका साथै मुख्यतः अर्थकोष अर्थमा परिणत भयो र यही अर्थ विकसित भएर शब्दकोश अर्थमा परिणत भयो ।

कोशको संबन्धमा अन्य विचारणीय पक्ष के छ भने जसरी अर्थगत विविधता यस शब्दमा पाइन्छ, त्यसरी नै व्युत्पत्तिगत विविधता पनि पाइन्छ । प्रस्तुत शब्दको व्युत्पत्ति पाणिनीय पद्धति अनुसार संश्लेषणार्थ 'कुश्' वा निष्कर्षार्थक 'कुष' धातुमा अधिकरण द्योतक 'घञ्' प्रत्ययको योगबाट गरिन्छ ।[२१] यसैले यस शब्दको वर्ण विन्यास (हिज्जे) पनि 'कोश' तथा 'कोष' रुपमा वैदिक कालदेखि नै उल्लेख गरिएको पाइन्छ । अर्वाचीन कालमा पनि यसको प्रचलित अर्थ वित्तकोश (अर्थकोश) र शब्दकोश दुवैका लागि उपर्युक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुवै रुप सामान्यतः व्यवहार गरिन्छ र यिनमा पारस्परिक प्रयोग स्वीकृत छ तापनि विशेषत; कोषले उपर्युक्त पहिलो अर्थ र 'कोशले' दोस्रो अर्थमा प्राथमिकता अधिगत गरेको छ । अतः यही कुरा दृष्टिगत गरी यहाँ विवेच्य विषयलाई 'कोश' शब्द नै प्रयोग गरिएको छ :

यथाक्रम शब्दको संग्रह र तिनको अर्थ द्योतन गर्ने प्रस्तुत सन्दर्भमा पनि कोश शब्दको दुई अर्थ प्रचलित छन्-सामान्य र विशेष । सामान्य अर्थमा कोश शब्द निकै खुकुलो र संग्राहक भएर प्रयुक्त हुन्छ । यस प्रसंगमा विश्वकोश आदि भाषेतर प्रधान ग्रन्थहरू पनि यसमा संमिलित हुन्छन् । यो कोश शब्दको व्यापक वा विस्तृत अर्थ हो । विशेष अर्थचाहिं भाषिक पक्षमा आधारित शब्दकोशमा केन्द्रित छ र यो कोश शब्दको संकीर्ण वा सीमित अर्थ हो । वस्तुतः यही विशेष अर्थ नै वहुप्रचलित भएकोले यसैलाई व्यावहारिक अर्थमा प्रयोग गरिन्छ र यसैको आधारमा कोशलाई शब्दकोश नामले व्यवहार गरिन्छ ।

'शब्दको कोश (शब्द+कोश) = शब्दकोश'–यो व्युत्पत्तिका सन्दर्भमा शब्दकोश भन्नाले शब्दहरूको संग्रह भन्ने बुझिन्छ । तर शब्दकोशमा शब्द मात्र संकलन गरिएको हुदैन किनभने परम्परागत रुपमा शब्द भन्नाले न्यूनतम अर्थयुक्त मुक्त रुप हो र यस्ता शब्दको संग्रहमा मात्र सीमित रहेर आधुनिक प्रचलनका शब्दकोशको विधान हुदैन । मामुली र लघु शब्दकोशमा पनि उखान टुक्काहरू जस्ता पदावली र वाक्यरचना, उदाहरण जस्ता शब्दमाथिका बृहत्तर एकाइ र धातु, व्युत्पादक सर्ग र रुपायन सर्ग जस्ता शब्दतलका लघुत्तर भाषिक एकाइहरू समावेश गरिएका हुन्छन् । त्यसैले शब्दकोश रुढ शब्दको रुपमा प्रयुक्त भएको छ र अर्थविस्तार गरी कोश शब्दको व्यापक अर्थलाई समेत समाहित गरेको छ । यसरी प्रयोग हुनुमा अंग्रेजी शब्दबाट रुपान्तरित भएको प्रभावले बढी स्थान प्राप्त गर्नु, अंग्रेजीका 'डिक्सनरी' र 'लेक्सिकन' शब्द क्रमशः ग्रीक र ल्याटिन मूलबाट शब्द संग्रह भन्ने मूल अर्थ लिई विकास हुनु तथा यसरी नै व्यापक र संकीर्ण अर्थमा उक्त अंग्रेजी शब्दको समेत प्रचलन हुनु आदि कारणहरू सहयोगी बनेका देखिन्छन् । यसैले वर्तमान सन्दर्भमा कोश शब्द उपर्युक्त संकीर्ण र व्यापक दुवै अर्थमा प्रयुक्त पाइन्छ र यहाँ पनि त्यसरी नै प्रयोग गरिएको छ ।

यस पृष्ठभूमिमा सन्दर्भ सापेक्षतया प्रस्तुत कोशको परिभाषा संबन्धी चर्चा पनि अपेक्षित ठहरिन्छ । परन्तु कोशको परिभाषा दिने काम भने निकै अप्ठ्यारो प्रतीत हुन्छ, किनभने यो भाषाविज्ञानको प्रयोग भूमि हो र यसमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विविध पक्ष सम्मिलित भएका छन् । यो कुरा सामान्य शब्दका अवलोकनबाट नँ पुष्टि हुन्छ । हामी शब्दकोशमा प्रविष्टिगत शब्दको विभिन्न प्रयोगात्मक अर्थ खोज्छौं, यस क्रममा पर्यायवाची विपर्यायवाची जस्ता शब्दहरू पनि जानकारी गर्न चाहन्छौं र सो शब्दको वर्णविन्यास (हिज्जे) एवं त्यसका विविध रूप हेर्न चाहन्छौं अनि त्यसको नालीबेली पत्ता लगाउन स्रोत, प्रकृति, प्रत्यय, व्याकरणात्मक कोटि तथा प्रयोग स्थल समेत थाहा पाउन चाहन्छौं । यस्तै कुनै शब्द प्राविधिक वा सामान्य के हो, औपचारिक वा अनौपचारिक के हो, साधु वा असाधु के हो, अश्लील वा श्लील के हो, क्षेत्रीय वा सामाजिक भाषिकागत वा भाषागत के हो आदि अन्य अवधेय पक्ष छन् । अझ अल्प–प्रचलित शब्द भए त्यसको व्याख्यात्मक अर्थ र यसै क्रममा चित्र, मानचित्र, रेखाचित्र आदिको प्रस्तुतीकरण अपेक्षित ठान्छौं । यसरी नै वस्तुवाची कतिपय शब्दका सामाजिक, प्राकृतिक, वातावरणीय, राजनैतिक, ऐतिहासिक चिनारीका साथै उपयोगिता एवं प्रकार समेत शब्दकोशमा अंकित भएको देख्न चाहन्छौं । फलतः शब्दकोशमा व्यापक पक्ष समाहित हुन्छ । सानो शब्दकोशले पनि विस्तृत पक्ष अँगोलेबाट यो स्पष्ट प्रतीत हुन्छ । वस्तुतः वर्तमान विश्वमा शब्दकोश मानवज्ञानको सर्वस्व बनेको छ । मानवका अशेष ज्ञानराशि यसभित्र अन्तर्भाव हुन थालेका छन् । यसैले भाषेतर विषयलाई पन्छाएर भाषिक पक्षलाई मात्र शब्दकोशमा अँगीकार गर्ने हो भने पनि कुनै एउटा शब्दकोशमा सहजै ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ, लिपि जस्ता भाषाविज्ञानका आधारभूत तत्वहरू यसमा स्वतः सम्मिलित पाइन्छन्, परिणामतः कोशको स्वरूप व्यापक बन्छ र यसलाई सरलतया परिभाषित गर्न सकिन्न ।

प्रस्तुत सन्दर्भमा कोशका प्रकारप्रति पनि दृष्टि दिनु संगत हुनेछ, किनभने प्रकार पनि अभीष्ट परिभाषाको समुच्चायक, सर्वान्वयी स्वरूप सुनिश्चित गर्न संकट खडा गर्ने प्रमुख पक्ष हो । कोशगत प्रविष्टिको चयन, प्रकृति तथा क्रम, संवद्ध भाषा, आकांक्षित उद्देश्य, तथा संभाव्य प्रयोक्ता जस्ता आधार र यिनै आधारका विभिन्न मात्रा वा परिमाणमा संयोजन आदिले गर्दा कोशका प्रकार र प्रकृति अनिर्णीत, अनिर्धारित हुन सक्ने हुनाले पनि उक्त किसिमको जटिलता जन्मिएको हो। यसैले कोशविज्ञानवेत्ताहरू सर्वसमावेशी परिभाषा दिनुभन्दा प्रकारको प्रकृतिअनुकूल परिभाषा दिई परिचय दिन रुचाउँछन् । यसरी निकै जटिल समस्या सामना गर्नु परे तापनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विभिन्न कोशकारहरूले कोशको परिभाषा विभिन्न किसिमले दिने प्रयत्न भने गरेका छन् । यसमा कसैले समग्र रूपमा कोशको परिभाषा दिने गरेको पाइन्छ भने कसैले कतै प्रचलन अनुसार कोशको पर्यायार्थमा शब्दकोश शब्दको प्रयोग गरी समष्टिगत परिभाषा दिएको भेटिन्छ ;

यस परिप्रेक्ष्यमा ने० रा० प्र० प्र० बाट प्रकाशित नेपाली बृहत् शब्दकोश (२०४०) मा अंकित परिभाषाको उल्लेख गर्नु सामयिक ठहरिन्छ । यस अनुसार कोश "कुनै निश्चित क्रमनियम तथा वर्णव्याकरणात्मक व्यवस्थानुसार शब्द भेला पारी प्रत्येक शब्दको अर्थ लेखिएको ग्रन्थ" हो । स्पष्ट छ, यो कोशको परिभाषा सर्वसमन्वयात्मक छैन र यसले उखान टुक्काको कोश, उद्धरण कोश, विश्व कोश आदिलाई समावेश गर्दैन । अनि कोशमा पर्याय, विपर्याय, प्रयोग, उदाहरण आदि पनि हुन्छन् भन्ने कुरा यसमा संकेत गरिएका छैनन् जुन आधुनिक कोशका प्रमुख र आवश्यक पक्ष हुन् । वास्तवमा यो परिभाषा निदेशात्मक हो, समावेशात्मक होइन ।

एन्साइक्लोपिडिया ब्रिटानिकाले कोशको परिभाषा "उही वा अन्य भाषामा अर्थ दिइएको कुनै भाषाका शब्दको सूची भएको ग्रन्थ हो जुन सामान्यतः वर्णानुक्रममा हुन्छ र प्रायशः उच्चारण, उत्पत्ति र प्रयोग संबन्धी तथ्य निहित हुन्छन् ।" भनी गरेको छ । यस परिभाषामा एकभाषी, द्विभाषी वा बहुभाषी शब्दकोशलाई स्पष्टतः समाहित गर्ने उद्देश्य राखिएको छ तापनि शब्दकोशका विविध भेदलाई पूर्णतः समावेश गर्न भने यो पनि सक्षम छैन । उदाहरणार्थ, विषय कोश, पर्याय कोश, प्रयोग कोश आदि यसमा पनि अन्तर्विष्ट हुन सक्दैनन् ।

प्रस्तुत शब्दकोश संबन्धमा निकै पक्ष समावेश गर्ने र यसका वविध विशेषता र स्वरूपलाई प्रकाश पार्ने उद्देश्यले 'अक्सफोर्ड अंग्रेजी शब्दकोश–' ले भने शब्दकोशको परिभाषा यसरी दिएको छ, "शब्दका हिज्जे उच्चारण, अर्थ तथा प्रयोग, तिनको पर्याय व्युत्पत्ति र इतिहास अथवा यिनमध्ये केही कुरा जानकारी गराउनका निम्ति कुनै भाषाका (वा भाषाका कुनै विशेष वर्गका) व्यष्टिगत शब्दहरूसंग संबन्धित ग्रन्थ हो जसमा सन्दर्भ सुविधाको लागि शब्दहरूको कुनै निश्चित क्रम हुन्छ जुन अचेल अधिकांश भाषामा वर्णानुक्रममा प्रचलित छ, अनि बृहत्तर शब्दकोशमा भने यस्ता सूचनाहरू साहित्यका उद्धरणबाट उदाहृत हुन्छन् ।"

यसमा शब्दकोशको स्वरूपलाई विभिन्न आधारमा हेरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फलतः उच्चारण कोश, समरूपी कोश, पर्याय कोश, प्रयोग कोश, सह प्रयोग कोश, भापिका कोश, व्युत्पत्ति कोश, अनेकार्थ कोश, शब्दसूची, पारिभाषिक कोश, विषयकोश, हिज्जे कोश, ऐतिहासिक कोश, वर्णनात्मक कोश, प्राज्ञिक कोश जस्ता कोशका बहुविध भेदोपभेदलाई समेट्दै कोशका अनेक प्रकार र स्वरूपलाई लक्षित गरिएको पाइन्छ। परन्तु यसमा पनि विपर्याय कोश, संक्षेप कोश, तुक कोष, धात, कोश, उखान टुक्का कोश आदि उपेक्षित नै रहन्छन्।

यसै प्रसङ्गमा सी० सी० वर्गद्वारा प्रस्तुत गरिएको कोशको परिभाषा पनि उल्लेख गर्नु समुचित ठहरिन्छ। जुन उनले युनेस्कोद्वारा कोश-विज्ञानको स्थिति जाँचबुझ गर्ने प्रयोजनका निम्ति गठित समितिको अन्तिम प्रतिवेदन (१९६० ई०) मा अंकित गरिएको पाइन्छ। यिनको परिभाषानुसार "कोश ती समाजीकृत भाषारूपहरूको व्यवस्थित किसिमले क्रमबद्ध सूची हो जुन कुनै भाषासमुदायको वाक् व्यवहारबाट संग्रह गरिएका हुन्छन् र जसको कोशकारद्वारा यसरी व्याख्या गरिएको हुन्छ कि योग्य पाठक प्रत्येक भाषारूपको स्वतन्त्र अर्थबोध गर्न सकून् तथा ती भापारूपको सामुदायिक प्रकार्य सबन्धी समस्त तथ्य अवगत गर्न सकून्।"[२२]

प्रस्तुत भरिभाषामा भाषाको व्यापक क्षेत्र समाविष्ट गरिएकाले यो निकै अनुकरणीय ठहरिन्छ।

वस्तुतः कोशवर्गीकरणका विविध आधार र तिनका मात्रागत संयोजनभेद, विषय, प्रथमद्वितीयादि भाषापक्ष र भाषाका लघु-बृहत् एकाइका प्रविष्टिले गर्दा सिंगो र अनालोच्य परिभाषा दिने काममा चरम जटिलता उत्पन्न हुन्छ। यिनै परिप्रेक्ष्यलाई विचार गरेर एन्साइक्लोपिडिया ब्रिटानिकाले उपयुक्त परिभाषामा निकै लचिला शब्दको संयोजन गरेको र शब्दकोशको विशेष भेदोपभेद समावेश नगरी केवल प्रचलित सामान्य स्वरूप निर्देश गर्न अभिप्रेरित भएको प्रतीत हुन्छ। वास्तवमा नेपाली बृहत् शब्दकोश (२०४०) पनि यही लक्ष्यद्वारा अनुप्राणित पाइन्छ। यिनै पृष्ठभूमिमा सी० सी० वर्गको परिभाषालाई पनि हेर्न सकिन्छ।

यी चर्चाका आधारमा के भन्न सकिन्छ भने सबै किसिमका कोशलाई ढाक्ने एउटै सर्वान्वयी, आलोचनातीत र सर्वगत परिभाषा दिने प्रवृत्तिप्रतिको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अग्रसरतामा भन्दा कोशका प्रचलित र प्रमुख स्वरूप समाहित गर्ने प्रयत्नमा उन्मुख हुनु बढी औचित्यपूर्ण हुन्छ। यसैले कोशका संबन्धमा केही व्यापक स्वरूप यसरी निर्देश गर्न सकिन्छ- कोश कुनै भाषिक एकाइको संग्रहसँग संबन्धित ग्रन्थ हो जुन कुनै नियतक्रममा हुन्छ र जसमा उद्देश्यानुरूप सोही वा अन्य भाषामा अर्थ र हिज्जे, उच्चारण, प्रयोग, इतिहास, पर्याय, विपर्याय उद्धरण, परिचय विशेषता अथवा यिनै केही कुरा समावेश गरिन्छ। यसमा माथिका परिभाषामा नपरेका सर्ग, उखान टुक्का आदि शब्दभन्दा लघु र बृहत् भाषिक एकाइलाई कोशीय एकाइमा समाहित गरिएको छ र प्रविष्टिगत कोशीय एकाइका वर्ण, विषय आदिमा आधारित विभिन्न अनुक्रमलाई पनि उद्दिष्ट गरिएको छ। यसैले यसमा कोषको व्यापक स्वरूप निर्दिष्ट पाइन्छ

कोशको उद्देश्य

कोश ग्रन्थको ऐतिहासिक खोज गर्दा यसको अस्तित्व ईशाभन्दा एक हजार वर्ष पूर्व नै रहेको पाइन्छ। विश्वको नै सर्वप्रथम कोश 'निघण्टु' र 'निरूक्त' वैदिक साहित्यको संरक्षणार्थ रचना गरिएकोले त्यस परिप्रेक्ष्यमा कोशको उद्देश्य बोध्य र दुरूह आर्ष शब्दको संग्रह र निर्वचन गर्नु थियो जसबाट वेदार्थज्ञान सुगम र सम्यक् हुन सकोस्। परन्तु यो उद्देश्य स्पष्टत: निघण्टु तथा निरूक्तमा अंकित पाईदैनन्। यसपछि अमरकोश भन्दा पूर्ववर्ती केही कोशहरूको चर्चा - परिचर्चा भएको पाइन्छ तर ती कोशहरू आज प्राय: उपलब्ध छैनन् र तिनमा कोशको उद्देश्य उल्लेख गरिएको चर्चा पनि कतै पाइदैन। अमरसिंहको पूर्ववर्ती मानिएका धन्वन्तरीको एउटा उपलब्ध ग्रन्थ 'निघण्टु' मा पनि यस संबन्धी कुनै प्रसंग नै भेटिदैन। आफ्नो ग्रन्थारम्भमा नै आफूद्वारा कोशविधानमा अंगीकृत पद्धतिलाई निर्देश गर्ने संस्कृतका प्रख्यात कोशकार अमरसिंह पनि कोशीय उद्देश्यका संबन्धमा मौन छन्। यसरी पूर्वीय जगतमा अमरसिंह कालसम्म कोशको कुनै उद्देश्य निर्दिष्ट गरिएको पाइदैन तापनि अमरकोशका टीका तथा यसभन्दा परवर्ती कोशहरूमा केही कोशगत उद्देश्यलाई संकेत भने गरिएको भेटिन्छ। टीका ग्रन्थमा भानुजी दीक्षितकृत अमरकोशको सुधाख्या टीकामा कोशको उद्देश्य अभीप्सित पुरूषार्थ चतुष्टय प्राप्तिका लागि हेतुभूत शास्त्रार्थ ज्ञानमा सहयोग पुर्‍याउन शब्दको शक्तिग्रहमा सक्षम बनाउनु हो।[२३] मनिएको छ। परवर्ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कृत कोशहरूमा हलायुध कोशमा कविहरूको उपयोगको लागि,[१४] शाश्वत (६००ई०) कृत अनेकार्थ समुच्चयमा छात्रको ज्ञान तथा विद्वान्को सन्तोषका लागि[१५] र मकरन्ददास (६५० लगभग) द्वारा रचित 'परमानन्दीय नाममाला' मा अरूको उपकार र आफ्नो ज्ञानका लागि[१६] कोशरचना गरिएको कुरा उल्लेख गरिएको छ । यस संबन्धमा निचोड दिंदै डा० युगेश्वर के भन्छन् भने संस्कृतका यी पुराना कोशहरूमा उद्देश्याङ्कन गर्ने प्रथा थिएन र यस्ता सबै कोशको मुख्य उद्देश्य घरणीकोशमा कथित 'कवीनां सुखहेतवे' अर्थात् कविकल्याण नै थियो ।[१८]

यसै गरी पाश्चात्य साहित्यमा पनि प्राचीन कोशको उद्देश्य सीमित पाइन्छ । यसैले ती कोशहरू मुख्यतः पूर्वीय वैदिक निघण्टु कैं कठिन शब्दलाई सरल शब्दद्वारा व्यक्त गर्ने उद्देश्यमा अभिप्रेरित र उन्मुख छन् ।

यसरी प्राचीन कोशमा स्पष्टतः कोशीय उद्देश्य अंकित गरिएको पाइंदैन भने आधुनिक कोशमा कोशका उद्देश्यहरू विशेषतः कोशको प्रकारमा आश्रित हुन्छन् । यस परिप्रेक्ष्यमा विचार गर्दा कोशको व्यापक क्षेत्रमा आधारित वर्गीकरण मध्ये विश्वकोशको उद्देश्य विश्वका विभिन्न विषयमा ज्ञानपरक विवरण र व्याख्या प्रस्तुत गरी निष्पक्ष रूपमा मानव, तदीय ज्ञान र विचारका विविध पक्ष, विश्व, तन्निष्ट वस्तु र कार्यको सम्यक् परिचय दिनु हो । प्रसिद्ध विश्वकोश एन्साइक्लोपिडिया ब्रिटानिका यिनै उद्देश्यमा केन्द्रित छ । हिन्दी विश्वकोशमा पनि यिनै उद्देश्य रहेको कुरा यसरी व्यक्त गरिएको छ– "कला र विज्ञानका विभिन्न क्षेत्रमा ज्ञान र वाङ्मयको सीमा अब अत्यन्त विस्तृत भएको छ । नयाँ अनुसन्धान, वैज्ञानिक आविष्कार तथा दूरगामी चिन्तनले मानवज्ञानका क्षेत्रलाई निकै विस्तार गरिदिएको छ– यही महान् एवं वर्णनशील ज्ञानराशिलाई देशका शिक्षित तथा जिज्ञासु जनताको सामुन्ने राष्ट्रभाषाका माध्यमबाट संक्षिप्त एवं सुबोध रूपमा राख्ने हाम्रो विचार निकै अघिको हो । प्रस्तावित विश्वकोशको यही ध्येय हो ।[२१]

माथिको वर्गीकरणमध्ये अर्को किसिम शब्दकोश हो, जुन ज्ञानपरक नभई भाषापरक हुन्छ । प्रस्तुत शब्दकोशको उद्देश्य पनि यसका विभिन्न प्रकारमा आधारित हुने हुँदा प्रकार अनुसार नै उद्देश्य फरक हुने कुरा स्वाभाविक नै छ । यसैले संबन्धित विषयक्षेत्रमा आधारित विशेष शब्दकोशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उद्देश्य तदनुरूप संबन्धित विषयक्षेत्रमा प्रयोग गरिने शब्दहरूको संग्रह; विषययानुकूल अर्थ र प्रयोग निर्देश गर्नु हो। यस्ता कोशमा विषयवर्ती सीमा अर्थ केन्द्रित र निर्धारित हुने भएकोले यस्ता कोशलाई पारिभाषिक र प्राविधिक कोश पनि भनिन्छ। जस्तै कानूनी शब्दकोश, राजनीतिक शब्दकोश, भाषाविज्ञानकोश आदि, अर्का थरिका विशेष कोश, उच्चारण कोश, पर्याय कोश, विपर्याय कोश, अनेकार्थी कोश आदि हुन्। यिनको उद्देश्य कोशको प्रकृति अनुरूप शब्दसंग्रह र प्रविष्टि-विधान गरी संबन्धित पक्षमा स्पष्ट जानकारी दिनु हो। यसै गरी सामान्य शब्दकोशको उद्देश्य संबन्धित भाषाका संकलित शब्दको प्रविष्टि-विधानका साथै तिनका संबन्धमा वर्तनी, उच्चारण, व्याकरणात्मक कोटि, व्युत्पत्ति, परिभाषीकरण, पर्याय, विपर्याय, उदाहरण आदि दिनु हो। सामान्य शब्दकोशको उद्देश्यलाई इंगित गर्दै यस संबन्धमा आर ए. सिंह उल्लेख गर्छन् "यस (सामान्य शब्दकोश) ले त्यस भाषाका वक्ताका जीवनसंबन्धी सम्पूर्ण क्षेत्रका र मानवीय क्रियाकलापका समस्त पक्षका शब्दहरूलाई समाविष्ट गरेको हुन्छ।"[४६]

यसरी हेर्दा कोशको उद्देश्यका संबन्धमा के स्पष्ट हुन्छ भने जसरी आधुनिक कोशहरू विविध किसिमका छन् त्यसरी नै कोशका उद्देश्य पनि विविध र व्यापक छन्। आधुनिक कोशहरू प्राचीन कोशहरू झैं कवि, लेखक वा प्रारम्भिक अध्येताका मात्र सहयोगी नभई विद्वान् विशेषज्ञ लगायत सर्वसाधारण प्रयोक्ताका पनि प्रयोग सामग्री हुन्। यिनै उद्देश्यले गर्दा कोशलाई संग्रहालय, न्यायालय र शोधनालय भनिन्छ। यसले संग्रहालय बनी सूचनाको संग्रह गरेको हुन्छ, न्यायालय बनेर सूचनाको औचित्य निर्धारण गर्छ र शोधनालय बनेर सूचनालाई व्यवस्थित, वैध र प्रामाणिक बनाउँछ।[३९] यसरी कोशको व्यापक र विस्तृत उद्देश्य हुने र तदनुरूप प्रकार्य पनि हुने कुरा स्पष्ट छ।

कोशको उपयोगिता

यसै गरी उपयोगिताका सन्दर्भमा पनि कोशलाई उपयुक्त परिप्रेक्ष्यमा मुख्यतः दुई किसिममा विभाजन गरी चर्चा गर्नु उपयुक्त ठहरिन्छ। यिनमध्ये प्रथमतः विश्वकोशको चर्चा गरौं।

विश्वकोश अंग्रेजीमा प्रचलित ईन्साक्लोपिडिया शब्दको रूपान्तरण हो। ग्रीक मूलस्रोतीय 'एन्साइक्लोपिडिया' शब्द क्रमशः वृत्ताकार र ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्थद्योतक 'एन्क्लीअस' र 'पिडिया' शब्दको योगबाट बनेकोले यसको व्युत्पत्तिगत अर्थ 'ज्ञानमण्डल' हुन्छ। यसैले यसलाई ज्ञानकोश पनि भनिन्छ। यसमा मानवीय ज्ञानजगत्लाई उद्देश्यानुरूप संकलन गरी प्रस्तुतीकरण गरिएको हुन्छ। यो कोश संसारका विषयगत ज्ञानक्षेत्रमा आधारित हुन सक्छ र यसको मुख्य उद्देश्य संसारमा रहेका समस्त ज्ञानसामग्रीको सुनियोजित संकलन गर्नु हो। यसैले विश्वकोश त्यो सन्दर्भकोश हो जसमा विश्वका सम्पूर्ण विषयको विविध प्रविष्टिहरूलाई समाहित गरिन्छ। वस्तुतः आधुनिक ठूला किसिमका शब्दकोशहरू समेत वैयक्तिक प्रयासबाट मात्र निर्मित हुन सम्भव छैन, उसमाथि यो विश्वकोश कुनै एक व्यक्तिको कार्यबाट संपन्न हुने कृत्य नै होइन र यसमा विशेषज्ञहरूको सामूहिक कार्यकारिता अत्यावश्यक हुन्छ। अतः यो विशेषज्ञमण्डलीको कार्य हो र यसमा व्यापकता यथातथ्यता, शुद्धता, अध्यावधिकता, जस्ता सटीकता, आवश्यक गुण तब नै भरिपूर्ण हुन्छन् जब यसको विधानमा संबन्धित क्षेत्रमा ख्यातिप्राप्त विशिष्ट विद्वान्को सहयोग र समर्पण उपलब्ध हुन्छ। यसमा यथासंभव संबन्धित प्रविष्टिमा संबन्धित ज्ञान सामग्रीको सारभूत विवरण र विवेचनामात्र गरिने होइन अपितु सो प्रविष्टिका विषयमा अध्येतव्य अन्य सामग्रीको पनि सूची दिइएको हुन्छ। अतः आजको विश्वमा यो अत्यन्त गरिमामय ज्ञानकुन्जी हो।

यस चर्चाबाट के स्पष्ट हुन्छ भने संसारका विविध विषयमा जानकारीको लागि विश्वकोश अनुपम साधन हो। आजको संसार संचारका दृष्टिले जति साँघुरो हुँदै आएको छ, ज्ञान सम्पदाका दृष्टिले उति नै फराकिलो हुँदै गएको छ, परिणामतः कुनै पनि व्यक्तिविशेषका लागि समस्त ज्ञानक्षेत्रको के कुरा गरौं कुनै एक ज्ञान क्षेत्रमा पनि समस्त सूचना अधिगत गर्न आश्चर्यमय प्रतीत हुन्छ। परन्तु विश्वका विविध विषयमा आवश्यकतानुसार जानकारी भने प्रत्येक व्यक्तिलाई आवश्यक हुन्छ। उदाहरणार्थ कुनै व्यक्तिलाई जापानको ऐतिहासिक, भौगोलिक, राजनैतिक, सामाजिक आदि पक्षमा जानकारी राख्न उसले विश्वकोशको उपयोग गर्नुपर्ने हुन्छ। अतः उपयोगिताका दृष्टिले आधुनिक संसारमा विश्वकोशको निकै गहन भूमिका छ र आजका प्रत्येक व्यक्तिलाई कुनै ज्ञानक्षेत्रमा प्रवेशको लागि यो अत्यधिक आवश्यक र उपयोगी साधनसिद्ध हुन्छ।

कोशको अर्को किसिम शब्दकोश हो। यसको उद्देश्य कुनै शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिचयविधान हो । फलतः शब्दकोशमा कुनै शब्दको परिचय दिन त्यसको हिज्जे, उच्चारण, व्युत्पत्ति व्याकरणात्मक कोटि आदि निर्देशका साथै अर्थविधान गरिन्छ । यस परिप्रेक्ष्यमा प्रत्यक्षतः नै निम्नलिखित प्रयोजनका लागि यसको उपयोगिता स्पष्ट हुन आउँछ ।

(क) शुद्ध, हिज्जे र अक्षर विभाजन अवगत गर्न । जस्तै: कीर्ति, शान्ति पढाइ आदि शब्दको वर्तनीमा शंका लाग्दा कोश हेरी ठीक वर्तनीको प्रयोगमा ढुक्क बन्न सकिन्छ ।

यसले भाषाको प्रकृतिले अपेक्षा गरेमा कुनै शब्दको अक्षर विभाजनमा पनि मद्दत गर्छ ।

(ख) प्रचलित उच्चारण थाहा पाउन । जस्तै – कुनै विदेशी वा दोस्रो भाषाका शब्द र पहिलो भाषामा पनि नेपालीका कन्या, घर,व्याकरण जस्ता शब्दको प्रचलित उच्चारण थाहा पाई व्यवहार गर्न सकिन्छ। विदेशीहरूले नेपाली शब्दको पनि ठीक उच्चारण गर्न टर्नरको नेपाली शब्दकोश जस्ता उच्चारण दिएका शब्दकोश उपयोगमा ल्याउन सक्छन् ।

(ग) शब्दगत स्रोत र व्युत्पत्ति पत्ता लगाउन । जस्तै–राजसभा, बौद्धिक किताब जस्ता शब्दको स्रोत कोशबाट अवगत गर्न सकिन्छ ।

(घ) उपयुक्त व्याकरणात्मक कोटि पहिल्याउन । जस्तै – नेपाली ध्रुव जस्ता शब्दहरूको प्रयोग अनुसार व्याकरणात्मक कोटि निश्चित गर्न शब्दकोशले नै सहयोग गर्छ ।

(ङ) कुनै शब्दको मूल र व्युत्पन्न रूप जानकारी गर्न । जस्तै – घर, छाता, मायालु, ज्ञानी, कलाकार, लेखाइ जस्ता शब्दमा मूल र व्युत्पन्न रूप अवगत गर्न कोश नितान्त आवश्यक हुन्छ ।

(च) अर्थविधानका दृष्टिले संबन्धित शब्दको विभिन्न अर्थ, अर्थक्रम, अभीष्ट अर्थ, परिभाषीकरण, पर्याय, विपर्याय र समुचित प्रयोग पहिल्याउन । जस्तै – पुतली, काल जस्ता शब्दको ठीक अर्थ, पर्याय, विपर्याय, प्रयुक्ति, प्रयोग आदिका सही ज्ञान कोशको सहयोगमा नै संभव हुन्छ ।

(छ) संबन्धित भाषामा शब्दभण्डार अभिवृद्धि गर्न । यसका सहयोगले

२०८८९
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य र विशिष्ट क्षेत्रमा आवश्यक पर्ने बिभिन्न शब्दभण्डारको संबर्द्धन गर्न सकिन्छ ।

(ज) उखान-टुक्काका संबन्धमा जानकारी राख्न । कोशमा शब्दसँग संबद्ध उखान टुक्का, रूढ पदसमुच्चय आदिको जानकारीका लागि शब्दकोश कुन्जी हो । उखान टुक्का संवन्धी छुट्टै कोशको पनि विधान गरिन्छ ।

(झ) व्यक्ति र ठाउँको परिचय प्राप्त गर्न । जस्तै–पृथ्वीनारायण शाह, गोरखा आदिमा सामान्य जानकारी प्राप्त गर्न कोशले सहयोग गर्छ । विश्वकोशले त यस क्षेत्रमा विभिन्न र आवश्यक जानकारी दिई ठूलो सहायता प्रदान गर्छ । सामान्य शब्दकोशमा भने कतै विशेषत: परिशिष्टमा व्यक्ति र ठाउँको परिचय दिने गरिएको पाइन्छ । तर बृहत् शब्दकोशमा चाहिं प्रविष्टिमा नै महत्त्वपूर्ण व्यक्ति र ठाउँको परिचय दिने चलन छ ।

(ञ) संबन्धित विषयको चित्र, नक्सा, तथ्याङ्क, तालिका आदिसँग छोटो जानकारी राख्न । प्राय: शब्दकोशहरू कोशीय दृष्टिले महत्त्वपूर्ण ठहरिएका अवस्थामा संबन्धित विषयको आधारभूत जानकारी दिनको निम्ति त्यससँग संबन्धित चित्र, नक्सा, तथ्याङ्क, तालिका, आदि पनि कोशका प्रविष्टि तथा परिशिष्टमा राख्दछन् । विश्वकोशमा यस संबन्धी विशेषव्यवस्था मूल भागमा नै गरिएको हुन्छ ।

(ट) संबन्धित शब्दको विशेष मूल्य र क्षेत्र ज्ञात गर्न । कोशमा विवृत्ति र बीजकको माध्यमद्वारा कुनै शब्दमा निहित सामाजिक, सांस्कृतिक, प्रयोगपरक आदि विशेष मूल्य र क्षेत्रको जानकारी प्राप्त गर्न सकिन्छ ।

(ठ) संक्षेप र पारिवर्णी शब्दको विस्तृत रूप अवगत गर्न । कोशबाट कुनै प्रचलित संक्षेप शब्द र पारिवर्णी शब्दको विस्तृत रूप थाहा पाउन सकिन्छ । कुनै शब्दकोशमा यी शब्दहरूको विस्तृत रूप परिशिष्टमा दिइएको हुन्छ । अचेल यस्ता शब्दहरूको पृथक् कोश पनि विधान गरिन्छ ।

(ड) प्रचलित नियत र अनियत शाब्दिक नियम थाहा पाउन । शब्दकोशमा हिज्जे, विराम वा लेख्यचिह्न, क्रिया, काल, वचन आदिसँग संबन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नियत र अनियत शाब्दिक नियमहरू अंकित गरिएको हुन्छ। प्रायः सामान्य कोशमा यस्ता नियम परिशिष्टमा पाइन्छन्। तर के अवधेय छ भने शब्दकोशमा अनियत वा अपवादग्रस्त शाब्दिक पक्षलाई विशेषतः अंकित गरिन्छ। वस्तुतः शब्दकोश आधारभूत अनियमितताको सूची हो [३१]।

(ढ) भाषागत बोध (ग्रहण) र अभिव्यक्ति कुशलता विकास गर्न। संबन्धित भाषाको माध्यमद्वारा गरिने ग्रहण र अभिव्यक्ति पक्षमा कोशको अनन्य भूमिका रहेको हुन्छ। यो शब्दकोशको व्यापक उद्देश्यसित संबन्धित पक्ष हो।

यहाँ के उल्लेखनीय छ भने उपर्युक्त चर्चा कोशको आन्तरिक पक्षसित संबद्ध छ। त्यसैले यसमा संबन्धित उपयोक्ताले कोशगत आन्तरिक विषयवस्तुका संबन्धमा सामान्यतः प्राप्त गर्ने प्रत्यक्ष सहयोगलाई निर्देश गरियो। किन्तु शब्दकोशको योगदान यसबाहेक अन्य क्षेत्रमा पनि निकै उल्लेखनीय भएकाले त्यस सन्दर्भमा पनि निम्नलिखित बुँदाका आधारमा यसको उपयोगिता निर्देश गरिन्छः–

(१) शब्दकोशले अध्ययन र अध्यापनका क्षेत्रमा विशेष योगदान दिने हुनाले यस कार्यमा यसको ठूलो उपयोगिता छ। शिक्षकले शिक्षण कार्यका लागि अपेक्षित ज्ञान अधिगत गर्न, विस्तार गर्न र विकास गर्न यसमा निकै निर्भर हुनुपर्छ भने शिक्षार्थीले पनि आफ्नो अध्ययन प्रभावकारी बनाउन कोशमा नै आश्रित हुनुपर्ने कुरा निर्विवाद छ। यथार्थतः कोशको उपयोग नगरी आधुनिक शिक्षण सिकाइ प्रक्रिया पूर्ण हुन सक्तैन।

(२) अनुसन्धानका क्षेत्रमा पनि कोशको सहयोग नितान्त अपेक्षित छ। शोधार्थी जतिसुकै विषयको विशेषज्ञ भए तापनि उसका लागि कोशको उपयोग उपेक्षणीय हुन सक्तैन। सनुसन्धानका लागि कुनै विषयमा गहन र व्यापक ज्ञान गर्न कोशले नै ठूलो सहयोग पुऱ्याउँछ र अनुसन्धान कार्यलाई प्रामाणिक तथा उपयोगी तुल्याउँछ। वास्तवमा संबन्धित भाषा वा भाषान्तरणबाट कुनै कुरा ज्ञान गर्न शब्दकोशको सहयोग अपरिहार्य भएकोले यसको उपयोगिता विवादरहित छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) कोशले भाषावैज्ञानिकहरूलाई पनि अत्यन्त उत्कृष्ट सहयोग प्रदान गर्छ । कुनै पनि भाषाको अध्ययनको सन्दर्भमा संबन्धित भाषाको शब्दकोश अतीव अपेक्षित सामग्री भएकोले यसको उपयोगिता स्वत: स्पष्ट हुन्छ ।

(४) सांस्कृतिक सम्पदाको अध्ययनका लागि पनि कोश उपादेय प्रतीत हून्छ । कुनै भाषामा रहेका शब्दभण्डार, तिनको व्युत्पत्तिविधान, उखानटुक्का, भाषिक प्रयोग आदिबाट संबन्धित भाषाभाषीको साँस्कृतिक निधि पत्ता लगाउने हुनाले शब्दकोश यस क्षेत्रमा पनि निकै उपयोगी साबित हुन्छ । यसबाहेक संबन्धित भाषामा पाइने ध्वनि, रुप, अर्थ आदिको परिवर्तन र विकाससंबन्धी नियम जानकारी गर्न र व्याकरण निर्माणमा पनि यसको ठूलो सहयोग छ ।

(५) शैक्षिक प्रचार प्रसार, पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण आदिमा पनि संबन्धित शिक्षाविद्हरूलाई यसले मनग्गे सहयोग प्रदान गर्छ । यस्ता व्यक्तिहरूले आफ्नो कार्यलाई शब्दकोशको सहयोगमा अझै प्रभावकारी बनाउन सक्छन् ।

(६) एउटा भाषामा भएका कुरालाई अर्को भाषामा रुपान्तरण गर्ने अनुवादकलाई संबन्धित भाषाका विशेषता पहिल्याई तदनुरुप उपयुक्त अनुवाद गर्न शब्दकोशमा नै विशेषत: निर्भर रहनुपर्छ । शब्दकोशको समुचित उपयोग बिना यस्ता कार्य संभव हुँदैनन् ।

(७) संचार प्राविधिज्ञहरूका लागि पनि शब्दकोश नितान्त अपेक्षित हुन्छ । यसका सहायताले उनीहरू संचारका साधन रेडियो, टेलिफोन, टेलिप्रिन्टर, आ. वा., टेलिभिजन आदिमा कार्यक्षमता र दक्षता विकास गर्न सक्छन् ।

(८) ग्रन्थ सम्पादन र पाठविज्ञानसित संबद्ध समस्याहरूको समाधानका लागि पनि कोशको उपयोगिता अपरिहार्य छ । ऐतिहासिक पद्धतिमा आधारित शब्दकोशको उपयोग उपलब्ध भएमा पुराना ग्रन्थको सम्पादन र पाठशोधमा यसले अनन्य योगदान गर्ने कुरा सर्वविदितै छ । यसबाहेक समकालिक ग्रन्थसम्पादनहरूमा पनि वर्णनात्मक कोशले उत्तिकै भूमिका खेल्छ ।

(९) कोशको सर्वाधिक उपयोग भाषाशिक्षणका क्षेत्रमा प्रत्यक्षत: गरिन्छ । चाहे मातृभाषा शिक्षण होस् अथवा अन्यभाषाशिक्षण दुवैमा कोशको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योगदान अत्यन्त विशिष्ट रहेकाले एकभाषी वा अनेकभाषी सबै किसिमका कोशको उपयोगिता अपरिहार्य सावित हुन्छ ।

यसरी विचार गर्दा समस्त ज्ञानजगत्मा सबैका लागि कोशको उपयोगिता अत्याधुनिक प्रमाणित हुन्छ । तुलनात्मक दृष्टिले हेर्दा कुनै भाषाको व्याकरणभन्दा पनि शब्दकोशको महत्व अत्याधुनिक छ । कुनै प्रथमभाषीका लागि संबन्धित भाषाको व्याकरण विशेष आवश्यक हुँदैन र अन्य -भाषीका लागि पनि व्याकरणको प्रयोग सीमित हुन्छ । परन्तु शब्दकोशको प्रयोग यसरी परिसीमित हुन सक्तैन र सदैव यसको आवश्यकता परिरहन्छ किनभने शब्द-भण्डार सदैव गतिशील हुन्छ । वस्तुतः व्याकरणका नियम बद्ध-विकासशील (closesended) हुन्छन् र तिनलाई मातृभाषीले पाँच-छ वर्षमा अधिगत गरी तिनको प्रयोजनलाई सीमित पारिदिन्छन् । तर कुनै भाषाको शब्द-भण्डार मुक्त-विकाशील (opended) हुन्छ । व्यक्ति वा भाषाको शब्द-भण्डारमा पुराना अनपेक्षित र अनुपयोगी शब्दहरू विलय हुँदै जान्छन् र नयाँ नयाँ शब्दहरू आविष्कृत र विकसित हुन्छन् । परिणामतः कुनै पनि भाषाको शब्द-भण्डार नियन्त्रित हुन सक्तैन र कुनै पनि व्यक्ति शब्दभण्डारमा पारंगत बन्न सक्तैन । यसैले शब्दकोशको उपयोगिता सदैव अक्षुण्ण रहन्छ । अतः भनिएको छः-

कोशस्यैव महीपानां कोशस्य विदुषामपि
उपयोगो महान् यस्मात् क्लेशस्तेन विना भवेत् ।[३२]

पाद टिप्पणी

१. स्चोतन्ति कोशा उव वो रथेष्वा ।ऋग्वेद १।०८७।२

२. रथे कोशे हिरणमये । ऋग्वेद ८।२०।८

३. कोश आयुधादीनां कोश स्थाने रमणशीले रथे । ऋग्वेद ८।२२।९

५. द्यौ भूमिः कोश आसीत् । ऋ० १०।८५ ।७

५. हिरणमये परे कोशे निरजं ब्रह्म निष्कलम् ।
तच्छुभ्रं ज्योतिषां ज्योतिस्तद्यदात्मविदो विदुः ।
-मुण्डकोपनिषत् २।२ ९ जगदीश शास्त्री (सं०) उपनिषत्संग्रहः (पुनर्मुद्रण, १९८० ई.) मोतिलाल बनारसीदास, दिल्ली, पृ० १८ ।

६. अन्तरीक्षोदरः कोशो भूमिबुध्नो नजीर्यति दिशो ह्यस्य सक्तयो द्यौरस्योत्तरं विलं स एष कोशो वसुधानस्तमिन्विदं श्रितम् । -छान्दोग्यो-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनिषत् ३।१५।१ - जगदीश शास्त्री, पूर्ववत्, पृ. ५१ ।
७. ब्रह्मण कोशोऽसि मेधया पिहितः (१) तैत्तिरीयोपनिषत् शीक्षाध्याय, चतुर्थ अनुवाक - जगदीश शास्त्री (सं०) उपनिषत्संग्रह, पूर्ववत् ।
८. मोनियर विलियम्स (सं) ए संकृत इंगलिस डिक्सनरी, अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९५१ ई. ।
९. आमयैबहुभिः परिपूर्णं कोश इव वसुना ३।४ तथा हृद्याकाशमयं कोशम् ६।२७ -जी.ए. ज्याकोव, (सं) ए कन्कर्डान्स टु दि प्रिन्सिपल उपनिषदज् एण्ड भगवद्गीता (१८९१ ई.) मोतीलाल वनारसीदास, दिल्ली (पुनः मुद्रण, १९६३ ई.) पृ. ३१३ ।
१०. रसादयो हि ये कोशा;–गौंडपादीय कार्तिका ३।११ जी. ए. ज्याकोब, पूर्ववत्
११. देवताः कोशाश्च सृष्ट्वा' – नृसिंहोत्तरापनि ११,९ । जी. ए. ज्याकोब, पूर्ववत् ।
१२. लम्बत्या कोशसन्निभम् ।–महानारायण उपनिषत् ११, ९ ।– जी. ए. ज्याकोब, पूर्ववत् ।
१३. भोलानाथ तिवारी, कोशविज्ञान, शब्दकार, दिल्ली, १९७९ ई०, पृ. ११
१४. 'निशेषविश्राणित कोषजातम्, – रघुवंश, ५।१ तथा 'प्रातः प्रयाणाभिमुखाय तस्मै सविस्मयः कोशगृहे नियुक्ताः' रघुवंश, ५।२९ ।
१५. 'कोषतस्तपसः– बाणभट्ट, कादम्बरी पूर्वभाग ।
१६. 'सुजातयोः पंकजकोशयो श्रियम् ।' –रघुवंशः ३।८ तथा 'इत्थं विचिन्तयति कोशगते द्विरेफे ।'–शिवराजविजयः २।१ ।
१७. कोशो बलं चापहृतम्;– दुर्गासप्तशती १।८
१८. उमाशंकर शर्मा 'ऋषि' (सं.) निरुक्तम् (द्वितीय संस्करण) चौखम्बा विद्याभवन, वाराणसी, २०२२ पृ० १४६ ।
१९. 'स्यात् कोषश्च हिरण्यं च हेमरुपे कृताकृते ।' -अमर २।९।९१
२०. 'कोषोऽस्त्री कुड्मले खड्गपिधाने ऽर्थौघदिव्ययो ;- पूर्ववत्, ३।३।२२१
२१. राधाकान्त देव (सं.) शब्दकल्पद्रुमः (दोस्रो भाग), चौखम्बा संस्कृत सिरिज, वाराणसी, १९६१ ई. ।
२२. हरीश शर्मा, भाषाशस्त्र की रुपरेखा (दोस्रो संस्करण) अमित प्रकाशन, गाजियावाद, १९८२ ई., पृ० ३७४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३, युगेश्वर, हिन्दी कोशविज्ञान उद्भव और विकास, भारतीय विद्याप्रकाशन, वाराणसी, १९७१ ई., पृ० ९३।

२४. 'इयममरदत्तवररुचि भागुरिवोपालितादि शास्त्रेभ्यः। अभिधानरत्नमाला- कविकण्ठविभूषणार्थमुद्धि-यते' --हलायुधः १।२

२५. एष ज्ञानार्भमज्ञानां सन्तोषायविजानताम्' -बालमुकुन्ददेव द्विवेदी, 'संस्कृत-कोषः उद्भव और विकास, स्मृति प्रकाशन, इलाहाबाद, १९७९ ई., पृ० ९८।

२६. ,अन्येषामुपकाराय निजबोधाय च स्फुटम्। नामपारायणं वक्ष्ये नानावर्गै रहं मुदा- बालमुकुन्ददेव द्विवेदी, पूर्ववत्, पृ० १३०।

२७. युगेश्वर, पूर्ववत्, पृ० ९२।

२८. आर. ए. सिंह, 'एन इन्ट्रोडक्सन् टु लेक्सिकग्राफी, सी. आई. आई. एल. १९८२ई., पृ० २५।

२९. ना०प्र० सभा, हिन्दी विश्वकोश वाराणसी, २०२७, भूमिका।

३०. आर.ए० सिंह, पूर्ववत्, पृ० ४--५।

३१. लियोनार्ड ब्लुमफिल्ड, 'ल्याङ्ग्वेज, हल्ट रिनेहार्ट, न्यूयोर्क, १९३३ ई. पृ० २७४।

३२. ए. एस. नागर, " ब्रीफ सर्भे अफ डिक्सनरी मेकिङ इन गुजरात" लेक्सि-कोग्राफी इन इण्डिया, सं० बी० जी० मिश्र, सी० आई० आई० एल, १९८२ ई०, पृ २१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : तीन

कोश - वर्गीकरण

वर्तमान विश्वमा ज्ञानसम्पदाको दायित्व कोशले वहन गरेको छ, यसैले यसलाई ज्ञानमय सौरमण्डलको अधिपति मान्न सकिन्छ। समसामायिक विश्वले यसैका आधारमा एकातिर प्राज्ञिक विशिष्टता अधिगत गरेको छ भने अर्कातिर यसलाई व्यापक रूपमा संचार गर्ने सफलता पनि प्राप्त गरेको छ। अतः अधुनातन ज्ञान विशिष्ठ भाषाधिष्ठित विश्वमा कोशको भूमिका सर्वोपरि छ।

यसरी ज्ञानका क्षेत्रमा कोशको प्रबल प्रभाव रहेको स्पष्ट छ तापनि यसको वास्तविक र प्रभावकारी विशेषता कोशका प्रकारमा प्रकट हुने भएकाले कोशको वर्गीकरण नितान्त अपेक्षित ठहरिन्छ। वस्तुतः कोशको प्रकार विभाजनमा नै कोशको स्वरूप, परिधि, प्रयोजन आदि सुस्पष्ट हुने र यसैमा कोशीय विधान र सम्पादन संबन्धी संम्पूर्ण कार्य निर्भर हुने हुँदा कोशसंबन्धी वर्गीकरण प्रारम्भिक आवश्यकता पनि हो यस दृष्टिले विचार गर्दा कोशको वर्गीकरण अत्यन्त महत्वपूर्ण प्रतीत हुन्छ तापनि कोशको वर्गीकरण भने निकै कठिन कार्य ठहरिन्छ किनभने यसको प्रकारगत वर्गीकरणमा कुनै एउटै आधारलाई अंगीकार गर्न सकिदैन। परिणामतः कोशको विभाजनमा ऐकमत्य भन्दा विविधता परिलक्षित हुन्छ। यसमा पनि विभिन्न विद्वान्-हरू विभिन्न आधारलाई विशेष प्राथमिकता दिई कोशको प्रकार विभाजन गर्ने हुँदा कोशको वर्गीकरण अझ जटिल प्रतीत हुन्छ।

यिनै कुरालाई हृदयङ्गम गर्दा प्रथमतः समष्टिगत रूपमा कोश-वर्गीकरणका आधारहरूको चर्चा गर्नु उपयुक्त ठहरिन्छ। सामान्यतः कोश-विभाजनका आधार यी हुन्:-

(क) प्रविष्टि-क्षेत्र- कुनै कोशको प्रविष्टिमा समाविष्ट कोशीय एकाइ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा कोशिम कुन क्षेत्रका बढी छन् ? कोशगत प्रविष्टिमा कुन क्षेत्रका शब्द-सूचीको मात्रागत प्राधान्य छ ? अथवा भनौं, कोशमा कस्ता शब्दको प्रविष्टि-गत घनत्व छ ? यसै गरी कोशमा क्षेत्रीय वा सामाजिक भाषिका, अवभाषा वा अवसित भाषा आदि के समाविष्ट गरिएको छ ? यस्ता आधारमा कोश-लाई सामान्य कोश र विशेष कोशमा विभाजन गरिन्छ र भाषिका कोश आदिमा तिनको भेदोपभेद गरिन्छ ।

(ख) भाषासंख्या- कोशमा निहित भाषा संख्याका आधारमा कोश-लाई उति नै संख्यामा विभाजन गर्न सकिन्छ तापनि मुख्यत: यसलाई दुई किसिममा विभाजन गर्न सकिन्छ । (१) एकभाषी (२) अनेकभाषी । यसमा प्राय: तीन किसिमको विभाजन पाइन्छ:

(१) एक भाषी (२) द्विभाषी र (३) बहुभाषी ।

(ग) प्रविष्टि- प्रकृति– कोशनिष्ठ ज्ञानपरक र भाषापरक प्रकृतिका आधारमा कोशलाई दुई किसिममा वर्गीकरण गरिन्छ (क) विश्वकोश (ख) शब्दकोश । यसलाई कोश विभाजन गर्ने व्यापक आधार मानिन्छ ।

(घ) काल– यस दृष्टिले कोशलाई मुख्यत: दुई किसिममा विभाजन गरिन्छ: (क) ऐतिहासिक (ख) समकालिक । पहिलो किसिमको कोशमा प्रविष्टिगत शब्द र अर्थको विगत विभिन्न कालका आधारमा विकास देखाइन्छ भने दोस्रोमा चाहिं कुनै एक कालमा पाइने शब्द र अर्थलाई अंकित गरिएको हुन्छ ।

(ङ) प्रविष्टि--अनुक्रम-यस आधारमा कोशलाई वर्णानुक्रम विषया-नुक्रम आदिमा विभाजन गरिन्छ ।

(च) प्रयोजन - कोशविधानमा सन्निहित प्रयोजन अनुसार कोश दुई प्रकारका हुन्छन् :- (क) प्राज्ञिक वा मानक (ख) सन्दर्भपरक यिनमा पहिलाको प्रयोजन संबन्धित भाषाको सर्वग्राह्य स्वरूप प्रस्तुत गर्नु हुन्छ भने दोस्राको चाहिं संबन्धित भाषामा रहेका विशाल शब्दसम्पदालाई संगाल्नु हुन्छ ।

(छ) प्रयोक्ता - उद्दिष्ट प्रयोगलाई दृष्टिगत गरी कोशको प्रकार विभाजन गर्दा प्रस्तुत कोश सामान्य प्रयोक्ताका लागि हो अथवा कुनै प्राज्ञ वा विषय विशेषज्ञसित संबद्ध विशेष प्रयोक्ताका लागि हो भन्ने विचार गरिन्छ । शैक्षिककोश, व्युत्पत्तिकोश, साहित्यकोश, व्यक्तिकोश, कृतिकोश आदि कोशको प्रकार विभाजनमा यस आधार माथि दृष्टिगत गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी माथि वर्णित आधार कोशको वर्गीकरणमा प्रयोग गर्न सकिन्छ तापनि कोशकारहरू कुनै एक आधारको मात्र लक्ष्मण रेखामा आबद्ध भई कोशविधान गर्ने गर्दैनन् । वस्तुत प्रविष्टि क्षेत्रका दृष्टिले सामान्य क्षेत्रका शब्दसूचीलाई कोशमा सन्निवेश गरिए तापनि त्यसका वर्णानुक्रम वा अन्य कुनै अनुक्रम अंगीकार गर्नुपर्ने हुँदा यस्ता अवस्थामा कुनै एउटा आधारमा परिसीमन औचित्यपूर्ण पनि ठहरिदैन । परिणामत: कोशमा निहित विशिष्टतम आधारले कोशको प्रकार - विभाजनमा महत्त्वपूर्ण भूमिका खेल्ने कुरा स्पष्ट हुन्छ । अत: कोशको वर्गीकरणमा पनि अनेकरूपता परिलक्षित हुनु अस्वाभाविक होइन किनभने वर्गीकरणका विभिन्न आधारमध्ये कसैका लागि कुनै आधार महत्त्वपूर्ण प्रतीत हुन्छ ।

व्यापक दृष्टिले वर्गीकरण गर्दा कोशमा विश्वकोश पनि अन्तर्विष्ट हुन्छ । यस सन्दर्भमा कोशलाई बहुप्रचलित शब्दकोश अर्थमा केन्द्रित गरी चर्चा गर्नु उपयुक्त ठानिएको छ ।

यसै परिप्रेक्ष्यमा प्रथमत: केही विद्वान्हरूको कोश विभाजन संबन्धी दृष्टिकोण प्रस्तुत गरिन्छ ।

हिन्दीका ख्यातिप्राप्त कोशकार रामचंद्र वर्माले कोशलाई एक–भाषी र अनेक भाषी (द्विभाषिक आदि) किसिममा विभाजन गर्दै उल्लेख गरेका छन् ''यसलाई (कोशलाई) मुख्यत: दुई विभागमा बाँड्न सकिन्छ । एकथरि, ती कोशहरू हुन् जसमा कुनै भाषाका शब्दको अर्थ त्यसै भाषामा दिइएको हुन्छ अनि अर्कोथरि ती कोशहरू हुन् जसमा एउटा भाषाका शब्दको अर्थ अर्को भाषा वा भाषाहरूमा दिइन्छ ।''[१]

हिन्दीका अर्का कोशकार तथा भाषाविज्ञ डा० भोलानाथ तिवारीले उनको कृति 'भाषाविज्ञान' मा व्यक्तिकोश, पुस्तककोश, भाषाकोश र विषय–कोश गरी कोशलाई चार किसिममा विभाजित गरेका छन् ।[२] अर्को कृति कोशविज्ञानमा चाहि मुख्यत: शब्दकोश, विषयकोश, र अन्यकोश गरी तीन किसिमगा वर्गीकरण गरेका छन् ।[६] अर्का विद्वान् डा० अचलानन्द जखमोलाले पनि उनको शोध ग्रन्थमा यस्तै किसिमको वर्गीकरणलाई प्रश्रय दिएका छन् । यी दुवै विद्वान्हरूको कोश विभाजन माथि आलोचना गर्दै[४] अर्का भारतेली विद्वान् त्रिभुवननाथ शुक्लले 'अर्थतत्त्व र कोशविज्ञान' नामक लेखमा कोशको वर्गीकरण यस प्रकार प्रस्तुत गरेका छन् :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



यसै संबन्धमा अर्को वर्गीकरण डा० युगेवरको अवधेय छ। यिनले "हिन्दी कोशविज्ञानको उद्‌व र विकासमा कोशको प्रकार – विभाजन यसरी गरेका छन्।[१]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो उपर्युक्त कोशविभाजनमा दृष्टिपात गर्दा के देखिन्छ भने कोश–वर्गीकरणका विभिन्न आधारमध्ये शेष आधारलाई उपेक्षा गरी रामचन्द्र वर्माले कोशमा सन्निहित भाषासंख्यालाई मुख्य आधार मानेका छन् र डा. युगेश्वर तथा त्रिभुवन नाथ शुक्लले क्रमशः प्रविष्टि प्रकृति र प्रविष्टिक्षेत्रका आधारलाई विशेष जोड दिएका छन। डा. तिवारी र डा. जखमोलाको वर्गीकरणलाई भने 'सिद्धान्तरहित' भनी त्रिभुवननाथद्वारा नै आलोचना गरिएको छ [६]।

यस संबन्धमा प्रख्यात रूसी कोशकार एल.भी. श्चेर्वाले नौ किसिमका शब्दकोशको परिचर्चा गरिएको पाइन्छ, ती हुन् (१) सन्दर्भपरक (२) प्राज्ञिक (३) ज्ञानपरक (४) थेसौरस = पर्यायपरक (५) व्याख्यात्मक (६) द्विभाषिक (७) विचारपरक (८) समकालिक र (९) कालक्रमिक।

नेपाली विद्वानहरूमा नेपालका भाषाविद् तथा कोशकार डा. वल्लभमणि दाहालले नेपाली भाषामा विधान गरिएका र गर्नुपर्ने कोशको वर्णन गर्दै कोशलाई मुख्यतः द्विबहुभाषिक कोष, वर्णनात्मक कोश, ऐतिहासिक कोश, व्युत्पत्तिमूलक कोश र विशेष कोशमा विभाजन गर्नु भएको छ। उहाँले त्यस प्रसंगमा उक्त कोशका उपभेदहरूको पनि चर्चा गर्नु भएको छ। [८] एल जुगुस्ताको म्यानुयल अफ लेक्सिकोग्राफी (१९७१) मा वर्णित कोशवर्गीकरणमा आधारित यो प्रकार विभाजन विविध आधारहरूलाई आत्मसात् गर्ने हुँदा निकै उपयुक्त र ग्राह्य देखिन्छ।

समष्टिमा विचार गर्दा यी माथिका चर्चाबाट के स्पष्ट हुन्छ भने कुनै एउटा लक्ष्मणरेखामा कोशको विभाजन सीमित गर्दा कोशको व्याप्ति सुचारू रूपले व्यक्त हुन सक्तैन। यसका अतिरिक्त विभिन्न विद्वानहरूले विभिन्न दृष्टिकोण र आधारलाई महत्त्व दिई विभाजन गरेकाले कुनै विभाजनमा एकपक्षीय प्रतिबिम्ब परेको हुन सजिलै सक्तछ। यो कुरा कोशको कुनै एउटा प्रविष्टिलाई अवलोकन गरी त्यसमा देखापर्ने विभिन्न किसिमका कोशीय विशेषताहरूबाट परिलक्षित हुन्छ।

वस्तुतः कोशका प्रकारमा पाइने अनेकाधारस्यूतता पारस्परिक संमिश्रण र अतिव्यापिता जस्ता विशेषताले गर्दा कुनै एउटै आधारमा परिसीमित कोश सुदुर्लभ हुन्छ। यसैले कोशको बर्गीकरण विभिन्न आधारमा वास्तविक, सर्वग्राह्य र समीचीन हुने भएकाले यस विषयमा गम्भीर विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी पश्चिमेली विद्वान् एल. जुगुस्ता र वाई. मैल्कियल यही निष्कर्षमा पुगेको प्रतीत हुन्छ । अत: विभिन्न आधारमा कोशको प्रकार–विभाजन यसरी प्रस्तुत गरिन्छ:-

१. प्रविष्टि--प्रकृतिको आधार

यहाँ प्रथमत; कोशविभाजनमा यस आधारलाई लिइएको छ । यस दृष्टिले हेर्दा कोश मूलतः दुई किसिमको हुन्छ (क) विश्वकोश (ख) शब्दकोश । यिनमध्ये विश्वकोशमा मानव ज्ञानका प्रायः सर्वे क्षेत्रसित संबद्ध महत्त्वपूर्ण शब्दहरू चयन गरिन्छन् । यी शब्दहरू सामान्यतया वर्णानुक्रमानुसार व्यवस्थामा आधारित हुन्छन् । यस्ता कोशमा चित्रांकन आदिको बाहुल्य पाइन्छ। विषयको आधारमा पनि विश्वकोशको विधान गरिन्छ । यस अवस्थामा संबद्ध विषयका अधिकाधिक पूर्ण र मानक सामग्री प्रस्तुत गरिन्छ । तर यस सन्दर्भमा कोशको बहुप्रचलित अर्थ शब्दकोशमा केन्द्रित हुँदा यसलाई तलका दुई किसिममा विभाजन गर्न सकिन्छ :

(क) विश्वकोशात्मक शब्दकोश--

यो भाषावाहेक ज्ञानपक्षमा पनि आधारित हुन्छ तर भाषात्मक शब्दकोश चहिं भाषिक पक्षमा केन्द्रित हुन्छ । अर्को शब्दमा, विश्वकोशात्मक वा ज्ञानपरक शब्दकोश भाषिक पक्षका अतिरिक्त ऐतिहासिक, सांस्कृतिक, आदि तथ्य वा विवरण संबन्धी विभिन्न सूचनामा समेत विस्तारित हुन्छ भने दोस्रो किसिमको शब्दकोश वर्तनी, उच्चारण, व्युत्पत्ति व्याकरणात्मक कोटि आदि भाषिक सूचनमा आबद्ध हुन्छ । बहुधा बृहत् शब्दकोशहरू ज्ञानपरक पनि हुन्छन् । उदाहरणार्थ एउटा कोशीय प्रविष्टिलाई लिऔं-

कुमारी– ना. [सं.] १. बाह्र वर्षसम्मकी अविवाहिता कन्या २. छोरी; पुत्री । ३. पार्वती । ४. दुर्गा । ५. भाद्रकृष्णपक्षमा यात्रा गरिने काठमाडौंकी एक देवी ।

यसमा उद्देश्यखण्डमा रहेका सूचना भाषापरक हुन् भने विधेय खण्डका क्रमसंख्या १ र ५ का सूचना ज्ञानपरक हुन् । यसैले के भन्न सकिन्छ भने साधारण शब्दकोशमा पनि केही प्रविष्टि ज्ञानपरक हुन्छन् । प्रायः साना शब्दकोशमा भने सांस्कृतिक विशेषतायुक्त शब्दहरूको प्रविष्टि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस किसिमको हुन्छ। जस्तै, कुम्भकर्ण। सामान्यतः शब्दकोशमा पाइने विश्वकोशात्मक या ज्ञानपरक सूचना यस प्रकार छन्:–

(क) व्यक्तिवाचक संज्ञामा आधारित कुनै व्यक्ति, वस्तु, स्थान र कृतिको नाउँ तथा तिनको परिचय र परिभाषीकरण जस्तै– एकलव्य, अन्नपूर्णा महाभारत आदिको प्रविष्टिमा दिइने सूचना।

(ख) ऐतिहासिक, सामाजिक, साँस्कृतिक, भौगोलिक आदि विशेषताहरूको संयोजन।

(ग) भाषात्मक शब्दकोश– यो विशुद्ध भाषिक पक्षमा आधारित शब्दकोश हो। यो कुनै पदार्थको वस्तुगत सूचनामा आधारित नभई भाषिक सूचनामा केन्द्रित हुन्छ। यद्यपि सबै प्रविष्टिमा विशुद्ध भाषापरक सूचना नभई कुनैमा ज्ञानपरक सूचना पनि रहन सक्छ तथापि कोशमा निहित सूचनाको परिमाणअनुसार कुनै शब्दकोशलाई ज्ञानपरक र भाषापरक किसिममा विभाजन गर्न सकिन्छ। प्रायशः उच्चारण कोश, विपर्यायकोश आदिमा भाषापरकता बढी पाइन्छ भने कालक्रमिक वा ऐतिहासिक कोशमा ज्ञान परकता बेसी पाइन्छ। तर यी दुवै किसिमका शब्दकोशमा उद्देश्य खण्ड भाषापरक हुन्छ। स्पष्ट छ, शब्दकोशमा पाइने हिज्जे, उच्चारण, व्युत्पत्ति, स्रोत, व्याकरणात्मक कोटि, अर्थविधान, प्रयोग आदि भाषापरक हुन्।

२. कालिक आधार

कालका दृष्टिले शब्दकोश मुख्यतः दुई किसिमका हुन्छन्। एकथरि शब्दकोश विभिन्न कलावधिमा आश्रित हुन्छन् भने अर्काथरि चाहिं कुनै विशिष्ट कालमा आधारित हुन्छन्। अर्थात् कुनै शब्दकोशले कुनै शब्दको विभिन्न कालमा भएको विकासक्रमलाई समेट्छ भने कुनैले चाहिं कुनै एक कालका शब्दलाई अंकित गर्छ। यसका आधारमा विभाजित शब्दकोश हुन्–समकालिक र कालक्रमिक।

(क) समकालिक– यो कुनै भाषाको कुनै एक कालमा प्रयुक्त शब्दहरूको आधारमा निर्मित कोश हो। यसर्थ यस्ता कोशमा त्यसै कालमा प्रयोग भएका शब्द र तिनका अर्थलाई समावेश गरिएको हुन्छ। यसले सम्बन्धित भाषामा प्रचलित समकालिक स्वरुपको वास्तविक वर्णन उपस्थित गर्ने हुनाले यसलाई वर्णनात्मक कोश पनि भनिन्छ। कालक्रमिक कोश ऐतिहासिक क्रममा आधारित हुने हुँदा त्यसमा शब्द वा कोशीय एकाइको लम्बीय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरुप चित्रित हुन्छ भने समकालिक शब्दकोशमा कुनै शब्द (शब्दिम) वा कोशीय एकाइ (कोशिम) को क्षैतिज स्वरुप प्रस्तुत गरिएको पाइन्छ। यसैले कालक्रमिक वा ऐतिहासिक कोशमा शब्दको गत्यात्मक जीवन-चित्र अंकित हुन्छ तर समकालिक कोशमा स्थिरात्मक जीवन चित्र। अचेल प्रस्तुत समकालिक कोश-विधान गर्न लिखित स्रोत सामग्रीका रुपमा सम्बन्धित भाषाका समसामयिक ग्रन्थ र पत्रपत्रिकाहरूलाई प्रयोग गरिन्छ। यसैगरी मौखिक स्रोतबाट पनि सामग्री सङ्कलन गरी गृहित शब्दको अर्थ र अर्थच्छाया निरुपण गर्दै कोशमा उपयोग गरिन्छ। यस प्रक्रियामा यदि कुनै शब्दको विभिन्न अर्थ वा अर्थच्छाया व्यक्त भएमा ऐतिहासिक कोशमा झैं यसमा विभिन्न कालक्रम नहुने हुँदा तिनको प्राथमिकता क्रम प्रयोगावृत्तिका आधारमा कोशकार निश्चित गर्छन्। अर्थात् कोशमा सम्बन्धित शब्दको त्यस अर्थलाई सर्वप्रथम राखिन्छ जुन अर्थ सर्वाधिक प्रयुक्त हुन्छ।

यसरी समकालिक कोशमा समसामयिक सामग्री प्रयोग गरिन्छ तापनि यसमा केही ऐतिहासिक सामग्री पनि आवश्यक हुन्छ। यस्ता कोशमा निर्देश गरिने व्युत्पत्ति र स्रोत शब्द यस किसिमका सामग्री हुन्।

प्राय: विभिन्न भाषामा पाइने साना, मझौला र ठूला कोशहरू समकालिक प्रकृतिका हुन्छन् र नेपालीका पनि प्राय: कोशहरू यसै अन्तर्गत पर्दछन्। उदाहरणार्थ, सानोमा नेपालीको पहिलो एकभाषी कोश 'वगली कोष' (१९९८) र ठूलोमा नेपाली बृहत् शब्दकोश (२०४०) यस्तै किसिमका कोश हुन्। विभिन्न भाषामा पाइने सामान्य र विशेष कोशहरू यसै समकालिक शब्दकोशका प्रविष्टिक्षेत्रगत प्राधान्यमा आधारित वर्गीकरणका स्वरुप हुन्। यस चर्चाबाट के ज्ञान हुन्छभने समकालिक शब्दकोशलाई सामान्य र विशेष गरी दुई किसिममा विभाजित गर्न सकिन्छ।

(ख) कालक्रमिक— यो कुनै भाषाको विभिन्न कालावधिमा विकसित शब्द र अर्थलाई समावेश गर्ने कोश हो। यसमा ऐतिहासिक प्रमाणका आधारमा शब्द र अर्थको परिवर्तनक्रम देखाइने हुँदा यसलाई ऐतिहासिक शब्दकोश पनि भनिन्छ। यस्ता कोशले संबन्धित भाषाको बृहत् इतिहासलाई वहन गरेको हुन्छ। यो कुनै भाषाको एक काल वा युगसँग संबद्ध नभई अनेकौं कालसँग आबद्ध हुन्छ। यसैले यस्ता कोशका प्रविष्टिमा संबन्धित भाषाको सम्पूर्ण कालमा प्रयुक्त शब्दलाई स्थान दिइन्छ र प्रत्येक शब्दको विभिन्न कालमा प्रच-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लित अर्थलाई पनि अंकित गरिन्छ । प्रसिद्ध अक्सफोर्ड अंग्रेजी शब्दकोश यस को उत्कृष्ट उदाहरण हो । भारतको पूनामा निर्माण भइरहेको संस्कृत शब्द-कोश अर्को महत्वपूर्ण प्रतिदर्श हो ।

कालक्रमिक शब्दकोशमा कुनै भाषाका कोशीय एकाईको सम्पूर्ण जीवन व्यवस्थित रुपमा प्रस्तुत गरिन्छ । यसका लागि कुनै भाषाको कोशविधान गर्दा त्यस भाषामा पाइने सम्पूर्ण कृतिहरूको उपयोग गर्दै तिनमा उद्दिष्ट कोशीय एकाइमा पाइने संपूर्ण सन्दर्भहरू खोजी तिनलाई अंकित गरिन्छ । यस प्रक्रियामा कोशकारले प्रस्तुत कोशीय एकाइका विभिन्न अर्थ र अर्थच्छाया-हरूलाई ऐतिहासिक क्रममा अङ्कन गर्नुपर्छ । यसै गरी उक्त एकाइको संरच-नामा कुनै परिवर्तन भएको छ भने त्यसलाई पनि क्रमबद्ध गर्नुपर्छ । वस्तुतः प्रस्तुत कोशमा संबन्धित भाषाका निःशेष कृतिहरूको विश्लेषण गर्नु सुदुष्कर कृत्य हो । त्यसैले समय र विषयका आधारमा महत्वपूर्ण कृतिहरू छानी तिनका आधारमा यस्ता कोशहरू बनाइन्छन् । पूर्वोक्त संस्कृत कोश (पूना)–ले स्रोत सामग्रीका रुपमा संस्कृतका १५०० कृतिहरूलाई चयन गरेको छ ।[१०]

यस्ता कोशमा अर्थविधानको क्रम प्रयोगावृत्तिमा आधारित नभई प्रयोग कालमा निर्भर हुन्छ जसअनुसार कालका दृष्टिले प्रथम प्रयुक्त अर्थलाई पहिले राखिन्छ । यस क्रममा यथासंभव प्रत्येक शब्दमा उद्धरण र प्रयोग सन्दर्भ (साइटेसन) पनि दिइन्छ । यसमा व्युत्पत्ति–निर्देशन पनि अपरिहार्य मानिन्छ । नेपालीमा यस्तो कोश अहिलेसम्म छैन ।

यसै प्रसङ्गमा कालक्रमिक वा ऐतिहासिक कोशसंग विशेषतः सम्बद्ध अर्को किसिमको कोशको पनि संकेत गर्नु उपयुक्त ठानिएको छ जसलाई काल-क्रमिक कोशको विशेष प्रकारका रुपमा अंगीकार गरिन्छ । यस किसिमको कोश हो–व्युत्पत्तिपरक कोश । यसमा कुनै शब्द अर्थात् कोशीय एकाइको प्रागैतिहासिक कालसम्म पुगी सहजात शब्दसंग तुलना गरेर त्यसको उत्पत्ति सुनिर्देश गरिन्छ । यस संबन्धी अन्य कुरा विशेष कोशका सन्दर्भमा वर्णन गरिने छ किनभने प्रविष्टि क्षेत्रका आधारमा यो विशेष कोश हो ।

३. प्रयोजनको आधार

कोश वर्गीकरण गर्ने अर्को आधार प्रयोजन हो । यस आधारमा वर्गी-करण गर्दा शब्दकोश मुख्यतः दुई किसिमको हुन्छ–मानक र सन्दर्भपरक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) मानक शब्दकोश -- यो कुनै भाषाको स्तरीय शब्द भण्डारलाई समावेश गर्ने कोश हो। यसलाई आदर्श वा प्राज्ञिक शब्दकोश पनि भन्न सकिन्छ। यस्ता कोशको उद्देश्य भाषाको आदर्श स्वरुप प्रस्तुत गर्नु भएकोले यसमा संबन्धित भाषाको सर्वग्राह्य स्वरुपलाई भित्र्याउने कार्य गरिन्छ। यसरी भित्र्याइएका शब्दहरू सुदूर भविष्यसम्म चलुन् भन्ने आकाङ्क्षा हुने हुँदा यस्ता कोशमा जुनसुकै समसामयिक शब्दलाई सँगेटी भाषामा स्थिरता कायम गर्ने शब्दलाई प्रवेश दिइन्छ। परिणामत: यस्ता कोशमा अवसित, अवचलित र भाषिकागत शब्दहरू ग्राह्य हुँदैनन् र यसमा समसामयिक साहित्यकार, बुद्धिजीवी र शिक्षित व्यक्तिले प्रयोग गर्ने नियमित र स्वाभाविक शब्दहरूलाई सन्निवेश गरिन्छ। संक्षेपमा भन्दा यो कोश शिष्टप्रयोगमा आश्रित हुन्छ।

यसकारण यस्ता शब्दकोशको विधान गर्दा कोशकार प्रतिष्ठित पूर्ववर्ती वा समसामयिक लेखकहरूको कृति विज्ञान, कला आदिका ग्रन्थ तथा वर्तमान अखवार पत्रपत्रिका आदि स्तरीय वा मानक भाषाको प्रतिनिधि सामग्रीबाट कोशका लागि प्रविष्टि चयन गर्दछन् र कोशमा सन्निवेश गर्दछन्। शब्दान्तरमा भन्दा, यस्ता कोशमा वर्तमान अखबार पत्रिका र पुस्तकहरूमा अत्यधिक प्रयोग हुने र पुराना अभिनव तथा प्राविधिक शब्दभण्डारमा पनि व्यापकत: प्रचलन अध्ययनमा आउने शब्दलाई यस्ता कोशमा उक्त सामग्रीलाई परिशुद्ध र मानक रुपमा प्रस्तुत गर्नुपर्छ र प्रामाणिकता र स्तरीयता कायम गर्न स्वनिर्मितमा भन्दा उद्धृत उदाहरणमा जोड दिनुपर्छ।

प्रस्तुत मानक शब्दकोश पनि कोशीय विविधपक्षमा आधारित मानकताका दृष्टिले विविध प्रकारमा विभक्त हुन सक्छ। जस्तै मानक उच्चारण कोश, मानक हिज्जे कोश आदि।

(ख) सन्दर्भपरक शब्दकोश

यो संबन्धित भाषाको व्यापक शब्दसम्पदालाई समेट्ने कोश हो। यसलाई सम्पूर्ण वा सर्वाङ्गीण वर्णनात्मक कोश पनि भनिन्छ। यस कोशमा भाषाका व्यापक शब्दक्षेत्र सँगेटिने हुनाले यसको आयाम अत्यन्त विस्तृत हुन्छ। कुनै भाषाको क्षेत्रीय तथा सामाजिक भाषिका भेद, शैलीपरक भेद आदिमा आश्रित र पठन पाठनका क्रममा आउने शब्द अनि तिनका हिज्जे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भेद तथा वैकल्पिक रुप यसमा समाविष्ट हुन्छन् । यसैले यो निकै व्यापक कोश हो ।

यस किसिमको कोश–विधानमा कोशकार संबन्धित भाषाको विस्तृत पक्ष समेट्ने गरी भाषाका लिखित र मौखिक दुवै माध्यमसँग संबद्ध सामग्री चयन गर्दछन् । यस सन्दर्भमा कोशकार त्यस भाषाको विभिन्न काल वा युग–सँग संबन्धित सामग्रीको पनि सर्वेक्षण गर्दछन् । त्यसैले के भन्न सकिन्छ भने यो कोशको उद्देश्य कुनै भाषाको व्यापक सन्दर्भको प्रस्तुतिमा विस्तृत छ, त्यसको कुनै स्थिरीकृत स्तरीयताको अन्वितिमा सीमित छैन । यस सन्दर्भमा डा. वल्लभमणि दाहाल भन्नु हुन्छ "यसमा कस्तो हुनुपर्छ भन्ने भन्दा कस्तो छ भन्ने कुराको ख्याल गरिन्छ ।[११]"

४. प्रविष्टि- अनुक्रमको आधार

कोशमा प्रविष्टिविन्यास विभिन्न अनुक्रममा गरिन्छ । यस आधारमा कोशको प्रकार–विभाजन गर्दा सामान्यतः कोशलाई तीन किसिममा विभा–जन गर्न सकिन्छः–

(क) वर्णानुक्रम कोश –

यो संबन्धित भाषामा अङ्गीकृत वर्णमाला अनुसार वर्णानुक्रममा ढालिएको शब्द वा कोशिय एकाइ (कोशिम) प्रविष्टि विन्यासमा भएको कोश हो । यसमा पहिलो, दोस्रो आदि वर्णहरूको क्रमबाट उठेका शब्द वा कोशीय एकाइलाई क्रमशः तदनुसार स्थान निर्धारण गरिन्छ र आदिम वर्णमा समानता भए त्यसपछि अन्य उत्तरोत्तर वर्णहरूको क्रम हेरी तदनुरूप क्रमिक स्थान निर्धारण गर्दै अन्तिम वर्णसम्म पुगिन्छ । उदाहरणार्थ नेपाली वर्णानुक्रम अनुसार कोशमा 'कमल' शब्दभन्दा पछि 'कलम' र त्यसपछि 'मकल' शब्द राखिन्छ

आधुनिक युगमा वर्णानुक्रम सर्वाधिक प्रचलित प्रकार हो । वर्तमान कोश जगत्मा यो निकै लोकप्रिय भएकाले यसलाई कोशानुक्रम पनि भनिन्छ । आधुनिक शब्दकोश प्रायः यही वर्णानुक्रम कोशका उदाहरण रहेका छन् । नेपाली कोश साहित्यमा पनि बगलीकोश (१९९८) : संक्षिप्त नेपाली कोश (२००७), नेपाली संक्षिप्त शब्दकोश (२०४०), नेपाली बृहत् शब्दकोश (२०४०) आदि यसका उदाहरण हुन् ।

(ख) विषायानुक्रम कोश –

यो आर्थी दृष्टिले संबद्ध शब्दहरूलाई सुहाउँदो शीर्षक अन्तर्गत राखी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार गरिने कोश हो । यसमा कुनै ठाउँमा वनस्पति, कुनै ठाउँमा शारीरिक अवयव आदि जनाउने शब्द राखी वर्गव्यवस्था गरिन्छ । यस्ता कोशलाई आर्थी, विचारपरक, वर्गात्मक वा व्यवस्थित कोश भनिन्छ । प्राचीन कोशहरू यस किसिमका निकै छन् । आधुनिक कोशविज्ञान अनुसार पनि पर्याय शब्दकोश-मा यो व्यवस्था अंगीकार गरिन्छ । संस्कृतमा अमरसिंहको 'नामलिङ्गा-नुशासन' नामक अमर–कोश र अँग्रेजीमा रोजेटको थेसौरस तथा अन्य यस पद्धतिका कोशहरू प्रसिद्ध नमूना हुन् । आदिम कोश 'निघण्टु' र निरूक्त' पनि विषयानुक्रममा आधारित छन् ।

(ग) अन्य विविधानुक्रम कोश –

पूर्वोक्तबाहेक अन्य विविध किसिमका अनुक्रममा आधारित कोशहरूको चर्चा गर्ने प्रयास यहाँ गरिएको छ । उदाहरणार्थ, विषयानुरूप वर्गविभाजन र तिनका वर्णानुक्रमको अनुसरण गरी प्रविष्टिविधान गरिएको शब्दकोशलाई लिन सकिन्छ । कृष्णप्रकाश श्रेष्ठद्वारा संपादित 'नेपाली नेपालभाषा शब्दा–वली (२०३५) यस्तै किसिमको कोश हो ।

यसै गरी सुरप्रधान भाषामा प्रयोग गरिने सुरविन्यासमा आश्रित अनुक्रममा आधारित शब्दकोश पनि मिश्रित शब्दकोश हो । यस्तै प्रथमतः एकाक्षर (एक सिलेबल)) अनि द्वव्यक्षर आदि गरी अक्षर संख्यानिष्ठ वर्णानुक्रममा आधारित शब्दकोशहरू पनि पाइन्छन् । संस्कृतमा महेश्वरकृत "विश्वप्रकाश" अक्षरविन्यासमा व्यवस्थित शब्दकोश हो । [१२]

५. भाषासंख्याको आधार

शब्दकोश वर्गीकरण गर्ने प्रसिद्ध आधार भाषा हो । कोशमा उद्दिष्ट भाषासंख्यामा यो विभाजन आश्रित हुन्छ । यस दृष्टिले कोशको प्रकार–विभाजन गर्दा संबन्धित कोशमा निहित भाषासंख्याअनुसार एक भाषी, द्विभाषी, त्रिभाषी, चौभाषी आदि अनेक किसिममा बाँड्न सकिन्छ तापनि सामान्यतया तीन प्रकारमा विभाजित गरिन्छ जसलाई क्रमशः एकभाषी, द्विभाषी र बहुभाषी कोश भनिन्छ ।

(क) एकभाषी शब्दकोश

यो स्रोतभाषा र लक्ष्यभाषा एउटै भएको शब्दकोश हो । यसमा जुन भाषाको शब्द वा कोशीय एकाइ (कोशिम) प्रविष्टिमा राखिएको हुन्छ त्यसै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा अर्थ पनि दिइएको हुन्छ । यसलाई समभाषी कोश पनि भनिन्छ ।

प्रस्तुत एकभाषी वा समभाषी कोशमा अनेक किसिमका कोशीय सूचना विधान गरिएका हुन्छन् । कुनैमा वर्तनी (हिज्जे), उच्चारण, व्याकरण-निर्देश, व्युत्पत्ति अर्थ, उदाहरण, चित्रांकन, संविधानपरक प्रयोग, व्युत्पन्न शब्द उखान-टुक्का आदि हुन्छन् भने कुनैमा शब्दको अर्थ मात्र हुन्छ । यो अन्तर्वर्ती गुणात्मक वा परिमाणात्मक सूचना निरपेक्ष कोशका रूपमा भेटिन्छ । उदाहरणार्थ, नेपाली बगली कोश (१९९८) र नेपाली बृहत् शब्दकोश (२०४०) दुवै एकभाषी कोश हुन् ।

यसमा ठूलोलाई व्याख्यात्मक कोश पनि भनिन्छ भने सानोलाई समभाषी कोश मात्र भन्ने गरिन्छ । यीमध्ये व्याख्यात्मक कोश प्रथमभाषीका निम्ति विशेषतः अभिलक्षित मानिन्छ । वस्तुतः प्रथमभाषीका निम्ति व्याख्यात्मक एकभाषी कोश जति महत्त्वपूर्ण हुन्छ त्यति साना एकभाषी वा समभाषी कोश महत्त्वपूर्ण ठहरिँदैनन् ।

आजसम्मको अनुसन्धानद्वारा प्राप्त विश्वको प्रथम कोश वैदिक 'निघण्टु' एकभाषी कोश हो भने 'निरूक्त' पनि यसै किसिमको हो । यसरी हेर्दा विश्वका आदिम कोश पनि एकभाषी वा समभाषी नै भेटिन्छन् । प्रस्तुत एकभाषी वा समभाषी कोशका सम्बन्धमा अन्य चर्चा अध्यायः छ मा हुनेछ ।

(ख) द्विभाषी कोश

स्रोत भाषा र लक्ष्य भाषा गरी कुनै दुई भाषासंग संबन्धित कोशलाई द्विभाषी कोश भनिन्छ । यस्ता कोशमा शीर्षशब्द वा मुख्यप्रविष्टि बनाई जुन भाषाका कोशिमको परिभाषीकरण, व्याख्या वर्णन गरिन्छ त्यसलाई स्रोत भाषा भनिन्छ र जुन भाषामा परिभाषीकरण, वर्णन, पर्यायविधान गरिन्छ त्यसलाई लक्ष्यभाषा मानिन्छ । प्रस्तुत द्विभाषी कोशलाई एल० जुगुस्ताले "शाब्दिक अर्थमा समान कुनै एउटा भाषा र अर्को भाषाको कोशीय एकाइमा समन्वयन" बताएका छन् ।[१३]

पश्चिमी जगत्मा प्रारम्भिक अवस्थाका कोशहरू विशेषतः द्विभाषी प्रकृतिका थिए । ग्रीक, ल्याटिन जस्ता शास्त्रीय भाषाका कठिन शब्दहरूलाई अन्य प्रचलित भाषामा अर्थ दिनु तिनको मुख्य प्रयोजन थियो । यसपछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विभाषी कोशको इतिहासमा प्रथम तथा द्वितीय विश्वयुद्धले ठूलो प्रभाव पाऱ्यो र यसको विकास तीव्र गतिमा हुन थाल्यो । वर्तमान विश्वमा सञ्चार माध्यम र पारस्परिक सम्पर्कको व्यापक विकासले गर्दा द्विभाषी कोशविधानको पृष्ठभूमि अत्यन्त सुदृढ बनेको छ । प्रस्तुत द्विभाषी कोशका सम्बन्धमा अग्र चर्चा अध्याय छ मा उल्लेख गरिनेछ ।

(ग) बहुभाषी कोश

भाषासंख्यामा आधारित कोशका प्रकारमा तीन वा त्यसभन्दा बढी भाषा संबद्ध भएका कोशलाई साधारणतया बहुभाषी कोश भन्न सकिन्छ । सामान्यतः अवलोकन गर्दा के पाइन्छ भने एकभाषी कोश जति व्यापक र विस्तृत हुन सक्छन् त्यति किसिम र क्षेत्रमा द्विभाषी कोश फराकिन सक्तैनन् र त्यसमाथि त्रिभाषी वा सोभन्दा अधिकभाषी कोश ता फैलिनै सक्तैनन् । यसैले बहुभाषी कोशको परिधि निकै सीमित हुन्छ, यसमा सामान्य शब्दको अर्थविधान बाहेक व्यापक रूपमा अन्य कोशीय सूचना दिने प्रावधानको कमी हुन्छ । उदाहरणार्थ, नेपाली वृहत् शब्दकोश (२०४०) मा जति सूचना पाइन्छन् त्यति द स्ट्यान्डार्ड डिक्सनरी: इंगलिश–नेपाली (२०१) मा पाउन सकिँदैन । अनि द्विभाषी कोशमा जति उपलब्ध हुन्छ, त्यति नै पनि बहुभाषी कोशमा प्राप्त गर्न कठिन पर्छ । उदाहरणका लागि उपर्युक्त द स्टचाण्डार्ड डिक्सनरीमा जति पनि कोशीय सूचना पाउन सकिन्छ पर्यायवाची कोश (२०३६) नामक बहुभाषी कोशमा त्यति उपलब्ध हुन सक्तैन । यस्ता बहुभाषी कोशमा प्रायः स्रोत भाषाको अर्थ मात्र लक्ष्य भाषामा संकेत गरिएको हुन्छ । यस्तै स्थिति "रेग्मी संस्कृत नेपाली हिन्दी अंग्रेजी शब्दकोश (२०३६) नामक बहुभाषी कोशमा देखिन्छ ।

यस संबन्धमा अन्य चर्चा अध्याय ६ मा गरिनेछ ।

६. प्रयोक्ताको आधार

कोशविधानमा उद्दिष्ट वा संभाव्य प्रयोक्ता र तिनका अपेक्षाहरूलाई ध्यान दिनु आवश्यक छ । वास्तवमा कोश बनाउँदा प्रयोक्तालाई दृष्टिपरिधिभित्र राखिएमा कोशको सम्यक् र सुसंगत आधारभूमि तयार हुने हुँदा यो अतीव अभीष्ट आधार पनि हो । यद्यपि यस आधारमा वर्णित कोशहरू प्रविष्टि–क्षेत्रका आधारमा विशिष्ट प्रविष्टिभित्र समाहित हुन सक्ने हुँदा विशेष कोशमा पनि रहन सक्छन् तथापि प्रयोक्तालाई प्राथमिकता र प्रधानता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिएर निम्नाङ्कित किसिमका कोशहरूलाई यस आधारमा समावेश गरिएको छ:-

(क) व्युत्पत्तिपरक कोश

यो कुनै शब्द वा कोशीय एकाइको ऐतिहासिक स्वरुपसँग संवद्ध व्युत्पत्ति देखाउने कोश हो। यस किसिमका कोशमा व्युत्पत्ति दिंदा मुख्यत: तीन किसिमको सूचना दिइन्छ। तिनमध्ये कुनै शब्दको आधार र आधेयतत्त्व अर्थात् प्रकृति र प्रत्यय आदिको निर्देश गर्नु पहिलो कार्य हो। जस्तै, कर्तव्य शब्दमा कृ+तव्य रूप देखाउनु। दोस्रो कार्य चाहिं स्रोत निर्देश गर्नु हो। जस्तै, 'घोडा' शब्दमा संस्कृत 'घोटक' उल्लेख गर्नु। अनि तेस्रो हो-तुलनात्मक ढंगले अन्य भाषामा पाइने रूप दिनु। जस्तै, 'चिउरा' शब्दमा संस्कृत- 'चिपिट', पालि- 'चिपिटो', प्राकृत- 'चिविड' आदि रुपसँग तुलना गर्नु।[१४]

व्युत्पत्तिपरक कोशको घनिष्ठ संवन्ध कालक्रमिक वा ऐतिहासिक कोशसँग हुन्छ तापनि यो विशेषत: व्युत्पत्तिमा आधारित भई उद्दिष्ट शब्द वा कोशीय एकाइको मूल रुपका साथै उत्पत्ति-प्रक्रिया दर्शाउन केन्द्रित हुन्छ। यस अन्तर्गत कोशकार कुनै शब्दको सहजात (सजातीय) वा सवर्ण शब्दसँग तुलना गर्दै प्रागैतिहासिक कालसम्म पुगेर मूल (माऊ) रुप प्रस्तुत गर्दछन्। यस प्रक्रिया अन्तर्गत कुनै अवस्थामा ऐतिहासिक तुलनात्मक पद्धति अँगाली प्रागैतिहासिक कालसम्म पुगेर आदिम मूल रुपको पुनर्निर्माण गरिन्छ भने कुनै अवस्थामा संबन्धित कुनै प्राचीन भाषासम्म पुगेर मूल (माऊ) रुपको निर्देश गरिन्छ। दोस्रो अवस्था प्रस्तुत गरिने मूल रुप नेपाली भाषाको सन्दर्भमा संस्कृत भाषाका शब्दलाई लिने गरिन्छ। यो प्रक्रिया समस्त आधुनिक आर्य भाषामा प्रचलित पाइन्छ।

व्युत्पत्तिपरक कोशलाई विभिन्न प्रकारमा विभाजन गर्न सकिन्छ। संवन्धित कोशमा अन्तर्विष्ट भाषाका आधारमा यो एकभाषाकेन्द्री र बहुभाषाकेन्द्री प्रकारमा विभक्त हुन्छ। यसको एकभाषाकेन्द्री प्रकारमा उद्दिष्ट कुनै एउटा भाषाका शब्दलाई मूल प्रविष्टि वा शीर्षशब्दमा राखिएको हुन्छ र अर्को प्रकारमा चाहिं मूल (माऊ) भाषाको शब्दलाई यस किसिमको प्रविष्टि-मा समावेश गरिएको हुन्छ। यस्ता कोशको उदाहरणमा महान् कोशकार प्रा० आर० एल० टर्नरको नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१९३१ ई.) र 'भारतीय आर्यभाषाको तुलनात्मक शब्दकोश (१९६६ ई.) लाई क्रमश: पहिलो र दोस्रो प्रकार अन्तर्गत राख्न सकिन्छ ।

यही व्युत्पत्तिपरक कोशको प्रकारान्तरमा आगन्तुक वा सापटी शब्दकोशलाई पनि राखिन्छ, किनभने यो कोशमा पनि संबन्धित शब्दको मूल स्रोत अंकित हुने हुँदा व्युत्पत्ति-निर्देशमा सहयोग प्राप्त हुन्छ ।

यस सन्दर्भमा, प्रस्तुत व्युत्पत्तिपरक शब्दकोशलाई प्रयोक्ताका आधारमा वर्गीकरण गरिएको छ तापनि प्रविष्टिक्षेत्रका दृष्टिले यसलाई विशेष कोशमा पनि राख्न सकिन्छ ।

(ख) शैक्षिक शब्दकोश

यो शिक्षार्थीहरूको आवश्यकतालाई ध्यानमा राखी विधान गरिने कोश हो । यसलाई शिक्षार्थी कोश पनि भनिन्छ । यसमा कुनै भाषाका प्रथमभाषी तथा द्वितीयभाषी शिक्षार्थीहरूको प्रयोजनलाई यथानुरूप ध्यान दिइन्छ र त्यसको आधारमा बेग्लाबेग्लै कोशग्रन्थ तयार गरिन्छ । शैक्षिक उद्देश्यमा आबद्ध हुनाले यस किसिमको कोशमा कोशीय एकाइहरूको चयन र अनुस्तरण अपरिहार्य मानिन्छ । यसका साथै निर्धारित उद्देश्यानुसार संबन्धित भाषाको वर्णात्मक, व्याकरणात्मक अनुवादात्मक, व्याख्यात्मक आदि पक्षमा पनि विशेष जोड दिइन्छ ।

अभीष्ट उद्देश्य र उद्भूत आवश्यकताका परिप्रेक्ष्यमा यस्ता कोशहरू फरक फरक हुन्छन् । यस्ता कोशको विधानमा प्रयोक्ता शिक्षार्थीको तह र अवस्थाले पनि महत्त्वपूर्ण भूमिका खेल्ने हुँदा किशोर, युवा, प्रौढ आदि अवस्था र माध्यमिक, उच्च आदि तह पनि अवधेय हुन्छन् । अत: यस्ता कोशको विधानभन्दा पूर्व नै कोशको उद्देश्यअनुरूप संबन्धित शिक्षण संस्था र शिक्षार्थी एवं शिक्षकसग आवश्यक जानकारी प्राप्त गर्नुपर्छ र तदनुरूप कोशमा सूचना समाहित गर्नुपर्छ ।

शैक्षिक वा शिक्षार्थी कोशमा कतिपय सामान्य कोशभन्दा फरक विशेषताहरू हुन्छन् । कोशको प्रविष्टिमा शब्द र अर्थको सोद्देश्य र चयनपरक सन्निवेश, अर्थविधानमा व्यापकताभन्दा प्रयोगात्मकतामा जोड अनि प्रयोक्ताको क्षमता, पृष्ठभूमि, आवश्यकता आदिमा ध्यान यसका केही उल्लेख्य भेदक विशेषता हुन् । यस बाहेक, यस्ता कोशमा उपयुक्त अध्यावधिक शब्दभण्डारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषत: अपेक्षा गरिन्छ र अवसित अवचलित र भाषिकापरक शब्दहरूको उपेक्षा गरिन्छ । यस संबन्धमा अर्को अवधेय कुरा के छ भने यो कोश शिक्षार्थीको प्रयोजनका लागि भएकोले यसमा परिभाषीकरण आदि सरल भाषामा गरिन्छ र शब्दप्रयोग तथा संविधानपरक प्रयोगलाई विशेष बल दिदै प्रविष्टिगत शब्दको चित्रांकन र रेखांकनमा विशिष्ट व्यवस्था अनुसरण गरिन्छ । यसरी हेर्दा शैक्षिक शब्दकोशको नियोजनमा विशेष सावधानी अपेक्षित हुने कुरा स्वत: स्पष्ट हुन्छ ।

कोशनिष्ठ विविध अभिलक्षणले गर्दा यो शैक्षिककोश पनि विभिन्न प्रकारमा विभाजित पाइन्छ । तिनमा शब्दगत प्रविष्टिलाई ध्यानमा राखी गरिएको प्रचलित विभाजन हो– (क) सामान्य शैक्षिक कोश (ख) विशेष शैक्षिक कोश । पहिलो प्रकारमा उद्दिष्ट शिक्षार्थीका निम्ति अभीष्ट सबै किसिमका शब्दहरू समावेश गरिन्छ । जस्तै– अंग्रेजीमा हर्नबीको "एड्भान्स लरनर्स डिक्सनरी अफ करेन्ट इंगलिश" । दोस्रोमा चाहिं उद्देश्यकेन्द्री विशेष किसिमका शब्दहरूको समावेश हुन्छ । यस किसिमको कोश नाम, विशेषण, क्रिया, पदावली, आदि शब्द वा कोशीय एकाइको कुनै पनि प्रकारसित संबद्ध हुन सक्ने हुनाले विविध किसिमका हुन सक्छन् ।

प्रस्तुत कोश प्रयोक्ताको विशेष परिवेश र प्रयोजनका पर्याधारमा विधान गरिने हुनाले यसलाई यहाँ प्रयोक्ताको आधारभित्र दरिएको हो । प्रविष्टि क्षेत्रका दृष्टिले विशेष कोशमा पनि यसलाई राख्न सकिन्छ ।

७. प्रविष्टि-क्षेत्रको आधार

यो कोशको प्रकार विभाजनमा अनुसरण गरिने बहुचर्चित र महत्वपूर्ण आधार हो । कोशमा निहित कोशीय एकाइ वा शब्दसूचीले समाहित गरेको सामान्य वा विशेष क्षेत्रमा आधारित हुने हुँदा यो वस्तुगत आधार पनि हो । यसैले यसमा कोशका विविध भेदोपभेदलाई विस्तृत रूपमा समाविष्ट गर्न सकिन्छ । यस दृष्टिले कोशलाई मुख्यत: सामान्य र विशेष कोशमा वर्गीकरण गर्न सकिन्छ: -

(क) सामान्य शब्दकोश–

यो कुनै भाषाको सामान्य व्यवहारमा प्रयोग हुने शब्दराशि भएको कोश हो । यसमा कोशकार साहित्य तथा कथ्य क्षेत्रका शब्द मात्र समावेश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्दैनन् अपितु सामान्य व्यवहारमा प्रचलित वैज्ञानिक, पारिभाषिक, प्राविधिक, ग्रामीण तथा आगन्तुक आदि क्षेत्र र स्रोतका शब्दलाई पनि समाहित गर्दछन्। यो कुनै खास वर्गका र प्रयोजनका प्रयोक्ताका लागि अपेक्षित भाषिक क्षेत्रमा आश्रित नभई सामान्य जनजीवनका विविध आयाम प्रतिनिधित्व गर्ने र संबन्धित भाषाको सग्लो आकृति प्रस्तुत गर्ने भाषिक क्षेत्रमा आधारित शब्दकोश हो। यसैले यो ज्यादै प्रचलित शब्दकोश हो र सबै भाषामा पाइने शब्दकोश पनि हो।

यसरी प्रस्तुत कोशको क्षेत्र विस्तृत भएकोले यसको विधानका कोशकार लिखित र अलिखित (मौखिक) दुवै स्रोतबाट शब्दसंकलन गर्दछन्। यस सन्दर्भमा एकातिर विविध क्षेत्रका पुस्तक, अखवार, पत्रपत्रिका, रेडियो आदिबाट र अर्कातिर विभिन्न भेग, क्षेत्र, तह, पेशा, जात-जाति, अवस्था आदि भएका व्यक्तिका कुराकानी, वार्ता वृतान्त आदिबाट व्यापक रूपमा आवश्यक शब्द सङ्कलन गरिन्छ। यसका अतिरिक्त यसमा वैज्ञानिक र प्राविधिक क्षेत्रबाट पनि शब्द ग्रहण गरिन्छ तर ती शब्दहरू विशिष्ट क्षेत्र र विशेष अर्थमा मात्र परिसीमित नभई सामान्य क्षेत्र र अर्थमा पनि प्रयुक्त हुनुपर्छ।

वस्तुत: यो कोश सामान्य क्षेत्रसित संवद्ध व्यापक कोशीय एकाइ वा कोशिम समाविष्ट गर्ने कोशको किसिम हो। नेपाली वृहत् शब्दकोश (२०४०)–लाई यस प्रकारको कोशको उदाहरणमा राख्न सकिन्छ।

(ख) विशेष कोश–

यो कुनै भाषाको विशेष पक्ष वा विशेष ज्ञान क्षेत्रसित संबद्ध कोशको साझा नाउँ हो। पूर्वोक्त सामान्य शब्दकोश भाषिक भण्डारको सामान्य प्रयोग क्षेत्रसित संवद्ध हुन्छ भने प्रस्तुत विशेष कोश चाहिं संबन्धित भाषिक शब्दभण्डारको विशेष भेद, भाग वा उद्देश्यसित आवद्ध हुन्छ। मोटामोटी रूपमा विचार गर्दा विशेष शब्दकोशमा समाहित गरिने शब्दभण्डारका आधारभुत विशेषता यस प्रकार छन्:-

(१) मानवीय क्रियाकलापका विशिष्ट क्षेत्र तथा भौगोलिक र सामाजिक भाषिक क्षेत्र आदि विशेष पक्षपरक व्याप्ति।
(२) कोशीय एकाइ वा कोशिमको स्वरूपगत पक्ष।
(३) भाषाको शब्दभण्डार वा कोशिम सम्पदामा निहित संबन्धपरक मूल्य र आर्थीपक्ष।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) कोशीय एकाइको सन्निधानपरक मूल्य ।
(५) अन्य विशेष भाषिक एकाइनिष्ठ क्षेत्र ।[१५]

यी माथिका आधारहरूमा यो विशेष कोश अनेकौं प्रकारमा विभक्त हुन सक्छ, किनभने दिनानुदिनको अध्ययन र अनुसन्धानबाट भाषिक क्षितिज अत्यन्त व्यापक बन्दैछ र यसमा अनगिन्ती पक्षहरू थपिदै जाने प्रशस्त अवकाश छन्। अतः यस सन्दर्भमा सम्पूर्णताको प्रस्तुति स्वतः अपरिमित बन्ने भएकाले केही प्रचलित र महत्त्वपूर्ण विशेष कोशका प्रकारहरूको चर्चा गरिन्छ ।

(१) **प्राविधिक कोश**– यो मानवीय क्रियाकलापका विशिष्ट क्षेत्रसित संबद्ध कोश हो । यसलाई पारिभाषिक वा प्राविधिक शब्दावली पनि भनिन्छ । यस संबन्धमा नेपाली भाषाका कोशकार तथा विशिष्ट विद्वान् डा० वासुदेव त्रिपाठी उल्लेख गर्नुहुन्छ, "ज्ञान-विज्ञान र प्रविधि एवं व्यवहारका क्षेतका एक खास सुनिश्चित वा परिभाषित अर्थ दिने विशेष शब्दहरूलाई हामी पारिभाषिक वा प्राविधिक शब्द भन्ने गर्छौं ।[१६] यस किसिमको कोशको विधान प्रायः विशिष्टव्यक्ति सम्मिलित समिति वा आयोगबाट हुन्छ ।

आधुनिक विश्वमा ज्ञानको विस्तारले विविध विषयको विस्तारमा व्यापक योगदान गरेको छ । परिणामतः अनेक किसिमका विषयमा अनेक किसिमका शब्द र तिनका विशेष अर्थ यसरी प्रयुक्त भएका छन् कि समस्त विषयमा प्रयुक्त सम्पूर्ण शब्द र तिनका विषयानुसारी अर्थ कुनै बृहत् शब्दकोशको पनि क्षमताभन्दा बाहिर हुन गएको छ । फेरि आधुनिक विकासको फलस्वरूप कुनै एउटा विषयमा नै यति धेरै शब्द जन्मे, जसबाट अनेक ठेली, खण्ड वा भागमा समेत कोश तयार हुने परिस्थिति सिर्जना भयो । फलतः प्रत्येक विषयमा पृथक् शब्दकोश विधान गर्नुपर्ने हुन थाल्यो । यसबाट प्राविधिक कोशको प्रादुर्भावमा सहयोग मिल्यो र यस किसिमको कोशको जन्म भयो ।

पारिभाषिक वा प्राविधिक शब्दकोशमा कुनै एउटा विषय वा विभिन्न विषयका तात्त्विक शब्द हुन्छन् । यी कुनै मानवीय गतिविधि वा कुनै प्राकृतिक स्वरूपसंग संबद्ध विशेष ज्ञान-विज्ञानका विशेष क्षेत्रमा खास अर्थमा प्रयुक्त हुन्छन् । यस्ता शब्द दैनिक कुराकानी वा बोलीचालीमा प्रयुक्त नभई प्राविधिक वा विशेषज्ञद्वारा ज्ञान-विज्ञानका विशेष क्षेत्रमा निश्चित अभिव्यक्तिका लागि आविष्कृत, अंगीकृत र व्यवहृत हुन्छन् । यसैले ज्ञान-विज्ञानका विभिन्न शाखामा खास अर्थमा प्रयुक्त हुने शब्द नै प्राविधिक शब्द हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली भाषाविद् तथा कोशकार डा० वल्लभमणि दाहाल यस संबन्धमा भन्नु हुन्छ–" प्राविधिक शब्दहरुको अर्थ यस्तो स्पष्ट र निश्चित हुनुपर्ने हुन्छ, जुन सबैका निम्ति उही हुन्छ।[१७]" अंग्रेजी भाषामा चेम्बर्स टेक्निकल डिक्सनरी (१९४० ई.) प्रसिद्ध पारिभाषिक कोश हो। नेपालीमा टोपबहादुर सिंहको कानूनी शब्दकोश (२०३८) यसको उदाहरण हो। यस बाहेक हर्षनाथ शर्माको **प्रशासकीय तथा कानूनी शब्दकोश** (२०४१) द्विभाषी प्रकृतिको छ। प्राविधिक वा पारिभाषिक शब्दावलीमा रूपान्तरण गरिएका शब्दहरू (२०३६), चित्रकुमार गुरूङ तथा अन्यको अंग्रेजी नेपाली पारि–भाषिक शब्दावली (लिथो, २०३८), फणीन्द्रमान मल्लको शिक्षा शब्दार्थ (लिथो, २०३५), चित्रबहादुर गुरूङ र केदार न्यौपानेको **प्राविधिक शब्दार्थावली** (२०३६) पुण्यप्रसाद ओलीको **प्राविधिक शब्दहरूको अंग्रेजी नेपाली रूपान्तर** (वेमिति) आदि हुन्।

(२) पेशा–व्यवसाय–धन्दा संबन्धी कोश–

यो निकै फराकिलो क्षेत्रमा फिजिएको विशेष प्रकार हो। आधुनिक युगमा विविध पेशा, धन्दा, व्यवहारिक कला आदिको विकास र विस्तारले गर्दा यस्ता क्षेत्रमा कोशविधान अपरिहार्य भयो। फलतः विश्वमा पेशा, व्यवसाय र धन्दा संबन्धी कोशहरूको जन्म भयो। मानव सभ्यताको अभ्युदय र उन्नतिका साथै मानवीय पेशा, व्यवसाय, धन्दा, व्यावहारिक वा उपयोगी कलाहरूको पनि आरम्भ, विकास र विस्तार हुने हुँदा प्राचीन कालमा पनि यस्ता कोशहरूको प्रारूप भेटिन्छ। संस्कृत भाषाका धन्वन्तरि निघण्टु जस्ता वैद्यक निघण्टु आदि यस्तै कोशका उदाहरण हुन्। मानव र तदीय पेशा, व्यवसाय, धन्दा, आदिको घनिष्ठ संबन्ध हुने हुँदा यस्ता क्षेत्रसँग संबद्ध कोशको उपादेयताका संबन्धमा पनि कुनै विवाद छैन। यस्ता कोशहरू मानवीय क्रियाकलापका विशिष्ट क्षेत्रसँग संबन्धित भएकाले र पारिभाषिक वा प्राविधिक कोशसँग यिनको निकट संबन्ध रहेको हुनाले उक्त कोशको विस्तारसँगै यस किसिमका कोशको पनि विकास हुनु स्वाभाविक प्रतीत हुन्छ।

नेपाली भाषामा ग्रन्थहरूको रचना थाल्दादेखि नै तत्कालीन जन–जीवनको पेशा, धन्दा, व्यवसाय आदिसँग संबन्धित कृति बेनामीको बाज–परीक्षा (१७००तिर) ले यस संबन्धी कोशको पूर्वरूप देखाउँछ भने भाषा र साहित्यको विकाससँगै यस संबन्धी कृतिका पूर्वरुपहरूमा बृद्धि हुन्छ। यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसङ्गमा वैयाकरण नेपालको 'तर्कारीकल्प' र 'शालिहोत्र' (१९६१), कुलचन्द्र गौतमको स्वयं वैद्य (१९७५) आदिलाई उदाहरणका निम्ति लिन सकिन्छ। यी कृतिहरूले निर्देश गर्ने पेशा आदि प्राचीन किसिमका भएकाले यिनमा आधुनिक कोशविज्ञानको प्रयोग नहुनु कुनै आश्चर्यप्रद कुरा होइन। तर आधुनिक संसारमा र नेपालमा समेत विभिन्न पेशाको विकास हुँदा पनि आधुनिक कोशविधानमा आधारित यस्ता कोशको नेपालीमा अभाव हुनु चाहिं निकै चिन्ताजनक कुरा हो। यस क्षेत्रमा भएका प्रयासका उदाहरणमा श्री ५ को सरकारद्वारा प्रकाशित 'सैनिक शब्दावली' (२०२१) प्रकाशमणि आ.दी. को 'फलफूल र तर्कारीहरूको शब्दसूचि (अप्रकाशित),' नर्मल ऋचाम्वलको 'भोक्यावुलरी लिष्ट (२०२४)' आदि हुन्। नेपालका पत्रकार, वकील, कृषक, पशुपालक, माझी, घट्वारे, मछुवा, माली, जुलाहा, सुनार, सिकर्मी, डकर्मी, चित्रकार, कालिगढ, चालक, कुम्भकार, सूचिकार, गलैंचाकार, चर्मकार, शिल्पकार आदि पेसेवार, धन्दावान् (इलमी) व्यवसायीहरूले प्रयोग गर्ने नेपाली शब्दहरूबाट आधुनिक कोशविधानमा आधारित कोशको खाँचो भएकाले यस्ता कोशको निर्माण गर्ने व्यवस्था हुनु अत्यावश्यक छ।

(३) **भाषिका कोश**–यसमा कुनै भाषाको भाषिकाका शब्दभण्डारलाई समावेश गरिन्छ। प्रायः भाषिकामा महत्त्वपूर्ण साहित्य नहुने र कतिपय भाषिकाहरूको लिखित रूप नै नहुने हुँदा सामान्यतया भाषाको तुलनामा भाषिकामा कोशविधान अत्यन्त कठिन हुन्छ। त्यसमा पनि शिक्षित व्यक्तिबाट भाषिका प्रयोग नगरिने र जनसामान्यको दैनिक जीवनमा विशेषतः यसको प्रयोग सीमित हुने भएकाले यो कोशका लागि सामग्री संकलन अतीव कष्टसाध्य र यत्नसाध्य कार्य बन्छ। तैपनि कुनै भाषिका, ध्वनिका रूप, वाक्य, अर्थ आदि विविध भाषावैज्ञानिक, सामाजिक र मानवीय कारकहरूले भाषिकाको अध्ययन नितान्त आवश्यक हुन्छ। यिनै आवश्यकतापूर्तिको लागि कुनै भाषिकाको शब्दकोश विधान गरिन्छ।

भाषिका कोशमा पनि कोशीय एकाइको प्रविष्टि विधान गर्दा भाषाकोशका विशेषताहरूलाई नै सामान्यतः अंगीकार गरिन्छ तर यसमा के फरक हुन्छ भने कोशीय एकाइ कुनै बिशेष भौगोलिक र सामाजिक क्षेत्रका हुन्छन् जुन मानक शब्दकोशमा सामान्यतः ग्राह्य हुँदैनन्। यसै गरी यस्ता कोशको निर्माणका लागि प्रथमतः भाषिका सर्वेक्षण गर्नुपर्छ। अनि भाषिका मानचित्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयार गरी तदनुसार सामग्री संकलन र क्षेत्रीय विभेदको अंकन गर्दै प्रविष्टि चयन गरिन्छ र भाषिका कोश तयार पारिन्छ ।

यो भाषिका कोश क्षेत्रीय भाषिका र सामाजिक भाषिकाका आधारमा दुई किसिमको हुन्छ भने प्रविष्टि प्रस्तुतीकरणका आधारमा पनि कुनै एउटा प्रसिद्ध भाषिकाका शब्दलाई शीर्ष शब्द बनाएर अन्य विभेदलाई प्रविष्टिमा राख्ने तथा समग्र विभेदलाई शीर्ष शब्द दिने गरी दुई किसिममा विभाजन गर्न सकिन्छ । यसै गरी यो एक भाषिकानिष्ठ र बहुभाषिकानिष्ठ पनि हुन सक्छ ।

डा. वल्लभमणि दाहालले भाषिका कोशको चर्चा गर्दै नेपाली भाषाका सन्दर्भमा भाषिकासँग संबद्ध तलका जस्ता कोशको आवश्यकतालाई ध्यानाकर्षण गर्नु भएको छ (अ) स्तरीय नेपाली—भाषिका कोश (आ) भाषिका- स्तरीय नेपाली कोश (इ) स्तरीय नेपाली भाषिका–तुलनात्मक शब्दकोश (ई) स्तरीय नेपाली- भाषिका बेमेल शब्दकोश (उ) स्तरीय नेपाली –भाषिका समान शब्दकोश ।[१८]

नेपालीमा भाषिकाकोश विधानतर्फ प्रथम प्रयासको उदाहरणमा अर्जुनदेव भट्ट र भीमदेव भट्टको 'बैतडीका स्थानीय शब्द (२०१८)' लाई राख्न सकिन्छ ।

(४) अवभाषा कोश– समाजका वर्गविशेष वा समवयस्कहरूद्वारा प्रयोग गरिने भाषिक भेदलाई अवभाषा भनिन्छ । मानक भाषाको तुलनामा यो अपरिनिष्ठित, अश्लीलतायुक्त र व्याकरणविचलित हुन्छ । यसमा मानक वा शिष्टभाषाका शब्दको विस्तार गरी अर्कै अर्थविधान गरिन्छ र कतिपय–स्थितिमा नयाँ शब्दविधान पनि गरिन्छ, यस्ता शब्दको उदाहरणमा आफूमा बौद्धिक क्षमता नभएको तर मुख्य व्यक्तिको बिहान-बेलुकीको किनमेल,अन्ध-चाकडी आदि गरी तगेको व्यक्ति भन्ने अर्थमा हनुमान्, पैदल यात्राको अर्थमा एघार नम्बरको गाडी, मिहिनेत नगरी फाइदा उठाउन खोज्ने अर्थमा झिँगे, चापलुसी गर्नु अर्थमा 'तेल लगाउनु', संकीर्ण स्वार्थका लागि शक्तिद्वारा पालित र पोषित नालायक व्यक्ति वा व्यक्तिको समूह भन्ने अर्थमा 'मण्डले' आदि पर्दछन् ।

उपर्युक्त किसिमका शब्दहरू संकलित गरी निर्माण गरिएको शब्दकोशलाई अवभाषा कोश भनिन्छ । कुनै भाषामा अवभाषा कत्तिको पाइन्छ त्यसको अवस्थाअनुसार यो कोश निर्मित हुन्छ । यस्ता शब्दले संबन्धित वक्ता समुदायको सामाजिक, बौद्धिक, मानसिक, सांवेगिक पक्ष व्यक्त गर्ने तथा भाषाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दभण्डारमा समृद्धि समेत गर्ने हुँदा यस्ता शब्दका कोश पनि नितान्त अपेक्षणीय हुन्छ। तर सामान्य कोश–विधानका सापेक्षतामा यस किसिमको कोशविधान एकातर्फ निकै खर्चिलो र अर्कातर्फ प्रयोगका दृष्टिले व्यापक र चिरस्थायी कम हुने हुनाले यस किमिंमको कोशविधानमा वैयक्तिक प्रयास कम पाइन्छ र प्रायः यस्ता कोश संस्थागत प्रयासमा नै बन्दछन्। नेपालीमा यस किसिमको कोश अहसम्म बनेको छैन।

(५) **उच्चारण कोश—** भाषामा शुद्ध उच्चारण जटिल समस्या हो। यसको ध्वनितात्विक समाधानका लागि उच्चारण कोशको भूमिका अत्यन्त महत्त्वपूर्ण छ। उच्चारण कोशमा सम्बन्धित भाषाका उच्चारण संबन्धी आवश्यक कुरा अंकित गरिएका हुन्छन्। अंग्रेजी भाषामा डेनियल जोन्सको "अंग्रेजी उच्चारण संबन्धी कोश" (१९१७ ई.) निकै प्रसिद्ध छ।[१६]

यद्यपि वर्णनात्मक, ऐतिहासिक आदि विभिन्न कोशहरूमा पनि उच्चारण निर्दिष्ट पाइन्छ तथापि उच्चारण कोशमा अन्य कोशभन्दा विशेष प्रावधान हुन्छ। प्रचलित विभिन्न उच्चारण प्रदर्शन गरिनुकासाथै व्याकरणात्मक विभिन्न रुपको पनि उच्चारण निर्देश गरिनु यसको मुख्य विशेषता हो। प्रवृत्तिका दृष्टिले हेर्दा कोशको यो प्रकार विशेषतः संबन्धित भाषाको वर्णनात्मक र मानक पक्षसित संबद्ध पाइन्छ तापनि यस कोशमा सामान्यतः कुनै कोशीय एकाइ वा कोशिमको क्षेत्रीय र समाजस्तरीय उच्चारणका साथै तद्गत वर्णको ठीक उच्चारण, आक्षरिक विभाजन, बलाघात आदिको पनि अंकन पाइन्छ।

नेपाली भाषाका शव्दहरूलाई देवनागरीमा लेख्दा उच्चारण र लेखनमा साधारणतः फरक नपरेको ठानी अहिलेसम्म पनि नेपाली भाषाको उच्चारणकोश विधानमा विद्वान् कोशकारहरूको ध्यानाकर्षण हुन सकेको छैन तापनि अध्यापक, कन्या, विद्या, विद्वान्, वाक्य, तर, कलम, ठेलमठेल जस्ता शव्दहरूको उच्चारण संबन्धी पक्षमा दृष्टि दिंदा के पाइन्छ भने नेपाली भाषामा पनि उच्चारण कोश जरुरी भइसकेको छ। यसबाहेक नेपाली सिक्ने विदेशी, स्वयं नेपाली मातृभाषा नभएका पाठकहरूको प्रयोजनको निम्ति पनि यस किसिमको कोश नेपाली भाषामा अपरिहार्य भएको छ।

(६) **उखान–टुक्का कोश—** उखान टुक्का भाषाका अमूल्य मणि हुन् भन्ने कुरामा कसैको दुई मत छैन। नेपाली भाषा पनि उखान टुक्काका दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अत्यन्त समृद्ध छ । नेपालीमा सामान्यतः उखान टुक्कालाई सँगसँगै गाँसेर बोलिन्छ तापनि यी दुई बेग्ला बेग्लै कुरा हुन् । यी मध्ये उखान लोकप्रसिद्ध घटनावृत्त वा उपाख्यानको सूक्तिमय उद्‌गार हो । जस्तै– नाच्न जान्दैन मारुनी आँगन टेढो, अल्छे तिघ्रो स्वादे जिब्रो, म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो इ० । अनि टुक्काचाहिं लक्ष्यार्थपरक पद पदावली वा वाक्यांश हो । जस्तै– चड्कन-चिऊरा, आँखा चिम्लनु, मुख लाग्नु इ० । यस्तै किसिमका उखान टुक्काहरू भएको कोश उखान–टुक्का कोश हो ।

नेपालीमा उखान–टुक्काको कोश नेपाली साहित्यका महान् उन्नायक तथा युग प्रवर्तक मोतीराम भट्टबाट 'उखानको बखान र जान्ने कथाको संग्रह' नाममा प्रथमतः विधान गरिएको ज्ञात हुन्छ ।[२०] टुक्काको पृथक् कोशका रुपमा भने प्रथमतः पारसमणि प्रधानको **नेपाली मुहावरा** (१९५४ इ०) प्रकाशित भएको पाइन्छ । सामान्यतः हेर्दा अन्य किसिमका कोशका अपेक्षा नेपाली उखान टुक्का कोशको विधान विशेष उर्वर पाइन्छ ।

(७) **संक्षेप र पारिवर्णी शब्दकोश**— विभिन्न भाषामा सुविधाका लागि संक्षेप तथा पारिवर्णी शब्दहरू प्रयोग गरिन्छन् । यिनमा कुनै शब्दका केही अक्षर क्रमशः लिई प्रयोग गरिने छोटकरी रुपलाई पारिवर्णी शब्द भनिन्छ । जस्तै– फोटो, सिनेमा, नेपा०, इत्या०, । अनि प्रचलन अनुसार विशेषतः शब्दका आदि वर्ण वा अक्षरहरू लिई प्रयोग गरिले रुपलाई संक्षेप शब्द भन्ने गरिन्छ । जस्तै– त्रि० वि० गो० प०, शा० ने० वा० नि०, इ० । अचेल, युनेस्को राडार, एड्स्, सार्क जस्ता छोटकरी रुप पनि प्रचलनमा आएका छन् । भाषामा पाइने यस्ता शब्दहरूको कोश नै संक्षेप र पारिवर्णी शब्दकोश हो ।

प्रायः विभिन्न किसिमका कोशका पूर्व तथा पश्चिम भागमा संक्षेप र पारिवर्णी शब्दको सूची दिइएको हुन्छ । कुनै भाषामा यस्ता शब्दहरूको प्रचलन अनगिन्ति भएमा पृथक् कोशको पनि आवश्यकता हुन्छ । अंग्रेजी भाषामा रोबर्ट जे० स्च्वाजको **कम्प्लीट डिक्शनरी अफ एब्रिभिएसन्स** '(१९५५ ई)' प्रसिद्ध संक्षेप शब्दकोश हो । नेपालीमा पनि यस्ता शब्दहरू प्रशस्त चलेमा पृथक् शब्दकोश बन्ने आशा गर्न सकिन्छ ।

(८) **व्याकरणपरक कोश**— यो कुनै भाषाको व्याकरणात्मक व्यवस्थामा आधारित नियम र प्रयोगलाई एकत्र गरी तिनलाई आनुक्रमिक रुपमा प्रस्तुत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिएको कोश हो । यस्ता कोशले एकातिर संबन्धित भाषाको व्याकरणपरक व्यवस्थालाई अवगत गर्न ठूलो सहयोग गर्छ भने अर्कातिर गहन र कठिन व्याकरणिक व्यवस्थालाई सरल र आनुक्रमिक रुपमा प्रस्तुत गरी प्रयोक्तालाई जटिलताबाट उन्मुक्ति प्रदान गर्छ । त्यसैले यस्ता कोशको पूर्व भागमा संबन्धित भाषाको सम्पूर्ण व्याकरणगत स्वरुपलाई चिनाइएको हुन्छ र विविध व्याकरणिक कोटि रुपायन तथा व्युत्पादन प्रक्रियालाई पनि अंकन गरिएको हुन्छ । यसका अतिरिक्त पूर्व भागमा नै प्रत्येक व्याकरणिक व्यवस्थालाई अंक र प्रतीकमा निर्देश गरी सोही संकेत मूलभागका प्रविष्टिमा अन्वित गरिएको हुन्छ । यसरी व्याकरण कोशमा संबन्धित भाषाका व्याकरणगत व्यवस्थालाई व्यवस्थित रुपमा प्रस्तुत गरिने हुनाले यो अत्यन्त उपयोगी कोश हो । भाषा शिक्षण र सिकाइका क्षेत्रमा यस्ता कोशको भूमिका निकै महत्वपूर्ण छ । नेपालीमा यस किसिमको कोश अझसम्म विधान गरिएको छैन ।

(९) समरूपी कोश- भाषामा केही शब्द ध्वनिसंयोगका दृष्टिले समरूपका देखिन्छन् तर तिनका स्रोत भने बेग्लाबेग्लै भई तदनुरूप अर्थमा पनि भिन्नता राख्दछन् । यस्ता शब्दलाई समरूपी वा समनामी शब्द भनिन्छ । वस्तुत: यो उच्चारण र हिज्जे एउटै भई व्युत्पत्ति र अर्थ भिन्न हुने शब्द हो । जस्तै साल, साल ।

सामान्य शब्दकोशमा समनामी वा समरूपी शब्दलाई प्राय: मसिनो अंकसंकेत दिई छुट्टै प्रविष्टिविधान गरिन्छ भने यस्ता शब्दको छुट्टै कोश पनि पाइन्छ । नेपाली कोश परम्परामा नेपाली भाषाका महान् कोशकार महानन्द सापकोटाले यस किसिमका केही शब्दहरूको संकलन 'सरीशब्द' २०२१ सालमा प्रकाशन गरेका थिए । यसपछि यस्ता प्रकाशन शब्दको कोश विधान तिर विद्वान्हरूको दृष्टि पुगेको पाइँदैन ।

यसै प्रसंगमा वन, बन, कोस, कोश जस्ता समध्वन्यात्मक (समोच्चारी) र कन्या, कन्या तर, तर; जस्ता समलिप्यात्मक शब्दहरूको पनि चर्चा गर्न सकिन्छ । यिनमा उच्चारण एउटै भएको तर हिज्जे तथा अर्थ फरक भएको शब्द समध्वन्यात्मक (समोच्चारी) शब्द हो भने लिपिका दृष्टिले हिज्जे (वर्तनी) एउटै किसिमको तर उच्चारण तथा अर्थ फरक भएको शब्द सम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिप्यात्मक हो सामान्य कोशमा यस्ता शब्दको पृथक् प्रविष्टि हुन्छ। भाषामा यस्ता शब्द धेरै भएमा यिनको पृथक् विशेषकोश बनाउन पनि सकिन्छ। तर नेपाली भाषामा यस्ता शब्द धेरै संकलित हुन सकेका छैनन्। भाषाविद् महानन्द सापकोटाले 'सरिशब्द' (२०२१) मा केही यस्ता विभिन्न किसिमका शब्दहरू पनि समावेश गर्नुभएको छ।

(१०) **संनिधानपरक शब्दकोश**– कुनै एउटा शाब्दिक एकाइको कुनै अर्को शाब्दिक एकाइसँग सहसंबन्ध हुनु संनिधानपरक संबन्ध हो। अर्थात् भाषामा कुनै खास किसिमका शब्दको कुनै अर्का किसिमका खास शब्दसँग सहप्रयोग भई संनिधान कायम भएको पाइन्छ। जस्तै भान्सा गर्नु, भात खानु इ.। यहाँ 'भान्सा' शब्दसँग गर्नु को सहप्रयोग देखिन्छ भने 'भात' शब्दसँग खानु को प्रयोग सहबद्ध पाइन्छ। यसरी 'भान्सा' र 'गर्नु' प्रयोगबाट यी दुई शब्दको सान्निध्य वा संनिधान कायम भएको देखिन्छ। कुनै भाषाका यस्ता किसिमका शब्दहरूको कोशलाई संनिधान परक शब्दकोश भनिन्छ।

सामान्यतः संनिधानपरक शब्दकोशमा प्रविष्टिको शीर्ष शब्द दिइन्छ र तदन्तर्गत त्यससँग सहप्रयोग हुने शब्दहरू राखिन्छ। संनिधानात्मक संबन्ध भएका शब्दहरूको क्षेत्र स्वभावतः साधारण शब्दहरूको भन्दा परिसीमित हुने हुनाले यस्ता कोशका प्रविष्टिमा नाम, विशेषण क्रिया जस्ता केही व्याकरण कोटि मात्र निर्दिष्ट भएका शब्दहरू प्रायः उपलब्ध हुन्छन्। यस किसिमका कोश भाषा शिक्षणका लागि अत्यन्त उपयोगी मानिन्छ। नेपालीमा यस्तो पृथक् शब्दकोश अहिलेसम्म प्रकाशित भएको पाइन्न।

(११) **अभिनवपरक शब्दकोश**– भाषामा परिवर्तनशीलता स्वाभाविक प्रक्रिया भएकोले कुनै शब्दमा भर्खरै नयाँ अर्थ थपिएका पाइन्छन् भने कुनै शब्द भर्खरै भाषा भण्डारमा भित्रिएका वा थपिएका पनि हुन्छन्। यसरी भाषामा भर्खरै चल्न थालेका शब्द र प्रचलित शब्दमा भर्खरै थपिन गएका अर्थ भएका शब्दहरूलाई अभिनव शब्द भनिन्छ। नेपाली भाषामा कोसेढुङ्गो, 'परिक्रमानिधि' शब्दहरू यस किसिमका शब्दका उदाहरण हुन्। यस्ता शब्दहरूको कोश नै अभिनवपरक शब्दकोश हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनै भाषामा शब्दकोशको परिमार्जन र परिवर्द्धन गर्नका लागि यस्ता शब्दकोश वा शब्दावलीको विधान नितान्त पूर्वावश्यक मानिन्छ। सामान्य कोशमा पाइने परिशिष्ट अन्तर्गतका शब्दावली तथा कुनै कोशको पूरक भागमा निर्दिष्ट शब्दप्रविष्टिहरू यस्ता शब्दकोशका विधानका निम्ति कोशकारहरू समुद्यत हुन परमावश्यक छ।

(१२) आगन्तुक शब्दकोश– विभिन्न अभिकारकहरूले गर्दा कुनै भाषामा अन्य सवर्ण (सहजात) र असवर्ण अनि स्वदेशी र विदेशी भाषाहरू भित्रिन्छन् र त्यस भाषाका अंग बनेर अभिव्यक्त हुन थाल्छन्। यसरी विभिन्न कालमा कुनै भाषाले अर्को भाषाबाट ग्रहण गरेका शब्दलाई आगन्तुक वा आगत सापटी शब्द भनिन्छ। यस्ता शब्दसँग संबन्धित कोश नै आगन्तुक शब्दकोश हो।

नेपाली भाषामा पनि यस्ता आगन्तुक वा सापटी शब्द प्रशस्त छन्। आधुनिक संचार र सम्पर्कका माध्यमले गर्दा अझ यसमा बृद्धि हुन गएको छ। प्रा. बालकृष्ण पोखरेलले नेपाली शब्दभण्डारमा रहेका आगन्तुक शब्दका संबन्धमा भन्नुभएको छ, "भारोपेली र अभारोपेली गरी आगन्तुकका दुई भेद छन्।[२१]" यस दृष्टिले हेर्दा भारोपेली भाषाहरूमा मैथिली, अवधी, भोजपुरी आदि स्वदेशी र हिन्दी, बंगाली, रूसी, अंग्रेजी, पोर्तुगाली फ्रान्सेली फारसी आदि विदेशी भाषाहरू तथा अभारोपेलीमा नेवारी, तामाङ्गी, गुरूङ्गी सेर्पेली, लिम्बानी, राई आदि स्वदेशी र अरबी, चिनियाँ, जापानी आदि विदेशी पर्दछन्। यसबाट स्पष्ट हुन्छ, नेपाली भाषामा आगन्तुक शब्द प्रशस्त छन्। यद्यपि नेपाली भाषामा अहिलेसम्म आगन्तुक शब्दकोश प्रकाशित हुन सकेको छैन, तैपनि नेपाली शब्दकोश (२०२९) र नेपाली बृहत् शब्दकोश (२०४०) जस्ता कोशका आधारमा यस किसिमका शब्दहरूको सामान्य जानकारी प्राप्त गर्न सकिन्छ।

(१३) कृतिकोश– कुनै कृतिसँग संबद्ध समस्त वा मुख्य शब्दहरूको कोशलाई कृतिकोश भनिन्छ। यो कुनै गद्य वा पद्य रचनासित पनि संबद्ध हुन सक्छ।

यस्ता कोशमा सन्निविष्ट सबै शब्दको कृतिमा प्रयुक्त अर्थ, स्थान र उदाहरण दिइन्छ। कुनै कोशमा यस्ता प्रयुक्त शब्दको कूल प्रयोगवृत्ति संख्या पनि अंकित हुन्छ भने कुनै चाहिं प्रथम र अन्तिम प्रयोग स्थल मात्र निर्देश गरिएको पाइन्छ। यस्तै अर्को के विशेषता हुन्छ भने यस्ता कोशमा सन्निहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दको शब्दकोशीय अर्थ मात्र नभई विश्वकोशीय अर्थ समेत उल्लेख गरिन्छ। यसबाहेक यस्ता कोशमा संबन्धित कृतिमा रहेका व्यक्तिवाचक संज्ञाको पनि अर्थविधान गरिने हुँदा संबन्धित पात्रको व्यक्तिगत विशेषता ज्ञात गर्न पनि यो कोश उपयोगी हुन्छ। फलतः यस्ता कोशले कृतिमा प्रयुक्त अभिनव शब्द, त्यसको अभिनव अर्थ र अर्थच्छाया आदि व्यक्त गरी पाठकलाई सुगम रूपले कृतिबोध गर्न र कोशकारलाई प्रामाणिक रूपले कोशविधान गर्न ठूलो योगदान गर्छन्। अंग्रेजीमा जे हास्टिङकृत **'डिक्सनरी अफ बाइबिल'** र हिन्दीमा केदारनाथ भट्ट प्रणीत **'मानसकोश'** तथा महावीरप्रसाद मालवीय रचित **'विनय कोश'** यस किसिमका प्रसिद्ध कोश हुन्। नेपालीमा यस्ता कोशको नितान्त अभाव छ।

(१४) **कृतिकार कोश**–यो कुनै लेखक वा कृतिकारका समस्त कृतिमा प्रयुक्त शब्दको कोश हो। यस्ता कोशमा प्रत्येक शब्दलाई उद्दिष्ट कृतिकारका कृतिगत स्थल र उदाहरणद्वारा संपुष्ट गरिन्छ। यो पनि एक किसिमले कृति कोशसँग संबद्ध कोशको प्रकार हो।

यस किसिमको कोशको विधान गर्दा कृतिकारका विभिन्न किसिमका कृतिमा भएका शाब्दिक प्रयोगलाई वर्णानुक्रमतः तथा कलानुक्रमतः संग्रह गरिन्छ। यस किसिमका कोशबाट कृतिकारका सम्पूर्ण कृतिमा निहित शब्द र प्रयोगको गहन गुम्फन अधिगत गर्न सकिन्छ तथा लेखकीय विचारधारा र कार्यशैली अवगत गर्न सकिन्छ। अंग्रेजी र हिन्दी भाषामा यस्ता कोश प्रशस्त पाइन्छन् तापनि नेपालीमा यस्ता कोशको जन्म भएको देखिन्न।

(१५) **तुक कोश**–यो अनुप्रास मिल्ने विभिन्न थरिका शब्दहरूको संग्रह हो। अन्त्यानुप्रासयुक्त छन्दोविधानका लागि यो निकै महत्वपूर्ण कोश मानिन्छ। यस कोशको उद्देश्य उक्त किसिमका छन्दमा कविता रच्ने कविलाई सहयोग गर्नु हो। बाल गीत, अनुप्रासयुक्त गद्य आदि लेखन निकै सहायक हुन्छ। नेपालीमा कवि मोतीराम भट्टको **'अनुप्रास मञ्जरी'** यस्तै किसिमको कोश हो। त्यसपछि यस किसिमको कोश विधान भएको पाइन्न।

(१६) **प्रयोग कोश**–यो कुनै भाषामा निहित शब्द, उपसर्ग–प्रत्यय वा सर्ग, अभिव्यक्ति आदिको वैध वा प्रामाणिक प्रयोग निर्देश गर्ने कोश हो। प्रयुक्त र प्रयोगमा भेद नदेखाई दुवैलाई गाभ्ने दृष्टिले यहाँ प्रयोग कोश नाम दिइएको छ। यो कोशको प्रवृत्ति मानक किसिमको हुन्छ। यसैले यस्ता कोशमा सम्यक् र मानक प्रयोग स्वीकार्य हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा यस्ता शब्द वा अभिव्यक्ति हुन्छन् जसमा प्रामाणिक प्रयोगका दृष्टिले सूक्ष्म अन्तर पाइन्छ । उदाहरणार्थ 'स्नेह' र 'माया' शब्दको प्रयोग सर्वत्र समान रूपमा हुन सक्तैन । त्यसै गरी 'नमस्ते', 'नमस्कार' र 'प्रणाम' शब्दको प्रयोगमा पनि अन्तर छ । प्रयोगका दृष्टिले 'यो २०४५ साल हो' हुन्छ तर 'साल' का ठाउँमा वर्ष राख्न मिल्दैन । शब्दकोशमा पर्याय भनेर दिइएका विभिन्न शब्दको पनि प्रयोगमा यस्तै भिन्नता पाउन सकिन्छ । यसैले प्रयोग कोशको व्यावहारिक उपादेयता निकै गहकिलो छ । अंग्रेजी भाषामा फाउलरद्वारा प्रणीत 'ए डिक्सनरी अफ मोडर्न इङ्गलिश युसेज' यस किसिमको प्रसिद्ध कोश हो । नेपालीमा यस्ता कोशको आवश्यकता पूर्ति हुन सकेको छैन ।

(१७) **पर्याय कोष** – पर्याय समान वा निकटतम समान अर्थ व्यक्त गर्ने शब्द हो । जस्तै जुन–चन्द्रमा, चन्द्र, इन्दु, हिमांशु । जुन कोषमा कुनै भाषाका शब्दको विशेषतः अनेक वा सबैजसो पर्याय दिइन्छ, त्यसलाई पर्याय कोष भनिन्छ । यद्यपि सामान्य कोशमा पनि पर्याय दिइन्छ तर यो कोशमा पर्यायविधान नै प्रमुख लक्ष्य हुन्छ । यस किसिमको कोशविधान गर्दा कुनै कोशमा केवल पर्याय दिइन्छ भने कुनैमा पर्यायको प्रयोग समेत उदाहरणद्वारा पुष्टि गरीन्छ । संस्कृतमा प्रथम कोश '**निघण्टु**' र प्रसिद्ध कोश **अमर कोश** पर्याय कोश हुन् भने अंग्रेजीमा यस किसिमको कोशमा रोजेटको **थिसौरस** निकै प्रसिद्ध पाइन्छ । नेपालीमा पर्याय कोशको प्रारम्भ स्व. चक्रपाणि चालिसेको 'नेपाली पर्यायवाची कोष' (१९९८ वि. सं.)–बाट हुन्छ । यस प्रसङ्गमा के स्पष्ट गर्नु आवश्यक प्रतीत हुन्छ भने ने. रा. प्र. प्रतिष्ठानबाट प्रकाशित 'पर्यायवाची कोश' (२०२६) यस किसिमको कोश होइन, भ्रामक नाम दिइएको बहुभाषी कोश हो । अतः नेपालीमा पर्याय कोशको क्षेत्र उति उर्वर बन्न सकेको छैन ।

(१८) **विपर्याय कोश**– विपरीत किसिमका अर्थ जाहेर गर्ने शब्दलाई विपर्याय भनिन्छ । जस्तै–दिन-रात, लामो–छोटो, तल–माथि, सेतो–कालो, जीवित–मृत । यसरी दृष्टिगत गर्दा यसमा सामान्य वैपरीत्यदेखि आत्यन्तिक वैपरीत्य पर्यन्तका धारणा व्यक्त गर्ने शब्दहरू पर्दछन् । कुनै शब्दको प्रविष्टिमा यस्ता विपर्याय शब्द दिइने कोश विपर्याय कोश हो । केवल विपर्याय दिइएको पृथक् कोश सापेक्ष रूपमा कम पाइन्छ तर सामान्य कोशहरूमा पनि विपर्याय दिने परम्परा प्रशस्त प्रचलित छ । अंग्रेजीमा वेवस्टरका कोशहरूमा प्रायः पर्याय तथा विपर्याय दुवै किसिमको शब्द समावेश गर्ने चलन छ । यस्ता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सामान्य कोशबाहेक पृथक् रूपमा विपर्याय कोश पनि पाइन्छन् । तर नेपालीमा व्याकरण रचनाका केही पुस्तकमा दिइने विपर्याय (विपरीतार्थी) शब्दको सूची बाहेक पृथक् विपर्याय कोश प्रकाशित हुन सकेको छैन ।

(१९) **व्यवस्थित शब्दकोश**– आर्थी दृष्टिले संबद्ध शब्दहरूधाई सुहाउँदो वर्गशीर्षकअन्तर्गत राखी विधान गरिने कोशलाई व्यवस्थित कोश भनिन्छ । यसमा वर्गशीर्षकमा वनस्पति जगत्का शब्दहरू, कुनैमा शारीरिक अवयवका शब्दहरू अनि कुनैमा पशुजगत्का शब्दहरू आदि विभिन्न वर्गशीर्षक र तदन्तर्गतका शब्दहरू राखिन्छ । संस्कृतको 'अमर कोश' यस किसिमको कोशको एउटा उदाहरण हो । यस सम्बन्धमा नेपालका भाषाविद् प्रा० डा० वल्लभमणि दाहाल भन्नु हुन्छ ' यस्ता (व्यवस्थित) कोशमा अर्थका दृष्टिले संबन्धित शब्दहरू एउटा मुख्य शीर्षकअन्तर्गत राखिन्छन् ।[२२]" यो कोशलाई विचारपरक, आर्थी, वर्गात्मक कोश पनि भनिन्छ । पर्यायकोश यसको एउटा हाँगा हो । नेपालीमा युगप्रवर्तक मोतीराम भट्टले यस्तो कोशविधानतर्फ पाइला सारेको अवगत हुन्छ, यद्यपि सिद्ध र सग्लो रूपमा कृति प्राप्त छैन । यसपछि कुलचन्द्र गौतमद्वारा नेपाली टीकाबद्ध 'अमरकोश' यस किसिमको कोशमा पर्छ । यसरी हेर्दा नेपालीमा यस किसिमको कोशको ठूलो खाँचो देखिन्छ ।

(२०) **स्थाननाम कोश** कुनै विशिष्ट स्थानको परिचय र त्यस्ता नामको अर्थ एवं व्युत्पत्ति समेत दिइने कोशलाई स्थाननाम कोश भनिन्छ । यसमा विशिष्ट स्थाननाम समावेश हुने भएकाले यसलाई विशेष कोशको लहरमा राखे तापनि यो वास्तविकतया ज्ञानकोश हो । अतः यो विश्वकोशको प्रकृतिसित मिल्दोजुल्दो हुन्छ ।

नेपाली भाषामा यस किसिमको कोशको थालनी शिखरनाथ सुवेदीको **'शिखरनाथ भाष्य'** (१९५९)-बाट हुन्छ । आधुनिक किसिमको स्थाननाम कोश चाहिं कोशविधानमा ख्यातिप्राप्त कृष्णप्रकाश श्रेष्ठद्वारा सम्पादित **स्थाननाम कोश** (२०४४) नै हो ।

(२१) **उद्धरण कोश**– प्रसिद्ध उक्ति, सूक्ति, महावाणी आदिको उद्धरणहरूमा आधारित कोशलाई उद्धरण कोश भनिन्छ । यस्ता कोशबाट सामाजिक, आर्थिक, राजनैतिक, नैतिक, धार्मिक आदि विभिन्न क्षेत्रका विविध पक्षमा प्रसिद्ध महापुरुष तथा विशिष्ट व्यक्तित्वको विचार अवगत गर्न सकिन्छ । उखान-टुक्का कोश आदिमा झैं उद्धरण कोशमा पनि प्रविष्ट आरम्भिक वर्णहरूको आनुपूर्वीमा वा विषयको अनुक्रममा राख्ने परम्परा छ । आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशहरू वर्णानुक्रममा आधारित हुने हुँदा संप्रति उद्धरण कोशमा विषयानुक्रम अंगालिएको भए पनि तदन्तर्गत वर्णानुक्रम अवश्य अनुसरण गरिएको हुन्छ ।

नेपाली कोश परम्परामा उद्धरण कोशको इतिहास निकै छोटो प्रतीत हुन्छ । वि. स. २०१५ सालभन्दा अघि पृथक् उद्धरण कोशका रूपमा कुनै कृति विधान गरिएको अहिलेसम्म ज्ञात हुन सकेको छैन । सरोजकुमार शाक्य-द्वारा सम्पादित ज्ञानरश्मि (२०१५)–लाई नेपाली भाषामा उद्धरण कोशको आरम्भिक कृति मान्न सकिन्छ । यस्तै एक व्यक्तिसित संबन्धित नेपाली भाषाको उद्धरण कोशको उदाहरणमा चाहिं भारतीय राजदूतावास काठमाडौं-द्वारा प्रकाशित 'गान्धीजी को अमरवाणी' (ग०२१) नामक कृतिलाई लिन सकिन्छ । आशा छ, आधुनिक कोशविज्ञानमा आधारित उद्धरण कोश यथा-शीघ्र प्रकाशित हुनेछ ।

यसरी पर्यवेक्षण गर्दा विशेष कोशको क्षेत्र अत्यन्त विस्तृत पाइन्छ । वर्तमान युग विशेषीकरणको युग भएकाले यसो हुनु स्वाभाविक पनि छ । यसैले प्रस्तुत विवेचनाको सन्दर्भमा यस क्षेत्रमा अन्य विविध कोशहरूको पनि चर्चा गर्न सकिन्छ । तिनमा हिज्जे कोश, व्युत्पादक शब्दकोश, सममूली शब्दकोश आदि एकथरि प्रचलित छन् भने आवृत्तिपरक शब्दकोश, अनेकार्थी शब्दकोश, वाक्य कोश आदि अर्कोथरि कोश प्रसिद्ध छन् । यसबाट के निष्कर्ष निस्कन्छ भने कोशविज्ञानको विकासका साथै यसको विख्याति र विस्तृतिमा पनि व्यापक रूपले अभिवृद्धि भएको छ । फलतः कोशको प्रभाविष्णुता उत्तरोत्तर समृद्धशाली बन्दैछ ।

। ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाद टिप्पणी

१. रामचन्द्र वर्मा, **कोशकला,** वाराणासी, २००६, पृ० ६
२. भोलनाथ तिवारी, **भाषाविज्ञान** (षष्ठ संष्करण) किताब महल, इलाहावाद, १९६७ ई., पृ० ४६७ ।
३. भोलानाथ तिवारी, **कोशविज्ञान,** शब्दकार, दिल्ली, १९७९ ई., पृ० १६ ।
४. त्रिभुवननाथ शुक्ल, "अर्थतत्त्व र कोषविज्ञान" **अभिनव भाषाविज्ञान** सं. उदयनारायण तिवारी, किताब महल, इलाहावाद, १९८२ ई. पृ० २०६ ।
४. युगेश्वर, **हिन्दी कोशविज्ञानका उद्भव और विकास,** भारतीय विद्या प्रकाशन, वाराणसी, १९७१ ई. पृ० ७९ ।
६. त्रिभुवननाथ शुक्ल, पूर्ववत् ।
७. हेर्नुहोस्, बी एन० श्रीवास्तव. र आर० एस० गुप्ता "प्रिन्सिपल एण्ड प्रोब्लेम्ज इन लेक्सिकोलजी एण्ड लेक्सिकोग्राफी आइज डेभलप्ड इन सोभियत युनियन," लेक्सिकोग्राफी इन इण्डिया,' सी. आई० आई० एल०, १९८० ई., पृ०१७६ ।
८. वल्लभमणि दाहाल, "नेपाली भाषा र कोश" **नेपाली भाषा अधिगोष्ठी २०३३,** ने० रा० प्र० प्र० पृ० १३२—१३६ ।
९. नेपाली बृहत् शब्दकोश , ने०रा०प्र०प्र०, २०४० ।
१०. आर०ए० सिंह, पूर्ववत्, पृ० १७ ।
११. वल्लभमणि दाहाल, पूर्ववत्, पृ० १३६ ।
१२. बालमुकुन्द द्विवेदी, **संस्कृत कोषः उद्भव और विकास,** स्मृति प्रकाशन इलाहावाद, १९७९ ई. पृ० १७८ ।
१३. एल० जुगुस्ता, **म्यानुअल अफ लेक्सिकोग्राफी** मुटो द हेग, १९७१ ई. पृ० २७४ ।
१४. आर०एल०टर्नर, **कम्पेरेटिभ एण्ड एटिमोलोजिकल डिक्सनरी अफ नेपाली ल्याङ्ग्वेज,** लण्डन, १९३१ ई. ।
१५. आर०ए० सिंह, पूर्ववत्, पृ० १९ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. वासुदेव त्रिपाठी "नेपाली प्राविधिक शब्दनिर्माण प्रक्रियाः एक लघु चर्चा, (लिथो कार्यपत्र)" **कोशविज्ञान कार्यशाला** (२०४४)–मा प्रस्तुत पृ० १

१७. वल्लभमणि दाहाल, "प्राविधिक शब्दावली र लिप्यान्तरण" (लिथो कार्यपत्र), **कोशविज्ञान कार्यशाला** (२०४४)–मा प्रस्तुत, पृ० १ ।

१८. वल्लभमणि दाहाल, "नेपाली भाषा र कोश," पूर्ववत्, पृ० १३ ।

१९. जोन्स डेनियल, **इङ्गलिस प्रोनन्सिङ डिक्सनरी**, सं०ए०सी० गिम्पसन, १९१७ ई. ।

२०. पुष्कर शमशेर, **नेपाली उखान टुक्का वाक्यांश, वाक्पद्धति इत्यादीको कोष**, काठमाडौं , १९९८, पृ० प्रस्तावना 'ज' ।

२१. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा** (दोस्रो संस्करण), साझा प्रकाशन, २०३१, पृ० १२४

२२. वल्लभमणि दाहाल, "नेपाली भाषा र कोश", पूर्ववत् पृ० १३८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय: चार

शब्दकोशको स्वरूप

शब्दकोश सामान्य सन्दर्भग्रन्थ हो । यसलाई प्रयोक्ताले आवश्यकतानुसार उपयोगमा ल्याउँछ । शब्दकोशको यही विशेषताले गर्दा यसमा कोशीय प्रविष्टिको सन्निवेश मात्र पर्याप्त र अभीष्ट हुँदैन । यसको वास्तविक सफलता न्यूनतम समयमा नै पाठक वा प्रयोक्तालाई प्रदेय अन्तर्निष्ठ कोशीय सामग्री अधिकतम रूपमा उपलब्ध गराउनुमा निहित छ । यसैले जुनसुकै किसिमको कोश पनि ऐना जस्तै छर्लङ्ग भएर उपयोक्ताका अगाडि उपस्थित हुन सक्नुपर्छ, स्वनिष्ठ क्षमताको आधारमा उपयोक्तालाई समस्त विषय प्रस्तुत गरेर सन्तुष्ट पार्न सक्नुपर्छ । यिनै कोशनिष्ठ प्रकृति र सान्दर्भिक विशेषताले गर्दा शब्दकोशमा कोशीय प्रविष्टिका विषयवस्तुका अतिरिक्त तिनलाई स्पष्ट पार्न समुचित सामग्रीहरूको उपबन्ध आवश्यक हुन्छ ।

शब्दकोश वा कोशसामान्यकै प्रयोक्ताहरू कोशकार वा कोशविशेषज्ञ हुँदैनन् । कुनै कोशकार वा कोशविशेषज्ञले मात्र यसको उपयोग गर्न सक्ने भएमा कोशको प्रमुख प्रयोजन पनि व्यर्थ हुन्छ । यिनै कारणले गर्दा कोशमा निहित सामग्री कुनै स्पष्ट, सुनिश्चित, अश्लिष्ट र सुनियोजित स्वरूपमा अभिव्यक्त हुनु आवश्यक छ । यसर्थ कोशले पनि कुनै सुनियोजित र सुज्ञेय स्वरूप वा आकारविशेषमा रूपाङ्कित हुन वाञ्छनीय छ र यसो हुँदा नै यो सर्वसाधारण पाठक वा प्रयोक्ताका सामुन्ने सूर्य जस्तै स्वप्रकाश्य बन्छ । यिनै कुरालाई दृष्टिगत गरी कोशकारले युगगत प्रचलनका पर्यावरणभित्र कोशलाई कुनै सुग्राह्य र सुप्रकाश्य रूपविधानमा आबद्ध गरी सम्पादन गरेको हुन्छ र कोश पनि तदनुरूप स्वरूपमा रूपायित भएको हुन्छ । त्यसैले आधुनिक कोश पनि अधुनातन विश्वमा प्रचलित सामान्य स्वरूपमा आबद्ध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुनु स्वाभाविक हो । यस सन्दर्भमा आधुनिक शब्दकोशमा पाइने सामान्य स्वरूपको चर्चा गर्नु आवश्यक प्रतीत हुन्छ ।

आधुनिक शब्दकोशको सामान्य स्वरूप—

आजको संसार ज्ञानका दृष्टिले अपरिमित छ । यसरी विस्तारित ज्ञानको अमित परिधिलाई समेटेर जिज्ञासुसमक्ष प्रस्तुत गरिने काम अत्यधिक चुनौतीपूर्ण मात्र नभई अतीव दुरुह पनि सिद्ध हुन्छ । वर्तमान विश्वमा यस्तो जटिलतम कार्यलाई पनि यथाशक्य सरल, शीघ्र र स्थायी रूपमा जिज्ञासुसमक्ष उपस्थित गर्ने अनन्य माध्यम कोश हो । कोशले यस किसिमको गहनतम दायित्व पूरा गर्न आफ्नो स्वरूप प्राञ्जल, सरल, संवेद्य बनाउनु नितान्त आवश्यक छ । यसका लागि कोशले प्रचलित, प्रभावकारी, सुविधायुक्त, प्रविधिसंगत र परिष्कृत सामान्य स्वरूप अङ्गीकार गरी सुग्राह्य रूपविधान ग्रहण गर्नु पर्छ । यही कुरा कोशको प्रख्यात प्रकार शब्दकोशमा पनि लागु हुन्छ ।

यस सन्दर्भमा कोश वा शब्दकोशका लागि अङ्गीकार्य प्रस्तुत सामान्य स्वरूप भन्नाले कोश वा शब्दकोशमा संनियोज्य केही सुग्राह्य, प्रचलित र प्रभावकारी यस्ता कोशीय विशेषताहरूको संयोजन हो जसबाट कोश वा शब्दकोशहरू उपयोगका दृष्टिले स्वनिर्देश्य, सुज्ञेय, संसूच्य र संप्रयोज्य बन्दछन् र संबन्धित उपयोक्तालाई कोशनिष्ठ समस्त सामग्रीहरू सुगमताका साथ समुपलब्ध गराउन सामर्थ्य अधिगत गर्दछन् । आधुनिक कोश वा शब्दकोशका प्रस्तुत सामान्य स्वरूप अन्तर्गत रहने यस्ता विभिन्न पक्षमाथि पर्यवेक्षण गर्दा तिनलाई मूलतः यसरी तीन भागमा विभाजन गर्न सकिन्छः–
(क) पूर्वभाग (ख) मूलभाग वा केन्द्रभाग (ग) उत्तर भाग

[क] पूर्वभाग

कोशीय मूलभागलाई केन्द्रबिन्दु मान्दा यो त्यसभन्दा पूर्ववर्ती भाग हो । यो प्रयोगका दृष्टिले मूलभागलाई सजिलैसँग उपयोगमा ल्याउन आवश्यक पर्ने पूर्वविधेय आधार सामग्री हो । यसमा सामान्यतः तलका स्तम्भहरू पर्दछन्ः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) शीर्षक-

कोशमा शीर्षक नै प्रकृति र प्रयोजनको पहिलो निर्देशक हो। उपयोक्ताले कोशको उपादेयता प्रथमतः कोशको शीर्षकबाट ठम्याउने हुनाले संबन्धित कोशको प्रयोजन अनुकूल नै कोशको शीर्षक रहनु आवश्यक हुन्छ। शीर्षककै आधारमा कोशमा निहित आकृति–प्रकृति, क्षेत्र–प्रक्षेत्र, साधारण–विशेष प्रकार, एकभाषा-अनेकभाषा, स्रोत र लक्ष्यभाषा आदिका संबन्धमा सूचना हुने हुनाले शीर्षकमा स्वनिर्देश्यता र स्वभावानुरूपता नितान्त वाञ्छनीय पनि छ। कतिपय कोशमा कोशको प्रकृति जनाउन मूल शीर्षकसँग सह शीर्षक पनि संयोजन गरिएको पाइन्छ। वस्तुत शीर्षक राख्दा कोशीय उद्देश्य वा प्रयोजन स्वतः स्पष्ट हुने गरी राखिएमा शीर्षक सार्थक र संगत बन्छ। यिनै कुरालाई दृष्टिगत गरी प्रायः कोशका शीर्षकहरूमा तुलनात्मक कोश, व्युत्पत्तिमूलक कोश, मानक कोश, शैक्षिक कोश, संक्षिप्त कोश, बृहत् शब्दकोश आदि अङ्कित गरिएको हुन्छ। उदाहरणार्थ टर्नरको नेपाली शब्दकोशमा रहेको "नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश (A Comparative and Etymological Dictionary of Nepali Language)"– शीर्षकले यस कोशको प्रयोजनलाई सुस्पष्ट पारेको छ।[१]

कोशको मूल शीर्षक मुखपृष्ठमा राखिएको हुन्छ। यस पृष्ठका विभिन्न भागमा प्रायः संबन्धित कोशमा निहित शब्दसंख्या वा प्रविष्टि संख्याका साथै सम्पादक, प्रकाशक, संस्करण आदिको पनि उल्लेख गरिएको हुन्छ।

(२) प्राक्कथन र भूमिका

संबन्धित कोशका विषयमा अपेक्षणीय अन्य विविध जानकारी दिनको निम्ति कोशको पूर्वभागमा प्राक्कथन र भूमिकाको पनि उपबन्ध गरिएको हुन्छ। सबै किसिमका कोशमा यो उपबन्धमा उत्तिकै विस्तृति आवश्यक छैन। कोशको प्रकृति हेरी यसको उपादेयता स्तर निर्धारित गर्न सकिन्छ र आवश्यकता अनुरूप नै यसमा विस्तार र विभिन्नता कायम गर्न सकिन्छ। कुनै भाषाको सामान्य शब्दकोशमा त्यस भाषासंबन्धी ऐतिहासिक विकास क्रम राखिएको हुँदैन भने व्युत्पत्तिमूलक वा ऐतिहासिक शब्दकोशमा यो पक्ष समावेश गरिएको हुन्छ। यसै गरी कोशहरूमा यस उपबन्धका लागि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकैनासको नाउँ पनि दिइएको हुँदैन । कुनै कोशमा प्रस्तावना परिचय कृतज्ञताज्ञापन, पृष्ठभूमि वा यस्तै एक वा अनेक शीर्षक दिइएको हुन्छ भने कुनैमा प्रकाशकीय, सम्पादकीय आदि संज्ञा दिएर प्रस्तुत उपबन्धलाई समावेश गरिएको हुन्छ । उदाहरणको लागि डा० पारसमणि प्रधान नगेन्द्र-मणि प्रधानद्वारा सम्पादित **ठूलो नेपाली-नेपाली-अंग्रेजी कोश** (२०२८ वि० सं०)–मा भूमिका भनिएको छ र परिवर्द्धित नयाँ संस्करण (२०३९)–मा 'भन्नु पर्ने कुरा' राखिएको छ भने यिनै कुरालाई **नेपाली बृहत् शब्दकोश** (२०४०)–मा 'प्रकाशकीय' तथा 'सम्पादकीय' शीर्षक अन्तर्गत उल्लेख गरिएको छ ।

यसरी कोशगत विविधताअनुरूप यस उपबन्ध अन्तर्गत निकै विभिन्नता झल्किए तापनि सामान्यतः यसमा संबन्धित कोशविधान प्रक्रिया संबन्धी पृष्ठभूमि, कोशको उद्देश्य क्षेत्र, परिधि, स्रोत, आवश्यकता आदिका संबन्धमा चर्चा गरिएको हुन्छ ।

(अ) कोशको प्रयोजन र क्षेत्र– कोशको पूर्वभागमा संबन्धित कोशको प्रमुख प्रयोजन्, प्रकार र क्षेत्र आदिका संबन्धमा संकेत गरिएको हुन्छ । शब्दकोशका प्रयोक्ताले कुनै शब्दकोश कुन उद्देश्य लिएर विधान गरिएको हो र कुन क्षेत्रसित संबद्ध छ भन्ने कुरा यस खण्डबाट पत्ता लगाउन सक्छ । यसै गरी कुनै कोश कुन किसिमका पाठक वा प्रयोक्तालाई लक्ष्य राखेर निर्माण गरिएको हो र त्यो समस्त प्रयोक्ताका लागि हो वा कुनै विषयविशेषसँग संबन्धित व्यक्तिका लागि हो भन्ने कुरा पनि यसमा संकेत गरिएको पाइन्छ । कुनै कोश कुन किसिमको हो ? संबन्धित कुनै व्युत्पत्ति-मूलक हो वा प्राविधिक हो वा यसभन्दा पनि अतिरिक्त हो ? अनि कुनै कोश प्रथमभाषाभाषीका लागि हो वा द्वितीय भाषाभाषीका लागि हो ? अनि यसरी नै कुनै कोश सन्दर्भपरक हो वा ऐतिहासिक हो ? यी कुराहरूको निर्देश पनि प्रायः यस खण्डमा पाइन्छ । यसै गरी कुनै शब्दकोशमा कुनै भाषाको समकालिक तथा कालक्रमिक रूप वर्णित छ वा छैन ? क्षेत्रीय भाषिका र अपभाषाको संयोजन छ कि छैन ? अनि मानक भाषा मात्र छ कि कथ्य भाषा पनि छ ? त्यसै कोशमा निहित शब्दहरूको क्षेत्र कत्तिको व्यापक छ ? त्यसरी नै सम्पूर्ण भाषाभाषी क्षेत्रलाई कुनै शब्दकोशले अन्तर्विष्ट गरेको छ वा छैन ? कुनै खास क्षेत्रमा मात्र त्यो कोश सीमित छ कि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाजको सम्पूर्ण श्रेणी र पेशालाई ढाक्छ ? यी कुराहरूको सामान्य स्पष्टीकरण पनि कोशको यस स्तम्भमा दिन खोजिएको हुन्छ ।

(आ) कोशको स्रोत– यस स्तम्भअन्तर्गत कुनै कोश बनाउँदा उपयोग गरिएका स्रोतको चर्चा हुन्छ । कोशहरू प्रत्यक्षतः वा अप्रत्यक्षतः कुनै स्रोतमा आश्रित हुन्छन् । आफ्नो प्रकृतिअनुसार कुनै कोश संबन्धित भाषाको औपचारिक स्रोत साहित्य, लेखोट, कपोट, पत्रपत्रिका आदिबाट कोशीय सामग्री सङ्कलन गर्छन् भने कुनै कोशहरू त्यस भाषाका समकालिक वा कालक्रमिक समस्त औपचारिक-अनौपचारिक वा लेख्य–कथ्यजगत्बाट विविध सामग्री समाकलन गर्छन् । दृष्टान्तका लागि नेपाली बृहत् शब्दकोश (२०४०) लाई लिन सकिन्छ । यसले आफ्नो स्रोत यसरी बताएको छ, "प्रस्तुत शब्दकोशमा भाषिक व्यवहार र वाङमयका विभिन्न फाँटमा प्रचलनमा आएका नेपाली शब्दहरू दिने प्रयास गरिएको छ ।" यसै गरी कोशमा संबन्धित कोश–विधान गर्दा सहयोग लिइएको पूर्ववर्ती कोशहरूको पनि सौजन्यकीर्तन गरिन्छ । **नेपाली बृहत् शब्दकोश** (२०४०)-ले पनि यस संबन्धमा पूर्वप्रकाशित नेपाली शब्दकोशहरू हिन्दी, संस्कृत र अंग्रेजीका कतिपय कोशबाट पनि सहायता मिलेको छ" भनी आभार व्यक्त गरेको छ ।

वास्तवमा बृहत् शब्दकोश, प्रामाणिक वा मानक शब्दकोश र ऐतिहासिक तथा व्युत्पत्तिमूलक शब्दकोशका निम्ति यो खण्ड नितान्त अपेक्षित छ किन भने यस्ता कोशले यसमा स्रोतको प्रकृति र क्षेत्र, विषय, ग्रन्थसूची, कोशमा ध्येय कुरा आदिको विवरण समावेश गर्नुपर्ने हुन्छ । कतिपय शब्दकोशले यसमा शब्दस्रोतको चयन, वर्णविन्यास, लेखनपद्धति आदिको पनि विवरण प्रस्तुत गर्छन् ।

(इ) कोशविधान प्रक्रिया– भूमिकाभित्र रहने यस खण्डको परिधि निकै व्यापक छ । यसमा संबन्धित कोशविधान गर्दा, अङ्गीकृत कोशसम्पादनका विविध पक्षहरू समावेश गरिएका हुन्छन् । कोशमा प्रविष्टि चयन र प्रविष्टिक्रमका समस्या के हुन् ? व्याकरण, व्युत्पत्ति, र हिज्जे (वर्णविन्यास)-का समस्यालाई कसरी समाधान गरिएकोछ ? यस्ता सम्पादनसंबन्धी विभिन्न तहका कुरा यसमा निरूपण गरिएको हुन्छ ।

यसै गरी यसमा शीर्ष शब्द (मूल–प्रविष्टि), संबन्धित शब्द, समानार्थक शब्द, अनेकार्थक शब्द आदिको सम्पादन व्यवस्था र उच्चारण, व्याकरण, अर्थनिर्धारण, अर्थक्रम, उदाहरण, चिह्न, संक्षेपशब्द, प्रतिनिर्देश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदिको सम्पादन सिद्धान्तहरूको चर्चा गरिन्छ । कतिपय कोशमा संबन्धित भाषाका वक्ता, भौगोलिक वितरण, नक्शा, भाषिका क्षेत्र र शब्दसंकलन प्रविधिको पनि चर्चा–परिचर्चा हुन्छ ।

यसरी नै कोशको अग्रभागमा सम्पादक–मण्डल, कोशसमितिका सदस्य, सहभागी, सहयोगी तथा कार्यकर्ताहरूको सूची पनि अङ्कित गरिएको पाइन्छ ।

(ई) कोश–निर्देशिका– यो पनि प्राक्कथन र भूमिकाकै अङ्ग हो । यसमा संबन्धित कोश प्रयोग गर्ने तरिका वर्णन गरिएको हुन्छ । कोशका प्रयोक्ता सबै कोशविशेषज्ञ हुँदैनन् र यो विशेषज्ञका लागि लक्ष्य राखेर निर्माण गरिने ग्रन्थ पनि होइन । त्यसैले कोश र पाठक वा प्रयोक्ताको बीचमा संप्रेषणीयता कायम गर्नु एक अपरिहार्य हो । यसले यही प्रयोक्ता र प्रयोज्यको सुमधुर संबन्ध कायम गरिदिन्छ । सामान्यतया यसमा तलका कुराहरू निहित हुन्छन्ः–

(क) प्रविष्टि विधान– यसमा प्रविष्टिगत नियमहरूको उल्लेख गरिएको हुन्छ । शब्दकोशमा कुन किसिमका शब्दहरूलाई स्वतन्त्र वा मूल प्रविष्टिमा राखिएको छ र कुन किसिमका निम्ति चाहिं गौण प्रविष्टिको व्यवस्था गरिएको छ ? प्रातिपदिक र धातु (क्रियामूल)–लाई कसरी प्रविष्टि दिइएको छ ? समरूपी अर्थात् बेग्लाबेग्लै व्युत्पत्तिका र एउटै अनुहारका शब्दलाई कुन किसिमले प्रविष्टि दिने गरिएको छ ? उपसर्ग, प्रत्ययांश, उखान टुक्का, व्युत्पन्न शब्द आदिको प्रविष्टिमा के व्यवस्था छ ? अनि प्रविष्टि अन्तर्गत व्याकरण निर्देश, अर्थनिर्धारण, उच्चारण आदि के के छन् ? यी सबै कुरा, यसका नियम र उदाहरणका संबन्धमा प्रकाश पार्नु यस खण्डको मूल प्रयोजन हो । प्रस्तुत प्रसङ्गमा यी विभिन्न विषयमध्ये केही महत्त्वपूर्ण पक्षमा यस प्रकार चर्चा गरिन्छ–

(१) मूलप्रविष्टि– यस अन्तर्गत कोशमा उद्दिष्ट क्रमानुसार पृथक् पृथक् विन्यस्त कोशगत प्रविष्टिको सिरानमा रहने शीर्षशब्दको व्यवस्था गरिएको हुन्छ । कोशको प्रकृतिअनुसार कुन किसिमका कोशीय एकाइ वा कोशिमलाई मूलप्रविष्टिमा राख्ने र कुन किसिमका कोशिमलाई उपप्रविष्टि वा गौणप्रविष्टि वा सहायक प्रविष्टिमा राख्ने भन्ने निर्णय गरिन्छ । संबन्धित कोशमा सबै कोशिमलाई मूल प्रविष्टिमा राखिएको छ वा कुनै नियम निर्धारित गरी तदनुसार कोशिमहरूलाई मूलप्रविष्टि र उपप्रविष्टिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राखिएको छ भन्ने कुराको निर्देश र उदाहरण यसमा दिइएको हुन्छ । यस सन्दर्भमा उदाहरणका लागि **नेपाली बृहत् शब्दकोश** (२०४०)–मा मूलप्रविष्टि र गौणप्रविष्टिको व्यवस्था गरी कस्ता शब्दलाई मूलप्रविष्टिमा र कस्तालाई गौण प्रविष्टिमा राख्ने भन्ने विषयमा निर्धारित नियमलाई निर्देश गर्न सकिन्छ ।[२]

(२) अनेकार्थी शब्द–

यो आपसमा संबद्ध एकभन्दा बढी वा विविध अर्थ हुने शब्द हो । जस्तै– **कोश** । प्रस्तुत 'कोश' शब्दको अर्थ ढुकुटी शब्दसंग्रह, जीवकोश आदि अनेक छन् । कुनै पनि भाषाका शब्दहरू प्रायः अनेकार्थी हुन्छन् । अमरकोशमा 'हरि' शब्दको १४ अर्थ, नेपाली बृहत् शब्दकोशमा 'कला' शब्दको १५ अर्थ र संस्कृत शब्दकोश (पूना) मा 'अग्नि' शब्दको १६ अर्थ उल्लेख गरिएको छ । रैण्डम हाउस डिक्सनरी, कलेज एडिसन (१६६९ ई०) मा 'रन (run)' शब्दको १३४ अर्थ दिइएको पाइन्छ ।[३] यस्ता अनेकार्थी शब्दमा यी विशेषता हुन्छन् (क) अनेकार्थता (ख) अन्यतम केन्द्रीय अर्थ (ग) अर्थगत संबद्धता (घ) व्युत्पत्तिगत ऐक्य । कुनै पनि भाषाका शब्दभण्डारमा वेसी भाग अनेकार्थी शब्दको हुन्छ र यसको तुलनामा एकार्थक शब्दको संख्या निकै कम हुन्छ ।

यस्ता अनेकार्थी शब्दका विभिन्न अर्थलाई कसरी कोशमा प्रविष्टि दिने भन्ने कुरा यस स्तम्भमा निर्दिष्ट गरिन्छ । साधारणतया शब्दकोशमा यस्ता शब्दलाई एउटै प्रविष्टिमा राखिन्छ र प्रथमतः केन्द्रीय वा प्रधान अर्थलाई उल्लेख गरिन्छ ।

(३) समरूपी शब्द–

यो उच्चारण र हिज्जे (वर्णविन्यास) एउटै भई व्युत्पत्ति र अर्थ भिन्न हुने शब्द हो । यसलाई समवर्णात्मक, समध्वन्यात्मक, समस्वरूपात्मक वा समनामी शब्द पनि भनिन्छ । जस्तै– **काम** – (१) ना० [सं. कर्म] कार्य; (२) ना० [सं. कामः] इच्छा । यस किसिमका शब्दमा पाइने मुख्य विशेषता यी हुन् – (क) उच्चारण र हिज्जेमा एकता (ख) अर्थमा केन्द्रीय र परिधीय जस्ता पारस्परिक संबन्धको अभाव (ग) व्युत्पत्तिगत भिन्नता ।

यस्ता समरुपी शब्दलाई कोशमा बेग्लाबेग्लै प्रविष्टि दिइन्छ र सामान्यतया प्रत्येक प्रविष्टिमा क्रमशः एक, दुई, तीन आदि मसिनो अङ्क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्केत गरिन्छ । नेपाली बृहत् शब्दकोशले यस संवन्धमा गरेको व्यवस्था यस प्रकार छः– "बेग्लाबेग्लै व्युत्पत्ति भएका दुई वा दुई भन्दा बढी एउटै मूल शब्द आएमा प्रायः शब्दका पछाडि मसिनु अङ्क १, २, ३, आदि क्रम जनाई छुट्टाछुट्टै दिएका छन् जस्तै– अरब[1] अरब[2]; तर[1] तर[2] तर[3]; साल[1] साल[2] साल[3] इ० ।"

(४) उच्चारण र आलेखन–

संसारका धेरैजसो भाषाको लेखन–पद्धति स्थूल आलेखनमा आधारित हुन्छ । त्यसैले शब्दकोशमा उच्चारण र त्यसको आलेखनका संबन्धमा प्रकाश पार्नु नितान्त वाञ्छनीय हुन्छ । कुनै कोशकारले यस प्रयोजनको लागि कुनै संबन्धित विशेषज्ञलाई यस संबन्धमा विशेष-लेख लेख्न लगाई कोशको यस भागमा समावेश गरेका पनि हुन्छन् ।

प्रस्तुत उच्चारण र आलेखन शब्दकोशको प्रकारमा विशेषतः निर्भर पाइन्छ । यदि शब्दकोश मातृभाषी पाठकलाई लक्ष्य राखेर तयार गरिएको हो भने त्यसमा यो उपबन्ध अनिवार्य देखिन्न । तर विदेशी वा द्वितीय भाषाभाषीलाई उद्देश्य राखेर तयार गरिएको हो भने यो नितान्त अपेक्षित छ । त्यसै गरी कुनै भाषाको वर्णिम र लेखिममा उच्चारणका दृष्टिले सहान्विति कायम छैन भने यी अपेक्षित ठहरिन्छन् । द्विभाषी वा बहुभाषी शब्दकोशमा यस प्रयोजनका लागि सँबन्धित भाषाका समोच्चारित ध्वन्यात्मक एकाइलाई तालिकीकरण गरी समावेश गरिएको हुन्छ । वस्तुतः कुनै बहुभाषी कोशमा लिपिगत पार्थक्य रहेमा वा कुनै एउटा भाषाको हिज्जे र उच्चारणमा निकै अन्तर रहेमा वा कुनै एउटा लिपिमा प्रचलित भाषालाई लिप्यन्तरमा अङ्कित गरिएमा उच्चारण र आलेखन संबन्धी यो उपबन्ध अत्यन्त आवश्यक ठानिन्छ । नेपाली बृहत् शब्दकोशमा यो उपबन्ध समावेश गरिएको छैन ।

(५) व्याकरण–निर्देश–

कुनै प्रविष्टिको व्याकरणात्मक पक्ष इङ्गित गर्नु व्याकरण–निर्देश हो । यसमा बहुधा शब्दका भेद, उपभेद तथा संसूच्य अन्य प्रकार र विशेषतः व्याकरणगत अनियमितता वा अपवादलाई अङ्कन गरिन्छ । यो मूल प्रविष्टि र अन्य प्रविष्टिमा पनि गर्ने चलन छ र यो संक्षेपमा गरिएको हुन्छ । यसैले कुनै पनि शब्दकोशको पूर्वभागमा यसका लागि सङ्केत – सूची उल्लेख गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(७) वीजक (Label) को प्रयोग–

भाषामा पाइने कालिक, दैशिक, शैलीय आदि विभिन्न भेद वा विकल्पनलाई निर्दिष्ट गर्न कोशमा प्रयोग गरिने साधन वीजक हो। यसमा केही शब्द वा शब्दावली प्रयोग गरेर संक्षेपमा कुनै कोशीय एकाइको शब्दगत वा अर्थगत वैशिष्ठ्यलाई सङ्केत गरिएको हुन्छ। यसलाई "परिभाषित शब्दको संबन्धमा थप सूचना (जस्तै-व्याकरणात्मक कार्य वा क्षेत्र वा प्रयोग-स्तर) दिन कोशीय परिभाषीकरणमा तद्गत अङ्गभन्दा अतिरिक्त प्रयोग गरिने प्रायः संक्षिप्त र विभेदक शब्द वा शब्दावली" भनेर 'वेब्टर्स थर्ड न्यू इन्टरनेशनल डिक्सनरी अफ इङ्गलिश ल्याङग्वेज'– ले परिभाषित गरेको छ। प्रस्तुत वीजक अन्तर्गत कालगतमा अप्रचलित, कम प्रचलित, नव प्रचलित जस्ता शब्दहरू, स्थानगतमा जुम्ली, डोटयाली जस्ता शब्दहरू, शैलीगतमा साहित्यिक, बोलीचाली जस्ता शब्दहरू, स्तरगतमा सभ्य, अश्लील गाली जस्ता शब्दहरू अङ्कित गर्न सकिन्छ। यो वीजक कुनै शब्दकोशको कोशीय एकाइ तथा अर्थ विशेषमा कुन किसिमका शब्द वा शब्दावली दिएर कसरी जनाइएको छ ? उद्देश्य तथा विधेय दुवै भागमा वा कुनै एक भागमा मात्र प्रयोग भएको छ ? यी कुरा सोदाहरण कोशको पूर्वभागमा उल्लेख गरिएको हुन्छ। उदाहरणार्थ **नेपाली बृहत् शब्दकोश** को प्रविष्टिलाई हेरौं–

इजा– ना० (खास गरी डोटी र जुम्ला भेगका लोकसाहित्यमा प्रचलित) आमा।

तर यो कोशले कोशीय पूर्वभागमा यस संबन्धी विवरण भने उल्लेख गरेको छैन।

(७) विवृत्ति (Glosses) को प्रयोग–

यो प्रविष्टिगत विधेय भागमा रहने र कोशीय एकाइ वा कोशिमको अर्थविधानका सन्दर्भमा प्रस्तुत गरिने उदाहरण स्थानिक छोटो टिप्पणी हो जसलाई प्रायः कोष्ठबद्ध रूपमा प्रयोग गरिन्छ। जस्तै– **सवारी–** ना० (फा०) प्रस्थान वा आगमन (राजा र उच्च–प्रतिष्ठित व्यक्तिका लागि)। यो व्यष्टिगत कोशीय एकाइको अर्थविधानको सन्दर्भमा प्रयोग हुने कोशीय उपबन्ध हो। शब्दकोशमा यसको प्रयोग स्थानगत वचतका दृष्टिले मात्र होइन, कोशीय एकाइको अर्थविधानका दृष्टिले पनि गरिने हुँदा यसको स्थान महत्त्वपूर्ण छ किनभने यसले लघु आकारमा नै लामा–लामा उदाहरणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काम सजिलै संपन्न गर्छ। यसका किसिममध्ये अर्थगतमा पर्याय, विपर्याय, प्रयोग सीमा अङ्कन गरिन्छ; व्याकरणगतमा तिर्यक् रूप आदि बताइन्छ र ज्ञानात्मक वा विश्वकोशीयमा चाहिं ज्ञानविशेषसँग संबद्ध सूचना सूचित गरिन्छ। पूर्वभागमा **नेपाली बृहत् शब्दकोशले** कोशमा प्रयोग गरिने विवृत्तिको तरिका उल्लेख नगरे पनि कोशमा भने केही उदाहरण पाइन्छः–

कार्यवाहक - वि० [सं०[कुनै व्यक्तिको अनुपस्थितिमा नियमानुसार त्यस अधिकार लिई अस्थायी रूपमा काम गर्ने (कर्मचारी वा पदाधिकारी)।

खटिरा– ना० [खटिरोको ति० रू०] हे० खटिरा।

कार्बन– ना० [अङ०] कोइला अँगार आदिमा विद्यमान रहने एक रासायनिक तत्त्व (हीरा र सिसालाई विशुद्ध कार्बन मानिन्छ)।[४]

(८) प्रतिनिर्देश (Cross-reference) व्यवस्था–

कोशीय एकाइहरूको अन्तःसंबन्ध दर्शाउन एउटा प्रविष्टिले अर्को प्रविष्टिगत सन्दर्भ निर्देश गर्नुलाई प्रतिनिर्देश भनिन्छ। यसबाट कोशीय एकाइहरूमा पारस्परिक संबन्ध कायम भई समानता, असमानता र अन्य थप-विशेषता जाहेर हुन्छ जसले गर्दा कोशीय सन्दर्भहरूमा अधिकतम स्पष्टता अधिगत हुन्छ। यसवाहेक प्रतिनिर्देशले कोशमा अधिकतम आवृत्ति वा पिष्टपेषण हुन दिंदैन र न्यूनतम स्थान प्रयासमा गहनतम सूचनाको सञ्चार हुन्छ। जस्तै **कोष** – ना० (संस्कृत) हेर्नु० कोश।

यो उपबन्ध संवन्धित शब्दकोशमा कसरी प्रस्तुत गरिएको छ? यो कुरा पाठकलाई अवगत गराउनु कोशकारको अनुपेक्षणीय कर्तव्य हो। यसैले कोशको पूर्व भागमा यससंबन्धी विवरण दिइन्छ। यस संबन्धमा **नेपाली बृहत् शब्दकोशले** गरेको सामान्य सङ्केत यस प्रकार छ, "स्तरीय शब्दमा अर्थ दिई उपस्तरीयको अर्थ लेख्ता प्रायः हे० गरिएको छ; अथवा पूरापूर समानार्थीमा मात्र पनि यस्तो भएको छ।"[५]

(९) व्युत्पत्ति विधान–

कुनै शब्दको रूप र अर्थसंवन्धी विकास क्रमको निरूपण व्युत्पत्ति विधान हो। यसले कुनै शब्दका संबन्धमा जानकारी दिन्छ, त्यसको विभिन्न भाषामा मात्रा र ध्वन्यात्मक विकासलाई सङ्केत गर्छ र आर्थी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास संक्षेपतः निर्देश गर्छ । वस्तुतः कतिपय शब्दको अर्थनिर्धारणमा व्युत्पत्तिले अतीव श्लाघ्य भूमिका खेल्छ । यसै व्युत्पत्तिविधानसित संबद्ध शास्त्रलाई व्युत्पत्ति विज्ञान भनिन्छ र प्रस्तुत व्युत्पत्तिविज्ञानसित संबद्ध मूल ग्रीक शब्दको अर्थ चाहिं 'यथार्थ लेखाजोखा' वा 'सत्यान्वेषण' हुन्छ । यसलाई शब्दशास्त्रसँग संबद्ध गरेर अर्थ्याउँदा चाहि 'शब्दको वास्तविक ज्ञान' भन्ने हुन्छ । यसरी विचार गर्दा के स्पष्ट हुन्छ भने ग्रीसेलीहरू शब्दको उत्पत्तिसंबन्धी खोजलाई महत्त्व दिन्थे र यसवाट नै शब्दको वास्तविक अर्थ पत्ता लाग्ने कुरामा विश्वास गर्थे । पूर्वीय परम्परामा पनि यास्कको निरुक्त अध्ययन गर्दा व्युत्पत्ति वा निर्वचनको शब्दशास्त्रमा उच्चतम भूमिका भएको कुरा अवगत हुन्छ ।

ईशवीय १९ सौं शताब्दीको अन्त्यतिर व्युत्पत्तिसंबन्धी पूर्ववर्ती धारणामा केही अन्तर आयो र मूलपरिवारका प्राचीन भाषासँग कुनै शब्दको संबन्ध दर्शाउनुमा नै सीमित रह्यो । परन्तु बीसौं शताब्दीमा भएको भाषा विज्ञानको विकाससँगै व्युत्पत्तिले कुनै शब्दको विवेचनात्मक पूरा इतिवृत्त तयार गर्नुसँग संवन्धित भई व्यापक अर्थ दिन थाल्यो । यस पछि व्युत्पत्तिका क्षेत्रमा वैज्ञानिकता प्रदान गर्न विद्वान्हरूको प्रयास भयो । फलस्वरूप वर्तमान युगमा व्युत्पत्ति कोशमा मात्र होइन अन्य प्रामाणिक र बृहत् कोशमा समेत व्युत्पत्तिको स्थान अपरिहार्य मानिन्छ । अतः कोशमा व्युत्पत्तिको स्थान अत्यन्त महत्त्वपूर्ण र गौरवमय साबित हुन्छ । यसैले कोशमा व्युत्पत्ति प्रयोग गर्दा खेलाची गर्नु मूर्खताको परिचायक हो र समुचित रूपमा निर्देश गर्नु विद्वत्ताको सूचक हो ।

कोशमा व्युत्पत्ति निर्देश प्रविष्टिको उद्देश्य र विधेय मध्ये दुवै भागमा दिन सकिने उदाहरण पाइन्छ तापनि विशेषतः उद्देश्य भागमा मूल प्रविष्टिसँगै यो निर्देश गरिएको हुन्छ । कोशमा व्युत्पत्तिको स्थान अतीव उत्कृष्ट भएकाले यस्ता उपवन्ध रहेका कोशले व्युत्पत्ति – निर्देशसंबन्धी व्यवस्थालाई संवन्धित कोशको पूर्वभागमा उल्लेख गरेको पाइन्छ । स्कीटले उनको शब्दकोशमा यस संबन्धी सिद्धान्त नै प्रतिपादन गरेका छन् । व्युत्पत्ति निर्धारणमा यिनले प्रतिपादन गरेका दश सूत्रीय सिद्धान्त त्यसपछिका कोश-कारहरूका लागि मार्गनिर्देशन वनेको छ । अंग्रेजी भाषाका विशिष्ट विद्वान् वाल्टर डब्ल्यू स्कीटले "एन इटिमोलोजिकल डिक्सनरी अफ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इङ्गलिश" को पूर्व भागमा अङ्कित व्युत्पत्तिका सिद्धान्तलाई यस प्रकार उल्लेख गर्न सकिन्छ:—

१. व्युत्पत्ति-विधानका विषयमा कुनै प्रयास गर्नुभन्दा पहिले शब्दहरूको अत्यन्त आरम्भिक रूप र प्रयोग निश्चित गर्नुपर्छ र तिनलाई विकास-क्रममा दृष्टिगत गर्नुपर्छ ।

२. वास्तविक सम्पर्कबाट कुनै अन्य भाषाका शब्द सापटी लिइने हुँदा संबन्धित इतिहास र भूगोलको पर्यावलोकन गर्नुपर्छ ।

३. ध्वनिनियमलाई विशेषतः जसले आर्य-जर्मन भाषाका व्यञ्जन विकास-संबन्धी पारस्परिक संबन्धलाई नियमन गर्दछन् त्यस्ता नियमहरूलाई पर्यावलोकन गर्नुपर्छ र साथै स्वरध्वनिहरूलाई पनि तुलना गरेर अवलोकन गर्नुपर्छ ।

४. कुनै दुई शब्द जुन एकै भाषासँग संबद्ध छन् र जसलाई 'क' र 'ख' मान्न सकिन्छ तिनको तुलना गर्दा 'क' मा अक्षरसंख्या कम छ भने त्यसलाई सापेक्षतया बढी मौलिक स्थान दिन सकिन्छ जबसम्म कुनै अन्य शब्दको संकोचन र विकार संबन्धी साक्ष्य निश्चित हुँदैन ।

५. यस्तै किसिमले कुनै एउटै भाषासँग संबद्ध 'क' तथा 'ख' शब्दको तुलना गर्दा यदि यी दुवै समसंख्याक्षर छन् भने यिनमा प्राचीनतर रूप निर्धारित गर्ने मुख्य स्वरध्वनिको पर्यावलोकन गर्नुपर्छ ।

६. ट्यूटानिक भाषाका बली क्रिया र ल्याटिन भाषाका अनियमित क्रियाहरूलाई सामान्यतः मौलिक स्थान दिइन्छ र अन्य संबन्धित रूपहरू यिनबाट विकसित मानिन्छ ।

७. रूप परिवर्तन संबन्धमा विचार गर्दा कुनै शब्दको समस्त स्वरूपको लेखाजोखा गर्नुपर्छ, कुनै एक अंशको मात्र होइन अनि ध्वनिनियममा पाइने कुनै पनि उल्लंघनलाई यथार्थ निर्धारणमा सन्देहास्पद मानिन्छ ।

८. पृथक ध्वनि नियम भएका बेग्लाबेग्लै भाषाका शब्दमा केवल रूपगत र अर्थगत समानता देखा पर्दैमा त्यस्ता शब्दमा भ्रमपूर्ण व्युत्पत्ति निर्धारण हुन सक्छ, त्यसरी व्युत्पत्ति गर्नु उपयुक्त हुँदैन ।

९. सामान्य ध्वनिनियमका आधारमा जति परिवर्तन संभव छ त्यसभन्दा बढी समानता कुनै बेग्लाबेग्लै भाषाका शब्दमा पाइन्छ भने कुनै एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषाबाट अर्को भाषाले ग्रहण गरेको दरिलो संभावना हुन्छ । वस्तुतः सवर्ण (सहजात) भाषाका शब्दमा अत्यधिक समानता हुँदैन ।

१०. अंग्रेजी जस्ता भाषाका कुनै शब्दलाई जबसम्म पूर्णतया सवर्ण भाषाका स्वरूपसँग मिल्दैन त्यस किसिमले व्याख्या–व्युत्पत्ति गर्नु अनुपयुक्त हुन्छ।[६]

यी नियमहरू नेपाली भाषाका शब्दहरूको व्युत्पत्ति विधानमा पनि उपयोगी छन् यद्यपि क्रमसंख्या ३, ६ र १० का नियमहरू जसरी प्रत्यक्षतः अंग्रेजीमा लागु हुन्छन् त्यसरी नेपालीमा लागु हुँदैनन् । यस्तै नियम र कोशमा व्युत्पत्ति प्रस्तुत गर्ने विधिका संबन्धमा चर्चा अन्य शब्दकोशहरूमा गरिन्छ । नेपाली कोशहरूका सन्दर्भमा भने यस किसिमको विशेष विवेचना फेला पर्दैन । **नेपाली बृहत् शब्दकोश** (२०४०) – ले यस संबन्धमा यस्तो विवरण प्रस्तुत गरेको छ, "व्युत्पत्ति वा उपपत्ति दिनु विभिन्न दृष्टिले अपेक्षित भएकाले समय र साधनले दिएसम्म यथासंभव दिइएको छ । यसरी शब्दका व्युत्पत्ति दिँदा तद्भव आदि शब्दमा जुन भाषिक स्रोत हो त्यसको मूल दिने कार्य भएको छ । परन्तु तत्सम आदिमा मूल नदिई भाषाकै नाम सङ्केतद्वारा जनाइएको छ । जस्तै— सं. = संस्कृत, प्रा० = प्राकृत, अ० = अरवी, अङ० = अङ्ग्रेजी इत्यादि ।"[७]

(९) उदाहरण संयोजन–

कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणको रूपमा गरिने प्रासंगिक प्रयोगलाई उदाहरण वा निदर्शनात्मक उदाहरण भनिन्छ । यसले संबन्धित शब्दको अर्थलाई पुष्टि गर्छ, अर्थविभेदीकरणमा सहयोग गर्छ, विभिन्न अर्थच्छायालाई प्रकट गर्छ, सहप्रयोग तथा पर्यायभेदलाई जाहेर गर्छ र भ्रामक, काल्पनिक तथा अविशुद्ध अर्थ दिने स्वच्छन्दतालाई मर्यादित पार्छ ।

सामान्यतः शब्दकोशमा दुई किसिमका उदाहरण पाइन्छन्–स्वनिर्मित र उद्धृत । स्वनिर्मित कोशकारबाट प्रविष्टिगत कोशीय एकाइको प्रासंगिक प्रयोग निर्देश गर्न अङ्कित भाषिक-प्रयोगको उदाहरण हो भने उद्धृत चाहिं संबन्धित वाङमयका लिखित फाँटमा प्रयुक्त विभिन्न उदाहरण कोशीय प्रविष्टिमा सान्दर्भिक अवतरण हो । यिनमा स्वनिर्मित उदाहरण स्वच्छन्द र काल्पनिक हुने हुँदा भ्रामक र अस्तरीय हुने संभावनाले गर्दा त्यति प्रामाणिक मानिन्न जति उद्धृत उदाहरणलाई मानिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी उदाहरण कोशको आधारभूत सामग्री भएकाले कोशनिष्ठ पूवभाग वा प्रारम्भिक पृष्ठमा यस संबन्धी विशेष विवरण अपेक्षणीय मानिन्छ। यस विषयमा नेपाली वृहत् शब्दकोशमा अङ्कित विवरण यस प्रकार छ, "शब्दको अर्थ दिदा सबैतिर उदाहरण दिइएको छैन तापनि अत्यावश्यक ठाउँमा उदा० सङ्केत गरी उदाहरण यथासंभव समाविष्ट गरिएको छ।"[८]

(ख) संक्षेप–सूची–

संक्षिप्तता, सारवन्ता, सौविध्य, एकरूपता, स्थानबचत आदिको लागि कोशमा दिइने संक्षिप्त शब्दहरूको सूची कोशको पूर्वभागमा अङ्कित गरिएको हुन्छ। यसले कोशको सम्पादन र उपयोगका अनेक पक्षमा निकै सरलता ल्याउँछ र यथासाध्य सूत्रात्मक अभिव्यक्ति प्रदान गर्छ। सामान्यतया कोशविधानमा प्रयुक्त संक्षिप्त वा साङ्केतिक शब्दहरूले यी कुरामा सहयोग गर्दछन्–– (१) विजक (२) भाषा र भाषिकाको नाम (३) वारंबार आवृत्त हुने सामान्य शब्दहरू, जस्तै— उदा०, तुल०, विप०, हे०, इ०। (४) उद्धृत कृति (५) सन्दर्भ कृति, कृतिकार र सहयोगी नामाङ्कन (६) संभाव्य र प्रयुक्त अवशिष्ट क्षेत्र। यिनै परिप्रेक्ष्यमा दृष्टिगत गर्दा कोशमा संक्षेप वा सङ्केत सूचीको अत्यन्त महत्त्वपूर्ण स्थान छ। अतः कोशकारले संबन्धित कोशमा के के संक्षेप (संक्षिप्ति) र सङ्केत शब्द प्रयोग गरिएका छन्, तिनको वर्णानुक्रमिक सूची प्रारम्भमा दिनु आवश्यक छ।

(ग) विराम र सङ्केत चिह्न–

सुकर, सुगम, सारवान् र वैज्ञानिक वनाउन कोशमा विभिन्न विराम चिह्नका साथै अन्य सङ्केत चिह्न पनि प्रयोग गरिएका हुन्छन्। वस्तुतः कोशमा यिनको भूमिका अत्यन्त जीवन्त छ किनभने सामान्य ग्रन्थमा एउटा चिह्नको प्रयोगात्मक गडवडीले मात्र त्यति ठूलो उत्पात सृजना गर्दैन जति कोशमा भएको यस संबन्धी सानो भूलले मच्चाउँछ। यसरी चिह्नको भूलले कोशमा अन्यौल मात्र सिर्जना गर्ने होइन, चिह्नको उपयुक्त प्रयोगले प्रशस्त श्रम, स्थान, व्ययको पनि बचत गराउँछ। यसैले कोशमा चिह्नको जति महत्ता छ त्यति नै यसको प्रयोगमा सचेतता र सतर्कताको पनि आवश्यकता छ।

यिनै कुरालाई दृष्टिगत गरी कोशको पूर्वभागमा नै विराम तथा संङ्केत चिह्नहरूको सूची दिएर आवश्यकतानुरूप तिनको सोदाहरण स्पष्टी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करण गरिएको हुन्छ । प्रसंगवश यहाँ नेपाली बृहत् शब्दकोशले दिएको चिह्न सूचीलाई उदाहरणार्थ प्रस्तुत गरिन्छ -

।	विभाजक (विकल्प रूप) ।
–	निर्देशक चिह्न तथा समस्त पद सङ्केत ।
०	संक्षेपीकृत चिह्न ।
[7]	मूल व्युत्पन्न स्थान ।
√	मूल रूपको किटान ।
( )	गौण सङ्केत ।
+	संयोजक जोड
~	विशेष्य नाम (नजोडिने) ।
∠	अगाडि देखाइएको व्युत्पन्न रूप ।
7	पछाडि देखाइएको व्युत्पन्न रूप ।[६]

यसै गरी कोशमा वर्ण (अक्षर) र अङ्कबाट पनि सङ्केत चिह्नको काम लिइन्छ । समरूपी शब्दको पृथक् प्रविष्टिगत शब्दहरूको विभिन्न समानार्थ र अर्थच्छाया व्यक्त गर्नको लागि कोशमा संख्याको प्रयोग गरिन्छ भने कतिपय प्रविष्टिमा प्रकार र अर्थभेद जनाउने जस्ता प्रयोजनका लागि वर्ण (अक्षर)-को पनि प्रयोग गरिन्छ ।

कोशमा अन्तरालन पनि महत्त्वपूर्ण कुरा हो । यसले कोशीय प्रविष्टिको प्रारम्भ, नयाँ वर्णक्रमको आरम्भ, पृष्ठाङ्कन, प्रविष्टिका विभिन्न पक्षमा आवश्यकतानुसार स्थान छोडी प्रस्तुतीकरणमा स्वच्छता, स्पष्टता, क्रमिकता, चारुता र वैज्ञानिकता कायम गर्न र अन्यौल तथा अनियमिता हटाउन सहायता गर्छ । समुचित टंकन र मुद्रणमा यसको भूमिका स्वतः स्पष्ट छ ।

यसरी नै छपाइमा प्रयोग गरिने गाढा – सादा, तेर्सा – बुट्टे, मोटा–मसिना अक्षरका किसिम र सङ्केतहरूले पनि कोशीय मूल, गौण तथा संसक्त प्रविष्टि र बीजक आदि चिनाउँदै सङ्केत चिह्नको काम सघाउँछन् ।

(ख) मूल भाग–

यो कोशको वास्तविक भाग हो । यसलाई मूल भाग भन्नुको तात्पर्य कोशमा यो भाग नै साध्य हो र यसैका लागि सम्पूर्ण योजना, नियम, सामग्री-संकलन, सम्पादन, श्रम, व्यय आदि साधन जुटेका हुन् भनी सङ्केत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्नु हो । यसलाई केन्द्रीय वा नाभिकीय भाग पनि भन्न सकिन्छ । यही नै कोशको जीवन भएकाले कोशका विधाताको लक्ष्यसिद्धि यसैलाई सप्राण बनाउनुमा आधारित छ भने कोशका प्रयोताको लक्ष्यपूर्ति पनि यसैबाट अभीष्ट लाभ प्राप्त गर्नुमा छ । यसैले यो नै कोशको विधाता र प्रयोक्ताको अनन्य लक्ष्य केन्द्र हो र कोशीय स्वरूपको सारमय भाग हो ।

कोशको यो मूल भाग क्रमवद्ध कोशीय प्रविष्टिहरूको समष्टि हो । कोशगत उद्देश्यमा कोशको प्रकृति निर्भर हुने र तदनुसार नै कोशीय प्रविष्टि-मा अन्तर हुने हुनाले सबै किसिमका कोशमा प्रविष्टिसंवन्धी सर्वाङ्गीण–समता संभव हुँदैन । यस दृष्टिले हेर्दा प्रथमतः विश्वकोशमा हुने प्रावधानमा नै अन्तर पाइन्छ । विश्वकोश वा ज्ञानकोशमा कुनै व्यक्ति, स्थान र वस्तु आदिका संवन्धमा वस्तुगत सूचना तथा परिचयात्मक विवरण आदि शाब्दिके-तरकेन्द्रिक पक्ष हुन्छन् किन्तु शव्दकोशमा शाब्दिक हिज्जे (वर्तनी) उच्चा-रण, व्याकरण, कालक्रमिक र समकालिन प्रयोग, उदाहरण र अर्थनिर्धारण आदि पक्ष रहन्छन् । संक्षेपतः विश्वकोश पदार्थको जानकारी गराउँछन् र शव्दकोश पदको ।[10] यसरी यिनमा प्रशस्त भिन्नता पाइए पनि प्रविष्टिमा शव्दको विश्वकोशीय परिचयात्मक पद्धति अंगीकार गरी सम्पादित विश्व-कोशात्मक वा ज्ञानकोशपरक शव्दकोशका ठूला ठेली आज प्रसिद्ध छन् । नाह वेबस्टरद्वारा विधान गरिएको प्रसिद्ध **'न्यू इन्टरनेशनल डिक्सनरी'** (द्वि० सं० १९३७ इ०) यस पद्धतिको उदाहरण हो । जुनसुकै भाषाको वृहत् शव्दकोश प्रायः यसरी नै रचना गरिन्छ ।

कोशका विभिन्न प्रकार र शव्दकोशका विविध भेदहरूमा पनि यसै गरी विधान–पद्धति, विवरण पद्धति, ऐतिहासिक प्रयोग, निदर्शनात्मक उदाहरण, सहप्रयोग आदिमा र ठूला र साना आकृतिमा फरक अभिलक्षण-हरू भेटिन्छन् । सामान्य र प्राविधिक, ऐतिहासिक र वर्णनात्मक, व्युत्पत्ति-परक र उच्चारणमूलक, शैक्षिक र प्राज्ञिक, एक भाषी र अनेक भाषी आदि शव्दकोश अनि व्यक्तिकोश, शव्दावली आदि अनेकौं कोशका प्रकार र उपप्रकारले गर्दा यसको स्वरूपमा स्वाभाविक विभेद पाइन्छ ।

यस सन्दर्भमा विश्वकोशलाई पर सारेर शव्दकोशको मात्रै चर्चा गर्दा पनि यसको प्रकारमा पाइने विविधताले गर्दा हामीलाई कोशीय मूल भागको ऐक्य स्वरूप किटान गर्न कठिन मात्र होइन, असंभव नै हुन्छ । तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि सामान्यतः कोशहरूमा पाइने विविध प्रावधानहरूलाई दृष्टिगत गरी तिनको समष्टिगत स्वरूपलाई सामान्य स्वरूपको रूपमा चर्चा गर्न सकिन्छ। यस अनुसार सामान्यतः शब्दकोशको मूलभागमा पाइने प्रमुख विवरण यस प्रकार छन्:-

(१) प्रविष्टि
(२) उच्चारण र हिज्जे
(३) व्याकरण-निर्देश
(४) व्युत्पत्ति
(५) अर्थविधान
(६) व्युत्पादक सर्ग
(७) पर्याय
(८) उखान-टुक्का
(१०) उदाहरण
(११) चित्राङ्कन

(१) प्रविष्टि-

कोशीय एकाइ (कोशिम) र तत्संबन्धी विवरण रहेको कोशनिष्ठ समवेत एकाइ नै प्रविष्टि हो। यिनै प्रविष्टिहरूको यथाक्रम समष्टि नै कोश-ग्रन्थ भएकाले कोशमा प्रविष्टिको मूर्द्धन्य स्थान छ। वस्तुतः यी दुईका बीच अविनाभाव संवन्ध रहेकोले प्रविष्टि कोशको मुटु नै हो। यस सन्दर्भमा उदाहरणका लागि शब्दकोशको एउटा प्रविष्टिलाई उद्धृत गरिएको छ:-

अँध्यारो— ना० [प्रा० अन्धकारो ∠ सं० अन्धकार] १. प्रकाशको अभाव; उज्यालाको अभाव, मलिनता। वि० २. उज्यालो नभएको; निस्तेज; उज्जर नभएको; भड्किलो। (उदा० अँध्यारो मुख लाउनु; मन अँध्यारो हुनु; यो लुगाको रङ अँध्यारो छ इ०।) **अँध्याराको काम, खोलाको गीत** (उखान)। **अँध्याराको जँघार** -टु० भेउ नपाई गरिएको काम।[११]

प्रस्तुत प्रविष्टिका दुई भाग हुन्छन्-उद्देश्य र विधेय। पहिलोमा शीर्षशब्द, हिज्जे,उच्चारण, व्याकरण-निर्देश जस्ता अवयव पर्दछन् र दोस्रो-मा अर्थ, पर्याय, विपर्याय, उदाहरण, बीजक विवृत्ति, चित्राङ्कन, संवन्धित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द, उखान–टुक्का आदि पर्दछन् । मूल–प्रविष्टि र उपप्रविष्टि वा गौण प्रविष्टि जस्ता यसका प्रकार पनि छन् ।

(२) उच्चारण र हिज्जे–

संबन्धित भाषाभाषीले बोलिने र लेखिने वर्णानु पूर्वीमा आधारित शब्दहरूको उच्चारण र हिज्जे सामान्यत; कोशको उद्देश भागमा अङ्कित गरिन्छ । कोशमा कुनै शब्दको उच्चारण र हिज्जेमा विविधता छ भने तिनको पनि उल्लेख गरिएको हुन्छ । यही उच्चारण र हिज्जेका संबन्धमा गहिरो जानकारी दिने हेतुले छुट्टै यस्ता विशेष कोशहरूको सम्पादन गर्ने चलन छ । कोशको उद्देश्यमध्ये प्रयोक्तालाई मानक उच्चारण र हिज्जे–प्रयोगमा समर्थ बनाउनु प्रमुख भएकाले यस पक्षमा कोश त्रुटिरहित हुनु नितान्त आवश्यक छ ।

(३) व्याकरण–निर्देश–

प्रविष्टिगत कोशिम वा शब्दको संबन्धित भाषामा प्रचलित व्याकरण अनुसार परिचय दिनु व्याकरण–निर्देश हो । यस अन्तर्गत साधारणत: नाम,सर्वनाम, विशेषण, क्रिया, अव्यय आदिको निर्देश गरिन्छ । शब्दकोश र संबन्धित भाषाको प्रकृति अनुसार यसमा वचन, लिङ्ग, पुरुष आदि व्याकरणगत विशेषताहरूको पनि संयोजन हुन्छ । यसलाई कोशीय प्रविष्टिको उद्देश्य तथा विधेय दुवै भागमा संनिवेश गर्न सकिन्छ ।

(४) व्युत्पत्ति–

कुनै शब्दको रूप र अर्थका दृष्टिले विकासक्रमको निर्देश व्युत्पत्ति हो । शब्दकोशका प्रविष्टिमा व्युत्पत्ति–निर्देश गर्दा प्राय: कुनै कोशिम वा शब्दको मूलस्रोत, मूलघटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास र अन्य भाषाका सहरूपसँग तुलना आदि उल्लेख गरिएको हुन्छ । यसलाई प्रविष्टिमा संयोजन गर्दा उद्देश्य भागमा अर्थविधानभन्दा पहिले सामान्यत: ठूलो कोष्ठाभित्र संबन्धित शीर्षशब्दको विकास क्रम द्योतनार्थ उल्लेख गरिन्छ भने विधेय भागमा चाहिं अर्थविधानका अङ्गको रूपमा संबन्धित कोशिमको सुगमतया अर्थनिर्देशार्थ अङ्कित गरिन्छ । यस संबन्धमा केही चर्चा कोशको पूर्वभागका प्रसङ्गमा पनि गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(५) अर्थविधान–

कोशमा अर्थविधानका लागि विधेय खण्डको उपवन्ध गरिएको हुन्छ । यस खण्डमा कोशनिष्ठ शब्दहरूको अर्थ निर्धारण हुने भएकाले कोशमा अर्थविधानको महत्त्व स्वतः स्पष्ट हुन्छ । वस्तुतः अर्थविधान कोशको मुटु हो र यसको आधारमा नै कोशले जीवन्तता अधिगत गर्दछ । यसबाट स्पष्ट हुन्छ, शव्दकोशको सफलता पनि अर्थविधानको सुनियोजित संयोजनमा निर्भर हुन्छ ।

यसरी कोशमा अर्थविधान केन्द्रीय तत्त्वको रुपमा रहेकाले कोशको प्रकृतिअनुसार कोशकार अर्थविधानमा महत्त्व दिन्छन् । कोशमा गरिने अर्थ-विधानका विभिन्न प्रचलित विधिहरू यस प्रकार छन्:— (क) परिभाषीकरण (ख) पर्याय (ग) विपर्याय (घ) विवृत्ति (ङ) वीजक (च) प्रतिनिर्देश (छ) व्युत्पत्ति (ज) उदाहरण (झ) चित्रांकन ।

यी माथि अंकित शव्दकोशीय मूलभागमा रहने केही विवरणहरूको यहाँ सामान्य चर्चा भयो । यिनका संवन्धमा विशेष चर्चा अध्याय पाँचमा गरिनेछ । यी वाहेक अन्य बाँकी मूलभागका विवरणका संवन्धमा चर्चा क्रमशः तल प्रस्तुत गरिन्छ:—

(६) व्युत्पादक सर्ग–

शव्दरचना गर्ने परिधीय बद्धरूपिमलाई व्युत्पादक सर्ग भनिन्छ । प्रचलित शव्दमा उपसर्ग र प्रत्यय नै व्युत्पादक सर्ग हुन् । शव्दरचना गर्दा प्रकृति अर्थात् धातु वा प्रातिपदिकमा जोडिने स्थानका आधारमा यस्ता व्युत्पादक सर्गलाई पूर्वसर्ग, मध्यसर्ग र परसर्ग भनिन्छ । नेपालीमा उपसर्ग चाहिं पूर्व सर्ग हो भने 'कृत्' र 'तद्धित' प्रत्यय चाहिं परसर्ग हुन् ।

व्युत्पादक सर्गहरू वद्ध रूपिम भएकाले यिनको स्वतन्त्र अर्थप्रतीति हुँदैन । त्यसैले कोशमा यिनको पृथक् प्रविष्टि सर्वस्वीकृत पाइँदैन । परन्तु व्यापक रुपमा शव्दनिर्माणार्थ प्रयोग गरिने व्युत्पादक सर्गहरूलाई कोशमा सन्निवेश गर्नु वाञ्छनीय छ किनभने यिनबाट प्रथमतः व्युत्पत्ति-निर्देशमा व्यापक उपयोग लिन सकिन्छ । द्वितीयतः संसक्त (run-on) प्रविष्टिको अर्थविधानमा मद्दत मिल्छ र तृतीयतः अपरिचित वा नयाँ शव्दको प्रकृति वा आधारतत्त्व छुट्याउन सहयोग मिल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशमा व्युत्पादक सर्गलाई तीन किसिमले प्रविष्टि दिन सकिन्छ– (क) पृथक् प्रविष्टि (ख) उपप्रविष्टि वा (ग) परिशिष्टको रूपमा। यिनको उदाहरण क्रमशः यस प्रकार छः—

(क¹) अप— शब्दको अगाडि मिली हीन, निन्द्य, विपरीत, कम आदि अर्थ बुझाउने सर्ग— [अपमान] [अपयश] [अपव्यय] [अपभ्रंश]।

(क²) य— शब्दको पछाडि मिली योग्य,पर्ने,आवश्यक अर्थ बुझाउने सर्ग— [कार्य] [खाद्य] [भाव्य] [निवार्य]।

(ख) योग्य—१. कुनै काम सफलतासाथ गर्ने सीप, गुण आदि भएको २. उचित, मनासिब, न्यायसंगत ३. कुनै पद, काम जिम्मेवारी आदिका लागि उपयुक्त मानिने। — ता — कुनै काम वा व्यवहारको लागि आवश्यक ज्ञान, अनुभव र शक्ति; सामर्थ्य; क्षमता; दक्षता ४. कुनै विषयको आवश्यक ज्ञान; जानकारी।

(ग) अव— (खराब, तल, टाढा अर्थ जनाउने)—अवगुण, अवनति, अवतार, अवकाश, अवहेलना, अवरोध, अवतीर्ण इ.।

यिनमा व्यापक र सुपरिचित सर्गलाई मूलप्रविष्टिमा दिइन्छ भने आर्थी संबद्धता भएका साधारण सर्गलाई उपप्रविष्टिमा राखिन्छ र बृहत् शब्दकोश आदिमा व्युत्पन्न शब्दको सूची दिनको लागि परिशिष्टमा समावेश गरिन्छ। यस सम्बन्धी अन्य चर्चा अध्याय पाँचमा गरिनेछ।

(७) पर्याय–

यो समान वा लगभग समान अर्थ बुझाउने शब्द हो। यसलाई समानार्थी शब्द पनि भनिन्छ। यसको प्रयोग शब्दकोशको प्रकार अनुसार फरक–फरक पाइन्छ। ठूला शब्दकोशमा परिभाषीकरणका साथै पर्यायको पनि प्रयोग गरिन्छ भने साना शब्दकोशमा सामान्यतः पर्यायद्वारा नै अर्थविधान गरिएको पनि पाइन्छ। यसमा पहिलोको उदाहरण नेपाली बृहत् शब्दकोश (२०४०) हो भने दोस्रोको चाहिं **बगलीकोष** (१९९८) हो। यसरी हेर्दा शब्दकोशीय प्रविष्टिको अर्थविधानमा पर्यायको प्रयोग मुख्यतः दुई किसिमले गरिएको पाइन्छः– (अ) समवेत रुपमा र (ख) ऐकान्तिक रुपमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(अ) समवेत रुपमा गरिएको प्रयोगमा परिभाषीकरणका अतिरिक्त पर्यायको पनि प्रयोग हुन्छ । सामान्यत: यसबाट निम्नलिखित लाभ प्राप्त हुन्छ:—

(क) संबन्धित कोशीय एकाइ वा कोशिमको सूक्ष्म अर्थच्छाया व्यक्त हुन्छ । जस्तै—

कृषि— ना० १. खेतवारीमा खनजोत गर्ने, बाली लगाउने काम; खेती; किसानी ।

(ख) कुनै कोशीय एकाइको अर्थमा विशेष स्पष्टता जाहेर हुन्छ । यसैका लागि अनेकार्थी शब्दमा विभिन्न अर्थपिच्छे पर्यायको पनि प्रयोग गरिएको पाइन्छ । जस्तै—

कौतुक— ना० [सं०] १. कुनै विलक्षण विषयप्रति जाग्ने विनोद पूर्ण उत्कण्ठा; कुतूहल । २. आश्चर्यजनकवस्तु; तमासा । ३. बिवाहमा मंगल मन्त्र पढी विधिपूर्वक बनाइने कपडाको गाँठो; लगनगाँठो ।[१२]

(ग) कुनै कोशीय एकाइको अतिव्यापी अर्थ निर्देश गर्न मिल्छ अर्थात् परिभाषीकरण वा कुनै पर्यायबाट पर्याप्त रुपमा प्रकट नभएको अर्थक्षेत्र यसबाट व्यक्त हुन्छ । जस्तै—

कोश— ना० [सं०] अन्नपात वा धनमाल सुरक्षित राख्ने भण्डार; ढुकुटी; खजाना; सम्पुट; कोष ।[१३]

यसमा 'खजाना' पर्यायले अन्नपात वा घनमाल सुरक्षित राख्ने भण्डारभन्दा अतिव्यापी अर्थक्षेत्र भएको गोला बारुद खानालाई पनि व्यक्त गर्छ ।

(आ) ऐकान्तिक रुपमा प्रयोग हुँदा कुनै कोशीय एकाइको अर्थविधानका लागि कुनै अर्को पर्याय उपयोगमा लगाइन्छ । निम्नांकित किसिमका कोशीय एकाइको अर्थविधानार्थ पर्यायको प्रयोग अपरिहार्य मानिन्छ:—

(क) कुनै अपरिचित र प्राज्ञिक शब्दको परिचित र साधारण शब्दद्वारा अर्थविधान गर्न । जस्तै—

लेखनी— ना० कलम ।

हिमांशु— ना० जून ।

(ख) अवसित, अप्रचलित र विरल शब्दका ठाउँमा समकालीन र व्यावहारिक शब्दद्वारा अर्थ अभिव्यक्त गर्न । जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाइकटक— ना० आक्रमण

शिवभक्त— ना० कमारो

ऐरो— ना० शिकार

भीमसेन स्तम्भ— ना० धरहरा

(ग) विभिन्न भाषिकापरक र शैलीपरक शब्दका ठाउँमा मानक र सामान्य शब्दद्वारा अर्थ व्यक्त गर्न । जस्तै—

बेलौती— ना० अम्बा

दुर्वासा— वि० रिसाहा

माम— ना० भात

अलङ्कार— ना० अभिप्राय

(घ) सामान्य शब्दको ठाउँमा विशिष्ट अर्थ बताउन । जस्तै—

दर्शन— ना० भेट

सिकार— ना० मासु

(ङ) तत्सम र साहित्यिक शब्दका ठाउँमा तद्भव र साधारण शब्द दिन । जस्तै—

कर्म— ना० काम

यामिनी— ना० रात

(८) विपर्याय–

यो विपरीत अर्थ जनाउने शब्द हो । यसलाई विपरीतार्थी शब्द पनि भनिन्छ । जस्तै—

अँध्यारो— ना० विप० उज्यालो ।

व्यवहार हेर्दा 'चोलो' शब्दको विपर्याय 'भोटो' हुन्छ, 'फरिया' पनि । यस्तै 'दिदी' शब्दको विपर्याय भिनाजु, दाजु, बहिनी वा भाइ हुनसक्छ। यस्तै रीतले 'शान्ति'को विपर्याय के हो ? अशान्ति वा युद्ध दुवै विपर्याय हुन सक्ने देखिन्छन् । यसरी विपर्याय शब्दको क्षेत्र निकै व्यापक भएकाले खास सीमा तोक्न निकै कठिन हुन्छ । सामान्यत: निम्नलिखित आधारमा विपर्यय शब्दको संबन्ध निर्धारण गरिन्छ:-

(अ) आत्यन्तिक विपरीतता वा शाश्वत विपर्यास—यो शब्दनिष्ठ अर्थमा पाउने पारस्परिक विरोधको स्थिति हो जहाँ एउटाको सत्ताले अर्काको अभाव निर्धारण गर्छ । त्यस्ता शब्दको अर्थ द्विविध वर्गीकरणमा सीमित हुन्छ:–

जीवित—मृत

उज्यालो—अँध्यारो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(आ) सामान्य विपरीतता वा सापेक्षिक विपर्यास—यो कुनै दुई शब्दको अर्थमा पाइने मात्रागत वा परिमाणगत विपरीतताको स्थिति हो । यसमा एउटाको सत्ताले अर्काको अभाव व्यक्त गर्दैन र दुवैको अर्थगत सीमारेखा पूर्ण रुपमा निर्धारित नभई परिमाणगत सापेक्षतामा आधारित हुन्छ । फेरि यस्ता शब्दको अर्थ केवल द्विविध वर्गीकरणमा सीमित नभई बहुविध वर्गीकरणमा समेत विभाजित हुन सक्छ । जस्तै— अघि–पछि । यहाँ 'अघि' नहुँदैमा 'पछि' हुनुपर्छ भन्ने केही ठेगान छैन र यी दुवैको बीचमा वा संगसंगै हुने स्थिति पनि रहिरहन्छ । यसै गरी 'अघि' सदैव अघि नै नरही कुनै अरु अघिल्लो स्थितिको सापेक्षतामा पछि पनि हुन सक्छ । यस्ता शब्दको अन्य उदाहरण यस प्रकार छः–

धनी—गरीव
कालो—गोरो
भित्र—बाहिर
वालक—वृद्ध
तल—माथि
सुख—दुःख
धेरै—थोरै

(इ) असमावेशात्मकता—एउटा अर्थमा अर्को अर्थको व्यावर्तन वा निवारणलाई असमावेशात्मकता भनिन्छ । यस्तो स्थितिमा कुनै अर्थले कुनै अर्को अर्थको विरोध गर्दैन अपितु परिहार वा निवारण गर्दछ । जस्तै— महिला–पुरुष, सेतो-कालो, बिहान–बेलुका इ० । यहाँ पुरुष र महिलामा असमावेशात्मकताको संबन्ध पाइन्छ किनभने महिलामा स्त्रीत्व व्यावर्तक अभिलक्षण पाइन्छ जुन पुरुषमा छैन । यसै गरी 'दिदी' शब्दका दाजु, भिनाजु, बहिनी, भाइ जस्ता शब्द असमावेशक हुन् किन भने तिनमा स्त्रीत्व, वंशागतता, ज्येष्ठता, कनिष्ठता जस्ता विभेदक वा व्यावर्तक अभिलक्षण पाइँदैनन् ।

(ई) प्रतिसंबन्धात्मकता— अनुयोग–प्रतियोगात्मक, क्रियाप्रतिक्रियात्मक आदि प्रतिसंबन्धका आधारमा पनि विपर्याय शब्द निर्धारित हुन्छन् । यस्ता शब्दमा पाइने प्रतिसंबन्ध आनुपूर्विक, आनुक्रमिक, आनुवंशिक आदि पनि हुन सक्छन्; जस्तैः–

(क) आनुपूर्विक— आदि–अन्त्य, स्वागत-विदाइ, फेदी–चुचुरो इ०
(ख) आनुक्रमिक— बित्ता–हात, माना-मुरी, मिटर–किलोमिटर इ०
(ग) आनुवंशिक— बाबु–छोरा, आमा-छोरी, इ०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी विपर्याय शब्द कुनै एक आधारमा सीमित र सुनिश्चित नभई विभिन्न आधारमा निर्भर हुने हुँदा कुनै शब्दको खास एउटा विपर्याय किटान गर्नु सुदुष्कर प्रतीत हुन्छ । वस्तुतः पर्याय शब्दमा जस्तै यसमा पनि पूर्ण विपर्याय शब्दको खोजी सुदुर्लभ नै ठहरिन्छ किनभने सबै अर्थगत वितरण र सन्दर्भमा पूरापूर विपरीतता मुस्किलैले भेटिने कुरा हो । अतः विपर्यायिता केही प्रचलित क्षेत्रका सन्दर्भमा अर्थगत वैपरीत्य हो ।

उपर्युक्त पर्याय तथा विपर्याय अर्थविधानका सन्दर्भमा गतार्थ हुँदा हुँदै पनि पृथक् चर्चा गरिनुबाट के स्पष्ट हुन्छ भने यी अर्थविधानमा मात्र सीमित छैनन्, यिनको कोशीय मूलभागमा पृथक् प्रविष्टि हुन सक्ने जस्ता अन्य वैशिष्टय पनि छन् ।

(६) उखान–टुक्का–

उखान-टुक्का भाषाका अमूल्य निधि हुन् । यिनमा सामान्य अभि-व्यक्ति भन्दा विशेष सजीवता र गहनता पाइन्छ । उखान र टुक्काले रूप संयोजन सापेक्ष संरचनात्मक अर्थभन्दा अतिरिक्त रुपसंयोजननिरपेक्ष समुच्च-यात्मक अर्थ दिने हुनाले त्यस किसिमको अर्थविधानका लागि कोशमा यसको समावेश हुनुपर्ने कुरा स्वतः सिद्ध हुन आउँछ । कोशका विशेष प्रकारमा उखान-टुक्काको कोश पनि पाइन्छ भने नेपाली भाषामा पुष्कर शमशेरको 'नेपाली उखान टुक्काको वर्णानुक्रमानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादिको कोष' (१९९८) प्रसिद्ध छ ।

उखान र टुक्कामा फरक पाइन्छ । श्रीकृष्णप्रसाद पराजुलीले यिनको भिन्नता केलाउने प्रसंगमा भन्नुभएको छ, "उखान आफ्आफैंमा वाक्य जस्तै पूर्ण हुन्छन् भने टुक्का चाहिं पदावली वा खण्डित (टुक्रा) वाक्य जस्तै हुन्छन् । उखानको अर्थ पनि स्वतन्त्र हुन्छ र त्यसले भाषामा घुमाएर भन्नुपर्ने कुरालाई संक्षिप्त रुपले रसिलो, मीठो र चिटिक्क पारी व्यक्त गर्छ । टुक्काको प्रयोग उखानको जति फुक्का रुपले गर्न सकिदैन ।"[१४]

उखान र टुक्कामा पाइने प्रस्तुत विभेदलाई छोटो र छरितो भाषामा श्रीमोहनराज शर्माले यसरी प्रस्तुत गर्नुभएको छ, "उखानको संरचना वाक्य स्तरको हुन्छ, तर टुक्काको संरचना पदसमूहात्मक हुन्छ ।"[१५]

यस संबन्धमा विचार गर्दा के स्पष्ट हुन्छ भने रुपपरक दृष्टिले उखान वाक्यस्तरीय र टुक्का पदावलीस्तरीय संरचना हो भने आर्थी दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहिं उखान आख्यानपरक पूर्णाभिव्यक्ति र टुक्का चाहिं आख्याननिरपेक्ष रूढाभिव्यक्ति हो। शब्दान्तरमा भन्दा उखान आख्यानसँगै जन्मिएको उदाहरण प्रस्तुत गर्ने र स्वतन्त्र रुपमा प्रयोग हुन सक्ने बृहत् संरचना हो जसमा संरचनात्मक अर्थ पूर्णतः तिरोहित हुँदैन भने टुक्का चाहिं उदाहरण प्रस्तुत नगर्ने र आफूमा निहित शब्दार्थभन्दा बेग्लै अर्थ दिने लघुसंरचना हो जसमा संरचनात्मक अर्थ पूर्णतः विलीन हुन्छ। जस्तैः—

(क) उखान— (१) काम गर्ने कालू, मकै खाने भालू
(२) घाँटी हेरी हाड निल्नू
(३) म ताक्छु मुढो, बञ्चरो ताक्छ घुँडो।

(ख) टुक्का— (१) नकचरो (२) आकाशको फल (३) लामो हात गर्नु,

यसरी हेर्दा टुक्कामा संरचनात्मक अर्थ पूर्णतः तिरोहित हुने हुँदा शब्दकोशमा यसको प्रविष्टि अत्यावश्यक छ। यसैले शब्दकोशमा यसलाई समस्त शब्द झैं गरी उपप्रविष्टिमा समावेश गरिन्छ। तर उखानको संनिवेश भने शब्दकोशको प्रकृतिमा निर्भर हुन्छ। सामान्य कोशका सन्दर्भमा हेर्दा यसलाई साना शब्दकोशले उति महत्त्व दिदैनन् किनभने यिनको भाषिक संरचनामा जटिलता र ज्यादै अप्रसिद्ध शब्दहरू रहेका हुन्छन् जुन वर्णनात्मक कोशका दृष्टिले उति ग्राह्य हुँदैनन् र यिनमा पाइने सांस्कृतिक तत्त्वको गह्रुंगो भारले भाषिक तत्त्व पनि निकै मिचिएको हुन्छ। बृहत् शब्दकोशमा भने उखानको समावेश अत्यावश्यक मानिन्छ। प्रविष्टिविधानमा यसलाई उप-प्रविष्टिमा राखिन्छ। प्रविष्टि अनुक्रम गर्दा चाहिं कुनैमा मुख्य शब्दमा आश्रित र कुनै कोशमा पहिलो शब्दमा आधारित वर्णानुक्रम पद्धति अँगालिन्छ। यसरी प्रस्तुतीकरण गर्दा झिंजोलाग्दो र ठाउँखाँदो पुनरावृत्ति हटाउन नीडन गर्नु स्वाभाविकै हो।

(१०) उदाहरण:-

कोशीय एकाइको अर्थगत सन्दर्भलाई व्यक्त गर्न प्रयोग गरिएको शाब्दिक निदर्शन नै उदाहरण हो। यसलाई चित्र वा आरेख संबन्धी उदाहरणबाट विभेद गर्न निदर्शनात्मक उदाहरण पनि भन्न सकिन्छ। यसले कोशमा प्रविष्टिगत कोशीय एकाइको अर्थ पुष्टि गर्न, अर्थ विभेदीकरण गर्न, अर्थच्छाया प्रकट गर्न र कपोलकल्पित अर्थविधान गर्ने स्वच्छन्दतालाई मर्यादित पार्न अनन्य सहयोग गर्छ र कोश तथा कोशकारमाथि अत्यन्त विश्वासिलो भावना पैदा गर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशीय अर्थविधानको परिप्रेक्ष्यमा उदाहरण अर्थव्यक्त गर्ने एउटा प्रभावकारी साधन हो । यसले अनेकौं परिभाषा, व्याख्या र पर्यायद्वारा व्यक्तचाउन नसकेको अर्थलाई प्रयोगमूलक सन्दर्भमा छर्लङ्ग पार्छ । यसका अतिरिक्त उदाहरणले कोशमा प्रविष्ट कुनै कोशिमको संबन्धित भाषासंसारमा भएको प्रथम प्रयोग र त्यसले जनाउने विभिन्न अर्थ तथा अर्थभेद संबन्धी साक्ष्य दिई सो शब्दको यथार्थ आर्थी जीवनको प्रामाणिक विवरण प्रस्तुत गर्छ । यसैले कत्रे भन्दछन्—"जुन कुनै वेला विशेषत: प्रचलित थिए र जसको अभिलेखन अर्थपूर्ण स्थितिमा गरिएको थियो यस्ता कोशिमको प्रथम अभिलिखित उदाहरणको आधारमा हामी कुनै लिखित इतिहासभन्दा अधिक सफलतापूर्वक के अवगत गर्न सक्छौं भने कुन किसिमको संचार–व्यवस्था गाउँ, शहर, टोल तथा विभिन्न आवासीय क्षेत्रमा थियो । यस प्रकार जुन चित्र सजीव भएर हाम्रो समक्ष आउँछ, त्यो इतिहासको लिखित प्रलेखबाट प्राप्त चित्रभन्दा अत्यधिक विस्तृत हुन्छ ।"[१६] यसै संबन्धमा फाउलरले भनेका छन् "परिभाषाद्वारा पाठक वाह्य रुप प्राप्त गर्छ अनि उदाहरणद्वारा खास स्वरुपको उद्घाटन हुन्छ ।"[१७]

यिनै विशेषता र महत्तालाई दृष्टिगत गरी पूर्वीय जगत्मा कोशको उषाकालदेखि नै उदाहरण प्रस्तुत गर्ने प्रचलन पाइन्छ । ई० पू० आठौं शताब्दीमा प्रथम कोशकार यास्कद्वारा रचित वैदिक संस्कृत शब्दकोश **निरुक्त**–मा वेदबाट उदाहरण दिइएका छन् । यसपछि अमरकोशका टीकामा यत्रतत्र उदाहरण दिने परम्परा बसाली उदाहरण पद्धतिलाई विकास गर्न थालियो ।

यसरी कोशमा उदाहरण प्रस्तुत गर्ने पद्धति पाश्चात्य जगत्मा सत्रौं शताब्दीतिर यूरोपमा प्रारम्भ भएको हो । यसलाई व्यवस्थित रुप भने अंग्रेजी शब्दकोशमा डा० जोन्सनको उदयसंगै प्रदान गरिएको पाइन्छ ।

वास्तवमा व्यवस्थित रुपले शब्दकोशमा उदाहरण अंकन गर्ने श्रेय: डा० जोन्सनलाई नै छ । उनले हरेक कोशीय प्रविष्टिलाई उदाहरणद्वारा सज्जित पार्ने प्रयास गरी कोशजगत्मा अद्भुत र अपूर्व योगदान गरे । यही सत्प्रयासले गर्दा आधुनिक कोशको मुख्य विशेषता नै उदाहरणको प्रयोग हुन गएको छ र यसैले नै कोशलाई प्रामाणिक र मर्यादित पारेको छ ।

यसरी कोशमा उदाहरण अत्यन्त प्रभावशाली र गहन सामग्री भएकाले यसको प्रयोग पक्षमा केही चर्चा आवश्यक हुन्छ । यस संबन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्चा गर्दा केही प्रश्न उपस्थित हुन्छन् । कुन कोशीय एकाइ वा कोशिममा उदाहरण अपेक्षित छैन ? प्रस्तुत उदाहरण कत्ति लामो हुनुपर्छ ? उदाहरण स्वनिर्मित वा उद्धरणीय हुनुपर्छ ? यी प्रश्न प्रस्तुत चर्चाका आधारभूत पक्षसित संबद्ध छन् ।

यिनमध्ये पहिला दुई प्रश्न उदाहरणको अपेक्षिततासित संबद्ध छन् । त्यस सन्दर्भमा सिद्धान्त पक्ष के हो भने उदाहरण प्रत्येक कोशीय एकाइमा वाञ्छनीय छ । तर कोशको प्रकृति र प्रकारले गर्दा जब अशेषत: सबै कोशिममा उदाहरणको सुसंयोजन हुन सक्तैन अनि सापेक्ष आवश्यकताका सन्दर्भमा सोच्नुपर्ने हुन्छ । यसरी हेर्दा निम्नांकित कोशीय एकाइ वा कोशिमहरू आवश्यकताका दृष्टिले बढी विचारणीय प्रतीत हुन्छन्:–

(क) अनेकार्थी शब्दहरू:–

पुतली; अर्थ; उत्तर; कर; गोल; ताल; पाटी; हार इ० ।

(ख) उखान-टुक्काहरू:–

काम गर्ने कालू, मकै खाने भालू; कागलाई बेल पाक्यो हर्ष न विस्मात; लामो हात गर्नु; नाक काट्नु; ।

(ग) समुच्चयात्मक अभिव्यक्ति:–

मानविकी र सामाजिकशास्त्र संकाय; श्री ५ को सरकार; उप-कुलपतिज्यूको कार्यालय, सुनको पसल; सत्यं शिवं सुन्दरम् । राँडाको छोरो; मान्छेको भाँडो; गाउँ फर्क इ० ।

(घ) बहुमुखी प्राविधिक शब्दहरू:–

रस; विरेचन; समीकरण, सुत्र, मुक्ति, परमाणु इ० ।

(ङ) प्रकार्यात्मक शब्दहरू:–

ले; द्वारा; बाट; मा; को; देखि इ० ।

(च) अर्थच्छायापरक शब्दहरू:–

चयन; वरण; निर्वाचन इ० ।

तेस्रो प्रश्न उद्धरणको लम्बाइ वा विस्तारमा केन्द्रित छ । यसको छोटो उत्तर हो, त्यति नै जति यथेष्ठ हुन्छ । तैपनि कोशमा यस संबन्धी व्यावहारिक विभिन्नता भने पाइन्छ । साना शब्दकोशमा यथासम्भव सानो आकार दिइन्छ भने ठूला शब्दकोशमा सन्दर्भ सुपुष्ट पार्न केही वाक्यहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समेत संयोजन हुन सक्छ । त्यसैले ध्येय कुरा के हो भने उदाहरण यथाशक्य सारमय, सुसंगत, स्वप्रकाश्य र सम्यक् बोधगम्य हुनुपर्छ ।

यस प्रसङ्गमा विचारणीय पछिल्लो प्रश्न प्रस्तुत उदाहरणको प्रकारमा केन्द्रित छ । यसैले प्रथमतः यसको प्रकार र तत्संबन्धी उपादेयताका संबन्धमा नै विचार गर्नु समुचित प्रतीत हुन्छ । कोशमा उदाहरण सामान्यतः दुई प्रकारका हुन्छन् (अ) स्वनिर्मित (आ) उद्धृत ।

(अ) स्वनिर्मित उदाहरणः–

यो कोशकार स्वयंद्वारा रचित उदाहरण हो । यस किसिमको उदाहरण दिंदा कोशकार अत्यन्त सचेत हुनुपर्छ, अन्यथा उदाहरण स्वाभाविक नभई त्यसको सुसंगति र प्रामाणिकतामा नै सन्देह पैदा हुन्छ । जस्तै—

सन्न्यस्त— वि० (सं०) १. सन्न्यास लिएको; सन्न्यासी भएको २. व्यावहारिक कुरा सबै बिसाएको; घर-व्यवहार त्यागेको । (उदा०– अचेल उहाँ राजनीतिबाट सन्न्यस्त हुनुहुन्छ ।)[१८]

यसरी नै कोशका प्रयोक्तालाई उपर्युक्त विभिन्न किसिमको उदाहरणको प्रयोग संबन्धमा स्पष्ट जानकारी दिन यिनको प्रस्तुति गर्दा भेद संकेत गर्नु उपयुक्त हुन्छ । हिन्दीका कोशकार रामचन्द्र वर्माले भनेका छन्, ''दुवैमा यस्तो स्पष्ट अन्तर हुनुपर्छ कि पाठकहरूलाई कुनै किसिमको भ्रम नहोस् ।''[१९] त्यसैले **हिन्दी शब्दसागर**मा उदाहरण संबन्धी भेद जनाउने प्रक्रिया अपनाइएको छ । नेपाली शब्दकोषहरूमा पहिलोको लागि 'जस्तै' र दोस्रोको लागि 'उदाहरण' शब्द प्रयोग गरी यस्तो भेद गर्न सकिन्छ । यसै गरी उद्धृत उदाहरणमा अवतरण स्थान (साइटेसन) प्रयोग गरिएमा यो भेद स्वतः प्रकट हुन्छ र उच्च किसिमको प्रामाणिक पनि ठहर्छ ।

कोषमा यी दुवै किसिमका उदाहरणको आ-आफ्नै स्थान र उपयोगिता छ । यहाँ प्रसङ्गतः स्वनिर्मित उदाहरणका केही लाभ प्रस्तुत गरिन्छः—

(क) यस किसिमको उदाहरण सुलभ हुन्छ र कतै खोज्नुपर्ने परिश्रमबाट मुक्ति मिल्छ । फलतः व्ययभार कम पर्छ र कोशसम्पादन निकै चाँडो सम्पन्न गर्न सकिन्छ ।

(ख) कोशकार संबन्धित भाषाको प्रथमभाषी भएमा यस किसिमको उदाहरणमा गल्ती हुने अवकाश प्रायः रहँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) यसलाई आवश्यक संनिधानात्मक घटक रहेको उद्दिष्ट अंश राखी छोटो र छरितो बनाउन सकिन्छ, तर उद्धरणमा यस्तो स्वतन्त्रता हुँदैन ।

(घ) उद्धृत उदाहरणमा उद्दिष्ट कोशीम वा कोशिय एकाइको सम्पूर्ण प्रजनन-सामर्थ्य ध्रुवीकृत हुन्छ भने स्वनिर्मितमा यस किसिमको सामर्थ्य सदैव मौलाउने र झांगिने हुन्छ र विविधतालाई समेट्छ ।

(ङ) स्वनिर्मित उदाहरणमा उत्तरोत्तर विकसित अर्थच्छायाहरू जीवन्त रूपमा समाविष्ट हुन्छन् तर उद्धृतमा यस्तो संभावना रहँदैन ।

(च) स्वनिर्मित उदाहरणलाई संवन्धित भाषाभाषी सूचकद्वारा परीक्षण र संपरीक्षण गराई अद्यावधिक र सुसंगत वनाउन सकिन्छ । तर उद्धृतमा यो संभव नभई एकलकाटे र जेमन्त प्रयोग हुनसक्छ ।

(आ) उद्धृत उदाहरणः—

यो उद्दिष्ट कोशीय एकाइ प्रयोग भएको कुनै कृतिमा आधारित संरचना हो । प्रयोगका दृष्टिले यो निकै प्रामाणिक भएकाले कोशकार अथक परिश्रमद्वारा यस किसिमको प्रयोगलाई कोशमा समावेश गर्छन् । कोशमा उद्धृत उदाहरणको प्रयोग आधुनिक कोशको प्रमुख विशेषता हो र विश्व-विख्यात कोशहरू यसका प्रयोगमा आधारित छन् । यसैले के भन्न सकिन्छ भने उद्धृत उदाहरण शब्दकोशको ज्यान हो, यसको प्रयोग विना विधान गरिएको कोश लहडीको खेलौना, तथ्य वा प्रमाणको याचना, बौद्धिक दरिद्रताको विलौना हो । वास्तवमा यस किसिमको उदाहरण नभएको ग्रन्थ शब्दकोष नभई शब्दसंग्रह मात्र हो । यस संवन्धमा हिन्दी कोशकार रामचन्द्र वर्मा भन्छन्, "जहाँसम्म हुनसक्छ, प्रामाणिक ग्रन्थबाट नै उदाहरण दिइनुपर्छ ।"[२०]

कोषमा यस किसिमको उद्धरण प्रयोग गर्दा उपर्युक्त स्थान निर्देश गर्नुपर्छ, त्यस सम्वन्धमा पनि कोशकार सुपरिचित हुनु आवश्यक छ । यसै गरी कोशकारले कोषका निम्ति प्रयोग गर्ने उद्धरण चयन गर्दा यी कुरामा समेत ध्यान दिनुपर्छ (क) कुनै कोशिमको सम्बन्धित भाषामा पाइने प्रथम प्रयोग (ख) कुनै शब्दको विविध अर्थगत प्रथम प्रयोग (ग) कुनै कोशिमको विविध अर्थच्छाया व्यक्त गर्ने प्रयोग (घ) कुनै कोशिमको आखिरी प्रयोग ।

यस परिप्रेक्ष्यमा शब्दकोषमा निर्देश गरिने प्रस्तुत उदाहरणबाट हुने लाभका संवन्धमा पनि परिचर्चा गर्नु समुचित ठहरिन्छ । यस दृष्टिले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार गर्दा यसबाट निम्नाङ्कित लाभ हुने कुरा स्पष्ट छ:—

(क) उद्धृत उदाहरण प्रामाणिक हुन्छ। तर कोशकारको उदाहरण जेमन्त र आधारहीन भई कपोलकल्पित हुनसक्ने हुँदा अध्येतामा भय र आशंका सदैव रहन्छ र मनमा कुनै संकोच नराखी ढुक्क बन्न सक्तैन।

(ग) यो उदाहरण आधिकारिक हुन्छ। कुनै शब्द जुन विषय क्षेत्रको हो उसै विषयको विज्ञद्वारा प्रयुक्त हुन्छ। कोशकारलाई सबै विषयको ज्ञाता स्वीकार नगर्दा हुने सन्देह यसमा रहँदैन।

(ग) यसले कोश र कोशकारमाथि विश्वास पैदा गर्छ। उद्धृत उदाहरणमा रहने प्रामाणिकता र आधिकारिकताले गर्दा प्रयोक्तामा उत्पन्न विश्वासको फलस्वरूप कोश र कोशकारमाथि पूर्णविश्वास र अनन्य श्रद्धा उत्पन्न हुन्छ।

(घ) स्वनिर्मित उदाहरणमा झैं यसलाई सूचकहरूद्वारा सत्यापन गर्नुपर्ने आवश्यकता रहँदैन। यो प्रकाशित कृतिबाट हुने हुँदा स्वतः सत्यापित हुन्छ।

(ङ) यसले वास्तविक क्षेत्रमा शब्दको प्रयोग देखाई वास्तविक अर्थ सुनिश्चित गर्छ र अर्थको अनन्त भ्रम र संभावनालाई परिसीमित गर्छ।

(च) यसले कुनै शब्दको आविर्भाव, प्रचलन र तिरोभाव संबन्धी जीवन– इतिहासलाई प्रामाणिक रूपमा अंकन गर्छ।

(११) चित्रांकन

कुनै कोशीय एकाइको वा कोशिमको अर्थ छर्लङ्ग पार्न पारिभाषीकरण र निदर्शनात्मक उदाहरणका अतिरिक्त प्रयोग गरिने चित्रमय वा रेखामय उदाहरणलाई चित्रांकन भनिन्छ। यो कोशीय एकाइको अर्थ विधान गर्ने निकै प्रभावशाली विधि हो।

यद्यपि कुनै कोश सम्पादन मण्डलले चित्रांकनलाई उति महत्त्व दिएको देखिन्न तथापि चित्राङ्कन आधुनिक कोशपद्धतिको महत्त्वपूर्ण अभिलक्षण मानिन्छ। यसैले विशेषतः अमेरिकाली कोशप्रकाशक चित्राङ्कनलाई निकै महत्त्व दिन्छन्। उदाहरणार्थ, **वेब्स्टर्स न्यू इन्टरनेशनल डिक्शनरी** (१९३७, इ० सं०) मा २३ किसिमका पुतलीका चित्र छन्। **अक्सफोर्ड एडभान्स लर्नर्स डिक्शनरी अफ करेन्ट इङलिश** (१९८१ ई०, भारतीय संस्करण) – ले पनि पुतलीको चित्रसँगै 'प्युपा' र 'लार्भा' को पनि चित्राङ्कन गरेको छ। यति मात्र होइन, कतिपय कोशले चित्राङ्कन नै कोशको महत्त्वपूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषता उल्लेख गर्दै विज्ञापन गरेका छन् भने बालकोशको ज्यान नै चित्राङ्कन मानिन्छ। यिनै सन्दर्भलाई लिएर कत्रेले भनेका छन्, "ती स्थितिमा जहाँ वैज्ञानिक परिभाषा र सूक्ष्म वर्णनको आवश्यकता हुन्छ, बहुधा चित्र, रेखाचित्रको समावेशले अध्येताको रुचिलाई तीव्र पार्छ तथा परिभाषालाई मूर्त रूप दिन्छ। फोटोग्राफ त्यसलाई प्रामाणिकताले समृद्ध पार्छ।"[२१]

यसरी कोशमा चित्राङ्कन अतीव महत्त्वपूर्ण सामग्री मानिए तापनि नेपाली शब्दकोशका क्षेत्रमा चित्राङ्कनको नितान्त अभाव छ।

वस्तुतः चित्राङ्कन अर्थविधानको एउटा महत्त्वपूर्ण तरिका हो। अनेकौं शब्द र वाक्यले व्यक्तयाउन नसकेको कुरा एउटा सानो चित्रले स्पष्ट पारिदिन्छ। उदाहरणार्थ 'हात्ती'–को अर्थविधानमा परिभाषीकरण व्याख्या र उदाहरण उति सफल हुँदैनन् जति हात्तीको चित्र सफल हुन्छ। यसैले कोशगत अर्थविधानका सन्दर्भमा चित्राङ्कन निकै प्रभावकारी सशक्त र सफल माध्यम मानिन्छ। यसरी कोशमा चित्राङ्कन अतीव महत्त्वपूर्ण मानिन्छ तापनि कोशका जस्तोसुकै हरेक प्रविष्टिमा यो उत्तिकै सार्थक, संभाव्य र सुसंगत नहुने भएकाले यसको प्रयोगका सन्दर्भमा विभिन्न कुरा अवधेय छन्। तल यस सम्बन्धी केही चर्चा गरिन्छः—

(क) साधारण शब्दकोशमा भन्दा शैक्षिक शब्दकोशमा र त्यसमा भन्दा पनि बाल– शब्दकोशमा चित्राङ्कनको बेसी उपयोग र व्यवस्था गर्नुपर्छ र तिनको प्रयोगमा पनि विशेष सावधानी राख्नुपर्छ।

(ख) लिखित स्रोतीय भाषामा भन्दा मौखिक स्रोतीय भाषामा चित्राङ्कनको अत्यधिक महत्त्व छ, किनभने यसबाट स्थानीय र आञ्चलिक वस्तुको आकार–प्रकार चिनाउन विशेष सहयोग प्राप्त हुन्छ।

(ग) मौखिक र लिखित दुवै स्रोतीय भाषामा पनि विलक्षण वनस्पति र जन्तुको अर्थविधानका सन्दर्भमा तद्गत स्थानीय र आञ्चलिक विलक्षणताले गर्दा परिभाषीकरण सर्वग्राह्य नभई दुरुह बन्न जान्छ। त्यस परिस्थितिमा परिभाषीकरणका साथै चित्रविधान गरिएमा कोशले प्रयोक्ताका लागि त्यस वस्तुको स्वरूप ठम्याउन सजिलो पार्छ।

(घ) यसै गरी सांस्कृतिक वस्तुको परिभाषीकरणमा पनि चित्र नितान्त आवश्यक मानिन्छ। उदाहरणार्थ 'बाजा' शब्दको अर्थविधानमा सांस्कृतिक पृष्ठभूमि अनुसार विविध बाजाहरूको चित्रविधान आवश्यक हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) यसरी नै संबन्धित भाषिक समुदायका सन्दर्भमा अलग्ग वा विरललभ्य वस्तुको पनि चित्रविधान हुनुपर्छ । उदाहरणार्थ नेपाली शब्दकोशको प्रविष्टिमा कङ्गारु, उँट आदिको चित्र अत्यावश्यक मानिन्छ ।

(च) चित्रविधान मूर्त वस्तु जनाउने शब्दको अर्थविधानमा मात्र सीमित नभई क्रियात्मक शब्द आदिमा पनि उपयोग गर्न सकिन्छ । उदाहरणार्थ, 'नमस्कार', 'ताली', 'शवासन', 'स्वस्तिक' आदि शब्दमा पनि चित्रको प्रयोग गरिन्छ ।

(छ) यस्तै नवनिर्माण र नवनामाकरण गरिएका वस्तु जनाउने शब्दको अर्थविधान गर्दा चित्र दिनु निकै आवश्यक मानिन्छ । उदाहरणार्थ 'दूरदर्शन' भीमसेन स्तम्भ शब्दमा सो जनाउने चित्रविधान निकै महत्त्वपूर्ण ठहरिन्छ ।

(ज) कोशमा समष्टिगत वा समग्र वा सग्लो चित्र प्रस्तुत गरी तिनका विभिन्न अङ्ग वा भाग चिनाउनु पर्दा ती अङ्ग वा भागलाई क्रम संख्यामा अंकन गर्नु पर्छ र तदनुरूप परिभाषीकरण र व्याख्या गरिनुपर्छ । उदाहरणार्थ प्राणी वा यन्त्रहरूको सम्पूर्ण चित्र प्रस्तुत गरी तिनका अङ्ग वा भाग निर्देश गर्दा क्रमसंख्या अङ्कन गर्नु आवश्यक छ ।

(झ) चित्राङ्कनका सन्दर्भमा प्रस्तुत चित्रात्मक वा रेखात्मक उदाहरणहरूको महत्त्वपूर्ण भाग वा अंश निर्देश गर्न वाण तथा रंग आदिको उपयोग गर्नु पर्छ ।

(ञ) कुनै अनेकार्थी शब्दको अर्थगत चित्रविधान गर्दा विभिन्न अर्थमध्ये कुनै अर्थको लागि चित्रविधान गरिएको हो त्यही अर्थ जनाउने शीर्षक चित्रमा अंकित गरिनुपर्छ । उदाहरणार्थ पुतली शब्दको अर्थ दिंदा खेलौना अर्थमा खेलौनाको चित्र, आँखाको नानी अर्थमा त्यसको चित्र र शरीरभन्दा ठूला पखेटा हुने, फूलहरूमा चहार्ने रंगीबिरंगी किसिमका कीरा जाति अर्थमा सोको चित्र दिनुपर्छ ।

(ट) निर्दिष्ट चित्र स्वाभाविक र सुसंगत हुनुपर्छ, अनावश्यक विस्तार भएमा उद्दिष्ट प्रयोजन नै अपूर्ण र भ्रामक हुनसक्छ । उदाहरणार्थ 'तारा' शब्दको चित्राङ्कनमा जून समेत समावेश गर्दा सन्देहास्पद स्थिति सिर्जना हुनसक्छ ।

समष्टिमा के भन्न सकिन्छ भने कोशीय अर्थविधानका सन्दर्भमा अर्थ स्पष्ट पार्ने अर्थविधान परिभाषीकरण आदि तरिका अपर्याप्त हुने र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चित्रविधान चाहिं पर्याप्त र प्रभावशाली हुने जुनसुकै शब्दको प्रविष्टिमा चित्राङ्कन सुसंगत र अत्यावश्यक हुन्छ ।

[ग] उत्तर भागः–

मूलभाग र त्यसको पूर्ववर्ती भागमा राख्न नमिल्ने वा कोशीय प्रविष्टिभन्दा विलक्षण र विशिष्ट रूप र शैलीमा गरिने सन्दर्भ–सामग्रीहरू रहने पश्चवर्ती भाग नै कोशको उत्तर भाग हो । यसमा मूलभागका सामग्रीलाई विशेष प्रकाश पार्ने वा मूल प्रविष्टिभन्दा विलक्षण रूप र शैलीमा प्रस्तुत गरिने सामग्री, थप–सामग्री वा संवद्ध अन्य विवरण, तालिका, नक्शा, ज्ञान–विज्ञानका विभिन्न शाखामा प्रयुक्त महत्त्वपूर्ण प्रतीक, सङ्केत वा चिह्नहरू समाहित गरिएका हुन्छन् । कोशमा यस भागलाई परिशिष्ट भनिन्छ र यो सामान्यतः अवशिष्ट वा पूरक सामग्री र विवरणलाई संनद्ध गरिने जगेडा भाग हो । कतिपय कोशमा यस भागको प्रावधान नै हुँदैन भने कतिपयमा चाहिं कोशीय विकासक्रम संवन्धी लेख समेत यसमा राख्ने गरेको पाइन्छ । उदाहरणार्थ **नेपाली बृहत् शब्दकोश** (२०४०)–मा परिशिष्ट नै छैन भने **प्रशासकीय तथा कानूनी शब्दकोश** (२०४१)–मा 'कोशको नालीवेली' जस्ता लेख पनि परिशिष्टमा पाइन्छ ।

यसरी हेर्दा कोशमा यो भाग निकै स्वतन्त्र जस्तो प्रतीत हुन्छ तापनि उपयोगिताका दृष्टिले कोशमा रहने यस भागको प्रयोजन र औचित्य चाहिं अनुपेक्षणीय ठहरिदैन किनभने मूलभागको स्वरूप र प्रस्तुतीकरण पक्षभन्दा विलक्षण र कोशगत उद्देश्यका सहचारी वा मूलभागमा विकीर्ण किन्तु प्रकारान्तरण र विन्यासान्तरणवाट संप्रेषणीय सामग्रीलाई सन्निवेश गर्ने प्राविधानका लागि भने यो अपरिहार्य नै बन्छ । यसैले अमेरिकाली कोशसम्पादन पद्धतिमा यसको निकै उपयोग गरिएको पाइन्छ । यस किसिमका कोशहरूमा विभिन्न शब्दको कोशीय स्वरूपका दृष्टिले वर्णन तथा वर्गीकरण गरिएको लेख र कोशवैज्ञानिक अभिलक्षणहरू यस अन्तर्गत सन्निविष्ट पाइन्छन् । यसरी महत्त्वपूर्ण कोशहरूमा आवश्यकतानुसार परिशिष्ट राखिएको पाइन्छ र वेग्लावेग्लै किसिमका विविध सामग्री राख्नुपर्ने भएमा यस भागलाई परिशिष्ट क, ख, ग आदि गरी छुटचाएर राख्न पनि सकिन्छ । सामान्यतः शब्दकोशका यस भागमा तलनिर्दिष्ट सामग्रीहरू पर्दछन् :–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) संक्षेप-शब्दको सूची ।
(ख) व्युत्पादन नियम र उदाहरणको सूची ।
(ग) विभिन्न नाप-तौलका एकाइहरू ।
(घ) संवत्सर, महिना, वार, राशि, नक्षत्रहरूको सूची ।
(ङ) समयका एकाइहरू ।
(च) संख्यात्मक एकाइहरू,
(छ) छपाइ शुद्धिका नियम र चिह्नको सूची
(ज) समान-धातुमूलीय शब्द-सूची ।
(झ) अभिनव विभिन्न स्रोतका प्राविधिक शब्दको सूची ।
(ञ) विभिन्न मान-पदवी, तक्मा, अलङ्कारहरू ।
(ट) जङ्गी दर्जा र श्रेणी
(ठ) महत्त्वपूर्ण पुरस्कार र संस्थाको नामावली ।
(ड) गणितशास्त्रका चिह्नहरू ।
(ढ) समान क्रियामूलका विभिन्न लाक्षणिक वाक्यांशहरूको सूची ।
(ण) प्रचलित उखान-टुक्काको सूची ।

यसरी दृष्टिगत गर्दा शब्दकोशको सामान्य स्वरूपलाई मुख्यत: तीन भागमा बाँड्न सकिन्छ यद्यपि शब्दकोशको मूलस्वरूप भने मूल भाग नै हो । अत: के भन्न सकिन्छ भने कोशसम्पादनको सम्पूर्ण लक्ष्य, आयोजना र क्रियाकलापको फलोद्गम पनि मूलभागमा केन्द्रित हुन्छ र यही नै कोशकारको वास्तविक साध्य हो ।

प्राचीन र आधुनिक स्वरूपको तुलना—

पूर्वी र पश्चिमी जगत्मा नै कोशसंबन्धी सुदीर्घ र समृद्ध परम्परा रहेको कुरा सर्वविदित छ । कोशको प्रथम प्रवर्तन र अति प्राचीन स्वरूपका दृष्टिले पूर्वीय जगत् यस क्षेत्रमा गरिमामय बनेको छ भने नूतन आयाम र अत्याधुनिक स्वरूपका दृष्टिले पश्चिमी जगत् अतीव महिमामय बनेको छ । तर जहाँसम्म विकासको कुरा छ पूर्वी र पश्चिमी दुवै कोशपरम्परा आआफ्नै गति र परिधिमा हुर्किएका र कोश विज्ञानका क्षेत्रमा आधुनिक युगको प्रवेशसम्म नै यिनीहरू छुट्टाछुट्टै परम्परा लिएर विकसित भएका पाइन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशवाङ्मयको लामो ऐतिहासिक विकासक्रम पछि उन्नाईसौं शताब्दीले नयाँ मोड प्रदान गर्छ । यसै शताब्दीमा पश्चिमी विद्वान्हरूबाट समेत पूर्वीय वाङमयमा निकै महत्त्वपूर्ण कोशहरू निर्माण गरिन्छन् । अठारौं शताब्दीको उत्तरार्द्धमा अंग्रेजी कोशकार सेमुअल जोन्सनले कोश विधानका क्षेत्रमा प्राप्त गरेका उपलब्धीहरूले पनि यस शताब्दीलाई निकै प्रभावित पारेको पाइन्छ । फलतः पश्चिमी तथा पूर्वी दुवै वाङमयमा कोश–निर्माणका लागि नयाँ नयाँ आयामहरू थपिन्छन् । यिनै पृष्ठभूमिमा कोशका लागि सुनियोजित सुदृढ र वैज्ञानिक विधिविधानको स्थापना हुन्छ । यिनै विशेषता-हरूले गर्दा कोशविज्ञानका क्षेत्रमा युगान्तरको आरम्भ हुन्छ र आधुनिक युगको सूत्रपात हुन्छ ।

यसरी कोश विकासक्रमलाई पर्यावलोकन गर्दा स्पष्टतः यसमा दुई युग देखापर्छन् (१) उन्नाईसौं शताब्दीदेखि भाषाविज्ञानको नयाँ विकाससँगै हुर्किएको कोशीय विशेषतायुक्त आधुनिक युग र (२) त्यसभन्दा पूर्ववर्ती प्राचीन युग । कोशविज्ञानको क्षेत्रमा स्पष्टतया परिलक्षित यी दुई युगका मुख्य विशेषताहरूलाई पूर्वी तथा पश्चिमी कोशीय जगत्को क्रमशः संस्कृत र अंग्रेजी भाषालाई प्रतिनिधि बनाई यस प्रकार उल्लेख गर्न सकिन्छः–

(१) अनुक्रम– कोशका लागि चयन गरिएका प्रविष्टिहरूलाई कुनै निश्चित आनुपूर्वीमा क्रमबद्ध गर्नु अनुक्रम हो । यससन्दर्भमा आरम्भतः पूर्वी तथा पश्चिमी दुवै कोशक्रमलाई समीक्षा गर्दा के स्पष्ट हुन्छ भने प्रारम्भिक कालमा पौर्वात्य तथा पाश्चात्य दुवै भूभागमा अनुक्रम पद्धति प्रायः समान थियो । प्राचीन कोशहरू सबै देशहरूमा वर्गपद्धति अँगालेर निर्माण गरिएका पाइन्छन् । परन्तु कोश साहित्यमा आधुनिक युगले प्रवेश गरेपछि वर्णानुक्रम वा अक्षरानुक्रम नै कोशजगत्मा सर्वमान्य पद्धति बन्यो । अहिले वर्णानुक्रम पद्धतिलाई 'कोशपद्धति' भनिन्छ । वास्तवमा यही वर्णानुक्रम पद्धति नै आधुनिक कोशको अत्यावश्यक अङ्ग हो । त्यसैले अकारादिक्रम, वर्णानुक्रम, कोशक्रम वा कोशपद्धति आधुनिक अनुक्रमका पर्यायवाची शब्द हुन् । यसै सन्दर्भमा के भन्न सकिन्छ भने पर्यायवाची कोश जस्ता केही अपवाद क्षेत्रलाई छोडेर अन्य अशेष आधुनिक कोशहरूमा यही वर्णानुक्रम नै अनिवार्यतया प्रयुक्त छ । यसैले प्रविष्टिमा पाइने वर्गपद्धति र वर्णानुक्रम प्रद्धति क्रमशः प्राचीन र आधुनिक कोशका प्रथमदृष्टया साक्ष्य प्रतीत हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अतः शब्दकोशहरूमा प्रविष्टि सूचीवद्ध गर्ने वर्ग, वर्णानुक्रम, अक्षरसंख्या, सुर, व्युत्पत्ति जस्ता विभिन्न पद्धतिमध्ये वर्णानुक्रम नै आधुनिक कोशलाई छुट्टयाउने सर्वमान्य भेदक वैशिष्ठय हो ।

(२) प्रविष्टिचयन– प्राचीन र आधुनिक कोशमा पाइने अर्को भेदक अभिलक्षण प्रविष्टिचयनमा छ । पौर्वात्य तथा पाश्चात्य दुवै जगत्का प्राचीन कोशहरू कठिन शब्दलाई सरल शब्दले बुझाउने उद्देश्यले निर्मित भएका पाइन्छन् । प्राच्य जगत्मा संस्कृत वाङमयका निघण्टुहरूमा जति शब्द संग्रहित छन् ती सबै वैदिक साहित्यका कठिन शब्द हुन् र यी निघण्टु अनि निरूक्तका उद्देश्य पनि वैदिक पाठहरूलाई सुबोध गराउन शब्दार्थज्ञानमा सहयोग पुऱ्याउनु हो । प्रतीच्य जगत्मा पनि शब्दसूचीका रूपमा रहेको आरम्भिक कोशको उद्देश्य ल्याटिनका कठिन शब्दहरूलाई सरल शब्द दिएर अर्थ खुलाउनु थियो र यही उद्देश्यबाट विकसित भएर शब्दकोश–निर्माण भएको तथ्य प्रकट हुन्छ । यसबाट के पनि छर्लङ्ग हुन्छ भने अंग्रेजी कोश–विज्ञानको विकास पनि मुख्यतः ल्याटिन शब्दसूची वा ग्लोसेजबाट सरल शब्द दिने प्रयोजन लिई विकसित भएको हो । परन्तु आधुनिक कोश कठिन शब्द–को प्रविष्टिचयनमा मात्र सीमित छैनन् । यी कोशमा सरलतम शब्दलाई पनि समाहित गरिएको हुन्छ । अतः के स्पष्ट हुन्छ भने प्राचीन कोशहरु कठिनशब्दमा सीमित छन् आधुनिक कोशहरु त्यसबाट मुक्त भएर संबन्धित भाषाका शब्दसम्पदामा केन्द्रित हुन्छन् ।

(३) आर्थी उपबन्ध– शब्दकोशको मूल उद्देश्य शब्दको सही र स्पष्ट अर्थ दिनु हो । यस किसिमको आर्थी कार्यका लागि कोशहरू संबन्धित शब्दको पर्याय,व्याख्या,उदाहरण,चित्र वा रेखाङ्कन प्रस्तुत गर्दछन् । यस दृष्टिले हेर्दा प्राचीन कोशहरू शब्दको पर्यायवाचितामा निर्भर र केन्द्रित देखिन्छन् भने आधुनिक कोशहरू पर्यायकेन्द्रिकताबाट विमुक्त भई व्यापक पद्धति अँगाल्दछन् । संस्कृत साहित्यका अमरकोश जस्ता प्राचीन कोशहरू मुख्यतः पर्यायवाची कोश हुन् । यस किसिमका कोशलाई समानार्थी कोश पनि भनिन्छ । यस्ता कोशमा समानार्थिताकै परिशिष्ट भागको रूपमा अनेकार्थी खण्ड पनि दिइएको हुन्छ । पद्यात्मक संस्कृत कोशमा अधिक विशाल ठहरिएको केशवको ‘कल्पद्रुम कोश’ (१६६० ई०) पनि पर्यायवाची नै छ ।

आधुनिक कोशहरू पर्याय वा समानार्थी शब्द निर्देश गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परामा मात्रै केन्द्रित छैनन् । कोशमा आर्थी उपबन्धअन्तर्गत व्यापक पद्धतिको उपयोग गर्नु नै आधुनिक कोशको परिचायक विशेषता हो। यद्यपि आधुनिक कोशमा पनि पर्याय दिने परम्परा प्रचलित छ, तथापि पर्याय वा समानार्थितामा बढी निर्भर हुने परम्परामा चाहिं ह्रास भएको छ । तर पर्याय वा समानार्थी शब्द दिने जस्ता विशेष उद्देश्यले निर्मित कोशमा भने पर्याय-वाचिता संबन्धित कोशीय उद्देश्यनियन्त्रित विशेषता हुन्, यस किसिमका उदाहरणले कोशमा निहित आधुनिकता उपेक्षित हुँदैन । पश्चिमी जगत्मा पनि प्राचीन कोशहरू समानार्थी शब्दमा नै केन्द्रित पाइन्छन् । ई० १६०४ मा प्रकाशित रबर्ट काउड्रेको कोश **'टेबुल अल्फाबेटिकल अफ हार्डवर्डस्'** तथा ई० १६१६ मा प्रकाशित जान बुलोकरको **'ऐन इङ्लिश एक्पोजिटर'** नामक कोशहरू यसका उदाहरण हुन् । अतः यस किसिमको आर्थी उपबन्धलाई पनि प्राचीन र आधुनिक कोशको विभेदक विशेषता मान्न सकिन्छ ।

(४) व्याप्ति– यहाँ व्याप्ति भनेर कोशमा शब्दसङ्कलनले ढाकेको परिधिलाई लिइएको हो । यस किसिमले विचार गर्दा प्राचीन कोशहरूको परिधि विस्तीर्ण दृष्टिगोचर हुँदैन । प्राचीन कोशको उद्देश्य नै विशेषतः कठिन शब्दको निर्वचन, सरलार्थ वा टिप्पणी भएकाले ती कोशहरूमा सर्व-साधारण वा चलनचल्तीका शब्दहरूको क्षेत्र उपेक्षित रहेको छ । त्यसै गरी शब्दभेद र व्याकरणिक कोटिका दृष्टिले पनि ती कोशहरू प्रायः नाम तथा तिनको लिङ्गसम्बन्धी सूचीविधानमा नै सीमित देखिन्छन् । संस्कृत साहित्यमा अमरसिंहको 'अमरकोश' भनिने **'नामलिङ्गानुशासन'** (पाँचौं शताब्दी) हलायुधको **'अभिधानरत्नमाला'** (दशौं शताब्दी), धनञ्जयको **'नाममाला'** (एघारौं शताब्दी) रूपचन्द्रको **'रूपमंजरी नाममाला'** (सोह्रौं शताब्दी) हर्ष-कीर्तिको **'शारदीयाख्या नाममाला'** (सोह्रौं शताब्दी उत्तरार्ध) आदि कोशहरू यसै विशेषताका उद्घोषक रहेका छन् ।

सर्वप्राचीन कोशकार यास्कले शब्दलाई नाम, आख्यात, उपसर्ग र निपात गरी चार भेदमा वर्गीकरण गरे पनि उपलब्ध 'निघण्टु' र 'निरुक्त' ग्रन्थहरू शब्दसङ्कलनका दृष्टिले संकीर्ण क्षेत्रको व्याप्तिभित्र कठिन वैदिक शब्दहरूको अर्थ स्पष्ट पार्ने सीमित परिधिमा नै आवृत्त छन् ।

यसै गरी पश्चिमी कोशपरम्परामा पनि आरम्भतः कठिन शब्दको सरलार्थ दिने सीमित उद्देश्यमा तदनुरूप लघुपरिधीय व्याप्ति लिएर सत्रौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शताब्दीसम्म नै स्पष्ट रूपमा यही व्याप्ति र पद्धतिलाई अँगाल्दछ । यो तथ्यलाई रबर्ट काउड्रेको '**टेबुल अल्फाबेटिकल अफ हार्ड वर्डस्** (१६०४ ई०) तथा जान बुलोकरको '**ऐन इङ्लिश एक्पोजिटर** (१६१६ ई०) जस्ता कोश-हरूले प्रमाणित गर्दछन् । यसबाट के स्पष्ट हुन्छ भने संबन्धित व्यावहारिक क्षेत्रका व्यापक परिधिलाई समेट्ने गरी विस्तृत व्याप्ति लिएर शब्दकोशको निर्माण अठारौं शताब्दीमा आधुनिक युगको उदयसँगै हुन्छ । अंग्रेजी कोश साहित्यमा सबै किसिमका शब्दको संकलन समावेश गर्ने कार्यको शुभारम्भ गर्ने प्रयास नथन बेलीको '**युनिभर्सल एटिमोलोजिकल इङ्लिश डिक्शनरी** (१७२१)–मा हुन्छ र यसैबाट अभिप्रेरित भएर अंग्रेजीका महान् कोशकार सेमुअल जान्सनले उनको शब्दकोशमा गर्दछन् ।

उपर्युक्त विवेचनबाट के स्पष्ट हुन्छ भने कोशीय शब्दसङ्कलनमा पाइने सर्वपक्षीय व्याप्ति आधुनिक कोशको अभिलक्षण हो र प्राचीन कोश-हरूमा अल्पपक्षीय मात्र पाइन्छ । परन्तु कुनै ज्ञानविज्ञानका विशिष्ट विषय वा शाखामा आधारित कोश तथा भाषिका, विपर्याय आदिका विशेष कोशका प्रकारले भाषिक क्षेत्रको सर्वपक्षीय शब्दहरूलाई समाविष्ट मानिँदैन र सामान्य कोशमा झैं शब्दसङ्कलनमा विविध–क्षेत्रीय सर्वगतया अभीष्ट पनि ठहऱ्याइँ-दैन । यस्ता विशेष कोशका अतिरिक्त यदि सामान्य वा साधारण कोशमा संबन्धित भाषाको विविध पक्षीय प्रतिनिधित्व हुन नसकेमा त्यसमा सबै प्रकारका शब्दहरूको व्याप्ति नहुँदा आधुनिकता विचारणीय हुन आउँछ । आधुनिक साधारण वा सामान्य कोशले, आकारमा सानो वा ठूलो जे भए पनि, आयामका दृष्टिले संबन्धित वक्ताका विविध गतिविधि र क्रियाकलापलाई व्यापक रूपमा परिक्रमा गरेको हुन्छ र विस्तारित बनेर जीवनका सम्पूर्ण पक्षलाई व्याप्त गरेको हुन्छ । अतः सामान्य शब्दकोशमा पाइने सापेक्ष व्याप्तिलाई पनि प्राचीनता र आधुनिकताको विभेदक अभिलक्षण मान्न सकिन्छ ।

(५) प्रकारगत विविधता– प्राचीनकालमा पाइने कोशहरू विविध प्रकारका छैनन् । पश्चिमी कोश साहित्य अन्तर्गत अंग्रेजीमा विभिन्न किसिम-का कोश आधुनिक युगमा नै आएर निर्मित भएका हुन् । यसभन्दा पहिले एकै किसिमको सामान्य कोश उपलब्ध हुन्थ्यो र क्षेत्र तथा आकारका दृष्टिले पनि कोशमा लघुता परिलक्षित हुन्थ्यो । त्यस वेला, कोशहरू केवल शब्दार्थ प्रतिपादन गर्दथे र कोशहरूको नाम पनि 'टेबुल अल्फाबेटिकल' (शब्द-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सारिणी) 'ग्लासेरियम' (शब्दार्थसूची), 'एनस्पोजिटर अफ हार्डवर्ड्स्' (क्लिष्ट शब्दव्याख्याता) आदि रहेका हुन्थे ।

पौर्वात्य संस्कृत कोश साहित्यमा भने वैद्यक, निघण्टु र सामान्य कोश जस्ता केही प्रकार पाइए तापनि भाषा, साहित्य, वास्तुकला, दर्शन आदि विविध ज्ञान–विज्ञानका क्षेत्रमा पारिभाषिक, प्राविधिक आदि विशेष-कोशहरू उपलब्ध हुँदैनन् । यहाँ पनि प्राचीनकोशहरूको नाम 'नामलिङ्गानुशासन,' 'अनेकार्थसंग्रह,' 'नाममाला,' 'अभिधानमाला' रहेकाले यी कोशमा शब्दसंग्रहको प्रधानता नै रहेको तथ्य स्पष्ट छ ।

कोश–साहित्यमा आधुनिक युग यही प्रकारगत विविधताका दृष्टिले अत्यन्त उर्वर बनेको छ । ज्ञान–विज्ञानका प्रत्येक शाखामा यसले प्रवेश गरिसकेको छ र यो सामान्य शब्दार्थमा मात्र सीमित नरहेर अत्यन्त व्यापक सूचनाको खानी बन्न पुगेको छ । वर्तमान युगमा शब्दकोश र विश्वकोश कुनै नौला प्रकार मात्र होइनन्, आज प्रत्येक ज्ञान–विज्ञानका शाखा प्रशाखामा विशेष कोशहरू निर्मित भइसकेका छन् । स्पष्ट छ, ज्ञानविज्ञानका सम्पूर्ण क्षेत्रमा विकसित भएको विशेषीकरणले कोशगत प्रकारलाई पराकाष्टा सहजै प्रदान गर्नेछ ।

(६) उपयोक्ता- प्राचीन कोशहरूको निर्माण विशिष्ट समुदायको उपयोगका लागि भएको हो । यसैले यी कोशहरू सर्वसाधारणका निम्ति लक्ष्य राखेर तयार गरिएका थिएनन् ।

अंग्रेजी कोशविज्ञानको इतिहासले के स्पष्ट पार्छ भने आरम्भमा कोशहरू ल्याटिन अध्येताहरू दृष्टिमा राखेर सिर्जन गरिएका थिए । आधुनिक अंग्रेजी कोशको शुभारम्भपछि मात्रै सर्वसाधारणका लागि पनि उपयुक्त हुने किसिमको लक्ष्य राखेर कोशविधान भयो । प्राचीन कोशहरूमा जान पाला ग्रेको 'एसक्लैरसिसमेन्ट **दला ल्याङग्वेज फ्रँकोसे**' (१५३० ई०) हेनरी अष्टमकी बहिनी राजकुमारी मेरी ट्यूडरलाई फ्रेञ्च सिकाउने उद्देश्यले निर्मित हो र राबर्ट काउड्रेको **टेबुल अल्फाबेटिकल** संभ्रान्त एवं अध्ययनशाली महिला तथा अल्पज्ञ व्यक्तिहरूको लागि समर्पित गरिएको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने प्राचीन कोशहरू केही शिशिक्षु तथा अल्पशिक्षित सीमित वर्गको सीमित क्षेत्रमा उपयोगका लागि निर्माण गरिएका हुन् र यी प्राज्ञिक तथा सामान्य क्षेत्रका व्यापकवर्गलाई उपयोगी हुने उद्देश्यमा अग्रसर छैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै गरी पूर्वीय कोशपरम्पराका सन्दर्भमा संस्कृतका कोशहरुद्वारा लक्षित उपयोक्तालाई अवलोकन गर्दा धनञ्जयले 'कवीनां हितकाम्यया,' धरणीले 'कवीनां सुखहेतवे,' महेश्वरले 'कृपामुपेत्य सतां कवीनाम्' भनी उल्लेख गरिएको पाइन्छ। यसबाट पनि के निधो हुन्छ भने यी प्राचीन कोश. हरुमा पनि उद्दिष्ट विशेषवर्ग वा संबन्धित क्षेत्रका विशेषज्ञहरूका लागि विशेषतः आयोजित हुन्छ ।

(७) विधायन– कोशविधानमा पाइने व्यक्तिगत र साझेदारी तथा संस्थागत प्रयासलाई पनि प्राचीन र आधुनिक कोशकार्यमा भेदक अभिलक्षण मान्न सकिन्छ किनभने प्राचीन कोशहरू ऐकान्तिक रूपले एकाकी व्यक्तिमा निर्भर विधायन हो भने कोशविधानका क्षेत्रमा भएको विकासले गर्दा आधुनिक कोशहरू संस्थानिष्ठ सहभागिता अथवा समूहनिष्ठ सहभागिताको परिणति हो। वस्तुतः आधुनिक र विशेषीकरणको युग–विकासका साथै कोशविधान कार्यमा साझा र संस्थागत संलग्नताको अभिवृद्धि अत्यधिक रूपमा भएको छ। यसले गर्दा वर्तमान युगमा एकाकी वा व्यक्तिगत रूपमा कोशसम्पादन गर्ने प्रयास नै अपूर्ण ठहरिन थालेको छ ।

(८) संबन्ध स्थापना– प्राचीन कोश वैयक्तिक प्रयासका परिणति हुन् । यिनमा संबन्धित भाषाका सम्पूर्ण वाङ्मयसँग संबन्ध राख्ने र तिनबाट शब्द, वाक्य, उदाहरण आदि ग्रहण गर्ने प्रवृत्ति विकास भएको पाइन्न । सामान्यतः पुराना कोशहरू कोशकारका अनुभव र क्षमतामा निर्भर हुन्थे र यिनको साहित्यसँग पनि साक्षात् संबन्ध हुँदैनथ्यो ।

तर आधुनिक कोशको निर्माणभूमि संबन्धित भाषाका सम्पूर्ण साहित्य लगायत कथ्यसंसार पनि हो। आजको शब्दकोश दैनिक पत्रपत्रिकादेखि लिएर ज्ञानविज्ञानका क्षेत्रमा रहेका संबन्धित भाषाका कृतिहरूपर्यन्त पुगेको हुन्छ। यसले लिखित वाङ्मयका अतिरिक्त बोलचालको कथ्यसंसारलाई आत्मसात् गरेको हुन्छ । आजका कोशकार विभिन्न पेशाका जनजातिसँग सम्पर्क राखी समाजका विविध क्षेत्रबाट शब्दावली ग्रहण गर्दछन् । यसरी आधुनिक कोशले विशाल पृष्ठभूमिमा संबन्धित भाषाका समस्त लिखित–अलिखित साहित्य र ज्ञानविज्ञानका क्षेत्रसँग संबन्ध राखेको हुन्छ। यस दृष्टिले हेर्दा आधुनिक कोशकारलाई मौरीसँग तुलना गर्न सकिन्छ। जसरी मौरी सबै किसिमका फूलहरूलाई चुम्दछ, चुन्दछ र रसलाई कोश (घार)–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मा सङ्कलन गर्दछ, त्यसरी नै कोशकार पनि संबन्धित वाङमयका विविध फाँटमा चहार्दछ । त्यसैले आधुनिक कोश साहित्यिक एवं व्यावहारिक जगत्, सर्वसाधारण कुराकानीको क्षेत्र, सामाजिक र क्षेत्रीय भाषिका तथा उप-भाषिकाका फाँटमा प्रचलित शब्दलाई मात्र सङ्कलित गर्दैन अपितु विज्ञान, प्रविधि, कला, वाणिज्य, धर्म, कानून आदि सम्पूर्ण मानव जगत्का विचार र कार्यलाई समाहित गर्दछ ।

(९) प्रामाणिकताको आधार– यस दृष्टिले पनि प्राचीन कोश र आधुनिक कोशका आ–आफ्नै विशेषता छन् । प्राचीन कोशहरू व्यक्तिनिष्ठ हुनाले प्रामाणिकताको आधार पनि संबन्धित कोशकारमा रहने स्वतः स्पष्ट छ । यसबाहेक यी कोशहरूमा प्रतिपादित विषयवस्तुप्रति अन्य कुनै प्रमाण-प्रस्तुत गरिएको हुँदैन ।

परन्तु आधुनिक कोशमा कोशकार आत्मनिष्ठ प्रमाणको आधारमा कुनै विषयवस्तु प्रतिपादन गर्दैन । यसैले आधुनिक कोशमा कोशिम वा कोशीय एकाइ तथा तिनका विषयवस्तुको संबन्धमा प्रामाणिकता प्रतिपादन गर्न तत्संबन्धी प्रयोग, उदाहरण तथा ग्रन्थहरूलाई अङ्कित गरिन्छ । वास्तवमा आधुनिक कोशकार स्वकीय प्रमाणलाई उपेक्षा गर्छ र तद्व्यतिरिक्त परकीय प्रमाणको अपेक्षा गर्छ । अर्को शब्दमा भन्दा आधुनिक कोशकार कोशविधायक-का हैसियतले स्वनिर्मित प्रयोगलाई छोडेर अरू सबै प्रयोगलाई प्रामाणिक मान्छ र यसैका आधारमा कोशका विषयवस्तुलाई प्रमाणित गर्दछ । अर्को दृष्टिले हेर्दा आधुनिक कोशकार यथासम्भव सबै कोशीय विषयवस्तुलाई वस्तुगत रूपमा प्रमाणित गर्ने प्रयास गर्दछ र तदनुरूप बहुप्रचलित वा सर्वमान्य शब्दार्थका संबन्धमा पनि प्रमाण प्रस्तुत गर्दछ । यसैले आधुनिक कोशहरू संबन्धित भाषा–साहित्यसित घनिष्ठ संबन्ध राख्दछन् र प्रतिष्ठित साहित्यकारहरूको ग्रन्थहरूबाट प्रमाणहरू अनुसंधान गरी प्रस्तुत गर्दछन् ।

निष्कर्षमा, कोशकारले प्राचीन कोशमा जे कुरा प्रस्तुत गरेको हुन्छ, त्यसको प्रमाण ऊ स्वयम् रहेको हुन्छ । तर आधुनिक कोशकारले आफूलाई छोडेर सबैलाई प्रमाणको रूपमा उपस्थित गर्ने व्यवस्था मिलाई प्रमाण प्रस्तुत गरेको हुन्छ । अतः आत्मनिष्ठ आधार वा स्वतः प्रमाण र वस्तुनिष्ठ आधार वा परतः प्रमाणलाई क्रमशः प्राचीन र आधुनिक कोशको विशेषता मान्न सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) उदाहरण सामग्री– कोशका प्रविष्टिमा निहित शब्दलाई प्रयोगात्मक उदाहरणद्वारा परिपुष्ट पार्नु कोशविज्ञानको महत्त्वपूर्ण विशेषता हो । आधुनिक कोशकार कुनै पनि संगृहित शब्दलाई प्रयोगात्मक उदाहरण दिएर मात्र सन्तुष्ट हुन्छन् । साधारणभन्दा साधारण र प्रचलितभन्दा प्रचलित शब्दहरूलाई पनि आजका प्रसिद्ध र प्रतिष्ठित कोशहरूमा प्रयोग दिएर प्रमाणित गरिएको पाइन्छ । यसैले कोशीय शब्दको प्रत्येक अर्थलाई उदाहरण दिएर गरिने परिपुष्टि र आधुनिक कोश–विधान एक अर्काका परिपूरक विशेषता बनेका छन् । अतः उदाहरण सामग्री आधुनिक कोशविधानको जीवन हो ।

कोशमा निदर्शनात्मक उदाहरणको सन्निवेशका दृष्टिले प्राचीन कोश-साहित्यमा सिंहावलोकन गर्दा त्यहाँ यस किसिमको प्रयोगगत परिपुष्टि कोशीय विशेषताका रूपमा उपलब्ध हुँदैन । प्राचीन कोशहरू व्यक्तिनिष्ठ वा व्यक्तिविशेषमा सीमित कोशकार्य भएको र कोशकारबाट पनि संगृहित शब्दार्थको प्रमाणका लागि कुनै प्रयोगात्मक प्रमाण दिने व्यवस्था नगरिएकोले यी कोशहरूमा उदाहरण सामग्री प्रस्तुत गर्ने उपबन्ध थिएन । अंग्रेजी कोशसाहित्यमा साहित्यिक उद्धरण प्रस्तुत गर्ने परम्पराको आरम्भ नैथन बेलीले **'युनिभर्सल एटिमोलोजिकल इङ्ग्लिश डिक्सनरी'** (१७७१ ई०)–मा गर्छन् भने अंग्रेजी कोशकार सेमुअल जोन्सनले यसलाई कोशीय विशेषताका रूपमा विकास गर्छन् । यसैले कोशविधानमा आधुनिक युगको प्रवेशसँगै यो विशेषता हुर्कदै आएर अहिले महत्त्वपूर्ण विशेषताको रूपमा परिणत भएको छ । पूर्वीय संस्कृत कोश साहित्यमा पनि यो उदाहरण दिने परम्परा प्राचीन कोशहरूमा कोशीय वैशिष्ठ्यका रूपमा विकसित पाइन्न र आधुनिक कोशमा नै यो परम्परा समृद्ध पाइन्छ । मोनियर विलियम्सको **'ए संस्कृत–इङ्ग्लिश डिक्सनरी'** (१८७२ ई०), शिवराम आप्टेको **'प्राक्टिकल संक्रृत इङ्ग्लिश डिक्सनरी'** (१८८९ ई० तथा राधाकान्तदेवको **शब्दकल्पद्रुम** (आरम्भ– १८२२) आदि यस संबन्धी उदाहरण हुन् ।

(११) चित्राङ्कन र रेखाङ्कन– कोशविज्ञानमा चित्राङ्कन तथा रेखाङ्कनको अत्यधिक महत्त्व प्रतीत हुन्छ । विश्वकोशमा चित्राङ्कन, रेखाङ्कन, नक्शा, तालिका आदि अनिवार्य तत्त्वका रूपमा स्वीकारिएको छ भने शब्दकोशमा पनि यिनको उच्चतम उपयोगितालाई अङ्गीकार गर्न थालिएको छ । आधुनिक कोशविज्ञानसँगै शब्दकोशमा पनि चित्राङ्कन पद्धतिले प्रचुर प्रतिष्ठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्त गरेको छ र यसले आधुनिक कोशको विशेषताका रूपमा विशिष्ठ भूमिका अधिगत गर्न थालेको छ ।

वास्तवमा चित्राङ्कन कोशमा शब्दको अर्थाभिव्यक्ति गर्ने महत्त्वपूर्ण तरिका हो । हजारौं शब्दमा व्याख्या गर्दा नबुझिने कतिपय शब्दार्थलाई एउटै सानो चित्रले छर्लङ्ग पारिदिन्छ । भनिन्छ, एउटा ठेलीले प्रकट गर्न नसकेको कुरालाई एउटा चित्रले सजिलै स्पष्ट पारिदिन्छ । हात्ती नदेखेको व्यक्तिलाई हात्तीका संबन्धमा जति बयान गरे पनि वास्तविक आकृति स्पष्ट हुँदैन तर त्यसको सानो चित्राङ्कनबाट धारणा र आकृति स्पष्ट हुन्छ । शब्दकोशमा 'पुतली' शब्दको अर्थका लागि 'अनेक किसिमका र रङका हुने, शरीरको मूलभागभन्दा पखेटा ठूला हुने, उड्ने र फूलहरूमा बस्दै रसपान गर्दै गर्ने कीराहरूको जाति'[२२] भनेर निकै स्पष्टीकरण दिए तापनि चित्रले जति त्यसले चिनाउन सक्तैन । यसैले शब्दलाई अर्थ्याउने दुई पक्षमध्ये शाब्दिकमा कोशिमको परिभाषीकरण आदि हो भने अर्को पक्ष चित्रात्मक चाहिं चित्र हो । यसै गरी कतिपय क्षेत्रमा रेखाङ्कन, नक्शा, तालिका आदिले महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । यिनीहरूको माध्यमबाट एकै प्रक्षेपमा अत्यन्त जटिल कुरालाई पनि व्यक्त गर्न सकिन्छ । अतः आधुनिक कोशहरूमा चित्राङ्कनलाई विशेष प्रश्रय दिन थालिएको छ ।

परन्तु प्राचीन कालका कोशहरूमा चित्राङ्कन गर्ने पद्धति विकसित भएको पाइन्न । पूर्वी तथा पश्चिमी दुवै प्राचीन कोशसाहित्यमा चित्राङ्कनको महत्त्वलाई स्वीकार गरी शब्दकोशमा समावेश गर्ने तथा यसलाई कोशीय विशेषताको रूपमा अङ्गीकार गर्ने प्रवृत्ति देखा पर्दैन । यही परम्पराको प्रभावले गर्दा कतिपय कोशविधायकहरू आधुनिक युगमा पनि यस पद्धतिलाई उपेक्षा गर्दैछन् । नेपाली कोश-साहित्यमा अझै पनि चित्राङ्कन पद्धतिले ठाउँ पाउन सकेको छैन । तैपनि कोशहरूमा चित्राङ्कनको प्रचुर प्रभाव दिनप्रतिदिन अङ्गीकार गरिंदै छ र बालकोशहरूमा यसलाई अनिवार्य तत्त्वको रूपमा स्वीकार पनि गरिएको छ । यसरी यसले आधुनिक कोशको महत्त्वपूर्ण विशेषताको रूपमा भूमिका अधिग्रहण गर्दैछ र अमेरिकी कोशकारहरूले यसलाई अपरिहार्य रूपमा प्रयोग गर्न पनि थालेका छन् । आधुनिक कालका कतिपय कोशकारहरूले आफ्ना कोशका प्रमुख विशेषताका रूपमा यसलाई अघिसार्न पनि लागेका हुनाले आधुनिक वा विशेषतः समसामयिक शब्दकोशको अत्यावश्यक विशेषताका रूपमा अनुमोदन गरिएको कुरा परिलक्षित हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी प्राचीन र आधुनिक युगका कोशलाई तुलना गर्दा यी दुई किसिमका कोशहरूमा उपर्युक्त भेदक–अभिलक्षणहरू मुख्यतः पाइन्छन् ।

***

पादटिप्पणी

१. द्रष्टव्य–आर० एल० टर्नर, **ए कम्पेरेटिभएण्ड एटिमोलजिकल डिक्शनरी अफ नेपाली ल्याङ्ग्वेज**, लण्डन, १९३१ ई० ।

२. **नेपाली बृहत् शब्दकोश**, ने० रा० प्र० प्र०, काठमाडौं, २०४० पृ० १६–१८ ।

३. आर० ए० सिंह, **ऐन इन्ट्रोडक्सन टु लेक्सिकोग्राफी**, सी० आई० आई० एल०, १९८२ ई०, पृ० ३८ ।

४. **नेपाली बृहत् शब्दकोश**, पूर्ववत् ।

५. पूर्ववत् ।

६. वाल्टर डब्ल्यू स्कीट, "क्यानन्स् फर एटिमोलजी," **एन एटिमोलजिकल डिक्सनरी अफ द इंग्लिस ल्याङ्ग्वेज** (चतुर्थ संस्करण) लण्डन, १९१०ई० पृ. पूर्वभाग-xxviii ।

७. **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ० सम्पादकीय १८ ।

८. पूर्ववत्, पृ० सम्पादकीय १९ ।

९. पूर्ववत्, पृ० २३ ।

१०. युगेश्वर, **हिन्दी कोशविज्ञानका उद्भव और विकास**, भारतीय विद्या-प्रकाशन, वाराणसी, १९७१ ई०, पृ० ७३ ।

११. **नेपाली बृहत् शब्दकोश**, पूर्ववत्, पृ० २ ।

१२. पूर्ववत् ।

१३. पूर्ववत् ।

१४. कृष्णप्रसाद पराजुली (सं), **नेपाली उखान र गाउँखाने कथा**, ने० रा० प्र० प्र०, काठमाडौं, २०३९, पृ० १२ ।

१५. मोहनराज शर्मा, **शब्दरचना र वर्णविन्यास : भाषावैज्ञानिक पद्धति**, पा० वि० के०, काठमाडौं, २०३६, पृ० २८१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१६. एस० एम० कत्रे, **कोशविज्ञान**, हिन्दी अनु० सरोजिनी शर्मा, केन्द्रीय हिन्दी संस्थान, आगरा, १९८० ई०, पृ० ३५ ।

१७. एच० डब्ल्यू० फाउलर (सं०) द **कन्साइज अक्सफोर्ड डिक्सनरी**, प्रिफेस ।

१८. **नेपाली बृहत् शब्दकोश**, पूर्ववत् ।

१९. रामचन्द्र वर्मा, **कोशकला**, वाराणसी, २००९, पृ० ६ :

२०. पूर्ववत्, पृ० १० ।

२१. एस० एम० कत्रे, पूर्ववत्, पृ० ३३ ।

२२. **नेपाली बृहत् शब्दकोश**, पूर्ववत् ।

□

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय: पाँच

कोश–संपादन प्रक्रिया

कोश–सम्पादन अत्यन्त साधनामय गौरवमय र गम्भीर कार्य हो । यो अविरल, अविश्रान्त र त्यागमय तपस्याको परिणति हो । यसलाई प्राध्यापक डा० वल्लभमणि दाहालले 'अति गम्भीर झिंजोलाग्दो र कठिन कार्य' भन्नु भएको छ ।[1] यसै सन्दर्भमा कोशकार पारसमणि प्रधानले के अनुभव उल्लेख गर्नु भभको छ भने "सरस्वती र लक्ष्मीको वाससित हनुमान्को जाँगर हुनेले मात्र यस्तो कोश संग्रह गर्ने रहर गर्नुपर्ने रहेछ ।"[2]

कोश–सम्पादनलाई कोशविधान पनि भन्न सकिन्छ यो मौरीको कार्यसँग मिल्दोजुल्दो अनुष्ठान हो । जसरी मौरीले रनवन बारी–बगैंचा चाहर्दै विविध किसिमका रसहरू चुनीचुनी बटुलेर घार (कोश) – मा महको कूट बनाउँदछन् त्यसरी नै कोशकारले पनि संबन्धित वाङ्मयका प्रत्येक फाँटबाट अपेक्षित सामग्री जम्मा गरी संबन्धित कोशमा वाञ्छित प्रविष्टिको विधान गर्दछन् । यति मात्र होइन, जसरी मौरीद्वारा अतीव कठिनताका साथ संकलित र सम्पादित मह उपभोक्ताका परिप्रेक्ष्यमा अतीव हृद्य र सहज आस्वाद्य हुन्छ त्यसरी नै संबन्धित कोशकारद्वारा अतीव संकष्टका साथ संकलित र संपादित कोशीय एकाइ वा कोशिम उपभोक्ताका सन्दर्भमा काम्य र सहज संवेद्य हुन पुग्छ ।

यी माथिका प्रसङ्गबाट के स्पष्ट हुन्छ भने कोश सम्पादन गर्ने काम निकै कष्ट, समय, श्रम र व्ययबाट साध्य अनुष्ठान हो र यसमा महान् तपस्वी मात्र सफल हुन्छ । यो यस किसिमको गुरुतम र कठिनतम कार्य भएकोले कोशको समारम्भका लागि निकै सुदृढ र सम्यक् आधारशिला आवश्यक हुन्छ किनभने कोशको सफल र वैज्ञानिक सम्पादन त्यस संबन्धी सुनियोजित प्रक्रिया र विधिको सुचारू व्यवस्था र कार्यान्वयनमा निर्भर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) लिखित–स्रोतीय भाषा:–

यस प्रकारका भाषामा पनि शब्दकोशको प्रकार अनुरूप सामग्री संकलन गरिन्छ ।

(क) ऐतिहासिक शब्दकोशमा प्राचीन कालदेखि वर्तमान कालसम्मका उपलब्ध प्राचीन र आधुनिक साहित्यबाट सामग्री–संकलन गरिन्छ । यस प्रसङ्गमा प्राचीन साहित्यबाट सामग्री संकलन गर्दा प्रकाशित र अप्रकाशित दुवै किसिमका साहित्यलाई एकत्रीकरण गरी पाठविज्ञानको सहायता लिएर प्रथमतः ती दुवैको सम्पादन गर्नुपर्छ ।

(ख, वर्णनात्मक कोशविधान गर्दा लिखित स्रोतीय सामग्री आधुनिक साहित्यमा आधारित हुन्छ । यसमा विज्ञान, मानविकी तथा सामाजिकशास्त्र, प्रविधि र वहुप्रविधि, चिकित्साशास्त्र, व्यवस्थापनशास्त्र, कृषि शास्त्र, कानून आदि विविध क्षेत्रका साहित्यबाट सामग्री संकलन गरिन्छ । यसै गरी पत्रपत्रिका र रेडियो तथा टेलिभिजन जस्ता प्रचार र प्रसारका माध्यमबाट उपलब्ध हुने लेखरचना, वर्णन, विवरण, शब्दचित्र, समाचार आदि कोशीय एकाइका लागि उपयोगमा लिइन्छ ।

यस बाहेक, संबद्ध भाषामा शब्दकोशहरू पनि उपलब्ध छन् भने विधेय कोशका लागि कोशीय एकाइ वा कोशिम संकलन गर्न निकै गहकिलो स्रोत प्राप्त हुनेछ । यद्यपि यो अत्यन्त सौभाग्यमय अवसर हो किन्तु कोशकारले उपलब्ध कोशबाट यथावत् सामग्री ग्रहण गर्दा संपाद्य कोशमा त्रुटि रहने संभावना निकै प्रबल रहन्छ । यस्ता कोशहरू सावधान भई प्रयोग गरेमा चाहिं संबन्धित शब्दको अर्थ तथा अर्थच्छायाहरू किटान गर्न सुयोग प्राप्त हुन्छ ।

प्रस्तुत किसिमका भाषिक कोशनिर्माणका लागि सामग्री संकलन गर्न मौखिक वा अलिखित स्रोतीय भाषामा झैं उस्तो विकट समस्या सामना गर्नुपर्दैन । सामान्यतः यस्ता भाषाका कोशहरूका लागि संबन्धित साहित्यबाट **अवतरण विधि** अनुसार सुनियोजित रूपमा प्रामाणिक सामग्री संकलन गरिन्छ । व्यवस्थित किसिमले कुनै टिप्पनपत्तीमा संबन्धित साहित्यबाट कोशीय एकाइ र तिनका सन्दर्भहरू अंकित गर्ने प्रक्रिया **अवतरण विधि** हो । यस विधिमा सामान्यत: ४" × ३" को पत्ती प्रयोग गरिन्छ जसलाई पारिभाषिक रूपमा **कोश–पत्ती** भन्न सकिन्छ ।' अवतरण गर्दा संबन्धित साहित्यबाट कोशीय एकाइको रूपमा विभिन्न अंशहरू निकाली आवश्यक सन्दर्भ खुलाएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्त पत्तीमा अङ्कन गरिन्छ र तिनीहरूलाई यथानुक्रममा राखिन्छ । यसरी पत्तीहरूको व्यवस्थित अनुक्रम बन्दै जान्छ र समग्र सामग्रीको वर्णानुक्रममा संकलन तयार हुन्छ । यसरी क्रमबद्ध गर्नाले अर्को के पनि निश्चित हुन्छ भने उक्त पत्तीमा अंकित कुनै कोशीय एकाइ वा शब्द कति पटक आएको छ र कुन कुन अर्थमा आएको छ । परिणामतः कोशका लागि यथेष्ट रूपमा सन्दर्भ र अर्थ अभिव्यञ्जन गर्ने कोशीय एकाइहरूको संचित **अनुक्रमणिका** निर्माण हुन्छ । तर यस्तो अनुक्रमणिकामा रहने सन्दर्भ भने प्राञ्जल र अश्लिष्ट हुनुपर्छ अन्यथा संपाद्य कोश त्रुटिमुक्त हुन सक्तैन । यो पत्तीमा क्रमसंख्या समेत राखेमा अवतरण संख्या पनि ज्ञात गर्न सजिलो हुन्छ ।

कोशविधान चानचुने कार्य होइन । यसैले विधेय कोशका लागि कोश–पत्तीमा यसरी सामग्री संकलन गरिने कार्य पनि स्वल्प अवधिमै सिद्धिने काम नभई निकै लामो अवधि लिने अनुष्ठान हो । अतः यस्ता पत्तीहरू बहुमूल्य कोशीय सम्पत्ति हुन्, कोशविधानको अन्त्यकालमा पनि यिनको अपेक्षा यथावत् नै रहेको पाइन्छ ।

यसरी लिखित साहित्यबाट सम्पूर्ण कोशोपयोगी सामग्री तिनका अर्थ, ती अर्थका सन्दर्भहरू प्राप्त भएपछि तिनबाट अभीष्ट किसिमको कोश सम्पादनमा कठिनाइ नहुने कुरा स्वतःसिद्ध हुन्छ र कोशको प्रकृति अनुसार आवश्यक सामग्री ग्रहण गर्न सकिने कुरा पनि विवादरहित छ । यसै सन्दर्भमा प्रयोजनवश यदि हामीलाई ऐतिहासिक कोश निर्माण गर्नु छ भने जुन–जुन कृति वा साहित्यबाट सहयोग लिइएको छ ती र तिनका रचनाकाल अनुसार क्रमिक रूपले अनुक्रम तयार गरी उपयोग गर्न सकिन्छ । अनि यसै गरी वर्णनात्मक कोशविधान गर्दा पनि आवश्यकतानुसार यसबाट सामग्री लिन सकिन्छ ।

प्रस्तुत अवतरणले कोशका सन्दर्भमा साधारणतया दुई किसिमको कार्य निर्धारण गर्न आधार प्रस्तुत गर्दछः (क) सान्दर्भिक अर्थ (ख) प्रविष्टिका लागि कोशीय मूलरूप (Cononical form) ।

यसरी कोशमा अवतरणको महत्त्वपूर्ण उपादेयता रहेकाले यस प्रसङ्गमा अवतरणका सम्बन्धमा मोटामोटी चर्चा गर्नु वाञ्छनीय ठहरिन्छ । कोशीय एकाइका लागि विभिन्न स्रोतबाट गरिने विविध क्षेत्रसँग संबद्ध संकलनका आधारमा यसलाई प्रथमतः तलका दुई प्रकारमा विभाजन गर्न सकिन्छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१) सामान्य अवतरण:–

संबन्धित साहित्यबाट सामान्य क्षेत्रसित संबद्ध अर्थका लागि कोशीय एकाइहरूको संकलन गर्नु सामान्य अवतरण हो। उदाहरणार्थ कुनै कथा पर्वतारोहणसँग संबन्धित भए पनि त्यसबाट पर्वत, चट्टान, हिउँ आदि शब्दहरू संकलन गरेर तिनलाई विशिष्ट क्षेत्रसित संबद्ध प्राविधिक वा पारिभाषिक अर्थ नदिई सामान्य अर्थ प्रदान गरिन्छ।

(२) विशिष्ट अवतरण:–

विशिष्ट वा प्राविधिक क्षेत्रसित संबद्ध अर्थका लागि शब्द संकलन गर्नु विशिष्ट अवतरण हो। यसमा कुनै रसायनशास्त्र वा दर्शनशास्त्रको पुस्तकबाट त्यस क्षेत्रसँग संबद्ध शब्दहरू संकलन गरिन्छ। उदाहरणार्थ, मोक्ष, मुक्ति, पदार्थ, तत्त्व, घोल इन्डिकेटर, सूत्र अक्सिजन, कार्वोन, हाइड्रोजन इ०।

अवतरणलाई संकलन प्रक्रियाको प्रकृति र संबन्धति कृतिबाट गरिने संकलन–परिमाणका आधारमा वर्गीकरण गर्दा चाहिं यो दुई प्रकारको हुन्छः (क) समुच्चयात्मक र (ख) चयनात्मक।

(क) समुच्चयात्मक अवतरण – यसमा उद्दिष्ट भाषासँग संबद्ध कृतिमा प्रयुक्त समस्त अर्थलाई समाविष्ट गर्ने गरी कोशीय एकाइहरूको संकलन गरिन्छ। यस अनुसार कुनै कृतिमा रहेको समस्त शब्दलाई सम्पूर्ण सन्दर्भमा तबसम्म उतारिन्छ जबसम्म सन्दर्भगत अर्थ दोहरिंदैन। यसमा पूर्णतः शब्द ग्रहण गरिने हुनाले यसलाई कूल वा पूर्ण अवतरण पनि भनिन्छ।

(ख) चयनात्मक अवतरण– सामान्य अवतरणबाट कोशीय एकाइ अपर्याप्त भएका क्षेत्रमा सम्बन्धित कुनै कृतिबाट त्यस क्षेत्रसँग संवद्ध शब्दहरू छानी जम्मा गरिन्छ। यो कुनै कृतिबाट आवश्यकतानुसार वाञ्छित कोशीय एकाइ अवतरण गरिने विधि हो। यसमा अंशतः ग्रहण गरिने हुनाले यसलाई आंशिक अवतरण पनि भन्न सकिन्छ। उदाहरणार्थ लीलवहादुर क्षेत्रीको 'बसाइँ' उपन्यासबाट ग्रामीण किसानसँग संबद्ध शब्दहरू ग्रहण गर्नु यस किसिमको अवतरण हो।

(२) अलिखित स्रोतीय भाषा:–

लिखित स्रोत वा लिखित साहित्य नभएका भाषामा कोशविधानका लागि सामग्री संकलन गर्ने क्षेत्र विधि (Field Methcd) प्रयोग गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्याप्त रूपमा लिखित साहित्य विकास नभएका र भए पनि मौखिक स्रोतबाट कोशीय एकाइ ग्रहण गर्नुपर्ने परिस्थिति भएका भाषाहरूमा पनि यही विधि प्रयोग गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त मौखिक वा कथ्य स्रोतमा निर्भर जस्ता भाषामा लिखित सामग्री नहुँदा सामग्री संकलनका लागि विविध जटिलता र विशेष सचेतता पनि बेहोर्नुपर्ने हुन्छ, किनभने कोशकार कोशीय एकाइको समायोजनमा मात्र केन्द्रित नभई पूर्वाधार निर्माणार्थ संबन्धित भाषाका वर्णनिर्धारण, वर्णविश्लेषण, व्याकरणात्मक कोटि र उपकोटिको वर्गीकरण, रूपायन, र व्युत्पादन प्रक्रिया, अर्थगत विशेषता, लिपिव्यवस्था आदिको अध्ययनमा समेत समर्पित हुनुपर्छ ।

यस किसिमका भाषामा पनि सामग्री संकलनको परिधि र पद्धति वस्तुतः कोशको प्रकारमा निर्भर हुन्छ । मोटामोटी रूपमा पनि भाषाकोशका लागि सामग्री संकलन गर्दा भाषिक भेदका दृष्टिले विभिन्न क्षेत्र निर्धारण गरी क्षेत्रगत संग्राहक र सूचकहरूको व्यवस्था गर्नु नितान्त अपेक्षित छ । यस सन्दर्भमा संग्राहक र सूचकहरू पनि प्रयोजनानुरूप योग्यता र गुण भए नभएको विचार गर्नुपर्छ । अनि यथासम्भव व्यापक प्रतिनिधित्व र विविध कोशीय एकाइ प्राप्त गर्ने सूचकहरूलाई छनौट गर्दा तलका आधारमा प्रतिनिधित्व गराउन वाञ्छनीय छः—

(क) महिला र पुरुष जस्ता लैङ्गिक भेद
(ख) उच्च, मध्य, निम्न आदि आर्थिक र सामाजिक वर्ग
(ग) बालक, युवा, प्रौढ आदि उमेर–समूहका व्यक्ति

उपर्युक्त व्यवस्थाबाहेक यस किसिमका अलिखित स्रोतीय भाषामा कोश निर्माण गर्ने अनुष्ठानलाई विशेषतः सर्वाङ्गीण तथा सफल पार्न र व्यापक क्षेत्रबाट अधिकतम कोशीय एकाइ संकलन गर्ने यस अनुष्ठानको समारम्भमा नै विविध विषय क्षेत्रमा तत्संबन्धी शब्दसूची निर्माण गर्ने उद्देश्यले तल दिए जस्तै विषयानुसारी वर्गशीर्षक बनाइन्छ र तदनुरूप शब्दसूची निर्माण गरिन्छः—

(क) प्रकृति जगत्— प्राकृतिक घटना, जग्गा-जमिन, हावापानी, तेज र तैजसपिण्ड, अन्तरीक्ष र आकाश दिशा–विदिशाबाट, महिना र ऋतु आदि ।
(ख) वनस्पति जगत्— लतावृक्ष, फलफूल, सागपात, जरिबुटी, अन्न, दलहन, तेलहन आदि ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ग) मानव जगत् — नातागोता, परिवार, शारीरिक अवयव, रोग-व्याधि आदि ।

(घ) जन्तु-जगत्— जनावर, चराचुरुङ्गी, कीरा, फटेङ्ग्रा आदि ।

(ङ) संवेदना र संवेग— प्रत्यक्षण, आवेग, गाली, विस्मय आदि ।

(च) घरायसी सामान— भाँडाकुँडा, हतियार, उपस्कर जस्ता सजावट सामान आदि ।

(छ) भोज्य र पोष्य— खाद्य र पेय वस्तु, बनाउने तरिका आदि ।

(ज) वस्त्र-आभूषण— लुगा—कपडा, गहना र शृङ्गारका सामान आदि ।

(झ) उद्योग धन्दा— पेशा, औजार, धातुका सामान आदि ।

(ञ) प्रशासन र कानून— सरकारको स्वरूप र सरकारको अङ्गसित संबन्धित, जङ्गी र निजामती प्रशासन, ऐन-कानून, नियम—विनियम आदि ।

(ट) धर्म, दर्शन, शिक्षा पूजापाठ, रीतिरिवाज, नैतिक आचरण, पुस्तक—पत्रिका आदि ।

(ठ) संगीत र खेल— नाचगान, अभिनय, ठट्टा—हस्योली, खेलकूद आदि ।

(ड) चाड—पर्व— जात्रा, मेला, उत्सव पर्व आदि ।

(ढ) संख्या र गणना पद्धति ।

(ण) नाप— तौलका एकाइहरू ।

(त) विभिन्न किसिमका क्रियापद— शारीरिक, गत्यात्मक, संज्ञानात्मक, संवेदनात्मक आदि व्यापार जनाउने क्रियाहरू ।

यस किसिमको विषयानुसारी अनुक्रममा नै शब्दकोश निर्माण गर्ने प्रचलन निकै पुरानो हो । प्राचीनकालीन कोश विशेषतः **अमर कोश** आदि संस्कृत भाषाका कोश अनि आधुनिक कालीन रोजेटका थेसोरस र अन्य पर्याय कोशहरू यस्तै शीर्षकहरूमा वर्गीकरण गरेर सम्पादन गरिएका छन् । यस किसिमको विभाजनलाई आर्थी वा धारणात्मक वा विषयानुसारी वर्गीकरण भनिन्छ ।

प्रायः भाषाहरू नजिकका भाषासँग संबन्धित र प्रभावित हुने हुँदा त्यस्ता घनिष्ठ र सवर्ण भाषाका कोशबाट पनि यस्ता भाषाको शब्दकोश निर्माणमा सहयोग लिन सकिन्छ । अतः कोशकार यस किसिमको संभावना-प्रति पनि दृष्टि पुऱ्याउन आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसै गरी कुनै विश्वकोश, चित्रकोश, सचित्र विषयकोश आदिको सहयोग लिएर त्यसमा भएका विषय र चित्रहरूको लागि उद्दिष्ट भाषामा भएका शब्दावली अनुसन्धान गर्न र विधेय कोशमा समावेश गर्न सकिन्छ ।

यसरी नै उपर्युक्त विधिद्वारा संकलित शब्दहरूको औचित्य परीक्षण गर्न तथा थप कोशीय एकाइहरूको व्यवस्था गर्न निम्नाङ्कित किसिमका बहुविध भाषिक संकथनहरूको उपयोग गर्नु नितान्त सान्दर्भिक मानिन्छ:—

(क) वर्णन-वृत्तान्त— प्रत्यक्षवर्णन, कार्यनिर्देशन, यात्रावृत्तान्त, घटना-विवरण आदि ।

(ख) संवाद— चिनापर्ची, चर्चापरिचर्चा, परिसंवाद आदि ।

(ग) लोकगीत— चाडपर्व गीत, मांगलिक गीत, ऋतुगीत आदि ।

(घ) लोककथा— दन्त्यकथा, पुराकथा, गाउँखाने कथा, साँस्कृतिक कथा, व्यङ्ग्य–विनोद-कथा आदि ।

(ङ) नाममाला— व्यक्ति, भेग, बस्ती आदि ।

(च) अनुकृति-बोली— जीवजन्तु र चराचुरुङ्गीको बोलीका लागि प्रयोग हुने शब्द आदि ।[३]

यसै सन्दर्भमा यस्ता किसिमका शब्दकोशका लागि शब्दसूची तयार गर्दा ध्यान दिनुपर्ने केही पक्षमाथि ध्यानाकर्षण गर्नु सामयिक र समुचित भएकाले तल केही बुँदा प्रस्तुत गरिन्छ:—

(१) यस किसिमको सूचीमा कोशीय एकाइ प्रशस्त जम्मा भए तापनि संबन्धित प्रथम भाषाभाषीका सन्दर्भमा ती कोशीय एकाइहरू असान्दर्भिक बेचलतीका र असंबन्धित हुन सक्छन् । अत: यसमा कोशकारले विचार पुर्‍याउनुपर्छ ।

(२) केही नवीनतम शब्दहरू अत्यन्त अज्ञात र कृत्रिम पनि हुन सक्छन् । यसमा गहन विचार राख्नुपर्छ ।

(३) यसरी निर्मित शब्दसूचीमा प्रादेशिक र स्थानीय रंगका खास शब्दहरू नपर्न सक्छन् । यसप्रति कोशकार सचेष्ट हुनुपर्छ । जस्तै— थ्याच्च, टुसुक्क, थुच्च, थुचुक्क आदि ।

(४) विधेय कोशको प्रकार अनुरूप सामग्री संकलन गर्दा अवधेय नियम, छुटाउन नहुने विषयवस्तु, तथा सूचकबाट सामग्री संकलन गर्ने तरिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदि समावेश भएको निर्देशिका प्रत्येक सम्बद्ध संग्राहकलाई उपलब्ध गराउनुपर्छ र तिनका बारेमा अभिमुखीकरण पनि गराउनुपर्छ ।

(५) यसै गरी सूचकलाई अनिवार्य रूपमा सोध्नुपर्ने कुनै प्रश्नहरू छन् भने त्यस्ता प्रश्नहरू समावेश गरिएको प्रश्नावली तयार गरी प्रयोगार्थ वितरण गर्नुपर्छ ।

(६) जुनसुकै भाषामा पनि सम्बन्धपरक वा प्रकार्यात्मक शब्दको प्रयोगावृत्ति बढी हुने हुनाले यिनको अर्थगत विविधता र विभिन्नताका बारेमा सचेत हुनुपर्छ र यस्ता शब्दलाई सकभर बढी सन्दर्भमा प्रयुक्त उदाहरणमा हेर्ने प्रयास गर्नु आवश्यक छ ।

(७) विभिन्न भाषामा **असमरूपिता** जस्ता अभिलक्षण पाइन्छन् । भाषाको प्रकृतिअनुसार सामान्यतः एउटै मानिने वस्तुका निम्ति पनि कुनै भाषामा अनेक शब्द हुन सक्छन् । उदाहरणार्थ 'हुनु' क्रियामा नेपालीमा 'छ' र 'हो' दुई किसिमका क्रियापद छन् अनि त्यस्तै अंग्रेजीमा 'ब्रदर' (brother) शब्दका लागि नेपालीमा 'दाजु' र र 'भाइ' जस्ता छन् । अलिखित भाषामा यस्तो कुरा पत्ता लगाउन निकै अप्ठयारो पर्ने हुनाले कोशकार विशेष सावधान हुनुपर्छ ।

(८) यस्तै किसिमले संस्कृतिसहचारी शब्दहरू तथा विलक्षण वनस्पति र जन्तुसंबन्धी शब्दहरू पत्ता लगाउन र तिनको अर्थ निर्धारण गर्न अलिखित भाषामा विशेष कठिन हुन्छ । यिनका संबन्धमा पनि कोशकार विशेष सतर्क हुनुपर्छ ।

(इ) प्रविष्टि–चयन–

यस सन्दर्भमा प्रविष्टि त्यो शाब्दिक एकाई हो जसलाई कोशमा प्रवेश गराइन्छ । कोशको मूल लक्ष्य यही प्रविष्टिको बारेमा जानकारी दिनु भएकाले यसलाई कोशीय एकाई पनि भनिन्छ ।

कोश–सम्पादनका परिप्रेक्ष्यमा सामग्री–सङ्कलनपछि प्रविष्टि–चयनका संबन्धमा विचार गर्नुपर्ने आवश्यकता हुन्छ किनभने कुनै भाषाका सम्पूर्ण सङ्कलित सामग्रीलाई यथावत् कोशमा राख्न उपयुक्त हुँदैन । अतः कोश सम्पादनमा स्तरीयता, एकरूपता, सुचारुता र सुगमता अनि समष्टिमा वैज्ञानिकता कायम गर्न प्रविष्टि चयनका संबन्धमा चर्चा गर्नु आवश्यक छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रस्तुत प्रविष्टि चयन पनि कोशसँग संबन्धित उद्देश्य, प्रकार, संबन्धित भाषागत सामाजिक र क्षेत्रीयभेद, शाब्दिक रूपायन र व्युत्पादनका प्रक्रिया आदि विभिन्न अभिकारकहरूका आधारमा निर्धारित हुने हुँदा कोशकारले यस्ता महत्त्वपूर्ण अभिकारकहरूमाथि विमर्श र विवेचन गर्नुपर्ने हुन्छ। उदाहरणार्थ 'जानु'– क्रियाका विभिन्न काल र पक्ष आदिमा आधारित रूप छन् र तिनमा सबैलाई प्रविष्टि-चयनमा उत्तिकै महत्त्व दिन नसकिने हुँदा कुनलाई किन महत्त्व दिने भन्ने कुरामा विवेचना र निर्क्यौल अत्यन्त अपेक्षित छ। यस सन्दर्भमा निम्नलिखित कोशीय एकाइमाथि विशेषतः चर्चा गरिन्छ।

(१) प्राविधिक शब्द–

कुनै किसिमको विज्ञान, कला, शिल्प, प्रविधि तथा वहुप्रविधि आदि क्षेत्रसँग संबन्धित विशेष अर्थ भएको शब्द नै प्राविधिक शब्द हो। प्रविष्टि चयनका दृष्टिले यस्ता शब्दहरूले जनाउने अर्थ साधारण पनि भएमा सामान्य शब्दकोशमा राखिन्छ अन्यथा प्राविधिक कोशमा नै स्थान दिनु समुचित मानिन्छ। उदाहरणार्थ रस, विहार, निकुञ्ज, सर्वेक्षण जस्ता प्राविधिक शब्दका साधारण अर्थ पनि हुने हुँदा यिनलाई सामान्य शब्दकोशमा अनिवार्यतः राखिन्छ। यस संबन्धमा अर्को अवधेय कुरा के भने सामान्य कोशमा कुनै एक विषयनिष्ठ प्राविधिक शब्दको प्रविष्टि चयन गरियो भने पनि तिनको अर्थविधान साधारण व्यक्तिद्वारा अवगम्य सामान्य शब्दमा गरिन्छ। यस संबन्धमा अन्य विवरण प्रविष्टि विधान प्रसङ्गमा गरिनेछ।

(२) अभिनव शब्द–

सृजनात्मक स्वरूप वा आदानात्मक प्रवृत्तिद्वारा विकसित भई संबन्धित वक्ताद्वारा नवीनता अनुभूत र अनुस्यूत शब्दलाई अभिनव शब्द भनिन्छ। यस्ता शब्दहरू केही सावधिक र केही चिरस्थायी रहनुका साथै विस्तारका दृष्टिले व्यवहारिक क्षेत्रदेखि अत्याधुनिक विज्ञानका शाखा-प्रशाखासम्म पनि फैलिएका पाइन्छन्। यिनको उद्भव प्रायः कुनै सामाजिक, राजनैतिक परिवर्तन र प्रभावकारी घटनामा आधारित हुन्छ। प्रारम्भमा यो कुनै व्यक्ति वा व्यक्तिसमुदायबाट यदा–कदा प्रयुक्त हुन्छ र पछि क्रमशः व्यापक क्षेत्र अँगाल्दै नित्य नै सार्वजनिक क्षेत्रमा प्रयुक्त हुन थाल्छ। उदाहरणार्थ नेपालमा दासमुक्तिपछि 'शिवभक्त' शब्द नयाँ प्रचलनमा आयो भने उच्च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिक्षामा रा० शि० प० यो० (२०२८) सँगै 'इन्स्टिच्यूट' तथा 'क्याम्पस' शब्द र तिनको रुपान्तर 'अध्ययनसंस्थान' र 'विद्यापीठ' शब्द प्रयुक्त हुन थाले। यस्तै सहवरण, त्रोसेदो, ब्ल्याकसेप्टेम्बर, माले समूह, अठतीसे समूह, मण्डले, नीडन, उच्चमाध्यमिक, आदि शब्दहरू पनि छन्।

यस सन्दर्भमा कोशकारद्वारा विचारणीय पक्ष के हुन्छ भने यस्ता शब्दहरूमध्ये कुनलाई कोशमा प्रविष्टि दिनु समुचित हुन्छ। यस संबन्धमा प्रायः कोशसम्पादकहरू कोशको आकार–प्रकार अनुरूप अभिनव शब्दका प्रविष्टि चयन गर्दछन् र सामान्यतया संक्षिप्त शब्दकोशमा संनिवेश नगरी वृहत् कोशहरूमा समावेश गर्छन्। सामान्यतः यस्ता शब्दहरूमा यिनको क्षेत्र, विकासोन्मुख वा स्थिरोन्मुख हुन थालेपछि 'भर्खरै' 'कम प्रचलित', 'नवप्रचलित' आदि बीजक दिएर कोशमा समाविष्ट गरिन्छ।

(३) अप्रचलित शब्द–

भाषाको शब्दभण्डार सतत प्रवाहशील हुन्छ। यसमा नयाँ मान्यतासँगै नयाँ शब्दको प्रचलन हुन्छ र पुराना शब्दहरू विलुप्त हुन्छन्। यसै गरी कतिपय यस्ता लुप्तप्रायः शब्दहरू पनि छन् जसको प्रचलन क्रमशः विलीयमान अवस्थामा छ। यिनमा पहिलो किसिमको शब्दलाई अवसित शब्द र दोस्रो किसिमको शब्दलाई अवचलित शब्द भन्न सकिन्छ। सामान्यतः यी दुवै किसिमका शब्दलाई भन्दा अप्रचलित शब्द भनिन्छ। उदाहरणार्थ 'चुइँकी' 'खड्गनिशाना' जस्ता शब्द अवसित हुन् भने 'बिसौली' 'बित्ता' जस्ता शब्द अवचलित हुन्।

यस्ता शब्दलाई कोशका प्रविष्टिमा कत्तिको महत्व दिनु उचित हुन्छ? यस विषयमा विचार गर्दा के तर्कसँगत निष्कर्ष निकालिन्छ भने समसामयिक भाषामा आधारित शब्दकोशमा यस्ता शब्दको प्रविष्टि अनपेक्षित हुन्छ र प्राचीन साहित्य समेत समेट्नेमा चाहिं यो नितान्त अपेक्षित हुन्छ। यही नै निष्कर्ष यस किसिमका उखान–टुक्कामा पनि उपयोग गर्नु वाञ्छनीय छ।

(४) रिक्त शब्द–

छुट्टै प्रयोग नहुने तर कुनै भाषिक संरचनामा भने आउने शब्दलाई रिक्त शब्द भन्न सकिन्छ। उदाहरणार्थ 'आनीबानी' शब्दमा 'आनी' र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चराचुरुङ्गी' शब्दमा 'चुरुङ्गी' यस किसिमका शब्द हुन् । यस्तै कुनै शब्द केवल सहप्रयोग वा संनिधानमा आश्रित पाइन्छ । जस्तै 'बर्थ' को प्रयोग **'अर्थन बर्थ गोविन्द गाई'** उखानमा मात्र भएको छ ।

यस्ता शब्दलाई कोशमा प्राय: संनिहित शब्दसँग राखिन्छ र मूल प्रविष्टि वा शीर्ष शब्दमा राख्दा चाहिं प्रतिनिर्देश गरिन्छ । जस्तै– **चुरुङ्गी**– हे० चराचुरुङ्गी ।

(५) संबन्धपरक शब्द–

यो कुनै वस्तु वा सूच्य निर्देश नगर्ने शब्द हो । यसलाई प्रकार्यात्मक वा व्याकरणात्मक शब्द पनि भन्न सकिन्छ । यस्ता शब्दले कुनै विषयवस्तु-लाई सङ्केत नगरेर विभिन्न शब्दहरूको पारस्परिक संबन्ध देखाउने कार्य गर्दछन् । यसमा विभक्ति, संयोजक आदि शब्दहरू पर्दछन् । जस्तै— ले, बरू, तर, तैपनि, के, वा इ० ।

यस्ता शब्दहरूको कोशीय प्रविष्टिका संबन्धमा ऐक्य मत्य वा सर्वसंमति नभई विभिन्न मत हुन सक्ला । तर वस्तुपरक शब्दभन्दा बढी यिनको प्रयोग हुने, प्रयोग स्थल वा सहप्रयोग पूर्व निर्धारित वा नियत नहुने र संबन्धपरक बाहेक अन्य किसिमको पनि अर्थ व्यक्त गर्ने हुँदा यस्ता शब्दहरूको प्रविष्टि अनुपेक्षणीय मानिन्छ । जस्तै—

ले— विभ० १. नाम वा सर्वनाम जोडिएर कर्ता, करण आदि कारकीय संबन्ध जनाउने । क्रि० अ० २. फिर्ताउने, ल्याइदिने अर्थमा प्रयोग गरिने अनादरवाची आज्ञार्थक क्रियापद ।

(६) सर्ग–

यसमा पूर्वसर्ग, परसर्ग आदि पर्दछन् । यिनैलाई परम्परागत रूपमा उपसर्ग र प्रत्यय पनि भनिन्छ । जस्तै—प्र, परा, बे, वान्, आइ,इ०। सामान्यतया शब्दकोशमा व्यापक व्युत्पादक सर्गहरू मूल प्रविष्टिमा राखिन्छन् । जस्तै:—

उप— पू० स० [सं०] शब्दको अगाडि मिली न्यूनता, समीपता, अधिकता सहायकता आदि अर्थ जाहेर गर्ने सर्ग ।

वान्— प० स० [सं०] शब्दको पछाडि मिली भएको वा हुने अर्थ बताउने बद्धरूप ।

(७) समस्त शब्द–

समास प्रक्रियाद्वारा निष्पन्नलाई समस्त शब्द भनिन्छ । जस्तै— घरखर्च, सभापति, रातदिन इ० ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रविष्टि–चयन गर्दा यस्ता शब्दले अन्तर्निष्ठ वा विग्रहात्मक अवयवभन्दा व्यतिरिक्त वा विशेष अर्थ बुझाएमा बेग्लै प्रविष्टिमा राखिन्छ। उदाहरणार्थ 'लामपुछ्रे' 'महादेव' 'सभापति' जस्ता समस्त शब्दलाई पृथक् प्रविष्टि दिइन्छ। तर संमिलित अवयवार्थभन्दा कुनै विशेषबोध नहुने भएमा उपप्रविष्टि वा गौण प्रविष्टि नै सन्निवेश गरिन्छ। जस्तै— घरखर्च, देशवासी, रातदिन आदि। वस्तुतः सामान्यताबाट मुक्ति वा विलक्षणता नै पृथक् प्रविष्टिको अर्हता हो। यसैले अवयवबाट पहिले नै अर्थगत निर्धारण वा प्रागुक्ति संभव नहुनेमा पृथक् प्रविष्टिको प्रावधान गरिन्छ।

(८) उखान–टुक्का र उद्धरण–

उखान–टुक्काले कुनै पनि भाषाको निजीपनलाई व्यक्त गर्दछ। यसमा त्यसभित्र रहेका शब्दबाट सूच्य अर्थभन्दा विशिष्ट अर्थ हुने तथा कुनै भाषिक समुदायको सांस्कृतिक तत्त्व समेत निहित हुने हुनाले यी कुनै पनि भाषाका अमूल्य निधि हुन्। प्रविष्टिका दृष्टिले विचार गर्दा यिनलाई यसै किसिमका विशेष कोशमा बाहेक अन्य कोशमा बेग्लै प्रविष्टि नदिई गौण प्रविष्टिमा राखिन्छ। उद्देश्यगत सीमाले गर्दा कुनै साना कोशमा यी परिशिष्टमा रहन्छन् भने कतिपयमा चाहिं नरहन सक्छन्।

प्रविष्टि चयन गर्दा उद्धरण तथा सूक्तिहरू पनि विचारणीय छन्। यिनका संबन्धमा विभिन्न तर्क–वितर्क उठाउन सकिन्छ तापनि 'चार जात छत्तीस वर्णको फूलबारी', 'मानिस ठूलो दिलले हुन्छ', 'ज्ञान विज्ञानको हात जोड्नु पर्दछ कर्ममा' जस्ता बहुप्रचलित उद्धरण र सूक्तिहरूको कोशीय प्रविष्टिका संबन्धमा उखान-टुक्का सरह नै नियम अनुसरण गर्ने प्रचलन पाइन्छ।

(९) समुच्चयात्मक अभिव्यक्ति–

यो दुई वा सोभन्दा बढी शब्द संमिलित भई एकीकृत अर्थ प्रकट गर्ने संरचना हो। जस्तै— सर्वे–सर्वा, श्री ५ को सरकार, शिक्षा तथा संस्कृति मन्त्रालय, मानविकी र सामाजिक शास्त्र अध्ययन संस्थान, राडीको छोरो इ०।

कोशमा प्रविष्टि चयन गर्दा यस्ता अभिव्यक्तिहरूलाई उखान–टुक्का जस्ता कोशिमसरह नै व्यवहार गरिन्छ। व्यापक परिधिमा दृष्टिगत गर्दा उखान टुक्का र सूक्ति पनि समुच्चयात्मक अभिव्यक्ति नै हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(१०) व्यक्तिवाचक शब्द-

कोशमा व्यक्तिवाचक शब्दको प्रवेश सबन्धमा मतभेद पाइन्छ । व्यक्तिगत नामबाट भाषिक व्यवस्थामा कुनै किसिमको विशेषता व्यक्त हुन नसक्ने हुनाले शब्दकोशमा यसको प्रविष्टि सामान्यतः समीचीन प्रतीत हुँदैन । यसैले कसैको नाम मात्र जनाउने व्यक्तिवाचक शब्दमा यस किसिमको विचार युक्तिसँगत देखिन्छ । परन्तु लक्ष्य वा व्यंग्य अर्थ लिएर व्यापक क्षेत्रमा प्रयुक्त हुने वा संबन्धित भाषाभाषीको सामाजिक तथा सांस्कृतिक निधि र परम्परा प्रकट गर्ने शब्दको भने कोशमा प्रविष्टि आवश्यक मानिन्छ । जस्तै— जनक सीता, भीमसेन, पृथ्वीनारायण शाह, विष्णु, कुम्भकर्ण इ० ।

यसरी नै यदि कुनै व्यक्तिवाचक नामबाट व्युत्पन्न शब्द कोशमा प्रवेशहि छ भने सबन्धित व्यक्तिवाचक नामलाई पनि कोशमा सन्निवेश गर्नु आवश्यक छ । उदाहरणार्थ शैव, भागीरथी जस्ता शब्द कोशमा राखिएका छन् भने शिव, भागीरथ जस्ता व्यक्तिवाचक शब्दलाई राख्नुपर्छ ।

(११) संक्षेप तथा पारिवर्णी शब्द-

धेरै चलन-चल्तीका सङ्घ-संस्था र कार्यहरुको नामलाई संक्षेपमा प्रयोग गरिन्छ भने कतिपय सन्दर्भमा सरलता र सङ्केतका लागि पनि यस्ता शब्द प्रयुक्त हुन्छन् । जस्तै- त्रि० वि०, गो० प०, आ० ले० प०, फोटो, उदा० इ० । यस्ता मात्र होइनन् कतिपय यस्ता शब्दहरू पनि पाइन्छन् जुन संक्षिप्त र पारिवर्णी रूपमा नै प्रचलित छन् । जस्तै— भू० पू०, का० स०, रा० स० स०, ने० भा० प्र० स०, पीएच० डी, सिनेमा इ० । यसरी नै युनेस्को युनिसेफ, नाटो, सेटो, जस्ता संक्षिप्त र अवगत शब्द पनि पाइन्छन् ।

शब्दकोशमा सामान्यतः यस्ता शब्दको प्रविष्टि मूल भागमा नगरी परिशिष्टमा दिने प्रचलन छ । तर बहुप्रचलित गो० प०, का० स० युनेस्को आदि शब्दलाई भने मूल भागमा पनि दिनु वाञ्छनीय छ । कोशमा प्रयुक्त हुने संक्षेप र पारिवर्णी शब्द चाहिं संबन्धित कोशको पूर्व भागमा सूचीबद्ध गरिएको हुन्छ ।

(१२) निपात

सामान्यतया त, लु जस्ता निपातको स्वतन्त्र अर्थ अनिश्चित हुने भएकाले यस्ता शब्दको कोशगत प्रविष्टि संबन्धमा प्रश्न उठ्न सक्छ । परन्तु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिक्त शब्दमा जस्तो यसको सहप्रयोग निर्धारित नहुने र यसले प्रयोगका सन्दर्भमा विलक्षण र विशेष अर्थ समेत व्यक्त गर्ने हुँदा यसलाई पृथक् प्रविष्टि दिनु आवश्यक छ। जस्तै—

त— निपा० शब्द र वाक्यमा जोड दिने र कसैको भनाइमा सही थाप्न प्रयोग हुने शब्दः उदा० आफैं त सहादेव कसले देला बर ?

(१३) अक्षर

अ, आ, क, ख, जस्ता अक्षरको खास अर्थ प्रतीत नहुने हुनाले यिनलाई कोशमा प्रविष्टि दिने संबन्धमा तर्क उठ्न सक्छ। यही कुरा वर्णात्मक लेखिम हुने भाषा पनि लागु हुन्छ। परन्तु वर्णिक तथा आक्षरिक विश्लेषणका दृष्टिले यिनको निजी विशेषता रहने प्राचीन ग्रन्थ, मन्त्रोच्चारण आदिमा यिनको देवता आदि विभिन्न अर्थमा समेत प्रयोग हुने तथा सामान्य व्यवहार लगायत कतिपय सन्दर्भमा यिनले अर्थ व्यक्त गर्ने हुँदा कोशमा यिनलाई पृथक् प्रविष्टि दिनु सुसंगत मानिन्छ। यस संबन्धमा कोशीय प्रविष्टिको उदाहरण यस प्रकार छः—

अ[१] १ देवनागरी वर्णमालाका स्वरवर्ण मध्ये पहिलो स्वरवर्ण; १ः परागत रूपमा कण्ठस्थानबाट उच्चारण हुने ह्रस्व स्वरवर्ण मानिएको र भाषाविज्ञान अनुसार आधाबन्द, केन्द्रीय स्वरवर्ण; लेख्य रूपमा सो वर्णको प्रतिनिधित्व गर्ने लिपिचिह्न। २. लेखाइका क्रममा विषयवस्तुको वर्गीकरण वा विभाजन-उपविभाजनका निम्ति स्वरवर्णको प्रयोग गरिँदा दिइने क्रमबोधक पहिलो चिह्न।

अ[२]— [सं.] १. ॐ भित्र अन्तर्निहित मानिएका अ + उ + म् तीन ध्वनिमध्ये विष्णुलाई बुझाउने पहिलो ध्वनि। (उ तथा म् ध्वनि क्रमशः शिव तथा ब्रह्मालाई बुझाउने मानिन्छन्।) २. संस्कृत एकाक्षरी कोश अनुसार मूलत विष्णुलाई जनाउने मङ्गलवाची शब्द। पू० स० ३ शब्दका अगाडि लागी अभाव, भिन्नता, विपरीतता, आदि निषेधात्मक अर्थ बुझाउने पूर्वसर्ग (अगति, अज्ञान, अफाप, अयोग्य इ०)।

इ[३]— निपा० ठर्को, गाली, बेवास्ता, अस्वीकार आदि बुझाउन आवेगका अवस्था प्रयोग गरिने विस्मयादिबोधक शब्द; आ। (उदा० अ, बितसित्ति कति चलेको ? अ, म यति बेला बजार जान्न ।)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. दोस्रो चरण

यो प्रविष्टिविधानको चरण हो। यसमा कोशीय प्रविष्टि र तन्निष्ठ शीर्षशब्द तथा तत्संबन्धी व्याकरण, व्युत्पत्ति, अर्थ आदि विविध पक्षको निर्धारण गरिन्छ।

प्रविष्टि कोश र कोश-सम्पादनको मुटु हो। यसमा कोशीय एकाइ र तत्संबन्धी विवरण सन्निवेश गरिएको हुन्छ। शब्दकोशका दृष्टिले उद्दिष्ट शाब्दिक **एकाइ नै** कोशीय एकाइ हो र तत्संबन्धी हिज्जे व्याकरण, अर्थ, बीजक, विवृत्ति, उदाहरण चित्राङ्कन आदि यसका अपेक्षित विवरण हुन्। यस किसिमको कोशीय एकाइलाई कोशमा प्रवेश्य व्यापक भाषिक एकाइलाई समेट्ने दृष्टिले एक शब्दमा भन्दा **कोशिम** भन्न सकिन्छ।

यस सन्दर्भमा के विचारणीय छ भने कोशीय एकाइ र भाषिक एकाइका रूपमा **प्रयोग** हुने शब्दमा कत्तिको समानता छ। के **कोशीय एकाई** र **भाषिक शब्द** एकै हुन्? कोशीय प्रविष्टि विधानका दृष्टिले विचार गर्दा यी दुईमा केही भिन्नता परिलक्षित हुन्छ। भाषा वैज्ञानिक वा भाषिक शब्द लघुतम अर्थयुक्त मुक्त रूप हो यसमा व्युत्पादक सर्ग र अक्षरहरू पर्दैनन्। तर कोशीय शब्दको रूपमा प्रचलित कोशीय एकाइ स्वाधीन अस्तित्व भएको यस्तो भाषिक स्वरूप हो जसको रूप र अर्थ पूर्व निर्धारित वा कुनै नियमद्वारा अधीनस्थ हुँदैन यसमा व्युत्पादक सर्ग जस्ता बद्धरूप पर्दछन् र पढ्छ, किताबहरू जस्ता मुक्त रूपहरू पर्दैनन्। यसरी विचार गर्दा भाषिक शब्द भन्दा सापेक्ष रूपमा व्यापक परिधि वा सीमा कोशीय एकाइको पाइछ। यसैले उपर्युक्त भाषिक शब्दका साथै सामान्यतया त्यसभित्र समाविष्ट नहुने यी विभिन्न भाषिक स्वरूप पनि कोशीय एकाइ अन्तर्गत पर्दछन्:- (क) 'बे', 'इलो' जस्ता सर्गहरू (ख) 'ले', 'बाट' 'हरू' जस्ता विभक्ति र वचन चिह्न-हरू (ग) 'अ' 'क' जस्ता अक्षरहरू (घ) 'काग कराउँदैछ पिना सुक्तैछ', 'लामो हात गर्नु', 'हात मुखको समस्या' जस्ता उखान-टुक्काहरू (ङ) 'जय नेपाल', 'श्री ५ को सरकार', 'मनसा, वाचा, कर्मणा', 'नमस्ते', 'तथास्तु 'न्याय नपाए गोर्खा जानू' जस्ता शब्द भन्दा माथिका भाषिक श्रेणीहरू।

माथिको चर्चाबाट के स्पष्ट हुन्छ भने शब्दकोश (शब्द+कोश) भन्दैमा त्यसमा न सबै **भाषिक शब्द** अन्तर्विष्ठ हुन्छ न वा **भाषिक शब्द** मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्विष्ट हुन्छ अपितु लघुतम अर्थयुक्त मुक्त रूपका रूपमा अभिहित भाषिक शब्दभन्दा विशिष्ट र व्यापक **कोशीय** एकाइ प्रविष्ट हुन्छ जसलाई एक शब्दमा कोशिम भनिन्छ । यही कोशिम वा कोशीय इकाइ जसलाई शब्दकोशका परिप्रेक्ष्यमा कोशीय शब्द पनि भन्न सकिन्छ, नै कोशनिष्ठ प्रविष्टि विधान गर्दा उपर्युक्त कुनै किसिमको कोशिममा तद्गत विवरण समाविष्ट गरिएको हुन्छ ।

कोशका सन्दर्भमा प्रस्तुत प्रविष्टिलाई प्रमुखतः दुई खण्डमा विभाजन गर्न सकिन्छः (अ) उद्देश र (ख) विधेय । पहिलो खण्डमा शीर्षशब्द, हिज्जे, उच्चारण र व्याकरण निर्देश पर्दछन् भने दोस्रो खण्डमा अर्थ, व्युत्पत्ति, उदाहरण, उखान-टुक्का आदि विवरण समाहित हुन्छन् । प्रस्तुतीकरणका दृष्टिले यी दुवै खण्डलाई समाहार गर्दा सामान्य शब्दकोशका प्रविष्टिमा मुख्यतः तलका विवरणहरू अङ्कित गरिएका हुन्छन्ः—

क) शीर्षशब्द
ख) हिज्जे
ग) उच्चारण
घ) व्याकरण-निर्देश
ङ) व्युत्पत्ति
च) अर्थविधान
छ) पर्याय
ज) विपर्याय
झ) उदाहरण
ञ) चित्राङ्कन
ट) व्युत्पादक सर्ग
ठ) उखान-टुक्का

(क) शीर्षशब्द-

कोशको प्रत्येक प्रविष्टि-स्तम्भमा सन्निविष्ट मुख्य कोशीय एकाइ नै शीर्षशब्द हो। यसैलाई मूल प्रविष्टि, प्रविष्टि शब्द वा प्रधान शब्द पनि भनिन्छ । कोशमा प्रविष्टि-स्तम्भ अन्तर्गत शीर्षशब्दको रूपमा कुनै पनि भाषामा रहेका अशेष रूपावली निष्ठ शब्दहरूलाई समावेश गर्नु समुचित मानिदैन र संभव पनि छैन । अतः यसमा संवन्धित भाषाको शब्दव्यवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आबद्ध सम्पूर्ण रूपावलीबाट चयन गरिएको त्यो मूल-रूप वा आधार रूपलाई स्थान दिइन्छ जुन सर्वसामान्य सर्वगत र सर्वोपयुक्त हुन्छ । वस्तुतः भाषामा रूपायन प्रक्रियाद्वारा निष्पन्न रूपहरू संबन्धित व्याकरणको नियम-व्यवस्थाका अन्तर्वर्ती हुने हुनाले यी नियमित समस्त रूपहरूलाई कोशमा सन्निवेश आवश्यक छैन र यो कोशको वास्तविक क्षेत्र पनि होइन । त्यसैले कोशकार सम्पूर्ण रूपावलीबाट सर्वोपयुक्त रूपलाई शीर्षशब्दका निमित्त आधार रूप मानी उद्दिष्ट कोशीय प्रयोजनको पूर्ति गर्दछन् ।

यसरी कोशमा शीर्षशब्द चयन गर्दा प्रथमतः मूलरूप वा आधार-रूपको निक्यौल गर्नुपर्छ अनि त्यससँग संबन्धित रूपावलीका समस्त रूपमा निकै सूक्ष्म दृष्टि पुऱ्याउनु पर्छ किन भने त्यहीं यस्ता अपवाद रूप पनि हुन सक्छन् जुन सामान्य नियममा आबद्ध नभई अनियत र विजातीय हुने हुँदा शीर्षशब्दको रूपमा रहेको आधार रूपसँग अनुबद्ध भएर तत्समकक्ष भई कोशमा पृथक् प्रवेश्य हुन्छन् । वास्तवमा कोशको विशेष क्षेत्र, संबन्धित भाषाको सामान्य नियमबाट उच्छिट्टिएका यस्ता अनियत शब्दसँग संबन्धित भएकाले कोशका दृष्टिले भने यी शब्द निकै महत्त्वपूर्ण ठहरिन्छन् । अतः यिनको कोशीय व्यवस्थाका संबन्धमा चर्चा गर्नु सुसंगत प्रतीत हुन्छः—

(अ) प्रथमतः यस्ता रूपको आधार वा मूल रूपसँग संबन्धित आधार रूप दिई त्यससँग अनुबद्ध गरेर प्रस्तुत अपवाद रूप निर्देश गरिन्छ । अनि फेरि त्यसको क्रम आउँदा उक्त अपवाद रूपलाई शीर्षशब्द बनाई आधार रूपको निर्देश वा प्रतिनिर्देश गरिन्छ । जस्तै—

हु — अ० क्रि० (भूतकाल तृ० पु०, ए० व० मा **भयो**) १. विद्यमान हुनु, रहनु २. रूप वा स्थितिमा परिवर्तन हुनु ।

भयो— ('हु'-को भूतकालीन तृ० पु० मा ए० व० को रूप) हे० हु ।

म— सर्वना० (षष्ठी विभक्तिको ए० व० मा **मेरो**)— आफू, स्वयम् ।

मेरो— वि० 'म' सर्वनामको षष्ठी विभक्तिको रूप वा हे० म ।

(आ) द्वितीयतः यस्ता रूपको अनियत वा अपवाद स्वरूपको सङ्केत गर्नुपर्छ प्रस्तुत सन्दर्भमा अपवादको स्वरूप अनेक किसिमको हुने हुँदा तदनुरूप नै विविध सङ्केत गर्न सकिन्छ । उदाहरणार्थ तल केही अपवाद स्वरूपको सङ्केत गरिएको छः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(क) हीन–रूप परक–यसमा प्रचलित रूपायन– प्रक्रिया अन्तर्गत कुनै शब्दको कुनै रूप अदृश्य हुन्छ। यो एक किसिमले रूपावली सामान्यमा पाइने विच्छेद हो। शब्दकोशमा यस्ता अपवाद स्वरूपको निर्देश संबन्धित आधाररूपको प्रविष्टिमा गरिन्छ। व्याकरणात्मक वचन र लिङ्ग व्यवस्था भएको भाषामा यस किसिमको अपवाद बढी पाइन्छ। नेपालीमा यसको उदाहरण यस प्रकार दिन सकिन्छ:—

जनता— ना० (सं०) [बहुवचनमा मात्र] – जनसमूह, व्यक्तिहरूको समुदाय, व्यक्तिसमूह।

(ख) आदिष्ट रूपपरक— यसमा प्रचलित रूपायन प्रक्रियाअन्तर्गत कुनै विशेष रूपले आधाररूपको ठाउँ ग्रहण गर्छ। कोशमा यस्ता आदिष्ट रूपहरूलाई पृथक् प्रविष्टि दिंदै एक ठाउँमा संबद्ध अन्य विशेष रूपसँग संबन्ध–निर्देश गरिन्छ भने अर्को ठाउँमा संबद्ध विशेष रूपहरूलाई यथाक्रम पृथक् प्रविष्टि दिंदै संबद्ध आदिष्ट आधाररूपसँग प्रतिनिर्देश गरिन्छ। जस्तै—

ऊ— सर्वना० (तिर्यक् कारक एक वचनमा उस र बहुवचमा उन) सुदूरवाचक तृतीय पुरुष सर्वनामको एकवचनको रूप।

उस— 'ऊ' सर्वनामको तिर्यक् कारकको एकवचनको रूप।

उन— हे० 'ऊ'।

शीर्षशब्द चयन गर्दा **अर्थतत्त्व** अर्को आधार हो। यस दृष्टिले हेर्दा यदि कुनै शब्दको अर्थ संबन्धित आधार रूपको अर्थभन्दा पृथक् परिलक्षित भएमा त्यसलाई उद्दिष्ट कोशीय प्रविष्टिमा अर्कै किसिमको विशेष प्रावधान गरिन्छ। यस संबन्धमा कुनै कोशकार संबन्धित आधाररूपसँगै यसलाई राखी यसको वैशिष्ठ्यलाई सङ्केत गर्छन् भने कुनै चाहिं यसलाई अर्कै शीर्षशब्दका रूपमा प्रस्तुत गर्दछन्। यिनका उदाहरण क्रमशः यस प्रकार छन्:—

(अ) विशेष व्यवस्था—

हु— अ० क्रि० १. अस्तित्वमा रहनु, विद्यमान रहनु। २. बन्नु। ३ स्थिति वा रूप बदलिनु। हुन्छ– विस्मया० स्वीकृति, अनुमति, अभीष्ट भाव आदि जनाउने रूप।

अथवा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हु— अ० क्रि० (स्वीकृति, अनुमति आदि जनाउन प्रयुक्त हुने अव्यय रूप **हुन्छ**) १. अस्तित्वमा रहनु; विद्यमान रहनु । २. बन्नु ।

(आ) पृथक् व्यवस्था--

मान– ना०[सं०] १. आदर; सत्कार; सम्मान; प्रतिष्ठा। २. अभिमान; अहङ्कार; घमन्ड । ३. दर्जा; पदवी । ४. नाप; तौल; परिमाण ।

माननीय– वि०[सं०] १. मान वा आदर गर्न योग्य; मान्य; आदरणाय । २. मन्त्री, राष्ट्रिय पञ्चायतका सदस्य, कुलपति आदि र सो सरहका अन्य व्यक्तिलाई सम्बोधन गर्दा प्रयोग गरिने शब्द ।[४]

(ख) हिज्जे—

कोशमा कोशिम वा कोशीय एकाइहरूको क्रम वर्णानुक्रममा निर्धारित हुने, यसै आधारमा कुनै शब्द आदि पहिल्याउनुपर्ने तथा त्यस संबन्धमा जानकारी लिइने र हिज्जे संबन्धी समस्या समाधानका निम्ति कोशको उपयोग गरिने हुँदा कोशका सन्दर्भमा हिज्जेको भूमिका निकै प्रभावशाली छ । त्यसमा पनि प्राय: भाषामा कुनै शब्दको प्रयोग विभिन्न हिज्जेमा पाइने हुँदा कोशीय प्रविष्टिमा यस्ता शब्दले गंभीर समस्या उत्पन्न गर्छन् । उदाहरणार्थ नेपाली शब्द ढुकुटीमा शैय्या/शैया, उज्वल/उज्ज्वल, खण्ड/खन्ड/खंड जस्ता तत्सम शब्दहरू एउटा/यौटा, कुवा/कुआ, गोर्खा/गोरखा, गदहा/गधा, आफ्नो/आफ्नू जस्ता तद्भव शब्दहरू र यूरोप/युरोप, एशिया/एसिया, रेडियो/रेडिओ, तरिका/तरीका जस्ता आगन्तुक शब्दहरूलाई लिन सकिन्छ । सामान्यत यस संबन्धमा जुन प्रचलित र मानक छ त्यसैलाई प्रविष्टिमा दिने र अन्य भेदलाई त्यसै प्रसगमा जनाउने परम्परा पाइन्छ । जस्तै--

आफैं/आफै-- क्रि० वि० [आफू+नै] १. आफू नै; म नै; स्वयम् नै । २. यहाँ नै; तपाईं नै ।[५]

माथि निर्दिष्ट तरिकाबाट पनि समुचित समाधान भने निस्कदैन किनभने मानक र अमानक निकै विवादास्पद कुरा हो र कोशका प्रयोक्ता त्यति ठूलो निर्णयमा पुग्न संभव पनि हुँदैन । यसबाहेक संबन्धित भाषाको साहित्यमा यी दुवै वा सबै रुप पाइने हुँदा कुनै पनि रुपको जानकारीका निम्ति कोश उत्तिकै अपेक्षित हुने कुरा स्वत:सिद्ध छ । अत: कोशमा यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनेक रुपलाई यथाक्रम शब्दकोशमा राखेर प्रचलित एउटामा सबै विवरण दिई अन्यत्र त्यसका छुट्टै विशेषता भए मात्र दिएर प्रतिनिर्देश गरिन्छ। उदाहरणार्थ नेपाली वृहत् शब्दकोश (२०४०) मा रहेको 'बन' र 'वन' प्रविष्टिलाई लिन सकिन्छ। तर यसरी श्रेणि/श्रेणी, पंक्ति/पंक्ती आदि शब्दको हरेक रुपमा पृथक् दिदा भने कोशमा अनपेक्षित भार बढ्न जान्छ। यसैले कोशको पूर्व भागमा हिज्जे संबन्धी केही निर्देश र नियम अंकित गर्नु आवश्यक छ। परन्तु नेपाली वृहत शब्दकोशले यस प्रसङ्गमा हिज्जे संबन्धी नियम नै भङ्ग हुने निर्देशन दिन पुगेको छ। जस्तै-- गन्हाउनु।

यसरी नै कोशमा क्षेत्रीय भाषिकागत हिज्जे भेदलाई अंकन गर्दा संबन्धित शीर्षशब्दसंगै प्रविष्टिको उद्देश खण्डमा कोष्ठभित्र राख्ने प्रचलन छ। जस्तै--

साइत- ना० (डोटेली **साइतो**) शुभ लक्षण; असल मुहूर्त; राम्रो शकुन।

प्रस्तुत सन्दर्भमा के विचारणीय छ भने कोशकार प्रविष्टि-विधानमा मानक वा परिनिष्ठित रुपबाट अपरिचित र विचलित बन्न मिल्दैन। अतः सर्वाधिक प्रचलित र नियमित रुपलाई मानक स्वीकार गरी कोशकारले त्यसलाई कोशीय प्रविष्टिमा प्रश्रय दिनुपर्छ। यसका अतिरिक्त प्रविष्टिमा दिइएका कोशीय एकाइहरूको परिभाषा, व्याख्या, वर्णन र परिचय उल्लेख गर्दा कोशकारले मानक हिज्जे वा वर्णविन्यासलाई अंगीकार गर्नुपर्छ।

(ग) उच्चारण--

शब्दको उच्चारण-निर्देश कोशमा पाइने अर्को विशेषता हो। सामान्यतः शब्दकोशका शीर्षशब्दसंगै यसको निर्देश गरिएको हुन्छ र उच्चारणगत पार्थक्य भएमा यसलाई गौण प्रविष्टिमा पनि समावेश गरिन्छ। कोशीय प्रयोजनका सन्दर्भमा उच्चारण मुख्यतः कोशको प्रकार र भाषागत प्रकृतिसित संबन्धित भएकोले बहुधा यसलाई अपेक्षाधीन व्यवस्था मानिन्छ। त्यसैले वर्ण (वर्णिम) र लेखिम व्यवस्थामा विभेद नभएका भाषामा उच्चारणगत निर्देश आवश्यक छैन र प्रथमभाषीको उपयोगका निम्ति केन्द्रित शब्दकोशमा पनि यसलाई वैकल्पिक उपबन्धका रुपमा समावेश गर्ने प्रचलन छ। यस पृष्ठभूमिमा विचार गर्दा नेपाली प्रथमभाषीको निम्ति निर्मित शब्दकोशमा उच्चारण त्यति आवश्यक प्रतीत हुँदैन तापनि भाषिकागत,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमानक वा अपरिनिष्ठित र भाषान्तर प्रभावित उच्चारणहरू परिहार गर्न तथा लेखिम व्यवस्थाबाट अनियन्त्रित शब्दको उच्चारणलाई जानकारी दिन कतिपय शब्दमा भने उच्चारण-निर्देश अत्यावश्यक प्रतीत हुन्छ। जस्तै-- कन्या [कन् न्या], शुभकामना [सुभकामना], कहाँ [काँ], पढेर [पढेर], अध्यापक [अद्ध्यापक], वास्तव [बास्तब], व्याकरण [व्याकर्ण] इ०।

प्रयोजनपरक सन्दर्भमा उच्चारण-कोश, द्वितीय भाषाभाषीका निम्ति उद्दिष्ट शब्दकोश वा बहुभाषी शब्दकोशमा उच्चारण-निर्देश नितान्त आवश्यक मानिन्छ। यस्ता कोशमा कोशकारले सुविधानुसार ध्वन्यात्मक आलेखनका लागि प्रचलित अन्तरराष्ट्रिय ध्वनितात्त्विक वर्णमाला वा परम्परागत लिपिमा अपेक्षित विशेषता जनाउने चिह्नक थपिएको वर्णमाला प्रयोग गरी उच्चारण-निर्देश गरिएको हुन्छ।

(घ) व्याकरण-निर्देश--

शाब्दिक प्रकृतिको निर्देशन शब्दकोशको लक्ष्य भएकाले त्यस सन्दर्भमा कोशीय प्रविष्टिहरूको व्याकरण-निर्देश गर्नु यसको आधारभूत प्रयोजन सिद्ध हुन्छ। यसैले कोश र व्याकरणको घनिष्ठ संबन्ध छ। यस पृष्ठभूमिमाथि विचार व्यक्त गर्दै स्वीटले भनेका छन्, "कोश व्याकरणको वर्णानुक्रमयुक्त शब्दसूची हो।"[६]

कोशीय प्रविष्टिका सन्दर्भमा व्याकरण-निर्देश गर्ने प्रचलन उद्देश र विधेय दुवै भागमा पाइन्छ। प्रथमतः यो कुनै कोशिम वा कोशीय एकाइको रूपगत परिचय दिने सन्दर्भमा गरिन्छ भने द्वितीयतः यो अर्थ-विधानका प्रसङ्गमा। जस्तै--

अनाथ- वि० [सं० अ+नाथ] १. हेरविचार पालन-पोषण गर्ने कोही नभएको; बेसहारा; असहाय। २. टुहुरो। ३. दुःखी। ना० ४. टुहुरो व्क्ति।

यसै परिप्रेक्ष्यमा शब्दकोशीय प्रयोजनका दृष्टिले व्याकरणको चर्चा गर्दा मुख्यतः दुई कुरा विचारणीय प्रतीत हुन्छन् (अ) परिमाण (आ) प्रस्तुतीकरण

(अ) परिमाण-

कुनै पनि भाषाको सामान्य-प्रवृत्तितिर व्याकरण प्रवृत्त हुने र विशेष वा विलक्षण प्रवृत्तितिर कोश केन्द्रित हुने हुँदा शब्दकोशमा व्याकरणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठभूमि स्वत: सीमित वा परिमित हुन्छ । त्यसमा पनि शब्दकोशको प्रकारले व्याकरणलाई अरू सीमित पार्ने कुरा उत्तिकै अवधेय छ । यसैले सामान्य शब्दकोशमा व्याकरणका निकै सीमित पक्ष अंकित गरिन्छ भने शैक्षिक वा शिक्षार्थी शब्दकोशमा त्यो भन्दा निकै विस्तृत पक्ष । तर के चाहिं बिर्सनु हुँदैन भने कोशमा व्याकरण समावेशको उद्देश्य सामान्य नियमाधीन पक्षलाई ज्ञापन गर्नु नभएर संबन्धित कोशमा संनिविष्ट भाषिक एकाइमा पाइने सामान्य नियमातीत विलक्षण वा अपवाद पक्षलाई निर्देश गर्नु हो । उदाहरणार्थ, नेपाली शब्दकोशमा 'कलम' शब्द अन्तर्गत यसको रुपावलीनिष्ठ कुनै रुपलाई कोशमा सूचित गरिदैन भने 'म' शब्द अन्तर्गत यसका 'हामी' 'मेरो' 'हाम्रो' रुपहरु निर्दिष्ट गरिएका हुन्छन् । अरू शैक्षिक शब्दकोशका दृष्टिले हेर्ने हो भने 'म' शब्दका यी रुपतात्त्विक पक्ष मात्र प्रस्तुत गर्नु पर्याप्त हुँदैन, 'मैले पढेको छु ।' 'मैले उपन्यास पढें ।' आदि वाक्यहरु अंकित गरी वाक्यतात्त्विक वा वाक्यविन्यासात्मक पक्षलाई समेत ज्ञापन गर्नु आवश्यक हुन्छ ।

(आ) प्रस्तुतीकरण–

शब्दकोशमा व्याकरण पक्षको प्रस्तुतीकरण संबन्धी तरिका मुख्यतया संबन्धित कोशकारको निर्णयाधीन हुने हुँदा यस संबन्धमा कुनै निश्चित नियम निर्देश गर्नु अनुपयुक्त प्रतीत हुन्छ किनभने कुनै किसिमका शब्दकोशमा यो कोशको पूर्वभागमा वर्णित व्याकरण संबन्धी वर्गीकरणलाई संख्यात्मक तथा वर्णात्मक प्रतीकद्वारा जनाएर प्रस्तुत गरिन्छ भने कतिपयमा चाहिं शीर्षशब्दसंगै व्याकरणात्मक कोटि जनाउने संक्षेपशब्द राखेर निर्देश गरिन्छ । यस संबन्धमा प्रचलित केही तरिका यस प्रकार छन्:-

(क) प्रत्येक कोशीय प्रविष्टिसंगै अपेक्षित व्याकरण संबन्धी विवरण प्रस्तुत गर्नु ।

(ख) कोशको पूर्व वा उत्तर भागमा अपेक्षित व्याकरण संबन्धी स्पष्टीकरण, वर्गीकरण र तालिका आदि सामग्री दिएर प्रविष्टिमा तिनको संकेत प्रस्तुत गर्नु ।

(ग) कोशको पूर्व वा उत्तर भागमा राखिएको व्याकरण संबन्धी निर्देशिकामा व्याकरणका नियमित वा सामान्य प्रक्रिया अन्तर्गतका विवरण निर्दिष्ट गर्दै प्रविष्टिमा अनियत, विलक्षण वा अपवादपरक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकरणात्मक विवरण प्रस्तुत गर्नु ।

यस सन्दर्भमा **नेपाली शब्दकोश**मा पाइने यस संबन्धी केही प्रावधान यस प्रकार छः-

अपर्झट-- क्रि. वि. [सं. अपर + झटिति] १. अचानक; अन्झट; अकस्मात्; एक्कासि; अनायास । ना. २. एकाएक आईपरेको स्थिति । वि. ३. आकस्मिक; अप्रत्याशित ।[७]

तेरो- वि. [तँ + एरो ∠ सं. तवकृत] तँ संबन्धी; तँमा पर्ने; तँको भागको (तिम्रो, तपाईंकोको अनादरवाची रुप) । **—मेरो**— ना. १. आफ्नो र अर्काको अर्थात् ममत्व र परत्वको भावमा स्वार्थ । २. वैयक्तिक स्वत्व र अधिकार संबन्धी विवाद, तर्क आदि ।[८]

छिप्नु— (स० क्रि०) कपडामा बुट्टा वा किनारा छाप्नु । (अ० क्रि०) नदेखिनु; लुक्नु । (क० क्रि० +भा० कि०—छिपिनु । प्रे० क्रि० +स० क्रि० छिपाउनु । भा० ना० छिपाइ) ।[९]

यसै गरी प्रविष्टिमा अभिसन्धेय सूचनाका आधारमा यसलाई दुई किसिममा वर्गीकरण गर्न सकिन्छ- (क) परिचय-निर्देशात्मक (ख) सीमा-निर्देशात्मक । यी दुवैको नेपाली शब्दकोशमा पाइने उदाहरण क्रमशः यस प्रकार छन्:—

(क) **फुक्का**— (वि०) फुकेको; बन्धनमुक्त; स्वतन्त्र स्वाधीन ।

(ख) **फुक्नु** (स० क्रि०) मुख अलि खुलाई वेगले भित्रको सास निकाल्नु; फूफू गर्नु । रोग शान्त गर्न मन्त्र पढेर फूफू गर्नु; झारफुक गर्नु । सासले आगो सल्काउनु । शङ्ख आदि बजाउनु; कानमा साउती गर्नु वा कुनै कुरा अरूले नसुन्ने गरी भन्नु । सम्पत्ति उडाउनु । (अ० क्रि०) डोरी, धागो आदि गाँठो परेको फुस्कनु; खुस्कनु । बन्धन खुल्नु; बन्धनबाट मुक्त हुनु । बाधा- अड्काउ हट्नु । (क० क्रि०/भा० क्रि० फुकिनु । प्रे० क्रि०/स० क्रि०-फुकाउनु । भा० ना० फुकाइ । सानु० (स० क्रि० मा मात्र)-फुकफाक ।[१०])

यहाँ पहिलोमा (वि०) राखी व्याकरणसंबन्धी परिचय निर्देश गरिएको छ भने दोस्रोमा (स० क्रि०) तथा (स० क्रि० मा मात्र) उल्लेख गरी सीमा समेत तोकिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ङ) व्युत्पत्ति

सामान्यतः व्युत्पत्ति भन्नाले रूप र अर्थका दृष्टिले कुनै शब्दको विकाशक्रम निर्देश गर्नु हो । व्युत्पत्ति शब्दको व्युत्पत्ति गर्दा यो गत्यर्थक 'पद' धातुबाट 'वि+उत्+पद+क्तिन्' प्रक्रिया भई निष्पन्न भएको पाइन्छ जसको अर्थ विकास गतिक्रम विश्लेषण गर्नु हुन्छ । यसैको अंग्रेजी शब्द 'एटिमोजी' मूलतः ग्रीसेली एटिमोन (यथार्थ)+लोगिया (लेखाजोखा)-बाट व्युत्पत्ति भएको हुँदा यसको चाहिं कुनै शब्दको यथार्थ लेखाजोखा गर्नु अर्थ व्यक्त हुन्छ । यही व्युत्पत्तिलाई शब्दान्तरमा 'निरुक्त' वा 'निर्वचन' भनिन्छ र यिनको व्युत्पत्ति पनि क्रमशः 'निस्+वच्+क्त' र 'निस्+वच्+ल्युट्' भएकाले अर्थ चाहिं विश्लेषीकरण नै हुन आउँछ । यसरी हेर्दा व्युत्पत्तिको उद्देश्य रूप अर्थ र विकासक्रमका दृष्टिले कुनै शब्दको पूर्ववृत्त संक्षेपतः अंकित गर्नु ठहरिन्छ ।

कोशमा व्युत्पत्ति दिंदा सामान्यतः कुनै शाब्दिक एकाइको विकास, मूलस्रोत मूलघटक, ध्वन्यात्मक तथा अर्थात्मक विकास र अन्य भाषाको सहरूपसँग तुलना अंकित गरिन्छ र सामान्यतः प्रविष्टिको अर्थभन्दा अगाडि कोष्ठभित्र राखिन्छ ।

यसरी व्युत्पत्तिले कोशीय एकाइको मूल ध्वनि, रूप तथा अर्थ र तिनको विकासक्रम पत्ता लगाई वास्तविक स्वरूप चिनाउने भएकाले शब्द-कोशमा यसको भूमिका निकै ठूलो छ । वस्तुत व्युत्पत्ति त्यो विश्वस्य माध्यम हो जसको सहयोगबाट भाषाको शब्दढुकुटीमा रहेका शब्दको मौलिक र आगत स्रोत पत्ता लाग्छ र सापट लिएका शब्दको सजातीय (सवर्ण) असजातीय भाषा स्रोतका तत्संबद्ध निकटवर्ती र दूरवर्ती पृष्ठभूमि निर्धारित हुन्छ । यसबाहेक शाब्दिक व्युत्पत्तिले संबन्धित भाषाभाषीको विशाल सांस्कृतिक सम्पदा र ऐतिहासिक पृष्ठभूमिका संबन्धमा समेत प्रकाश पार्ने हुनाले यसको बहु आयामिक उपादेयता पनि स्वतः छर्लङ्ग हुन्छ ।

कोशको व्युत्पत्ति निर्धारण गहन, कठिन र उत्तरदायित्यपूर्ण कार्य हो । फलतः यसका संबन्धमा विशेष सतर्कता राख्नु नितान्त आवश्यक छ । अतः यस सम्बन्धमा विचार गर्दा तलका बुँदा अनुपेक्षणीय प्रतीत हुन्छन्:—

(क) पृथक् ध्वनिनियम भएका बेग्लाबेग्लै भाषाका शब्दमा रूपगत र अर्थगत केही समानता देखा पर्दैमा त्यस्ता शब्दलाई व्युत्पत्तिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दृष्टिले संबद्ध मान्न हुँदैन । जस्तै नेपाली 'निर' (नेर) संस्कृत 'निकट'–सँग संबद्ध छ, अंग्रेजी 'नियर'–सित संबद्ध मान्नु उपयुक्त हुँदैन । यही कुरा 'मानव' र म्यान (man) शब्दमा पनि लागु हुन्छ ।

(ख) सामान्य ध्वनिनियमको आधारमा जति परिवर्तन संभव छ त्यसभन्दा बढी समानता कुनै बेग्लाबेग्लै भाषाका शब्दमा पाइयो भने कुनै एउटा भाषाबाट अर्को भाषाले ग्रहण गरेको हुन सक्ने हुँदा यस्तामा सावधान हुनुपर्छ । जस्तै 'सच्चा' शब्द संस्कृतबाट नभई हिन्दीबाट नेपालीमा प्रवेश गरेको हो किनभने ध्वनिनियमअनुसार नेपालीमा 'साँचो' हुने देखिन्छ ।

(ग) व्युत्पत्ति गर्दा कुनै पनि शब्दको वास्तविक जीवन काल–क्रमानुसार निश्चित गरिनुपर्छ त्यसका लागि कुनै पनि शब्दको रूप, अर्थ र प्रयोगमा विशेष ध्यान दिनुपर्छ, अन्यथा व्युत्पत्तिमा त्रुटि हुन सक्छ । उदाहरणार्थ, उपयुक्त विकासक्रम विचार नगरी संस्कृत 'जयप्राण' बाट 'जापान' अनि संस्कृत 'पवनयान'–बाट 'प्लेन' को व्युत्पत्ति गर्नु अनुचित हो ।

(घ) व्युत्पत्ति–विधानमा देश (भूगोल), काल (इतिहास) तथा शब्दको ग्रहण सन्दर्भलाई पनि विचार गर्नुपर्छ । अन्यथा व्युत्पत्तिमा गल्ती हुन सक्छ । उदाहरणार्थ, नेपाली 'हार्बिन' शब्द अंग्रेजी' 'हार्मोनियम'–बाट विकसित हो, संस्कृत 'हरिवाद्य' बाट होइन ।

(ङ) कुनै शब्दको विभिन्न अर्थ छन् भने त्यहाँ विभिन्न व्युत्पत्ति पनि हुनसक्छ । जस्तै— नेपाली 'बाँच्नु शब्द पढ्नु अर्थमा 'वाचन'—बाट र जिउनु अर्थमा 'वर्तन' शब्दबाट व्युत्पन्न हो ।[११])

(च) विभिन्न भाषाका संभाव्य शब्दहरूसँग तुलना गरी व्युत्पत्ति निर्धारण गर्नु निकै भरपर्दो उपाज हो । यसको उदाहरणमा टर्नरको नेपाली शब्दकोशलाई राख्न सकिन्छ ।

यही व्युत्पत्तिका सन्दर्भमा अंग्रेजी कोशकार वाल्टर डब्ल्यू स्कीट [१२] र हिन्दी कोशकार भोलानाथ तिवारीले[१३] दशवटा नियम निर्देश गरेका छन् । नेपाली कोशका सन्दर्भमा भने यस किसिमको कुनै नियम कोशमा प्रतिपादित पाइन्न ।

यस संबन्धी केही चर्चा अध्याय चारमा गरिसकिएको छ ।

(च) अर्थविधान:–

अर्थ प्रतीतिको निम्ति शब्दको व्यवहार गरिने हुनाले अर्थलाई भाषाको आत्मा मानिन्छ । शब्दकोशको पनि मूल उद्देश्य कुनै भाषाका शब्दको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वास्तविक र सुस्पष्ट अर्थनिर्धारण नै भएकाले वस्तुतः यसमा पनि अर्थ नै केन्द्रीय तत्त्व प्रमाणित हुन्छ । अतः शब्दकोशका सन्दर्भमा अर्थविधान निकै गहन र जटिल विषय हो । यही कुरा अङ्गीकार गरी शब्दकोशमा कोशीय प्रविष्टिको समस्त विधेय- खण्ड अर्थनिर्धारणमा नै केन्द्रित हुन्छ ।

शब्दकोशका प्रत्येक कोशीय प्रविष्टि मुख्यतः उद्देश र विधेय नामक दुई खण्डमा विभाजित हुने कुरा चर्चा गरिसकिएको छ । त्यसमध्ये शब्दकोशीय मूल लक्ष्यलाई कार्यान्वयन गर्ने भएकाले विधेय खण्ड अतीव महत्त्वपूर्ण सिद्ध हुन्छ । यस किसिमको विधेय खण्डको पनि केन्द्रबिन्दु अर्थ- विधान भएकाले शब्दकोशका सन्दर्भमा अर्थको महत्ता सहजै छर्लङ्ग हुन्छ ।

यी कुरा विचार गरी शब्दकोशको प्रस्तुत विधेय खण्डमा प्रत्येक कोशीय एकाइको विभिन्न किसिमले अर्थविधान गरिन्छ । यसरी कोशमा अर्थविधान गर्दा प्रयोग गरिने प्रमुख विधि यस प्रकार छन्:—

(१) परिभाषीकरण (२) पर्याय (३) विपर्याय (४) बीजक (५) विवृत्ति (६) प्रतिनिर्देशन (७) व्युत्पत्ति (८) उदाहरण (९) चित्राङ्कन ।

(१) परिभाषीकरण विधि— यो कोशीय एकाइ अर्थात् कोशिमको व्याख्या, वर्णन, परिचय, विवेचना वा परिभाषाद्वारा अर्थनिर्धारण गर्ने एउटा महत्त्वपूर्ण विधि हो । यसमा विश्व कोशीय पद्धतिको छोटकरी स्वरूप प्रयोग गरिन्छ । यसको उद्देश्य सरल वा ज्ञात शब्दावलीबाट जटिल वा आज्ञात शब्दको अर्थ व्यक्त गर्नु भएकाले कोशीय एकाइ वा कोशिमको अर्थ -निर्धारणमा आधुनिक कोशकारहरू यसलाई बढी प्राथमिकता प्रदान गर्दछन् । कोशमा परिभाषीकरणका माध्यमले कर्करेखा, मकररेखा, कोश आदि शब्दको परिभाषा र सीता, बुद्ध, सगरमाथा, नेपाल आदि शब्दको परिचय दिन अनि ज्ञान, ब्रह्म, प्रकृति आदिको विवेचन र अन्तर्विरोध, कर्खा, नान्दी, परोपकार आदिको व्याख्या गर्न समेत सकिने हुँदा अर्थविधानका सन्दर्भमा यो ज्यादै उपयोगी विधि पनि ठहरिन्छ । वस्तुतः कोशमा अर्थविधान गर्ने व्याख्या, वर्णन, परिचय, विवेचना वा परिभाषा जस्ता विधिको बोध गराउने समुच्चायक शब्द परिभाषीकरण हो; यसले उपर्युक्त व्याख्या आदि सबै तरिका समाहृत गर्दछ । नेपाली शब्दकोशका पृष्ठभूमिमा परिभाषीकरणको उदाहरण यस प्रकार दिन सकिन्छ ।

ईश्वर— ना० (सं०) १. सम्पूर्ण विश्वब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परमपुरुष

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्ता ।[१४] ....

चन्द्रमा— आकाशमा राति उज्यालो देखिने ग्रह, घटवढ भइरहने, शीतल किरण आउने, सेतो चम्किलो ग्रह, ... ।[१५]

यसरी शब्दकोशका सन्दर्भमा परिभाषीकरणमाथि विचार गर्दा यस संबन्धी मूलभूत पक्षमा पनि चर्चा गर्नु वाञ्छनीय प्रतीत हुन्छ । यस दृष्टिले हेर्दा प्रथमत विचारणीय कुरा के हुन आउँछ भने परिभाषीकरण गर्दा पूर्णतः तार्किक पद्धतिकै अनुसरण हुनुपर्छ भन्ने छैन । वस्तुतः कोश सन्दर्भ ग्रन्थ भएकाले यसमा तर्कशास्त्रका विशिष्ट नियमलाई यथावत् अनुसरण गर्दा यो तर्कशास्त्रीका निम्ति मात्र गम्य भई ईप्सित लक्ष्यमा असफल पनि हुनसक्छ । अतः तर्कशास्त्रमा झैं परिभाषीकरण गर्दा परिभाष्य विषयलाई तदितर समस्त विषयबाट व्यतिरेक गर्ने अव्याप्ति, अतिव्याप्ति र असंभव दोषशून्य असाधारण विशेषताका आधारमा परिभाषित गर्नुपर्ने बाध्यता कोशमा छैन र यसमा उद्दिष्ट कोशीय एकाइलाई चिनाउने प्रमुख विशेषताको प्रस्तुतीकरण नै पर्याप्त मानिन्छ । यसैले प्रस्तुत सन्दर्भमा परिभाषीकरण व्यापक शब्द हो जसमा व्याख्या, विवेचना परिचय आदि अर्थविधानका विविध प्रकार संमिलित छन् भनी माथि संकेत गरिएको हो । तर प्रस्तुत चर्चाको आशय परिभाषीकरणमा तर्कशास्त्रीय पद्धतिको बहिस्कार गर्नुपर्छ भन्ने कदापि होइन किनभने कतिपय विशेष शब्द र कतिपय विशेष कोशका सन्दर्भमा यो अनुपेक्षणीय हुन आउँछ । जस्तै— **बाघ**— ना० (सं० व्याघ्र) १. बिरालाका जातको बलियो ठूलो र हिंसक रागपाटे जङ्गली जनावर; ...... ।[१६]

माथिको उदाहरणमा जातिगत आधारमा परिभाषीकरण गर्नु तार्किक पद्धतिको अनुसरण हो ।

यसरी नै सारमयता र तथ्यात्मकता परिभाषीकरणका अपरिहार्य विशेषता हुन् र निरर्थकता र द्वयर्थकता यसका परिहार्य पक्ष हुन् ।यसैले परिभाषीकरणमा अनावश्यक शब्दको प्रयोग वर्ज्य र न्यूनतम शब्दमा अपेक्षित सुस्पष्टता प्रशस्य मानिन्छ ।[१७] यस प्रसङ्गमा परिभाषीकरणका अपेक्षित केही महत्त्वपूर्ण बुँदा यस प्रकार उल्लेख गर्न सकन्छिः–

(क) यसमा सार र तथ्यका दृष्टिले सुनिश्चित शब्दावली हुनुपर्छ र अर्थान्तर जनाउने अवकाश रहनुहुँदैन । संक्षेपतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्को शब्दमा भन्दा परिभाषीकरण अतिव्याप्तिजनक हुनुहुँदैन ।

(ख) यसमा प्रयुक्त शब्दावली संबन्धित शब्दकोशमा परिभाषित हुनुपर्छ ।

(ग) यसमा परिचित आधारभूत शब्दका माध्यमबाट अपरिचित कोशिमको व्याख्या हुनुपर्छ ।

(घ) यसका लागि सीमित शब्दभण्डार निर्धारित गरिनुपर्छ ।

(ङ) यो अपूर्ण, व्यर्थ वा अव्याप्तियुक्त हुनुहुँदैन ।

यसै सान्दर्भिक पृष्ठभूमिमा **अधिभाषाको** पनि चर्चा हुनु आवश्यक छ। अधिभाषा कोशमा परिभाषीकरणका लागि प्रयुक्त हुने भाषा हो। यसैलाई निरूपक भाषा पनि भनिन्छ । कोशीय एकाइ अर्थात् कोशिमको परिभाषीकरण यसैमा निर्भर भएकाले यसको संरचना पनि संबद्ध कोशीय एकाइ वा कोशिम **प्रतिष्ठाप्य** हुने किसिमको हुनुपर्छ अर्थात् प्रस्तुत परिभाषीकरण अन्तः केद्रिक संरचनामा आधारित हुनुपर्छ । यसै कुरालाई प्रकारान्तरमा के भन्न सकिन्छ भने संरचनागत दृष्टिले परिभाष्य र परिभाषीकरण अन्योन्यपरिवित्यं खालको भई सुसंगत हुनुपर्छ । यसरी संगति मिलाउन कोशकारले कोशमा कोशीय एकाइ वा कोशिमको व्याकरणात्मक कोटि र परिभाषीकरणको व्याकरणात्मक कोटिमा समानता कायम गर्न सक्नुपर्छ। यसका लागि कुनै कोशिम नाम छ भने नामपदावलीमा र क्रिया छ भने क्रियापदावलीमा परिभाषीकरण गर्नुपर्छ । जस्तै:—

सज्जन– ना० असल व्यक्ति ।

वि० साधु वा सोझो स्वभाव भएको ।

यसै अन्यान्य व्याकरणात्मक कोटिमा पनि परिभाष्य कोशिम जुन कोटिको हो तदनुरूप नै कोटिमा परिभाषीकरणनिष्ठ पदावलीको संरचना हुनु आवश्यक छ। परन्तु यो नियम सर्वत्र समानरूपमा अङ्गीकार्य नभई संभाव्य स्थितिमा मात्र अनुसरणीय प्रतीत हुन्छ किनभने कतिपय यस्ता अवस्था पनि उपस्थित हुन्छन् जहाँ परिभाषीकरण बेग्लै संरचनामा पनि स्वीकार्नुपर्ने हुन्छ । उदाहरणार्थ कुनै नेपाली क्रियाको प्रविष्टिमा धातुरूप राख्न सकिन्छ तापनि त्यसको पारिभाषीकरण धातुरूपमा गरिँदैन । क्रियाको यस्ता प्रविष्टिमा धातुरूपमा 'नु' थपेर राखी परिभाषीकरणको संरचना

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मिलाइए तापनि तलका जस्ता कोशिमको प्रविष्टिमा बेग्लै सरचना स्वीकार्नु पर्ने परिस्थिति आइपर्छ । जस्तै—

ले- विभ० नामिक पदमा जोडिएर कर्ता वा करण जस्ता कारक जनाउने रूपायन सर्ग ।

छिः विस्मया० बो० घृणाको भाव व्यक्त गर्ने शब्द ।

यसरी दृष्टिगत गर्दा संबन्धपरक शब्दहरूमा परिभाषीकरण गर्दा उपर्युक्त प्रतिष्ठाप्य–संरचनालाई नै अङ्गीकार गर्नु पर्छ भन्न नमिल्ने स्वतः स्पष्ट हुन्छ ।

यसै प्रसङ्गमा अर्को विचारणीय पक्ष हो परिभाषीकरणमा परिभाष्य कोशीय एकाइ वा कोशिम र तत्संबन्धी रूपको प्रयोग । यसमा स्वीकार्य सिद्धान्त के हो भने शीर्षशब्द र त्यसको परिभाषीकरणमा उही वा तन्मूलक शब्दको प्रयोग अग्राह्य हुन्छ । जस्तै—

बस्नु- (अ० क्रि०) कुनै आसनमा थचक्क बस्नु ।[१८]

तर व्युत्पन्न शब्द भने त्यसको मूल वा संबन्धित शब्दबाट परिभाषित हुन सक्छ, किनभने यसबाट शाब्दिक संबन्ध र व्युत्पादनको विस्तार-क्षेत्र अभिव्यक्त हुन्छ । जस्तै—

झगडा- ना० परस्परमा शत्रुतापूर्ण व्यवहार, आपसमा कलह । ~ लु वि० झगडा गर्ने ।

यसमा पनि मूल शब्दबाट व्युत्पन्नको व्याख्या जति स्वीकार्य हुन्छ, त्यसको विपरीत स्थिति उति उचित मानिंदैन । यसैले तलको जस्तो परिभाषीकरण उपेक्षणीय छः–

रिस- ना० रिसाहामा हुने गुण वा स्वभाव । **रिसाहा-** वि० कुनै कुरा वा कसैप्रति रिस रहने स्वभाव भएको ।

यस प्रसङ्गमा **संनियोजित परिभाषीकरण** संवन्धी चर्चा पनि वाञ्छनीय प्रतीत हुन्छ । यसमा संवन्धित कुनै परिभाष्यमाण एकाइका लागि परिभाषित कोशीय एकाइको प्रयोगद्वारा परिभाषीकरण गरिन्छ । जस्तै–

उपमा- ना० कुनै एक वस्तुलाई अर्को वस्तुसँग दाँज्ने काम ।

उपमेय- वि० उपमा दिइएको ।

प्रस्तुत संनियोजित परिभाषीकरणमा विचार गर्नुपर्ने कुरा यी हुन्:- (१) यो मूल रूपमा आधारित हुनुपर्छ, व्युत्पन्न रूपमा होइन । (२) यसमा एकभन्दा बढी सम्पर्कसरणी हुनुहुँदैन । यी बुँदामा व्यक्त गर्न खोजिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशय के हो भने संनियोजित परिभाषीकरण गरिएको प्रविष्टिमा कोशका प्रयोक्ताका लागि कुनै एकाइको परिभाषीकरणमा परेको शब्दको अर्थ खोज्न एउटा प्रविष्टिमा भन्दा बढीमा चहार्न वा पत्र पल्टाउन नपरोस् । तलको उदाहरणमा (क) मा परेको शब्दको अर्थ (ख) मा प्राप्त नभई (ग) मा पुगेकोले सम्पर्कसरणी जटिल बनेको हुँदा यो ईप्सित संनियोजित परिभाषीकरण होइन:-

(क) **उन्नत**- वि० उन्नति भएको ।

(ख) **उन्नति**- ना० उन्नायकको काम ।

(ग) **उन्नायक**- वि० कुनै कार्य अघिबढाउन वा सुधार्न अग्रसर र अभिप्रेरक ।

यस सन्दर्भमा परिभाषीकरणका दृष्टिले प्राविधिक शब्द पनि विचार्य देखिन्छ किनभने शब्दकोशमा यस्ता शब्दलाई कसरी परिभाषीकरण गर्ने भन्ने प्रश्न निकै महत्त्वपूर्ण छ । यस पृष्ठभूमिमा जब विशेषज्ञका लागि मात्र सीमित प्राविधिक कोशलाई छोडेर सामान्य शब्दकोशको चर्चा गरिन्छ त्यस वेला परिभाषीकरण कुनै विशेषज्ञ वा प्राविधिकका निम्ति मात्र सुगम र सुग्राह्य नभई त्यसले व्यापक क्षेत्र लिने हुँदा यो गैर-विशेषज्ञका निम्ति पनि बोधगम्य र व्यवहार्य हुनुपर्ने कुरा सर्वस्वीकार्य हुन्छ । अनि यसबाट के स्पष्ट हुन्छ भने यस्ता प्राविधिक शब्दको परिभाषीकरण विशुद्ध प्राविधिक शब्दमा भन्दा सामान्य शब्दमा आधारित हुनुपर्छ र कुनै एउटा समानार्थी शब्दमा सीमित हुनुभन्दा यस्ता वैज्ञानिक वा प्राविधिक धारणालाई संप्रेषित गर्ने शब्दावलीमा सुसंबद्ध हुनुपर्छ । जस्तै-

अणु- ना० [सं०] १ कुनै पनि तत्त्वको साह्रै सानो र परमाणुभन्दा ठूलो तथा विशेष यन्त्रको सहायताविना देख्न, खण्डित गर्न वा टुक्र्याउन नसकिने रासायनिक संयोजनमा रहेको खण्ड वा टुक्रा ।[१८]

कोशमा परिभाषीकरणका दृष्टिले अत्यन्त समस्योत्पादक अर्को थरि यस्ता शब्दहरू पनि छन् जसलाई **विलक्षण वनस्पति** र **जन्तु** भन्न सकिन्छ । यी प्रादेशिक, आञ्चलिक, स्थानीय आदि विशिष्ट वातावरण वा सांस्कृतिक पृष्टभूमिका वनस्पति र जन्तुहरू हुन् । सर्वसुलभ वनस्पति र जन्तुभन्दा विशिष्ट भएकाले यस्ता विलक्षण वनस्पति र जन्तुहरूलाई बुझाउने शब्दमा सुनिश्चित परिभाषीकरण निकै अप्ठ्यारो हुन्छ । यसैले यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिभाषीकरणमा कतिपय कोशकारहरू 'एककिसिमको वनस्पति' 'एक किसिमको प्राणी' जस्ता शब्दावली प्रयोग गर्दछन् भने अन्य कतिपय चाहिं वनस्पतिशास्त्रीय र प्राणीशास्त्रीय नाम नै उपयोग गर्छन् । परन्तु सामान्य शब्दकोशमा यी दुवै परिभाषीकरण पद्धति समुचित ठहर्दैनन् । पहिलोमा जुनसुकै बोटबिरुवा एक किसिमको वनस्पति र जुनसुकै जन्तु एक किसिमको प्राणी हुने भएकाले परिभाषीकरण अनिश्चित र अपूर्ण हुन्छ भने दोस्रोमा सामान्य पाठकका निम्ति तथाकथित वनस्पतिशास्त्रीय नाम दुरुह र अप्रयोज्य ठहरिन्छ । अतः यिनलाई लोकप्रचलनका आधारमा वर्गीकरण गर्नु र तदनुरूप परिभाषीकरणमा उपयोग गर्नु वाञ्छनीय छ ।

यस प्रसङ्गमा प्रथमतः विलक्षण वनस्पतिको चर्चा गरौं । यस्ता शब्दको परिभाषीकरणका लागि लोकगत आधारमा वर्गीकरण गर्दा प्रथम-दृष्टया दुई किसिमले गर्न सकिन्छः– (अ) उपयोगिता (आ) प्राकृतिक संरचना ।

(अ) यस आधार अन्तर्गत पनि वनस्पतिलाई कृषि कर्मका दृष्टिले विभिन्न किसिममा उपवर्गीकरण गर्न सकिन्छ । जस्तैः-

(क) सपरिश्रम खेतीपाती गर्नुपर्ने वनस्पति ।

(ख) सपरिश्रम खेती नहुने भए तापनि रखवारी गर्नुपर्ने वनस्पति ।

(ग) वन्य तथा सांस्कृतिक महत्त्व भएका सामान्य वनस्पति ।

(घ) सांस्कृतिक दृष्टिले महत्त्व नदेखिने वन्य वनस्पति ।[२०]

यसरी लोक वर्गीकरण गरी तिनै आर्थी विशेषताका आधारमा शब्दकोशमा यस्ता शब्दलाई परिभाषीकरण गर्न सकिन्छ । जस्तैः-

बाबियो– ना० सपरिश्रम खेती नगरिने, डोरी बाट्ने, कुचो बनाउने र घर छाउने काममा प्रयोग हुने कुश जस्ता लामा, झीना पात हुने र कोदाका बालाका कोसा जस्ता साना फूल फुल्ने झार विशेष ।

(आ) यस आधारमा परिभाषीकरण गर्दा संबन्धित वनस्पतिको आकार–प्रकार, रङ्ग-रोगन आदि प्राकृतिक विशेषता र बनोटलाई उपयोग गरिन्छ । जस्तै–

चाँगे— तीखा टुप्पा भएका लाम्चा हरिया पात हुने, कलेजी र पहेंला रङका झुप्पा झुप्पा फूल फुल्ने र सो फूलभित्र काला तिल जस्ता गेडा लाग्ने एक किसिमको बोट ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वस्तुतः यी दुवै आधारलाई मिश्रण तथा उस्तै किसिमको अर्को वस्तुसँग तुलना समेत गरी परिभाषीकरण गरेमा अरू बेस हुने देखिन्छ। जस्तै—

गुर्जो— सपरिश्रम खेती नगरिने, पीपलका जस्तै पात हुने, मसिना तथा राता फल फल्ने, पहेँला फूल फुल्ने, मोटो डाँठ हुने र आयुर्वेदिक औषधिका निम्ति उपयोग गरिने लहरो।

यसै गरी विलक्षण जन्तुको परिभाषीकरणमा पनि तत्संबन्धी जातिका अतिरिक्त तिनको प्राकृतिक बनोट, वर्ण, आकार तथा सांस्कृतिक महत्त्व आदिलाई समावेश गर्नु आवश्यक छ। जस्तै—

मलेवा— ना० बथानका बथान भई उड्ने-बस्ने र धान-गहुँको दाना टिपी खान खेत-खेत चहार्ने परेवा जातको जंगली पक्षी।

(२) पर्याय विधि— समान वा प्रायः समान अर्थ बुझाउने शब्दलाई पर्याय भनिन्छ। शब्दकोशमा यसको स्थान निकै महत्त्वपूर्ण छ किनभने सानो वा ठूलो जुनसुकै शब्दकोशमा पनि अर्थविधानको लागि यो विधिको प्रयोग गरिन्छ। वस्तुतः कोशमा अर्थविधानको लागि परिभाषीकरण, बीजक, विवृत्ति आदिको प्रयोग त्यति अनिवार्य छैन जति पर्यायिको प्रयोग अनिवार्य छ। यसै गरी कोशमा अर्थविधानको लागि परिभाषीकरण, बीजक, विवृत्ति आदि ऐच्छिक हुन सक्छन् तर पर्याय भने अपरिहार्य हुन्छ।

शब्दकोशका प्रविष्टिमा अर्थविधान गर्दा पर्याय विधिको प्रयोग प्रमुखतः दुई किसिमले गरिन्छ (क) समवेत रूपमा (ख) ऐकान्तिक रूपमा।

(क) कोशीय प्रविष्टिमा परिभाषीकरण आदि अन्य अर्थविधानका विधिसित सम्मिलित गरी पर्यायिको संयोजन गर्नु समवेत रूपमा प्रयोग गर्नु हो। जस्तै—

कान— ना० १. कुनै ध्वनि तरङ्ग वा आवाजलाई ग्रहण गर्ने शरीरको अङ्ग; कर्ण; श्रोत्र; श्रवणेन्द्रिय। २. नाम्लाको पातामा बरियो छिराउन बनाइएको दुवैतिरको छेउ भाग ३. कानका आकारको कुनै वस्तु।

यस किसिमको प्रयोगबाट शब्दको अर्थच्छाया, विशिष्टार्थ र अर्थका विविध आयामहरू अभिव्यक्त गर्न सुगम हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) कोशीय प्रविष्टिको अर्थविधानका सन्दर्भमा पर्याय विधिको मात्र प्रयोग गर्नु ऐकान्तिक रूपमा प्रयोग गर्नु हो।

हिमाद्रि— ना० हिउँचुली, हिमालय पर्वत, हिमाल, हिमाचल, हिमशिखर।

यस किसिमको प्रयोगबाट कोशमा कठिन शब्दहरूको अर्थ सुपरिचित, समकालीन, मानक, विशिष्ट, व्यावहारिक अस्ता शब्दद्वारा प्रकट गर्न सकिन्छ।

यस संबन्धमा विशेष जानकारी अध्याय चारमा उल्लेख गरिएको छ।

(३) विपर्याय विधि— विपरीत किसिमको अर्थ व्यक्त गर्ने शब्दलाई विपर्याय भनिन्छ। कतिपय शब्दको अर्थविधानमा यो विधिको प्रयोग गर्दा निकै स्पष्टता, सरलता र सुबोधता जाहेर हुने हुँदा त्यस्ता अवसरमा यसको प्रयोग अतीव लाभकारी मानिन्छ। सामान्यत: अनेकार्थी शब्दको अर्थ किटान गरी असंदिग्धता वा अश्लिष्टता हटाउनु पर्दा यस्ता शब्दद्वारा अर्थविधान निकै आवश्यक हुन्छ। यसै गरी अनेकार्थी वा पर्याय शब्दको अर्थक्षेत्रीय व्यापकतालाई विभेदीकरण वा विच्छेदीकरण गरी तिनका फरक ठम्याउनु पर्दा पनि विपर्यायद्वारा अर्थविधान अतीव उपादेय ठहर्छ। जस्तै:—

अँध्यारो— ना० उज्यालोको विपर्याय।

अनेक— वि० १. एकको विपर्याय। २. विभिन्न। ३ दुई वा दुईभन्दा वढी। —**वचन**— ना० (व्याकरण) 'एक वचन' को विपर्याय।

वेबस्टर जस्तो अमेरिकाली शब्दकोशीय पद्धतिमा यसको उपबन्ध कोशिय प्रविष्टिको अन्त्यमा गरिन्छ।

यस संबन्धमा विस्तृत चर्चा अध्याय चारमा गरिसकिएको छ।

(४) बीजक विधि— कोशीय एकाइको कार्य, विषय तथा स्तर जनाउन प्रविष्टिको अंगमा तदतिरिक्त प्रगोग गरिने कुनै शब्द वा शब्दावलीलाई बीजक भनिन्छ। कोशमा यस विधिको मुख्य प्रयोजन नीडन र विकृतिमा जस्तै न्यूनतम स्थानमा अधिकतम सूचना दिनु हो। यसैले यो प्रविष्टिगत स्थान बचत गर्ने अत्यन्त उपयोगी साधन हो। यसै दृष्टिले **अक्सफोर्ड एड्भान्सड् लर्नरस डिक्शनरी अफ करेन्ट इङ्लिश** (भारतीय संस्करण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९८१ ई०) जस्ता साना शैक्षिक शब्दकोशमा पनि असीभन्दा बेसी बीजकको प्रयोग गरिएको छ । यसको उदाहरण यसरी दिन सकिन्छ:—

प्रकरी— ना० (साहित्य) नाटकको बीचमा उठी बीचमा नै टुंगिने उपकथा ।

रस— ना० १. कुनै आलो वा गिलो वस्तुबाट निस्कने तरल पदार्थ २. (साहित्य) विभाव, अनुभाव, र संचारिभावका संयोगबाट निष्पत्ति हुने शृंगार, हास्य, करुण, रौद्र, वीर, भयानक, वीभत्स, अद्भुत, शान्त जस्ता नौ किसिमका अनुभूतिमय आस्वादन । ३. (आयुर्वेद) विभिन्न धातु -हरूको भष्म बनाएर तयार गरिने सारमय ओखती । ४. (गणित) छ अंकको नाउँ । ५. (रसायनशास्त्र) पानी मिलाइएको चिनी, मिस्री, नून आदिको घोल ।

प्रस्तुत बीजकलाई विभिन्न दृष्टिले वर्गीकरण गर्न सकिन्छ। कोशमा गरिने सूच्य सन्दर्भका आधारमा व्यापक दृष्टि राखी यसलाई विभाजन गर्दा यो तीन किसिमको हुन्छ ।

(अ) प्रकार्यपरक बीजक— यो कोशीय एकाइका संबन्धमा नाम, सर्वनाम आदि प्रकार्यपरक शब्दभेद निर्देश गर्न प्रयोग गरिन्छ । यो सबै शब्दकोशमा प्रयोग गरिने बीजक हो र यसलाई उद्देश भागमा शीर्षशब्दको उच्चारण पछि लगत्तै संक्षेपशब्द (संक्षिप्ति) द्वारा निर्देश गरिएको हुन्छ । जस्तै—

कोश— ना०

पढ्नु— स० क्रि०

(आ) विषयपरक बीजक— कुनै कोशीय एकाइ वा त्यसको कुनै अर्थभेद प्रयुक्त हुने विषय क्षेत्रलाई निर्देश गर्नु यसको काम हो । शब्दको प्रयोजनपरक क्षेत्र–निर्देशनमा पनि यसले प्रयोक्तालाई सघाउँछ । यसमा आलङ्कारिक, साहित्यिक, लाक्षणिक, व्यङ्ग्य विनोद बालबोली जस्ता शब्द प्रयोग गरिन्छ । जस्तै—

माम— ना० (बालबोली) भात ।

विभावना— ना० १. (साहित्य) कारणविना कार्यको कल्पना गरिने अर्थालङ्कार ।

(इ) स्तरपरक बीजक— कुनै कोशीय एकाइको प्रयुक्तिमा आधारित स्तर निर्देश गर्नु यसको काम हो । यसलाई कोशमा संकेत गर्नु अत्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वश्यक छ, अन्यथा कोशका प्रयोक्ता प्रयोगका सन्दर्भमा विभ्रान्त हुन सक्छन् । यसमा शिष्ट, अप्रचलित, अभिनव, ग्राम्य, गाली, भाषिकागत (भाषिकाको नाम), स्थानीय (भेगको नाम), कथ्य, अश्लील, आकस्मिक जस्ता शब्द प्रयोग गरिन्छ । जस्तै—

(क) **बजिया**— ना० १. (गाली) लोग्नेमान्छेलाई होच्याएर भनिने शब्द । २. कमारो . . . . ।

(ख) **मैथुन**— ना० १. (अश्लील) भाले–पोथीको समागम ।

यसै गरी निम्नलिखित कोशीय एकाइको प्रयुक्तिगत विशेषताका आधारमा पनि यसलाई विभाजन गर्न सकिन्छ ।

(अ) **दैशिक**— यस्ता बीजकले कोशीय एकाइ वा तद्गत अर्थमा आधारित भौगोलिक क्षेत्रलाई निर्देश गर्दछ । यस वर्गमा पर्ने बीजकहरू यस प्रकार छन्—

(क) **क्षेत्रगत**— यसमा संबन्धित भाषाको क्षेत्रगत भेद वा विकल्पनलाई समावेश गरिएको हुन्छ । नेपालीका सन्दर्भमा **पूर्वेली**, **माझाली** आदि भाषिकागत क्षेत्र यसमा पर्छन् ।

(ख) **स्थानगत**— यसमा कुनै भाषाको विशिष्ट प्रयोग पाइने स्थान समाविष्ट हुन्छ । नेपालीका सन्दर्भमा अञ्चल जिल्ला वा तिनको विशिष्ट भेग यसमा पर्छन् ।

(ग) **विविध**— भाषाको विकास र अध्ययन विश्लेषणमा आधारित अवशिष्ट दैशिक भेदलाई यसमा राख्न सकिन्छ । **मान्द्रिलो** (देवकोटा) आदि वैयक्तिक प्रयोग, **सगरमाथा** आदि राष्ट्रिय प्रयोग र **स्पुतनिक** अन्तरराष्ट्रिय प्रयोग यसका उदाहरण हुन् ।

(आ) कालिक— प्रचलन कालका आधारमा विभाजित बीजकलाई यस वर्गमा राखिन्छ । केही कालिक बीजकहरू यस प्रकार छन्:—

(क) **अवसित** (Odsclete)— वर्तमान अवस्थामा प्रयोग नहुने तर ऐतिहासिक रूपमा प्रयुक्त कोशिमलाई यस्ता बीजकद्वारा संकेत गर्न सकिन्छ । नेपालीका सन्दर्भमा नेपाल एकीकरणपूर्वका **पर्सा**, **जोइसि**, **रेषपत्र**, **षौकिया**, **वृषालो** आदि र अनि केही पछिका **चुइँकी** जस्ता शब्दहरूलाई यसरी संकेत गर्न सकिन्छ ।

(ख) **अवचलित** (Archaic)— सामान्यत: वर्तमान व्यवहारमा विरल प्रयोग हुने कोशिममा यस्तो बीजक राखिन्छ । नेपाली भाषाको **हवाली**,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोल, डँडेल, पला जस्ता शब्दहरू यसका उदाहरण हुन् ।

(ग) **अभिनव (Neologism)**— भर्खरै प्रयोग हुन थालेका नयाँ शब्दहरूलाई यस रूपमा संकेत गर्न सकिन्छ । नेपालीका **परिक्रमानिधि, मण्डले, ज्ञापनसमय**, **कोशविधानविज्ञान**, **नीडन समरूपी** शब्द आदि यसका उदाहरण हुन् ।

(घ) **विविध**— कालगत प्रचलन निर्देश गर्ने प्रयोग हुने यस्ता अन्य बीजकहरूलाई यसमा राखिन्छ । **पुरानो-प्रयोग, मल्लकालीन, राणाकालीन** आदि प्रयोग यसका केही उदाहरण हुन् ।

(ङ) **शैलीपरक**— यस अन्तर्गत संबन्धित भाषाको शैलीगत भेदमा आधारित बीजकहरूलाई समावेश गरिन्छ । यस वर्गमा पर्ने बीजकहरू यस प्रकार छन्:—

(क) **औपचारिक**— संबन्धित भाषाको औपचारिक सन्दर्भमा प्रयोग हुने कोशिमलाई जनाउन पर्दा यसलाई उपयोग गर्न सकिन्छ ।

(ख) **अनौपचारिक**— कुराकानी आदि अनौपचारिक सन्दर्भमा प्रयोग हुने कोशिममा यो अंकित गर्न सकिन्छ ।

(ग) **प्रयोजनपरक**— विभिन्न प्राविधिक, व्यावसायिक र विषयगत क्षेत्रहरूमा प्रयुक्त हुने कोशिममा निर्देश गरिने बीजकहरूलाई यस वर्गमा समेटिन्छ । यस्ता बीजकहरू हुन्– **गणित, ज्यौतिष, चिकित्साशास्त्र**, साहित्य, **अश्लील, व्यङ्ग्यविनोद, लाक्षणिक** आदि । **अक्सफोर्ड एडभान्सड् लर्नरस डिक्शनरी अफ करेन्ट इङ्गलिश** (भारतीय संस्करण, १९८१ इ०)— मा प्रयुक्त अधिकांश बीजकहरू यस वर्गका छन् ।

(घ) **समाजस्तरीय** – कोशीय एकाइको प्रयोगमा पाइने सामाजिक स्तर वा श्रेणी जनाउने बीजकलाई यस भित्र सन्निवेश गरिन्छ । **शिष्ट, ग्राम्य, कथ्य**, आदि बीजक यसका संकेतक हुन् ।

यसै सन्दर्भमा अर्काथरि यस्ता बीजकको पनि प्रयोग पाइन्छ जुन प्रयोगात्मक आवृत्तिमा आधारित हुन्छन् । कोशीय प्रविष्टिमा पाइने **सामान्यत:, धेरैजसो, कहिलेकाहीं** आदि बीजक यही आवृत्ति सूचक हुन् ।

कोशमा बीजकलाई सामान्यत: दुई किसिमले प्रयोग गरिन्छ:—

(क) उद्देशगत बीजक— यो शीर्षशब्द वा कोशीय एकाइमा नै बीजक प्रयोग गरिने तरिका हो । जस्तै—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निदुली - ना० (सं० निद्रा+उली) (लोककाव्य, बालबोली आदिमा) निद्रा, निदरी, निदुरी ।

(ख) विधेयगत बीजक— यो शीर्षशब्द वा कोशीय एकाइको अर्थविधान गरिने विधेय भाग अन्तर्गतको कुनै अर्थ वा अर्थभेदमा प्रयोग गरिने बीजकको तरिका हो ।

निदुरी— ना० (नीद+उरी) १. निदाइरहने स्वास्नीमान्छे । २. (दन्त्यकथामा) नीद, निदुली, निदरी ।

यसरी हेर्दा कोशमा बीजकको महत्त्वपूर्ण भूमिका पाइन्छ । तर पनि यो बीजक कुनै कोशीय एकाइको चिरस्थायी विशेषता: भने होइन किनभने कोशीय एकाइ वा कोशिमको स्तर स्थिर नभई निरन्तर नै चलायमान हुन्छ र तदनुसार बीजकमा पनि परिवर्तन नितान्त अपेक्षित हुन्छ ।

(५) विवृत्ति विधि— कुनै प्रविष्टिको विधेयभागसित संवद्ध व्याकरणगत वाक्यगत वा अर्थगत विशेषता जाहेर गर्ने उदाहरण स्थानिक छोटो टिपोटलाई विवृत्ति भनिन्छ । यो दृष्टिगत कोशीय एकाइ वा कोशिममा प्रयुक्त भएर अर्थविधान गर्न सहयोग गर्ने भएकाले कोशमा यसको विशिष्ट महत्त्व छ । यसलाई मुख्यत: तीन किसिममा विभाजन गर्न सकिन्छ:—

(१) अर्थपरक— यस किसिमको विवृत्तिले कोशीय एकाइको विभिन्न अर्थगत विशेषतालाई किटानका साथ जाहेर गर्ने हुनाले यसको महत्त्व स्वत: स्पष्ट हुन्छ । कोशीय प्रविष्टिमा यसको प्रयोग गर्दा सामान्यत: आर्थी अभिलक्षण निर्देश गरिएको हुन्छ भने कहीं पर्याय, विपर्याय र प्रयोग स्थल पनि अंकन गरिन्छ । जस्तै—

द्विज— ना० १. कुनै दुई चोटि जन्मेको मानिने प्राणी (गर्भबाट फूल र फूलबाट बच्चा गरी दुई पटक पैदा हुने चराचुरूङ्गी सर्प आदि) । २. उपनयन गरिने हिन्दूहरूको एक वर्ग (बाहुन, छेत्री र वैश्य) ।

(२) व्याकरणपरक— यो कोशीय प्रविष्टिको उद्देश भागमा समावेश गरिने व्याकरण निर्देशभन्दा अतिरिक्त र विलक्षण व्याकरणात्मक विशेषता जाहेर गर्ने विवृत्ति हो । यसमा कोशीय एकाइको विभिन्न वाक्यपरक विशेषताहरूलाई अंकित गरिएको हुन्छ । जस्तै—

छोरा-- ना० (तिर्यक् रूप र बहुबचनमा 'छोरा') शारीरिक संरचनामा पुंलिङ्गी अङ्ग भएको सन्तान; पुत्र; सुत । २. पुरुष सन्तान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(३) विश्वकोशपरक-- कुनै विषय क्षेत्रसित संबद्ध ज्ञानपरक तथ्य निर्देश गर्नु विश्वकोशपरक विवृत्ति हो । जस्तै--

कार्बन-- ना० (अङ्०) कोइला, अँगार आदिमा विद्यमान रहने एक रासायनिक तत्त्व (हीरा र सिसालाई विशुद्ध कार्बन मानिन्छ ।

सामान्यत: हेर्दा विवृत्ति र बीजकमा केही समानता देखिन्छ किनभने यी दुवै कोशीय एकाइको अर्थविधानका प्रसङ्गमा तद्गत प्रविष्टिको अतिरिक्त अङ्ग बनेर उपस्थित हुन्छन् र सो कोशीय एकाइका संबन्धमा थप सूचना जाहेर गर्छन् । परन्तु यी दुईमा पाइने विशेषतालाई दृष्टिगत गर्दा निम्नाङ्कित भिन्नता यिनमा स्पष्ट: परिलक्षित हुन्छ:--

(क) कोशमा विवृत्ति व्यष्टिगत एकाइका निम्ति प्रयोग गरिन्छ तर बीजक भने सजातीय एकाइका सन्दर्भमा प्रयुक्त हुन्छ । विवृत्ति निष्ठ सूचना प्रत्येक कोशीय प्रविष्टिमा फरक फरक हुन्छ भने बीजकनिष्ठ सूचना चाहिं समान प्रविष्टिमा समान हुन्छ ।

(ख) बीजक-सूचक शब्दावली संपाद्य कोशको आरम्भिक चरण वा योजनागत चरणमा नै सुनिश्चित गरिन्छ र तदनुकूल तथ्याङ्कको संकलनमा व्यवस्था गरिन्छ । तर विवृत्ति चाहिं संकलित तथ्याङ्कको सूक्ष्म निरीक्षण गर्दा पाइने विशेषताका आधारमा व्यष्टिगत कोशीय एकाइमा अंकन गरिन्छ ।

(ग) प्राय: कोशको पूर्व भागमा विवृत्तिसूचक शब्दावलीको सूची र संक्षिप्त समावेश गरिंदैन र सामान्य उदाहरण मात्र दिइन्छ तर बीजकका लागि प्रयुक्त शब्दावलीको भने सूची, संक्षिप्ति र उदाहरण समेत प्रस्तुत गरिन्छ ।

(६) प्रतिनिर्देश-- कोशीय एकाइहरुको पारस्परिक संबन्ध देखाउनु प्रतिनिर्देश हो । यसले अर्थगत समानता, असमानता र पूरकताका आधारमा कोशीय एकाइहरुको अन्त: संबन्धलाई निर्देश गर्छ । यसलाई **अन्योन्य सन्दर्भ** पनि भनिन्छ । कोशमा आवश्यक आवृत्ति वा पिष्टपेषण रोकी न्यूनतम स्थान र प्रयत्नद्वारा अधिकतम सूचना प्रदान गर्न यो अत्यन्त उपयोगी साधन हो । जस्तै--

खोर्सानी-- ना. हे. खुर्सानी ।

यस्ता प्रतिनिर्देशमा प्राय: संक्षिप्त शब्द प्रयोग गरिन्छ । नेपालीमा 'हे.' संक्षिप्तिले 'हेर्नुहोस' वा 'हेर्नु' भन्ने अर्थ जनाउछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रतिनिर्देश आधुनिक शब्दकोशको अपरिहार्य तत्त्व हो। यो मुख्यत: निम्नलिखित प्रयोजनसिद्धिका लागि अतीव उपादेय मानिन्छ:–

(क) कोशीयएकाइ वा कोशिमको सूचनागत समानता वा विशेषताका आधारमा जब कुनै एउटा एकाइको अर्को एकाइसँग संबन्ध स्थापित हुन्छ र कुनै एउटा एकाइमा सो सूचना रही अर्कोमा आवृत्ति अनावश्यक ठहरिन्छ भने तब एउटाको संबन्ध प्रतिनिर्देशद्वारा अर्कोसंग गरिन्छ। जस्तै–

(क) **निर्लेप**– वि० हे० **निर्लिप्त**।

(ख) मुक्ति– ना० १.जन्म–मरण चक्रबाट आत्माको विमोचन, तुल. **निर्वाण**। २. छुटकारा, स्वतन्त्रता. . . .।

प्रायश: यिनमा पहिलो किसिमको प्रतिनिर्देश साधारण हो र यस अन्तर्गतको प्रस्तुत प्रतिनिर्देश्य प्रविष्टिमा कुनै परिभाषीकरण गरिदैन भने दोस्रो किसिमको. प्रतिनिर्देशमा परिभाषीकरण आदि गरी थप विशेषताका लागि अर्को प्रविष्टि निर्देश गरिन्छ।

(ख) कोशीय एकाइको अनेक भेद वा विकल्पन भएमा वहुप्रचलितलाई प्रमुख प्रविष्टिमा राखी अन्य विकल्पनमा प्रतिनिर्देशद्वारा प्रमुख प्रविष्टिलाई इंगित गर्दै वहुप्रचलित भेदको स्पष्ट जानकारी दिइन्छ। जस्तै–

घुन्यान– ना० हे० **घुरान**।

(ग) कुनै कोशीय एकाइको रूपावलीमा कुनै अनियमित रूप देखा पर्छ भने एकातिर त्यस्तो अनियमित वा अपवाद रूपलाई तद्गत आधार शब्दको प्रविष्टिमा निर्देश गरिन्छ भने अर्कोतिर सो अनियमित वा अपवाद रूपको यथानुक्रम प्रविष्टिमा तद्गत आधार शब्दको मुख्य प्रविष्टिलाई प्रतिनिर्देश गरिन्छ। यसबाट आधार शब्द र तद्गत अनियमित वा अपवाद रुपको जानकारी प्रयोक्तालाई हुन्छ। जस्तै–

म– सर्वना० (षष्ठी विभक्तिमा 'मेरो')।

मेरो– हे० **म**।

(घ) कुनै कोशीय एकाइको परिभाषीकरणमा समानार्थी शब्दको प्रयोगबाट पनि प्रतिनिर्देश सिद्ध हुन्छ। यसले अर्थ स्पष्टीकरण र क्षेत्र–निर्देशमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहयोग गर्छ । जस्तै–

कान्ति– ना० तेज, सौन्दर्य, प्रभा, शोभा, द्युति, **छवि** ।

(ङ) प्रतिनिर्देशको प्रयोग अर्थका दृष्टिले संबद्ध शब्दमा पनि गर्न सकिन्छ। जस्तै–

भवन– ना० बस्ने योजनका निम्ति बनाइएको जग, छाना आदि भएको स्थान; हे० **घर, कुटी, निकेतन, महल, सदन** ।

(च) अनेकार्थी शब्दमा कुनै दुई शब्दको अर्थ विधानमा समता जाहेर गर्न प्रतिनिर्देश गरिन्छ । यो प्रतिनिर्देश अर्थ स्तरमा आधारित हुन्छ र यसमा अर्थक्रम संख्या पनि संकेत गरिएको हुन्छ । जस्तै–

देह– ना० हे० **जीउ २ (ख)**

जीउ– ना० **२** (ख) टाउकादेखि खुट्टासम्मको अंग ।

(छ) कोशीय प्रविष्टिमा विपर्याय शब्दको प्रयोग छ भने यसबाट पनि प्रतिनिर्देश कार्यको पूर्ति हुन्छ । जस्तै–

ज्ञान– **अज्ञान**को विपर्याय ।

(ज) कोशमा भाषिकागत भेदसंग संबद्ध शब्दको प्रतिनिर्देश मानक वा स्तरीय शब्दसंग गरिन्छ । यसबाट मानक र अमानवको भेदज्ञान हुन्छ । जस्तै–

बेलौती– ना० हे० **अम्बा** ।

(झ) अवसित र अवचलित शब्दको संबन्ध प्रतिनिर्देशद्वारा समसामयिक शब्दसंग गराइन्छ । जस्तै–

घा– ना० हे० **सन्धि** ।

कान्तिपुर– ना० हे० **काठमाडौं** ।

यिनै कुरालाई समेटी **वेब्टर्स न्यू कलेजियट डिक्शनरी**-ले प्रतिनिर्देशलाई चार प्रकारमा वर्गीकरण गरेको छः- (अ) निर्देशपरक (आ) पर्यायपरक (इ) सवर्गपरक (ई) रूपायनपरक ।[२१]

यिनमध्ये उपर्युक्त (क), (ख), (ग) र (घ) क्रमशः निर्देशपरक, सवर्गपरक, रूपायनपरक र पर्यायपरकका उदाहरण हुन् ।

प्रस्तुत प्रतिनिर्देशलाई व्यापक सन्दर्भमा वर्गीकरणगर्दा चाहिं यो दुई किसिमको हुन्छः (क) व्यक्त (ख) अव्यक्त ।[२२]

(क) व्यक्त प्रतिनिर्देश – यस किसिमको प्रतिनिर्देशमा कोशकारले स्पष्टतः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द प्रयोगद्वारा कुनै प्रविष्टिको संबन्ध अर्को प्रविष्टिसंग गराएको हुन्छ। यसैले प्रतिनिर्देश्य प्रविष्टिमा 'हेर्नुहोस्' 'तुलनीय' जस्ता शब्द वा यिनको संक्षिप्ति राखी अर्को प्रविष्टिको निर्देश गरिन्छ। निर्देशपरक प्रतिनिर्देश यसको एउटा उदाहरण हो।

(ख) अव्यक्त प्रतिनिर्देश-- यसमा कोशकारले प्रकट रुपमा कुनै प्रविष्टिको निर्देश नगरी प्रच्छन्न रुपमा नै त्यसको निर्देश हुने पद्धति अपनाइएको हुन्छ। यसैले प्रतिनिर्देश्य प्रविष्टिमा कुनै निर्देशक शब्दको प्रयोग गरिएको हुँदैन। उदाहरणार्थ, पर्यायपरक प्रतिनिर्देशलाई लिन सकिन्छ। कतिपय शब्दकोशमा निर्देशक शब्द प्रयोग नगरे पनि अक्षरको आकार-प्रकार र चिह्नद्वारा प्रतिनिर्देश गर्ने स्पष्ट व्यवस्था पनि हुन्छ। वेब्टर्स न्यू कलेजियट डिक्शनरी-ले पर्यायपरक तथा रूपायनपरक प्रतिनिर्देशमा यस्तै व्यवस्था गरेको छ।

कोशमा प्रतिनिर्देश गर्दा सामान्यतः उत्तरवर्ती प्रविष्टिलाई प्रतिनिर्देश्य प्रविष्टि मानिन्छ र यसको संवन्ध पूर्ववर्ती प्रविष्टिसंग प्रतिनिर्देशद्वारा गाँसिन्छ। तर कोशीय एकाइको आर्थी विशेषता जाहेर गर्दा भने पूर्ववर्ती प्रविष्टिको उत्तरवर्ती प्रविष्टिसंग पनि प्रतिनिर्देशद्वारा संबन्ध स्थापित गरिन्छ। यसै गरी यस संबन्धमा के अवधेय छ भने भाषिक भेद वा विकल्पनमा आधारित कुनै शब्दको प्रतिनिर्देश गर्दा विरलप्रचलित र विरलपरिचित वा बेचलतीका शब्दलाई निर्देश नगरी यस्ता शब्दका ठाउँमा प्रतिनिर्देशका लागि बहुप्रचलित र सर्वसामान्य शब्दलाई ग्रहण गर्नुपर्छ। अनि यसरी नै अर्को विचारणीय कुरा के हुन आउँछ भने प्रतिनिर्देशका एक वा अनेक जति पनि प्रविष्टि छन् तिनमा व्याकरण, व्युत्पत्ति आदि दिनुपर्छ। तर उक्त सबै प्रविष्टिहरू व्याकरण र अर्थका दृष्टिले समान छन् भने एउटामा व्याकरण र अर्थ दिएर अर्कोलाई प्रतिनिर्देश गर्नु पर्याप्त हुन्छ। अतः प्रतिनिर्देशका प्रविष्टिहरूमा पाइने समसूचनाको आवृत्ति अत्यन्त अनावश्यक मानिन्छ र तिनमा पाइने अतिरिक्त वा असमान सूचना भने अनिवार्य रुपमा समावेश गर्नुपर्छ।

(७) व्युत्पत्ति विधि-- अर्थविधानका दृष्टिले पनि व्युत्पत्तिको ठूलो महत्त्व छ। यसले कोशमा शब्दको अर्थ खुट्ट्याउन र मूलअर्थ पहिल्याउन निकैठुलो भूमिका वहन गर्छ। व्युत्पत्ति फेला नपरुन्जेल नेपाली भाषामा 'मल्खु' शब्दको अर्थ 'पिंध्रेर फग्ल्याँटो पारिएको मकै' भन्ने लगाउन कठिन परेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो र फर्याक पार्नु अर्थ भएको संस्कृत 'म्लक्ष' – बाट यसको विकास भएको थाहा भए पछि शब्दको अर्थ खोल्न सजिलो भयो।[२३] यस्तै किसिमको उदाहरणमा **सत्तल** (संस्कृत– चत्वर ७ प्रा० चत्तल) र **फिरङ्गी** (अंग्रेजी– **फरेनर**) शब्दलाई पनि राख्न सकिन्छ। प्रस्तुत व्युत्पत्तिका संबन्धमा विशेष चर्चा प्रविष्टि विधानका प्रसङ्गमा भइसकेको छ।

८. उदाहरण विधि--कोशीय एकाइहरूको अर्थगत विशेषता व्यक्त गर्न शाब्दिक उदाहरणको रूपमा गरिने प्रासङ्गिक प्रयोगलाई उदाहरण विधि भनिन्छ। यसको प्रयोगले संबन्धित शब्द वा कोशिमको अर्थलाई पुष्टि मिल्छ, अर्थ विभेदीकरणमा सहयोग गर्छ, विभिन्न अर्थच्छायालाई प्रकट गर्न मद्दत गर्छ, सहप्रयोग तथा पर्यायभेदलाई जाहेर गर्छ र भ्रामक, काल्पनिक तथा अविशुद्ध अर्थ दिने स्वच्छन्दतालाई मर्यादित पार्छ।

सामान्यत. शब्दकोशमा दुई किसिमका उदाहरण पाइन्छन्– स्वनिर्मित र उद्धृत। यिनमा कोशकारद्वारा निर्माण गरेर प्रयोग गरिने स्वनिर्मित उदाहरणलाई त्यति प्रामाणिक र स्तरीय मानिन्न जति उद्धृतलाई मानिन्छ। यिनको क्रमश: उदाहरण यस प्रकार छ:

(क) अपवर्ग– ना० १. सम्पूर्ण किसिमको दु:खबाट प्राप्त गरिने छुटकारा २. न्यायवैशेषिकले मानेको सबै प्रकारको दु:ख नाश हुने मोक्षावस्था (जस्तै– अपवर्ग प्राप्त गर्नको लागि तत्वज्ञान आवश्यक छ।)।

[ख]न्सझ्याल– ना० पुरानो किसिमको कलात्मक बुट्टे झ्याल [उदाहरण– 'कोरी केश बसेँर कान्तिपुरको सन्झ्यालमा स्वाइथिन्'– राजेश्वरी ८।५

यस संबन्धमा विशेष चर्चा अध्याय चारमा गरिएको छ।

(९) चित्राङ्कन विधि–

कुनै कोशीय एकाइको अर्थ स्पष्ट पार्न कोशका प्रविष्टिमा चित्र, रेखाचित्र आदिको प्रयोग गर्ने तरिकालाई चित्राङ्कन विधि भनिन्छ। यस विधिको प्रयोगबाट अर्थविधानमा निकै सफलता प्राप्त गरिन्छ। वास्तवमा अनेकौं शब्द र वाक्यले स्पष्ट पार्न नसकेको कुरालाई एउटा सानो चित्रले छर्लङ्ग पार्न सक्ने हुँदा यसलाई अर्थविधानको सजीव विधि मान्न सकिन्छ। कोशीय अर्थविधान गर्दा यसलाई उपर्युक्त परिभाषीकरण, पर्याय, विपर्याय आदिभन्दा अतिरिक्त प्रयोग गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक कोशमा चित्राङ्कन विधिलाई विशेष महत्त्व दिइन्छ किन भने शब्दलाई अर्थ्याउने दुई तरिकामध्ये एउटा शाब्दिक विवरण [परिभाषा आदि] प्रयोग गर्ने विधि हो र अर्को चाहिं चित्र, रेखा, तालिका नक्सा आदि प्रयोग गर्ने विधि हो । एउटा ठेलीले प्रकट गर्न नसकेको कुरालाई पनि चित्राङ्कनले सजिलै व्यक्त गर्न सक्ने हुनाले कोश-जगत्मा बृहत् कोश, शैक्षिक कोश वा बालकोशहरूले चित्रलाई अपरिहार्य अङ्गको रूपमा स्वीकार गर्दछन् । अतः कोशीय अर्थविधानमा यसको भूमिका निकै गहन छ ।

यस संबन्धी अन्य चर्चा अध्याय चारमा उल्लेख गरिएको छ ।

यी माथिका कोशीय अर्थविधान संबन्धी विभिन्न विधिहरूको चर्चाबाट के स्पष्ट हुन्छ भने कोशको विधेय भागमा अर्थविधानको स्थान त्यति नै महत्त्वपूर्ण छ जस्तो मानव शरीरमा मुटुको छ ।

प्रस्तुत अर्थविधानका विभिन्न विधिको चर्चापछि क्रमागततया अन्य अवशिष्ट कोशीय प्रविष्टिका विवरणहरूको चर्चा क्रमशः अघि बढ्छः

(छ) पर्याय

कोशका प्रविष्टिमा पर्यायको भूमिका दोहोरो छ । यो एकातिर कोशीय प्रविष्टिको विधेय भागस्थित महत्वपूर्ण अङ्ग हो भने अर्कातिर अर्थ-विधान गर्ने सर्वग्राह्य विधि पनि हो । साना-ठूला सबै किसिमका कोशमा यसको उत्तिकै महत्वका साथ अपेक्षा गरिन्छ । वास्तवमा सबै किसिमका शब्दकोशलाई दृष्टिगत गर्दा पर्याय उक्त सबैमा समावेश गरिने महत्वपूर्ण अङ्ग ठहरिन्छ । यही कुरा विचार गरी अर्थविधानका प्रसङ्गमा यसको विस्तृत चर्चा गरिसकिएको छ ।

(ज) विपर्याय–

पर्याय जस्तै विपर्याय पनि कोशीय प्रविष्टिको महत्वपूर्ण अङ्ग हुनाका साथै अर्थविधानको पनि महत्वपूर्ण विधि हो । यसैले अर्थविधानका प्रसङ्गमा नै यसको चर्चा भइसकेको छ ।

(झ) उदाहरण–

कोशीय प्रविष्टिको अङ्गका रूपमा विधेय भागमा रहने र संबन्धित कोशीय एकाइको अर्थ पुष्टि गर्न, सहप्रयोग तथा पर्याय भेदलाई जाहेर गर्न, विभिन्न अर्थच्छायालाई प्रकट गर्न र भ्रामक, काल्पनिक तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविशुद्ध अर्थ दिने स्वच्छन्दतालाई मर्यादित पार्न कोशमा प्रयोग गरिने उदाहरणको स्थान अर्थविधानका सन्दर्भमा विशिष्ट छ। यसैले यसको चर्चा, अर्थविधानका महत्वपूर्ण विधिका रूपमा गरिसकिएको छ।

(ञ) चित्राङ्कन:–

यो कोशीय प्रविष्टिमा समावेशार्थ विशेष ग्राह्यता प्रदान गरिने तथा कोशीय एकाइको अर्थ छर्लङ्ग पार्न प्रयोग हुने सशक्त साधन हो। यसको चर्चा अर्थ विधानका प्रसङ्गमा गरिसकिएको छ।

(ट) व्युत्पादक सर्ग–

शब्द व्युत्पन्न गर्दा आधार तत्त्वमा जोडिने परिधीय बद्धरुपिम नै व्युत्पादक सर्ग हो। शब्दरचना गर्दा प्रकृति अर्थात् धातु वा प्रातिपदिकमा जोडिने स्थानका आधारमा यस्ता सर्गलाई पूर्वसर्ग, मध्यसर्ग र परसर्ग भनिन्छ।

कोशमा यस्ता व्युत्पादक सर्गको प्रविष्टिविधान मुख्यत: तलका किसिमले गरिन्छ :–

(क) पृथक् प्रविष्टिको रूपमा। जस्तै–

उप–शब्दको अगाडि मिली न्यूनता, समीपता, अधिकता, सहायता आदि बुझाउने सर्ग <उपवास> <उपमन्त्री> <उपयोग<उपदान>

वान्– शब्दको पछाडि लागी भएको वा हुने अर्थ बुझाउने सर्ग<बलवान्> <मूल्यवान्> ।

(ख) गौण वा उपप्रविष्टिको रूपमा । जस्तै—

सफल–१. गरेको मिहिनेत, काम कुरो पुग्ने भएको। २. फल लागेको, फल रहेको। ~ **ता** – फत्त हुने वा भएको भाव वा अवस्था।

(ग) मूलभागको अतिरिक्त परिशिष्टको रूपमा। जस्तै—

अ– पू. स. (निषेध, अभाव, विपरीतता जनाउने): अकारण, अकाल, अक्षम, अचूक, अचेत, अनाथ, अप्रिय, अपूर्ण, अबेला, अबोला, अमोल, असन्तोषी इ० ।

प्रस्तुत व्युत्पादक सर्गको कोशमा प्रविष्टि–विधान गर्दा व्यापक र बहुप्रचलित सर्गलाई मूल प्रविष्टिमा दिइन्छ भने आर्थी संबद्धता भएका साधारण सर्गलाई गौण वा उपप्रविष्टिमा राखिन्छ। अनि बृहत् शब्दकोशमा र विशेषत: शैक्षिक शब्दकोशमा यस किसिमको सर्गविधानबाट निष्पन्न शाब्दिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उदाहरणको विस्तृत सूची दिएर उपयोक्तालाई विविध दृष्टिले सहयोग गर्न सकिने हुँदा मूलभागभन्दा अतिरिक्त अवशिष्ट भागको रूपमा परिशिष्टमा यस्ता व्युत्पादक सर्गहरूलाई सन्निवेश गर्ने प्रचलन छ ।

(क) उखान–टुक्का–

भाषिक व्यवहारमा उखान-टुक्काको अत्युच्च स्थान छ । यिनको भाषामा अन्य शाब्दिक प्रयोग झैं नैं व्यवहार हुने भएकाले यिनको महत्त्व पनि स्वतः स्पष्ट हुन्छ । वस्तुतः सामान्य अभिव्यक्तिमा भन्दा उखान–टुक्कायुक्त अभिव्यक्तिमा गहनता र सजीवता बढी पाइने हुँदा यी भाषाका विशिष्ट निधि हुन् । यसैले शब्दकोशका प्रविष्टिमा यिनको समावेश अतीव अभीष्ट मानिन्छ ।

प्रविष्टिविधान गर्दा यिनलाई शब्दकोशमा उपप्रविष्टि वा गौण–प्रविष्टिमा राखिन्छ, किनभने यिनको भाषिक संरचनामा पुराना किसिमका शब्दहरू रहेका हुन्छन् र संबन्धित भाषाभाषीका सांस्कृतिक तत्त्वले यिनको भाषिक तत्त्व थिचिएको हुन्छ । तैपनि वर्तमान युगमा उखानटुक्का नभएको कोशलाई सफल र पूर्ण कोश नमानिने तथा त्यस्ता कोशको कल्पना पनि नगरिने भएकाले कोशमा उखान–टुक्काको प्रविष्टि अनुपेक्षणीय मानिन्छ । यसैले बृहत् शब्दकोशका प्रविष्टिमा उखान टुक्काको समावेश अनिवार्य हुन थालेको छ भने अन्य सामान्य कोशमा पनि प्रचलितः उखानहरूको प्रवेश हुन थालेको छ । यसैले यिनलाई कोशका प्रविष्टिमा सामान्यतः आदिपदमा आधारित वा मुख्यपदमा आश्रित वर्णानुक्रम पद्धति अंगाली प्रस्तुत गरिन्छ ।

यस संबन्धी अन्य चर्चा अध्याय चारमा गरिसकिएको छ ।

(ग) तेस्रो चरण

यो रूपविधानको चरण हो । यस चरणमा आएर विधानाधीन कुनै कोशमा संबन्धित कोशीय सामग्रीले वास्तविक स्वरूप ग्रहण गर्छ । यस–वाहेक, कोश सम्पादन कोशीय सामग्रीको थुप्रो मात्र नभई तिनको यस्तो सुसंगत र समुचित व्यवस्थापन हो जसबाट प्रयोक्ताका लागि आवश्यक सामग्री सहजै सुलभ होस् ।[२४] यसका लागि कोशमा संबद्ध सबै सामग्री प्रयोक्ताको आवश्यकता र कोशको प्रयोजन अनुसार सुगम हुने किसिमले सन्निवेश गर्नुपर्छ र तिनलाई यथायोग्य क्रममा प्रस्तुत गर्दै व्यवस्थित मुद्रण गर्नुपर्छ । यी सबै काम यस चरणका हुन् । वस्तुतः यो चरण संपाद्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशका सन्दर्भमा अन्तिम चरण हो र यसमा कोशको उद्दिष्ट स्वरूप सुनिश्चित गरी मुद्रणार्थ आवश्यक सबै सामग्री तयार पारिन्छ र मुद्रणकार्य सम्पादन गरिन्छ । प्रस्तुत प्रसङ्गमा यस चरणअन्तर्गत सम्पादन गरिने र गर्नुपर्ने यिनै प्रमुख कार्यहरूको चर्चा यस प्रकार गरिएको छ :-

(अ) प्रविष्टि-अनुक्रम र यसको प्रकार—

कुनै निश्चित आधार अनुसार कोशमा उद्दिष्ट प्रविष्टिको क्रमिक विन्यास गर्नु प्रविष्टि–अनुक्रम हो । सामान्य दृष्टिले विचार गर्दा यो त्यति गहन विषय प्रतीत हुँदैन, तर कोशमा भने यसको महत्त्वपूर्ण भूमिका छ। वस्तुतः यो कोशको अपरिहार्य तथा अभिन्न विशेषता हो; यसको आधारमा नै कोशले वैज्ञानिकता प्राप्त गरेको छ र यो अन्य विषयका सापेक्षतामा कोशको वैशिष्टच जनाउने परिच्छेदक अभिलक्षण पनि हो । यसको अभावमा कोशमा जतिसुकै सामग्री संकलन गरिए तापनि त्यो उपयोगका सन्दर्भमा व्यर्थ सावित हुन्छ । कोशमा संबन्धित प्रयोक्ताले कति चाँडो सामग्री भेट्टाउँछ त्यति नै वढी सफलता कोशलाई प्राप्त हुन्छ, त्यो त्यही अनुक्रमको सफल संयोजनमा निर्भर छ । त्यसैले जति न्यूनतम समयमा अधिकतम सामग्री उपयोक्ता समक्ष कोशले प्रस्तुत गर्छ त्यति नै उच्चतम परिमाणमा यसले लक्ष्यसिद्धि अधिगत गर्छ ।

कोशमा प्रविष्टिलाई विभिन्न आधारमा यथाक्रम विन्यास गरिन्छ । यसरी प्रविष्टिलाई अनुक्रमबद्ध गर्दा अनुसरण गरिने आधार विभिन्न पाइने हुँदा प्रस्तुत अनुक्रमलाई विभिन्न किसिममा विभाजन गर्न सकिन्छ । डा० भोलानाथ तिवारीका अनुसार संसारमा प्रचलित प्रमुख अनुक्रमका आधार यस प्रकार छन्- (क) वर्णानुक्रम (ख) अक्षर संख्या (ग) सुर (घ) विचार (ङ) व्युत्पत्तिस्वरूप ।[२५] अतः यसका आधारमा अनुक्रमलाई पनि पाँचप्रकारमा विभाजन गर्न सकिन्छ तापनि आधुनिक कोशमा यिनको भूमिका र प्रभावलाई दृष्टिगत गर्दा यी सबैलाई तीन प्रकारमा समावेश गर्नु समुचित देखिन्छः-

(क) **वर्णानुक्रम**-अनुक्रमका विभिन्न प्रकारमध्ये यो महत्त्वपूर्ण र सर्वाधिक प्रचलित प्रकार हो । आधुनिक कोशजगत्मा यो निकै लोकप्रिय भएकाले वर्णानुक्रमलाई कोशानुक्रम पनि भनिन्छ । व्यवहारिक जगत्मा टेलिफोन डाइरेक्टरी लाईब्रेरी क्याटलग, सन्दर्भग्रन्थ सूचि, नामसूचि आदिलाई यसै पद्धतिमा निर्माण गरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस पद्धतिमा संबन्धित वर्णमाला अनुसार पहिलो, दोस्रो आदि वर्णानुक्रमबाट उठेका शब्दलाई क्रमशः तदनुसार स्थान निर्धारित गरिन्छ र पहिलो वर्णमा समानता भए त्यसपछिका वर्णहरूको क्रम हेर्दै र तदनुसार क्रमशः स्थान दिँदै आखिरी वर्णसम्म पुगिन्छ । उदाहरणार्थ, 'कमल' शब्दभन्दा पछि 'कलम' शब्द राखिन्छ र त्यसपछि 'मकल' शब्दको प्रविष्टिविधान गरिन्छ । अमरसिंहकृत नामलिङ्गानुशासन (अमरकोश) मा अन्त्य वर्णमा आधारित अनुक्रम पनि प्रयोग गरिएको पाइन्छ । प्रस्तुत वर्णानुक्रम रोमन लिपिमा निकै सरल मानिन्छ ।

देवनागरी लिपिसित संबद्ध हाम्रो नेपाली वर्णमालामा पनि कोशानुक्रको निर्धारण र प्रचलन भएकाले तदनुक्रम अनुसरण गर्न उति कठिन छैन । परन्तु यस प्रचलनमा परिष्कार र परिवर्द्धन गर्दा भने तदनुसारको अपेक्षित अनुक्रम कोशको पूर्वभागमा निर्देश गर्नु आवश्यक छ । यसै गरी उक्त देवनागरी वर्णमालाको अनुक्रममा परिमार्जन र परिवर्द्धन वा यसमा कुनै नयाँ वा अतिरिक्त वर्णव्यवस्था वा कुनै अलिखित भाषाको आवश्यकतानुसार यसलाई प्रयोग गर्दा यी कुरामाथि कोशकारले ध्यान पुऱ्याउनुपर्छ (क) कुनै प्रतीकको अतिरिक्त व्यवस्था भएकोमा जुन वर्णमाथि भएको हो त्यसपछि त्यसको पालो राख्नुपर्छ (ख) नयाँ थप भएमा निकटतम वर्ण वा ध्वनिपछि त्यसको क्रम राख्नुपर्छ । (ग) जुनसुकै नूतन व्यवस्था अपनाएमा त्यससंबन्धी स्पष्टीकरण र उदाहरण कोशको पूर्वभागमा दिनुपर्छ ।

(ख) **विषयपरक अनुक्रम**—यसलाई विचारपरक वा आर्थी वा वर्गात्मक अनुक्रम पनि भनिन्छ । यसमा कुनै ठाँउमा **वनस्पति**, कुनै ठाउँमा **शारीरिक अवयव** अनि कुनै अन्य ठाउँमा **जनावर** जनाउने शब्दहरू राखी विषयानुरूप वर्गीकरण गरिन्छ । यसै गरी धर्म, कला, विज्ञान आदि वर्ग बनाई त्यसका आधारमा शब्द वा कोशिमको प्रविष्टि निर्माण गर्नुपर्छ । प्राचीन कोशहरू यसै किसिमका पाइन्छन्, आधुनिक कोशविज्ञान अनुसार पनि कुनै पर्यायवाची शब्दकोशमा यो अनुक्रम अंगीकार गरिन्छ । यस अनुक्रमका लागि **अमरकोश** र रोजेटको थेसोरस प्रसिद्ध उदाहरण हुन् ।

(४) विविध अनुक्रम—यसमा पूर्वोक्तबाहेक अन्य सबै अनुक्रमलाई समावेश गरिएको छ । यसमध्ये कुनै मिश्रित बनेर पनि प्रयुक्त हुन्छन् । उदाहरणार्थ, कोशको निर्माणमा आधारित व्युत्पादन अनुक्रममा वर्णक्रमानुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धातु वा मूलरूपलाई राखिन्छ र त्यसबाट बनेको शब्द तथा उखानटुक्का-लाई त्यही प्रविष्टि अन्तर्गत समावेश गरिन्छ । यसरी यो व्युत्पादनमा आधारित भएको हुँदा यसलाई व्युत्पादित अनुक्रम मानिन्छ ।

यसैं गरी सुरप्रधान भाषामा प्रयोग गरिने सुरविन्यासमा आधारित अनुक्रम पनि वर्णानुक्रमसँग मिश्रित हुन्छ । यसरी नै प्रथमतः एकाक्षर अनि द्वयक्षर अनि त्यसपछि त्र्यक्षर गरी मिश्रण गरेर प्रयोग गरिन्छ । संस्कृतमा महेश्वरकृत **विश्वप्रकाश** अक्षरसंख्यामा आधारित कोश हो ।[२६]

(आ) प्रविष्टि विन्यास--

कोशमा प्रत्येक कोशीय एकाइ र तत्संबन्धी विवरण रहेको भाग-लाई प्रविष्टि भनिन्छ । यिनै क्रमवद्ध विभिन्न पृथक् प्रविष्टिहरूको समवेत स्वरुप नै कोश हो । कोशमा रहने यस्ता प्रविष्टिलाई विभजन गर्दा सामान्यतः दुई किसिममा वर्गीकरण गरिन्छ ।

(क) मूलप्रविष्टि -- यथाक्रम कोशको बायाँ भागमा रहेको शीर्षशब्द नै मूलप्रविष्टि हो । यो प्रविष्टिको मुख्य एकाइ भएकोले यसलाई मुख्य प्रविष्टि पनि भनिन्छ । यसलाई कोशमा गाढा अक्षर प्रयोग गरी जनाइएको हुन्छ । वर्णानुक्रममा आधारित प्रविष्टिविन्यास भएको कोशमा यही मूलप्रविष्टिलाई वर्णानुसारी क्रममा शीर्षशब्द नाउँ दिएर समावेश गरिन्छ । यदि कुनै मूल-प्रविष्टि अंकमा आधारित छ भने त्यसलाई उच्चारण अनुसार प्रचलित हिज्जेमा अंकित मानी तदनुक्रममा राखिन्छ ।[२७] उदाहरणार्थ, **श्री ५, श्री ५ को सरकार, ६२ हरण** जस्ता शब्दमा श्री पाँच, श्री पाँचको सरकार, बयसट्ठी हरण रुपलाई मूलप्रविष्टि मानी तदनुसार प्रविष्टि विन्यास गरिन्छ । यस संबन्धी अन्य प्रावधान शीर्षशब्दका प्रसङ्गमा उल्लेख गरिएको छ ।

(ख) उपप्रविष्टि— यो कुनै शीर्षशब्दमा आधारित मूलप्रविष्टिको गर्भ वा पेटबेहोरामा रहने भाग हो । अर्को शब्दमा यो कुनै मूलप्रविष्टिको भाग हो । जसलाई प्रायशः न्यूनीकृत (अपकृष्ट) रुपमा सो प्रविष्टिभित्र प्रस्तुत गरिन्छ । यसलाई गौण प्रविष्टि वा सहायक प्रविष्टि पनि भनिन्छ । बहुधा यस किसिमका उपप्रविष्टिहरू **नीडनमा** आबद्ध हुन्छन् । जस्तै— **अनित्य**–वि० सधैं नरहने; क्षणभङ्गुर; नाशवान्; स्थायी नहुने; नश्वर ।~ **ता**–ना० अनित्य हुने गुण, भाव वा क्रिया ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपर्युक्त प्रविष्टिको उदाहरणमा पहिलो गाढा अक्षरमा रहेको 'अनित्य' शब्द मूलप्रविष्टि वा शीर्षशब्द हो भने दोस्रो गाढा अक्षरमा रहेको '~ता' उपप्रविष्टि हो ।

वास्तवमा प्रस्तुत उपप्रविष्टि मूलप्रविष्टिको नै विस्तार हो । यसमा मूलप्रविष्टिसँग दोहरिने वर्ण नराखी त्यसको संकेत गर्ने चिह्नको प्रयोग गरिने तरिका नीडन हो । यसरी राखिएको उपप्रविष्टिमा पनि मूलप्रविष्टिमा झैं नै अर्थ, उदाहरण, बीजक आदि दिइन्छन् ।

प्रविष्टिमा उपप्रविष्टिको व्यवस्थाले पुनरावृत्ति र भद्दापन हटाउन सघाई कोशलाई सुप्रयोज्य, सघन र सारमय बनाउँछ । यसै गरी कोशीय एकाइको समग्र र समवेत रुपमा प्रस्तुत हुने हुनाले शब्दभण्डारको परिमार्जन तथा परिबर्द्धन, शब्दात्मक अन्तः संबन्ध, संरचनात्मक घटकहरुको पारस्परिक समन्विति, शब्दको व्युत्पादनात्मक विस्तार सामर्थ्य, समुच्चयात्मक तथा सामासिक अभिव्यक्ति र शब्दार्थ संबन्धी गहन ज्ञानका सन्दर्भमा यसको विशेष उपादेयता र प्रयोगात्मक वैशिष्ठ्य पनि स्वतः परिलक्षित हुन्छ ।

प्रविष्टि विन्यासका दृष्टिले यस उपप्रविष्टिमा कोशगत मूलप्रविष्टि वा शीर्षशब्दसँग संबन्धित व्युत्पन्न र समस्त शब्दका साथै उखान-टुक्का आदि पर्दछन् । यसमा निहित शब्दहरू प्रायः नीडनमा आधारित हुने हुनाले सबै नीडनाबद्ध र संसक्त शब्दको सन्निवेश यसभित्र हुन्छ । कोश सम्पादनका सन्दर्भमा यस उपप्रविष्टिको व्यवस्थाले मुख्यतः न्यूनतम स्थानमा अधिकतम शब्द संग्रह गर्ने कार्यमा सहयोग प्रदान गर्छ ।

यसरी कोशमा विभिन्न किसिमले प्रविष्टि व्यवस्था गरिन्छ । त्यसो नगरी कुनै पनि भाषाका अशेष शब्दभण्डारका शब्दलाई पृथक्-पृथक् प्रविष्टिको रुपमा कोशमा राख्दा स्थानका दृष्टिले मात्र होइन, व्यवस्थाका दृष्टिले पनि निकै जटिल, अनुपयुक्त र अस्वाभाविक बन्न जान्छ । अतः शब्दकोशमा प्रवेश्य विविध कोशीय एकाइहरूलाई तिनीहरुको प्रकृति, प्रयोजन र अर्थ हेरी विभिन्न किसिमले प्रविष्टि व्यवस्था गर्नु आवश्यक हुन्छ । उदाहरणार्थ अनेकार्थी शब्दमा त्यसको अनेक किसिमका अर्थ र अर्थच्छायापिच्छे प्रविष्टि दिएमा कोशमा स्थानगत विस्तार मात्र होइन, एउटै शब्दलाई अनावश्यक रुपमा बारंबार दोहोर्‍याउनु पर्ने पनि हुन्छ । यसै गरी मूल वा आधार शब्द र त्यसबाट व्युत्पन्न अन्य विविध रुपात्मक शब्दलाई बेग्लै प्रविष्टि दिंदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्वाभाविक र अनुपयुक्त स्थिति प्रादुर्भाव हुन्छ । यसका अतिरिक्त, संबन्धित भाषामा निहित उखान- टुक्का आदिलाई प्रविष्टिमा राख्न एक किसिमको विन्यास–व्यवस्था समुचित ठहरिन्छ भने समरुपी शब्दको प्रविष्टि विन्यासका संबन्धमा अर्कै व्यवस्था उपयुक्त हुन्छ । यसरी प्रविष्टिको व्यवस्था र त्यसका संबन्धमा उठ्ने विभिन्न समस्याका संबन्धमा कोशकारद्वारा निर्धारित पूर्व-निर्णयलाई अनुसरण गरी यही प्रविष्टि विन्यासमा तत्संबन्धी व्यवस्थापनको वास्तविक कार्यान्वयन गरिन्छ । यस प्रसङ्गमा तलका शब्दहरूको प्रविष्टि विन्यास संबन्धी चर्चा गर्नु वाञ्छनीय प्रतीत हुन्छः–

(क) अनेकार्थी शब्द –- कुनै शब्दमा अर्थगत संबद्धता र विविधता पाइएमा त्यसलाई अनेकार्थी शब्द भनिन्छ । सामान्यतः कुनै पनि भाषाका शब्दहरू प्रायः अनेकार्थी हुन्छन् । **अमरकोशमा** 'हरि' शब्दको १४ अर्थ र **नेपाली बृहत् शब्दकोश** (२०४०)–मा '**कला**' शब्दको **१५** अर्थ उल्लेख गरिएको छ। **रेण्डम हाउस डिक्सनरी** (कलेज संस्करण, १९९६ ई०) जस्ता ठूला-ठूला शब्दकोशमा कुनै कोशिमको सयभन्दा बढी पनि अर्थ दिइएको हुन्छ ।

प्रविष्टि विन्यासका सन्दर्भमा यस्ता अनेकार्थी शब्द र यसका विविध अर्थलाई सामान्यतः एउटै प्रविष्टिमा सन्निवेश गरिन्छ तर कुनै कोशमा पृथक् प्रावधान पनि गरिएको पाइन्छ । एउटै प्रविष्टिमा राख्दा उद्देशांशगत पुनरावृत्तिको परिहार र अर्थगत अन्तः संबन्धको सम्यक्बोध हुने हुँदा सबैजसो शब्दकोशहरू अपृथक् प्रविष्टिलाई नै रुचाउँछन् ।

यसै गरी प्रविष्टि विन्यासका दृष्टिले प्रस्तुत अनेकार्थक शब्दका संबन्धमा दुई कुरा विचारणीय छन् (क) अर्थको संख्या (ख) अर्थको क्रम। पहिलो समस्याका संबन्धमा के भन्न सकिन्छ भने कोशको आकार र उद्देश्य नै अनेकार्थक शब्दको अर्थसंख्या निर्धारणका प्रमुख आधार हुन् । बृहत् शब्द-कोशमा संभावित अनेकानेक अर्थ तथा उपार्थ वा अर्थच्छाया प्रस्तुत गरिन्छ भने संक्षिप्त शब्दकोशमा अपेक्षाकृत कम । उदाहरणार्थ **नेपाली बृहत् शब्द-कोश** (२०४०)–मा **कला** शब्दको १५ वटा अर्थ दिइएको छ भने संक्षिप्त शब्दकोशमा तीनवटा मात्र । यसैगरी सामान्य कोशमा विविध अर्थ दिइन्छ भने प्राविधिक कोशमा संबन्धित क्षेत्रसँग संबद्ध एउटै अर्थ पनि पर्याप्त हुन्छ।

अनेकार्थी शब्दनिष्ठ अर्थको क्रमसंबन्धी दोस्रो समस्याका संबन्धमा सबै कोशमा कार्यान्वित र सर्वसम्मत कुनै दृढ सिद्धान्त नपाइए तापनि सामा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यतः अनुसरणीय पद्धति यी हुन् :–

(क) अर्थको ऐतिहासिक विकास— यस अनुसार प्रथमतः व्युत्पत्तिगत अर्थ र अनि संबन्धित भाषामा प्रयोग भएको ऐतिहासिक विकासक्रममा आधारित अर्थ क्रमशः दिइन्छ ।

(ख) अर्थको प्रचलित वा आवृत्ति— यसमा बढी प्रचलित अर्थलाई प्राथमिकता दिइन्छ अनि तदनुरूप क्रम निर्धारण गरिन्छ ।

(ग) विषयाधीन वा तार्किक संबन्ध— यसमा विषय-क्षेत्र वा तर्कमा आधारित संबन्धलाई अर्थको क्रमविन्यासमा महत्व दिइन्छ । सामान्यतः कोशकारको विवेकमा प्राथमिकता क्रम निर्धारित हुन्छ र एउटा – एउटा क्षेत्रसित संबन्धित अर्थ एक ठाउँमा राख्दै गइन्छ ।

वास्तवमा अधिकांश कोशहरू कुनै पनि सुनिश्चित पद्धतिको कार्यान्वयनमा बद्ध नभई मुक्त देखिन्छन् । परन्तु वैज्ञानिकताको लागि कुनै उपयुक्त पद्धति अनुसरण गर्नु आवश्यक छ ।

[ख] समरूपी शब्द — मूलतः भिन्न र स्वरूपतः अर्थात् उच्चारण र हिज्जेका दृष्टिले समान भएका शब्दलाई समरूपी शब्द भनिन्छ । यस्ता शब्दहरूमा अर्थगत तथा व्युत्पत्तिगत भिन्नता हुन्छ र यिनीहरूको अर्थहरूमा पारस्परिक संबद्धता हुँदैन ।

कोशमा यस्ता शब्दको प्रविष्टि—विन्यास गर्दा पृथक् प्रविष्टि दिइन्छ र प्रविष्टिक्रम जनाउन यस्ता शब्दको अघि वा पछि क्रमशः १, २ गरी मसिनो अंक संकेत गरिन्छ । जस्तै—

कल १— ना० (संस्कृत—कला) धेरै पुर्जा जोडेर बनाइएको विभिन्न कामका लागि प्रयोग गरिने साधन; यन्त्र; मेसिन (जस्तै— धानकुट्ने कल, लुगा सिउने कल इ०) ।

कल २— ना० (संस्कृत—कलह) बाझाबाझ; झगडा ।

यस किसिमका प्रविष्टिका संबन्धमा एउटा अवधेय कुरा के छ भने यस्ता शब्दलाई प्रतिनिर्देश गर्दा पनि यसरी रहेको अंकसमेत संकेत गरिनु अत्यावश्यक छ, अन्यथा अन्योलको स्थिति आइपर्न सक्छ । परन्तु कतिपय कोशहरू पृथक् प्रविष्टि विन्यासको उपेक्षा गर्दै अनेकार्थी शब्दको पद्धतिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नै अँगाल्दछन् । नेपाली संक्षिप्त शब्दकोश (२०४०)— ले पनि पृथक् प्रविष्टिविन्यास गरेको छैन । स्पष्ट छ, यसरी एउटै प्रविष्टिमा अर्थ दिँदा अर्थ निर्धारणमा व्याघात, नीडनमा त्रुटि वा अवैध नीडनको संभावना आदि अन्यौल उपस्थित हुन्छन् ।

यसै सन्दर्भमा यस्ता शब्दको प्रविष्टिक्रम संबन्धी चर्चा गर्नु पनि उपयुक्त प्रतीत हुन्छ । यस दृष्टिले विचार गर्दा मुख्यत: दुई किसिमका पद्धति अवधेय छन्:-

(क) व्याकरणात्मक कोशसंबन्धी निर्धारित क्रमको अनुसरण गर्नु— यो अक्सफोर्ड इंग्लिश डिक्शनरी परम्पराले अँगालेको क्रम हो ।

(ख) बहुप्रचलित वा सर्वसाधारण अर्थलाई प्राथमिकता दिनु— प्राय: सामान्य शब्दकोशहरू यो क्रमलाई अनुसरण गर्दछन् ।

यसका अतिरिक्त, प्रस्तुत प्रविष्टि क्रमका संबन्धमा संबन्धित भाषाको ठेटपन (झर्रोपन) वा निखरापन र निजी पृष्ठभूमिलाई पनि प्राथमिकता प्रदान गर्ने प्रचलन छ । यस अनुसार तत्सम शब्दभन्दा तद्भवलाई र सापटी शब्दभन्दा मौलिक शब्दलाई बढी प्राथमिकता दिइन्छ ।

नीडन (Nesting)

प्रत्येक शीर्षशब्दमा आधारित प्रविष्टिको भाग सुपुष्ट, सुस्पष्ट र सुप्रयोज्य हुनुपर्छ । शीर्षशब्दको प्रकृति अनुसार यसको परिमाण ज्यादै भद्दा ज्यादै झीनो पनि हुनु हुंदैन । कोशको प्रकृति अनुसार आवश्यक सूचनाले संनद्ध हुनु असल प्रविष्टिको विशेषता हो । यस दृष्टिले विचार गर्दा विशेष कोशका सापेक्षतामा सामान्य कोशमा यस संबन्धी—परिमाण ,निर्धारण अझ सुविचार्य ठहरिन्छ किनभने विशेष कोश कुनै एउटा लक्ष्यबिन्दुमा केन्द्रित हुन्छ र सो कोशमा निहित प्रविष्टिले पनि त्यति लक्ष्य पूरा गरेर फुर्सत लिन सक्छ । तर यसरी नै सामान्य कोश भने कुनै एउटा पक्षमा मात्र केन्द्रित भई पूर्ण लक्ष्य हासिल गर्न सक्तैन । यसले भाषाको प्रकृति र शब्दकोशको प्रयोजन अनुसार यस्ता शब्दकोशमा यथानुरूप प्रविष्टि भागको परिमाण मिलाउन र यस सन्दर्भमा अपेक्षित परिमाणमा अनुकूल सन्दर्भ सामग्री वा विषयवस्तु संनिवेश गर्ने स्थानको जगेर्ना र प्रस्तुत सामग्रीको सघन विन्यास गर्नु नितान्त आवश्यक हुन्छ । यसका लागि शब्दकोशमा नीडन विधिको प्रयोग गरिन्छ जस अनुसार प्रविष्टिगत कोशीय सामग्रीको परिमाणमा कमी तुल्याउन यथा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संभव समाहार र संकोचन गर्दै स्थानगत बचत गरिन्छ। यसबाट व्युत्पत्ति र अर्थका दृष्टिले संबन्धित एकाइको समन्वयन हुन्छ र यसका निम्ति व्युत्पन्न, समस्त, उखान-टुक्का आदिमा दोहरिने मूलप्रविष्टि वा शीर्षशब्दको आवृत्त भागलाई परिहार गर्दै सो जनाउन अंकुसे वा निर्देशक वा वर्गाकार चिह्न दिई नीडन गरिएको शब्दसँग आबद्ध गर्नु पर्छ। यस प्रकार नीडनमा आबद्ध शब्दहरू बहुधा पश्चवर्ती हुन्छन् र यदाकदा अग्रवर्ती पनि हुन सक्छन्। यस सन्दर्भमा उदाहरणको लागि नीडन गरिएको एउटा प्रविष्टिलाई यस प्रकार प्रस्तुत गरिएको छः–

भाषा–ना. मनको भाव वा विचार अरू समक्ष व्यक्त गर्ने सार्थक ध्वनिसमूह; बोली; वाणी। ~ विज्ञान– ना० भाषाको संरचना, विकास, परिवर्तन आदिका संबन्धमा अध्ययन गर्ने शास्त्र; भाषा विज्ञान।

यसमा उपप्रविष्टिलाई अँकुसे चिह्नद्वारा नीडन गरिएको छ। कुनै शब्दकोशमा भने नीडनको निम्ति केही अन्य चिह्न र केही थप चिह्न पनि प्रयोग गरिएको पाइन्छ। उदाहरणार्थ, टर्नरको नेपाली शब्दकोशमा थोप्लो (० = लोपसदृश) चिह्न प्रयोग गरिएको छ।

यसरी हेर्दा नीडन सामान्य पद्धति भए पनि यसको उपादेयता कम छैन। योगात्मक प्रकृतिका भाषामा विभिन्न किसिमका प्रत्ययहरूले गर्दा व्युत्पन्न शब्दहरू प्रशस्त हुन्छन्। यदि ती सबै शब्दलाई कोशमा प्रविष्टि दिने हो भने कोश अनावश्यक विस्तारमा परिणत हुन्छ। सामान्यतः उच्चारण, व्युत्पत्ति, अर्थविधान आदिका दृष्टिले आधाररूप सबै नीडनावृत्त शब्दमा फरक नपर्ने हुँदा यिनको प्रविष्टिपिच्छे पुनःनिर्देश वा पुनरावृत्ति गर्नु स्वतः अनावश्यक प्रतीत हुन्छ र शब्दसंख्याका दृष्टिले निकै ठूलो ठेली बने तापनि प्रयोगात्मक पृष्ठभूमिमा यो गहकिलो हुन सक्तैन।

शब्दकोशमा स्थानगत बचत निकै महत्त्वपूर्ण मानिन्छ। यसैका लागि धेरै पटक दोहरिने उपबन्धका लागि सरलचिह्नहरू कोशमा प्रयोग गरिन्छन्। अतः यो पुनरावर्ती आधार रूप वा शीर्षशब्दका ठाउँमा उपयुक्त चिह्नको प्रयोग अतीव श्रेयष्कर हुन्छ। वस्तुतः एकाक्षरस्थानलाभ पनि कोशकारका लागि महोत्सव नै हुन्छ।

यसै गरी शब्दभण्डारको परिमार्जन तथा परिबर्द्धन, शाब्दिक अन्तःसंबन्ध तथा पारस्परिक संनिधानको गहन ज्ञान, प्रकृति-प्रत्ययात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विस्तारसामर्थ्य, समुच्चयात्मक तथा सामासिक अभिव्यक्ति र शब्दार्थसंबन्धी व्यापक र सूक्ष्मज्ञानका लागि यसले विशेष सहयोग गर्छ किनभने नीडनबाट समग्र र समवेत रूपमा कोशीय एकाइको स्वरूपगोचर हुन्छ ।

यसका अतिरिक्त यसले कोशलाई सुप्रयोज्य, सघन र सारवान् पनि बनाउँछ । थोरैमा धेरै र खँदिलो प्रस्तुतीकरण यसको वैशिष्ठ्य हो । यस संबन्धमा विचार राख्नु पर्ने कुरा यी हुन्:—

(क) यो उपप्रविष्टि वा पेट व्यहोरामा अपनाइने विधि हो ।

(ख) यसमा कोशकार संबन्धित भाषाको रूपविज्ञानात्मक संरचनासित पूर्णपरिचित विशेषज्ञ हुनुपर्छ अन्यथा गल्ती हुने संभावना हुन्छ । तलका जस्ता शब्दमा नीडन गर्दा विचार पुऱ्याउनु पर्छ—
घर, घरघर; थर, थरथर; घाट, घाटा ।

(ग) अनेकार्थी शब्दको प्रविष्टिमा यो प्रक्रिया प्रत्येक अर्थ र अर्थच्छायापछि अपनाउनुपर्छ अन्यथा अर्थगत दिग्भ्रम हुन जान्छ ।

यसै गरी एकै प्रविष्टिमा राखिएको समरूपी शब्दमा पनि अपनाउन सकिन्छ ।

(ङ) यस प्रक्रियाअन्तर्गत कहिलेकाहीं वर्णानुक्रममा व्यवधान हुन सक्छ, त्यसमा विचार पुऱ्याउनु पर्छ । जस्तै— माया, ~विनी, ~वी; ब्रह्मचारी, ~चारिता ।

(च) नीडनाबद्ध गर्दा शब्दको अंश कहिले काहीं पूर्ववर्ती नहुन पनि सक्छ ।

(ई) संसक्तप्रविष्टि (Run-on words)—

यो कुनै कोशीय प्रविष्टिको भाग हो जुन उपप्रविष्टि समान हुन्छ[२८]। तर उपप्रविष्टिमा झैं यसमा अर्थ, उदाहरण विवृत्ति, टिप्पणी आदि समावेश गरिएका हुँदैनन् किनभने यी स्वत: व्याख्येय हुन्छन् । यी संबन्धित भाषाको नियमित र प्रचलित व्युत्पादन— प्रक्रिया अन्तर्गत निष्पन्न कोशीय प्रविष्टिको भाग भएकाले यसमा व्याख्याको जरूरत पनि हुँदैन । यसको मूलप्रविष्टिसँग घनिष्ठ र निकट संबन्ध रहेको हुने हुँदा व्याकरणात्मक कोटिका दृष्टिले फरक भए तापनि अर्थविधानका दृष्टिले यो विचलित हुँदैन । अत: यस्ता प्रविष्टि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई आसन्न वा सन्निकट शब्द पनि भन्न सकिन्छ । नेपाली भाषाका 'ता' जस्ता तत्सम र 'नु 'ने' 'न' जस्ता तद्भव परसर्ग लागी निष्पन्न शब्दहरूलाई यस किसिमको प्रविष्टिविन्यासमा आबद्ध गर्न सकिन्छ । जस्तै—

नियमित — वि० १. नियममा बाँधिएको । २. नियम अनुसारको । ३. कार्यालय, विद्यालय आदिमा निरन्तर उपस्थित हुने । ४. निश्चित । ,ता — ना० ।

(उ) चिह्न–प्रयोग –

यस चरणमा प्रविष्टि – विन्यास गर्दा चिह्न प्रयोगमा पनि साव-धान हुनुपर्छ । वास्तवमा चिह्नहरूको समुचित प्रयोग विना प्रविष्टि–विन्यास नै सिद्ध हुँदैन । उदाहणरर्थ नीडनमा अंकन गरिने चिह्नहरूको प्रयोग नगरी कोशीय प्रविष्टिविधान कसरी संपन्न हुनसक्छ ?

अतः छपाइमा प्रयोग गरिने गाढा – सादा, तेर्सा – बुट्टे ठूला – मसिना अक्षरका किसिम र संकेत तथा विराम चिह्नहरूलाई राम्ररी प्रयोग गर्नु अत्यावश्यक छ । यस सन्दर्भमा प्रयोग गरिने चिह्नहरू सामान्यतः यस किसिमका छन् :–

(क) । पूर्णविराम (ख), अल्पविराम (ग); अर्द्धविराम (घ) – निर्देश (ङ) – योजक (च) ‸ अंकुसे (छ) ? प्रश्नवाचक (ज) ! विस्मयादिबोधक (झ) " " उद्धरण (ञ) ( ) सानो कोष्ठक (ट) [ ] ठूलो कोष्ठक (ठ) ★ तारा (ड) / विकल्प वोधक (ढ) × खड्ग(ण) ← वाण (त) = समा-नान्तर इ० ।

यस बाहेक विभिन्न अंक वर्ण वा अक्षर तथा गाढा – सादा, मोटा – मसिना आदि मुद्राक्षरका किसिम, अन्तरालनका किसिम आदिबाट पनि पनि प्रविष्टि विन्यासमा स्वच्छता, स्पष्टता र वैज्ञानिकता कायम गरिन्छ ।

(ऊ) पूर्वोत्तर भागको संयोजन–

संबन्धित कोशका विषयमा अत्यावश्यक जानकारी दिनको निम्ति भूमिका, परिचय, कृतज्ञताज्ञापन आदि पूर्वभागका सामग्री तयार गरी मुद्रणार्थ सम्पादित मूलभागमा संयोजित गरिन्छ ।

यसै गरी आवश्यकतानुसार उत्तरभागमा रहने परिशिष्ट आदि पनि संयोजन गरी सम्पादन पूरा गरिन्छ । तर विभिन्न ठेली वा भागमा सम्पा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दित गरिने कोशमा भने यो भाग पछिल्लो ठेलीमा सन्निवेश गरिन्छ । यस संवन्धी अन्य चर्चा अध्याय चारमा गरिएको छ । अतः प्रस्तुत चर्चालाई यहीं नै विश्राम गरिन्छ ।

यसरी सामान्यत : तीन चरणमा कोश सम्पादनका प्रक्रिया र विधिहरूलाई निर्देश गर्न सकिन्छ । परन्तु यो चरण विभाजन कुनै अविचल वा कठोर विभाजन भने होइन र कुनै एक चरण अन्तर्गतका प्रक्रिया त्यसै चरणमा नियत र सीमित हुनुपर्छ भन्ने पनि छैन । वस्तुत : यो मोटामोटी चरण विभाजन हो र यस अन्तर्गत सामान्यत : कोश सम्पादनका सन्दर्भमा अपनाइने प्रक्रिया र विधिहरू यसमा निर्देश गरिएका छन् । यसैले एक चरण अन्तर्गतका प्रक्रिया अर्को चरणसँग संबद्ध पनि हुन सक्छन् । उदाहरणार्थ, तथ्यांक-संकलन प्रक्रियालाई लिनसकिन्छ । यो प्रथम चरण अन्तर्गतको प्रक्रिया हो र सामग्री संकलन नै नगरी कोशसम्पादनका माथिल्ला प्रक्रियाको अनुसरण पनि संभव छैन । तर यो प्रथम चरणमा नै विश्रान्त र स्थिरीकृत भने हुनसक्तैन किनभने व्यवहारत : कोश सम्पादन हुने पूरा अवधि प्रायः धेरै लामो हुने गर्छ र त्यस अवधिमा कुनै नयाँ कृति सिर्जिन सक्छ । परिणामतः अत्यावश्यक शब्दसामग्री थपिन सक्छ र संबन्धित भाषाको शब्दभण्डारमा नैसर्गिक रूपमा पनि शब्द विकास हुन सक्छ । त्यसै गरी संकलित सामग्रीको आधारमा नयाँ कुरा पत्ता लाग्न गई त्यस संबन्धमा थप सामग्री तेस्रो चरणमा पुग्दा पनि संकलन गर्नुपर्ने हुन्छ । यसका अतिरिक्त अन्तिम चरणमा उद्भव हुने र कुनै अर्थ अप्रचलित पनि हुनसक्ने हुँदा प्रथम चरणमा नै सामग्री संकलनको पूर्णविराम हुन सक्तैन । यसै गरी तेस्रो चरणमा 'सामान्यतः प्रयोग गरिने चिह्न र संकेतहरूलाई-दोस्रो चरणमा नै उपयोग गर्नु पर्ने हुन्छ र अन्तिममा संयोजन गरिने कोशका पूर्व र उत्तरभाग संबन्धी उपबन्धहरू प्रारम्भमा नै निर्णीत, निर्धारित र अंगीकृत बेहोरा हुन् । अतः प्रस्तुत चरण विभाजनलाई ध्रुवीकृत लक्ष्मण-रेखा नमानी निर्देशात्मक सामान्य रूपरेखा मान्नु समुचित प्रतीत हुन्छ ।

पादटिप्पणी

१. वल्लभमणि दाहाल, ''नेपाली भाषा र कोश'' नेपाली भाषा अधिगोष्ठी २०३३, (विवृत्ति), ने०रा०प्र०प्र०, २०३३, पृ० १३३ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२. पारसमणि प्रधान र नगेद्रमणि प्रधान (सं०) ठूलो नेपाली-नेपाली-अंग्रेजी कोश, भाग्यमणि प्रकाशन, कालिम्पोङ, १९८३ ई०, पृ० भूमिका (पहिलो संस्करण) -१ ।

३. आर०ए०सिंह, ऐन इन्ट्रोडक्सन टु लेक्सिकोग्राफी, सी०आई०आई०एल०; मैसूर, १९८३ ई०, पृ० ९३ ।

४. नेपालीं बृहत् शब्दकोश, पूर्ववत् ।

५. पूर्ववत् ।

६. हेनरी स्वीट, द हिस्ट्री अफ् ल्याङ्वेज (तेस्रो संस्करण), १९०८ ई०, पृ.६।

७. नेपाली बृहत् शब्दकोश, पूर्ववत् ।

८. पूर्ववत् ।

९. सूर्यविक्रम ज्ञवाली (सं०) नेपाली संक्षिप्त शब्दकोश, ने०रा०प्र०प्र, २०४० ।

१०. पूर्ववत् ।

११. महानन्द सापकोटा, नेपाली निर्वचनको रूपरेखा, हिमाली प्रकाशन, (दोस्रो संस्करण, २०२८), पृ० ५५ ।

१२. वाल्टर डब्ल्यू० स्कीट, "क्यानन्स फर एटिमोलजी" एन एटिमोलजिकल डिक्सनरी अफ इङ्लिश ल्याङ्वेज, (चतुर्थ संस्करण, १९९० ई.), पृ० पूर्व भाग-XXVIII ।

१३. भोलानाथ तिवारी, कोशविज्ञान, शब्दकार, दिल्लो, १९७९ ई०; पृ० ४७-४८ ।

१४. नेपाली बृहत् शब्दकोश, पूर्ववत् ।

१५. सूर्यविक्रम ज्ञवाली (सं.), नेपाली संक्षिप्त शब्दकोश, पूर्ववत् ।

१६. नेपाली बृहत् शब्दकोश, पूर्ववत् ।

१७. आर०ए० सिंह, पूर्ववत्, पृ० १२४ ।

१८. सूर्यविक्रम ज्ञवाली,पूर्ववत् ।

१९. नेपाली बृहत् शब्दकोश, पूर्ववत् ।

२०. आर०ए० सिंह, पूर्ववत्, पृ० १२८ ।

२१. वेब्टर्स न्यू कलेजियट डिक्शनरी, (भारतीय संस्करण, १९८१), पृ० १८-'ए' ।

२२. आर०ए० सिंह, पूर्ववत्, पृ० १४८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. महानन्द सापकोटा, पूर्ववत्, पृ० ५४–५५ ।

२४. आर०ए० सिंह, पूर्ववत्, पृ० १६१ ।

२५. भोलानाथ तिवारी, भाषाविज्ञान, पूर्ववत्, पृ० ४७०–७१ ।

२६. बालमुकुन्द द्विवेदी, संस्कृत कोश:उद्भव और विकास, पूर्ववत्, पृ. १७८ ।

२७. वेब्टर्स न्यू कलेजिट डिक्शनरी (भारतीय संस्करण, १९८१ ई.), पूर्वभाग; पृ०–१० 'ए' ।

२८. आर०ए० सिंह, पूर्ववत्, पृ० १७८ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : छ

भाषासंख्यापरक कोश र यसका समस्या

शब्दकोश भाषासँग संबद्ध भएकाले यसको विभाजन वा वर्गीकरणमा पनि भाषाले विशेष भूमिका ग्रहण गर्नु स्वाभाविकै हो । यस दृष्टिले विचार गर्दा भाषासंख्यापरक आधारभूमिमा कोशको विशेष चर्चा गर्नु वाञ्छनीय ठहरिन्छ किनभने यस किसिमका कोश समुन्नत भएमा नै तिनबाट भाषिक क्षेत्र उर्वर भई समस्त कोश जगत्लाई समृद्ध पार्न विशेष योगदान मिल्छ । विकास र विस्तारका दृष्टिले पनि भाषामूलक कोशहरू नै अग्रपंक्तिमा रहेका भेटिन्छन् । कोशविधानको उषाकालदेखि नै भाषामूलक कोशहरूको विकास-परम्परा अक्षुण्ण रहेकाले ऐतिहासिकता, समृद्धि र विस्तारका दृष्टिले पनि भाषासंख्यानिष्ठ कोशहरू अग्रणी छन् । अतः कोश–जगत्मा यस्ता कोशहरूको विशिष्ठ स्थान स्वतः सिद्ध हुन्छ ।

भाषा मानव–मस्तिष्कको उपज भएर पनि यसका स्वरुपगत जटिलता-ले मानवलाई नै विस्मित पारेको छ । भाषाको माध्यमद्वारा विश्वका अनेकौं विषयमा गम्भीर विश्लेषण गर्न मानव समर्थ भए पनि भाषास्वयम्का कतिपय पक्षमा सूक्ष्मविश्लेषण गर्न मानव अझै सक्षम भइसकेको छैन । त्यसमा पनि प्रत्येक भाषाका आफ्नै विलक्षण बिशेषताहरूले गर्दा भाषा क्षेत्रमा कार्य सम्पादन गर्न अत्यन्त कठिन भएको छ । यसै गरी कोशविधान अर्को कठिनतम क्षेत्र हो । यसैबाट के सोच्न सकिन्छ भने भाषापरक कोशविधान चरम समस्याग्रस्त क्षेत्र हो । यसैले जे० जे स्केलिन्जर, डा० सेमुअल जोन्सन, डा० पारसमणि प्रधान प्रभृति विद्वान्हरू कोशकारितालाई सर्वाधिक संकटाकीर्ण व्यापार मान्दछन् । यति हुँदा हुँदै पनि विश्वका विभिन्न संबन्धित वाङमयका साथै सम्पूर्ण मानवी ज्ञानविज्ञानको विकासका निम्ति अमूल्य योगदान दिने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भएकाले विभिन्न किसिमका भाषाकोश र तिनको विधान (सम्पादन) गर्दा उत्पन्न हुने समस्याका संबन्धमा विशेष चासो राख्नु नितान्त आवश्यक ठहरिन्छ। अतः भाषासंख्याका आधारमा शब्दकोशलाई प्रथमतः एकभाषी, द्विभाषी र बहुभाषी शब्दकोशका रूपमा त्रिविध वर्गीकरण गर्दै क्रमशः कोश-विधानका दृष्टिले तिनमा उद्भव हुने समस्याहरूको चर्चा गरिन्छ।

(अ) एकभाषी कोश र यसका समस्या

एकभाषी शब्दकोश त्यसलाई भनिन्छ जसमा स्रोतभाषा र लक्ष्यभाषा एउटै हुन्छ। शब्दान्तरमा भन्दा यो एउटै भाषामा शीर्षशब्द वा मुख्यप्रविष्टि र अर्थविधान भएको शब्दकोश हो। यस्ता कोशमा जुन भाषाका शब्दहरू समाविष्ट गरिएका हुन्छन् त्यसै भाषामा तिनका अर्थ पनि अंकित गरिएका हुन्छन्। कोशवर्ती उद्देश्य र विधेय भाग आबद्ध भाषा-कोश हो, जस्तै- **बगली कोष** (१९९८), **बृहत् नेपाली शब्दकोश** (२०४०)। यस संबन्धमा आर० ए० सिंह भन्दछन् "एकभाषी कोशमा प्रविष्टिशब्द र तिनका परिभाषा वा अर्थ दुवै एउटै भाषामा दिइएको हुन्छ।"[१]

एकभाषी शब्दकोश तदन्तवर्ती गुणात्मक तथा परिमाणात्मक सूचना-का दृष्टिले निकै लचिलो पाइन्छ, यसमा बगली कोष (१९९८) भन्दा पनि स-साना र बृहत् नेपाली शब्दकोश (२०४०)- भन्दा पनि ठूलठूला कोशहरू समाहित हुन्छन्। यसैले कुनै एकभाषी कोशमा खालि एउटा पर्याय दिइएको पाइन्छ भने अर्को कुनै एकभाषी शब्दकोशमा हिज्जे, उच्चारण, व्याकरणात्मक कोटि, स्रोत, व्युत्पत्ति, परिभाषा, व्याख्या, अर्थच्छाया, पर्याय, विपर्याय, प्रयोगात्मक उदाहरण, चित्राङ्कन, संनिधानात्मक प्रयोग, संबन्धित र व्युत्पन्न शब्द, बीजक, विवृत्ति, संसक्त शब्द जस्ता विविध सन्दर्भ-सूचना अंकित गरिएको हुन्छ। यीमध्ये विविध सूचनाबद्ध ठूला कोशलाई व्याख्यात्मक कोश भनिन्छ र यस किसिमको कोश संबन्धित भाषाभाषीका साथै वाङमयका निम्ति पनि अनमोल रत्नभण्डार हो।

यस सन्दर्भमा एकभाषी कोश र द्विभाषी कोशका बीच पाइने भेदगत वैशिष्ठ्यको तुलना गर्नु सुसंगत प्रतीत हुन्छ। यस विषयमा दृष्टिक्षेप गर्दा प्रथमतः के देखिन्छ भने एकभाषी कोशमा एउटै भाषामा प्रविष्टिविधान र अर्थविधान गरिएको हुन्छ, अनि यसको विपरीत द्विभाषी कोशमा कुनै एउटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाषामा प्रविष्टिविधान र कुनै अर्को भाषामा अर्थविधान गरिएको हुन्छ । यिनै दुई किसिमका कोशलाई तिनमा रहने प्रविष्टिका आधारमा पनि तुलना गर्न सकिन्छ । यसरी तुलना गर्दा एकभाषी कोशको प्रविष्टिगत आयाम विशद पाइने हुँदा त्यसमा कुनै कोशिम वा कोशीय एकाइ संबन्धी हिज्जे, उच्चारण, अक्षर विभाजन, व्याकरण निर्देश, भाषास्रोत, परिभाषा, व्याख्या, वर्णन, पर्याय, विपर्याय, बीजक, विवृत्ति र समस्त, संबन्धित, व्युत्पन्न तथा संसक्त रूप एवम् नीडन, उखान टुक्का आदिको अधिकाधिक व्यवस्था गर्न सकिन्छ भने द्विभाषी कोशको प्रविष्टि चाहिं परिमित भएकाले त्यसमा सीमित सूचना मात्र निबन्धित हुन सक्छ । यसरी नै प्रकारका दृष्टिले एकभाषी कोश बहुविध हुने कुरा कोशको वर्गीकरणका प्रसङ्गमा उल्लिखित छ भने द्विभाषी कोशलाई विशेषतः चार किसिममा मात्र विभाजन गर्न सकिन्छ। कालगत आधारमा दृष्टिगत गर्दा चाहिं एकभाषी कोश ऐतिहासिक र वर्णनात्मक दुवै किसिमको हुन्छ भने द्विभाषी कोश वर्णनात्मकमा परिसीमित पाइन्छ । यसरी हेर्दा एकभाषी कोश प्रकारका परिप्रेक्ष्यमा पनि व्यापक देखिन्छ । यी बाहेक एकभाषी कोशमा अवसित अवचलित जस्ता शब्दहरू पनि समाविष्ट हुन्छन् भने द्विभाषी कोशमा यस्ता शब्दहरू संग्राह्य हुँदैनन् ।

अर्थविधानका आधारमा पनि एकभाषी र द्विभाषी कोशमा पार्थक्य पाइन्छ । एकभाषी कोश वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थ सबै समाहित गर्छ भने द्विभाषी कोश वाच्यार्थ र लक्ष्यार्थमा नै केन्द्रित पाइन्छ। यसै गरी कोशीय एकाइको अर्थच्छाया, क्षेत्रीय अर्थ आदि एकभाषी कोशमा यथासाध्य समाहित गर्ने प्रयत्न गरिएको हुन्छ भने द्विभाषी कोश यस्ता कुरामा विशेष चासो राख्दैन ।

यसरी नै व्युत्पत्ति संबन्धमा पनि तुलना गर्न सकिन्छ। एकभाषी कोशमा जति व्युत्पत्तिको अपेक्षा गरिन्छ त्यति द्विभाषी कोशमा गरिँदैन । जहाँसम्म प्रयोगात्मक उदाहरणको कुरा आउँछ, एकभाषी कोशमा साधारण शब्द वा कोशिमको उदाहरण आवश्यक ठहरिँदैन किनभने प्रयोक्ता त्यस्ता वाक्यसित परिचित हुन्छ । तर द्विभाषी कोशमा चाहिं जति प्रयोगात्मक उदाहरण दिइन्छ उति नै त्यो महत्त्वपूर्ण हुन्छ । समष्टिमा के भन्न सकिन्छ भने एकभाषी कोशमा जुन किसिमको व्यापक र गरिमामय भाषिक पक्षहरू समाहित हुन सक्छन् त्यस किसिमको वैशिष्ट्य द्विभाषी कोशमा सुलभ हुँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्दकोशविधानका परिप्रेक्ष्यमा पनि एकभाषी कोशलाई दृष्टिगत गर्न सकिन्छ। द्विभाषी कोशका तुलनामा एकभाषी कोशको क्षेत्र व्यापक भएकाले उद्देश्यानुसार यसमा संबन्धित भाषाको विशाल शब्दभण्डारलाई सन्निवेश गरिन्छ भने द्विभाषी कोशमा सीमित शब्दभण्डारलाई प्रवेश दिइन्छ। यसैले एकभाषी कोशको विधान-प्रक्रिया निकै विशाल र जटिल ठहरिन्छ। यस्ता कोशको निर्माणका लागि शब्द सञ्चितिमा हुनुपर्ने व्याप्ति, पर्याप्ति, विस्तृति, स्तरान्विति, समन्विति जस्ता विशेषताहरूले गर्दा एकभाषी कोशविधानमा सामग्री-संकलन, प्रविष्टि चयन, प्रविष्टिविधान, अर्थविधान आदिका प्रक्रिया विविध, स्तरापेक्षी बहुधायत र अधिकाधिक श्रमापेक्षी स्वतः हुन जान्छन्। उदाहरणार्थ, कुनै भाषाको एकभाषी ऐतिहासिक कोश सम्पादनमा जति श्रम, समय र संलग्नताको आवश्यकता पर्छ अपेक्षाकृत रूपमा त्यसभन्दा कम्तीमा नै द्विभाषी कोशहरू तयार हुन्छन्। वस्तुतः एकभाषी कोश कुनै पनि भाषा र साहित्यको गौरव हो, अनि यस्ता कोशको जन्म संबन्धित भाषा र साहित्यको इतिहासमा महान् घटना हो।

यस सन्दर्भमा गम्भीर भएर सोच्ने हो भने उपर्युक्त कोशविशेषको मात्र होइन, विभिन्न किसिमका कोशहरूको विधान नै गौरवशाली घटना सिद्ध हुन्छ तापनि पूर्वोक्त स्केलिजर जोन्सन र प्रधानका उक्तिले कोश सम्पादन समस्यै समस्याको महासागर हो भन्ने पनि प्रमाणित हुन्छ। यस्ता समस्याबाट पार पाउन अत्यन्त कठिनव्रत आवश्यक हुन्छ। यसैले कोशकारमा अगाध विद्वत्ताका साथै साधना संरत, निस्वार्थ र कल्याणाभिमुखी मनोयोग समपेक्षित हुन्छ। प्रतारणाभिमुखी कोशकारबाट प्रवञ्चना मात्र हुन्छ, समस्याको समुचित समाधान हुन सक्तैन। अत. कोशविधाता सतत साधनामा समर्पित हुनुपर्छ, किनभने कोशविधान संबन्धी समस्याको सगरमाथामाथि सफल आरोहण गर्न विद्वत्ता र लगनशीलता अपरिहार्य उपकरण हुन्। निष्कर्षमा भन्न सकिन्छ, कोशविधान समस्याको गोली हो भने यो भाषाविदहरूको प्रतारणाविरत साधनासंरत विद्वत्ताको परीक्षण गर्ने थलो पनि हो।

प्रस्तुत प्रकरणबाट के स्पष्ट हुन्छ भने कोशविधानका प्रत्येक पाइलामा समस्याहरू उत्पन्न हुन सक्छन्। वस्तुतः कोशविधानजस्तो महान् अनुष्ठान समस्यारहित हुन सक्तैन, त्यसमा पनि भाषा जस्तो जटिलतम विषयमा कोश-सम्पादन जस्तो जटिलतम कार्य निरत्ययसाथ संपन्न होला भनी कल्पना गर्न सकिन्न। यसबाट स्वतः व्यक्त हुन्छ, कोशविधानमा समस्याहरू अनेकौं उद्भव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन्छन् जसमध्ये बहुश: भाषिक प्रकृति र कोशीय प्रकृतिमा आधारित हुन्छन् । यसैले कोशविधानमा आइपर्ने सबै समस्याको प्रागुक्ति वा पूर्वानुमान संभव हुन सक्तैन, कतिपय समस्याहरूको मात्र निर्देश हुन सक्छ । यिनै कुरा मनन गरी यस सन्दर्भमा प्रथमतः एकभाषी कोशमा मुख्यत: दृष्टिगत हुने केही समस्याको चर्चा यस प्रकार गरिन्छः

(क) शब्द संकलन

कुनै पनि कोशविधानका सन्दर्भमा शब्दसंकलन प्रमुख कार्य हो । नि:सन्देह शब्दसंकलनविना कोशविधान संभव छैन । यस दृष्टिले विचार गर्दा शब्दसंकलन जति व्यापक स्रोतबाट गर्न सकिन्छ कोशको व्यापकतामा उति नै अभिवृद्धि हुन सक्ने स्पष्ट छ । यसैले शब्दसंकलन जति महत्त्वपूर्ण देखिन्छ त्यस कार्यको सम्पादन उति नै चुनौतीपूर्ण भएको पाइन्छ । उदाहरणार्थ, कुनै भाषाको विश्वकोशात्मक ऐतिहासिक शब्दकोश तयार गर्नु छ भने संबन्धित भाषाको जन्मकालदेखि नै सामग्री प्रामाणिक रूपमा संकलन गर्नुपर्छ । यो कत्तिको दुष्कर कार्य हो स्वतः अनुमान गर्न सकिन्छ । संस्थागत रूपमा कार्य गर्दा पनि अक्सफोर्ड इंङलिश डिक्शनरी तयार गर्न चालीस वर्ष लागेको थियो । यसैले कोशविधानका सन्दर्भमा शब्दसंकलन प्रमुख समस्या हो ।

वस्तुत. कोशको प्रकृति आदिले गर्दा शब्दसंकलनमा संवन्धित भाषामा प्राप्य भएसम्म लिखित वा अलिखित कुनै एक स्रोतमा निर्भर हुन मिल्दैन । यसका लागि विभिन्न क्षेत्रमा फैलिदा कुनै पनि भाषाका अशेष क्षेत्र समेट्न व्यक्तिलाई मात्र होइन, संस्थालाई पनि धौ धौ पर्छ । यसै संवन्धमा भारतीय कोशको प्रसङ्ग लिएर हरकीरत सिंह टिप्पणी गर्छन्, "कुनै भारतीय भाषाले शब्दकोशमा उसका अशेष शब्दभण्डार अंकित गरेको छ भनी दावी गर्न सक्छ भन्ने कुरा म सोच्न सक्तिनँ ।[२]

यस पृष्ठभूमिमा नागरी प्रचारिणी सभाले हिन्दीका "हिन्दी शब्द-सागर" आदि कोशविधान गर्दा अपनाएको पद्धतिलाई पनि संकेत गर्नु उपयुक्त हुन्छ । यसले पुस्तक पत्रिका र कोशका अतिरिक्त बाटो घाटोमा घुमी ग्वाला-गोठाला, चर्मकार, लोहकार, स्वर्णकार, तेली, जुलाहा, चटकी आदिसँग उनी-हरूले प्रयोग गर्ने वस्तु, वनस्पति खेल आदिका नाम संग्रह गर्न तथा देशका विभिन्न प्राकृतिक संग्रहालय, संग्रहालय, पुस्तकालयमा अध्ययन र शब्दसंकलन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न विभिन्न व्यक्ति नियुक्त गरेको थियो।[३] परन्तु भाषिक क्षेत्र विभाजन, वर्गीकरण र विस्तृत रूपमा शब्दसंकलन आदिका दृष्टिले यसमा पूर्णता अधिगत नभई आकांक्षित नै रह्यो।

नेपालीमा पनि भाषिका सर्वेक्षण नभएको हुँदा पूर्णतः वैज्ञानिक रूपमा भाषिकाको वर्गीकरण संभव नभएको र कोशविधानका सन्दर्भमा पनि भाषिकाको वर्गीकरण र शब्दसंकलन हुन नसकेको तथा अलिखित साहित्यबाट शब्दसंकलन गर्ने प्रभावकारी विधि र क्रियाकलाप समेत उपयोग नगरिएकोले शब्दसंकलन प्रक्रिया स्वतः अपूर्ण देखिन्छ। यसैले नेपाली कोशका सन्दर्भमा शब्दसंकलनको समस्या कोशकारका निम्ति अत्यन्त चुनौतीपूर्ण छ।

सामान्यतः जुनसुकै भाषामा पनि कोशविधान गर्दा शब्दसंकलन एउटा कठिनतम कार्य हो। यसका लागि व्यवस्थित योजनाको तर्जुमा आवश्यक हुन्छ जसको अभावमा कोशसम्पादन अभीष्ट र उपयुक्त बन्न सक्तैन। यस संबन्धमा पतञ्जलिले पनि उल्लेख गरेका छन्– "गुरु बृहस्पतिले इन्द्रलाई दिव्य हजार वर्षसम्म शब्दपारायण गराए तर अन्त हुन सकेन।[४] वस्तुतः कोशसम्पादनका सन्दर्भमा धेरै समस्याको उद्भावक र बढी समय तथा साधनाको संग्राहक पक्ष शब्दसंकलन हो। यस संबन्धमा अन्य चर्चा गत अध्यायको सामग्री संकलन प्रसंगमा गरिएको छ।

(ख) प्रविष्टि चयन

शब्दसंकलनका सन्दर्भमा बटुलिएका समस्त शब्दलाई अशेषतः कोशमा समान र पृथक् रूपमा प्रविष्टि दिने कार्य समुचित र संभव छैन। व्यवस्थित चयन र समन्वयन विना शब्द वा कोशीय एकाइको थुप्रो लगाउँदैमा कोशविधान हुने कुरा पनि होइन। अतः प्रविष्टि–चयन कोशविधानको अर्को चर्को समस्या हो।

यसै समस्याको परिधिमा निर्माणाधीन कोशको वास्तविक प्रयोजन र प्रकारको किटान पनि पर्छ। अनि त्यसपछि तदनुरूप शब्द वा कोशीय एकाइको प्रविष्टिविधान गर्नुपर्ने हुन्छ। अतः यस अवस्थामा दूरदृष्टि राख्दै स्पष्ट र सुदृढ नीति निर्धारणमा कोशकार सतर्क हुनुपर्छ। यस बखत, विधेय कोशको प्रविष्टिका निम्ति समुचित शब्द वा कोशीय एकाइको चयनमा त्रुटी हुन गयो भने अभीष्ट कोशविधान हुन सक्तैन। अतः यस प्रसङ्गमा आइपर्ने केही प्रमुख समस्याबाट चनाखो हुन आवश्यक छ। यहाँ केही मुख्य विचारणीय पक्षको चर्चा गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमतः कोशको प्रकृति र प्रकारहरू अनुरूप प्रविष्टिचयनमा ध्यान दिनुपर्छ । बृहत् कोश र संक्षिप्त कोशको परिधि एकनास नहुने हुँदा प्रविष्टि-चयन पनि तदनुसार नै गर्नुपर्छ । यसैगरी ऐतिहासिक, मानक वा वर्णनात्मक कोशको परिधिमा पनि समानता छैन । द्वितीयतः संपाद्य कोशका लागि शब्द छनौटका आधार आवृत्ति, व्याप्ति, सुलभता, व्यावहारिकता, उत्पादनशीलता, शैलीकेन्द्रिकता आदिमा कुनलाई ग्राह्यता दिनु औचित्ययुक्त हुन्छ त्यस संबन्धमा विचार पुऱ्याई निर्णय लिनु आवश्यक छ । यो पनि निकै जटिल कार्य हो । तृतीयतः कोशीय एकाइका यावत् नामिक वा क्रियापदका रूपहरूलाई कोशमा यथावत् राख्न मिल्दैन । उदाहरणार्थ, 'जानु-क्रियाका विभिन्न काल, पक्ष आदिका विशेष रुपावलीलाई प्रविष्टि चयनमा समस्थान दिन सम्भव नहुँदा कुन-कुनलाई चयन गर्ने भन्ने समस्या विकट छ । यसमा 'जानु' मात्र राखी 'गयो' आदि विशेष रुपलाई सदैव परिहार गर्न पनि समुचित ठहर्दैन । चतुर्थतः अवसित वा अवचलित शब्द-चयन गर्ने कि नगर्ने तथा गरेमा कुन किसिमले प्रविष्टिमा सन्निवेश गर्ने भन्ने समस्या उपस्थित हुन्छ । पञ्चमतः अभिनव शब्दको प्रविष्टि चयनमा यसैगरी समस्या सृजन हुन्छ । षष्ठतः उखान टुक्काको प्रविष्टि चयन गर्दा उठ्ने समस्यालाई लिन सकिन्छ । यसमा कस्ता उखान-टुक्कालाई कोशमा ग्रहण गर्ने र प्रविष्टिमा कुन स्थान र क्रममा राख्ने समस्या अत्यन्त गहन पाइन्छ । सप्तमतः प्राविधिक शब्द, व्यक्तिवाचक शब्द, रिक्त शब्द, संबन्धपरक शब्द, समस्त शब्द, संक्षेप शब्द, व्युत्पादक सर्ग, उद्धरण तथा सूक्ति, निपात र अक्षर आदिको प्रविष्टि चयनमा यस्तै किसिमको समस्या देखिन्छ । अन्त्यतः किन्तु नाशेषतः समस्या हुन्-प्रविष्टि-चयन गर्दा मूल र व्युत्पादित शब्दको निरुपण क्रम-निर्धारण, आदिमा आइपर्ने कठिनाइहरू । यसरी दृष्टिगत गर्दा कोशविधानका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भमा प्रविष्टि-चयन पनि नितान्त समस्यामूलक ठहरिन्छ ।

(ग) अनुक्रम व्यवस्था– सामान्यतः विचार गर्दा अनुक्रम व्यवस्थामा समस्या आइपर्ला जस्तो लाग्दैन तर यो पनि कोशविधानमा समस्यामुक्त क्षेत्र भने होइन । यस सन्दर्भमा अन्य अनुक्रम व्यवस्थालाई पर सारी सुप्रसिद्ध वर्णानुक्रम व्यवस्थामाथि चर्चा गर्दा पनि समस्या उपस्थित हुन्छन् । सुनियत अनुक्रमव्यवस्था मानिने रोमन वर्णानुक्रम पद्धतिमा समेत कोशविधान गर्दा कतिपय ठाउँमा कठोर समस्या आइलाग्छन् । उदाहरणार्थ, फेल (खस्यो), फेल (डरलाग्दो), फेल (जनावरको रौं सहित छाला), फेल (खसाल्नु) जस्ता अंग्रेजीका समरुपी शब्दहरूलाई कुन अनुक्रममा राख्ने भन्ने जटिलता कोशकार समक्ष उपस्थित हुन्छ । विभिन्न शब्दवर्ग (part of speech)–भित्र पर्ने कुनै एउटा शब्दलाई कोशीय प्रविष्टिमा कसरी क्रमव्यवस्था गर्ने भन्ने अर्को समस्या पनि छ । यस्तै प्रविष्टि अन्तर्गत उखान–टुक्कालाई राख्दा प्रथम शब्दलाई लिएर वा मुख्य शब्दलाई लिएर अनुक्रम निर्धारण गर्ने भन्ने प्रश्न उठ्छ । अंग्रेजी भाषाका टुक्का 'टु रेन क्याट्स एण्ड डग्ज' आदिमा प्रथम शब्दलाई लिदा 'टु' 'दि' जस्ता शब्दले समस्या पार्छन् भने मुख्य–पद लिदा कुन मुख्य हो भन्ने कुरा निर्धारण गर्न कठिनाइ छ । यसरी नै मुख्य–शब्दको प्रश्न नेपाली उखान टुक्कामा पनि लागु हुन्छ ।

देवनागरी लिपिव्यवस्थामा आधारित हाम्रो नेपाली भाषामा वर्णानुक्रम पद्धति झन् जटिल प्रतीत हुन्छ । नेपाली भाषाका कोशहरू पल्टाएर हेर्ने हो भने तिनमा अझै एकरुपता पाइन्न । ऋ, लृ, क्ष, त्र, ज्ञ, वर्णहरूलाई कुन आनुपूर्वीमा राख्ने तथा अ, अं, अँ, अः जस्ता वर्णलाई कसरी क्रमबद्ध गर्ने भन्ने समस्या निकै कठिन देखापर्छ । यस सन्दर्भमा कम्प्युटरको सहयोग लिन खोज्दा पनि सुनिश्चित वर्णानुक्रमको समस्या जटिल रुपमा उपस्थित भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । यस्ता समस्या निराकरणार्थ पाइला चाल्न एकातिर देवनागरी लिपिमा आधारित वर्णमालालाई नेपालीमा प्रयोग गर्दा क्ष, त्र, ज्ञ जस्ता वर्णलाई अन्त्यमा राख्ने वा क, क्ष, ग, घ आदि आनुपूर्वीमा राख्ने भन्ने दृढ निश्चय अपरिहार्य छ भने अर्कातिर एउटै वर्णका विभिन्न आकार हटाई एकरुपी वर्णको सुनिश्चयन तथा वर्णमा लाग्ने मात्रामा एक रुपायनका साथै जोडे-मोडेका अक्षर एवम् रकारहरूमा एकरुपीकरण समपेक्षित छ । यस्ता अनेक-रूपायनको उदाहरण चाहिं वर्णमा ळ. ज्ञ, भ, आदि; मात्रामा कु, रू आदि; जोडेमोडेका तथा रकारमा क्ल, ख्ल, क्र, ड्र, त्र, श्र, क्य, द्य, ड्य आदि भएको कुरा विदितै छ ।

यसबाहेक व्याकरणात्मक दृष्टिले भिन्न भई अर्थगत संबद्धता राख्ने भावी (ना०) भावी (वि०, ; माग (ना०) माग (क्रि०) जस्ता शब्दहरू अनि समलिप्यात्मक तिर (ना०), तिर (नामयोगी); तर (ना०) तर (संयोजक); वर (ना०) वर (वि०) वर (क्रि० वि०) जस्ता शब्दहरूका प्रविष्टिमा अनुक्रम निर्धारण कोशसम्पादन समस्याका अन्य उदाहरण हुन् ।

विभिन्न भाषाबाट आएका आगन्तुक शब्दहरूलाई तिनको उच्चारण अनुसार लिप्यन्तरण गरी नेपालीमा भित्र्याउने हो र लिप्यन्तरणमा विशेष वर्ण वा संवर्णहरू थप्ने हो भने ती थप वर्ण वा संवर्णहरूको क्रम संबन्धमा पनि कोशकारको सुदृष्टि अपेक्षित हुन्छ किनभने विधेय कोशका लागि यी कुराहरू अङ्गीकार गर्दा यिनबाट समस्याहरू उठ्नु स्वाभाविकै हो । उदाहर-णार्थ, अंग्रेजी, फारसी आदि भाषाका जज, कमिज आदि शब्दका अन्त्य वर्ण-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाई संबन्धित भाषाको उच्चारणानुरूप लिप्यान्तरण 'ज़' का रूपमा गर्ने हो भने यस संबन्धी अनुक्रम व्यवस्था पनि सुनिश्चित गर्नु आवश्यक हुन्छ ।

(घ) हिज्जे व्यवस्था– कोशविधान गर्दा संबन्धित भाषाका हिज्जे संबन्धमा पनि समस्या बेहोर्नु पर्ने हुन्छ । कुनै भाषाका सम्पूर्ण शब्दका हिज्जेमा सबैको ऐकमत्य सुदुर्लभ हुन्छ । परिणामतः विवाद्य शब्दमा कोशले कुन कुरा स्वीकार गर्ने भन्ने समस्या उभिन्छ । मानक हिज्जे कुन हो ? मानकता कसरी निर्धारण गर्ने ? मानक वा अवमानक दुवै हिज्जेका शब्दहरू कोशमा राख्ने हो वा होइन ? स्वेतर लिपिमा अंकित हुने गरेका आगत (आगन्तुक) शब्दका हिज्जे स्वाङ्गीकृत लिपिमा कसरी निर्धारण गर्ने ? अन्तरराष्ट्रिय ध्वनितात्विक वर्णमालालाई भित्र्याउने हो वा होइन ? लिप्यन्तरण गर्ने हो भने परम्परागत वर्णव्यवस्थाले नपुग्ने भएमा नयाँ वर्ण वा उपचिह्न वा चिह्नकहरू के कस्ता समावेश गर्ने हो ? यस्ता बहुमुखी समस्या यससंग गाँसिएर अघि सर्छन् । यसै गरी उपर्युक्त किसिमका आगन्तुक शब्दका ह्रस्व/दीर्घ,श/ष/स, ब/वसंबन्धी हिज्जे पक्षमा पनि सर्वसम्मति अधिगत भइसकेको छैन । हिज्जेका दृष्टिले नेपाली भाषाका तत्सम, तद्भव, ठर्रा आदिका शब्दहरू पनि विचारणीय छन् । छानु / छानो; छोरो / छोरा; / मनि/ मुनि, जिब्रो / जिभ्रो / जिउरो / जीब्रो; गदहा / गधा आदि अनेकरूपीय शब्द एकातिर छन् भने अंगालो/ अँगालो / अङ्गालो; सुझाउ/ सुझाव; धादिङ्ग / धादिङ; टंटा / टण्टा / टन्टा; चंचा / चम्चा / चमचा आदि एकथरि र शैया / शय्या; उज्वल / उज्ज्वल; वर्तमान / वर्त्तमान; श्रेणी / श्रेणि आदि अर्काथरि अनेक लेखिभीय शब्दहरू अर्कातिर छन् । यस्तै गरी समस्त शब्दमा कालिमाटी वा कालिमाटी कुन किसिमको स्वीकार्य हुन्छ ? बूढो, मीठो आदिका संबद्ध शब्दमा बुढयाइँ वा बूढयाइँ अनि मीठास वा मिठास के गर्ने हो ? गन्तीका शब्दमा दुइ / दुई; तेइस / तेईस, उन्नीस / उन्नाईस / उन्नाइस आदि शब्दमा कुन ग्राह्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मानिने हो ? प्रथमदृष्टया सामान्य लाग्ने यी यस्ता प्रश्न हुन् जसले समस्त नेपाली भाषाका हिज्जे पद्धतिमा नै गहिरो प्रभाव पार्छन् ।

(ङ) **प्रविष्टि–विधान**–यो कोशविधानको केन्द्रीय स्वरूप भएकाले कोश सम्पादनका सन्दर्भमा उठ्ने समस्याहरूको केन्द्रभूमि पनि यही हुने कुरा स्वतः अनुमान गर्न सकिन्छ । विधेय कोशमा यथायोग्य प्रविष्टिको स्वरूप निर्धारण मुख्य प्रविष्टि र गौण वा सहायक प्रविष्टिको विभाजन अनि प्रविष्टिभित्र समुचित क्रम र परिधिमा शीर्षशब्द, हिज्जे, उच्चारण, व्याकरण, व्युत्पत्ति, अर्थ, व्युत्पन्न शब्द, उदाहरण, पर्याय, विपर्याय, उखान-टुक्का आदि कोशानुरूप प्रविष्टि-तत्त्वहरूको अभिसन्धान आदि समस्याविनिर्मुक्त भई सरलतया संपाद्य हुन्छ भन्ने कुरामा विश्वास गर्न सकिदैन । यसमा आइलाग्ने यिनै समस्याको वाहुल्यले गर्दा कोशविधान कार्यलाई दुष्कर, दुरन्त र दुःखप्रद मानिन्छ ।

यस परिप्रेक्ष्यमा विचार गर्दा प्रथमतः कोशमा कस्ता शब्द वा कोशिम प्रवेश्य हुन्छन् भन्ने कुरामा नै प्रश्न उठ्छ किनभने कोशमा एकातिर भाषावैज्ञानिक दृष्टिमा अभिहित सबै शब्द समाहित हुदैनन् भने अर्कातिर त्यस्ता शब्दभन्दा अतिरिक्त भाषिक एकाइहरू पनि कोशीय एकाइ वा कोशिमका रूपमा प्रविष्ट हुन्छन् उदाहरणार्थ, जानु, क्रियामा जान्छ, जान्छु, जान्छस् जान्छौ आदि रूपावली अन्तर्गतका शब्दहरू कोशमा समाहित गरिदैनन् र उपसर्ग, प्रत्यय, उखान टुक्का, वर्ण आदि शब्देतर भाषिक एकाइहरू प्रविष्ट हुन्छन् । अतः प्रस्तुत कोशमा कस्ता भाषिक एकाइलाई प्रविष्टिगत कोशिमका रूपमा समावेश गर्ने भन्ने कुरा निकै गहन छ । यसै गरी मुख्य र गौण प्रविष्टिको प्रावधान गर्ने नगर्ने तथा कुन कोशीय शब्दलाई शीर्षशब्द बनाएर मुख्य प्रविष्टिमा राख्ने भन्ने कुरामा कोशकारले गम्भीर जटिलताको सामना गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा भाषाको प्रकृति सूक्ष्मतः विचार गरी तदनुकूल नामिकपद र क्रियापदको आधारूप निर्धारण गर्ने र त्यसलाई शीर्षशब्द बनाएर गौण प्रविष्टिका आयाम निरूपण गर्नाका साथै के कस्ता शब्द गौण प्रविष्टिमा सन्निवेश गर्ने तथा कस्तालाई पृथक् प्रविष्टि दिने भन्ने निर्णय कठिनतम प्रतीत हुन्छ किनभने यसैमा कोशविधानको जग अडिएको हुन्छ । उदाहरणार्थ नेपाली भाषाको कोशविधानमा जा-धातु जानु–क्रिया र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद्‌गत व्युत्पादित र रूपायित अखिल रूपहरूमा कुनलाई कुन स्वरूपमा आधाररूप अंगीकार गरी शीर्षशब्द निर्धारण गर्ने तथा कुनलाई गौण प्रविष्टिमा राख्ने अनि कुन चाहिँलाई पृथक् प्रविष्टि दिने भन्ने समस्याको चक्रव्यूह सहजै उपस्थित हुन्छ । फेरि यसमा एकवचन वा बहुवचन नहुने हीनरूपायित, अर्कै स्वरूपमा परिवर्तित हुने आदिष्ट वा तिर्यक् अनि जान्छ गयो जस्ता अनिर्दिष्ट वा अपवाद रूपसरणीका विभिन्न अल्झा उठ्छन् ।

प्रविष्टिविधान गर्दा अवधेय अर्को समस्या हो, क्रियाका स्त्रीलिङ्गी रूपको प्रस्तुतीकरण । कोशगत प्रविष्टिमा नाम, धातु वा क्रियाको मूल रूप हुने हुँदा तिनका स्त्रीलिंगी रूप कसरी अवगत गर्ने र पृथक् प्रविष्टिविधान गरेमा एउटै आधार शब्दका पनि विभिन्न प्रविष्टि भई कसरी अनावश्यक प्रविष्टि कमी र्ने भन्ने समस्या उठ्छ । यही कुरा क्रियाका भूतकालिक र पूर्वकालिक कृदन्तीय शब्दमा आइलाग्छ । यसमा पनि पृथक् प्रविष्टि लिंदा गएको, गएर, जाँदै, शब्दहरू 'जानु' क्रियासँग संबद्ध रूप हुन् भनी पाठकलाई कसरी थाहा दिने भन्ने समस्या उपस्थित हुन्छ ।

माथि प्रविष्टि प्रकार र शीर्षशब्दका संबन्धमा केही कुरा भए। यस्तै समस्याका सामना प्रविष्टि-लेखन पनि आइपर्छ । यदी सम्पूर्ण कोशको प्रविष्टि-लेखनमा एकै जनाबाट सम्पन्न गरिएन भने त्यहाँ विभेद आउन सक्छ । वृहत् कोशहरूमा एउटै व्यक्तिबाट प्रविष्टि लेखन संभव पनि हुंदैन। अतः प्रविष्टिविधानमा विभिन्नता निराकरणार्थ दृढ निर्णय र त्यसको यथावत् पालन अपेक्षित छ ।

प्रविष्टिमा संनिधान गरिने व्याकरण-निर्देश र उदाहरण तथा चित्राङ्कनमा पनि यस्तै समस्याहरू दृष्टिगत हुन्छन् । अभिहित व्याकरण-सूचनाका संबन्धमा परिमाणात्मक वा मात्रात्मक पक्ष र प्रस्तुतीकरण पक्ष प्रथम दृष्टया आइपर्ने समस्या हुन् भने कोश र प्रविष्टिकोशको प्रकृतिअनुसार परिचय निर्देशात्मक र सीमानिर्देशात्मक व्याकरणगत सूचनाको यथायोग्य विनियोजन अर्को समस्या हुन् । यस्तै, विभिन्न शब्दवर्ग (Part of speech) मा पनि एउटै शब्द प्रयुक्त हुने भएमा त्यसलाई कुन आधारक्रममा मुख्य गौण वा पृथक् प्रविष्टि विधान गर्ने भन्ने पनि यस सिलसिलामा उठ्ने चुनौती हो । व्याकरण-निर्देश गर्दा एक किसिमको व्याकरणगत सूचनामा एकै किसिमको शब्द प्रयोग गरी कोशमा एकरूपमा कायम गर्नु आवश्यक छ । कतिपय कोशमा यसको निर्वाह पनि नभएको देखिन्छ । जस्तै-'ता'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'वान' कोशीय प्रविष्टि नेपाली बृहत् शब्दकोशले पहिलोमा 'प्रत्यय' लेखिदिएको छ भने दोस्रो मा 'प०स०' उल्लेख गरेको छ।

यसै गरी उदाहरणमा कोशकार — निर्मित उदाहरण भन्दा उद्धृत उदाहरण नै प्रामाणिक र असंदिग्ध हुने हुँदा त्यसमा अधिक प्रयास वाञ्छनीय छ। यसरी महत्त्वपूर्ण मानिने उद्धरणात्मक उदाहरणको लागि आवश्यक अंशको अवतरण र सन्निवेश अत्यन्त कठिन अनुष्ठान हो। उसमाथि, कुन कोशिममा उदाहरण नितान्त आवश्यक छ, अभिन्यस्त उदाहरणको परिमाण कत्रो हुनुपर्छ, उदाहरणको उपयुक्तता कसरी कायम गर्ने हो, प्राविधिक शब्दहरूमा आधिकारिक र संबद्ध उदाहरण कसरी सन्निवेश गर्ने हो। जस्ता प्रश्नहरूको यथातथ्य समाधानमा ठूलो सावधानी आवश्यक हुन्छ।

कोशका सन्दर्भमा रेखात्मक उदाहरण वा चित्राङ्कन अत्यन्त महत्त्वपूर्ण पक्ष हो। यसको समुचित उपयोग भएमा हजारौं शब्दहरूले व्यक्त गर्न नसक्ने कुरा सजिलै स्पष्ट गरिदिन्छ भने सो नभएमा पाठक वा उपयोक्तामा भ्रम तथा विपरीत धारणा उत्पन्न गर्छ। अतः संपाद्यमान कोश र प्रविष्टिको प्रकृति अनुरूप चित्र, आरेख, रेखाचित्रहरूको छनौट संबन्धित प्रबिष्टिमा अभिसन्धान कोशकारका लागि ठूलो चुनौती हो। उसमाथि बाल शब्दकोश हो भने झन् यो समस्या कठिन भएर आउँछ। यसै गरी कोशमा सग्लो चित्र प्रस्तुत गरी तिनको अपेक्षित भागमा चिन्ह, रंग, बाण आदिको यथानुरूप अभिसन्धान गर्नु पनि निकै जटिल कार्य हो।

व्युत्पत्ति गहन साधनाबाट अधिगत गरिने विषयवस्तु हो। यसमा हलुका विद्वत्ताले काम नदिने हुनाले यस क्षेत्रमा सूक्ष्म अध्ययन र लामो अनुभव खारिसकेका विद्वान्‌बाट काम लिन सकेमा मात्र सफलता प्राप्त हुन्छ। कोशमा यस संबन्धी निर्देश फलामको चिउरा चपाए जस्तो हुने हुनाले चानचुने र सानातिना कोशमा यसको प्रावधान गरिएको पनि हुँदैन। यसबाट पनि व्युत्पत्तिगत समस्याको स्वरूप परिलक्षित हुन्छ। कतिपय कोशमा दिइएका व्युत्पत्तिको विषमताले पनि यो कुरा व्यक्त गर्छ। उदाहरणार्थ, 'बच्चा' शब्दलाई टर्नरले फारसी स्रोतमा राखेका छन् भने प्रामाणिक हिन्दी कोश र बृहत् नेपाली शब्दकोशमा पनि संस्कृत 'वत्स' शब्दसँग संबन्ध गाँसिएको छ। **पाइअसद्दम हण्णवो** (१९२८)– मा चाहिं यसको संबन्ध संस्कृत अपत्य प्राकृत अवच्च गरी व्युत्पत्ति गरिएको छ। नेपाली भाषाका विद्वान् कोशकार तथा व्युत्पत्ति क्षेत्र लब्धप्रतिष्ठ स्व० महानन्द सापकोटाले व्युत्पत्ति क्षेत्रका कठिन र विवादास्पद शब्दहरूमा विभिन्न उपपत्तिसहित निर्वचन गरी नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्वचनको रूपरेखा (२०२७) प्रकाशित गरेको पाइन्छ। उनले के व्यक्त गरेका छन् भने 'मलखु' शब्दको ठीक व्युत्पत्ति फेला नपरुन्जेल यसको अर्थ पिधेर फकल्याटो पारिए को मकै भन्ने लगाउन कठिन परेको थियो।[६] व्युत्पत्तिमा पाइने यस किसिमको गहनतालाई विचार गरी नेपाली बृहत् शब्दकोश (२०४०) – ले यस्तो उल्लेख गरेको छ, "कुनै शब्दको व्युत्पत्ति संदिग्ध भएका ठाउँमा प्रश्नवाचक चिन्ह मात्र पनि राखिएको छ वा केही नदिई खाली नै छाडिएको छ।"[८] विश्वका ठूला-ठूला कोशहरूमा पनि व्युत्पत्ति संबन्धी यिनै समस्याले गर्दा कतिपय कोशिमहरू व्युत्पत्तिविहीन रहेका छन्। यस सन्दर्भमा समस्यामूलक केही अन्य क्षेत्र यस प्रकार उल्लेख गरिन्छ–

(क) पृथक् ध्वनिनियममा आधारित बेग्लाबेग्लै भाषाका रूप तथा अर्थका दृष्टिले केही मिल्दाजुल्दा शब्दहरूले पनि व्युत्पत्तिमा अप्ठयारो पार्छन्। उदाहरणार्थ मान्छे अर्थको अंग्रेजी 'म्यान' (man) शब्द र संस्कृत 'मानव' शब्दको व्युत्पत्तिगत संबन्धबारे शंका उत्पन्न हुन्छ।

(ख) पनि शब्दको उपयुक्त विकासक्रमका दृष्टिले असंगत शब्दहरूमा पनि केही बाहिरी समताको भरमा व्युत्पत्तिगत संबन्ध उल्लेख गरेमा व्युत्पत्ति त्रुटिपूर्ण हुन सक्छ उदाहरणार्थ पवनयान र 'प्लेन' शब्दमा वन्निष्ठ बाहिरी समताले व्युत्पत्ति निर्धारणमा समस्या उत्पन्न गर्न सक्छ।

(ग) व्युत्पत्ति गर्दा शब्दको मिल्दोजुल्दो रूप मात्र नहेरी दैशिक, कालिक सन्दर्भलाई पनि दृष्टिगत गर्नुपर्छ। अन्यथा 'हारविन' को सन्दर्भ 'हरिबाद्य' जस्ता शब्दसँग गर्दा व्युत्पतिमा त्रुटि हुन सक्छ।

(घ) विभिन्न अर्थ लाग्ने कुनै शब्द छ भने त्यसको व्युत्पत्तिगत संबन्ध पनि अनेक शब्दसँग हुन सक्छ। अतः त्यस्ता शब्दमा सावधानीसाथ व्युत्पत्ति गर्नु पर्छ। जस्तै-साल।

उपयुक्त तथ्यबाट के स्पष्ट हुन्छ भने कोशकारका लागि व्युत्पत्तिको क्षेत्र निकै चुनौतीपूर्ण छ।

(ङ) अर्थविधान– अर्थबोधका लागि नै कोशको व्यवहार गरिने भएकाले अर्थ विधान अत्यन्त महत्त्वपूर्ण पक्ष हो। वस्तुतः कोशीय प्रविष्टिका उद्देश्य र विधेय भागमध्ये प्रयोजनका परिप्रेक्ष्यमा विधेय भाग नै नाभिकीय ठहर्छ र त्यसैमा अर्थविधान केन्द्रित हुन्छ। त्यसैले प्रामाणिक र असंदिग्ध अर्थ विधान कोशको सर्वस्व हो भने यस्तो गहन कार्यमा विशुद्धता अधिगत गर्नु कोशकारको महनीय साफल्य हो। यसरी विचार गर्दा कोशमा अर्थविधान अतीव महत्त्वपूर्ण छ भने त्यस अभीष्ट सिद्धिलब्धि अत्यन्त चुनौतीपूर्ण प्रतीत हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशमा अर्थविधान गर्दा विशेषत: पारिभाषीकरण, पर्याय, विपर्याय, विवृति, प्रतिनिर्देश, व्युत्पत्ति, बीजक, उदाहरण र चित्राङ्कन पद्धति अँगालिन्छ । यिनमध्ये कुन कुन किसिमको कोशमा कुन कुन पद्धति औचित्यका दृष्टिले युक्तियुक्त हुन्छ त्यसको निर्णय पनि कठिन छ किनभने ठूला–साना, प्राविधिक – अप्राविधिक सबै किसिमका कोशमा सबै पद्धति अङ्गीकार्य हुदैनन् र अंगीकार गरेमा ग्राह्य पनि मानिदैन। उदाहरणार्थ, साना कोशमा परिभाषीकरण, विवृत्ति, व्युत्पत्ति, बीजक, उदाहरण र चित्राङ्कन जस्ता पद्धति प्राय: सन्निवेश गरिन्न भने बृहत् कोश पर्याय विधानमा नै सीमित हुंदैन । फेरि, कुनै पद्धति यस्ता छन् जसको प्रयोग कोशका प्रविष्टिहरूमा एक्लै हुंदैन । अरू विचारणीय कुरा के छ भने एउटै कोशका पनि सबै प्रविष्टिमा अर्थविधानका पद्धति एकनासकिसिमको स्वीकार्य हुंदैन । परिणामत: कोश प्रविष्टिको अनुरूप अर्थविधानका पद्धतिको निर्धारण र अर्थविन्यास निकै जटिल साबित हुन्छ । यस चर्चाका सन्दर्भमा अर्थ बताउने परिभाषीकरण पक्षमाथि दृष्टि दिंदा के देखिन्छ भने विधेय कोशमा परिभाषीकरणद्वारा अर्थ दिंदा ऐतिहासिक वा आवृत्ति वा अन्य कुनै प्रकारमध्ये कुन चाहि ग्रहण गर्नु उपयुक्त हुन्छ त्यो निश्चय गर्नु र परिपालन गर्नु निकै कठिन छ । यसै गरी अर्थविधानका अन्य पक्षमा पनि समस्या उठ्छन् । उदाहरणार्थ, विलक्षण वनस्पति र जन्तु संबन्धी कोशीय एकाइमा परिभाषीकरणको मात्र समस्या उठ्दैन, पर्याय विपर्याय आदि अन्य पद्धति अन्वित गर्ने समस्या झन् जटिल प्रतीत हुन्छन् । यसैले अर्थविधान जसरी कोशको मुटु सिद्ध हुन्छ त्यसरी नै यसमा आइपर्ने समस्या फन् चर्का हुन्छन् । ती यहाँ सबै समस्याका संबन्धमा निशेष उल्लेख वा पूर्वानुमति संभव हुँदैन किन भने यस्ता समस्याहरू संपाद्य कोश र संबन्धित भाषाको प्रकृतिमा विशेषत: आश्रित हुन्छन् । त्यसैले समग्रमा के भन्न सकिन्छ भने अर्थ विधानका विभिन्न विधि र पद्धति मध्ये कुनै पनि समस्यारहित छैनन् । यिनका संबन्धमा कोशविधान गर्दा उठ्ने समस्याहरूको विषयमा केही संकेत संबन्धित अर्थविधान विधिको चर्चाका प्रसङ्गमा पनि गरिएको छ ।

माथि के उल्लेख गरिसकिएको छ भने कोशविधान विद्वत्ता र समस्या दुवैको मूलद्वार हो । अत: यसमा समस्याश्रित संघर्ष गर्न सक्ने विद्वान्को विजय अवश्यम्भावी छ, अरूले सफलता हासिल गर्न सक्तैनन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) द्विभाषी कोश र यसका समस्या

द्विभाषी शब्दकोश दुइटा भाषासँग संबन्धित शब्दकोश हो। यसमा कुनै एउटा भाषाको कोशीय एकाइलाई अर्को भाषामा व्याख्या, वर्णन वा परिभाषीकरण गरिन्छ। प्रस्तुत भाषामध्ये जुन भाषाका एकाईलाई व्याख्या गरिन्छ त्यो स्रोत भाषा हो र जुन भाषामा व्याख्या गरिन्छ त्यो चाहिं लक्ष्य भाषा हो। यसैले द्विभाषी कोशमा प्रविष्टि स्रोतभाषामा र अर्थ-विधान लक्ष्यभाषामा हुन्छ।

द्विभाषी कोशमा जस्तै कोशारम्भका लागि प्रथमतः आयोजनाको चरण पूरा गर्नुपर्छ। यस सन्दर्भमा कोशकारले संबन्धित कोशको प्रयोजन, प्रयोक्ता र प्रविधिमाथि मुख्यतः ध्यान दिनु आवश्यक छ। यसका अतिरिक्त प्रस्तुत द्विभाषीकोश विधानका परिप्रेक्ष्यमा उद्दिष्टवक्ता स्रोतभाषी वा लक्ष्यभाषी के हो, कुनै एउटा वक्ता सुनिश्चित हुनुपर्छ किनभने समुचित द्विभाषी कोश विधानका लागि उद्दिष्टवक्ताले नामिकीय स्थान ग्रहण गरेको हुन्छ र तदनुरुप नै कोशविधान अग्रसर हुन्छ।

यस सन्दर्भमा प्रकार विभाजनको पनि चर्चा आवश्यक प्रतीत हुन्छ। द्विभाषी कोशको प्रकार विभाजन गर्दा प्रयोक्ता र प्रयोजन नै आधारभूत कारक मानिएका छन्। यस दृष्टिले हेर्दा द्विभाषी कोश स्रोतभाषा र लक्ष्यभाषामा सृजनापरक र बोधपरक गरी चार किसिममा विभाजित हुन्छन्। प्रस्तुत प्रसंगमा नेपाली र अंग्रेजी भाषालाई दृष्टिगत गरी द्विभाषी कोशलाई यसरी बिभाजन गर्न सकिन्छ :-

(१) नेपाली वक्ताका लागि नेपाली- अंग्रेजी शब्दकोश
(२) नेपाली वक्ताका लागि अंग्रेजी-नेपाली शब्दकोश
(३) अंग्रेजी वक्ताका लागि अंग्रेजी-नेपाली शब्दकोश
(४) अंग्रेजी वक्ताका लागि नेपाली-अंग्रेजी शब्दकोश

यसै गरी द्विभाषीकोशको विधान जनसाधारण, शिक्षार्थी र प्रज्ञाहरूलाई ध्यानमा राखी पनि गर्न सकिन्छ।

यहाँ प्रसङ्गतः द्विभाषी कोशको विधानका संबन्धमा केही उल्लेख गर्नु आनुषङ्गिक भएकाले यसका मूलभूत पक्षमा सामान्य चर्चा यस प्रकार गरिएको छ :-

(क) प्रयोजन र योजना– बिना उद्देश्य काम गर्दा कुनै पनि कार्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पन्न हुन सक्तैन । त्यसैले द्विभाषी कोश सम्पादन पनि निरुद्देश्य हुन सक्तैन । यति मात्र होइन, कोशसम्पादन अत्यन्त गौरवमय र जटिल समेत भएकाले यसमा सम्पादनको प्रयोजन र तदनुरूप कार्यक्रमको योजनामा विशेष ध्यान दिनु आवश्यक हुन्छ । द्विभाषी कोश विधानं गर्दा प्रथमतः बोधपरक वा सृजना (अभिव्यक्ति)- परक कुन किसिमको कोश–सम्पादन गर्ने हो, त्यसको निश्चय आवश्यक हुन्छ । यसरी नै कोश कुन किसिमका प्रयोक्तालाई उद्देश्य राखेर तयार गरिने हो, त्यो पनि सुनिश्चित हुनुपर्छ । अन्यथा कोश सम्पादनमा सुनियोजितता कायम हुंदैन र वाञ्छित किसिमको कोश तयार हुन सक्तैन । यसरी प्रथमतः उद्देश्य वा प्रयोजन किटान गरेपछि तदनुसार द्विभाषी कोश- विधान गर्ने योजना तयार गर्नुपर्छ र कार्यान्वयन आरम्भ गर्नुपर्छ ।

(ख) सामग्री संकलन र प्रविष्टि चयन- सामान्यत. द्विभाषी कोशका लागि सामग्री संकलन गर्ने विधि एकभाषी कोशमा जस्तै हो, यद्यपि द्विभाषी कोशमा संकलित शब्दका विविध सन्दर्भहरूलाई विभिन्न अर्थच्छाया प्रकट गर्न आपसमा तुलना मात्र नगरी लक्ष्य भाषामा समेत सो सन्दर्भको तुलना गर्नुपर्छ जसबाट समुचित तुल्यार्थी प्रत्याभिव्यक्ति र पर्याय वा समानक मिलन सकोस् । यस्तै द्विभाषी कोशमा सामग्री संकलनको स्रोत एक भाषी जस्तै व्यापक हुन सक्तैन र यसको प्रकृति वर्णनात्मक हुने हुँदा यो मानकीकरणभन्दा अद्यावधिकीकरणतिर उन्मुख हुन्छ । यिनै केही फरक विशेषता बाहेक द्विभाषी कोशमा सामग्री संकलन विधि र त्यसको स्रोतका सम्बन्धमा अरू कुरा प्रायः एकभाषी कोशसित सामान पाइन्छ ।

द्विभाषी कोशमा पनि प्रविष्टि चयन कोशीय आकार-प्रकार र यसका प्रयोक्तामा आश्रित पाइन्छ यसमा प्रयोक्ता स्रोतभाषी र लक्ष्य भाषीका आधारमा भिन्न प्रकृतिका हुने हुंनाले तदनुरूप प्रविष्टि चयनमा केही भिन्नता हुनु पनि स्वाभाविक नै हो । यस प्रसङ्गमा एउटा सन्दर्भ लिएर विचार गरौं । कुनै स्रोतभाषी प्रयोक्ताका निमित्त लक्ष्य भाषामा अनुवाद गर्न निर्मित कुनै शब्दकोशमा स्रोतभाषाका विलक्षण साँस्कृतिक शब्दहरू समावेश गर्नुपर्ने आवश्यकता रहँदैन किनभने यस्ता शब्दसँग प्रयोक्ता पूर्णतः परिचित हुन्छ । तर लक्ष्यभाषी वक्ताका लागि निर्मित कोशमा भने यस्ता शब्दहरू अपरिहार्य ठहरिन्छन् । उदाहरणार्थ, नेपाली स्रोतभाषी प्रयोक्ताका लागि 'नमस्कार'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शब्द त्यति अपेक्षित नमानिएला तर लक्ष्यभाषी वा द्वितीयभाषीका लागि यो शब्द नितान्त अपेक्षित ठहरिन्छ ।

(ग) प्रविष्टिविधान - यो कोश विधानको वास्तविक भाग हो। द्विभाषी कोशमा सामान्यतः तलका विवरणहरू प्रस्तुत गरिन्छः- क) शीर्ष-शब्द ख) उच्चारण ग) व्याकरण घ) लक्ष्य भाषामा अर्थ विधान ङ) सन्द-र्भगत प्रयोग ।

उपर्युक्तमध्ये द्विभाषीकोशमा शीर्षशब्दको चयन भाषिक आधारमा मात्र नगरी साँस्कृतिक आधारमा पनि गरिन्छ। पहिलो आधारमा चयन गर्दा यी कुरामा ध्यान दिनुपर्छ क) साधारणतम रुप ख) लघुतम रूप ग) प्रचलिततम रूप घ) व्युत्पाद्यतम रूप। दोस्रो आधारमा चयन गर्दा चाहिं यी कुरा अवधेय छन्–

(क) प्रस्तुत रूप प्रथमभाषीले अर्थ पत्ता लगाउन व्यवहार गरिने हुनुपर्छ ।

(ख) यो रूप प्रथम भाषीको निम्ति सुबोध हुनुपर्छ ।

शीर्षशब्दपछि द्विभाषी कोशमा उच्चारणको चर्चा गर्न आवश्यक छ । यस संबन्धमा महत्त्वपूर्ण कुरा के हो भने एकभाषी कोशमा भन्दा द्विभाषी कोशमा उच्चारण निर्देश निकै आवश्यक हुन्छ । सामान्यतः यो ध्वन्यात्मक लिपिमा वा सुविधानुसार स्रोतभाषा र लक्ष्यभाषाको लिपिमा अंकित गरिन्छ । तर यस सन्दर्भमा विचारणीय कुरा के हो भने कोशकारले द्विभाषी कोशको पूर्वभागमा उच्चारण संबन्धी रूपरेखा र उदाहरण प्रस्तुत गर्नु अत्यन्त आवश्यक छ ।

प्रस्तुत द्विभाषी कोशमा व्याकरण निर्देश पनि महत्त्वपूर्ण पक्ष हो। वस्तुतः कुनै दुई भाषाको व्याकरणमा पूर्णतः समानता हुन नसक्ने हुँदा संब-न्धित दुई भाषाको व्याकरण व्यवस्थाको अध्ययन गरी तिनमा पाइने समान र असमान विशेषतालाई अंकन गर्दै नाम, सर्वनाम जस्ता शब्दभेदका अतिरिक्त परस्पर व्यतिरेकी अन्य विशेषतालाई पनि उल्लेख गर्नु वाञ्छनीय छ ।

(घ) अर्थविधान– शब्दकोशमा अर्थविधान विभिन्न किसिमले गरिन्छ, जुन कुरा कोश-सम्पादनका प्रसङ्गमा चर्चा गरिसकिएको छ । तिन-मध्ये एकभाषी कोशमा अर्थविधान गर्ने पहिलो विधिलाई परिभाषीकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भनिन्छ भने द्विभाषी कोशमा यस किसिमको विशेषतः प्रयुक्त हुने महत्त्वपूर्ण विधिलाई **प्रत्याभिव्यक्ति** भन्न सकिन्छ । कुनै स्रोत भाषाको कोशीय एकाइलाई लक्ष्य भाषामा प्रकट गरिने तुल्यार्थी एकाइ नै यस सन्दर्भमा प्रत्याभिव्यक्ति हो । द्विभाषी कोशमा सबभन्दा महत्त्वपूर्ण कार्य पनि यही प्रत्याभिव्यक्तिको व्यवस्था गर्नु हो । अतः द्विभाषी कोशको प्रस्तुत परिचर्चाका सन्दर्भमा यस संबन्धी विशेष चर्चा नितान्त अपेक्षित छ ।

द्विभाषी कोशमा गरिने प्रयोगका आधारमा प्रस्तुत प्रत्याभिव्यक्ति पनि दुई किसिमको हुन्छः-

(अ) पर्याय वा समानक- यो अनुवादात्मक प्रकृतिको हुन्छ ।

(आ) आसन्ना भिव्यक्ति वा प्रत्याशय- यो व्याख्यात्मक प्रकृतिको हुन्छ ।

यिनै प्रत्याभिव्यक्तिको प्रकारलाई अरु बढी स्पष्ट पार्नको निम्ति क्रमशः यसरी प्रस्तुत गर्न सकिन्छः-

(अ) अनुवादात्मक - यो स्रोत भाषाबाट लक्ष्य भाषामा गरिने अनुवादका सन्दर्भमा मिल्ने प्रत्याभिव्यक्ति हो । वास्तवमा यो नै ग्रन्थलेखन **आदिमा** प्रयोग हुने स्वाभाविक शब्द हो । यसलाई पर्याय वा समानक भन्न सकिन्छ । जस्तै—

नेपालीः— खोला	नेवारीः— खुसी
नेपालीः— **मान्छे**	अंग्रजीः— Man

वस्तुतः द्विभाषी शब्दकोशमा सबै सन्दर्भमा मिल्ने पूर्ण अनुवादात्मक प्रत्याभिव्यक्ति दुर्लभ हुन्छ र यस्ता कोशले सामान्यतः आंशिक प्रत्याभिव्यक्ति नै प्रयोग गर्छन् ।

(आ) **व्याख्यात्मक**— यो अनुवादको सन्दर्भमा प्रयोग गर्न यथार्थतः नमिल्ने तर स्रोतभाषाको कोशीय एकाइले प्रकट गर्ने आशय केही शब्दमा व्यक्त गर्ने प्रत्याभिव्यक्ति हो । प्रायः स्रोत भाषाका साँस्कृतिक स्थानीय आदि कोशीय एकाइमा यस्तो किसिमको प्रत्याभिव्यक्ति प्रयोग गरिन्छ जस्तै—

नेपाली : चिउरा	अंग्रेजी: Flattened rice
" : खुकुरी	" : Famous Neplese weapon
" : लोहोरो	नेवारी: लोहोमाया मचा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

" : कुटो मैथिलीः छोट्का नेपाली कोदारी
" : डोको अंग्रेजी: A big eyed bambo basket
" - आरन भोजपुरी: आगी के भट्टी
" : कनिका राईः चाब ँ चेट्वा
" : कँडो तामाङ्गीः भर्खर फलदीवला फर्सी

यिनमा कुनै कुनैलाई काम चलाउ अनुवादमा राख्न सकिन्छ तापनि त्यसमा वास्तविकता र स्वभाविकता भने झल्किदैन ।

द्विभाषी कोशको प्रस्तुत संक्षिप्त परिचयात्मक पृष्ठभूमिका सन्दर्भमा यसका समस्याको पनि चर्चा गर्नु वाञ्छनीय छ । यस सन्दर्भमा के स्पष्ट हुन्छ भने एकभाषी कोश जस्तै द्विभाषी कोश पनि कोश सम्पादनका विविध प्रक्रियाबाट सम्पादित हुने हुँदा यसमा पनि समस्या उसरी नै उपस्थित हुन्छन् । त्यसमा पनि द्विभाषी कोश कोशविधानाधीन पृथक् दुई भाषाका प्रकृतिमा निर्भर हुने हुँदा अऋ बढी समस्याकीर्ण साबित हुन्छ । वास्तवमा एकातिर यो एकभाषी कोशमा चर्चित समस्या यसमा आइपर्छन् भने अर्कातिर द्विभाषी कोशका विशिष्ठ समस्याहरू पनि थपिन्छन् । यिनमा पनि प्रत्याभिव्यक्तिमूलक समस्या अन्यतम जटिल समस्या हो किनभने प्रत्येक भाषामा आफ्नै किसिमको विलक्षणता पाइने हुनाले भाषापिच्छे रूपगत र अर्थगत सन्दर्भमा पृथक् पृथक् व्यवस्था हुनु नैसर्गिक कुरा हो । यसैले गर्दा कुनै पनि स्रोतभाषा र लक्ष्यभाषाको पर्यायमा समन्वय स्थापित गर्न कठिनाइ आइपर्छ । वस्तुतः द्विभाषी कोश लगायत निःशेष अनेकभाषी कोशमा नै प्रस्तुत समानक विधान वा प्रत्याभिव्यक्ति विधानको समस्या अत्यन्त चर्को र चुनौतीपूर्ण ठहरिएको छ । यस्तै समस्या सामाजिक साँस्कृतिक, धार्मिक, नैतिक आदि पृष्ठभूमिमा आबद्ध कोशीय एकाईहरूको अर्थविधानमा उपस्थित हुन्छ । यस बाहेक, कोशमा समाविष्ट भाषाहरूको आ-आफ्नै किसिमको व्याकरण परम्परा र शब्दसम्पदाले गर्दा पनि द्विभाषी कोशविधानमा समस्या उद्भव हुन्छन् । यस सन्दर्भमा केही प्रमुख समस्योत्पादक कोशीय एकाइ तथा अभिकारकहरूको चर्चा यस प्रकार गरिएको छः—

(१) सामाजिकता परक एकाइ — प्रत्येक भाषाभाषीको आफ्नै सामाजिक व्यवस्था र रीतिरिवाज अनुरूप भाषिक व्यवस्थामा पनि वैशिष्ठ्य पाइने हुँदा तिनले सामाजिक सन्दर्भमा प्रयोग गर्ने शब्दले पनि विशिष्टता अधि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गत गरेको हुन्छ । फलतः यस्ता विशिष्ट शब्दको समानक अर्को भाषामा यथार्थ रूपमा पाउन दुर्लभ हुन्छ । उदाहणार्थ, नेपालीका बाउसे, मारूनी, सारङ्गी, रतेली काट्टो, दाइँ आदि शब्दलाई लिन सकिन्छ । यसै गरी कुनै भाषामा रहेका नातासंबन्धी शब्दहरू अर्को कुनै भाषामा अलभ्य हुन्छ । उदाहरणार्थ नेपाली दाजु, दिदी शब्दहरूको समानक हिन्दीमा प्राप्त गर्न सकिन्न भने नेपाली जेठान, मामा, फुपू आदि शब्दका अंग्रेजीमा पर्याय विधान दुर्लभ छ ।

(२) धर्मपरक एकाइ- संवन्धित भाषाभाषीको धार्मिक विश्वास परम्परा र प्रवृत्तिले पनि भाषामा विशिष्ट शब्दहरूको विकास हुन्छ । फलतः शब्दहरूको अर्को भाषामा दुरूस्त अभिव्यक्ति दिने पर्याय वा समानक दुष्प्राप्य हुन्छ । यसको उदाहरणमा टीका, श्राद्ध, जनै, उपनयन, चूडा, तीज, जमरा पुरश्चरण, ढिकुरो जस्ता शब्दलाई लिन सकिन्छ । नेपाली भाषाका सन्दर्भमा यिनले प्रकट गर्ने अर्थलाई अर्को भाषामा प्रत्याभिव्यक्ति दिन कठिन हुन्छ ।

(३) पर्यावरणपरक एकाई, यसमा विलक्षण वनस्पति तथा जन्तु, प्राकृतिक घटना आदि पर्दछन् । उदाहरणार्थ, बिरुवाका विभिन्न अवस्था देखाउन नेपाली पिपिरा, आँकुरा, चिउला, काइँना, झप्का भनिन्छ भने यिनलाई अर्को भाषामा पूर्ण प्रत्याभि व्यक्ति दिन सान्है कठिन हुन्छ । यसै गरी नेपाली भाषाका प्याउली, सुइवाचा, मुलुको पर्व, टुनी, चितलाङ जस्ता विलक्षण वनस्पतिका सबै समानक अर्को भाषामा दिन पनि धामा पर्द ।

(४) सामग्रीपरक एकाइ — संबन्धित स्रोतभाषी परम्परामा रहेका मालसामान खाद्य, पेय, लेह्य चोष्य, परिधेय, सामग्री र आवास तथा त्यससंग संबद्ध वस्तुहरू यसमा पर्दछन् । यिनको पनि यथातथ्य समानक वा पर्याय दिनु कठिन कार्य हो । उदाहरणार्थ, पिधेको मकैको किसिम बताउने पिठो, चामल, च्याख्ला मल्खु, ठोक्ला जस्ता नेपाली शब्दको कुनै अर्को भाषामा यथावत् समानक पाउन मुस्किल पर्छ । यस्तै दशा, खुकुरी, डोको, कुयेंलो, खोल्मा, टपरी, दुना, बोहता, फाम, गरालो आदि शब्दको समानंक विधानमा आईपर्छ ।

(५) अनेकार्थी एकाइ – द्विभाषी कोशमा अनेकार्थी शब्दपरक कोशीय एकाइहरू पनि समस्योत्पादक हुन्छन् । कुनै शब्दको स्रोत भाषामा विभिन्न अर्थ र लक्ष्यभाषामा कुनै एउटा अर्थ दिंदा भ्रम सिर्जना हुन्छ भने सबै किसिमको अर्थ दिदा पनि कुन सन्दर्भमा कुन अर्थ उपयोग हुन्छ भन्ने कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवगत नहुँदा प्रयोक्ता अलमल्ल पर्ने संभावना हुन्छ । जस्तै:-

पुतली - १) खेलौना २) रंगीविरंगी उड्ने कीरा विशेष ३) आँखाको नानी ४) विभिन्न आकारमा बनाइएको धानको बालाको झुप्पो ५) एक किसिमको फूल

उपर्युक्त शब्दको अर्थविधानमा 'खेलौना' मात्र दिंदा त्रुटि हुन्छ र भ्रम सिर्जना हुन सक्छ भने सबै अर्थ दिंदा पनि तिनको सन्दर्भानुसार पृथक् अर्थ ठम्याउन कठिनाइ भएको छ ।

यसै गरी कुनै अनेकार्थी शब्दको द्विभाषी कोशमा अर्थविधान गर्दा एउटै सीमाभित्र दुवै भाषाका शब्द नबसी तिनको आयामिक विस्तारमा भिन्नता पाइने हुँदा अर्थ निर्धारणमा ठूलो संकट आईपर्छ जस्तै-

नेपाली : तान्नु	हिन्दी : खिचना
१. आफूपट्टि ल्याउनु (डोरी आदि)	१. आफूपट्टि ल्याउनु (डोरी आदि)
२. झिक्नु (इनारबाट पानी आदि)	२. झिक्नु (इनारबाट पानी आदि)
३. घिच्याउनु (भित्र पस्न लागेको जन्तु आदि)	३. बनाउनु (चित्र धर्का आदि)
४. आकर्षित गर्नु (कसैको मन ध्यान आदि)	४. आकर्षित गर्नु ।
५. तन्काउनु (हात, गोडा आदि)	५. लिनु (फोटो, चित्र आदि)
६. बनाउनु (चित्र, धर्का आदि)	६. निकाल्नु (पैसा आदि)
७. थुप्नु (लुगा आदि)	७. सोस्नु (मसी)
	८. चलाउनु (तरवार आदि)
	९. बढाउनु (स्वर)
	१०. कस्नु (डोरी, गाँठो आदि)

प्रस्तुत द्विभाषी कोशमा कठिनतम स्थिति सिर्जना गर्ने शब्दहरूको पूर्वोक्त चर्चापछि प्रसङ्गतः यहाँ केही उक्त स्थिति उपस्थापक प्रमुख अभिकारकहरूको चर्चा गर्नु समुचित ठहरिन्छ । त्यसैले यहाँ त्यस्ता केही प्रमुख अभिकारकहरूको चर्चा यस प्रकार गरिएको छ:—

(६) आर्थी अभिकारक— अर्थ कोशको मुटु हो । अर्थविधान नगरेमा न कोशको अस्तित्व रहन्छ न त कोशको प्रयोजन नै सिद्ध हुन्छ। द्विभाषी कोशमा स्रोत भाषाका कोशीय एकाइहरूको लक्ष्य भाषामा अर्थविधान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरिन्छ । साधारणतया यसो गर्दा स्रोत भाषाका कोशीय एकाइ वा शब्दको पूर्ण समानक वा प्रत्याभिव्यक्ति लक्ष्य भाषामा सुलभ र सुकर भएमा अर्थविधान समस्यामय हुंदैन । परन्तु कतिपय परिस्थितिमा द्विभाषी कोशमा समाविष्ट विविध भाषानिष्ठ आर्थी कारणले गर्दा पनि प्रत्याभिव्यक्ति विधान निकै दुष्कर भएको पाइन्छ । यस संबन्धमा ए. भी. राज गोपालनले उल्लेख गरेका छन् । द्विभाषी शब्दकोशमा समान अर्थ भएका शब्द पाउन निकै कठिनाई हुंन्छ । कुनै दुई भाषाका शब्दहरू आँशिक रूपमा समार्थी हुन सक्छन् तर समस्त आर्थी क्षेत्रमा ती शब्दहरू एकदम समार्थी हुन सक्तैनन् ।[3]" उदाहरणार्थ नेपाली' '**विद्यालय**' शब्दको अंग्रेजीमा समानको खोज्दा 'स्कूल' (School) शब्दलाई राख्नुपर्ने हुन्छ । परन्तु विद्यालय शब्दभन्दा कुनै पक्षमा स्कूल शब्दको आर्थी क्षेत्र भई प्रयोग भएको पाइन्छ । जस्तै— भाषा विज्ञानको कोपेनहेगेन स्कूल, प्राग स्कूल इ० । यस्ता सन्दर्भमा संबन्धित भाषाको आर्थी प्रकृति नै समस्याको उद्भावक भएकाले यसलाई आर्थी अभिकारक भनिएको हो । यसरी आर्थी कारणले गर्दा द्विभाषी कोशमा निकै समस्या उत्पन्न हुन्छन्, तिनमा केही तल निर्दिष्ट छन्:—

(क) बहुपदिक अभिव्यक्ति— भाषाको निजी वैशिष्ठयले गर्दा कुनै भाषानिष्ठ एउटा शब्दको अर्को भाषामा अनेक पदहरू प्रयोग गरी सन्दर्भानुसार अर्थविधान गर्नु पर्ने हुन्छ । द्विभाषी कोशमा यस्ता सन्दर्भानुसार बेग्लाबेग्लै धारणामा प्रयुक्त हुने स्रोत भाषाका शब्दको एकै शब्द वा कोशीय एकाइमा अर्थविधान नहुने तथा व्याख्या र उदाहरणका लागि प्रशस्त स्थान दिने प्रावधान पनि कम हुने हुंदा यस्ता ठाउँमा पनि कठिनाइ उपस्थित हुन्छ । जस्तै—

नेवारी	नेपाली. अर्थ
न्ह्याय्गु—	जुत्ता, औंठी, घडी, मोजा लगाउनु
फीगु—	कमिज लगाउनु
पुइगु —	घडी, टोपी लगाउनु
चिइगु—	पटुका लगाउनु
तिय्गु—	टीका लगाउनु
तय्गु--	किताबमा जिल्ला लगाउनु

(ख) बहुल अभिव्यक्ति- विभिन्न भाषाका आफ्नै किसिमका आर्थी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेषताहरूले गर्दा स्रोत भाषाका कुनै शब्दको अर्थ लक्ष्य भाषामा अनेक शाब्दिक पर्यायमा दिनुपर्ने हुन्छ। यसरी कुनै एउटा भाषाका कुनै शाब्दिक धारणालाई अर्को भाषाका अनेक शाब्दिक पर्यायगत धारणाबाट प्रकट गरिने पद्धतिलाई यहाँ बहुल अभिव्यक्ति भनिएको छ। द्विभाषी कोशमा यस किसिमको अभिव्यक्तिको अर्थविधान गर्दा लक्ष्य भाषामा एउटा मात्र पर्याय दिंदा सन्दर्भ थाहा नभई भ्रम सृजना हुन्छ। यसले गर्दा कोशकारमा विकट समस्या आइपर्छ। यस्ता कोशीय एकाइको उदाहरण यस प्रकार छः–

नेपाली : घडी — अंग्रेजी क्लक (Clock) वाच (watch)
हिन्दी : भाई — नेपाली : दाजु, भाइ
अंग्रेजी : यू (you) — नेपाली : तँ, तिमी, तपाईं, हजुर

(ग) विस्मयादि अभिव्यक्ति — भाषाका आफ्नै विशेषताहरू अनुरूप प्रत्येक भाषामा विस्मय, हर्ष, शोक, उन्माद, घृणा, आदि व्यक्त गर्ने विलक्षण शब्दहरू पाइन्छन्। यस्ता शब्दहरूको अर्को भाषामा पर्याय दिने काम अत्यन्त समस्योत्पादक हुन्छ। उदाहरणार्थ, निम्नाङ्कित नेपाली भाषाका शब्दहरूलाई अर्को भाषाका पर्याय दिन निकै कठिन छः–

कठै, छाया, आत्था, ज्या, मेरी बास्सै, अबुइ, चुचु, च्चच्च इ०।

अनुकरणात्मक अभिव्यक्ति – प्राकृतिक वा मानवीय ध्वनि, दृश्य, अवस्थिति, गति, मुद्रा, चेष्ठा, अवस्था, क्रिया, स्वाद, स्पर्श, अनुभव आदिलाई आभासित वा अनुभूत गराउने खालका शब्द नै अनुकरणात्मक अभिव्यक्ति हुन्। सामान्यतः विचार गर्दा यस्ता शब्द सबै भाषामा समान हुन सक्ने र त्यसो नभए पनि जुनसुकै भाषामा उपलब्ध हुन सक्ने प्रतीत हुन्छ। वस्तुतः सबै भाषामा अनुकरणात्मक शब्द पर्याप्त रूपमा नहुने हुनाले द्विभाषी कोशमा अनुकरणात्मक शब्दले समस्या उत्पादन गर्छन्। उदाहरणार्थ तलका किसिमका अनुकरणात्मक शब्दलाई हेरौं – अकमक्क, प्याट्ट, टहटह, झलमल्ल, तुन्द्रुङ्ग, टकटक, थ्याच्च, थुच्च थुचुक्क, लुरूलुरू किटिक्क इ०। यस्ता शब्दलाई कुनै अर्को भाषामा समानक दिन संभव नहुने हुनाले द्विभाषी कोशमा यिनलाई अर्थ्याउन निकै मुस्किल पर्छ।

(७) व्याकरणात्मक अभिकारक – प्रत्येक भाषाको व्याकरण व्यवस्थामा पाइने विभिन्नताले गर्दा प्रत्याभिव्यक्तिविधान निकै दुःसाध्य बन्छ। विभिन्न द्विभाषी कोशमा निहित संबन्धित भाषाको प्रकृति अनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुनैमा व्याकरणात्मक तत्त्वहरू सक्रिय रूपमा व्यतिरेकी हुन्छन् भने अर्को कुनै अर्कै व्याकरणात्मक तत्त्वहरू। उदाहरणार्थ, नेपालीमा वचनको संख्या दुई छ भने संस्कृतमा तीन वचन छन्। अनि फेरि वचनगत संख्या समान भए पनि संकल्पना समान हुँदैन। यहाँ संबन्धित केही व्याकरणात्मक तत्त्व–हरूलाई यसरी निर्देश गर्न सकिन्छ :–

(क) वचन – विभिन्न भाषामा पाइने वचनगत भिन्नताले प्रत्या-भिव्यक्तिविधान निकै दुष्कर हुन्छ। जस्तै–

नेपाली: कैँची (ए० व०) अंग्रेजी: सिजर (Scissonr) ब० व०
संस्कृत: जम्पती (द्वि० व०) नेपाली : लोग्नेस्वास्नी (ब० व)

(ख) लिङ्ग – भाषागत लिङ्ग व्यवस्थाले गर्दा पनि प्रत्याभिव्यक्ति र अनुवादमा कठिनता उपस्थित हुन्छ। जस्तै—
संस्कृत : दारा (पूंलिङ्ग) नेपाली स्वास्नी (स्त्रीलिङ्ग)

(ग) शब्दभेद – शब्दगत वर्गीकरणले पनि प्रत्याभिव्यक्ति र अनुवाद कठिन बन्छ। जस्तै–

संस्कृत : भवदीय (विशेषण) नेपाली : तपाईंको (सर्वनाम)
अंग्रेजी : प्लीज (please) (क्रिया) नेपाली : कृपया (नाम)

(घ) वाक्यसंरचनात्मक भेद - विभिन्न भाषामा पाइने वाक्यसंर-चनात्मक भेदले गर्दा पनि प्रत्याभिव्यक्ति विधान कठिन हुन जान्छ। जस्तै

नेपाली : मेरो भाइको कालो कुकुर छ।

अंग्रेजी : My brother has a black dog.

यस किसिमका विभेदले गर्दा कुनै वाक्यको उपयोग गर्ने तथा अर्को भाषामा अनुवाद गरेर प्रदर्शन गर्न अत्यन्त कठिन छ।

यी माथि वर्णित केही समस्याक्षेत्रको निर्देशबाट के स्पष्ट हुन्छ भने द्विभाषी कोशविधान पनि अत्यन्त समस्यापूर्ण कार्य हो।

(ग) बहुभाषी कोश र यसका समस्या

स्रोतभाषा र लक्ष्यभाषा भिन्न भिन्नै भएका प्रविष्टियुक्त कोश-लाई अनेकभाषी कोश भन्न सकिन्छ। यसमा दुई, तीन, चार आदि बहु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संख्यक भाषासँग संबन्धित कोश पर्दछन् । सामान्यतः एकभन्दा बढी भाषामा आधारित द्विभाषी कोशलाई पनि बहुभाषी कोश भन्न सकिन्छ तापनि लोक प्रचलनका दृष्टिले दुई भाषासँग संबन्धित कोशलाई द्विभाषी र तदतिरिक्त बहुभाषानिष्ठ कोशलाई बहुभाषी कोश भनिन्छ । वस्तुतः जति भाषा समाविष्ट छन् त्यति नै भाषासंख्याका आधारमा त्रिभाषी, चतुःभाषी, पञ्चभाषी आदि नामले कोशको वर्गीकरण गर्दा असीमितता, अनिश्चितता र अनवस्थिति उत्पन्न भई व्यवस्थित, सुनिश्चित कोशविभाजनमा व्यवधान बेहोर्नुपर्ने हुनाले अतिप्रचलित द्विभाषी कोशभन्दा अतिरिक्त समस्त कोशका भाषासंख्यापरक वर्गीकरणलाई बहुभाषी कोशभित्र अन्तर्भाव गरिएको हो। कोशगत प्रकृतिका दृष्टिले हेर्दा पनि द्विभाषी कोश र बहुभाषी कोशमा आयामसंबन्धी भिन्नता परिलक्षित हुन्छ । बहुभाषी कोशका तुलनामा द्विभाषी कोशको प्रविष्टिगत आयाम निकै व्यापक हुन्छ । द्विभाषी कोशको प्रविष्टिभित्र कुनै पनि कोशीय एकाइ वा कोशिमको हिज्जे, उच्चारण व्याकरणात्मक कोटि, मूलस्रोत, पर्याय, विपर्याय, व्याख्या, वर्णन, विवरण, परिभाषा, बीजक, विवृत्ति, समस्त, संबन्धित र व्युत्पन्न रुप तथा उखान टुक्काहरू सन्निवेश गर्न सकिने व्यापक व्यवस्था हुन्छ भने बहुभाषी कोशको प्रविष्टिमा साधारण समानक वा प्रत्याभिव्यक्ति अन्तर्विष्ट गर्न सकिने सीमित प्रावधान हुन्छ । उदाहरणार्थ ने.रा.प्र.प्र. बाट प्रकाशित बहुभाषी कोश **पर्यायवाची शब्दकोश** (२०३०)–मा समानक वा प्रत्याभिव्यक्तिमात्र दिइएको छ भने यसभन्दा धेरै अघि पुष्करशमशेरद्वारा सम्पादित द्विभाषी कोश **अंग्रेजी-नेपाली कोश** (१९९३)–मा त्यो भन्दा बढी सन्दर्भसूचना गरिएको छ । यसबाट के छर्लङ्ग हुन्छ भने द्विभाषी कोशका सापेक्षतामा बहुभाषी कोशमा तदन्तर्वर्ती गुणात्मक वा परिमाणात्मक सूचना अत्यन्त झिनो हुन्छ ।

यसै गरी प्रकारगत पृष्ठभूमिमा पनि बहुभाषी कोशका संबन्धमा चर्चा गर्न सकिन्छ । एकभाषी कोशमा सन्दर्भपरक, प्राज्ञिक लगायत प्राविधिक, शैक्षिक, पर्याय, विपर्याय आदि अनेकौं प्रकार पाइन्छन् अनि द्विभाषी कोशमा चाहिं स्रोतभाषी वा लक्ष्यभाषी वक्ताका लागि बोधपरक वा सृजनापरक गरी कम्तीमा चार प्रकारमा विभाजन गर्न सकिन्छ, तर बहुभाषी कोशमा यस किसिमको वर्गीकरण संभव छैन । साधारण समानक वा प्रत्याभिव्यक्तिमा सीमित हुने हुनाले बहुभाषी कोशको व्याप्ति विस्तृत छैन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिणामतः यसमा प्रकार–विभाजन गर्ने अवकाश पनि स्वतः कम छ । यसरी विचार गर्दा के पाइन्छ भने अनेकभाषिकताका दृष्टिले द्विभाषी र बहुभाषी कोशमा केही समानता परिलक्षित हुन्छ तापनि स्वरूप र परिधिका दृष्टिले यिनमा निकै भिन्नता छ ।

उपर्युक्त चर्चाबाट के व्यक्त हुन्छ भने बहुभाषी कोश स्वरूप र परिधिका साथै तन्निष्ठ प्रविष्टिको गुणात्मक र परिमाणात्मक परिप्रेक्ष्यमा सीमित हुन्छ र अर्थविधानका पक्षमा पनि साधारण समानकमा आधारित हुन्छ । यसैले यसको निर्माण कार्यमा द्विभाषी कोशको विधान–प्रक्रिया मिल्दो जुल्दो पाइन्छ तापनि बहुभाषी कोशको स्वरूपगत सीमाले यसमा स्वतः प्रभाव पार्दछ । सामान्यतः यो कुनै एक भाषाको शब्दसूचीको अन्य भाषामा अनुवाद वा पर्यायविधान सरह देखिन्छ । परिणामतः बहुभाषी कोशको संपादनमा कोशकार सामग्री संकलन, प्रविष्टिचयन, प्रविष्टिविधान, अर्थविधान आदि गर्दा संक्षिप्त र ऋजु उपागमतिर अभिवृत्त हुन्छ । फेरि यस्ता कोशमा स्रोतभाषाका अधीनमा लक्ष्य भाषाका कोशीय एकाइ वा कोशिमहरू रहने हुँदा सामग्री संकलन, प्रविष्टिचयन प्रविष्टिविन्यासक्रम जस्ता पक्षहरू स्रोतभाषामा अभिकेन्द्रित हुन पुग्छन् । फलतः स्रोत–भाषाको कोशीय एकाइहरूको संकलन, चयन, विन्यासक्रमबाट नै लक्ष्य भाषाका कोशीय एकाइहरू निर्धारित हुन्छन् । यसले गर्दा बहुभाषी कोशकार-को कार्यपक्षमा एकातिर दोहोरो तेहरो झन्झट बढ्ने अवकाश हुँदैन भने अर्कातिर साधारण समानक वा प्रत्याभिव्यक्तिमा आश्रित हुने हुँदा अर्थ-विधान एकभाषी वा द्विभाषी कोशको तुलनामा विस्तृत र जटिल हुँदैन । यसरी हेर्दा एकभाषी र द्विभाषी कोशको तुलनामा बहुभाषी कोशको बेग्लै विशेषताहरू प्रकट हुन्छन् ।

माथिका परिचर्चाबाट बहुभाषी कोशको विधान गर्दा तन्निष्ठ प्रविष्टिहरूमा व्याख्यात्मकता, पारिभाषिकता र विस्तार निरपेक्ष रहने भएको–ले समाविष्ट विभिन्न भाषामा स्रोत भाषाका शब्दको माने अंकित गर्नुबाहेक बहुभाषी कोशको सम्पादनमा बेसी कठिनाइ प्रतीत हुँदैन तापनि समस्याका दृष्टिले यो पनि कम्ती छैन । यस प्रसङ्गमा बहुभाषी कोशका संबन्धमा देखापर्न केही महत्त्वपूर्ण समस्याहरूको सामान्य चर्चा यस प्रकार गरिएको छः–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१. वहुभाषी कोशको तद्गत सीमाले गर्दा यसमा कुनै पनि भाषाको विशिष्ट शब्दभण्डारलाई समावेश गर्न सकिँदैन । त्यसैले यस्ता कोशमा समान-सन्दर्भका सीमित शब्दलाई राम्ररी छनौट गर्नुपर्छ । अन्यथा कोश सम्पादनमा विकट समस्या उपस्थित हुन्छ । विभिन्न भाषामा पाइने तिनका विशिष्ट सामाजिक सांस्कृतिक पृष्ठभूमि र विलक्षण जन्तु तथा वनस्पतिका शब्दहरू वहुभाषी कोशमा समावेश गर्ने हो भने कोशविधान दुःसाध्य बन्ने कुरा स्वतः स्पष्ट छ उदाहरणार्थं दशैं, जनै, पञ्चायत, कुयेँव्रो, मारूनी जस्ता शब्दलाई भिन्न पृष्ठभूमि भएका युरोपेली भाषाहरूमा अर्को पर्याय दिनु दुस्कर कार्य हो ।

२. उपर्युक्त विशिष्ठ शब्दभण्डारलाई छोडेर सामान्य व्यवहारमा आउने कुनै स्रोतभाषाका शब्दहरूको पनि अन्य भाषाभा मिल्दो समानक प्राप्त नहुँदा पनि उत्पन्न हुन्छ । उदाहरणार्थ नेपाली दाजु शब्दको हिन्दी अंग्रेजी आदि भाषामा एकदम मिल्दो समानक उपलब्ध हुँदैन र त्यसलाई कि भाइ, ब्रदर [brother] जस्ता सामान्य शब्द दिनुपर्छ कि कृत्रिम तरिकाद्वारा बडे भाइ, इल्डर ब्रदर (Elder brother) आदि गर्नुपर्छ ।

३. बहुभाषी शब्दकोश सानै आकारको भए पनि यसमा विशेषज्ञहरू जुट्नुपर्ने हुन्छ । कुनै व्यक्ति कुनै दुई भाषामा विशेष सामर्थ्य प्राप्त गर्न सक्ला र सामान्य द्विभाषी कोशको सम्पादन गर्न सक्ला तर बहुभाषी कोशमा धेरै भाषा सम्मिलित हुने हुँदा बहुभाषाविशेषज्ञता कुनै एक व्यक्तिमा निहित हुन नितान्त कठिन छ । परिणामतः सानै बहुभाषी कोश पनि निकै व्ययकारी र श्रमकारी हुन्छ। कोश ख्यालख्यालको वस्तु होइन । यसमा भएको त्रुटिले गम्भीर असर पार्ने हुँदा यसको निर्माणमा अपेक्षित स्तर कायम राख्न कुनै भाषाको स्वल्प जानकारी पर्याप्त हुन सक्तैन । यसैले संबन्धित भाषा एवम् कोशविधानका क्षेत्रमा जानकारी हासिल गरेका विशेषज्ञहरूलाई कोशकार्यमा जुटाउनु र तिनलाई क्रियाशील गराउनुको साथै पारस्परिक संबन्ध संचार गरी समन्वय स्थापित गर्नु अत्यन्त समस्यामूलक कठिन अनुष्ठान हो ।

४. बहुभाषी कोशमा कुनै शब्दको अनेक शब्दमा अर्थविधान गर्ने अवकाश नभएकाले प्रविष्टिनिष्ठ शब्दका अर्थभेद र अर्थच्छायाहरू व्यक्त र प्रयुक्त गरिएका हुँदैनन् । यसले गर्दा अर्थनिर्धारणमा निकै समस्या आइलाग्छन् र प्रयोक्ताले वास्तविक सन्दर्भमा कुनै शब्दको प्रयोग गर्दा त्रुटि हुन जाने प्रबल संभावना पनि हुन्छ । यसबाट शब्दकोशको अर्थ निर्धारण वा निश्चित गर्ने प्रयोजनमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ठूलो आघात पुग्छ । यसै गरी अर्थविधानका सन्दर्भमा विवृत्ति र बीजकको पनि प्रयोग नहुने सीमाले गर्दा ठीक सन्दर्भमा अर्थव्यक्त नहुने समस्या पनि कोशमा उपस्थित हुन्छ ।

५. बहुभाषी कोशमा सिर्जना हुने प्रमुख समस्यामा समानक-विधान पनि हो । कोशमा समादृत पृथक् भाषाका शब्दगत समानकहरूमा समान आर्थी सन्दर्भ सुलभ हुन कठिन छ । वस्तुतः प्रत्येक भाषामा आफ्नै किसिमको वैशिष्ठय पाइने-हुनाले भाषापिच्छे रूपगत र अर्थगत सन्दर्भमा पृथक् व्यवस्था हुनु कुनै अस्वाभाविक कुरा पनि होइन । अतः कुनै पनि स्रोतभाषा र लक्ष्यभाषाको समानक विधानमा समन्वय स्थापित गर्नु निकै जटिल कार्य हो । उदाहरणार्थ अंग्रेजी 'यू' [you] शब्दको समानकविधान गर्दा नेपालीमा 'तँ' 'तिमी' 'तपाईं' 'हजुर' मध्ये कुन राख्ने वा सबै राखेमा सन्दर्भ कसरी छुट्याउने जस्ता समस्या अत्यन्त जटिल छन् । यसै गरी नेपाली 'खानु' क्रियाको अंग्रेजीमा 'ईट' (eat), 'ड्रिंक' (drink) 'स्मोक' (smoke) जस्ता समानक अर्थात् पर्याय हुन सक्ने भएकोले समस्या उपस्थित हुन्छ ।

६. समानकविधानका प्रसङ्गमा उद्भव हुने अर्को समस्या उपयुक्त र मानक समानकको छनोट हो । कुनै भाषाका विभिन्न क्षेत्र, भेग र सामाजिक श्रेणीमा प्रचलित विभिन्न शब्दले गर्दा कुन चाहिं उपयुक्त र मानक हो भनी छुट्याउन र कोशमा सन्निवेश गर्न गाह्रो पर्दछ । उदाहरणार्थ, नेपालीमा कुनै एक किसिमको चरालाई सारूङ, रूपी, डाङ्गे आदि भनिन्छ भने बहुभाषी कोश निर्माणमा संलग्न विशेषज्ञ अनुसार कोशमा कुनै एक शब्द रहने हुँदा वास्तविक मानक र उपयुक्त शब्दको छनोट नहुन सक्छ ।

७. यसै गरी स्रोत भाषाका अनेकार्थी शब्दले पनि बहुभाषी कोशमा समस्या उपस्थित गर्दछन् । सम्पादन-मण्डल सावधान नरहे यस्ता कोशमा समाविष्ट कुनै भाषामा कुनै एक किसिमको अर्थ र अर्को भाषामा कुनै अर्को किसिमको अर्थ पनि अंकित हुन सक्छ । उदाहरणार्थ नेपाली भाषाको 'पुतली' शब्दको एउटा भाषामा 'फूलहरूमा चहार्ने रङ्गी विरङ्गी कीरा विशेष' अर्थ भएको समानक र कुनै अर्को भाषामा 'खेलौना विशेष' अर्थ अंकित हुन सक्छ । यस किसिमको समस्यालाई संकेत गर्दै नेपाली पर्यायवाची शब्दकोश (२०३०) को भूमिकामा उल्लेख गरिएको छ । "यस कोशमा कुनै शब्दमा कुनै कुनै शब्दहरूमा, एकै शब्दको २।३ अर्थ हुने हुँदा त्यस शब्दको पर्याय [अन्य भाषाको] कुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चाहिं अर्थको हो छुट्ट्याउन गाऱ्हो पर्न गएको छ ।"[८]

८. भाषाका आफ्नै प्रचलित लिपि र तदनुसार हिज्जे हुने हुँदा विभिन्न थरिका भाषा समाविष्ट हुने बहुभाषी कोशमा लिपिगत समस्या पनि उत्पन्न हुन्छ। द्विभाषी कोशमा संभव भए पनि बहुभाषी कोशमा भाषैपिच्छे उही भाषाको लिपि अङ्कित गर्नु एक किसिमको जटिल र झन्झटिलो काम भएकाले यसै समस्यामय छ भने कुनै भाषाको लिपिमा लिप्यन्तरण गर्नु अर्को किसिमको अमिल्दो काम भएकाले झन् समस्यापूर्ण प्रतीत हुन्छ । लिप्यन्तरणका सन्दर्भमा नेपाली भाषाविद डा० वल्लभमणि दाहाल भन्नुहुन्छ "लिप्यान्तरण एक कठिन कार्य हो । यसका अनेकौं समस्या छन् ।"[९] यस्ता स्थितिमा अन्तराष्ट्रिय ध्वनि-तात्त्विक वर्णमाला (I.P.A.) को प्रयोग पनि संबन्धित भाषाको लिपिगत हिज्जे अङ्कित गर्नु पर्दा काम दोहोरो भई समस्या बढ्ने र प्रत्येक भाषाको लिपि अङ्कित नगर्दा संबन्धित भाषाको लिपिमा हिंज्जे व्यवस्था थाहा नहुने भई बहुभाषी कोशको महत्त्वपूर्ण प्रयोजन नै सिद्ध नहुने संकट उपस्थित हुन्छ ।

९. भाषामा प्रचलित परम्परागत लिपिमा संबन्धित भाषाका कोशीय एकाइ वा कोशिमहरूको वास्तविक उच्चारण अङ्कित गर्ने ध्वनितात्त्विक विशेषता नहुने भएकाले बहुभाषी कोशमा सन्निविष्ट भाषाका शब्दहरूको उच्चारण संबन्धी समस्या पनि लिपिगत समस्या जस्तै जटिलताग्रस्त छ ।

१०. बहुभाषी कोशमा पाइने अर्को समस्या के हो भने यसका प्रविष्टिमा मुख्य वा शीर्षशब्दका संबन्धित शब्द, संसक्त शब्द, संन्निधान शब्द पदावली र उखान टुक्काहरू सन्निवेश गर्ने अवकाश हुंदैन । यसैले यसका प्रविष्टिबाट कोशीय महत्त्वपूर्ण प्रयोजन पूर्ण हुँदैन ।

११. माथिका स्तम्भमा निर्दिष्ट समास्याका अतिरिक्त एकभाषी र द्विभाषी कोशको प्रसङ्गमा उल्लिखित कोशविधानका साझा समस्याहरू पनि प्रस्तुत बहु-भाषी कोशका समस्या हुन् । अतः बहुभाषी कोशको सम्पादन गर्दा ती समस्या हरू पनि चुनौतीपूर्ण हुन सक्छन् र त्यस्ता समस्याप्रति कोशकार सचेष्ट रहेमा उपयुक्त समाधानका लागि मार्ग प्रशस्त हुने कुरामा विश्वस्त हुन सकिन्छ ।

यसरी एकभाषी, द्विभाषी कोश र तिनका समस्याका विषयमा चर्चा गर्दा आधुनिक कोशहरूको व्यापक क्षेत्रमाथि पनि दृष्टि दिन आवश्यक छ। वर्तमान युगमा ज्ञान-विज्ञान र प्रविधिको उच्च विकासको फलस्वरूप आधुनिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोश वा शब्दकोशको परिवेश पनि अतीव व्यापक बनेको छ अनि यसभित्र नअटाउने वस्तु सुदुर्लभ हुन गएको छ। वस्तुतः आधुनिक कोश ग्रन्थ अगाध विद्वत्ताको महासागर हो, अतुलनीय र अनवच्छिन्न परिश्रमको मूर्तस्वरुप हो, अगणित धनराशिको प्रतिमूर्ति हो र उत्कृष्ट प्राविधिज्ञताको नमूना हो र उच्चतम उपलब्धिको उदाहरण हो। वर्तमान परिप्रेक्ष्यमा कोश वा शब्दकोशको धारणाभित्र सामान्यतः कुनै भाषाको कोशीय एकाइमा हिज्जे, उच्चारण, व्याकरणनिर्देश, व्युत्पत्ति, अर्थविधान (परिभाषीकरण, पर्याय आदि) उदाहरण (उद्धरित वा निर्मित), व्युत्पादित रूप र उखानटुक्काको संयोजन अनि यथानुरूप पर्याय र विपर्याय, संशक्त शब्द, विवृत्ति, बीजक र चित्राङ्कनको अभिन्यास भएको विविध प्रविष्टि भन्ने बुझिन्छ। यसबाट के स्पष्ट हुन्छ भने यी पक्षमध्ये कुनै एउटामा मात्र परिशुद्ध प्रावधानको निम्ति अत्यन्त सूक्ष्म र प्रौढ अध्ययनको खाँचो पर्दछ। यस्ता विविध पक्षमा निर्विवाद तथ्य प्रस्तुत गर्नु पर्दा कोशकारलाई कत्तिको कठिन समस्या आउंछ, सहजै अनुमान गर्न सकिन्छ। त्यसैले भन्न सक्छौं, कोशविधान अत्यन्त परिश्रान्तिप्रद कार्य हो तथा यो सुनिश्चित र महान् कार्य हो। यसरी हेर्दा कोशविधानलाई विद्वत्ता र परिश्रमको शस्त्रास्त्रद्वारा सतत समस्यासँग संघर्ष गर्न सक्ने सेनानीद्वारा संपाद्य समरसँग तुलना गर्न सकिन्छ। यस आलोकमा विवेचना गर्दा के निष्कर्षमा पुगिन्छ भने निश्चय नै स्केलिन्गरले व्यक्त गरेझैं कोशविधान यावत् आपत्तिको निदान हो र समस्यै समस्याको घर हो। यसैले अविचल भई यस्ता समस्याको समुचित समाधानमा सुस्थिर कोशकार संबन्धित वाङमयका गौरवमय अमूल्य रत्न हुन्।

पादटिप्पणी

१. आर० ए० सिंह, ऐन इन्ट्रोडक्सन टु लेक्सिकोग्राफी, पूर्ववत्, पृ० २६
२. हरकीरत सिंह, "सम प्रब्लेम्ज् अफ लेक्सिकोग्राफी," लेक्सिकोग्राफी इन-इण्डिया, सी. आई. आई. एल., १९८० ई०, पृ० १०४।
३. युगेश्वर, हिन्दी कोशविज्ञानका उद्भव और विकास, भारतीय विद्याप्रकाशन, बाराणसी, १९७१ ई., पृ० १०३।
४. पतञ्जलि, व्याकरणमहाभाष्यम्, प्रथमाह्निक।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

५. महानन्द सापकोटा, नेपाली निर्वचनको रूपरेखा, हिमाली प्रकाशन, २०२७, पृ० ४५ ।
६. नेपाली बृहत शब्दकोश, पूर्ववत्, पृ० पूर्वभाग-१८
७. एन० भी० राजगोपालन, "सम एस्पेक्टस् एण्ड प्रोब्लेम्ज अफ लेक्सिको-ग्राफी", लेक्सिकोग्राफी इन इंडिया, पूर्ववत्, पृ० १४७ ।
८. सत्यमोहन जोशी, "परिचयात्मक विवरण" पर्यायवाची शब्दकोश, ने० रा० प्र० प्र०, काठमाडौं, २०३०, पृ० भूमिका खण्ड-'ङ' ।
९. वल्लभमणि दाहाल, "प्राविधिक शब्दावली र लिप्यन्तरण," कोशविज्ञान कार्यशालामा प्रस्तुत, २०४४, पृ० ४ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : सात

नेपाली कोशको ऐतिहासिक विकासक्रम

शिक्षण–अधिगमका व्यापक क्षेत्र लगायत मानव जीवनका साहित्यिक, व्यावहारिक आदि विविध विषयमा भाषाको विशेष आधिपत्य कायम भएको हुँदा भाषिक सम्पादनमा सक्षमता प्राप्त गर्नु आधुनिक जीवनको अनिवार्य आवश्यकता र लक्ष्य हो । यसैले भाषाका अनमोल रत्न शब्द र तिनका निधि संबन्धित भाषामा रहेका कोश नितान्त गरिमामय वस्तु हुन् । यसरी विचार गर्दा शब्द नै भाषाको नाभिकीय अङ्ग प्रतीत हुन्छ र यसमा नै संबन्धित भाषाभाषी र त्यस भाषामा रहेका समस्त वाङमयका उच्चता र महिमा आश्रित हुन्छन् । नेपाली भाषाका सन्दर्भमा पनि कोशको भूमिका यही नै हुने भएकाले यसको विशिष्ट भूमिकासित परिचित हुन नेपाली वाङमयका परिप्रेक्ष्यमा यसको ऐतिहासिक विकासक्रमको चर्चा गर्नु नितान्त अपेक्षित ठहरिन्छ । अतः करिव डेड सय वर्षको नेपाली कोश परम्परालाई समग्रतः अवलोकन गर्दै आरम्भदेखि विक्रमीय बीसौं शताब्दीको चौथो चरणपूर्वसम्मको अवधिलाई प्रारम्भिक काल र उक्त बीसौं शताब्दीको चौथो चरणदेखि अहिलेसम्मको अवधिलाई आधुनिक कालमा विभाजन गरी यसरी प्रस्तुत गरिन्छः–

(अ) प्रारम्भिक काल

(१) नेपाली भाषा र वाङमयको पृष्ठभूमि–

ऐतिहासिक विकासका दृष्टिले नेपाली भाषाको प्राचीन नमूना कर्णाली प्रदेशमा खसराज्य स्थापना गर्ने नागराजका उत्तराधिकारी राजाहरूको अभिलेखमा पाइन्छ ।[१] यी नागराजको समय ११ रौं शताब्दी मानिएकोले यसै कालमा नेपाली भाषाको उदय भएको अनुमान गर्न सकिन्छ । यस तथ्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधुनिक आर्यभाषा कालको प्रारम्भ एघारौं शताब्दी स्वीकार गर्ने भाषाविद्‌हरूको मतले विचारले पनि पुष्टि गर्छ ।

अहिले अनुमानलाई पर सार्दै सर्वोपलभ्य प्रमाणसामग्रीका आधारमा चर्चा गर्दा पनि अशोक चल्लको नेपाली भाषामा लेखिएको ताम्रपत्र वि० सं० १३१२ को उपलब्ध भएको हुनाले ईशाको तेह्रौं शताब्दीमा नै नेपाली भाषा जनप्रिय तथा शब्दसम्बलशाली भएको प्रमाणित हुन्छ । यस सन्दर्भमा पूर्णप्रकाश नेपालको 'राजा गगनिराजको यात्रा'' नामक कृतिअनुसार दुल्लुको विजय स्तम्भका आडमा रहेको शिलास्तम्भमा उत्कीर्ण राजा दामुपालका समयको सउँपाल अङ्ँ लिखित बि० सं० १०३८ को मात्र सकिने नेपालीको प्राचीन स्वरूप भएको अभिलेखको पनि चर्चा गर्न सकिन्छ[२] । अन्वेषणमा उपलब्ध तर प्रामाण्यापेक्षी यो र यस्तै किसिमका अन्य संग्राममल्ल (वि० सं० ११४६) आदिका अभिलेखहरूलाई गणना गर्दा नेपाली भाषाको जन्मकाल यसभन्दा पनि प्राचीनतर हुने कुरामा अन्वेषकहरूले प्रशस्त विश्वास राखेका छन् ।[३]

कोशको अव्यक्त स्वरूप भाषामा निहित हुने हुनाले नेपाली कोशको अव्यक्त सत्ता पनि नेपाली भाषाको उद्भवसँगै निकै अघिदेखि रहेको मात्र सैद्धान्तिक रूपमा सकिन्छ तापनि साकार स्वरूपको लागि वाङ्मयको समृद्धि समाराध्य हुने व्यावहारिक प्रकृतिमा चाहिं विभिन्न भाषाका कोशीय विकासक्रममा आधारित तथ्यले आत्मसात् गरेको पाइन्छ । नेपालीले पनि यही मार्गको अन्वेषण गर्नु स्वाभाविकै हो । यस परिप्रेक्ष्यमा प्रथमतः वाङ्मयको शुभारम्भ आवश्यक हुन्छ, यस भाषामा पनि सिर्जनाको क्रम चल्छ । अनि यस क्रममा लिखित साहित्य मुस्कुराउन थाल्छ, ग्रन्थहरु रचिन्छन्, पृष्ठभूमि तयार हुन्छ । यसमा प्रचार-प्रसारको कठिनता र अभाव, मुद्रण-प्रकाशनको अव्यवस्था आदि कारणहरूले कतिपय कृतिहरू अज्ञात, सुषुप्त र विलुप्त नै रहेतापनि अहिलेसम्मको खोजले लेखनकाल वि. सं. १४५७ तिर मानिएको भास्वती नामक कृतिलाई अनुदित साहित्यको स्वरूपमा र रचनाकाल १५५० अनुमानित राजा गगनिराजको यात्रा नाम पाएको कृतिलाई मौलिक रचनाको रूपमा प्रस्तुत गरेको छ ।

समयको विकाससँगै नेपाली भाषामा अनेकौं कृति जन्मिदै गए । खण्डखाद्य (१६४८), पञ्चपरिलेख (१६४८) जातकर्म पद्धति (१६४८) ग्रह उदयास्त (१६४८) बाजपरीक्षा (१७००-तिर) माशा निदान वा औषध

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रसायन (१७७०), प्रायश्चित प्रदीप (१७८०) नृपश्लोकी (१७८१) आदि उपलब्ध कृतिहरूले यस्तै अनेकौं कृति त्यसबेला रचिएका थिए भन्ने सहजै अनुमान गर्न सकिन्छ। अभिलेखका दृष्टिले त यो भाषा उपर्युक्त कृतिभन्दा पूर्व नै विभिन्न कपोट, लेखोट आदिमा प्रशस्त उपलब्ध हुन्छन्। तिनमा अशोक मल्ल, आदित्य मल्ल, पुण्य मल्ल, पृथ्वी मल्ल, अभय मल्ल, मेदिनी वर्मा, संसार वर्मा, उदय वर्मा, आजीत वर्मा आदि मुख्य छन्। यस सन्दर्भमा यिनका पूर्वकालीन र समकालीन मानिने दामुपाल (वि० सं० १०३८) संग्राम मल्ल (वि० सं० ११४६) भारशिव मल्ल (वि० सं० १२५४) अक्षय मल्ल (वि. सं. १३२७) रिपु मल्ल (वि. सं. १३३७) आदिका अभिलेखहरूको पनि चर्चा गर्न सकिन्छ।

सोह्रौं शताब्दीदेखि नेपाली भाषाले काँचुली फेरि मध्यकालीन नेपालीमा प्रवेश गर्छ। सं. १५५० को विबोष शाहीको ताम्रपत्रमा नै नेपाली भाषाका मध्यकालीन प्रवृत्तिहरू देखिन थाल्छन्। त्यसै कालमा उपर्युक्त **राजागगनिराजको यात्रा** नाउँ दिएको साहित्यानुप्राणित कृति समेत भेट्टिएकोले युगान्तरको प्रवर्तन प्रवृत्ति अझ सुदृढ हुन्छ।

विशाल नेपालका प्रवर्तक वडामहाराजाधिराज पृथ्वीनारायण शाहको एकीकरण अभियानसंगै नेपाली साहित्यले पनि काव्यात्मकताको अविरल यात्रा आरम्भ गर्छ। यसपछि नेपाली भाषामा साहित्य सृजनाको मूल उत्तरोत्तर समृद्ध बन्दै प्रवाहित भएर विकसित हुन्छ। यसले भानुभक्त र मोतीराम युगको संगमपछि उत्तरोत्तर महाप्रवाह अधिगत गर्छ र महावारिधितिर लम्किन्छ। यसबाट नेपाली कोशको फाँट आसिञ्चित भई उर्वर हुने हुँदा नेपाली भाषामा कोशारम्भको लागि अपेक्षित पूर्वाधार परिपुष्ट बन्न गएको स्पष्ट हुन्छ।

(२) नेपाली कोशविधानका आरम्भिक प्रयास

जुनसुकै भाषामा कोशको ऐतिहासिक आरम्भ भाषा र साहित्यको उद्भवपछि भएको पाइन्छ। कोश तयार पारेर भाषा र साहित्यको थालनी गरिएको हुँदैन। नेपाली भाषा पनि यस प्राकृतिक तथ्यको अपवाद बन्न नसक्ने कुरा स्वतः सिद्ध छ यसैले नेपाली भाषाका सन्दर्भमा पनि यस भाषाको उद्भव र उन्नयनका साथै यसमा साहित्यको आरम्भ र अभ्युदयपछि कोशविधानका पूर्वसंकेतक देखापर्छन्। वस्तुतः संबन्धित भाषा र साहित्यमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकास नभई शब्दसम्पदाको समृद्धि नहुने हुँदा वास्तविक शब्दकोशको आधारशिला नै स्थापित हुँदैन । जब कुनै भाषामा भाषिक विकासले परिपक्वता प्राप्त गर्दै जान्छ भाषिक प्रसार र साहित्यिक सिर्जनाले व्यापकतालाई संवरण गर्दै जान्छ एवं संबन्धित भाषिक समुदायको संमृद्धि, संस्कृति, सचेतता, संसर्ग, संघटनात्मक भूमिका र सहभागिताले सशक्त शालीनतालाई सँगाल्न थाल्छ अनि कोशोद्‌भवका लागि अपेक्षित आधारभूमि तयार हुन्छ। यसै गरी यीमध्ये कुनैले कुनै भिन्नाभिन्नै भाषिक समाजलाई प्रभाव पार्‍यो भने अथवा सामाजिक संरचनाले वेग्लावेग्लै भाषिक समुदायलाई परस्परमा प्रभावित पारे भने द्विभाषी कोशको निर्माणार्थं अभ्यनुकूल वातावरणको संगम हुन्छ ।

यस परिप्रेक्ष्यमा नेपाली कोशको विकासक्रमतिर दृष्टि दिदा के ज्ञात हुन्छ भने ईशाको १९ सौं शताब्दीसंगै शब्दावली वा शब्दसूचीकै रूपमा भए पनि नेपाली भाषाका शब्दहरूको संग्रह प्रकाशित हुन्छ । डब्ल्यू. जे. कर्क पेट्रिकले सन् १८११ मा लण्डनबाट प्रकाशित नेपाल अधिराज्यको विवरण' (An Account of the Kingdom of Nepal) भनिने अंग्रेजीमा लिखित उनको आफ्नै कृतिमा नेपाली भाषाका शब्दहरू संकलन र प्रकाशन गरी नेपाली कोशको ऐतिहासिक विकासमा गौरवमय कार्यको शुभारम्भ गरेको पाइन्छ । यिनी नेपाल चीन विवादका सन्दर्भमा ब्रिटिश सरकारको प्रतिनिधि भएर सन् १७९३ मार्च महिनामा नेपाल आएका थिए र त्यसबेला संकलित सामग्रीका आधारमा यो शब्द संग्रह प्रकाशित गरिएको थियो । उक्त किताबमा नेपालका आठवटा भाषाको चर्चा गर्दै यिनले तत्कालीन नेपालीको नाम पर्वती उल्लेख गरेका छन् । यसमा अर्थका लागि अंग्रेजी शब्द दिएर त्यसका साथमा अन्दाजी ७०० (सातसय) नेपाली र नेवारी शब्दको सूची दिइएको छ। वर्णानुक्रम नभए तापनि यो सूचीमा विषयानुक्रम निर्मुक्त नभई निबद्ध नै पाइन्छ । संख्यात्मक शब्दमा पाइने गणनात्मक र क्रमात्मक विभाजनले प्रस्तुत विषयक्रमलाई स्पष्ट निर्देश गर्छन् । यसबाट के व्यक्त हुन्छ भने यो शब्दसूची वा शब्दावलीका रूपमा रहेतापनि यो आर्थीक्रममा आधारित त्रिभाषी शब्दकोशको प्राथमिक रूप हो । यद्यपि यसमा नेपाली स्रोत भाषा नभई लक्ष्यभाषाको रूपमा संकलित छ र अंग्रेजीले नै स्रोतभाषाको स्थान लिन पुगेको छ तैपनि नेपाली कोशको विकासपरम्परामा यसको योगदान अमूल्य छ ।

यस सन्दर्भमा अर्को महत्वपूर्ण व्यक्ति डेनियल राइट हुन् । यिनले सम्पादन गरेको 'हिस्ट्री अफ नेपाल (History of Nepal)' नामक कृति सन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८७७ मा प्रकाशित भएको थियो । यसमा परिशिष्ट अन्तर्गत अंग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दलाई संग्रहित गरिएको छ । यसमा नेपाली भाषालाई 'पर्वतीया' भन्दै २०० (दुई सय) जति शब्दको सूची अंकन गरिएको छ । यसले नेपाली कोशको इतिहासमा उल्लेखनीय विशेषता नथपे पनि प्रचलित परम्परालाई दरिलो बनाउन टेवा दिएको कुरा स्वीकार्नै पर्छ ।

प्रसङ्गतः यसै पृष्ठभूमिमा यिनीभन्दा पूर्ववर्ती विद्वान् ब्राइन हुटन हजसनको पनि चर्चा गरिन्छ । १८२९ देखि १८३१ सम्म तथा १८३३ देखि ४३ सम्म नेपालमा बेलायतका राजदूतको रूपमा रही यिनले नेपालका भाषा, संस्कृति, धर्म, दर्शन, जाति, जीव, वनस्पति आदिको गम्भीर अध्ययन र खोज गरे । यिनको 'एस्से अन द ल्याङ्ग्वेज, लिटरेचर एण्ड रिलिजन अफ नेपाल एण्ड तिब्बत' (Essay on the Languages, literatine and Religion of Nepal and Tibet) र ७ मिसिलेनियस एस्सेज अन इण्डियन सब्जेक्टस् (Micellaniocus Essays on Indian Subjects) नामक पुस्तकाकार दुई कृति पनि प्रकाशित छन् । यिनमा नेपाल र भारतका अन्य भाषाको शब्द सूची रहे पनि नेपालीको शब्दसूची सन्निविष्ट पाइन्न । तर नेपाली भाषाका महान् कोशकार पारसमणि प्रधानले यिनले "खोज गरेका अनेकन् विषयहरू-मध्ये 'नेपाली भाषाको शब्दसंग्रह' एउटा हो" भनेका छन्[८] । यो शब्दसंग्रह अहिले अध्ययनार्थ नपाइए तापनि उनका अन्य कृतिको अध्ययनबाट के निष्कर्ष निक्लन्छ भने यिनको शब्दसंग्रहको विधि पनि कोशविधान विज्ञानका दृष्टिले परवर्ती विद्वान् डेनियल राइटको भन्दा विकसित छैन ।

नेपाली व्याकरणको क्षेत्रमा झैं नेपाली कोशको सन्दर्भमा पनि पादरी टर्नबुल निकै चर्चित व्यक्ति हुन् । यिनी दार्जीलिङमा बस्ने पादरी थिए र यिनका सहयोगी गंगाप्रसाद प्रधान थिए । यथार्थमा टर्नबुललाई नेपाली भाषा सिकाउने गुरु यिनै थिए । यस दृष्टिले टर्नबुलको नेपाली भाषासंबन्धी ज्ञान सीमित नै ठहरिन्छ[५] । तापनि यिनले नेपाली कोशका क्षेत्रमा महनीय कार्य गरे । यिनको सन् १८८७ मा दार्जीलिङको मिसनबाट प्रकाशित नेपाली व्याकरण र शब्दावली Nepali Grammar and Vocabulory भनिने कृति नेपाली शब्दकोशको युगान्तकारी रचना बन्यो । यद्यपि यो कृति चियाबगान र फौजमा कार्यरत अंग्रेजहरूको सामान्य प्रयोजनका लागि निर्माण गरिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थियो तर पनि यस कृतिले नपाली कोशीय प्रारूप प्रस्तुत गरी नेपाली कोश-विधानमा नवप्रवर्तन गऱ्यो । वस्तुतः यो पुस्तक पाश्चात्य कोशीय विधान-सित सांनिध्य राख्ने नेपाली कोशात्मक कृतिको पहिलो नमूना हो ।

यसरी शब्दसूची वा शब्दावली तयार पार्ने कार्य शुरूवात भई यो परम्परा विकसित हुन थाल्यो । यस क्रममा शब्दसूचीका द्योतक र शब्दकोशका अभिप्रेरक कृतिहरू देखापर्न थाले । यी कृतिहरूले गुणात्मक क्षेत्रमा नयाँ पाइलो सारेको प्रतीत हुदैन तापनि नेपाली अनेकभाषी वा द्विभाषी कोश-परम्परालाई परिपोषण गर्न भने प्रशस्त सहयोग गर्छन् । यस्ता कृतिमा क्याप्टेन एम. मिरण्डङ्कको "बेसिक गोर्खाली ग्रामर एण्ड भोक्याबुलरी [१८४९ ई०], मेजर ए० जी० एफ० ब्राउनको म्यानुयल अफ खस गुर्खाली अर पर्वतीया' [१९८२ ई. मा दोस्रो संस्करण], डोपिङ हेपेन्स्टल तथा सुबेदार कुशलसिंह बुढाथोकीको 'खस गुर्खाली ग्रामर एण्ड भोक्याबुलरी [१८९६ ई.] उल्लेख्य छन् ।

(३) नेपाली एकभाषी कोशको आरम्भ-

ईशवीय उन्नाईसौं शताब्दीको अन्तिम चरण नेपाली साहित्यको जागरण काल हो । नेपाली साहित्यका अमर विभूति मोतीरामको सक्रिय नेतृत्व र उद्बोधनले यो काल सचेत र सचेष्ट बन्छ । नेपाली साहित्यमा कतिपय विधानको यस कालमा संस्कारविधान हुन्छ भने कतिपय विधामा नवविधान हुन्छ । साहित्यको नवसृजना, संगठनात्मक साधना, अग्रज साहित्यकारको खोजी, पूर्ववर्ती साहित्यकारको चिनारी र तिनका कृतिको प्रकाशन, पत्रपत्रिकाको सम्पादन, पुस्तकालयको संस्थापन आदि बहुमुखी कृत्यमा मोतीरामको समर्पणले नेपाली भाषा र साहित्य निकै समृद्ध बन्छ । यसैको संकेतस्वरूपमा साहित्यिक समालोचनाको बीजाधान हुन्छ । यो परिवेश एकभाषीकोश विधानका दृष्टिले पनि अनुकूल बन्नु स्वाभाविकै थियो । उसमाथि स्रोतभाषात्मक कोशविधानको अत्यन्त अभावमा सामूहिक संयोजनासिक्त सिर्जनाको द्योतक समस्यापूर्तिमा साधकहरूको सहभागिता जुटाउन जागरूकता नगराउने हुँदा त्यो वातावरण नितान्त कोशापेक्षी ठहर्छ । फेरि 'कविताको संग्राममा' कोशलाई प्राथमिकता दिने युगप्रवर्तक मोतीरामको कोशप्रणयनमा प्रवृत्ति नहुनु आश्चर्यप्रद नै प्रतीत हुन्छ । हेरौं, उनले कोशप्रति कस्तो प्रगाढ अभिवृत्ति राखेको थिए —

'पढ्न् कोष र काव्य अर्थसँगको नाना कथाहेरूको
अभ्यास वेसश्रुतबोध ग्रन्थहरूको गर्नु सबै छन्दको ।।१।।' ।[६]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मोतीराम भट्ट धेरै भाषाका अभिज्ञ थिए। यिनी संस्कृत, फारसी, हिन्दी, बंगाली आदिका अध्ययनशील मात्र नभई तिनलाई कविताविधानमा समेत प्रयोग गर्ने अध्यवसायशील तथा ती भाषा र साहित्यका विकास गतिविधिसित परिचित चेतनशील प्रतिभा पनि थिए। यसैले, संस्कृत, अंग्रेजी, फारसी, हिन्दी, बंगाली आदि भाषामा प्रचुर र प्रकीर्ण कोश–ग्रन्थको विकास भइसकेको हुँदा तिनका प्रभावले युगबोद्धा र दायित्वबोढा मोतीरामलाई सचेत र सचेष्ट नपार्नु पनि अलि अनौठै ठान्नु परेको थियो। यस बाहेक कोशापेक्षी, साहित्यिक पृष्ठभूमिका रूपमा नेपाली साहित्यको सिंगै प्राथमिक काल विभिन्न धारा र प्रतिधारामा प्रवाहित भइसकेको थियो। यसबाहेक एकभाषीकोशका प्राक्‌चेष्टाका रुपमा शब्दलाई अर्थ्याउने व्याख्या गर्ने वा परिभाषीकरण गर्ने तथा परिचयात्मक विवरण दिने र त्यस्ता शब्दलाई समाविष्ट गर्ने प्रक्रियामा आधारित पेशा–धन्दा व्यवसायमुखी र विशिष्ट विषयोन्मुखी कोशात्मक प्रारूपहरू पनि थुप्रै बनिसकेका थिए। यस किसिमका कृतिहरूमा पेशा-धदा – व्यवसायमूलक क्षेत्रमा बेनामी (अज्ञात लेखक) को 'बाजपरीक्षा' (सं० १७०० तिर) वाणीविलासको 'ज्वरोत्पत्तिचिकित्सा' (१७७३ वि० सं०) दावादल शाहको 'औषध रसायन (१८०० तिर), गंगाविष्णु द्विजको 'अजीर्ण मञ्जरी (१८०९), श्रीहर्षको 'औषधी ग्रन्थ' (१८४८), शिव सिंहको 'बाजहोत्र, (१८६४) आदिको नाम र अन्य विशिष्ठ विषयमुखी कृतिमा प्रेमनिधि पन्तको 'प्रायश्चित्त प्रदीप' (१७८०), नृपश्लोकी, (१७८१ तिर) आदिको नाम उदाहरणार्थ प्रस्तुत गर्न सकिन्छ। अर्कातिर, मोतीरामको परिदृष्टिमा ज्ञात वा अज्ञात रहे पनि पृष्ठभूमिका रूपमा द्विभाषी शब्दसंग्रहका कार्य विभिन्न विदेशी विद्वान्‌हरूबाट भएको कुरा माथि नै चर्चा गरिसकियो।

यस संबन्धमा अर्को अवधेय कुरा के परिलक्षित हुन्छ भने कोशविधान भएमा नै मोतीराम– प्रवर्तित समस्यापूर्ति जस्ता सुनियोजित वा रीतिबद्ध कविताविधान सुगम हुने भएकोले मूर्त साक्ष्यका अभावमा कि त यस्ता साहित्यिक युगको त्रिभावनापूर्ण अनुकल्पना गर्न बाध्य हुनु परेको थियो कि त विचाराधीन कोशग्रन्थ अलमलिएर विलीन हुन गएको ठहराउनु परेको थियो। तर मोतीरामका जीवनीकार नरदेवले यिनका चार पाँच शय शब्दका 'अनुप्रास मञ्जरी' भएको बताएकाले[1] यिनबाट कोशसंबन्धी आरम्भिक प्रयास भएकोमा विद्वत्समाज आशान्वित भने थियो किनभने संस्कृत साहित्यमा यसरी नै भाषा र साहित्यको एउटा युगको अवसान र अर्को युगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आरम्भसँगै युगान्तरण कालमा प्रथमतः निघण्टु, निरुक्त जस्ता कोश-ग्रन्थको उदय भएको र नेपाली भाषा र साहित्यको मोतीयुग पनि त्यस्तै युगान्तरणपरक जागरण काल भएकाले कोशविधानको लागि यो शुभ-मुहूर्त ठहराउनु उत्तिकै स्वाभाविक थियो। यस्तै किसिमका प्रवृत्ति भारतका आधुनिक भाषाहरूले पनि देखाएका थिए। तैपनि वस्तुगत साक्ष्यको अभावमा विद्वान्हरूको मथिङ्गल रन्थनिनु स्वाभाविकै हो। यद्यपि मोतीरामकृत 'उखानको बखान' नामक कृति वि० सं० १९४५ तिर प्रकाशित भएको थियो, तथापि त्यस ग्रन्थमा नै उनको कोशीय उपक्रम अन्त भएको मात्र अन्वेषकहरू अन्कनाइरहेका थिए। त्यसैले खोजका लागि विद्वान्हरूको जाँगर सगबगाई नै रहेको थियो। यस अवस्थितिमा नेपालीका प्रसिद्ध साहित्यकार र अन्वेषक घटराज भट्टराईका अन्वेषणले निकै सघायो[८] र "मोतीराम भट्टको शब्दकोश' नामक उहाँको लेखले मोतीरामका कोशप्रणयन पक्षमाथि औधि उत्प्रेरक किसिमले प्रकाश पार्‍यो। यसै क्रममा नेपाली भाषा र साहित्यका विद्वान् शिव रेग्मीको अनुसन्धानले यस विषयमा नयाँ क्षितिज पैल्यायो। खोजप्रधान रोलम्ब पत्रिकामा प्रकासित उहाँको लेखले मोतीरामको कोशविधान संबन्धमा नौलो आयाम प्रस्तुत गरेको छ।[९] यिनै चर्चित अनुसन्धानका आधारमा के सुस्पष्ट हुन्छ भने मोतीराम जसरी नेपाली साहित्यमा नवविधाका जन्मदाता हुन् त्यसरी नै नेपाली कोशका अनुष्ठाता पनि हुन्। अतः कोशजगत्को नै इतिहासमा निघण्टुकारको जुन स्थान छ, नेपाली समभाषी वा एकभाषी कोशको इतिहासमा मोतीरामको त्यही स्थान छ। मोतीरामका दृष्टिमा कोश 'कविताको सरजाम' मा व्यक्त गरेझैं[१०] कविता काव्य सिर्जनका सन्दर्भमा नितान्त अपेक्षित कुरा हो। 'कवीनां सुखहेतवे' भन्ने धरणीको उक्तिमा उनको पनि पत्यार थियो। यत्ति मात्र होइन, उनी बहुभाषाविज्ञ र नेपाली संस्कृत, अंग्रेजी, नेवारी, बंगाली, फारसी,[११] हिन्दी मैथिली जस्ता भाषामिश्रित अष्टभाषात्मक कविताकार भएकाले पक्कै पनि भाषा र साहित्यका क्षेत्रमा कोशको उपयोगिता र उपादेयतासित उनको परिचय थियो। अरू भाषा र साहित्यको संसर्ग र अध्ययनले उनको उर्वर मस्तिष्क कोशप्रति अवश्य नै सचेत थियो। त्यसैले उनले नेपाली भाषामा पनि विषयानुसारी तथा अनुप्रासी (तुकानुसारी)[१२] शब्दसंकलन गरी तदनुसार कविता समेत बनाउने[१३] प्रक्रिया कार्यान्वयन गर्न थालेका थिए। उनी अल्पायुमा नै अस्त नभएका भए यी प्रक्रिया पूर्ण भई गद्यात्मक मात्र होइन, संस्कृ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तको अमरकोशानुसारी पद्यात्मक कोश पनि बन्न सक्ने विश्वास सहजै लिन सकिन्छ। एउटा उदाहरण उद्धृत गरेर नमूना हेरौं—

"अम्बा, दारिम, आरू, आँप, मसला, आरूबुखारा कसुर
केरा, काफल: कालिज्यामिर, कदम, कम्रख, अमारो, बयर
आलुचा, अमिली, गुहेली, कमला, आर ऐंसेलु, खर्बूजा,
खुर्सानी, खजुरो खिनी सतिबयर, वेल्, सुन्तला भर्वुजो"[१२]

सायद, यसैको प्रभावभा होला, यिनका समकालीन शम्भु प्रसाद ढुंगेलले 'शब्दसुधानिधि' (१९७६) रचना गरेका थिए। प्रस्तुत चर्चाको प्रसंगलाई संवरण गरी संक्षेपमा व्यक्त गर्दा के भन्न सकिन्छ भने मोतीराम एकभाषी कोशका सन्दर्भमा अविस्मरणीय प्रतिभा हुन्, उनको कोश सिद्ध र सग्लो रूपमा अनुपलब्ध भएपनि उनी यसका सूत्रधार हुन्।

(४) आधुनिक कोश विधानको पूर्वपीठिका--

- यसपछि नेपाली साहित्यको इतिहासमा गोरखापत्रको जन्म हुन्छ। विद्याप्रेमी, र विकासप्रेमी देवशमशेरको छोटो प्रधानमन्त्रित्व कालमा नेपाली शिक्षा क्षेत्रमा बृहत् जागरणको संचार हुन्छ। फलत: नेपाली भाषा र साहित्यका साथै नेपाली कोशविधान तर्फ पनि विद्वान्हरू जुर्मुराउन थाल्छन्। यसको प्रत्यक्ष प्रभाव नेपाल र भारतका विभिन्न नेपाली भाषाप्रेमी विद्वान् र साहित्यकारमा पर्छ। यस क्रममा गंगाधर 'शास्त्री' 'द्रविड' द्वारा सम्पादित अंग्रेजी र नेपाली शब्दकोश (A Dictionary: English and Nepali) वि० सं० १९६१ तिर विश्वराज हरिहर शर्माका दुर्गा प्रेस, वनारसबाट प्रकाशित हुन्छ।[१५] नेपालीसित संबद्ध कोशको इतिहासमा आजसम्मको खोज अनुसार यो प्रथमत: 'डिक्सनरी' अर्थात् 'शब्दकोश' नामले शोभितकृति हो। सुप्रसिद्ध कोशकार, राल्फ लिली टर्नरले यसको उपयोग नेपाली कोशको निर्माणमा गरेको तथ्य पनि उनको कोशको पूर्व भागमा अंकित ग्रन्यसूचीले जनाउँछ। अर्को महत्त्वपूर्ण कुरा, नेपाली शब्दकोशको निर्माणारम्भ धर्मप्रचारक र चियाबगान तथा गोर्खा पल्टनमा कार्यरत अँग्रेज र तिनका सहायकमा सीमित र भारतको दार्जीलिङ्ग क्षेत्रमा केन्द्रित मानिने प्रबल किन्तु सीमित धारणालाई काटी यसले विस्तृत धारणा प्रदान गरेको छ। यसबाहेक, प्रारम्भिक चरणमा नै नेपाली कोशको निर्माण परिधि व्यापक भएको र वनारसको पनि नेपाली कोशको क्षेत्रमा अविस्मिरणीय योगदान रहेको तथ्य यसले प्रकट गर्छ। थप उत्कृष्ट र उत्प्रेरक पक्ष के प्रतीत हुन्छ भने नेपाली एकभाषी कोशका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुष्ठाता राममणि आ० दी० को पनि यो कोश प्रेरणा स्रोत बनेको थियो। यस संबन्धमा राममणि आ० दी० को संस्मरण यस प्रकार छ "द्रविडजीले (नामको संझना भएन) अंग्रेजी नेपाली कोश लेखेको रहेछ, हरिहर विश्व-राजकहाँ पाइनछ भनेर एउटाले सुनायो—दौडा-दगुड गरेर कीनेर ल्याएँ[१६]।" यिनको शब्दकोशसँग संबन्धित अंग्रेजी डिक्सनरी (वि. सं. १९६१) र इंगलीश गाइड दोस्रो भाग (सन् १९११) कृति पनि प्रकाशित पाइन्छन्[१७]। यिनै पृष्ठभूमिमा द्रविडका कोशको भूमिका अत्यन्त गौरवशाली प्रमाणित हुन्छ।

यसरी नेपाली कोश परम्परामा द्रविडका उक्त कार्यले एकातिर कोशप्रणयनमा विस्तार गरी शब्दकोशको शिलान्यास गऱ्यो भने अर्कातिर नेपाली कोशविधानलाई हुर्काउन नेपाली साहित्यलाई नै हुर्काउनामा प्रतिष्ठित वनारसको सहयोग जुटायो। यस सहयोगको साक्ष्यस्वरूप लगत्तै वि० सं० १९६३ तिर ह० वीरसिंह क्षत्री मचीनाका गोर्खा चीना किताव भाग-१ (१९०६ ई०) तथा गोर्खा चीना डिक्सनरी, भाग-२ वनारसबाट प्रकाशित भेटिन्छन्। यस परिचर्चामा संस्कृतबाट अनुदित तथा अनुसंकृत अमरकोशलाई पनि नेपाली द्विभाषी कोश वा पर्याय कोशका रूपमा गणना गर्दा कुलचन्द्रको अमरकोश यसभन्दा ७ वर्ष अघि वि० सं० १९५६ मा नै प्रकाशित गरी नेपाली कोश सहित्यमा वनारसले पहिले पनि उल्लेखनीय कार्य गरेको उदाहरण प्रस्तुत गर्न सकिन्छ। वर्तमान कालसम्म पनि नेपाली कोश साहित्यमा योगदान गर्ने वनारसको सहयोग त्यति वेला प्राप्त हुनु सौभाग्यको कुरा हो।

नेपाली कोशविधानका दृष्टिले विक्रमीय बीसौं शताब्दीको उत्तरार्द्ध अर्को अत्यन्त उल्लेख्य चरण प्रतीत हुन्छ। यस कालको प्रारम्भसँगै एकातिर राममणि आ० दी० को सक्रिय तत्परतामा वि० सं० १९६० देखि नेपाली एकभाषी कोशको बृहत् अनुष्ठान आरम्भ[१८] हुन्छ भने अर्कातिर वि० सं० १९६५ मा वनारसबाट प्रकाशित गद्यप्रधान "माधवी" पत्रिकाले पहिलो अंकको सम्पादकीयमा नै नेपाली भाषामा कोश र व्याकरण निर्माण गर्ने दृढसंकल्प व्यक्त गर्दै भन्छ, "हामरो नेपाली भाषामा न कोई वेश व्याकरण छ न कोई वेश कोश छ, न कोई विशेष उपयोगी विषयका पुस्तकहरू छापीयाका छन्, ती सब अभावको पनि यथासंभव पूर्त्ति गरने विचार गरदछु"[१९]।

त्यस वेला यी सन्दर्भ निकै उत्प्रेरक बनें र यिनले नेपाली भाषाका सचेत मस्तिष्कलाई विउँझाए। यसले गर्दा राममणि आ० दी० लाई मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

होइन नेपाली भाषाका अन्यान्य विद्वान् र साहित्यकारलाई समेत जागृति प्रदान गऱ्यो । फलतः नेपाली भाषा र साहित्यका परमपूजक जयपृथ्वी-बहादुर सिंहको सत्प्रयासबाट प्राकृत व्याकरणका साथै प्राकृत भाषाकोश[२०] नामक नेपाली कोशको पनि विधान भयो । यसरी यहाँ आएर नेपाली साहित्यमा बहुविधविधाका सूत्रधार र उन्नायक रहेका मोतीराम भट्टले नेपाली एक-भाषी कोशविधानमा गरेको बीजाधान प्रस्फुटित भयो र विकासतिर लम्क्यो ।

परन्तु कोशको बृहत् अनुष्ठान फुर्सत तथा स्वल्पकालीन एकाकी कर्म-ण्यतामा आश्रित र शीघ्र संपाद्य थिएन । यो सुदृढ र सततसाधनाशील संलग्न-तासाध्य र सुदीर्घ समयाराध्य महाव्रत थियो । तैपनि राममणिको आरब्ध र चर्चित त्यो कोश कछुवा गतिमा अघि बढ्दै गयो । तर कोशविधानको चउर समथर थिएन, यसभन्दा अघिका प्रयासले गन्तव्य मार्गका गौंडा—गल्छेंडा, खोल्सा–खोच सम्याई सकेका थिएनन् । विकट कालावञ्जार फाँडिएर मैदान बनिसकेको थिएन । चर्चित मोतीरामको कोशीय सूत्रपातमा समयको अन्तरा-लले हिमपात गरिसकेको थियो भने बझाङ्गीराजा जयपृथ्वीबहादुर सिंहले महा-भियानको पूर्वाङ्ग मात्र गर्न पाएका थिए । त्यसैले गर्दा मणिकोशले आकांक्षित रूपमा प्रगति गर्न सकेन किन्तु वि० सं० १९६६ सालसा ८०००।– (आठ हजार) शब्दसम्मको सामान्य कलेवर भने प्राप्त गऱ्यो ।[२१] अनि त्यस वेलाको व्यावहारिक व्यस्तताले गर्दा उद्दिष्ट बृहत् अभियानअनुसार नेपाली भाषाका साधक राममणि आ० दी० एकभाषी कोशविधान पूरा गर्न र प्रकाशन गर्न समर्थ भएनन्, उनलाई कोशमा केन्द्रित भएर कार्यसिद्ध गर्ने संलग्नता प्राप्त भएन । भाषासेवाका सन्दर्भमा अत्यन्त अपेक्षित क्षेत्रका आवश्यकता पूरा गर्ने र जागीरे कर्मचारीका हैसियतले तोकि-एको कामकाज गर्न उनी व्यस्त रहे । उनको समय, भारतका विश्वविद्यालयमा नेपाली भाषाका मान्यता दिलाउन, तदनुरूप पाठ्यपुस्तकको तर्जुमा गर्न, गो० भा० प्र० स० को स्थापनापछि त्यसको अध्यक्ष भएर कार्यसम्पादन गर्न अनि दरबारिया काम–काज समाल्न एकोहोरियो । प्रधानमन्त्री चन्द्रशमशेरको निधनपछि पनि भूकम्पपीडितोद्धार समितिमा रहँदा, गोरखापत्रको साक्षी बन्दा अनि वैधानिक सुधार समिति आदिमा कार्यशील हुँदा उनी अवकास प्राप्त बने, उनलाई कोशप्रकाशनमा चाहिँदो कुनै अवकाश मिलेन । परिणामतः नेपाली एकभाषी कोशका सन्दर्भमा निकै महत्त्वपूर्ण भएर पनि उनको कोशग्रन्थ प्रकाशित भई सर्व सुलभ भएन । यसो हुनुमा एकातिर बृहत् ग्रन्थ भएकोले वैयक्तिक व्ययमा प्रकाशन दुःसाध्य भयो भने अर्कातिर प्रादिष्ट प्रचलित नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याकरण र वर्णविन्यास परम्परावाट केही विचलित हलन्त वहिष्कारमा यिनको विशेष निष्ठा रहेकोले[२२] ने. रा. प्र.प्र. (तत्कालीन रायल नेपाल एके-डेमी) जस्ता अन्य संस्थावाट प्रकाशनमा तत्परता देखाइएन[२३] तैपनि यो कोश रचनावधिका दृष्टिले वर्णानुक्रममा आधारित जेठो र वृहत् नेपाली कोश भए-काले अमूल्य र अविस्मणीय कोश हो। वस्तुतः यसैबाट नेपाली एकभाषी कोशको आधुनिक उषाकाल आरम्भ हुन्छ।

यसबाहेक, नेपाली कोशसँग संवद्ध यिनको अर्को ग्रन्थ 'उखान संग्रह' हो। जगदम्वा प्रकाशनवाट वि० सं० २०२७ मा प्रकाशित प्रस्तुत कृतिको रचनावधिका दृष्टिले उखान कोशमा ठूलो योगदान देखिन्छ। वि. सं.१९०६ देखि देखि नै संकलन गर्न थालिएका करिव १० हजार उखानहरू यसभित्र वर्णानु-क्रममा संगृहित छन्। यसमा अर्थ र प्रयोग भने अंकित पाइँदैनन्। यस अव-सरमा, प्रस्तुत उखान संग्रहलाई छोडेर शब्दकोशलाई मात्र लिंदा पनि के भन्न सकिन्छ भने राममणिको यो कोश प्रकाशनका दृष्टिले भविष्यमा उत्कृष्ट नठहरिएला, तर रचनाकालका दृष्टिले आधुनिक कोशविधानको शिलान्यासमा यसको भूमिका अविस्मरणीय प्रमाणित हुन्छ।

प्रस्तुत कोशका सन्दर्भमा अर्को पनि एकभाषी कोशको चर्चा पाइन्छ। वनारसबाट प्रकाशित सुन्दरी पत्रिकामा संलग्न भएर नेपाली भाषा र साहित्यको सेवामा समर्पित हुने प्रतिभामध्ये पण्डितराज सोमनाथ सिग्देल नेपाली व्याकरणका क्षेत्रमा साधानारत भए भने पं० देवीदत्त पराजुली नेपाली कोशको क्षेत्रमा अग्रसर भए। यिनले १९८४ तिर नै १३ हजार शब्द भएको एउटा कोश निर्माण गरेको थाहा हुन्छ।[२४]

नेपाली भाषामा यसरी विकसित एकभाषी संबन्धी आधार भूमिको प्रस्तुत चर्चाका सन्दर्भमा युगप्रवर्तक मोतीराम भट्टका कोशविधानात्मक कार्य-पछि केही पूर्ववत् एकभाषी कोशात्मक प्रारूप देखापर्छन्। यिनले पेशा, धन्दा आदि विशिष्ट विषयमा प्रकाश पारी एकभाषी कोशको क्रमिक विका-सका निम्ति उत्कृष्ट सहयोग गर्छन्। यस प्रसंगमा शिखरनाथ सुवेदीको शिखरनाथ भाष्य (१९५९)[२५] महावीर सिंह गढतोलाको उखान बखानको प्रवाह (१९६०) वैयाकरण नेपालको 'तर्कारी कल्प' र शालीहोत्र (१९६१) पादरी गंगाप्रसाद प्रधानको नेपाली उखानको पोस्तक (१९०८ ई०), हरिहर आ० दी० को चिह्नसूचक परिभाषा (१९६५)[२६], शिखरनाथको थरगोत्र प्रवरावली (१९८५) आदि यस किसिमका कृति प्रतीत हुन्छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चर्चित उन्नाईसौं शताब्दीको उत्तरार्द्ध नेपाली अनेकभाषी कोशका दृष्टिले पनि अत्यन्त गौरवमय ठहरिन्छ। यस अवधिको आरम्भमा नेपाली भाषा र साहित्यका प्रवासी मोतीराम दार्जीलिङ निवासी पादरी गंगाप्रसाद प्रधानले नेपाली कोशका क्षेत्रमा नेपाली उखानको पोस्तक (१९०८ ई०) का अतिरिक्त अर्को अंग्रेजी, हिन्दी, नेपाली, पंचरत्न (शब्द कोश) नामक महत्त्वपूर्ण कोशको रचना गरेको ज्ञात हुन्छ।[२७] यसरी नेपालमा नेपाली एकभाषी कोशका चर्चामा मोतीराम भट्टको योगदान उच्च ठहरिन्छ। यसै गरी उखानका क्षेत्रमा मोतीरामले उखानको बखान रचना गरि भने गंगाप्रसाद प्रधानले बीस वर्ष लगाएर नेपाली उखानको पोस्तक तयार गरेको बुझिन्छ। प्रस्तुत सन्दर्भमा चर्चित अनेकभाषी कोशका आधारभूमिमा केन्द्रित भई आधुनिक नेपाली द्विभाषी कोशका प्रवर्तक—ग्रन्थ टर्नरको नेपाली शब्द कोशसम्म पुग्दा परिचर्चित शब्दकोश समृद्ध पार्ने निकै कृति सहायक ग्रन्थका भेटिन्छन्। यिनमा रामप्रसाद सत्यालका इंगलिश गोर्खा (१८८८), क्याप्टेन जी० डब्ल्यू० पी० मोनेको गोरखाली म्यानुयल (१९१८ ई०) जनक प्रसाद ढुंगेलको शब्दसुधानिधि (१९७६), चण्डिकालाल मास्केको अंग्रेजी नेपाली वर्ड बुक (१९८४) आदि कृतिको सामान्य भूमिका प्रतीत हुन्छ भने टर्नरको नेपाली कोशको पूर्व भागमा निवद्ध कोश आदि ग्रन्थको सूचीमा उल्लिखित ए० टर्नबुलको नेपाली ग्रामर र भोक्याबुलरी (१८८३ ई०), आर० किल्गौर, एच० सी० डंकन तथा जी० पी० प्रधानको इंगलिश नेपाली डिक्सनरी (१९२३ इ.), गंगाधर शास्त्री 'द्रविडाको एडिक्सनरी इंग्लिश एण्ड नेपाली (१९६१) एम. ई. डोपिङ हेपेन्स्टल, र सुवेदार बुद्धसिंह बुद्धथोकीको खस गुर्खाली ग्रामर एण्ड भोक्याबुलरी (१८६९) जी० डब्ल्यू० मोनेको गोर्खाली म्यानुयल (१९१८ ई०) एफ देविरको नेपालज भोक्याबुलरी र बेनामी (अज्ञात लेखक) को शर्ट खसकुरा फ्रेजेज (१९८८ भन्दापूर्व) जस्ता ग्रन्थको प्रत्यक्ष भूमिका देखिन्छ।

(आ) आधुनिक काल

(१) नेपाली वाङ्मयको पृष्ठभूमि—

कुनै पनि भाषामा आधुनिक कोशको निर्माण स्वयंभू प्रक्रिया होइन। यसका लागि भाषिक सम्पन्नता र साहित्यिक संपन्नता पूर्वावश्यक मानिन्छन्। वस्तुतः संबन्धित भाषा र साहित्यको विशाल र उर्वर फाँट तयार भए पछि मात्र त्यसमा आधुनिक कोशको समृद्धि संभव हुन्छ। यसैले कुनै पनि भाषामा आधुनिक कोशको जन्म एकातिर आधुनिक कोशविधानका लागि अपेक्षित आधार भूमि उर्वर भएको संकेतक हो। यसबाट के प्रतीत हुन्छ भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संबन्धित भाषा र साहित्यमा आधुनिकताको उदयकाल आधुनिक कोशको अभ्युदयकाल हो । नेपाली आधुनिक कोशका सन्दर्भमा नेपाली भाषाले वि. सं. १९५८ मा गोरखापत्रको प्रकाशनसँगै आधुनिक साहित्यको विकासमा क्रमश: आधारभूमि तयार गरी विक्रमीय १९ सौं शताब्दीको चतुर्थ चरण पुग्दा नपुग्दै (भेट्दा नभेट्दै) आधुनिक साहित्यको शुभारम्भ गर्छ । यसमा प्रथमतः ऋतुविचार (१९७३) को प्रकाशनबाट आधुनिक नेपाली साहित्यको आधुनिक काव्य–क्षितिज देदिव्यमान हुन्छ भने अनि क्रमशः अन्य विधामा आधुनिकताका किरण चम्किन्छन् ।

(२) आधुनिक द्विभाषी र एकभाषी कोशको प्रकाशन

यसै पृष्ठभूमिमा नेपाली अनेकभाषी वा द्विभाषी कोशको सन्दर्भ लिएर नेपाली कोश परम्परामा आधुनिक कालको प्रवेश हुन्छ । नेपाली कोशको क्षेत्रमा नेपाली भाषाका अनुसन्धाता संस्कृतका विशेषज्ञ अंग्रेज विद्वान् प्राध्यापक सर राल्फ लिलीटर्नरको **नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोश** (A Comparative and Etymological dictionary of Nepali Language) प्रथमतः आधुनिक कोशका रूपमा उपस्थित हुन्छ । सन् १९३१ ई० मा लण्डनबाट प्रकाशित अन्दाजी २६ हजार शब्द भएको यो ग्रन्थ नेपाली कोशको बहुमूल्य रत्न हो । तुलनात्मक तथा व्युत्पत्तिपरक कोशको दृष्टिले यो ग्रन्थ आधुनिक आर्यभाषाको कोश परम्परामा नै अत्युत्तम मानिन्छ । यस संबन्धमा नेपाली कोशकार प्रा० बल्लभमणि भन्नुहुन्छ, ''सम्पूर्ण आर्यभाषाका यस परम्परामा निर्मित कोशहरूमा सर्वश्रेष्ठ ठहरिएको एक मात्र कोश टर्नरको **'ए कम्प्यारेटिभ एण्ड इटिमोलोजिकल डिक्सनरी अफ द नेपाली ल्याङ्ग्वेज** [सन् १९३१] हो''[८८] । नेपाली स्रोतभाषा र नेपाली लिपिमा नै नेपालीको शीर्षशब्द वा मूलप्रविष्टिविधान गरी रचिएको यो नेपाली—अंग्रेजी द्विभाषी कोशमा भाषा–वैज्ञानिक विवेचनाको प्रस्तावनाका निमित्त ध्वन्यात्मक दृष्टिले नेपाली शब्दको हिज्जेविधान गरिएको छ तापनि चन्द्रिका वा मध्यचन्द्रिकाको व्याकरण परम्परामा यो हुर्किएको कुरा कोशको पूर्वभागमा निबद्ध ग्रन्थ-सूचीले जनाउँछ । अर्को कुरा, यो सामान्य शब्दकोश नभई मूलतः व्युत्पत्ति-परक कोश भएकाले त्यसै परिप्रेक्ष्यमा यो मूल्यवान् ठहरिन्छ । उक्त क्षेत्रमा यसको योगदान अमूल्य रहेकाले यसलाई आधुनिक नेपाली अनेकभाषी कोशका क्षेत्रमा आधार स्तम्भ र आदर्शस्तम्भ मानिन्छ । यिनै विशेषतालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्षेपमा प्रकाश पार्दै भारतका प्रख्यात भाषाविज्ञ डा० भोलानाथ तिवारीले भनेका छन् "लगभग ३०–३५ वर्षको कठिन परिश्रमको फलस्वरूप यिनको प्रसिद्ध ग्रन्थ नेपाली कोश १९३१ मा प्रकाशित भयो। यसमा सबै नेपाली शब्दको व्युत्पत्ति दिने प्रयास गरिएको छ। साथमा भारतका प्रधान आर्य-भाषाका शब्द पनि तुलनाको लागि दिइएका छन्। कहीँ कहीँ युरोपेली भाषाहरूको पनि तुलनात्मक शब्द छन्। लगभग २०० शब्द मूल भारोपेली भाषाका दिइएका छन्। पुस्तक २१२ भाषाहरूका आधारमा लेखिएको छ। सबैले के स्वीकार गरेका छन् भने यो भारतीय आर्यभाषाहरूको प्रथम वैज्ञानिक नैरुक्तिक कोश हो।"[२९] नेपाली भाषाविद् तथा प्राज्ञ प्रा. डा. चूडामणि बन्धुले मिताक्षरमा यसको अमित उपादेयतालाई यसरी व्यक्त गर्नु भएको छ, "यो शब्दकोश नेपाली भाषाको लागि मात्र महत्त्वपूर्ण नभएर सम्पूर्ण आर्य-भाषाको तुलनात्मक अध्ययन गर्न पनि ठूलो सहयोग गर्छ।"[३०]

यसरी नेपाली तथा भारतका प्रमुख आधुनिक आर्यभाषाका कोश परम्परामा आधुनिक कोशहरूको विधान युरोपेली वा अंग्रेजहरूबाट भएको भेटिने हुँदा नेपाली आधुनिक कोशको आरम्भ पनि अंग्रेज विद्वान्‌बाट हुनु उति आश्चर्यप्रद भएन। तैपनि हिन्दी, बंगाली आदि नेपालीभन्दा निकै पूर्वविकसित भाषाहरूमा भन्दा उच्चतम नेपाली भाषाको कोश आधुनिक-कालको प्रारम्भमा नै हुनु चाहिं निकै गौरवमय कुरा हो।

अब क्रमसापेक्षतया आधुनिक नेपाली एक भाषी वा समभाषी कोशको चर्चा गर्नु वाञ्छनीय प्रतीत हुन्छ। यस सन्दर्भमा के अवधेय छ भने नेपाल र भारतका प्रमुख आर्यभाषामा प्रथमतः आधुनिक द्विभाषी कोशको निर्माण हुन्छ अनि मात्र एकभाषी कोशको विधान हुन्छ। उदाहरणार्थ, समृद्ध साहित्य परम्परा र सचेत विद्वत्परम्परा भएको बंगालीमा पनि प्रथमतः द्विभाषी कोश र त्यसपछि मात्र एक भाषी कोशको जन्म हुन्छ।"[३१] मैथिली, हिन्दी, गुजराती, आसामी आदि भाषामा पनि यही कुरा पाइन्छ। यसैले जसरी नेपाली भाषामा प्रथमतः द्विभाषी कोश वा कोशवत् कृतिको निर्माण हुनु कुनै अनौठो होइन, त्यसरी नै आधुनिक नेपाली कोशका सन्दर्भमा प्रथमतः द्विभाषी कोशको प्रकाशन हुनु कुनै अस्वाभाविक होइन। तर खुशीको कुरा के छ भने नेपा-लीमा आधुनिक द्विभाषी कोशसँगै एकभाषी बृहत् कोशको पनि अनुष्ठान सरदार राममणि आ० दी० को प्रयासबाट आरम्भ भएको थियो जसरी सन्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१९३१ मा टर्नरको नेपाली द्विभाषी कोश अन्दाजी २६००० शब्द संकलन लिएर प्रकाशित भएको थियो भने यसै सालमा मणिकोशको लागि २३४८३ शब्दहरू संचित भइसकेका थिए । दुर्भाग्यवश मणिकोश प्रकाशित हुन नसक्दा यसमा आधुनिक स्वरूप विधानको संकेत रहे तापनि पुस्तकाकारमा अप्रकाशन अनि यथार्थरूपको अनिश्चिति तथा आधुनिकताको अप्रत्याभूति एवं सत्यापनार्थ प्रत्यक्ष साक्ष्यको अनुपस्थिति र आधुनिक नेपाली भाषाको व्याकरणको रूपमा स्वीकृत चन्द्रिका वा मध्य-चन्द्रिकाको मार्गबाट केही विचलन जस्ता आधारभूत हेतुले गर्दा मणिकोशलाई आधुनिक एकभाषी कोशको पदवी दिन सकिन्न । फलतः आधुनिक गद्य साहित्यका सिद्धहस्त चक्रपाणि चालिसेको सम्पा-दनमा प्रकाशित बगली कोश (वि. सं. १९१८) बाट आधुनिक एकभाषी कोशको शुभारम्भ हुन्छ । यसैले आकारगत लघुता रहै पनि आधुनिक एकभाषी कोशको आरम्भबिन्दु बगली कोष (१९९८) मा नै दोस्रो संस्करण पनि भएको हो भने चक्रपाणि चालिसे यस किसिमका आधु-निक कोशकार हुन् । अतः यसबाट नै नेपाली एकभाषी कोशका क्षेत्रमा आधुनिकताको उद्घाटन हुन्छ । यसका अतिरिक्त यिनको नेपाली पर्यायवाची कोशको प्रकाशन र अर्को बृहत् नेपाली कोशको चर्चाले यिनी निर्विवाद रूपले आधुनिक नेपाली एकभाषी कोशको क्षेत्रमा आधुनिकताका प्रवर्तक सिद्ध हुन्छन् ।

यसरी विक्रमको उन्नाईसौं शताब्दीको अन्तिम चरणमा एकातिर नेपाली साहित्यमा आधुनिकताको उदय हुन्छ भने अर्कातिर त्यसैको पृष्ठभूमिमा नेपाली कोशले आधुनिक कालमा प्रवेश गर्छ । यसका लागि साहित्यिक पृष्ठभूमि जसरी सहायक बन्यो त्यसरी विदेशी विश्वविद्यालयमा नेपाली भाषा-को मान्यता, आधुनिक व्याकरण र पाठ्यपुस्तक तथा पाठक्रमको तर्जुमा, एस.एल.सी. बोर्डको गठन, राष्ट्रिय जागरण, स्वदेश र विदेशमा नेपाली जाति भाषा र साहित्यको प्रतिष्ठा र तिनमा प्रवासी नेपाली र विदेशीहरूको आकर्षण र उन्नयनमा समर्पण, शैक्षिक उद्‌बोधन र सामाजिक सचेतता जस्ता कारकहरू पनि प्रेरक बन्यो यिनै कारणले गर्दा नेपाली कोशमा आधुनिक-ताको सूर्योदय स्वाभाविकता प्रतीत हुन्छ ।

यसरी विक्रमीय बीसौं शताब्दीको अन्तिम चरणमा नेपाली साहि-त्यको आधुनिक कालसँगै नेपाली कोशको पनि आधुनिक काल प्रारम्भ हुन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र उत्तरोत्तर विकसित हुन थाल्छ । यस किसिमले अविरल गतिमा विकासमान नेपाली कोश परम्पराको बिशाल फाँटमा अनेकौं एकभाषी र अनेकभाषी कोशहरू सम्पादित र प्रकाशित भएका छन् । परिणामतः नेपाली एकभाषी कोशको मात्र पनि विशाल उद्यान बनिसकेको छ र विविध शाखा-प्रशाखाहरू फैलिई समृद्धि प्राप्त गरिसकेको छ ।

यसरी नै द्विभाषी कोश पनि व्यापक बनेर झ्यांगिएको छ । अतः नेपाली भाषासँग संबद्ध एकभाषी र अनेकभाषी कोशको पृथक पृथक् चर्चा गर्नु वाञ्छनीय देखिन्छ ।

अर्को कुरा, कुनै पनि भाषाका कोशको ऐतिहासिक विकासको चर्चा गर्दा एकभाषी कोश परम्परालाई विशेषतः सर्वेक्षण र विश्लेषण गरिन्छ किन भने तिनै एकभाषी कोश नै संबन्धित भाषाका वास्तविक र आधारभूत संपत्ति हुन् । यथार्थमा एकभाषी कोश नै संबन्धित भाषाको प्राण हो जसको अभावमा अन्य किसिमका कोशको कुनै प्रयोजन छैन । अतएव यस सन्दर्भमा पनि नेपाली कोशगत विकासक्रमका चर्चामा विशेष जोड दिनु अत्यावश्यक छ । यही कुरा विचार गरी नेपाली आधुनिक कोशको प्रस्तुत चर्चाका प्रसङ्गमा नेपाली एकभाषी कोशलाई विभिन्न विकासका चरणमा विभाजन गरी तिनको विश्लेषण र विवेचन गर्नु युक्तिसंगत देखिन्छ भने अनेकभाषी कोशहरूलाई सर्सर्ती पर्यवेक्षण गर्नु पर्याप्त ठहरिन्छ । यसैले यहाँ प्रथमतः ज्येष्ठताका आधारमा नेपाली आधुनिक अनेकभाषी कोशको ऐतिहासिक विकासक्रमको उल्लेख गरिन्छ र त्यसपछि चरणबद्ध रूपमा नेपाली आधुनिक एकभाषी कोशको चर्चा-परिचर्चा गरिन्छ ।

(३) नेपाली कोश परम्परामा आधुनिक अनेकभाषी कोशको विकास --

विदेशी विद्वान् राल्फ लिली टर्नरको कोशबाट नेपाली अनेकभाषी कोशका क्षेत्रमा आधुनिक कालको प्रवेश भएको कुरा माथि चर्चा गरिसकियो । यसरी विदेशी विद्वान्को नेपाली कोशका यस क्षेत्रका प्रथम प्रवेश पाइए तापनि यो क्षेत्र नेपाली विद्वान्हरूका लागि पनि अगम्य रहेन । परिणामतः नेपाली भाषा र साहित्यका प्रसिद्ध विद्वान् पुष्कर शमशेरको कुशल प्रयासबाट वि.सं. १९९३ मा अंग्रेजी नेपाली कोश (भाग १,२) संपादन भई ने०भा०प्र०स० को प्रकाशनमा नेपालमा नै छापिएर आधुनिक द्विभाषी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशका रूपमा प्रकाशित हुन्छ । यो कन्साइज अक्सफोर्ड डिक्सनरीको अनुवाद हो [३२] तापनि आधुनिक अंग्रेजी नेपाली द्विभाषी सामान्य कोशका दृष्टिले यो प्रथम ग्रन्थ ठहरिन्छ। वस्तुतः नेपाली लक्ष्यभाषात्मक द्विभाषी आधुनिक कोशपरम्परामा यो प्रथम कोश हो ।

अंग्रेजी भाषा र कोशका क्षेत्रमा अन्तरराष्ट्रिय ख्याति पाएका पुष्कर शमशेरको दक्षताले गर्दा यो कोश निकै गहकिलो र चहकिलो भएको तथ्य स्वीकारिन्छ । यसपछि प्रवासी र विदेशी विद्वानहरूबाट यस क्षेत्रमा थप प्रकाशन हुन्छन् । ए०डब्यू० कोर्नेलियसको **गोर्खाली इंगलिस डिक्सनरी** (१९४४ ई.) रोमनमा लेखिएको भए तापनि नेपालीबाट अंग्रेजीमा अर्थ दिएको कोशका दृष्टिले महत्वपूर्ण छ भने यिनको **इंगलिस डिक्सनरी** पनि पाइन्छ। यस परम्परामा क्याप्टेन एम०मिरण्डङ्कको **गोर्खाली ग्रामर र भोक्याबुलरी**, जनैक शिक्षाविद्को **सरल बंगला नेपाली पाठ** (१९५०ई.), पी. एम. प्रधान तथा एन०एन० प्रधानको स्टुडेन्ड स्टान्डार्ड डिक्सनरी(१९५१ ई.) तथा **स्टुडेन्ट पकेट डिक्सनरी** (सन् १९५७ मा दोस्रो संस्करण), मंगलानन्द शर्माको **षडभाषा भरणोपेता**(२०१३), पारसमणि प्रधानको **पकेट डिक्सनरी** जस्ता कोश वा कोशात्मक कृति पनि देखापर्दछन् । यसै गरी यस क्षेत्रमा सिंगापुरबाट डि०सी० फर्वेसको **गोर्खाली अंग्रेजी अंग्रेजी गोर्खाली-शब्दकोश** (१९५४ ई.) र एम मिरण्डङ्कको **बेसिक गोर्खाली डिक्सनरी** (१९५८ई.) प्रकाशित देखिन्छन् भने बनारसबाट एकदेव उपाध्याय ढकालको **एंग्लो नेपाली डिक्सनरी** (वि०सं० २०१३) द्विभाषी कोशका रूपमा र एम०पी० रेग्मीको **नेपाली, हिन्दी, अंग्रेजी, शब्दकोश** (२०१७) तथा कृष्णचन्द्र र पूर्णचन्द्र रेग्मीको **संस्कृत त्रैमासिक कोश** (२०१७) बहुभाषी कोशको रूपमा प्रकाशित पाइन्छन् ।

यसरी नेपाली कोशका क्षेत्रमा एकभाषी र अनेकभाषी कोशराशिको विकास र विस्तार भएको पाइन्छ । यस कालका कोशहरूको सूची यतिमैं सीमित छैन , अन्य कोशहरू पनि यस अवधिमा प्रकाशित भेटिन्छन् । **साङ्गंधरीय शब्दकोश**(२०११), र पन्नाप्रसाद जोशीको नेपालीमा अर्थ भएको **संक्षिप्तनेपालभाषा शब्दकोश** (२०१२); करूणाकर वैद्यको **नेपालभाषा नेपालीया शिक्षा** (२०१३) आदि यसका उदाहरण हुन् ।

यस सन्दर्भमा के उल्लेखनीय प्रतीत हुन्छ भने नेपाली अनेकभाषी कोशका क्षेत्रमा पनि एकभापी कोशमा झैं चरण विभाजन गरेमा टर्नरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोश प्रकाशनदेखि पारसमणि प्रधान तथा नगेन्द्रमणि प्रधानको दि स्टैचाण्डर्ड डिक्सनरी (अंग्रेजी–नेपाली) २०१८ भन्दा अधिको अवधिलाई आधुनिक कालको प्रथम चरण र त्यसपछि दोस्रो चरण मान्न सकिन्छ किनभने यस–कालमा एकातिर नेपाली द्विभाषी कोशका महान् विधायक वा कोशशिरोमणि पारसमणिको कोशविधानले परिपाक प्राप्त गर्छ र उश्चैत्व अधिगत गरी अर्को मोड लिन्छ भने अर्कातिर पुष्कर शमशेरको बृहत् अंग्रेजी नेपाली कोश भाग १,२ (१९६३) मा निहित अंग्रेजी एकभाषी कोशमा आश्रित उपजीव्यताबाट पनि नेपाली द्विभाषी कोशले स्वाधीनता प्राप्त गरी वास्तविक तथ्य र आधारभूत आवश्यकताका पृष्ठभूमिमा अधिकतम शब्दराशिमय कोशविधान हुन्छ । यस संबन्धमा अझ महत्त्वपूर्ण कुरा के छ भने यस काल–बाट नै विदेशी लक्ष्यभाषामा अंग्रेजीकेद्रित स्तरीय कोशविधानात्मक सीमा व्यापक भई हिन्दी, जापानी द्विभाषी वा अनेकभाषी कोश उन्मुक्त क्षेत्रमा उन्मुख भई सामान्य सीमाबाट विशेष विषय कोशको व्यापकतातिर लक्ष्यित भएकाले पनि यस समयदेखि दोस्रो चरणको आरम्भ मान्नु असंगत दृष्टिगोचर हुँदैन । यिनै सन्दर्भमा उपर्युक्त विशेषतालाई क्रमशः चिनाउने कोशतर्फ दृष्टि दिदा पारसमणिको 'द स्टयाण्ड डिक्सनरी (२०१८) लाई स्वायन्तता उत्कृष्टता र परिष्कारको प्रतिनिधि मान्न सकिन्छ भने कृष्णप्रसाद ढुंगानाको संक्षिप्त नेपाली हिन्दी कोष (२०१९), नाकामुराको नेपाली जापानी कोश (१९६५ ई.) ई०स० राविनोभिच तथा अन्यको नेपाली रुसी शब्दकोश (१९६८ ई०), अंग्रेजी भाषेतर लक्ष्यभाषोन्मुखी विस्तारका द्योतक हुन् । तर के विचारणीय छ भने अनेक भाषी वा द्विभाषी र बहुभाषी कोश–को विस्तारभूमि र आयामिक विविधता परिसीमित हुने हुनाले यस किसिम-को कोशलाई विविध चरणमा विनियोजन गर्ने व्यवस्था उति अपेक्षित र अपरिहार्य ठानिन्न जुन कुरा माथि चर्चा पनि गरिसकियो । तैपनि विवे–चनका क्रममा व्यवहारिकता, सुनियोजन र सुचारुता संनिधान हुने अपेक्षा राखी यहाँ यस किसिनको कोशलाई दोस्रो चरणमा राखी प्रस्तुत गरिएको हो ।

बहुमुखी विकास र क्षेत्र विस्तारमा यसरी नेपाली अनेकभाषी कोश अभिप्रेरित हुन थालेको यस कालमा नेपाली भाषा, साहित्य, कला; संस्कृति आदिको संरक्षण र संबर्द्धनका लागि स्थापित नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (पहिले, 'रायल नेपाल एकेडेमी')– को संलग्नता थपिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसकै फलस्वरूप नेपालका विविध भाषासँग संबन्धित अनेकभाषी कोशहरू यस संस्थाबाट प्रकाशित हुन्छन् । यस क्रममा प्रथमतः ईमानसिंह चेमजोङ-को **लिम्बू–नेपाली** अंगरेजी शब्दकोश (२०१८) प्रकाशित हुन्छ । यस कोशमा यस संस्थाले आगामी कोशप्रकाशनहरूको विज्ञापनमा 'गुरूङ–नेपाली अंगरेजी शब्दकोश' 'नेवारी–नेपाली अंगरेजी शब्दकोश' 'लाप्चा-नेपाली-अंगरेजीकोश' आदि विज्ञापन गरी नेपाली र नेपालीका निकटवर्ती विशेषतः भोटवर्मेली परिवारका भाषाहरूमा अनेकभाषी कोश प्रकाशन गर्ने तत्परता प्रकट गर्दै क्रमशः राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रिय अन्यभाषा वा जाति-भाषामा कोशविधान गर्ने संकल्प संकेत गरेको छ । परिणामतः वि.सं. २०१९ मा नेपाली कोशको सन्दर्भमा बालचन्द्र शर्माको **नेपाली शब्दकोश** प्रकाशित हुन्छ भने २०२६ मा तेह्र भाषाको कोश **पर्यायवाची शब्दकोश** प्रकाशित हुन्छ । यसै साल ईमानसिंह चेमजोङको अर्को कोश लाप्चा नेपाली अंगरेजी शब्दकोशको पनि प्रकाशन भएको पाइन्छ ।

अनेकभाषी कोशको यस सन्दर्भमा नेपाली र अंग्रेजी द्विभाषी कोशको क्षेत्रमा पनि स्वदेशी तथा विदेशी विभिन्न प्रकाशन संस्थाहरू प्रयत्न-शील पाइन्छन् । यिनमा ज्ञानप्रसाद शर्माको **मेरो साथी** (२०१६), अच्युत-बहादुर जोशीको **नेपाली अंग्रेजी शब्दज्ञान** (२०२०) र **नेपाली थ्रु इंगलिश** (२०२०) भी. उपाध्याय तथा अन्यको **लिटिल स्टयाण्डार्ड डिक्सनरी** (२०२०) कमलप्रसाद शर्माको **पूर्ण नेपाली–अंग्रेजी कोश** (२०२४), क्राम्बलको **भोक्याबुलरी लिष्ट**, एस. एफ. चेनको **कम्प्रिहेन्सिभ इंगलिश नेपाली डिक्सनरी** (१९६८ ई.), केशवलाल कर्माचार्य तथा पी. आर. वैद्यको **अजन्ता कम्प्रिहेन्सिभ डिक्सनरी** (२०२६) र चन्द्रलाल सिंहको **नेपाली टु इंगलिश डिक्सनरी** (१९७१) जस्ता कोश निकै महत्त्वपूर्ण मानिन्छन् । नेपाली एकभाषी तथा नेपाली–अंग्रेजी द्विभाषी कोशको समाहारक रूप-विधानद्वारा नेपाली कोशका क्षेत्रमा नव प्रवर्तन गर्ने अग्रसर र नेपाली कोशका साधक पारसमणि तथा नगेन्द्रमणि प्रधानको ठूलो नेपाली–नेपाली अंग्रेजी कोश (२०२८) नेपाली कोशको इतिहासमा अन्यतम उत्कृष्ट कृति ठहरिन्छ । यसले एकभाषी र द्विभाषी कोशको समन्वित अपेक्षा पूर्ति गर्ने अठोटमा नेपाली पाठकलाई सघाई उल्लेखनीय कार्य गरेको छ । यसपछि द्विभाषी कोशको यस क्षेत्रमा ने.भा.प्र.स.को उत्तराधिकारी संस्था साझा प्रकाशनले अंग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश (२०३३) प्रकाशन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरी कोशविधानात्मक उत्तराधिकारलाई प्रकट गऱ्यो। विद्वान् नरेन्द्रमणि आ. दी. को सम्पादनमा प्रकाशित यो ग्रन्थ संक्षिप्त भएर पनि कोशीय स्वरूपमा परिष्कृति थपेकाले तदनुरूप विद्वत्वर्गमा प्रतिष्ठित पनि भयो। यसरी नेपाली र अंग्रेजी द्विभाषी कोशका क्षेत्रमा स्वदेशी तथा विदेशी विद्वान् र संस्थाबाट विविध प्रयास भयो, तर संख्यात्मक अनुपातमा गुणात्मक समन्वयन भने अपेक्षणीय नै रहेको छ। यी कोशहरू सामान्य सन्दर्भकोश हुन्, यिनमा शाब्दिक चयन र अनुस्तरणका साथै आर्थी व्याख्याविधान, उदाहरण, चित्रांकन आदिमा तुष्टि मिल्दैन।

नेपाली राष्ट्रभाषा र अन्य राष्ट्रिय भाषाको विकास र प्रस्तुत चर्चाका प्रसङ्गमा के मननीय छ भने राष्ट्रभाषा नेपाली र नेपालका अन्य राष्ट्रिय भाषाको सर्वाङ्गीण विकास गर्न नेपाली र नेपालका अन्य भाषा भएको द्विभाषी वा बहुभाषी कोशविधान हुनु नितान्त आवश्यक मात्र होइन अपरिहार्य छ। नेपालका अन्यभाषा र नेपाली भाषा रहेको द्विभाषी कोश संबन्धमा केही कार्य ने. रा. प्र. प्र. र अन्य संस्थाबाट भए पनि नेपाली र नेपालका अन्य भाषा संबन्धी कोश भने नगण्य नै छन्। अर्को शब्दमा नेपालका भाषाहरू भएको नेपाली लक्ष्यभाषात्मक कोशको फाँटमा जे जति कोशविधानका प्रयत्न भएका छन् त्योभन्दा पनि कम कार्य नेपाली स्रोत भाषात्मक कोशका फाँटमा देखिन्छ। यसैले नेपाली राष्ट्रभाषा र नेपालका अन्य राष्ट्रिय भाषामा कोशसम्पादन गर्नु नेपाली द्विभाषी वा बहुभाषी कोशका क्षेत्रमा हाम्रा सन्मुख उपस्थित अहिलेको गम्भीर चुनौती हो। यस क्षेत्रमा भएका द्विभाषी कोशमा कृष्णप्रकाश श्रेष्ठको नेपाली नेपालभाषा शब्दावली (२०३५) र बहुभाषी कोशमा ने.भा.प्र.स.को पर्याय-वाची शब्दकोश (२०२६), गोकुलप्रसाद शर्माको शब्दसंग्रह (२०२२) आनन्द-रत्न वज्राचार्यको नमस्ते शब्दसंग्रह (२०४३) जस्ता कृतिले यस क्षेत्रको वस्तविकता (दशा) व्यक्त गर्छन्।

अब अर्का किसिमका अनेकभाषी कोशको चर्चा गरौं। स्पष्ट छ, आजसम्म पनि अंग्रेजी संबद्ध नेपाली अनेकभाषी कोशको नै प्राधान्य छ। तर पनि नेपाल र नेपालीको अन्तराष्ट्रिय क्षेत्रमा बढ्दो सहभागिताले गर्दा अन्त-राष्ट्रिय जगत्मा नेपालीको ख्याति दिनपरदिन विस्तारित भएको छ। परिणामतः सम्पर्क सुमधुर पार्न र घनिष्ठता सुदृढ बनाउन विश्वका अन्यभाषा र नेपाली तथा नेपालका विविध भाषामा अनेकौं कोशविधान हुनु आवश्यक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । यस क्षेत्रमा प्राथमिक प्रयास पारम्भिककालमा पनि[३३] देखन पाइन्छ तापनि वास्तविक आधुनिक कोशविधानका परिप्रेक्ष्यमा यस्ता कोशविधानको पृष्ठभूमि नेपालले संयुक्त राष्ट्रसंघमा प्रवेश गरेपछि विशेषत: विकास हुन थालेको पाइन्छ । यसैले अंग्रेजी, संस्कृत, नेपालका जातिभाषा र निकटवर्ती भाषाका अतिरिक्त अन्य भाषाका सन्दर्भमा द्विभाषी कोशको पहिलो कृति २०२२ मा प्रकाशित नाकामुराको नेपाली जपानी कोश ठहरिन्छ । तर अंग्रेजी भाषा केन्द्रित कोशविधानबाट उन्मुक्त आधुनिक द्विभाषी कोशको विकासारम्भ भने २०१९ मा प्रकाशित कृष्णप्रसाद ढुंगानाको संक्षिप्त नेपाली हिन्दी कोशबाट हुन्छ । यसरी यो परम्परा प्रारम्भ हुन्छ मने यस क्षेत्रमा इ० स० राविनोभिच, न० इ० कोरोलेभ तथा ल० आ० आगर्निनाको ३८०० शब्द भएको नेपाली रूसी शब्दकोश (२०३२) र कृष्णप्रकाश श्रेष्ठको २५०० शब्द भएको रूसी नेपाली शब्दकोश (२०३२) ले विकासका नयाँ आयाम थप्दछन् । यसैबीचमा केदारमान व्यथितको अंग्रेजी नेपली-जापानी शब्द भएको वर्ड बूक पनि निस्कन्छ । वि० सं० २०४१ मा एभालन साजो तथा सोमा पन्तको करिब ५३०० शब्दको फ्रेन्च नेपाली शब्दकोश यसै परम्परामा प्रकासित भएको छ र यसरी नै यस क्षेत्रका शब्दकोशहरू विकसित हुन थालेका छन् ।

नेपाली अनेकभाषी वा विशेषत: द्विभाषी कोशहरू सामान्य कोशीय क्षेत्रको सीमामा मात्र परिसीमित छैनन् र यी व्यावहारिक, प्राविधिक आदि विशिष्ट विषयक्षेत्रमा उन्मुक्त भइसकेका छन् । यसैले यस्ता क्षेत्रमा पनि विभिन्न कोश र पारिभाषिक शब्दावली निर्माण हुनु स्वाभाविक प्रक्रिया हो । यीमध्ये प्रथमत: कोशको चर्चा गर्दा २०४१ मा कानून र प्रशासनका फराकिलो क्षेत्र अँगालेको प्रशासकीय तथा कानूनी शब्दकोश (२०४१) प्रकाशित हुन्छ । यस्तै राजनीतिशास्त्र भूगोल, अर्थशास्त्र आदिमा पनि शब्दावली संकलित भएकाले यस क्षेत्रमा पनि कोशविधान चाँडै न हुने संकेत पाइएको छ । यस क्षेत्रमा ने० रा० प्र० प्र० ले २०४४ सालसम्म अर्थशास्त्र आदि ३८ विषयमा कोशविधान आरम्भ गरिसकेको तथ्य अवगत हुन्छ ।[३४]

प्रस्तुत विशिष्ट विषय तथा प्राविधिक क्षेत्रमा परिभाषिक शब्दाबली प्राथमिक आधार हो । विज्ञान, प्रविधि, संचार, आदि क्षेत्रमा भएको द्रुततर विकासको परिणामस्वरूप कम्तीमा पनि यस्ता शब्दावलीको अभावमा आजको युग विकासका विशाल क्षेत्रमा अलिकति पनि अगाडि पाइला सार्न सक्तैन । त्यसैले हाम्रो जस्तो देशमा यस्ता शब्दावलीको विकास पहिलो आवश्यकता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । यस सन्दर्भमा सैनिक सहयोग विभाग, औलो उन्मूलन संघ, अर्थ विभाग आदि श्री ५ को सरकारका विभिन्न निकायद्वारा प्रकाशित विभिन्न किसिमका शब्दसंग्रहहरूको विशिष्ट भूमिका देखिन्छ ।[३५] यसै क्रममा सैनिक शब्दावली श्री ५ को सरकारद्वारा २०२१ मा प्रकाशित सैनिक शब्दावली सैनिक क्षेत्रमा अंग्रेजी शब्दका लागि नेपाली शब्द दिने प्रथम प्रयास हो भने श्री ५ को सरकारबाट २०२६ मा प्रकाशित **रूपान्तर गरिएका शब्द** विशेष चर्चित अर्को कृति हो । यस दृष्टिले २०२४ मा प्रकाशित नर्मल क्याम्वलको **भोक्याबुलरी लिष्ट (कृषि)** को पनि कम्ती महत्त्व छैन । यस्तै कृतिमा डि० वी० श्रेष्ठको **ए गाइड टु कमन टर्मस् अन भेरियल सब्जेक्टस्** (२०३२), पुण्यप्रसाद ओलीको टोपो ग्राफिकल महाशाखाद्वारा प्रकाशित **प्राविधिक शब्दको अंग्रेजी नेपाली रूपान्तर** (२०३४-३ तिर), फणीन्द्रमान मल्लको **शिक्षा शब्दार्थ** (लियो २०३५), चित्रबहादुर तथा अन्यको **अंग्रेजी नेपाली पारिभाषिक शब्दावली** (२०३८) अनि चित्रबहादुर गुरुङ तथा केदार न्यौपानेको **प्राविधिक शब्दार्थावली** (२०३६) विशेषतया उल्लेखनीय देखिन्छन् ।

यहाँ के अवधेय छ भने नेपाल पनि भारतझैं ज्ञानविज्ञानका क्षेत्रमा अंग्रेजी भाषामुखी स्रोतमा लक्ष्यित छ र आफ्नो देशको राष्ट्रभाषामा त्यस् किसमका शब्दावली विधान गर्न संस्कृत भाषामयी अजस्र उद्गम स्रोतबाट पराङ्मुख पनि बन्न सक्तैन । यसैले उपयुक्त विभिन्न विषय क्षेत्रका शब्दावली नेपालका सन्दर्भमा अंग्रेजी नेपाली वा नेपाली अंग्रेजी द्विभाषी पृष्ठभूमिमा हुनु अपेक्षानुकूल प्रतीत हुन्छ । त्यसरी नै निहित शब्दावली आवश्यकतानुसार कतिपय अवस्थामा संस्कृतानुमयी वा संस्कृतानुप्राणित बन्नु परिणामानुगत रहेकोले कतिपय समधर्मी परिस्थितिमा एकैनासको शब्दावली पनि बन्न जानु यसैको परिणाम हो । अहिले विचार्य पक्ष के हो भने प्राविधिक वा ज्ञान-विज्ञानका विशिष्ट विषयका क्षेत्रमा बन्ने शब्दावली हाम्रो सन्दर्भमा प्रायशः उपर्युक्त द्विभाषी किसिमको हुने हुँदा यस क्षेत्रका शब्दावलीको निर्माणभूमि निकै उर्वर प्रतीत हुन्छ । यसै परिप्रेक्ष्यमा अचेल शब्दावली विधानको प्रक्रम गतिशील हुन थालेको छ । विभिन्न विषयका विद्वान्हरू यस क्षेत्रमा निकै सक्रियता देखाउन थालेका छन् ।

आधुनिक विश्वमा ज्ञान विज्ञानका विविध क्षेत्र दिनानुदिन समृद्ध र विशिष्टतम बन्दै गइरहेका छन् । यिनका प्रत्येक क्षेत्र र शाखा विशिष्टीकृत

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुँदैछन् । यसैले गर्दा कुनै पनि क्षेत्रमा दक्षता हासिल गर्न एकातिर विशिष्टीकरण अपरिहार्य सिद्ध भएको छ भने अर्कातिर व्यक्तिको क्षमताभिन्न समुद्दिष्ट क्षेत्रमा व्यापकतानिरपेक्ष ऐकान्तिक पक्ष मात्र अभ्युपगम्य बनेको छ । अतः एकै व्यक्तिमा व्यापकविषयको अभिज्ञता स्वीकार गर्न नसकिने हुनाले आधुनिक परिप्रेक्ष्यमा विशिष्ट विषयको कोशविधानमा वैयक्तिक प्रयत्नभन्दा संस्थागत प्रयास अधिकारिक र अभीष्ट मानिन्छ । वस्तुतः वर्तमान कोशविधान नै संस्थागत आयोजनामा जति सम्यक् र अभीष्ट बन्छ त्यति वैयत्तिक विधानमा विश्वास गर्न सकिदैन ।

यिनै विचार र दृष्टिकोणबाट अभिप्रेरित भएर नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान यस दिशामा अग्रसर हुँदैछ । यसकै मार्गनिर्देशन पाएर शिक्षा, सामाजिकशास्त्र, विज्ञान आदि क्षेत्रमा शब्दावली र कोशहरू द्रुतगतिमा विकासमान छन् । यही उद्देश्य अनुरूप भाषाविज्ञानको कोशबिधानमा 'नेपाल भाषा विज्ञान संघ' को संलग्नतामा भाषाविज्ञान शब्दावली तयार भएको छ भने यसको विषय कोशको निर्माणमा योजना तर्जुमा हुँदैछ । यस संबन्धमा वैयक्तिक प्रयास पनि उत्तिकै गतिशील हुनु आवश्यक छ । मुकुन्दशरण उपाध्यायद्वारा उनको 'नेपाली भाषा व्याकरण: प्रस्तावना र विवेचना' नामक पुस्तकमा विज्ञापित वृहत् हिन्दी नेपाली कोश जस्ता कृतिले यो क्षेत्र पनि निकै जागरिलो भएको लक्षण देखा पर्दछ । यसरी नै साझा प्रकाशन, जगदम्बा प्रकाशन जस्ता महत्त्वपूर्ण प्रकाशन संस्था र अन्य अनुसन्धान तथा प्रकाशन संस्था पनि सक्रिय भएमा नेपाली भाषाका विविध विषयमा भएको कोशीय ऊवरता शीघ्र नै उर्वरतामा परिणत हुनेछ ।

नेपाली द्विभाषी कोश तथा शब्दवलीको यस परिप्रेक्ष्यमा प्रसङ्गतः यसै समयका वहुभाषी कोशविधानमा पनि दृष्टिपात गर्नु अपेक्षित ठहरिन्छ । राष्ट्रभाषा, अन्तरराष्ट्रिय भाषा र राष्ट्रिय अन्यभाषा वा जातिभाषाका आ-आफ्नै विशेषता र वर्चस्व रहेकाले नेपालको सर्वाङ्गीण विकासको सन्दर्भमा त्रिभाषी र वहुभाषी कोशको स्थान सुदृढ ठहर्छ । यसैले ने० रा० प्र० प्रतिष्ठान प्रथमतः यसै क्षेत्रतिर प्रेरित पाइन्छ, यसैको संकेतक बनेर वि० सं० २०१८ मा ईमान सिंह चेमजोङद्वारा सम्पादित लिम्बू नेपाली शब्दकोश प्रकाशित भयो । यसै कोशमा अन्य त्रिभाषी कोश पनि विज्ञापित भए र पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लाप्चा नेपाली शब्दकोश (२०३६) को पनि प्रकाशन गऱ्यो । बहुभाषी कोशको यो परम्परामा ने० रा० प्र० प्र० ले पर्यायवाची शब्दकोश (२०३०) नामक तेह्र भाषात्मक कोश पनि प्रकाशन गरी भावातिरेकको समेत परिचय दिइसकेको छ ।

२०२७ सालतिर काठमाडौंमा कार्यरत समर इन्स्टिच्यूट अफ लिङ्ग्विष्टिकले पनि बहुभाषी कोशविधानको यस परम्परालाई अनुसरण गरेको देखिन्छ । तर यसको कोशप्रणयनमा अधिक भाषाको अभिसन्धानमा भन्दा कोशगत स्तरोन्नयनमा ध्यान केन्द्रित पाइन्छ । यसको उदाहरणमा यसद्वारा सन् १९७६ मा प्रकाशित गुरूङ् नेपाली इंगलिश डिक्सनरीलाई लिन सकिन्छ । यस्तै कोश खालिङ, कुलुङ, दनुवार राई, दराई भाषामा पनि बनाउने योजना यसको कोशसंबन्धी विज्ञापनबाट थाहा हुन्छ । यसबाट सम्पादित र प्रकाशित कोशहरू आधुनिक कोशविधानविज्ञानमा आधारित छन् । यस्तै किसिमका कोश अन्य विदेशी संस्थाबाट पनि प्रकाशित भेटिन्छन् । डब्ल्यू० डब्ल्यू० ग्लोभर तथा अन्यको प्यासिफिक लिंग्गुइष्टिक (अष्ट्रेलिया) बाट प्रकाशित गुरूङ् नेपाली अंग्रेजी शब्दकोश (१९७६) यसको उदाहरण हो । यसरी बहुभाषी कोश परम्परा अन्तर्गत यस्ता त्रिभाषी कोशका क्षेत्रमा आधुनिक कोशविधानका प्रविधि प्रयुक्त भएकोले यस क्षेत्रमा पनि उन्नयनका लागि प्रशस्त मलिलो आधारभूमि देखापर्छ । वस्तुतः अन्तराष्ट्रिय मञ्चमा राष्ट्रभाषा र राष्ट्रिय अन्य भाषालाई पनि उच्च किसिमले प्रस्तुत गर्न यस किसिमका बहुभाषी कोशको बहुमूल्य भूमिका रहन्छ, यो अवस्मरणीय तथ्य हो ।

यसरी नेपाली द्विभाषी र बहुभाषी कोशको ऐतिहासिक विचरण गर्दा के ज्ञात हुन्छ भने यस क्षेत्रका अंग्रेजी र नेपाली सामान्य कोश समेत उच्चारण, अर्थविधान, आयामिक विस्तार, (विपर्याय, उखान आदि) उदाहरण, चित्रांकन आदिका दृष्टिले विकासापेक्षी छन् । यसबाहेक, नेपाली र विदेशीभाषा, स्वदेशीभाषा अनि नेपालीका विविध भाषिका भएका नेपाली लक्ष्यभाषात्मक द्विभाषी कोशको क्षेत्रमा कतै कतै कोशविधानका प्रयास भएका छन् भने नेपाली स्रोतभाषात्मक द्विभाषी कोशका यिनै क्षेत्र अत्यन्त अनुर्वर छन् । यस्तै दशा नेपाली बहुभाषी कोशका क्षेत्रमा पनि परिलक्षित हुन्छ । अतः नेपाली शब्दकोशका यी क्षेत्र हाम्रा लागि चुनौतीपूर्ण छन् र यी क्षेत्रका उर्वरतामा नै हाम्रो प्रयास सफल हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(४) आधुनिक नेपाली एकभाषीकोश: प्रथम चरण-

आधुनिक एकभाषी कोशको प्रारम्भ बगली कोश (१९६८) बाट हुन्छ र यसबाट आरब्ध परम्परा बालचन्द्र शर्माको नेपाली शब्दकोश (१९१९) भन्दा पूर्वसम्म विस्तार पाएको प्रतीत हुन्छ। यस दृष्टिले यस अवधिलाई आधुनिक नेपाली एकभाषी कोशको प्रथम चरण भन्न सकिन्छ। यस कालका एकभाषी कोशहरू प्राय: लघु वा संक्षिप्त स्वरूपका छन्। यिनमा वर्णानुक्रममा आधारित प्रविष्टिको उद्देश भागमा शीर्षशब्दको व्यवस्था पाइन्छ भने विधेय भागमा व्याकरण निर्देश, यदा कदा विवृत्ति वा बीजक जस्ता प्राविधानको असचेत प्रयोग र प्रतिनिर्देश पाइन्छन्। यी विशेषता कोश विकासका महत्त्वपूर्ण पक्ष हुन्। यसरी कोशका कोशीय प्रविष्टिमा रहने शीर्षशब्द (मूल प्रविष्टि), हिज्जे, व्याकरण निर्देश, व्युत्पत्ति, अर्थ, निदर्शात्मक उदाहरण, प्रयोग, व्युत्पत्ति, सर्ग, विवृत्ति, बीजक, प्रतिनिर्देश आदि महत्त्वपूर्ण तत्त्वका सन्दर्भमा यी उपर्युक्त विशेषता यस कालका कोशमा उपलब्ध हुनु विकासशीलताको निर्देशन हो। यी कोशमा सामान्यतया समानक दिइएको पाइन्छ तर व्युत्पत्ति, शब्दस्रोत, परिभाषीकरण, व्याख्या, उदाहरण, उद्धरण आदिको भने कमी देखिन्छ। हिज्जे वा वर्तनी संबन्धमा यस कालका कोशहरूले सवर्णी व्यञ्जनभन्दा पूर्ववर्ती नासिक्य वर्णलाई तदनुसार नासिक्य व्यञ्जनमा गरेका छन्। जस्तै-माञ्छे, दण्ड, शङ्ख, सन्त, संबन्ध आदि। तर परिणत परवर्ती वर्ण य,र, ल, व, श, ष, स, ह, मा चाहिं अनुसारको प्रयोग गरिएको पाइन्छ। जस्तै- संवत्सर, अंश, संयोग आदि। यसबाहेक शब्दमा ह्रस्वदीर्घका वैकल्पिक व्यवस्था पनि दिइएको छ। जस्तै- दुई वा दुइ आदि। प्रविष्टिविधानमा एकातिर गौणप्रविष्टि, नीडन, संसक्त शब्दको उपवन्ध छैन भने अर्कातिर समरूपी शब्दमा क्रमाङ्कन गर्ने प्राविधान पाइँदैन। यस्तै गरी मूलप्रविष्टि वा शीर्षशब्द वा कोशिममा गरिने विवृत्ति र बीजकको व्यवस्थित नियोजनको अभाव यस चरणका कोशगत साझा पक्ष हुन्। वस्तुत: तत्कालीन परिप्रेक्ष्यमा कोशकारहरूबाट जे भयो त्यो नै अतीव श्लाघ्यकार्य हो। यस संबन्धमा नेपाली भाषा र साहित्यका अग्रणी विद्वान् तथा कोशकार प्रा० डा० वासुदेव त्रिपाठी भन्नुहुन्छ, "नेपाली कोशकारहरूको परिस्थिति बुझी उनीहरूका कमजोरी मात्र नआँल्याई उनीहरूको देनलाई बिर्सिनु हुन्न।[६६]

यस चरणका एकभाषी कोश वा कोशवत् कृतिहरूमा अर्जुन शम-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शेरको उखान संग्रह (रचना १९९४), चक्रपाणि चालिसेको अर्को कृति **नेपाली पर्यायवाची कोश (१९९८)**, पुष्कर शमशेरको नेपाली उखान टुक्का वाक्यांश वाक्यपद्धति इत्यादिको कोश (१९९८), रामचन्द्र ढुंगानाको संक्षिप्त नेपाली शब्दकोश (२००७) र उखानको वखान (२००७) पारसमणि प्रधानको नेपाली मुहावरा [१९५४ ई.], पारसमणि प्रधान र अमरमणि प्रधानको "नेपाली चल्ती उखान" [२०१३], सरोज कुमार शाक्यको ज्ञानरस्मि [२०१६], कृष्णचन्द्र अर्यालको **लौकिक न्यायमणिमाला** [२०१६], रत्नाकर देवकोटाको जुम्लेली शब्द र उखानसंग्रह [२०१७], अर्जुनदेव भट्ट र भीमदेव भट्टको **वैतडीका स्थानीय शब्द** [२०१८] आदि महत्त्वपूर्ण छन् । यिनमा **पर्यायवाची कोश** पर्यायकोशका दृष्टिले पहिलो स्थान राख्दछ भने जुम्लेली शब्द र उखान संग्रह[२०२७] र **वैतडीका स्थानीय** शब्द [२०१८] भाषिका कोशका क्षेत्रमा महत्त्व राख्ने कोशात्मक कृति हुन् । यस बाहेक यस कालमा उखान टुक्काका क्षेत्र निकै उर्वर रहेको तथ्य उपर्युक्त पुष्कर शमशेर, रामचन्द्र ढुंगाना, पारसमणि प्रधान, पारसमणि तथा अमरमणि प्रधान, कृष्णचन्द्र अर्याल र रत्नाकर देवकोटाका कृतिले पुष्टि गर्दछन् । यस्तै प्रथम उद्धरण कोशका दृष्टिले ज्ञानरश्मि [२०१६] को स्थान उत्कृष्ट मान्न सकिन्छ भने रत्नाकर देवकोटाको **जुम्लेली** शब्द र उखान **संग्रह** भाषिकाकोशोन्मुख पहिलो र गह्रुंगो कदम भन्न सकिन्छ । यसबाहेक चक्रपाणि चालिसेको अर्को कोश ग्रन्थ वृहत् नेपाली शब्दकोश पनि रहेको सूचनाले यस कालको कोशीय क्षितिज अरु व्यापक बनेको छ ।

५) आधुनिक नेपाली एकभाषी कोश: द्वितीय चरण

कोशीय विकास क्रममा संबन्धित वाङ्मयको विकासक्रमले गहिरो प्रभाव पारेको हुन्छ । आधुनिक नेपाली कोशको विकास क्रममा पनि नेपाली साहित्यमा आधुनिक कालको विकाससँगै सिर्जिएका साहित्यिक वातावरण र पृष्ठभूमिले प्रभाव पारेका थिए र त्यसैको पृष्ठभूमिमा आधुनिक नेपाली एकभाषी र अनेकभाषी कोशको विकाश भएको थियो । यो प्रक्रिया त्यसपछि पनि आफ्नो गतिमा अग्रसर रह्यो । उसमाथि तत्कालीन वातावरणमा छाएको राष्ट्रिय जागरण र उद्बोधनले गर्दा यसमा व्यापकता र तीव्रता थपियो । फलत: नेपाली वाङ्मय पनि समृद्ध बन्दै गयो । यसै क्रममा राष्ट्रिय समृद्धि र स्वतन्त्रताप्रति सचेत जनमानस पनि तयार भयो । परिणामत: राष्ट्रिय जीवनका विविध पक्षमा विकासका लहरहरू फैलिए ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी २००७ साल र त्यसका पूर्वोत्तर परिवेशका आलोकमा लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, लिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, भीमनिधि तिवारी, हृदयचन्द्र सिंह प्रधान, केदारमान व्यथित आदि मूर्द्धन्य साहित्यकारहरूले नेपाली भाषा र साहित्यका क्षेत्रमा त्रिविध आयाम र उन्मेष दिए। यसैक्रममा २०१४ सालमा रायल नेपाल एकेडेमीको स्थापना र २०१६ सालमा त्रिभुवन विश्व विद्यालयको स्थापना भई नेपाली भाषालाई स्तरीय र साझा भाषाका साथै शिक्षाको माध्यम समेत बनाउने सङ्कल्प लिएपछि नेपाली भाषाले प्राप्त गरेको गौरव र यसका विविध पक्षीय विकासको फलस्वरूप पहिलेको कोश अपर्याप्त भई[37] यस भाषामा कम्तीमा पनि एउटा गतिलो सामान्य शब्दकोश विधान गर्नुपर्ने आवश्यकता अनुभव हुन थाल्यो। यसै पृष्ठभूमिमा रायल नेपाल एकेडेमीको प्रकाशत्व र यसै संस्थाका भाइस चान्सलर बालचन्द्र शर्माको सम्पादकत्वमा 'नेपाली शब्दकोश,' २०१९ सालमा प्रकाशित भयो। यस कोशको प्रकाशन नेपाली आधुनिक एकभाषी कोशका इतिहासमा अत्यन्त महत्त्वपूर्ण ठहरिएको छ किनभने यो कोश तत्कालीन आवश्यकताको उपज मात्र नभई नेपाली कोशका इतिहासमा नयाँ चरणको आरम्भ पनि हुन गएको छ। करिब तीन वर्षको छोटो अवधिमा विधान गरिएको यो शब्दकोश आफ्ना समस्त पूर्ववर्ती कोशका तुलनामा विशाल भएकाले यो कोशको उच्चैस्त्व अर्को दृष्टिबाट पनि स्थापित हुन्छ। यस बाहेक अग्रज एकभाषी कोशका सन्दर्भमा यसको कोशविधानगत विभिन्न प्रविधि समेत अग्रगामी दृष्टिगत हुन्छ।

यसरी यो कृति नेपाली एकभाषी कोशको ऐतिहासिक विकासका सन्दर्भमा अविस्मरणीय र युगान्तकारी सिद्ध भएकाले यसका केही विशेषताहरूको चर्चा गर्नु प्रासङ्गिक नै ठहरिन्छ। यस क्रममा प्रथमतः शब्दसंख्यालाई लिई हेर्दा यो कोश पूर्ववर्ती कोशका सापेक्षतामा निकै संपन्न देखिन्छ किनभने बगली कोषमा पाइने अन्दाजी छ हजार र नेपाली संक्षिप्त शब्दकोशमा पाइने १६ हजार शब्द संख्याका सापेक्षतामा यस कोशमा करिब ६५ हजार शब्दसंख्या पाइन्छ। यो शब्दसंख्या नेपाली बृहत् शब्दकोश २०४० का तुलनामा पनि कम्ती मान्न सकिन्न।

यो नेपाली शब्दकोश प्रविष्टि क्षेत्रका दृष्टिले सामान्य शब्दकोश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । यसमा सामान्य परिधिभित्र नेपाली भाषाका विविध क्षेत्रलाई अगाल्ने प्रयास गरिएको छ । यस प्रयोजनका सन्दर्भमा 'नाना, बुइ' जस्ता बालबोलीमा त्यसको संकेत समेत गरिएको पाइन्छ । यसै गरी अरनी, आँसी, वेला, वेलौती' जस्ता क्षेत्रीय भाषिकाका शब्दको प्रविष्टि पनि छ, तर तिनको व्यवस्थित वर्गीकरण र संकेत भने हुन सकेको छैन । यसभन्दा पूर्ववर्ती कोशमा व्याकरण निर्देश र साधारण समानक दिइएकोमा यस कोशमा शब्दस्रोत, व्युत्पत्ति, परिभाषीकरण, व्याख्या, उदाहरण (प्रयोग) आदि राखिएका छन् । यी क्षेत्रमा नेपाली एकभाषी कोश अगोष्पद नै रहेको अवस्थामा यस किसिमको कार्य गर्नु अत्यन्त गौरवमय कुरा हो । यस्तै यसभन्दा अघि नेपाली कोशमा वर्णानुक्रमको नियम स्थिर हुन सकेको थिएन । बगली कोष जस्ता पूर्ववर्ती कोशमा अनुनासिक र पञ्चम वर्णको क्रम निश्चित हुन नसकेकोमा यस कोशले प्रचलित नेपाली वर्णानुक्रम सुदृढ गर्न सफलता प्राप्त गरेको पाइन्छ । यो पनि नेपाली कोशको ऐतिहासिक विकास क्रमका सन्दर्भमा नयाँ निदर्शन हो । यसका अतिरिक्त, यस कोशबाट नै प्रविष्टिमा विवृत्ति (ग्लो-सेज) र बीजक (लेबल) प्रयोग गर्ने क्रम प्रारम्भ हुन्छ । यस कोशमा रहेका 'अलंकार, डुक्रिनु' आदि शब्दमा विवृत्तिको उदाहरण पाइन्छ भने 'अरिमुठे, मेहदी, सूर्यमुखी' आदिमा बीजकको प्रयोग पाइन्छ ।

नेपाली कोश परम्परामा यसको अन्य उल्लेखनीय पक्ष के हो भने यसले पूर्ववर्ती नेपाली एकभाषी कोशले शब्दको हिज्जे वा वर्तनीमा सवर्णी व्यञ्जनभन्दा पूर्ववर्ती नासिक्य वर्णलाई त्यही परवर्ती वर्णवर्गानुसार नासिक्य व्यञ्जनमा परिणत गरी 'किरण्टोकी, कञ्चट, कञ्जूस, माञ्छे' आदि लेख्ने गरेकोमा यस किसिमको कृत्रिम परम्परालाई हटाई तत्सम (संस्कृत) शब्दमा मात्र तदनुकूल उपर्युक्त नियम अङ्गीकार गर्दै अन्य शब्दमा उच्चारण अनुसार हिज्जे लेख्ने परम्परा बसालेको छ । यसै गरी 'पंधेरो, पनेरो; बन्दकोपी, बन्दगोभी, बन्दकोवी' आदि शब्दको कथ्यभेद स्वीकारी यस्ता विभिन्न शब्द-लाई कोशमा समावेश गरिएको छ र 'बन्दी बन्दि; श्रेणी, श्रेणि' आदि शब्दमा पाइने ह्रस्व-दीर्घको वैकल्पिक व्यवस्थालाई पनि अनुमोदन गरिएको छ । यसबाट के स्पष्ट हुन्छ भने नेपाली एकभाषी कोशको इतिहासमा यो कोशको योगदान अत्यन्त उत्कृष्ट छ । अतः यस कोशबाट नेपाली एकभाषी कोशको दोस्रो चरणको आरम्भ मान्नु समुचित ठहरिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी यो कोशले नेपाली एकभाषी कोशका क्षेत्रमा दोस्रो चरण प्रारम्भ गर्छ र निकै लामो समयसम्म नेपाली कोश परम्पराको विकासमा सहयोग प्रदान गर्छ । यसभन्दा पूर्ववर्ती कोशहरू सीमित शब्द र परिमित कोशविधानका परिधिमा निर्मित भएकाले तिनको उपादेयता र प्रभाव पनि परिसीमित नै रहेको कोशात्मक पृष्ठभूमिमा यो कोशको शब्दसंख्या र नव-प्रवर्तन निकै प्रभावशाली रहेको पाइन्छ । परिणामतः यस कोशको प्रेरणामा नेपाली कोशको क्षेत्र निकै गतिशील पनि भयो । यस सन्दर्भमा कतिपय कोश-कार नेपालीका प्रशासनिक र प्राविधिक विभिन्न विशेष क्षेत्रतिर उन्मुख भए भने कतिपय सामान्य शब्दकोशको क्षेत्रमा अभिप्रेरित रहे । यसपछि जसरी द्विभाषी कोश देश–विदेशका विभिन्न भाषालाई अँगाल्दै व्यापक क्षेत्रतिर फैलन थाल्यो त्यसरी नै नेपाली एकभाषी कोश पनि सामान्य क्षेत्रका साथै प्रशासनिक, प्राविधिक, कानूनी आदि विभिन्न क्षेत्रमा विस्तारित हुन थाल्यो ।

यस क्रममा २०४० सालसम्म विभिन्न किसिमका कोशहरू प्रका-शित भए । परन्तु तिनमा कोशविधानका दृष्टिले नवप्रवर्तन र नौलो मोड दृष्टिगत नभई केवल प्रकारगत विविधता परिलक्षित भएकाले नेपाली बृहत् शब्दकोश (२०४०) को प्रकाशन नभएसम्म यस चरणको व्याप्ति कायम नै रहेको पाइन्छ । जब २०४० सालमा नेपाली बृहत् शब्दकोश प्रकाशित हुन्छ । अनिमात्र नेपाली कोशमा नयाँ प्रवृत्ति विकसित भई नेपाली कोश परम्पराले अर्को मोड लिएको दृष्टिगत हुन्छ । अतः यसपछि २०४० सालभन्दा अघि-सम्मका कोशहरूलाई यसै दोस्रो चरणमा राखी विवेचना गर्नु समुचित ठहर्छ ।

यस दृष्टिले कोशको चर्चा गर्दा यस चरणमा प्रथमतः विशेष क्षेत्रका कोशहरूलाई लिन सकिन्छ । यिनमा प्राविधिक क्षेत्रतिर पाइलो सार्दै २०२० सालमा केशवलाल कर्माचार्यको 'संक्षिप्त नेपाली शब्दकोश' प्रकाशित हुन्छ । यसमा संस्कृत, अंग्रेजी, अरबी, फारसी भाषाबाट नेपालीमा आएका शब्दलाई पनि सन्निवेश गरिएको छ । यसै गरी कानूनी क्षेत्रमा शंकर कुमार श्रेष्ठको नेपाली कानूनी शब्दार्थ संग्रह (२०३६) र टोपबहादुर सिंहको कानूनी शब्दकोश (२०३८) प्रकाशित हुन्छन् । यी दुवै कोशकार नेपाली कानूनका विद्वान् भएकाले यो कोश निकै उपलब्धिमूलक बनेका छन् । यिनमा पहिलो सानो खालको कोश हो भने दोस्रो चाहिं निकै संपन्न ठूलो कोश हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस चरणमा नेपाली कोशकारको ध्यानमाथि र्चाचत विशेष क्षेत्र-सँग संबन्धित विषय जगत्‌का विशिष्ट विभाग वा वर्गतिर पनि प्रवृत्त हुन्छ। २०२६ सालतिर रचना गरिएको प्रकाशमणि आ० दी० को फलफूल र तर्कारीको शब्दसूची यसैको द्योतक हो। यसका अतिरिक्त नेपाली शब्दभण्डारका विशिष्टतम पक्षमा पनि यस चरणका कोश केन्द्रित पाइन्छन्। नेपाली झर्रा शब्दका क्षेत्रमा बालकृष्ण पोखरेलको "उकुस–मुकुस" निबन्ध संग्रहभित्र संगृहित "झर्रो शब्द्‌ थैली" (२०२९) पाइन्छ भने ठेट नेपाली शब्दका क्षेत्रमा २०२६ तिर भरतमणि आ० दी० ले 'अनेक ठेट नेपाली शब्दहरूको सूची' तयार गरेको देखिन्छ। यिनमा "झर्रो शब्द्‌ थैली" कोशकारलाई नेपाली शब्दको अनमोल खानी निर्देश गर्ने कृति हो।

यसरी नेपाली एकभाषी कोश विविध क्षेत्रमा पुष्पित र पल्लवित भए तापनि यो चरणको आरम्भसम्म नै नेपाली भाषाको समरुपी, समध्वन्यात्मिकी, अनेकार्थी, विपर्याय शब्दका विशाल क्षेत्रमा पृथक् कोशविधान हुन सकेको थिएन। यस चरणमा आएर यस क्षेत्रमा पनि नेपाली कोशकारको ध्यान आकृष्ट हुन्छ। यस अवसरमा नेपाली समध्वन्यात्मिकी र समरुपी शब्दहरूको कोश सरिशब्द (२०२१) लिएर नेपाली भाषा र कोशका प्रकाण्ड विद्वान् महानन्द सापकोटाको प्रवेश भएको देखिन्छ। तर अनेकार्थी र विपर्यायवाची शब्दका क्षेत्रमा छुट्टै कोश अझसम्म प्रकाशित भएका छैनन्। यसैगरी व्युत्पादक शब्द, तुकशब्द संक्षेप र पारिवर्णी शब्द, संनिधानपरक शब्द, सापटी शब्द आदिका क्षेत्र पनि कोशविधानका दृष्टिले कालाबञ्जर नै छन्। यस बाहेक नेपाली भाषामा ग्रन्थकोश, शैक्षिक वा शिक्षार्थी कोश, प्रयोग कोश, साहित्य कोश आदि कोश ग्रन्थ पनि सिर्जना हुन बाँकी नै देखिन्छन्। तर उखान टुक्काका क्षेत्रमा भने मोतीराम युगदेखि नै कोशविधान प्रारम्भ भएको हो तापनि यस चरणमा पनि केही कृति कोशाकारमा प्रकाशित हुन्छन्। यस्ता कृतिहरूमा हर्षनाथ शर्माको नेपाली उखान टुक्का (२०२३) राममणि आ० दी० को ऊखान संग्रह (२०२७), कृष्णप्रसाद पराजुलीको उखान टुक्का र गाउँखाने कथा (२०३६) चूडामणि रेग्मीको नेपाली टुक्काहरूको अध्ययन मुख्य छन्। यिन मध्ये उपान्तिम कृतिमा उखान टुक्का र गाउँखाने कथाको सैद्धान्तिक र ऐतिहासिक परिचय तथा अन्तिम कृतिमा टुक्काको सैद्धान्तिक र ऐतिहासिक परिचय समेत भएकाले यी निकै गह्रकिला छन्। तर उखान संख्याका दृष्टिले राममणि आ० दी० को ऊखान संग्रह (२०२७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निकै माथि छ।

कुनै भाषिका वा अवभाषाका शब्द पनि संबन्धित भाषाका अमूल्य निधि हुन्। त्यसैले शब्दकोशको विकासक्रममा भाषिका अवभाषा आदि भाषिक भेदसँग संबन्धित शब्दकोशको विकास पनि अपरिहार्य मानिन्छ। वस्तुत; भाषिका आदिमा भाषाका अकृत्रिम वा सहज स्वरुप भेट्टिने हुँदा एकातिर भाषिक अध्ययनका लागि यिनको बेसी महत्व हुन्छ भने अर्कातिर भाषाको विकासमा पनि कच्चा वा आधारभूत सामग्री यिनै आपूर्ति गर्छन्। यसैले नेपाली कोशको विकासक्रममा यस्ता कोशको विकास नितान्त अपेक्षित भए तापनि नेपाली कोश परम्परामा यस किसिमको कोशविधानको प्रयास अर्जुनदेव भट्ट र भीमदेव भट्टको **बैतडीका स्थानीय शब्द** (२०१८)–मा पाइन्छन्। त्यसपछि यस चरणमा यो परम्परा विस्तारित भई अर्को भाषिका क्षेत्रसँग संबन्धित रत्नाकर देवकोटाको **जुम्लेली शब्द र उखान संगृह** (२०२७) प्रकाशित हुन्छ। यी बाहेक नेपाली कोश परम्परामा सिङ्गो भाषिका कोशको विधान वा सन्दर्भ कोशमा भाषिकाको व्यवस्थित संकेत पाइँदैन। यसैले नेपाली भाषिका वा अवभाषा आदिका क्षेत्रमा पृथक् र सम्यक् कोश-विधानको निकै खाँचो अनुभव गरिएको छ।

नेपाली भाषाको बाह्य र आन्तरिक स्वरुप बुझ्नाका लागि काल-क्रमिक कोशको निकै खाँचो हुन्छ। यसको अभाव हटाउन नेपाली कोशको यस चरणमा यस संबन्धी कुनै कार्य भएको पाइन्न तापनि व्युत्पत्तिपरक कोशका क्षेत्रमा भने नेपालीको निर्वचन (व्युत्पत्ति) क्षेत्रमा लब्धप्रतिष्ठ विद्वान् महानन्द सापकोटाको **नेपाली शब्द परिचय** (२०३४) नामक महत्वपूर्ण कृति प्रकाशित हुन्छ। यसले प्रो० आर० एल० टर्नरको नेपाली कोशका क्षेत्रमा भएको व्युत्पत्ति संबन्धी महनीय कार्यपछि हुन गएको लामो रिक्ततामा सेतुबन्ध गरेको छ र नेपाली कोशका क्षेत्रमा व्युत्पत्तिपूर्ण ऐतिहासिक बृहत् शब्दकोशको निर्माण गर्नुपर्ने खाँचोतर्फ निर्देशन गरी त्यसको विधानका लागि प्रेरणा पनि प्रदान गरेको छ।

नेपाली सामान्य वा सन्दर्भकोशका क्षेत्रमा यस बखत केही कोश-ग्रन्थ प्रकाशित भएका पाइन्छन्। तिनमा बृहत् कोशका क्षेत्रमा हर्षनाथ शर्माको **बृहत् नेपाली शब्दकोश** (२०२३)–ले प्रतिनिधित्व गरेको पाइन्छ भने लघु कोशका क्षेत्रमा पारसमणि प्रधानको **सानो नेपाली शब्दकोश**

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(२०३९) प्रकाशित हुन्छ । संस्थागत रूपमा प्रकाशित यस किसिमको कोश चाहिं सूर्यविक्रम ज्ञवालीको सम्पादकत्वमा ने. रा. प्र. प्र. बाट प्रकाशित संक्षिप्त नेपाली शब्दकोश (२०४०) हो । यी कोशहरूले नेपाली कोश परम्परालाई अक्षुण्ण राख्न ठूलो योगदान गरेको पाइन्छ । कोशविधानका दृष्टिले भने अतिरिक्त आयाम, नवप्रवर्तन वा विशेषता यिनमा प्रतिष्ठित भेटिन्न । यसरी यी कोशमा बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९)–का प्राप्तिभन्दा उत्कृष्ट र व्यतिरेकी प्रवृत्ति उपलब्ध नभएकाले यी कोशहरूलाई आधुनिक कोशको यसै चरणमा राख्नु उपयुक्त ठहरिन्छ ।

(६) आधुनिक नेपाली एकभाषी कोश: तृतीय चरण

नेपाली समभाषी वा एकभाषी कोशको विकासक्रममा तेस्रो चरण आजसम्म विकसित महत्त्वपूर्ण र अन्तिम चरण हो । यस चरणको आरम्भ २०४० सालमा 'नेपाली बृहत् शब्दकोशको प्रकाशनबाट मान्नु उपयुक्त ठहरिन्छ किनभने यसले नेपाली कोशविधानका क्षेत्रमा अर्को नव क्षितिज खोजी गर्न पाइला सारेको देखिन्छ र यसको पृष्ठभूमि २०१७ भन्दा उत्तरवर्ती नेपाली साहित्यको लामो परम्पराले सिञ्चित पाइन्छ । यसबाहेक यसले नेपाली कोशपरम्परामा आधुनिक कोश प्रकाशन भएको चारौं दशकको दीर्घकालीन परिपक्वतापछि नेपाली भाषा, संस्कृति र साहित्यको उन्नयनका लागि संस्थापित उच्चसंस्था नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको रजतजयन्ती र यसै संस्थाबाट बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९) प्रकाशन भएको २० वर्षपछि सम्पादित र प्रकाशित हुने महान् अवसर प्राप्त गरेको-ले यसको भूमिका अझ विशिष्ट ठहरिन्छ । यसैगरी यसले एकातिर उच्च-संस्थाबाट प्रकाशित पहिलो नेपाली बृहत् शब्दकोश हुने गौरव प्राप्त गरेको छ भने अर्कोतिर नेपाली भाषा र साहित्यका महारथीहरूको सम्पादन कलामा हुर्कने महान् सौभाग्य प्राप्त गरेको छ ।

यसरी यस चरणको समारम्भक नेपाली बृहत् शब्दकोश (२०४०) ठहरिन्छ भने नेपाली कोशविकासको सन्दर्भमा यो नै यस चरणको केन्द्र-बिन्दु पनि ठहरिन्छ किनभने यस कोशको हाराहारीमा उभिन सक्ने अर्को कोश यस चरणमा आजसम्म प्रकाशित हुन सकेको छैन । अत: यसैको आलोकमा यस चरणका कोशविधानपरक विभिन्न पक्षमाथि दृष्टिपात गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकिने हुँदा प्रथमतः यस कोशका संबन्धमा चर्चा गर्नु समीचीन प्रतीत हुन्छ ।

नेपाली कोशपरम्परामा नेपाली बृहत् शब्दकोश (२०४०) प्रविष्टि क्षेत्रका दृष्टिले सामान्य शब्दकोश हो भने प्रयोजनका दृष्टिले सन्दर्भ कोश हो । यस किसिमको कोशमा संबन्धित भाषाको समकालीन व्यापक शब्दसम्पदालाई समाहार गरिने हुँदा यसमा कोशीय एकाइको चयन अत्यन्त विस्तृत क्षेत्रबाट गरिएको हुन्छ । यसैले यस किसिमको कोशविधानमा भाषाका मौखिक (अलिखित) र लिखित दुवै स्रोतसँग संबद्ध सामग्री चयन गरिन्छन् । प्रस्तुत कोशको संबन्धमा पनि यस किसिमको व्यापक क्षेत्र सम्पादकीयमा उल्लेख गरिएको छ, "प्रस्तुत शब्दकोशमा भाषिक व्यवहार र वाङ्मयका विभिन्न फाँटमा प्रचलनमा आएका नेपाली शब्दहरू दिने प्रयास गरिएको छ । तर यसै कोशको पूर्वभागमा प्रयुक्त 'परिक्रमानिधि' रेडियो, अखबार आदिमा अनवरत रूपमा प्रयोग हुने राडार आदि पनि चलनचलतीका बेह्रुला गुहेसरो, शोभा आदि प्रसिद्ध शब्द यसमा नहुँदा प्रस्तुत सन्दर्भकोशको व्याप्ति अत्यन्त सीमित देखिएकाले यसको क्षेत्र विस्तारापेक्षी देखिन्छ भने 'पवि' जस्ता शब्दको प्रवेशमा सीमापेक्षी पनि ठहरिन्छ । यसै गरी स्रोतमा निर्भर हुने हुँदा त्यस्ता स्रोतबाट सामग्री संकलन गर्ने सूचक र संग्राहकको सुव्यवस्था र यस किसिमका सामान्य वा सन्दर्भकोशमा प्रविष्टि दिइने विभिन्न भाषिका वा भाषिक भेदको व्यवस्थित वर्गीकरण आदि तथा तदनुरूप संकलन विधिसमेत निर्देश गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका प्रविष्टिगत एकाइहरू यस संबन्धी सुव्यवस्था र वर्गीकरणको साक्ष्य दिन सक्तैनन् र भूमिकाखण्डमा पनि यसको सूचना छैन । अतः यसको प्रविष्टिचयन विशेषतः पूर्ववर्ती कोशीय उपजीव्यतामा आश्रित पाइन्छ । परन्तु यस शब्दकोशको मूलभागमा लुलु, भ्रात्य, माम, बेलीती. महर्वा, माइक्रोवेभ, पिउरो, फुलुङ, रूपी आदि विभिन्न क्षेत्रका शब्दको प्रविष्टिविधान हुनु प्रशंसनीय कार्य हो ।

यो शब्दकोशले प्रविष्टि अनुक्रममा आफ्नो अग्रज नेपाली शब्दकोश (२०१९) को पद्धतिलाई नै विशेषतः स्वीकारेको छ । तर ॠ, ऌ, ॡ वर्णको प्रयोग नेपाली भाषामा नहुने भएकाले ती वर्णलाई यसमा हटाइएको छ । यस सन्दर्भमा महत्त्वपूर्ण उपलब्धि के हो भने प्रविष्टि विन्यासको यस अनुक्रमलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संक्षेपमा नै भए पनि कोशको पूर्वभागमा संलग्न गरी प्रयोक्तालाई सुनिश्चित मार्ग निर्देश गरिएको छ ।

आधुनिक कोशविज्ञानका दृष्टिमा यस कोशको अर्को उल्लेखनीय विशेषता समरूपी शब्दको प्रविष्टिविधान हो । वर्तमान कोशविधानअनुसार यस्ता शब्दको प्रविष्टिविन्यास गर्दा प्रत्येक समरूपी शब्दलाई पृथक् प्रविष्टि दिइन्छ र प्रविष्टिक्रम जनाउन यस्ता शब्दको अघिल्तिर वा पछिल्तिर १,२ आदि गरी मसिनो अंक दिइन्छ । यस कोशले पनि साल१; साल२, साल३; गरी यसै प्रविधिलाई अंगीकार गरेको छ । यस दृष्टिले काम २ (योनाथमा समेत) प्रविष्टि समीचीनताका दृष्टिमा आलोच्य प्रतीत हुन्छ तापनि नेपाली शब्दकोश (२०१९)–सम्म पनि यो प्रविधि अनुसरण नगरिएकोले नेपाली कोश परम्परामा यो यस कोशको नवप्रवर्तन हो र नयाँ चरणको अभिसार पनि हो ।

यसै गरी प्रविष्टि विधानका क्षेत्रमा यस शब्दकोशको कोशविधान–परक नौलो विशेषता गौणप्रविष्टिको व्यवस्था हो । यसमा भाषाका मूल र व्युत्पन्न जस्ता यावत् शब्दराशिलाई मुख्य प्रविष्टि वा शीर्षशब्दमा नराखी तिनमा शब्दगत, अर्थगत र स्थानगत अनावश्यक आकृति र अपव्यय रोक्न संबन्धित शब्दलाई गौण प्रविष्टि दिइएको छ । यो व्यवस्था बालचन्द्रको नेपाली शब्दकोश (२०१९) मा पनि नभएकोले यो पनि नेपाली कोशपर-म्परामा प्रस्तुत कोशको अतिरिक्त विशेषता हो । तर मानवता, फिर्तो, बेहुली, अघसन कतिपय शब्दहरूमा गौण प्रविष्टि नभएको, उखान टुक्काको प्रविष्टि नगण्य रहेको, संसक्त शब्द (run-on-words) को उपबन्ध हुन नसकेको आदि कारणले यो प्रविष्टिको व्यवस्था पनि शिथिल हुन गएको छ ।

प्रस्तुत चर्चाका अवसरमा यस कोशको व्युत्पत्ति पक्षमाथि पनि विचार गर्न सकिन्छ । नेपाली कोश परम्परामा टर्नरको व्युत्पत्तिपरक कोश आधुनिक कालको प्रारम्भमा नै जन्मेकाले यस क्षेत्रमा नेपाली कोशको जग निकै सुदृढ पनि पाइन्छ । फेरि नेपाली बृहत् शब्दकोश (२०४०) को प्रकाशन कालसम्म यस क्षेत्रमा नेपाली शब्दकोश (२०१९) र नेपाली शब्दपरिचय (२०३४) ले समेत प्रवेश गरिसकेका हुन्छन् । यस पृष्ठभूमिमा पनि नेपाली शब्दकोश (२०१९)का पद्धतिमा नै विशेष निर्भर रहेकाले यो कोश यस संबन्धमा पुरोगामी बन्न सकेको छैन । यो क्षेत्र अध्यवसायगम्य साधना-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साध्य र निष्ठासंपाद्य भएको तथा नेपाली भाषाका साधनालीन विद्वान् महानन्द सापकोटालाई समेत दुरूह भएकोले गहनतम हुनु स्वाभाविक हो। यसैले गर्दा यस कोशको कत्ला, चदुवा आदि कतिपय प्रविष्टिमा व्युत्पत्ति अनिर्दिष्ट तथा अनिचित पाइन्छ भने फिरङ्ग, सम्मर, घल्चा आदिका व्युत्पत्ति निर्विवाद्य छैनन्। अत: आधुनिक कोशविज्ञानको महत्त्वपूर्ण विशेषतालाई परिहार नगर्नु यसको वैशिष्ठय हो।

कोशको विशिष्ट क्षेत्र हिज्जे वा वर्तनीको सुनियोजन हो। यस संबन्धमा नेपाली बृहत् शब्दकोश (२०४०) को सिद्धान्त पक्ष हो –"प्रस्तुत कोशमा शिष्ट परम्पराका मान्य स्वरूपलाई नै स्वीकार गरी एकाध कुरामा हाल देखापरेका नयाँ सहमतिका कुरालाई पनि वैकल्पिक रूपमा प्रयोग गरिएको छ।" फलत: संस्कृत तत्सम बाहेक अन्य आगन्तुक शब्दका मात्रा (ह्रस्वदीर्घता), सकार जस्ता नेपालीमा अव्यतिरेकी देखिएका वर्णहरूको सरलीकरण भएको छ र अनुस्वार तथा पञ्चम वर्णको द्विधा प्रयोग हुने शब्दमा नेपाली उच्चारण निर्णायक भएको छ। यी नेपाली शब्दकोश (२०१९) भन्दा यसका अग्रगामी महत्त्वपूर्ण पक्ष हुन्। यस्तै यस कोशमा अन्य नियमहरू यो हिज्जेका संबन्धमा प्रतिपादित छन्। तिनमा विधानका दृष्टिले संख्यावाची शब्दको नियम सरलीकृत हुन सकेको छैन। यस सन्दर्भमा अर्को विचारणीय पक्ष के हो भने यसमा अङ्गीकृत कतिपय नियमहरू अनुप्रयोगका दृष्टिले निकै उपेक्षित छन्। उदाहरणार्थ कोशमा 'नतीजा, नतिजा' दुबै रूपको एकातिर प्रविष्टिविधान पाइन्छ भने अर्कोतिर 'तरिका' को मात्र प्रविष्टिविधान पाइन्छ, 'तरीका' को पाइन्न यसै गरी चिह्न लेखिने नियम अंगीकृत गरिएको छ तर प्रविष्टिमा 'चिह्न' गरिएको छ। परन्तु तत्सम शब्दमा उच्चारणानुसारी पञ्चम वर्णको प्रयोग गर्ने र आगन्तुकमा सरलीकरण गर्ने नियमविधान नेपाली शब्दकोश (२०१९) भन्दा यसको अग्रगामी महत्त्वपूर्ण पाइला हो।

कोशको मुटु अर्थविधान हो। यसका लागि मुख्यत: व्याख्या, विवेचना, परिचय राखी परिभाषीकरणका साथै पर्याय विपर्याय (विपरीतार्थी), विवृत्ति, बीजक, उदाहरण चित्रांकन जस्ता विधि प्रयुक्त छन्। नेपाली बृहत् शब्दकोश (२०४०) यस क्षेत्रमा निकै अग्रगामी ठहरिन्छ, किनभने यसमा अर्थविधानका व्यापक विधि अगाँलिएका छन्। यस संबन्धमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सम्पादकीयमा पनि भनिएको छ -"शब्दको अर्थ लेख्ता छोटकरीमा परिभाषित गर्ने वा व्याख्या गर्ने यथासम्भव प्रयास गरिएको छ। उही पर्यायहरू विभिन्न अर्थमा दोहोरिने खण्ड परेमा कतै आदिवाची इ० चिन्ह दिएर सङ्क्षेपीकरण पनि गरिएको छ। अत्यावश्यक देखिएमा शब्दमा विपरीतार्थी रूप पनि देखाइएको छ। शब्दको अर्थ दिदा सर्वतिर उदाहरण दिइएको छैन तापनि अत्यावश्यक ठाउँमा उदा० संकेत गरी उदाहरण यथासंभव समाविष्ट गरिएको छ।" यस परिप्रेक्ष्यमा यस कोशको अर्थविधानमाथि विचार गर्दा यसले परिभाषीकरण, पर्याय, बीजक र विवृत्तिमा नेपाली शब्दकोश (२०१९) द्वारा स्थापित परम्परालाई उद्दीपन गरेको पाइन्छ भने विपर्याय र द्विविध उदाहरणमा नयाँ परम्परालाई उद्भावन गरेको भेटिन्छ। तर यसमा पनि नेपाली शब्दकोश (२०१९) मा जस्तै विवृत्ति तथा बीजकको व्यवस्थित र ज्ञातप्रयोग गरिएको छैन र चिह्नांकन विधिको उपयोग नै भएको छैन।

यसै गरी यस कोशमा परिभाषीकरणका दृष्टिले पृथ्वीनारायण शाह, मान्छेको भाँडो, जाजिया आदि केही प्रविष्टिहरू अपूर्ण र परिष्कारापेक्षी छन् भने अनेकाश्रय जस्ता प्रविष्टिमा विपर्यायविधान आदि पनि असवर्ण र प्रतिसंस्कृतापेक्षी पाइन्छन्। परिभाषीकरण र पर्यायमा अर्थच्छायाको अभिसन्धान भने यस कोशको अतीव उल्लेख्य पक्ष हो।

आधुनिक कोशविज्ञानका दृष्टिले कोशमा उदाहरणको स्थान विशिष्ट छ। यसले कोशीय एकाइको अर्थ पुष्टि गर्न, अर्थविभेदीकरण गर्न, अर्थच्छाया प्रकट गर्न, र कपोलकल्पित अर्थविधान रोक्न सहयोग गर्ने भएकाले कोशमा यो उद्धृत र निर्मित दुवै किसिममा प्रयोग गरिन्छ। प्रस्तुत नेपाली बृहत् शब्दकोश (२०४०)मा उदाहरणको महत्त्व संझी यी दुवै किसिमका उदाहरणको छिटपुट प्रयोग गरिएको छ। तर तुलनात्मक दृष्टिले उत्कृष्ट मानिने 'उद्धृत उदाहरण चाहिं यस कोशको 'प्याउली' जस्ता प्रविष्टिमा नमूनाका रूपमा छन्। निर्मित उदाहरण अघिल्लाको सापेक्षतामा निकै न पाइन्छ तापनि 'संन्यस्त' आदि प्रविष्टिमा पाइने "उहाँ अचेल राजनीतिबाट सन्न्यस्त हुनुहुन्छ" जस्ता उदाहरण कृत्रिम प्रतीत हुन्छन्। अनि 'चम्पू' प्रविष्टिमा दिइएको उदाहरणलाई यस किसिमको कोशीय प्रयोगात्मक उदाहरणमा सम्मिलित गर्न सकिंदैन। यसरी यथेष्ठतार औचित्यका पक्षमा जे जस्तो भए तापनि यो शब्दकोशले उद्धृत उदाहरण प्रस्तुत गर्ने जुन अग्रसरता देखाएको छ, त्यो अतीव स्तुत्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ। वस्तुतः बृहत् शब्दकोश भनिएर पनि उदाहरण प्रस्तुत नगरिने परम्परा भएको नेपाली कोश जगत्मा यसले नमूनाको लागि दुवै किसिमको कोशीय उदाहरण दिएको छ र नयाँ उदाहरण बनेको छ।

तथ्य कोशको जीवन हो। तथ्यका दृष्टिले ऐतिहासिक परिशुद्धिका संबन्धमा नेपालका इतिहासविद् ज्ञानमणि नेपालले प्रस्तुत कोशको समीक्षा गर्नु भएको छ। नेपाली[३८] र 'रोलम्ब'[३९] पत्रिकामा प्रकाशित उहाँको समीक्षामा यस कोशको 'कोका, चाँगुनारायण, पृथ्वीनारायण शाह, प्रतापमल्ल, जजिया' आदि प्रविष्टिमा पाइने अशुद्धिहरूको परिष्कारार्थ निर्देश गर्नु भएको छ जुन महत्वपूर्ण सुझावको रूपमा अत्यन्त मननीय छ।

यसरी हेर्दा यस कोशका कोशविधानपरक र विषयपरक दुवै क्षेत्रमा केही परिष्कार अपेक्षीत ठहरिन्छ तापनि नेपाली कोश परम्परामा यसको योगदान महनीय सावित हुन्छ किनभने यसले कोशविधानका विविध पक्षमा नेपाली कोशलाई उच्चता प्रदान गरेको छ। नेपाली कोशको इतिहासमा यस कोशले कोशीय प्रविष्टिविधानका क्षेत्रमा मूल र गौण वा सहायक प्रविष्टि आदि आधुनिक प्रविधिलाई अँगालेको छ भने अर्थविधानका सन्दर्भमा परिभाषीकरण र पर्यायलाई अर्थच्छायाले अभिनन्दन गर्दै उद्धृत उदाहरण समेत अभिसन्धान गरेको छ। यसरी यसबाट स्पष्ट हुन्छ, नेपाली कोशका इतिहासमा यस कोशबाट नयाँ क्षितिजको आविष्कार हुन्छ र नेपालीकोशले नयाँ चरणमा प्रवेश गर्छ। यहीँ नै नेपाली कोशको इतिहासमा यसबाट प्रधिगत गरिएको गौरवमय उपलब्धि हो।

नेपाली एकभाषी कोशको यो तेस्रो चरणमा अन्य एकभाषी कोशहरू पनि निर्माण र प्रकाशित हुन थालेका छन्। तिनमा सामान्य क्षेत्रमा अनुभवी उपप्राध्यापकको सरल नेपाली शब्दकोश (२०४५), उखान टुक्का संबन्धी कोशका क्षेत्रमा हीराबहादुरको नेपाली टुक्का चुट्किलाहरू र ज्ञानका क्षेत्रमा कृष्णप्रसादश्रेष्ठको स्थाननाम कोश (२०४४) (२०४२) प्रकाशित पाइन्छन् भने सामान्य र भाषिका कोशका क्षेत्रमा हीरामणि शर्माको बोटे भाषाको शब्दकोश तथा मुकुन्दशरण उपाध्यायका कोशहरू प्रकाशोन्मुख देखिन्छन्।[४०] यसै गरी नेपाली शैक्षिक कोशका क्षेत्रमा पनि कोशविधान हुँदैछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संप्रति, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान पनि कोशविधानका विविध क्षेत्रमा अझ विशेष सक्रियतासाथ संलग्न हुन थालेको छ। माथि उल्लेख गरिसकिएको छ, जसरी द्विभाषी कोशविधानका क्षेत्रमा ने०रा०प्र०प्र०ले विशेष तत्परता देखाएको छ त्यसरी नै एकभाषी कोशका क्षेत्रमा पनि यो संस्था अग्रसर भएमा नेपाली कोशको विकासमा यसको योगदान अतुलनीय रहने छ। वर्तमान सन्दर्भमा आधुनिक कोशविज्ञानमा आधारित नेपाली ऐतिहासिक कोशको विधान नितान्त आवश्यक भएकाले यस क्षेत्रमा यस किसिमका उच्च संस्थाहरूको भूमिका अपेक्षित हुने कुरा स्वतः सिद्ध छ। यस क्षेत्रमा यस्ता संस्थाहरूको ध्यानाकर्षण नभएमा यस किसिमका गरिमामय अनुष्ठानको सफलता असंभव छ किनभने संस्थागत प्रयास विना व्यक्तिगत प्रयासबाट यस्ता आधुनिक कोशको विधान सुदुष्कर ठहरिन्छ। यसै गरी साझा प्रकाशन, मदन पुरस्कार गुठी, त्रिभुवन विश्वविद्यालय तथा अन्य भाषासेवी र प्रज्ञासेवी संस्थाहरूको नेपाली कोशका क्षेत्रमा गहकिलो योगदान नितान्त अपेक्षित छ। यसो भएमा नै नेपाली कोशको विशाल क्षेत्रमा विकासका अभियानहरू गतिशील हुन्छन् र नेपाली कोशको क्षेत्रमा रहेका विविध अभावका खाडलहरू चाँडै पुरिन सक्छन्। यसैले यस्ता संस्थाहरूले यस क्षेत्रमा आ–आफ्नो प्रभावकारी भूमिका राम्ररी बुझिदिन पर्ने आवश्यकता छ र नेपाली कोशको विशाल फाँटलाई उत्तरोत्तर समृद्ध पार्न अठोट गर्नुपर्ने अनुपेक्षणीय मुहूर्त उपस्थित भएको छ।

पादटिप्पणी

१. बालकृष्ण पोखरेल, राष्ट्रभाषा (दोस्रो संस्करण, २०३१), साझा प्रकाशन, काठमाडौं, पृ० ५।

२. पूर्णप्रकाश नेपाल 'यात्री', राजा गगनिराजको यात्रा, नेपाल रिसर्च एसोसियट्स, काठमाडौं, पृ० १२२।

३. वासुदेव त्रिपाठी, "मन्तव्य" राजा गगनिराजको यात्रा, पूर्ववत्, पृ० भूमिका खण्ड—१७।

४. पारसमणि प्रधान "नेपाली व्याकरणको छोटो इतिहास" अकादमी निबन्धावली, सं० लक्खीदेवी सुन्दास, नेपाली अकादमी, दार्जीलिङ, पृ० ९।

५. पूर्ववत्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६. कृष्णचन्द्रसिंह प्रधान, "नेपाली आलोचना साहित्यमा मोतीरामको स्थान," मोतीस्मृति ग्रन्थ, २०३९, पृ० ६७।
७. नरदेव पाण्डे, कविवर मोतीराम भट्टको जीवनी, १९९५, पृ० ५५।
८. घटराज भट्टराई "मोतीराम भट्टको शब्दकोश" मोतीस्मृति ग्रन्थ, २०३९, काठमाडौं, नेपाली शिक्षा परिषद्, पृ० ८५।
९. शिव रेग्मी, "मोतीराम भट्ट र उनको शब्दसंग्रहप्रकरण" रोलम्ब भाग ६ (अप्रील जुन—१९८६) संख्या–२, ललितपुर पृ० १८।
१०. काशीनाथ तमोट, "मोतीराम भट्टको कबिताको सराजाम," पारिजात (साहित्यिक पत्रिका) वर्ष २, अंक २, २०३७,
११. घटराज भट्टराई, "मोतीराम भट्टको शब्दकोश" मोती स्मृति ग्रन्थ, २०–३९, पृ० ८३।
१२. शिव रेग्मी, मोतीराम भट्ट र उनको शब्द संग्रहप्रकरण" रोलम्ब पृ.पूर्ववत्।
१३. घटराज भट्टराई, मोतीराम भट्टको शब्दकोश" मोति स्मृति ग्रन्थ २०३९, पृ० ८५।
१४. पूर्ववत्।
१५. हेर्नुहोस्, टर्नरको नेपाली शब्दकोशको पूर्वभागमा रहेको व्याकरण र कोशको सूची।
१६. राममणि आ०दी० "मणिकोशको क्रमिक विकास," पुराना संझना, काठमाडौं, २०२९, पृ० १०।
१७. मदन सौरभ, मदन पुरस्कार पुस्तकालय, २०३१, पृ० १।
१८. राममणि आ०दी०, पूर्ववत्।
१९. तारानाथ शर्मा, नेपाली साहित्यको इतिहास, सहयोगी प्रकाशन, काठमाडौं, २०२७, पृ० ९३।
२०. उत्तमबहादुर सिंह, मानवतावादी राज जयपृथ्वीबहादुर सिंह: एक परिचय, पृ०७४।
२१. राममणि आ०दी०, पूर्ववत्, पृ० १०।
२२. केशवमणि आ०दी०, "संझनाका बारेमा" पुराना संझनाको भूमिका, पृ० (आ)।
२३. राममणि आ०दी०, पूर्ववत्, पृ. १६४।
२४. पूर्ववत्, पृ. १३।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२५. यसलाई नेपालीको विश्वकोशात्मक प्रथमकृति मानिएको छ।" हेर्नुहोस् अभिसुवेदी, नेपाली लिटरेचर: ब्याक ग्राउण्ड एण्ड हिस्ट्री, २०३५, पृ० ४०।

२६. हरिहर आ०दी०को शकुन्तलोपाख्यानमा अन्तर्निहित भाग, पृ० ६–७।

२७. तुलसीबहादुर छेत्री, नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान (अप्रकाशित विद्यावारिधिका लागि शोध प्रबन्ध), त्रि०वि०,(सत्र २०–२८–३४) पृ० ६१।

२८. वल्लभमणि दाहाल, "नेपाली भाषा र कोश," पूर्ववत्।

२९. भोलानाथ तिवारी भाषाविज्ञान (षष्ठ संस्करण) इलाहावाद, किताब महल, १९६७ ई०, पृ० ५७९।

३०. चूडामणि उपाध्याय रेग्मी, नेपाली भाषाको उत्पत्ति, ललितपुर, जगदम्बा प्रकाशन, २०२५, पृ० २२७।

३१. कामिनीकुमार राय, "ए सर्भे अफ बंगाली डिक्शनरी," लेक्सिकोग्राफी इन इण्डिया, सी०आई०आई०एल०, पृ० १४।

३२. वल्लभमणि दाहाल, "नेपाली भाषा र कोश," पूर्ववत्, पृ० १३२।

३३. द्रष्टव्य, बी०एच० हजसनको एस्से अन ल्याङ्वेज लिटरेचर एण्ड रिलीजन अफ नेपाल एण्ड तिब्बत (१८७४ ई.) र मिसिलेनियस एस्सेज अन इण्डियन सब्जेक्टस् नामक पुस्तकहरू।

३४. चूडामणि बन्धु, "नेपाली भाषामा प्राविधिक शब्दावलीको निर्माण परम्परा" कोशविज्ञान कार्यशाला (२०४४) –मा प्रस्तुत अनुसन्धानपत्र २०४४, पृ० ७।

३५. नरेन्द्रमणि आ०दी०, अंग्रेजी नेपाली साझा संक्षिप्त शब्दकोश,(२०३३) मा समाविष्ट 'सहायक ग्रन्थ' प्रकरणमा सूचित।

३६. चूडानाथ भट्टराय (सं०) नेपाली भाषा अधिगोष्ठी, २०३३, ने०रा० प्र०, काठमाडौं, पृ० १८९।

३७. बालचन्द्र शर्मा (सं०) नेपाली शब्दकोश, २०१९, पृ० प्रस्तावना–९।

३८. ज्ञानमणि नेपाल, "नेपाली बृहत् शब्दकोश नियालेर हेर्दा," नेपाली, पूर्णाङ्क १०० (२०४१ साउन, भदौ, असोज) मदन पुरस्कार गुठी, ललितपुर, पृ० १६।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३९. "नेपाली बृहत् शब्दकोशमा प्राप्त इतिहास संबन्धी अशुद्धिको समीक्षा," रोलम्ब भाग–५ (अक्टोबर; डिसेम्बर, १९८५ ई.) संख्या ४, पृ० १०-१६ ।

४०. (क) हीरामणि शर्मा पौड्याल, पर्वती भाषिकाको स्वरूप र संरचना, पर्वत, २०४४ मा सूचित पुस्तक–सूचि ।

(ख) मुकुन्द शरण उपाध्याय, नेपाली भाषा व्याकरण: प्रस्तावना र विवेचना (२०४३) —मा विज्ञापित पुस्तक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय : आठ

नेपाली कोशका प्रकार : सामान्य चर्चा

नेपाली कोशको विकास परम्परामा डब्ल्यू० जे० कर्कपेट्रिकको 'एन एकाउण्ट अफ द किङडम अफ नेपाल' (१८११ ई०) नामक कृतिमा संग्रहित शब्दवलीलाई कोशीय प्रारुप अंगाकीर गरी गणना गर्दा त्यहाँदेखि २०४५ सालसम्मको अवधि १७७ वर्ष पूरा भई नेपाली कोशले दुई शताब्दीको अन्तिम चरणमा प्रवेश गर्दछ। यसरी विकसित क्रण्डै दुई सय वर्षको यो लामो अवधिमा नेपाली कोशजगत्भित्र अनेकौं किसिमका कोशहरू आविर्भाव भएका छन्, यो स्वाभाविक प्रक्रिया पनि हो। तर यस सन्दर्भमा प्रविष्टि–क्षेत्र, भाषासंख्या, प्रविष्टिप्रकृति, प्रविष्टि अनुक्रम, काल, प्रयोक्ता जस्ता विभिन्न आधारहरू दृष्टिगत गर्दा यसरी विकसित नेपाली कोशहरूलाई अनेकौं भेदोपभेदमा वर्गीकरण गर्न सकिन्छ। परन्तु केवल यसरी सैद्धान्तिक आधारमा कोशका विभिन्न प्रकार र उपप्रकारको विभाजन गर्दा एकातिर कुनै भाषाविशेषका कोशपरम्परामा पूर्णतः सबै किसिमका कोशहरूको उदाहरण नमिल्ने आशंका हुन्छ भने अर्कातिर कुनै एउटा शब्दकोश विभिन्न सैद्धान्तिक आधारमा विभिन्न कोशको प्रकारभित्र पर्न जाने संभावना पनि हुन्छ। उदाहरणार्थ, आजसम्म नेपालीमा विश्वकोश, ऐतिहासिक कोश र शैक्षिक वा शिक्षार्थी कोश आदि कोशका प्रकारहरू समुपलब्ध भएका छैनन् भने नेपाली बृहत् शब्दकोश (२०४०) लाई हामी प्रविष्टि क्षेत्रका दृष्टिले सामान्य कोशमा, कालका दृष्टिले समकालिकमा र भाषासंख्याका दृष्टिले एकभाषी वा समभाषी कोश आदिमा विभाजन गरी राख्न सक्छौं। अतः कुनै भाषामा निहित शब्दकोशको विभाजन गर्दा संबन्धित भाषाको समष्टिगत कोश परिमाणलाई दृष्टिगत गरी तदनुरूप चलन–चल्तीका महत्त्वपूर्ण प्रकारमा विभाजन गर्नु निकै सन्तुलित र सम्यक् पद्धति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो । नेपाली भाषाका कोशका संवन्धमा विचार गर्दा पनि यही दृष्टिकोण सदुपयोग गर्नु समुचित ठहरिन्छ । वस्तुतः सैद्धान्तिक तत्त्वको चक्रव्यूह खडा गर्नुभन्दा व्यावहारिक वा प्रचलित प्रकारहरूको चर्चा गर्नु सर्वग्राह्य र समीचीन हुन्छ । यसैले नेपाली कोशपरम्पराका महत्त्वपूर्ण कोशहरूलाई निम्नलिखित प्रकारमा यसरी विभाजन गर्न सकिन्छ :–

(क) एकभाषी कोश

यो एउटै भाषामा प्रविष्टिविधान र अर्थविधान गरिएको कोश हो । वस्तुतः यो उद्देश र विधेय भाग एउटै भाषामा आश्रित कोश हो । यस किसिमको कोशलाई समभाषी कोश पनि भनिन्छ ।

नेपाली भाषामा एकभाषी कोशको प्रारम्भ डब्ल्यू० जे० कर्कपेट्रिक, ए० टर्नबुल आदि विदेशी विद्वान्का अनेकभाषी कोशविधानको प्रारम्भिकरूप तथा नेपाली साहित्यको प्राथमिक कालको प्रबल पृष्ठभूमि पश्चात् मोतीराम-युगको जागृति र सचेत तथा समवेत सृजना कालको शुभ–मुहूर्तमा भएको पाइन्छ । जसरी मोतीराम नेपाली साहित्यका युगविधाता हुन् त्यसरी नै नेपाली एकभाषी कोशका पनि प्रारम्भिक प्रणेता सिद्ध हुन्छन् । माथि अध्याय सातमा चर्चा भइसकेको छ, यिनको **उखानको बखान र जान्ने कथाको संग्रह** नामक कृति र यिनका जीवनीकार नरदेव पाण्डेद्वारा उल्लिखित चार-पाँच सय शब्दको **अनुप्रासमञ्जरी** मात्र होइन, **शब्दसंग्रहप्रकरण** जस्ता अरू पनि एकभाषी कोशका प्रारम्भिक स्वरूपमा शब्दसंग्रह पाइन्छन् । अतः निर्विवाद रूपमा मोतीरामलाई नेपाली एकभाषी कोशका प्रथम प्रवर्तक मान्न सकिन्छ ।

यसपछि एकभाषी कोशका प्रारम्भिक स्वरूपमा शिखरनाथ सुवेदीको **शिखरनाथभाष्य** (१९५९), महावीरसिंह गढतौलाको **उखानबखानको प्रवाह** (१९६०), पा. गंगाप्रसाद प्रधानको **नेपाली उखानको पोस्तक** (१९६५), जयपृथ्वीबहादुर सिंहको **प्राकृतभाषाकोश** (१९६८–६९) र देवीदत्त पराजुलीको **नेपाली कोश** (१९८४) जस्ता ग्रन्थ फेला पर्छन् । यिनै ग्रन्थका हाराहारीमा राममणि आ. दी. को प्रयासमा **मणिकोशको** क्रमिक प्रणयन र विकास हुन थालेको कुरा उनको **पुराना संझना** (२०२९) नामक कृतिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आधारमा थाहा हुन्छ । वास्तवमा **मणिकोशको** उद्‌गम नेपाली साहित्यमा आधुनिक युगको उदयसंगै भएकाले त्यसलाई कोशकारले आफ्नो भाषिक मत प्रचारको साधन नबनाई अनुमोदित व्याकरणनुसार सम्पादन र प्रकाशन गरेको भए यो कोश आधुनिक एकभाषी कोशको उदाहरण बन्न सक्ने अनुमान गरिन्छ । तर यो अप्रकाशित नै रह्यो, त्यसैले यो आधुनिक कोशको उत्प्रेरक मात्र भयो । यसै गरी यिनको त्यसबेला चर्चित अर्को एकभाषी कृति **ऊखान संग्रह** पनि त्यतिखेर प्रकाशित नभई पछि २०२७ सालमा प्रकाशित भयो ।

विक्रमीय बीसौं शताब्दीको अन्तिम चरणसंगै नेपाली साहित्यमा आधुनिक युगको प्रवेश हुन्छ । यसैको प्रत्यक्ष प्रभाव नेपाली कोशविधानमा पनि पर्न थाल्छ । फलतः आर. एल. टर्नर, पुष्कर शमशेर आदिका आधुनिक अनेकभाषी कोश ग्रन्थहरूको प्रकाशन जस्ता मलिलो पृष्ठभूमिमा आधुनिक एकभाषी कोशको रूपमा कोशकार चक्रपाणि चालिसेको **बगली कोष** (१९९८) –को प्रकाशन हुन्छ । यो कृति कोशविधानका दृष्टिले आधुनिक कोशका विशेषताहरूसित सामीप्य राख्ने हुँदा यो नेपाली भाषाको प्रथम आधुनिक एकभाषी कोश सिद्ध हुन्छ । यिनबाट **पर्यायवाची कोश** र **बृहत् नेपाली कोश** समेत विधान गरिएको हुँदा वास्तवमा यिनी नेपाली कोशका महान् साधक ठहरिन्छन् ।

यस सन्दर्भमा के उल्लेखनीय छ भने कुनै भाषाका वास्तविक कोश एकभाषी कोश नै हुन् । द्विभाषी वा अनेक भाषी कोशमा स्वेतर भाषाको समेत सन्निवेश हुने हुँदा ती कुनै एउटा भाषाको मात्र संपत्ति ठहरिंदैनन् । त्यसैले कुनै भाषाको कोशको ऐतिहासिक चर्चा गर्दा पनि प्रारम्भिक पृष्ठभूमिको रूपमा अन्य अनेक भाषी कोशको चर्चा गरिए पनि एकभाषी कोशको परम्परा सुदृढ भई आधुनिक कालमा प्रवेश गरेपछि यसको ऐतिहासिक विवेचन एकभाषी कोशको विकासमा आधारित हुनु समुचित मानिन्छ । यसैले गत अध्यायमा एकभाषी कोशलाई विशेषतः दृष्टिगत गरी नेपाली कोशको ऐतिहासिक विकासका संबन्धमा चर्चा गरियो र तदनुसार आधुनिक काललाई तीन चरणमा विभाजन गरी विवेचना गरियो । यस सन्दर्भमा पनि तदनुरूप नै आधुनिक काललाई तीन चरणमा विभाजन गरी संक्षेपतः चर्चा गरिन्छ ।

यसरी दृष्टिगत गर्दा आधुनिक नेपाली एकभाषी कोशलाई **बगली कोष** (१९९८)– देखि बालचन्द्र शर्माको **नेपाली** शब्दकोश (२०१९) पूर्वसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पहिलो चरण, नेपाली शब्दकोशदेखि नेपाली बृहत् शब्दकोश (२०४०) पूर्व-सम्म दोस्रो चरण र नेपाली बृहत् शब्दकोश देखि तेस्रो चरण गरी कालविभाजन गर्दै यसको चर्चा गरिन्छ ।

यस अनुसार पहिलो चरणमा बगलीकोषका अतिरिक्त चक्रपाणि चालिसेको पर्यायवाची कोश (१९९८), चर्चित अर्को बृहत् नेपाली शब्दकोश, रामचन्द्र ढुंगानाको संक्षिप्त नेपाली कोश (२००७), तथा उखानको बखान (२००७), पारसमणि प्रधानको नेपाली मुहावरा (२०११) तथा पारसमणि र अमरमणि प्रधानको नेपाली चल्ती उखान (२०१३), सरोजकुमार शाक्यको ज्ञानरश्मि (२०१६), अर्जुनदेव र भीमदेव भट्टको बैतडीका स्थानीय शब्द (२०१८) जस्ता कोशहरू मुख्य छन् ।

यसपछि दोस्रो चरण रायल नेपाली एकेडेमी (अहिले, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान)– बाट प्रकाशित बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९)– बाट प्रकाशित बालचन्द्र शर्माको नेपाली शब्दकोश (२०१९)-बाट आरम्भ हुन्छ र नेपाली एकभाषी कोशमा नयाँ आयाम थपिन्छ । यस चरणमा यसभन्दा अतिरिक्त एकभाषी कोशहरूमा केशवलाल कर्माचार्यको नेपाली शब्दकोश (२०२०) महानन्द सापकोटा, सरिशब्द (२०२१) तथा नेपाली शब्दपरिचय (२०३४) हर्षनाथ शर्माको बृहत् नेपाली शब्दकोश (२०२१) तथा नेपाली उखान टुक्का (२०३३), रत्नाकर देवकोटाको जुम्लेली शब्द र उखानसंग्रह (२०२७) राममणि आ. दी. को ऊखान संग्रह (२०२७) बालकृष्ण पोखरेलको खर्रो शब्दयौली (उकुस मुकुस निबन्ध संग्रहभित्र, २०२९) शंकर कुमार श्रेष्ठको नेपाली कानूनी शब्दार्थसंग्रह (२०३६), टोपबहादुर सिंहको कानूनी शब्दकोश (२०३८) कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथा (२०३६), पारसमणि प्रधानको सानो नेपाली कोश (२०३९) सूर्यविक्रम ज्ञवालीको नेपाली संक्षिप्त शब्दकोश (२०४०) जस्ता कोशहरू मुख्यत: चर्चित छन् ।

यसै सन्दर्भमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानबाट नेपाली बृहत् शब्दकोश २०४० सालमा प्रकाशित भयो । यसले नेपाली एकभाषी कोशका क्षेत्रमा कोशविज्ञानका नयाँ क्षितिज प्रदान गरेकाले यसबाट नेपाली एकभाषी कोशको तेस्रो चरण आरम्भ मान्नु स्वाभाविक प्रतीत हुन्छ । यसैले यस-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देखि उत्तरवर्ती एकभाषी कोशहरूलाई अर्को युगान्तकारी कोशविधान नभए-सम्म तेस्रो चरणमा राखिन्छ । यस चरणमा प्रकाशित कोशहरूमा हीराबहादुर खड्काको **नेपाली उखान टुक्का संग्रह** (२०४१), कृष्णप्रकाश श्रेष्ठको **स्थाननाम** कोश (२०४४) रत्नपुस्तक भण्डारबाट प्रकाशित **सरल नेपाली शब्दकोश** (२०४५) आदि छन् ।

यसरी नेपाली एकभाषी कोशले आफ्नो जन्मकालदेखि झण्डै एक शताब्दीमा कोशविधानका विविध विशेषताहरूलाई आत्मसात् गर्दै आधुनिक कालको तेस्रो चरणमा प्रवेश गरेको छ । ऐतिहासिक बृहत् शब्दकोशको विधान र प्रकाशन अहिले सम्म हुन नसके तापनि साधारण कोशको दृष्टिले नेपाली कोशको ऐतिहासिक विकास अवरुद्ध र असन्तोषजनक छैन । चर्चित यो नेपाली एकभाषी कोशपरम्परा एक शताब्दी पनि नपुग्दै उखानटुक्का, भाषिका कानून आदि विषयगत प्राविधिक कोश जस्ता विभिन्न आयाम, शाखा-प्रशाखा आदिमा विस्तारित भइसकेकाले यसको भविष्य उज्यालो देखिन्छ ।

(ख) अनेकभाषी कोश

एकभन्दा बढी भाषासँग संबन्धित कोश अनेकभाषी कोश हो । यसमा द्विभाषी, त्रिभाषी, चतुःभाषी आदि अनेक भाषामा आधारित कोशहरू-लाई लिइन्छ । सामान्यतः विभाजन गर्दा कुनै दुई भाषासँग संबन्धित कोशलाई द्विभाषी र त्यसभन्दा बढी भाषासँग संबन्धितलाई बहुभाषी कोश भन्न सकिन्छ । यस चर्चाका संबन्धमा कोशगत प्रविष्टिभित्र निहित नेपाली भाषा स्रोतभाषा वा लक्ष्यभाषा जुनसुकै भए पनि त्यससँग संबन्धित अनेक भाषाका कोशीय प्रकारलाई समष्टिगत रूपमा अनेकभाषी कोशमा समाविष्ट गरिएको छ ।

यस पृष्ठभूमिमा नेपाल र भारतका विभिन्न आधुनिक भाषाका कोश परम्परालाई सिंहावलोकन गर्दा के देखिन्छ भने प्रायः यिनमा प्रथमतः अनेकभाषी कोश नै आरब्ध हुन्छन् । यो कुरा असमी, हिन्दी, गुजराती आदि भारतेली भाषाका कोशपरम्परामाथि दृष्टिगत गर्दा यसमा प्रथमतः अनेकभाषी कोशका पृष्ठभूमि नै उपस्थित हुन्छन् । डब्ल्यू० जे० कर्कपेट्रिक आदिका कोशसंबन्धी कार्यहरू यसका उदाहरण हुन् । यसरी अनेकभाषी कोशका पृष्ठ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूमिका रूपमा वा कोशवत् कृतिका रूपमा प्रथमतः नेपाली कोश उदित भएको पाइन्छ । यस सन्दर्भमा नेपाली अनेक भाषी कोश परम्पराका यी विभिन्न कोश हरूलाई निम्न लिखित-द्विभाषी र वहुभाषी कोशक प्रकारमा विभाजन गरी यसरी चर्चा गर्न सकिन्छ:-

(१) द्विभाषी कोश–

नेपाली भाषाको अनेकभाषी कोशका क्षेत्रमा डब्ल्यू० जे० कर्क-पेट्रिक, डेनियल राइट जस्ता अंग्रेज विद्वानहरूले प्रारम्भिक कार्य प्रारम्भ गरेको पाइन्छ तापनि द्विभाषी कोशका संबन्धमा भने ए० टर्नबुल नै पहिला विद्वान्का रूपमा देखिन्छन् । यिनी दार्जलिङ्गमा बस्ने अंग्रेज पादरी हुन् । यिनका सहयोगी पा० गंगाप्रसाद प्रधान थिए रउनी नै यिनका नेपाली सिका-उने गुरु थिए । यसरी हेर्दा पादरी ए० टर्नबुलको नेपाली भाषा संबन्धी ज्ञान सीमित नै प्रतीत हुन्छ तापनि यिनले नेपाली द्विभाषी कोशका क्षेत्रमा गौरव-मय कार्य गरेको भेटिन्छ । सन् १८८७ मा यिनले दार्जीलिङ्गको मिसनबाट नेपाली व्याकरण र शब्दावली भन्ने कृति प्रकाशित गरी नेपाली द्विभाषी कोशका क्षेत्रमा महनीय कार्य गरेका हुन् । यो कृति यिनले चियाबगान र फौजमा कार्यरत अंग्रेजहरूको सामान्य प्रयोजनका लागि निर्माण गरेका थिए तापनि यसले नेपाली स्रोतभाषा र लक्ष्यभाषा भएको द्विभाषी कोशीय प्रारूपको नमूना प्रस्तुत गरी नेपाली द्विभाषी कोशविधानको अविस्मरणीय कार्य आरम्भ गऱ्यो ।

यसरी यिनले अंग्रेजी र नेपालीको शब्दसूची दिई द्विभाषी कोशका लागि ठूलो योगदान गरे भने यस क्रममा द्विभाषी शब्दसूचीका द्योतक र शब्द-कोशका अभिप्रेरक अन्य कृतिहरू पनि देखा पर्न थाले । यस्ता कृतिहरूमा क्याप्टेन एम० मिरन्डङ्को 'बेसिक गोर्खाली ग्रामर एण्ड भोक्याबुलरी' (१८४६ ई०), मेजर ए० जी० एफ० ब्राउनको 'म्यानुयल अफ खस गोर्खाली ग्रामर अर पर्वतीय' (१६८२ ई० मा दोस्रो संकलन), डोपिङ हेपेन्स्टल तथा सुबेदार कुशलसिह बुढाथोकीको 'खस' गोर्खाली ग्रामर एण्ड भोक्याबुलरी (१८९९ ई०) उल्लेख्य छन् ।

यसै हाराहारीमा नेपाली साहित्य जागरणयुगको सचेतता आसिक्त थियो । यस युगका अभियन्ता मोतीराम भट्टले युग-जागृति फिजाइ-सकेका थिए । साहित्य मण्डली, समस्यापूर्ति, प्रेस पत्रिका आदिको व्यवस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र संचालनले नेपाली जनमानसमा नवचेतना जुमुराएको थियो । फलतः भाषा र साहित्यको विकासका लागि कोशको विकास नितान्त जरूरी पनि ठानिसकिएको थियो । मोतीरामले कोशविधानको तस्वीर पनि गरिसकेका थिए । परिणामतः संस्कृतका **अमरकोश** आदिमा नेपाली टीका रचेर भने पनि खाँचो पूर्ति गर्ने प्रयास हुन थाल्यो । यसैको उदाहरणस्वरूप विद्वत् शिरोमणि कुलचन्द्र गौतमबाट नेपाली टीका भएको **अमरकोश** संवत् १९५६ मा प्रकाशित भई नेपाली कोशको इतिहासमा नौलो कार्यको थालनी भयो । यसले नेपाली द्विभाषी कोश परम्परामा संस्कृत–नेपाली कोशको भूमिका ग्रहण गर्दै आएका पाइन्छ । अतः यो कृति संस्कृत कोशपरम्परामा आधारित महत्त्वपूर्ण कोश हो ।

यसपछि नेपाली द्विभाषी कोशपरम्परालाई तेजस्वी चहकिलो र ओजस्वी गौरविलो पार्दै गंगाधर शास्त्री द्रविडद्वारा सम्पादित **अंग्रेजी नेपाली शब्दकोशको** जन्म भयो । वि. सं. १९६१ तिर विश्वराज हरिहर शर्माको दुर्गाप्रेस बनारसबाट ए डिक्सनरी: इंगलिश एण्ड नेपाली' नाममा प्रकाशित यो कोश 'डिक्शनरी' अर्थात् शब्दकोश नाउँ पाएको प्रथम ग्रन्थ प्रतीत हुन्छ भने अंग्रेजी–नेपाली द्विभाषी कोशपरम्पराको ग्रन्थरत्न नै ठहरिन्छ । नेपाली द्विभाषी र व्युत्पत्तिपरक तथा तुलनात्मक शब्दकोशका जन्मदाता प्राध्यापक आर. एल. टर्नरले समेत उनको नेपाली कोशविधानकालमा यस कोशको उपयोग गरिएको कुरा उल्लेखित छ । नेपाली कोशका निर्माणमा यो कोश प्रेरणास्रोत बनेको तथ्य उनको पुराना संज्ञनाबाट थाहा हुन्छ । यसरी हेर्दा के प्रतीत हुन्छ भने नेपाली द्विभाषी कोश परम्परामा यिनको कोशको स्थान त्यति नै गौरवपूर्ण छ. जति नेपाली काव्य साहित्यमा भानुभक्तको रामायणको छ । अतः यो नेपाली कोशको वाग्द्वार हो ।

यसपछि नेपाली द्विभाषी कोश परम्परामा टर्नरको 'नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश' नामात्मक युगान्तकारी अमर कृतिको प्रकाशनपूर्व केही द्विभाषी कोशवत् वा कोशीय कृति जन्मिन्छन् । तिनमा रामप्रसाद सत्यालको 'ऐंग्लो नेपाली व्याकरण' र 'इङ्गलिस गोर्खा', वीरसिंह क्षत्री मचीनाको 'गोर्खा चीना डिक्सनरी', जी. डब्ल्यू. पी. मोनेको 'गोर्खाली म्यानुअल', शम्भुप्रसाद ढुङ्गेलको 'शब्दसुधानिधि', चण्डिकालाल मास्केको 'अंग्रेजी-नेपाली वर्डबुक', पादरी ए. टर्नबुलको 'नेपाली ग्रामर र भोक्या-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बुलरी', आर. किलगोर, एच. सी. डंकन तथा जी. पी. प्रधानको 'इङ्गलिस-नेपाली डिक्सनरी', एफ. देवरको 'नेपालीज भोक्याबुलरी,' र बेनामी (अज्ञात) लेखकको 'शर्ट खसकुरा फ्रेजेज' आदि उल्लेख्य छन् । नेपाली द्विभाषी कोश परम्परामा यी कृतिहरूको भूमिका साधारण नै भए पनि यी नेपाली कोशका अक्षय निधि हुन् र यिनबाट नै नेपाली कोशको क्षेत्र विशद बनेको छ । यथार्थमा यी कोशहरूको अस्तित्व नभएको भए टर्नरद्वारा सम्पादित विश्वविख्यात 'नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोश' (१९३१ ई.) प्रादुर्भाव हुन सक्ने थिएन किनभने आधारभूमिविना अहेतुक नै महत्तम कृतिको समुद्भव असम्भव हुन्छ ।

यसरी यिनै उपर्युक्त द्विभाषिक कोशात्मक कृतिहरूको संगम स्वरूप नेपाली र अंग्रेजी भाषामा आधारित टर्नरको नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिपरक शब्दकोश' (A Comparative and Etimological Dictionary of Nepali Language) अभिधेय अत्यन्त गरिमामय कोशग्रन्थको आविर्भाव हुन्छ जसले तत्कालीन नेपाली भाषाका सन्दर्भमा मात्र होइन, आधुनिक आर्यभाषाके कोशपरम्परामा नै सर्वश्रेष्ठता[४] अधिगत गर्दछ । यसबाहेक यो नेपाली स्रोतभाषा र नेपाली (देवनागरी) लिपिमा नै शीर्षशब्द विधान गरिएको व्युत्पत्तिपरक पहिलो शब्दकोश हो भने नेपाली द्विभाषी कोशका क्षेत्रमा आधुनिक युगप्रवर्तक कोशग्रन्थ पनि हो । यसैले नेपाली द्विभाषी कोशपरम्परामा यस कोशको योगदान अपरिमेय छ ।

प्रस्तुत टर्नरको नेपाली शब्दकोश प्रकाशित भएको पाँचवर्षपछि वि. सं. १९९३ मा पुष्कर शमशेरद्वारा संपादित 'अंग्रेजी–नेपाली शब्दकोश' (भाग १ र२) नामक नेपाली लक्ष्यभाषात्मक शब्दकोशको प्रकाशन ने. भा. प्र.स.बाट हुन्छ । यो नेपाली विद्वान्बाट सम्पादित नेपालमा मुद्रित र अंग्रेजी स्रोत भाषात्मक नेपाली द्विभाषी प्रथम कोश हो । अतः नेपाली द्विभाषी कोश परम्पराको नेपाली लक्ष्य भाषात्मक क्षेत्रमा यसलाई आधुनिक युगको समारम्भक ग्रन्थ मान्न सकिन्छ । यसपछि विदेशी, प्रवासी र स्वदेशी विद्वान्हरूबाट विभिन्न प्रकारका द्विभाषी कोशका क्षेत्रमा थप प्रकाशन हुन्छन् । यस क्रममा ए. डब्ल्यू. कोर्नेलियसको 'गोर्खाली इङ्गलिश डिक्सनरी (१९४४ ई.)' र 'इङ्गलिश गोर्खाली डिक्सनरी (२००१ सालतिर)'; क्याप्टेन एम० मिरन्डङ्कको 'गोर्खाली ग्रामर र भोक्याबुलरी', जनैक शिक्षाविद्को सरल बंगाला नेपाली पाठ(१९५० ई.),पी. एम. प्रधान तथा एन्.एम. प्रधानको 'स्टुडेन्ट स्टयांडार्ड डिक्सनरी', (१९५१ ई०), पारसमणि प्रधानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

'पकेट डिक्सरी' (१९५७ ई०)बेनामीको 'साङ्गधरीय शब्दकोश (२०११ई.), डि० सी० फर्वेसको 'गोर्खाली-अंग्रेजी अंग्रेजी-गोर्खाली शब्दकोश' (१९५४ ई०), एग० मिरन्डङ्कको 'बेसिक गोर्खाली डिक्सनरी'(१९५८ ई०), एकदेव उपाध्याय ढकालको 'एङलो नेपाली डिक्सनरी'(२०१३ ई०), पन्ना-प्रसाद जोशीको 'संक्षिप्त नेपालभाषा शब्दकोश' (नेपाली अर्थ - २०१२), करुणाकर वैद्यको 'नेवालभाषा नेपालीया शिक्षा' (२०१२) आदि कोश वा कोशात्मक कृति देखापर्दछन् ।

यिनै पृष्ठभूमिमा नेपाली कोशका शिरोमणि विशेषत: द्विभाषी कोश-का महान् विधायक पारसमणि प्रधानको द्विभाषी कोशविधानले उत्कृष्टता, परिष्कार र परिमार्जन प्राप्त गर्दै जान्छ र २०१८ सालमा 'द स्टाण्डार्ड डिक्सनरी' (२०१३) नामक अंग्रेजी-नेपाली द्विभाषी कोशको आविर्भाव हुन्छ। यो कोश यस परम्परामा लगभग ३२०० शब्दराशि लिएर नेपाली भाषागत स्वायत्ततामा विशिष्टता प्रदान गर्दै प्रकाशित भएको पाइन्छ। यो पुष्कर शमशेर लगायतका अंग्रेजी-नेपाली द्विभाषी कोषका क्षेत्रमा प्रकाशित कोशहरूमध्ये निकै उच्चस्तरीय कोश हो।

यसरी यो अवधिसम्म पनि नेपाली अनेकभाषी कोश अन्तर्गतका द्विभाषी नेपाली कोशहरू विशेषत: अंग्रेजी संबद्ध नै पाइन्छन्। यसमा संस्कृत बंगाली जस्ता नेपाल र छिमेकी देशसँग संबन्धित फाट्टफुट्ट नेपाली द्विभाषी कोश अपवादस्वरूप देखिन्छन्। उदाहरणार्थ, जनैक शिक्षाविद्को 'सरल बंगला नेपाली पाठ' (१९५० ई०) र संक्षिप्त नेपाली हिन्दीकोश (२०१९) आदि-लाई लिन सकिन्छ। यसका अतिरिक्त अन्तराष्ट्रिय जगत्का महत्त्वपूर्ण भाषा-सँग नेपाली भाषाको संबन्ध कायम हुन सकेको थिएन, यसैले अंग्रेजी नै मुख्यत: विदेशी भाषा थियो। परन्तु नेपालले संयुक्त राष्ट्रसंघमा प्रवेश गरेपछि नेपाल र नेपालीको अन्तराष्ट्रिय जगत्सित सम्पर्क र घनिष्ठताले गर्दा नेपाली कोशका द्विभाषिक क्षेत्रमा विशेष समृद्धि हुन्छ। परिणामत: २०२२ सालमा नाकामुराद्वारा सम्पादित नेपाली-जापानी कोश प्रकाशित हुन्छ। यसबाहेक यस क्षेत्रमा इ. स. राबिनोभिच, न. इ. कोरोलेभ तथा ल. आ. आगानिनाको 'नेपाली-रुसी शब्दकोश' (२०२५), कृष्णप्रकाश श्रेष्ठको 'नेपाली रुसी शब्दकोश' (२०३२), एमलिन साजो र सोमा पन्तको 'फ्रेन्च-नेपाली शब्दकोश' (२०४१), उल्लेखनीय कोश ग्रन्थ हुन्। यसरी हेर्दा नेपाली द्विभाषी कोशको यो क्षेत्र निकै विकासापेक्षी ठहरिन्छ। एशिया, यूरोप, अमे-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रिका आदि महादेशका हाम्रा मित्रराष्ट्रहरूसँग संबन्धित अन्य अनेकौं द्विभाषी कोशका क्षेत्रमा नेपाली कोशहरू विस्तारित हुन अझ निकै बाँकी छ।

नेपाली कोशपरम्परामा नेपाली द्विभाषी कोशले यसरी क्षेत्र विस्तार गरे तापनि नेपाली र अंग्रेजी द्विभाषी कोश परम्परामा कुनै शिथिलता आएको पाइदैन। फलतः नेपाली र अंग्रेजी द्विभाषी कोशको क्षेत्रमा पनि स्वदेशी तथा विदेशी विभिन्न प्रकाशनसंस्थाहरू प्रयत्नशील पाइन्छन्। यिनमा अच्युत बहादुर सिंहको 'नेपाली अंग्रेजी शब्दकोश' (२०२०) र 'नेपाली थ्रु इङ्गलिस' (२०२०), भी. उपाध्याय तथा अन्यको 'लिटिल स्टयान्डार्ड डिक्सनरी, (१९६३ ई०), जुजुराम कुशलेको 'याङलो नेपाली डिक्सनरी' (२०२०), कमलप्रकाश शर्माको 'पूर्ण नेपाली अंग्रेजी कोश' (२०२४), एस० एफ० चेनको 'कम्प्रिहेन्सिभ इङ्गलिस नेपाली डिक्सनरी' (१९६८ ई०), पारसमणि तथा नगेन्द्रमणि प्रधानको 'ठूलो नेपाली–नेपाली–अंग्रेजी कोश' (२०२८) र नरेन्द्रमणि आ० दी० को 'साझा संक्षिप्त शब्दकोश' (२०३३) उल्लेखनीय छन्। यी कोशहरूमध्ये ठूलो नेपाली–नेपाली–अंग्रेजी कोश (२०२८) नेपाली एकभाषी तथा नेपाली–अंग्रेजी द्विभाषी कोशको समाहारक रूपविधानद्वारा नेपाली कोशका क्षेत्रमा नव–प्रवर्तन गरिएको विशिष्ट कोश हो भने साझा संक्षिप्त कोश (२०३३) कोशविधानमा ख्याति अर्जित ने. भा. प्र. स. को उत्तराधिकारी साझा प्रकाशनको संक्षिप्त तर प्रयोजनानुकूल, परिष्कृत, उत्कृष्ट कोश हो।

यसरी नेपाली द्विभाषी कोशहरू एकातिर फराकिलो पृष्ठभूमिमा विकाशशील हुँदै आएका पाइन्छन् भने अर्कातिर विविध विषय क्षेत्रमा समेत विस्तारित हुन थालेका देखिन्छन्। यसैले यसपछिका नेपाली द्विभाषी कोशहरू कोशगत सामान्य क्षेत्रमा मात्र केन्द्रित नभई प्राविधिक, पारिभाषिक आदि विशिष्ट क्षेत्रमा पनि विस्तीर्ण भएका भेटिन्छन्। यस सन्दर्भमा यस किसिमका विविध क्षेत्रमा आधारित शब्दावलीको चर्चा गर्दा श्री ५ को सरकारद्वारा प्रकाशित 'सैनिक शब्दावली' (२०२१) तथा 'रूपान्तर गरिएका शब्दहरू' (२०२६), डि. बी श्रेष्ठको 'ए गाइड टु कमन टर्मज् अन् भेरियस सब्जेक्टस्' (२०३२) पुण्यप्रसाद ओलीको 'प्राविधिक शब्दको अंग्रेजी-नेपाली रूपान्तर' (बेमिति–२०३४ तिर), फणीन्द्रमान मल्लको शिक्षा शब्दार्थ (लिथो–२०३५) चित्रबहादुर तथा अन्यको 'अंग्रेजी नेपाली पारिभाषिक शब्दावली' (२०३८); अनि चित्रबहादुर गुरुङ र केदार न्यौपानेको 'प्राविधिक शब्दावली' (२०३६),

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशेष उल्लेखनीय प्रतीत हुन्छन् । यस किसिमका क्षेत्रमा प्रकाशित कोशमा चाहिं हर्षनाथ शर्माको 'प्रशासकीय तथा कानूनी शब्दकोश' (२०४१) निकै महत्त्वपूर्ण ठहरिन्छ । यसरी नै राजनीतिविज्ञान, भूगोल, अर्थशास्त्र, भाषा-विज्ञान आदिमा पनि शब्दावलीहरू सँकलित बुझिएकोले निकट भविष्यमा नै यस्ता अन्य कोशहरू पनि प्रकाशित हुने संकेत पाइएको छ ।

यस रूपमा नेपाली द्विभाषी कोशको ऐतिहासिक विकासका संबन्धमा सिंहावलोकन गर्दा के प्रतीत हुन्छ भने नेपालमा राष्ट्रभाषा, अन्तराष्ट्रियभाषा र राष्ट्रिय अन्यभाषाका आ-आफ्ना क्षेत्र, विशेषता र वर्चस्व रहेकाले द्विभाषी कोशको स्थान महत्वपूर्ण छ । यही कुरा दृष्टिगत गरी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान पनि यस क्षेत्रमा विशेषत: उन्मुख पाइन्छ । यसैको फलस्वरूप शिक्षा, सामाजिकशास्त्र, विज्ञान आदि क्षेत्रमा शब्दावली र कोशहरू निर्माण गर्न यसले विशेष तत्परता देखाएको छ । यसरी नै साझा प्रकाशन, जगदम्बा प्रगाशन जस्ता महत्त्वपूर्ण प्रकाशन संस्था र अन्य अनुसन्धान तथा प्रकाशन संस्था पनि सक्रिय भएमा नेपाली द्विभाषिक कोशीय सम्पदा शीघ्र नै सम्पन्नतामा परिणत हुने आशा गर्न सकिन्छ ।

(२) बहुभाषीकोश

माथि नै संकेत गरिसकिएको छ, प्रस्तुत सन्दर्भमा बहुभाषी कोश भन्नाले दुई भाषाभन्दा बढी अन्य अनेकौं भाषासँग संबन्धित कोशलाई ग्रहण गरिएको छ । अत: नेपाली बहुभाषी कोषको यस प्रसङ्गमा द्विभाषी कोशे-तर अन्य अवशिष्ट अनेकभाषी नेपाली कोश राशिको चर्चा गर्ने प्रयास यहाँ गरिएको छ ।

सन् १८११ मा डब्ल्यू. जे. कर्कपेट्रिकले उनको 'एन एकाउन्ट अफ द किङडम अफ नेपाल (An Accouut of the Kingdom of Nepaul) शीर्षक कृतिमा नेपालका आठवटा भाषाको चर्चा गर्दै अंग्रेजी शब्दका साथ सातसय जति नेपाली र नेवारी शब्दको सूची दिइएकोले नेपाली कोशको इतिहासमा प्रथमत: यहीं नै नेपाली बहुभाषी कोशपरम्पराको बीजाधान भएको प्रमाण फेला पर्छ । यसरी हेर्दा नेपाली बहुभाषी कोश परम्पराको शुभारम्भ नेपाली एकभाषी र द्विभाषी कोशको थालनीभन्दा ७५ वर्ष पुरानो रहेको प्रमाणित हुन्छ, किनभने सन् १८८७ मा पादरी ए. टर्नबुलबाट नेपाली

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विभाषी कोशको शिलान्यास गरिएको पाइन्छ भने यसै समयतिर नै नेपाली एकभाषी कोशको पनि बीजारोपण भएको भेटिन्छ । यसपछि नेपाली बहुभाषी कोशको यस परम्परालाई डेनियल राइटले अगाडि बढाएको देखिन्छ । यिनले आफूले सम्पादन गरेको सन् १८७७ मा प्रकाशित हिस्ट्री अफ नेपाल नामक कृतिमा परिशिष्ट अन्तर्गत अंग्रेजी अर्थका साथै नेपाली र नेवारी भाषाका शब्दलाई संग्रहित गरेका छन् । यसरी नेपाली कोशविधानको प्रारम्भिक कालमा नेपालका अन्य भाषाका साथै नेपाली र अंग्रेजी शब्दावली भएको बहुभाषी कोशका प्रारूपहरू पाइन्छन्, तापनि नेपाली द्विभाषी कोशको अविरल यात्राक्रम यसमा भेटिन्न । सबभन्दा लामो ऐतिहासिक परम्परा भएर पनि नेपाली भाषा र साहित्यका महान् उन्नायक तथा बहुभाषाविज्ञ मोतीराम भट्ट पनि बहुभाषी कोशविधानमा प्रवृत्त भएको तथ्य अहिलेसम्म फेलापरेको छैन। तर प्रवासीका मोतीराम पा० गंगाप्रसाद प्रधानले भने 'अंग्रेजी हिन्दी नेपाली पंचरत्न [शब्दकोश] नामक कृति १९६५ तिर प्रकाशित गरेको थाहा लाग्छ ।

यसपछि नेपाली बहुभाषी कोशका क्षेत्रमा स्वदेशी तथा विदेशी विद्वान्हरूबाट कुनै उल्लेखनीय कार्य भएको देखापर्दैन । १९८२ सालमा प्रकाशित टर्नरको नेपाली कोशमा नेपाली शब्दको व्युत्पत्ति दिने काममा सन्दर्भत: तुलनात्मक प्रयोजनका लागि अनेकौं भाषाहरूको चर्चा पाइन्छ तापनि यो मूलत: व्युत्पत्तिपरक द्विभाषी कोश हो । तर पनि यस कोशले विभिन्न भाषाहरूको तुलनात्मक अध्ययनको प्रमुख उपादेयता प्रत्यक्षत: प्रतिपादित गरी बहुभाषी कोशको प्रमुख प्रयोजनमा भाषाका विद्वान्-हरूको ध्यानाकर्षण गर्न सफल भएको छ । यसरी २१२ भाषाहरूको आधारमा व्युत्पत्तिपरक र तुलनात्मक शब्दकोशको अतुलनीय कोशग्रन्थ नेपाली कोश-परम्परामा उदाए तापनि नेपाली बहुभाषी कोशले भने निकै लामो फड्का मारेको देखापर्छ किनभने एकभाषी र द्विभाषी कोशका क्षेत्रमा आधुनिक कोशको प्रणेता मानिएको ने० भा० प्र० स० को पनि प्रस्तुत बहुभाषी कोशका क्षेत्रमा कुनै आकर्षण र तत्परता भेटिन्न । परिणामत: २००७ सालको परिवर्तन पश्चात् नेपालको शैक्षिक जागरण, राष्ट्रिय चेतना र अन्तराष्ट्रिय ख्यातिमा विकास र विस्तारपछि नेपाली बहुभाषी कोशको यस क्षेत्रमा कोशकारहरूको दृष्टि आकृष्ट हुन्छ । अनि मात्र मंगलानन्द शर्माको षडभाषा-भरणोपेता (२०१३), एम. पी. रेग्मीको 'नेपाली हिन्दी अंग्रेजी शब्दकोश' [२०१७] कृष्णचन्द्र तथा पूर्णचन्द्र रेग्मीको संस्कृत त्रैमासिक कोष (२०१७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोकुल प्रसाद शर्माको शब्दसंग्रह [नेपाली, हिन्दी, अंग्रेजी, नेवारी] बहुभाषी कोशका रूपमा प्रकाशित भई नेपाली बहुभाषी कोशको परम्परालाई अगाडि बढाउन पाइला सार्न थाल्छन् ।

यस पृष्ठभूमिमा नेपाली भाषा, साहित्य, कला, संस्कृति आदिको संरक्षण र संवर्द्धनका लागि स्थापित ने० रा० प्र० प्रतिष्ठानको सक्रियता र संलग्नता प्रस्तुत बहुभाषी कोशविधानमा पनि थपिन्छ । यस संस्थाले राष्ट्रिय समृद्धिका लागि नेपालका विविध भाषासँग संबन्धित बहुभाषी कोशहरू पनि प्रकाशन गर्न थाल्छ । यसै क्रममा ईमानसिंह चेमजोङको 'लिम्बू नेपाली अंग्रेजी शब्दकोश [२०१८] प्रकाशित हुन्छ । यस कोशमा यस संस्थाले आगामी कोश प्रकाशनको विज्ञापनमा 'गुरूङ नेपाली–अंग्रेजी शब्दकोश' नेवारी अंग्रेजी शब्दकोश, लाप्चा नेपाली अंग्रेजी शब्दकोश आदि बहुभाषी कोशहरूको पनि विज्ञापन गरेको पाइन्छ । यसै गरी यस संस्थाले राष्ट्रभाषा नेपाली र नेपालका राष्ट्रिय अन्य भाषामा कोशविधान गर्ने संकल्प संकेत गर्दै २०२६ सालमा नेपाली समेत १३ भाषा भएको नेपाली स्रोतभाषात्मक पर्यायवाची शब्दकोष प्रकाशित गरेको पाइन्छ ।

नेपाली बहुभाषी कोशविधानको यस परम्परामा तिनताक काठमाडौंमा कार्यरत समर 'इन्स्टिच्युट अफ लिंग्विस्टिक्सले पनि सहयोग प्रदान गरेको पाइन्छ । यसको उदाहरणमा यसद्वारा सन् १९७६ मा प्रकाशित 'गुरूङ नेपाली इंगलिस डिक्सनरी'लाई लिन सकिन्छ । यस्तै कोश खालिङ, कुलुङ, दनुवार राई, दराई भाषामा पनि बनाउने योजना यसको कोशसंबन्धी विज्ञापनबाट ज्ञात हुन्छ । यस्तै किसिमका कोश अन्य विदेशी संस्थाबाट पनि प्रकाशित भेटिन्छन् । डब्ल्यू० डब्ल्यू० ग्लोभर तथा अन्यको प्यासिफिक लिंग्वुस्टिक (अस्ट्रेलिया) बाट प्रकाशित गुरूङ नेपाली अंग्रेजी शब्दकोश (१९७० ई०] यसको उदाहरण हो । यस क्षेत्रमा केदारमान व्यथितको 'वर्ड बूक' नामक कृति पनि प्रकाशित छ । यसरी राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा नेपाली बहुभाषी कोशको प्रणयन र प्रतिष्ठा बढेको र अन्तराष्ट्रिय मञ्चमा राष्ट्रभाषा र राष्ट्रिय अन्य भाषाहरूलाई उच्चता प्रदान गर्न समेत यस्ता कोशको आवश्यकता भएकाले नेपाली बहुभाषी कोशको क्षेत्र निकै मलिलो प्रतीत हुन्छ । आनन्दरत्न बज्राचार्यको नमस्ते शब्दसंग्रह [नेपाली, नेवारी, अंग्रेजी हिन्दी], (२०४३) जस्ता कृतिले यस क्षेत्रलाई उत्तरोत्तर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अधि बढाउन मद्दत गर्दै छन् । आशा छ, यसरी विकास गर्दै गएमा नेपाली बहुभाषी कोशपरम्परा पनि समृद्ध हुनेछ ।

(ग) उखान-टुक्का कोश

भाषालाई गहकिलो र तिखर बनाइदिने हुनाले उखान टुक्का भाषा सम्पदाका बहुमूल्य रत्न हुन् । नेपाली भाषा यस क्षेत्रमा अतीव सम्पन्न भएकाले नेपाली कोशका प्रमुख प्रकारको सन्दर्भमा यसको पनि परिचर्चा हुनु अपेक्षणीय छ ।

नेपाली कोशपरम्परामा विलियम कर्कपेट्रिक, डेनियल राइट, ए० टर्नबुल आदिबाट बहुभाषी र द्विभाषी कोशको प्रारम्भमा योगदान गरिएको पाइन्छ । तर नेपाली उखान-टुक्काका क्षेत्रमा भने तिनीहरूबाट त्यस किसिमको कुनै सुप्रयास भएको देखापर्दैन । अतः नेपाली उखान टुक्का संबन्धी कोशपरम्पराको शिलान्यास नेपाली अनेकभाषी कोशभन्दा केही पछि नेपाली एकभाषी कोशको बीजन्याससँगै नेपाली भाषा र साहित्यका युगपुरुष मोतीराम भट्टबाट भएको प्रमाणित हुन्छ, किनभने एकभाषी कोशका क्षेत्रमा अनुप्रासमञ्जरी वा शब्दसंग्रहप्रकरण[८] रहे जस्तै यस क्षेत्रमा पनि उनको उखानको बखान र जान्ने कथाको संग्रह नामक कृति रहेको ज्ञात हुन आएको छ । यसरी एकातिर उनी नेपाली साहित्यजगत्मा बहुविध साहित्य-विधाका विधायक बनेका पाइन्छन् भने अर्कातिर नेपाली कोश जगत्मा पनि अनेकविध कोशविधाका उन्नायक रहेका पाइन्छन् । यसबाट मोतीरामको बहुमुखी व्यक्तित्व विस्तार भई अझ गहकिलो र चहकिलो बनेको देखिन्छ ।

यस पृष्ठभूमिमा नेपाली उखान टुक्काका संबन्धमा चर्चा अधि बढाउँदा यस क्षेत्रमा महावीर सिंह गढतोला छेत्रीको नाम अविस्मरणीय रहेको पाइन्छ । यिनले वि० सं० १९६० मा नै छपन्न पृष्ठात्मक उखान-बखानको प्रवाह नामक कृति प्रकाशित गरेका थिए[१०] यस पुस्तकमा छ सय पचास उखानहरू संकलित छन् र हिन्दीका दोहा आदि पनि परेका छन् । नेपाली उखान टुक्काको उपाकालमा यस किसिमको कृति प्रकाशन हुनु गौरवको कुरा हो ।

यसको पाँच वर्षपछि नेपाली भाषा र साहित्यका अन्यतम प्रतिभा 'प्रवासका मोतीराम' पा० गंगा प्रसाद प्रधानले सन् १९०८ मा 'उखानको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पोस्तक' नामक कृति[११] प्रकाशित गरी यस क्षेत्रमा ठूलो गुन लगाएका छन्। उनको यस पुस्तकमा वर्णानुक्रमतः आठ सय उखान संनिविष्ट छन् र यो बीस वर्षको परिश्रमको फल हो। यसपछि १९३१ ई० मा प्रकाशित महान् कोशकार प्रा० आर. एल, टर्नरको नेपाली भाषाको कोशमा कतै कतै कोशीय प्रविष्टिभित्र (उदाहरणार्थ, छेपारो) उखानटुक्काको पनि सन्निवेश गरिएको पाइन्छ। यसले अन्य किसिमका नेपाली भाषाका कोशमा पनि उखानटुक्काको प्रयोग राख्ने आधुनिक कोशीय पद्धतिलाई प्रथमतः मार्गनिर्देशन गरेको छ। यस प्रसङ्गमा अर्जुन शमशेरद्वारा संकलित उखान-संग्रह पनि स्मरणीय प्रतीत हुन्छ। वि० सं० १९९४ मा नै तयार गरेको यो कृति पुष्कर शमशेरलाई उनको कोशमा गाभेर प्रकाशनार्थ संग्रहकर्ताले प्रदान गरेको तथ्य उल्लेख गरिएको पाइन्छ।[१२]

प्रतिष्ठित कोशकार र नेपाली तथा अंग्रेजी भाषाका प्रकाण्ड विद्वान् पुष्कर शमशेरको नेपाली उखानटुक्का संबन्धी कोशविधानका यस क्षेत्रमा प्रवेश वि० सं० १९९८ मा "नेपाली उखान र टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश वाक्यपद्धति इत्यादिको कोश नामक" कोश ग्रन्थको प्रकाशनबाट भयो। कोशकारको आठ वर्ष अवधिदेखिको अविरल साधनापछि प्रकाशित यस कृतिको भूमिका खण्डमा नेपाली उखान, टुक्का, वाक्यांश आदिको सैद्धान्तिक विवेचनासाथै मूलभागको पहिलो खण्डमा उखान र दोस्रो खण्डमा वाक्यांश आदिलाई वर्णानुक्रमतः प्रविष्टिविधान गरिएको छ। यद्यपि अर्को संस्करणमा दिने विचार व्यक्त गरी उखानको अर्थविधान् त्यसवेला कोशकारले त्यहाँ सम्मिलित गरेका छैनन्[१३] तथापि कोशानुसारी प्रविष्टिविधान र वाक्यांशहरूको अर्थ र प्रयोग (उदाहरण) समेत समाविष्ट नेपाली उखानटुक्का संबन्धी व्यवस्थित पहिलो ग्रन्थ भएकाले यो युगस्थापक कृति बन्न गएको छ।

यसपछि नेपाली कोशका क्षेत्रमा रामचन्द्र ढुंगानाको नाउँ आउँछ। २००७ सालमा यिनको एकातिर सामान्य कोशका क्षेत्रमा नेपाली संक्षिप्त कोश प्रकाशित हुन्छ भने अर्कातिर उखान टुक्काका क्षेत्रमा उखानको बखान प्रकाशित हुन्छ। यिनमा दोश्रो चाहिं उखान र टुक्काको अर्थ र आशय राम्ररी व्यक्त गर्ने कथात्मक लेखमा आधारित कृति हो।

सन् १९५४ मा नेपाली भाषाका महान् कोशकार पारसमणि प्रधानले नेपाली मुहावरा नामक कृति प्रकाशित गरे। एक सय चौबीस पृष्ठा-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्मक कृतिमा नेपाली टुक्का र वाक्यांशहरू संग्रहित छन्[१४] यसमा टुक्काको अर्थका साथै केहीमा भानुभक्तीय रामायणबाट सिलोकका उदाहरणहरू पनि प्रस्तुत गरिएका छन्[१५] यसको दुई वर्षपछि सन् १९५६ मा पारसमणि प्रधान र अमरमणि प्रधानको संयुक्त विधायनमा नेपाली चल्ती उखान प्रकाशित भयो। एकसठ्ठी पृष्ठात्मक यस कृतिमा वर्णानुक्रमतः छ सय उखानको संकलन गरिएको छ र तिनमा पचासवटाको अर्थ र प्रयोग पनि दिइएको छ। यसबाहेक यिनको 'भाषाप्रवेश नेपाली व्याकरण, नेपाली रचना भारती तथा 'टिपन-टापन मा उखानटुक्काको चर्चा पाइन्छ।

यस क्रममा २०१४ सालमा त्रिलोक नेउपानेको नेपाली उखान संग्रह प्रकाशित हुन्छ। यो वर्णानुक्रममा आधारित उखानको अर्थ समेत संकेत गर्ने कृति हो। यसै गरी नेपाली टुक्काहरूको अर्थ र प्रयोगका साथै पचासवटा उखान समेत सन्निविष्ट लक्ष्मण आचार्य शास्त्रीको नेपाली राष्ट्रिय मुहावराको प्रकाशन २०१६ सालमा हुन्छ[१६] भने वर्णानुक्रममा पाँचसय उखान र तिनको अर्थ समाविष्ट हर्षनाथ शर्मा भट्टराईको नेपाली–उखान टुक्काको प्रकाशन २०२३ सालमा हुन्छ।

यिनै पृष्ठभूमिमा जगदम्बा प्रकाशनबाट २०१७ सालमा राममणि आ० दी० को ऊखान संग्रह प्रकाशित हुन्छ। संग्रहकर्ताको वर्णविन्यास अनुसरण गरिएको यस कृतिमा संग्रहकर्ताले वि० सं० १९६० देखि संकलनारम्भ गरी तयार पारेको दश हजार जति उखानको वर्णानुक्रमित संग्रह गरिएको छ। यो कृति प्रकाशित उखान संग्रहका तुलनामा बृहत् देखिन्छ तापनि यसमा उखानको अर्थविधान चाहिं गरिएको छैन। यसपछि २०३९ सालमा कृष्णप्रसाद पराजुलीद्वारा सम्पादित नेपाली उखान र गाउँखाने कथा नामक कृतिको प्रकाशन ने० रा० प्र० प्र० बाट हुन्छ। पहिलो खण्डमा नेपाली उखान र दोस्रो खण्डमा नेपाली गाउँखाने कथा गरी दुई खण्डमा विभाजित यो कृति उखानको अर्थ र प्रयोगका दृष्टिले अत्यन्त महत्वपूर्ण ग्रन्थ हो। यसै गरी यस क्षेत्रमा अन्यान्य कृतिहरू पनि प्रकाशित हुँदैछन्। २०४२ सालमा प्रकाशित हीराबहादुरको नेपाली उखानटुक्का र चुट्किलाहरू नामक कृति यो क्षेत्र सतत विकासशील र समृद्ध रहेको संकेत पाइन्छ।

नेपाली उखान टुक्काको प्रस्तुत चर्चाका सन्दर्भमा के अवधेय छ भने नेपाली उखान टुक्काले २०२७ सालमा आएर व्यापक क्षेत्रतिर पखेटा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फिजाउँछ । यो साल रत्नाकार देवकोटाको जुम्लेली शब्द र उखान संग्रह प्रकाशित भई नेपाली क्षेत्रीय भाषिकाहरूमा पनि उखान टुक्काको संकलन र प्रकाशनमा विस्तार हुन थाल्छ । यस क्रमलाई २०२८ सालमा प्रकाशित प्रदीप रिमालको कर्णाली लोक संस्कृति, खण्ड–५ मा समाविष्ट कर्णाली अंचलका उखानहरूको संकलन र वद्री विशाल पोखरेलको 'वैतडेली उखानको वर्गीकरण' नामक २०३५ सालको स्नातकोत्तर शोधपत्रमा[१७] सन्निहित वैतडेली उखानको वर्णानुक्रमित संग्रह जस्ता कृतिले अघि वढाउँदै लगेको देखिन्छ । आशा छ, यो क्षेत्र विकसित भई यसमा समुन्नत संकलन र कोशहरू प्रकाशित हुनेछन् ।

यस पर्यावरणमा नेपाली भाषा, साहित्य, व्याकरण र रचनाका विविध कृतिमा सन्निहित नेपाली उखान टुक्का संवन्धी संकलनको पनि सामान्य चर्चा गर्नु वाञ्छनीय ठहर्छ । यसरी दृष्टिगत गर्दा गोपाल पाण्डेको रचना केशर (२०१०), सत्यमोहन जोशीको हाम्रो लोक संस्कृति (२०१४), हर्षनाथ शर्माको अनिवार्य नेपाली रचना (२०२३), कृष्णप्रसाद पराजुलीको राम्रो रचना: मीठो नेपाली (२०२३), तुलसीप्रसाद ढुंग्यालको नेपाली रचना शिल्प (२०२५), पारसमणि प्रधानको नेपाली भाषा प्रवेश व्याकरण (२०२७), बालकृष्ण पोखरेलको राष्ट्रभाषा (दो. संस्करण, २०३१), नरेन्द्र चापागाईंको भाषातत्व (२०३२), रोहिणी प्रसाद भट्टराईको बृहत् नेपाली व्याकरण (२०३३), मोहनराज शर्माको शब्द रचना र वर्णविन्यास भाषावैज्ञानिक पद्धति (२०३६), गोपालनिधि तिवारीको नेपाली भाषाको बनोट, धर्मराज थापा र हंसपुरे सुवेदीको नेपाली लोक साहित्यको विवेचना (२०४१), चूडामणि रेग्मीको नेपाली टुक्काको अध्ययन (२०४१) आदि कृतिहरू उल्लेखनीय प्रतीत हुन्छन् ।

यसरी अवलोकन गर्दा के व्यक्त हुन्छ भने नेपाली उखान टुक्का क्षेत्रमा सामान्य संकलन प्रशस्त भएका छन् र तिनलाई कोशीय रुप दिने चेष्टा पनि भएका छन् । यस संवन्धमा कोशविधान गर्ने सुकार्यको शुभारम्भ पुष्कर शमशेरको नेपाली उखान, टुक्का, वाक्यांश, वाक्यद्धति इत्यादिको कोश (१९९८) नामक कृतिबाट हुन्छ भने यस कार्यलाई उन्नयन गर्ने सुप्रयास कृष्णप्रसाद पराजुलीको नेपाली उखान र गाउँखाने कथा नामक कृतिमा हुन्छ । तर पनि कोशविज्ञानका आधुनिक विधि र प्रविधिका आधारमा तथ्याङ्क संकलन, संहिताकरण, प्रविष्टिविन्यास, अर्थ तथा उदाहरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(निर्मित र उद्धरित)–को समायोजन; सम्पादन आदि गरी सम्यक् कोश-विधान गर्नु नितान्त अपेक्षित छ ।

(घ) प्रकीर्ण कोश

नेपाली भाषामा ज्ञानविज्ञानका विविध क्षेत्रसँग संबन्धित प्राविधिक कोश, शैक्षिक वा शिक्षार्थी कोश, व्युत्पत्तिपरक कोश, संक्षेप तथा पारिवर्णी कोश, ऐतिहासिक कोश आदि विशिष्ट कोशहरूमध्ये कुनै निकै कम्ती भएको र कुनै हुंदै नभएकाले [यस्ता कोशहरूको विशिष्ट र विस्तीर्ण पृथक् चर्चा गर्ने बेला अझै भइसकेको प्रतीत हुदैन । त्यसैले उक्त किसिमका विशेष कोशहरूको सामान्य चर्चा यस प्रकार गरिएको छ:–

(१) प्राविधिक कोश– वर्तमान विश्व ज्ञानविज्ञानका विविध क्षेत्रमा दिनानुदिन समृद्ध र विशिष्ट बन्दैछ । परिणामतः विविध विषयमा विविध किसिमका शब्द र तिनका विशेष अर्थ यसरी प्रयुक्त हुन थाले कि सम्पूर्ण विषयका निखिल शब्द र तिनका विशिष्ट विषयक्षेत्रानुसारी अर्थ कुनै बृहत् शब्दकोशको पनि क्षमताभन्दा बाहिर हुन गयो । यसैको फलस्वरूप चिकित्सा, इञ्जिनियरिङ आदि प्राविधिक वा विशिष्ट विषयमा पृथक् कोशविधान अपेक्षित भयो । फलतः प्राविधिक कोशको जन्म भयो ।

नेपाली भाषामा श्री ५ को सरकारद्वारा प्रकाशित सैनिक शब्दावली[१८] (२०२१) र रूपान्तर गरिएका शब्दहरू [२०२६] नामक कृतिबाट प्राविधिक शब्दहरूको संग्रह आरम्भ भएको पाइन्छ । यसपछि राष्ट्रिय शिक्षा पद्धतिको योजना [२०२८]- कालमा २०२९ सालतिर त्रि० वि०, नेपाल तथा एशियाली अध्ययन संस्थानले नेपाली प्राविधिक शब्दकोश संबन्धी एउटा योजना तयार पाऱ्यो तर त्यो कार्यान्वयन हुन सकेन, यसै गरी प्राविधिक शब्दावलीका संबन्धमा तत्कालीन शिक्षामन्त्रालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रले पनि केही कार्य गर्ने जमर्को गऱ्यो, त्यो पनि माध्यमिक विद्यालय तहका पाठ्यपुस्तक-लेखन प्रसङ्गमा मात्र सीमित रह्यो, अघि बढ्न सकेन ।[१९]

यिनै पृष्ठभूमि र परिणतिले गर्दा केही विद्वान्‌हरूलाई यसतर्फ घच्घच्यायो । फलस्वरूप डी. बी. श्रेष्ठको ए गाइड टु कमन टर्मज् अन भेरियस सब्जेक्टस् (२०३२)[२०] पुण्यप्रसाद ओलीको टोपोग्राफिकल महाशाखाबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशित प्राविधिक शब्दको अंग्रेजी रूपान्तर [बेमिति, २०३३ तिर] फणीन्द्र मान मल्लको शिक्षा शब्दार्थ [लिथो-२०३५] चित्रबहादुर गुरूङ र केदार न्योपानेको प्राविधिक शब्दार्थावली (२०३६), कृष्णप्रकाश श्रेष्ठको संक्षिप्त अंग्रेजी नेपाली शब्दावली [२०३७] उकेश राज भुजुको संरक्षण शब्दावली [२०३७] अनि चित्रबहादुर गुरूङ र अन्यको अंग्रेजी नेपाली परिभाषिक शब्दावली (२०३८) जस्ता प्राविधिक क्षेत्रका शब्दावली प्रकाशित भए।

यसै बीच प्राविधिक शब्दावलीको निर्माणमा व्यवस्थित रूपले विद्वान्हरूको संलग्नता प्रारम्भ हुन्छ। यसैको उदाहरणस्वरूप राजकीय प्रज्ञाप्रतिष्ठानको आयोजना र त्यसका सदस्य डा. चन्द्रप्रसाद गोर्खालीको संयोजकत्वमा विज्ञान शब्दावली (२०३५) को निर्माण हुन्छ। यसपछि यसरी नै व्यवस्थित रूपमा प्राविधिक शब्दावली निर्माण गर्ने योजना तयार गरेर २०४१ सालदेखि यो संस्था यस क्षेत्रमा कार्यरत छ। अहिलेसम्म यसले अर्थ शास्त्र र व्यवस्थापन, शिक्षाशास्त्र, साहित्यशास्त्र, भाषाविज्ञान, संचार, ललितकला, इतिहास, मनोविज्ञान, तर्कशास्त्र, राजनीतिशास्त्र, समाजशास्त्र, मानवशास्त्र, पुरातत्व, भूगोल, प्रशासन, कानून, गणित, तथ्याङ्क, भौतिक-शास्त्र, रसायनशास्त्र, प्राणिशास्त्र, जीवशास्त्र, वनस्पतिशास्त्र, भूगर्भशास्त्र यन्त्रविज्ञान, सर्वेक्षण, भवननिर्माण, सिंचाइ तथा पानी, पुस्तकालय विज्ञान, परिवहन, संगीत, कृषिविज्ञान, वन विज्ञान, चिकित्साविज्ञान आदि विभिन्न ३८ विषयमा चरणबद्ध रूपले प्राविधिक शब्दावली निर्माण गर्ने कार्य आरम्भ गरिसकेको छ।[२१] उपयुक्त विषयमध्ये कुनै विषयमा शब्दावली सम्पादन गर्ने कार्य अन्तिम चरणतिर पुगिसकेको पनि ज्ञात हुन आएको छ।

यसरी प्राविधिक क्षेत्रसित संबद्ध कोशको संबन्धमा दृष्टि दिँदा कानूनी क्षेत्र विशेषत: फस्टाएको पाइन्छ। यसमा टोपबहादुर सिंहको कानूनी शब्दकोश [२०३८] र प्रशासनिक क्षेत्र समेत समेटिएको हर्षनाथ शर्माको प्रशासकीय तथा कानूनी शब्दकोश (२०४१) स्तरीय कोश हुन्। यी भन्दा अगाडी शंकरकुमार श्रेष्ठको कानूननी शब्दार्थसंग्रह (२०३६) प्रकाशित भएको थियो। यी विवरणबाट के स्पष्ट हुन्छ भने प्राविधिक क्षेत्रमा नेपाली शब्दकोशको विधान नितान्त आवश्यक छ।

यस सन्दर्भमा प्रसङ्गवश काल डुइजवर्ग संघ र गोएथे इन्स्टिच्युटको आयोजनामा २०४१ सालमा सम्पन्न विज्ञान तथा प्रविधिको क्षेत्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाली भाषा प्रयोगको समस्या र संभाव्यता विषयपक गोष्ठीको पनि चर्चा गर्न सकिन्छ। यस गोष्ठीमा प्रकाशबहादुर श्रेष्ठ, शैलेन्द्र कुमार पोखरेल तथा अन्य, ओमबहादुर श्रेष्ठ, इन्द्रराज पाण्डे, शिवकुमार राई र वेदनाथ रेग्मी तथा आनन्ददेव भट्टका कार्यपत्रहरू प्रस्तुत गरिएका थिए। यी कार्यपत्रमा नेपाली भाषामा विज्ञान तथा प्राविधिक शब्दावली निर्माण र कोशविधानका संबन्धमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका थिए।

यसै गरी उपर्युक्त संस्थाका साथै मदन पुरस्कार गुठी, जगदम्बा प्रकाशन, साझा प्रकाशन जस्ता महत्त्वपूर्ण संस्था र अन्य अनुसन्धान संस्थाहरू उद्यत भएमा नेपाली भाषामा प्राविधिक कोश संबन्धी न्यूनता शीघ्र नै उर्वरतामा परिणत हुने आशा तथा भरोसा गर्न सकिन्छ। वस्तुतः यिनै क्षेत्रको सत्प्रयासमा नै नेपाली प्राविधिक कोश र शब्दावलीको समृद्धि आश्रित छ र भविष्य निर्भर छ।

(२) व्युत्पत्तिपरक कोश– संख्यात्मक दृष्टिले हेर्दा नेपाली कोश परम्परामा व्युत्पत्तिपरक कोशका कुरा पर छाडौँ कोशमा व्युत्पत्ति–निर्देशन गर्ने कोशहरू पनि औँलामा गन्न नपुग्ने छन्। तर पनि गुणात्मकताका कसीमा जाँचिँदा वि० सं० १९८८ मा प्रकाशित प्रा० आर० एल० टर्नरको 'नेपाली भाषाको तुलनात्मक तथा व्युत्पत्तिपरक शब्दकोश'–ले नेपालीको मात्र होइन, सम्पूर्ण आर्यभाषाको नै कोश परम्परामा नमूना बनी गौरवमय शुभारम्भ गरेको छ। यसरी नेपाली व्युत्पत्तिकोशको जग अत्यन्त सुदृढ भए तापनि यस किसिमका कोश नेपाली भाषामा पर्याप्त रूपले फस्टाउन सकेनन्। फलतः नेपाली एकभाषी कोशका क्षेत्रमा व्युत्पत्तिका लागि सामान्य संकेत मात्र लिएर वि० सं० २०१९ सालमा रायल नेपाल एकेडेमी (वर्तमान, ने० रा० प्र० प्र०)-बाट बालचन्द्रको सम्पादनमा 'नेपाली शब्दकोश' प्रकाशित भयो। वस्तुतः व्युत्पत्तिको क्षेत्र गहनतम भएकाले यो कठिनतम साधनाबाट साध्य विषय थियो, यसमा हचुवा र टपर्टुइयाँ प्रवृत्तिले काम चल्दैनथ्यो। अतः चानचुने कोशकारबाट यो संभव भएन।

यसपछि नेपाली भाषाका महान् सेवक र व्युत्पत्तिविधानमा लब्धप्रतिष्ठ महानन्द सापकोटाले नेपाली शब्दपरिचय (२०३४)-मा व्युत्पत्ति-निर्देशन गर्ने कार्य गरे। व्युत्पत्तिको गहन क्षेत्रलाई पनि आफ्नो प्रतिभाले अठ्याउन सक्ने सामर्थ्य हासिल गरेका नेपाली भाषाका महान् साधक यिनको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रयासबाट यसरी नै यस क्षेत्रमा खँदिलो काम हुने आशा र भरोसा गरिएको थियो किनभने नेपाली निर्बचनको रूपरेखा (२०२७) कृति लेखी यस क्षेत्रमा बेजोडको विद्वत्ता अधिगत गरिसकेका थिए । परन्तु सपना साकार हुन सकेन, उनबाट आशा गरिए जस्तै कृति नपांउदै दिवंगत भए । परिणामतः त्यसपछि नेपाली शब्दगत व्युत्पत्तिविधानको यो क्षेत्र त्यति मलिलो हुन सकेन । केही कालपछि नेपाली बृहत् बब्दकोश (२०४०) को प्रकाशन ने. रा. प्र. प्रतिष्ठान बाट भयो । यसमा व्युत्पत्ति-निर्देशन गर्ने प्रयास गरिएको छ । यो पनि एकभाषी व्युत्पत्तिपरक कोशका दृष्टिले अनुर्वर नेपाली कोशपरम्परामा एउटा उत्साहजनक पथप्रदर्शन हो । भविष्यमा व्युत्पत्तिविधानका सिद्धान्तअनुरूप उत्कृष्ट नेपाली शब्दकोश विधान हुने आशा गरिन्छ ।

(३) भाषिका कोश– भाषाको कुनै भेदमा आश्रित यस किसिमको कोशमा पनि ,कोशीय एकाइको प्रविष्टिविधान गर्दा भाषाकोशका विशेषताहरूलाई नै सामान्यतः अंगीकार गरिन्छ । तर यसमा के फरक हुन्छ भने कोशीय एकाइ वा कोशीम कुनै विशेष भौगोलिक सामाजिक क्षेत्रका हुन्छन् जुन मानक शब्दकोशमा सामान्यतया ग्रहण गरिदैनन् ।

नेपालीमा भाषिका कोशविधानतर्फ पहिलो पाइलाका रूपमा २०१८ सालमा प्रकाशित अर्जुनदेव तथा भीमदेव भट्टको 'बैतडीका स्थानीय शब्दकोश' –लाई लिन सकिन्छ । यसपछि नेपालीको अर्को भाषिकाभेदसँग सबन्धित रत्नाकर देवकोटाको 'जुम्लेली शब्द र उखान संग्रह' (२०२७) प्रकाशित हुन्छ । यस्ता किसिमका प्राथमिक प्रयासबाहेक नेपाली कोशपरम्परा-मा सिङ्गो भाषिका कोशविधान भएको पाइंदैन ।

(४) स्थाननामकोश– नेपाली भाषामा यो नयाँ किसिमको कोश हो । यस कोशमा कुनै विशिष्ट स्थानको परिचय र त्यस्ता नामको अर्थ एवम् व्युत्पत्ति पनि दिइने गरिन्छ । यस्ता कोशमा ज्ञानपरक विवरण नै विशेषतया हुने हुनाले यो विश्वकोशको प्रकृतिसित मिल्दोजुल्दो हुन्छ ।

नेपाली भाषामा यस किसिमको कोशको प्रारम्भिक उदाहरण शिखरनाथ सुवेदीको शिखरनाथ भाष्य (१९५९) मा पाइन्छ तापनि त्यसपछि यस परम्परा लामो अन्तराल रहन गएको स्पष्ट देखिन्छ । आधुनिक किसिम-को कोशविधान पद्धति अनुसार नेपाली भाषामा स्थाननाम कोश ख्याति प्राप्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कोशकार कृष्णप्रकाश श्रेष्ठद्वारा सम्पादित भई ने. रा. प्र. प्र. बाट २०४४ सालमा प्रकाशित हुन्छ ।

उपसंहार–

यसरी नेपाली कोशको प्रकारगत सामान्य चर्चा गर्दा के स्पष्ट हुन्छ भने हाम्रो यस नेपाली भाषामा भाषाको आन्तरिक तथा बाह्य स्वभावको ज्ञापक, भाषामा निहित समस्त शब्दभण्डारको संरक्षक र संबन्धित भाषाको कोशपरम्पराकै गौरवमय प्रतीक मानिने ऐतिहासिक वा कालक्रमिक कोश आजसम्म विधान हुन सकेको छैन । यसै गरी अनेकार्थी, विपर्यायवाची, व्युत्पादक, संक्षेप तथा पारिवर्णी, तुक, संनिधानपरक, सापटी शब्द आदिका क्षेत्र पनि पृथक् र सम्यक् कोशविधानका दृष्टिले कालाबन्जर नै छन् । फेरि अर्कातिर ग्रन्थकोश, शैक्षिक वा शिक्षार्थी कोश, प्रयोग कोश, साहित्य कोश जस्ता कोशका दृष्टिले पनि नेपाली भाषा रित्तो छ । अतः नेपाली शब्दकोशका क्षेत्रमा कर्मठ र कर्तव्यनिष्ठ विद्वान् र संस्थाको संकल्प, साधना र सहयोग नितान्त अपेक्षित छ । वर्तमान सन्दर्भमा प्रथमतः हाम्रो आवश्यकता र कोशविज्ञानका दृष्टिले पनि गरिमामय र अपेक्षणीय ठरिएको आधुनिक कोशप्रविधिमा आधारित नेपाली ऐतिहासिक कोशको योजना र विधानकार्य हाम्रा लागि साधनासाध्य अनुष्ठानका साथै राष्ट्रिय र प्राज्ञिक चुनौती समेत बनेर उपस्थित भएको छ । यसैले यी अनुष्ठान पूर्ण गर्नका लागि अतिउच्चस्तरीय प्रज्ञासेवी र भाषासेवी जनशक्ति र संस्थाहरूको सक्रिय भूमिका नितान्त अपेक्षित हुने कुरा स्वतःसिद्ध छ किनभने संस्थागत र समूहगत अभियान विना व्यक्तिगत र एकाकी प्रयासबाट यस्ता श्रमसाध्य, व्ययसाध्य र समयसाध्य आधुनिक कोशहरूको विधान सुदुष्कर ठहरिन्छ । अतः आ-आफ्नो क्षेत्रको प्रभावकारी भूमिका राम्ररी मनन गरी हामीहरूले नेपाली कोशको विशाल फाँटलाई उत्तरोत्तर समृद्ध पार्नसफल संकल्प गर्नुपरेको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाद-टिप्पणी

शिव रेग्मी, "मोतीराम भट्टको शब्दसंग्रह प्रकरण," रोलम्ब, भाग: छ, संख्या: २, ललितपुर, पृ० १८ ।

आर. एल. टर्नर, ए कम्परेटिभ एण्ड एमटोलजिकल डिक्सनरी अफ नेपाली ल्याङ्ग्वेज, लण्डन, १९३१ ई, पृ. भूमिका ।

राममणि आ. दी. पुराना संझना, काठमाडौं, २०२९, पृ. १० ।

बल्लभमणि दाहाल, "नेपाली भाषा र कोश," नेपाली भाषा अधिगोष्ठी २०३३, ने. रा. प्र. प्र., काठमाडौं, २०३३, पृ. १३४ ।

प्राज्ञ प्रा. चूडामणि बन्धुबाट प्राप्त जानकारी ।

तुलसीबहादुर छेत्री, नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, पृ. ९१ ।

भोलानाथ तिवारी, भाषाविज्ञान (षष्ठसंस्करण, १९६७ ई.) किताब महल इलाहाबाद, पृ. ५७९ ।

शिवरेग्मी, पूर्ववत्, पृ. १८ ।

पुष्कर शमशेर, नेपाली उखान टुक्का, वाक्यांश वाक्यपद्धति इत्यादिको कोष (पहिलो खोस्रो खण्ड), १९९८, पृ. प्रस्तावना-'ज' ।

पुष्कर शमशेर, पूर्ववत्

तुलसीबहादुर क्षेत्री, पूर्ववत्, पृ. ९१ ।

पुष्कर शमशेर, पूर्ववत्, पृ. प्रस्तावना-'छ' ।

पुष्कर शमशेर, पूर्ववत्, प्रस्तावना -'ज' ।

मदन पुरस्कार पुस्तकालय, मदन सौरभ' ललितपुर, २०३१, पृ.१७२ ।

चूडामणि रेग्मी, नेपाली टुक्काहरूको अध्ययन, चन्द्रगढी, झापा, २०४१, पृ. ११ ।

मदनपुरस्कार पुस्तकालय, पूर्ववत्, पृ. १७४ ।

कृष्णप्रसाद पराजुली (सं.) नेपाली उखान र गाउँखाने कथा, ने. रा. प्र. प्र., काठमाडौं, २०३९, पृ. ५ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१८. नरेन्द्रमणि आ. दी., साझा संक्षिप्त अंग्रेजी–नेपाली शब्दकोश, काठमाडौं, २०३३, पृ. सहायक ग्रन्थसूची–१ ।

१९. चूडामणि बन्धु "नेपाली भाषामा प्राविधिक शब्दावलीको निर्माण परम्परा," कोशविज्ञान कार्यशाला (२०४४) मा प्रस्तुत अनुसन्धानपत्र ने. रा. प्र. प्र. काठमाडौं ।

२०. वल्लभमणि दाहाल. पूर्ववत्, पृ. १३४ ।

२१. चूडामणि बन्धु, पूर्ववत् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्दर्भग्रन्थ-सूची

[यहाँ विशेषत: उपयोग गरिएका प्रमुख कृतिहरूको सूची मात्र दिइएको छ ।]

(क) नेपाली

खा० दी०, राममणि, पुराना संझना, काठमाडौं, २०२९ ।

छेत्री, तुलसीबहादुर, नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान, अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध (सत २०२८—३४), त्रि. वि. ।

ज्ञवाली, सूर्यविक्रम (सं.), नेपाली संक्षिप्त शब्दकोश, काठमाडौं, ने. रा. प्र. प्र., २०४० ।

तमोट, काशीनाथ, "मोतीराम भट्टको कविताको सराजाम" पारिजात (साहित्यिक पत्रिका), वर्ष-२, अंक-२, काठमाडौं, २०३७ ।

त्रिपाठी, वासुदेव, "नेपाली प्राविधिक शब्दनिर्माण प्रक्रिया: एक लघु चर्चा" कोशविज्ञान कार्यशाला (२०४४)- मा प्रस्तुत पत्र (लियो), २०४४ ।

दाहाल, वल्लभमणि "प्राविधिक शब्दावली र लिप्यन्तरण' कोशविज्ञान कार्यशाला (२०४४)- मा प्रस्तुत पत्र (लियो), २०४४ ।

दाहाल, वल्लभमणि, "नेपाली भाषा र कोश", नेपाली भाषा अधिगोष्ठी २०३३ (विवृत्ति), काठमाडौं, ने. रा. प्र. प्र., २०३३ ।

दीक्षित, कमल, यस्तो पनि (दोस्रो संस्करण), ललितपुर, जगदम्बा प्रकाशन, २०२६ ।

नेपाल, ज्ञानमणि, "नेपाली वृहत् शब्दकोश नियालेर हेर्दा", नेपाली, पूर्णाङ्क १०० (२०४१ साउन, भदौ, असोज), ललितपुर, मदन पुरस्कार गुठी, २०४१ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल, ज्ञानमणि "नेपाली बृहत् शब्दकोशमा प्राप्त इतिहास संबन्धी अशुद्धिको समीक्षा, **रोलम्ब**, भाग—५ (अक्टोवर, डिसेम्बर १९८५ ई.), संख्या-४, १९८५ ई.।

नेपाल 'यात्री' पूर्णप्रकाश, राजा गगनिराजको यात्रा, काठमाडौं, नेपाल रिसर्च एसोसियट्स, २०३९।

नेपाली बृहत् शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४०।

नेपाली भाषा अधिगोष्ठी २०३३ (विवृत्ति), काठमाडौं, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३३।

पराजुली, कृष्णप्रसाद (सं०), **नेपाली उखान र गाउँखाने कथा**, काठमाडौं, ने. रा, प्र॰ प्र., २०३६।

पर्यायवाची शब्दकोश, काठमाडौं, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३०।

पाण्डे, नरदेव, **कविवर मोतीराम भट्टको जीवनी**, १९५५।

पोखरेल, बालकृष्ण, **राष्ट्रभाषा** (दोस्रो संस्करण), काठमाडौं, साझा प्रकाशन, २०३१।

पोखरेल, बालकृष्ण (सं.); **पच्चीस वर्षका भाषिक चर्चा**, काठमाडौं, ने. रा. प्र. प्र., २०३९।

प्रधान, पारसमणि तथा प्रधान, नगेन्द्रमणि (सं.), **ठूलो नेपाली-नेपाली-अंग्रेजी कोश** (परिबर्द्धित संस्करण), कालिम्पोङ, भाग्यमणि प्रकाशन, १९८३ ई.।

बन्धु, चूडामणि, "नेपाली भाषामा प्राविधिक शब्दावलीको निर्माण परम्परा" **कोशविज्ञान कार्यशाला** (२०४४)- मा प्रस्तुतपत्र, (लिथो), २०४०।

बन्धु, चूडामणि **भाषाविज्ञान**, काठमाडौं ने. रा. प्र. प्र., २०३०।

भट्टराई, घटराज, "मोतीराम भट्टको शब्दकोश," **मोतीस्मृति ग्रन्थ**, काठमाडौं, नेपाली शिक्षापरिषद्, २०३९।

मदनसौरभ, ललितपुर, मदनपुरस्कार पुस्तकालय, २०३१।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेग्मी, चूडामणि उपाध्याय, नेपाली भाषाको उत्पत्ति, ललितपुर, जगदम्बा प्रकाशन, २०२५ ।

रेग्मी, शिव, "मोतीराम भट्ट र उनको शब्दसंग्रह प्रकरण," रोलम्ब, भाग- ६, (अप्रैल–जुन), संख्या– २, ललितपुर, १९८६ ।

शमशेर, पुष्कर, नेपाली उखान–टुक्का, वाक्यांश, वाक्पद्धति इत्यादिको कोष, काठमाडौं १९९८ ।

शर्मा, तारानाथ, नेपाली साहित्यको इतिहास, काठमाडौं, सहयोगी प्रकाशन, २०२७ ।

शर्मा, मोहनराज, शब्दरचना र वर्णविन्यास: भाषावैज्ञानिक पद्धति, काठमाडौं, त्रि. वि; पा. वि. के; २०३६ ।

शर्मा, शरद्चन्द्र, नेपाली साहित्यको इतिहास (माध्यमिक काल), काठमाडौं, त्रि. वि; पा. वि. के; २०३७ ।

श्रेष्ठ 'संभव' दयाराम तथा शर्मा, मोहनराज, नेपाली साहित्यको संक्षिप्त इतिहास (दोस्रो संस्करण), काठमाडौं, साझा प्रकाशन, २०४० ।

सापकोटा, महानन्द, नेपाली निबंधनको रूपरेखा (दोस्रो संस्करण), विराटनगर, हिमाली प्रकाशन, २०२८ ।

सिंह, उत्तमबहादुर, मानवतावादी राजा जयपृथ्वीबहादुर सिंह: एक परिचय, काठमाडौं, २०३५ ।

सुन्दास, लक्खीदेवी (सं.), अकादमी निबन्धावली, दार्जीलिङ, नेपाली अकादमी, १९७६ ई. ।

(ख) संस्कृत

'ऋषि', उमाशंकर शर्मा (सं.), निरुक्तम् (द्वितीय : संस्करण :), वाराणसी, चौखम्बा विद्याभवन, २०२२ ।

गौतम, कुलचन्द्र (सं.), अमरकोश : (नेपाली भाषा टीका), वाराणसी, दुण्डिराज ऋषिकेश शर्मा, १९५६ ।

राधाकान्तदेव : (सं.), शब्दकल्पद्रुम:, वाराणसी, चौखम्बा संस्कृत सिरिज, १९६१ ई,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्री, चारुदेव, (सं.), व्याकरणमहाभाष्यम् (पतञ्जलिविरचितम्) वाराणसी, मोतीलाल बनारसीदास, २०१९ ।

शास्त्री, जगदीश (सं.), उपनिषत्संग्रह : (पुनर्मुद्रण), दिल्ली, मोतीलाल बनारसीदास, १९८० ई. ।

शास्त्री, विश्वबन्धु (सं.), वैदिकपदानुक्रमकोश:, होशियारपुर, भी. भी. आर. इन्स्टिच्युट, १९५५ ई. ।

(ग) हिन्दी

कत्रे, एस. एम; कोशविज्ञान हिन्दी अनु. सरोजिनी शर्मा, आगरा, केन्द्रीय हिन्दी संस्थान, १९८० ई. ।

तिवारी, उदयनारायण (सं.), अभिनव भाषा विज्ञान, इलाहाबाद, किताब महल, १९८२ ई. ।

तिवारी, भोलानाथ, कोशविज्ञान, दिल्ली, शब्दकार, १९७९ ई. ।

तिवारी, भोलानाथ, भाषाविज्ञान (षष्ठ संस्करण) इलाहाबाद, किताब महल १९६७ ई. ।

द्विवेदी, बालमुकुन्ददेव संस्कृत कोष: उद्भव और विकास, इलाहाबाद, स्मृति प्रकाशन, १९७९ ई. ।

नगेन्द्र (सं.), हिन्दी – साहित्यका इतिहास (द्वितीय संस्करण), नई दिल्ली, नेशनल पब्लिशिंग हाउस, १९७६ ई. ।

युगेश्वर, हिन्दी कोशविज्ञानका उद्भव और विकास, वाराणसी, भारती विद्या प्रकाशन, १९७१ ई. ।

वर्मा, रामचन्द्र, कोशकला, वाराणसी, २००६ ।

शर्मा, हरीश, भाषाशास्त्र को रूपरेखा (द्वितीय संस्करण), गाजियाबाद, अमित प्रकाशन, १९८२ ई. ।

श्रीवास्तव, रवीन्द्रनाथ र अन्य (सं.), अनुप्रयुक्त भाषाविज्ञान, दिल्ली, आलेख प्रकाशन, १९८० ई. ।

हिन्दी विश्वकोश, वाराणसी, ना. प्र. सभा, २०२७ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(घ) अंग्रेजी

Allen, H. B. [ed.], Readings in Applied English Linguistics (Indian Edition), New Delhi, Amerind Publishing Co.Pvt. Ltd, 1971.

Bloomfield, Leonard, Language, New York, Holt, Rinehart, 1933.

Els, Theo Van et al, Applied Linguistics and the Learning and Teaching of Foreign Languages, English translation by R. R. Van oirsouw, Australia, Edward, 197.

Gleason, H. A. Jr. An Introduction to Descriptive Linguistics, (Revised Indian Edition), New Delhi, and IBH Publising Co., 1968.

Hockett, C. F. A Course in Modern Linguistics, New York, The Macmillan Co., 1958.

Hornby, A. S., Oxford Advanced Learner's Dictionary of Current English (Indian Edition), New Delhi, Oxford Univerity Prees; 1981.

Jacob, G. A., A Concordance to the Principal Upanishads and Bhagavad gita, Delhi Moti, lal Banarasidas, 1891.

Jones Daniel, English Pronuncing Doitionary, (ed.) A. C. Gimson, 1917.

Misra, B. G. (ed.), Lexicography in India, Mysore, C. I. I. L. 1980.

Monier– Williams, M. (ed.) A Sansksit-English Dictionary, Oxford University Press, 1951.

Oxford English Dictionry, 12 Volumes and Supplement, London, Oxford University Press, 1933.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Richards, Jack et al. (eds.), Logman Dictionary of Applied Linguistics, Longman, 1985.

Robinson, D. F. L. Manual for Bilingual Dictionaries (Volume-I), California, C. I. L., 1968.

Singh, R. A; An Introduction to Lexieography, Mysore, C. I. I. L., 1982.

Skeat, WalterW. (ed.), An Etymological Dictionary of the English Language (Fourth Edition), London, Oxford, 1910.

Subedi, Abhi, Nepali Literature: Background and History, Kathmandu, Sajha Prakashan, 1978.

Sweet, H. The History of Language, (Third Edition), London, 1908.

The New Encyclopaedia Britannica (15th Edition, 1968) London, Founded-1788.

Turner, R. L. A Comparative and Etymological Dictionary of Nepali Language, London, 1931.

Webster's New Collegiate Dictionary, (Indian Edition), Calcutta. Scientific Book Agency, 1981.

Zgusta, L. et al, Manual of Lexicography, The Hague, Mouton and Company, 1971.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ट

केही शब्दावली

[यस पुस्तकमा प्रयुक्त केही शब्दावली र तिनका अंग्रेजी समानकहरू यहां दिइएका छन् तर अतिप्रचलित शब्दावली भने समाविष्ट छैनन् ।]

अधिभाषा	Metalanguage
अनुप्रयुक्त	Applied
अनेकार्थी शब्द	Polysemy
अर्थच्छाया	Shadow of meaning
अर्थबिच्छित्ति	Nuace
अवचलित	Archaic
अवतरण	Extraction
अवसित	Obsolate
अवस्तरीय	Nonstandard
असमरूपिता	Anisomorphism
आदिष्टरूप	Supletivism
आधाररूप	Canonical form
उद्देश	Lemma
उपचिह्न	Diacritics
एकभाषी कोश	Monolingual Dictionary
कोश–पत्ती	Lexicographical card
कोशविधान	Lexicology
कोशविधानविज्ञान	Lexicography
कोशिम	Lexem
कोशीय एकाङ्ग	Lexical unit

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्विभाषी कोश	Bilingual Dictionary
निदर्शात्मक उदाहरण	Illustrative example
नीडन	Nesting
पर्याय	Symonyms
प्रतिनिर्देश	Cross-reference
प्रत्याभिव्यक्ति	Paraphrase
प्रविष्टि	Entry
पारिवर्णी शब्द	Acromyms
बध्दविकाशशील	Close ended
बीजक	Label
मुक्तविकासशील	Open ended
रिक्त शब्द	Empty word
विपर्याय	Antonyms
विरल	Rare
विलक्षण जन्तु	Fauna
विलक्षण वनस्पति	Flora
विवृत्ति	Gloses
व्युत्पत्ति	Etymology
शीर्षशब्द	Head word
संनिधानपरक	Colocational
संनियोजित परिभाषीकरण	Truncated Definition
संसक्त शब्द	Run-on-words
समध्वन्यात्मिकी शब्द	Homophones
समरूपी शब्द	Homonyms
समानक	Equivalent
समावेशी	Hyponymy
समुच्चयात्मक अभिव्यक्ति	Set expression
हीन	depleted

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धिपत्र

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
३	२१	नगरिएको	नगरिएकाले
६	८	'अंग्रेजी	अंग्रेजी'
६	२४	गर्छन् ।	गर्छन् ।''[३]
९	२५	भाषाविज्ञानको प्रत्येक	कोषविज्ञानको प्रत्येक
१६	४	नृसिंहोन्तरा	नृसिंहोत्तरा
१९	३०	उदाह्वत	उदाहृत
२०	६	धात, कोश	धातु कोश
२०	१७	भरिभाषा	परिभाषा
२०	२३	उपयुक्त	उपर्युक्त
२१	१५	र्वोध्य	दुर्वोध्य
२२	१	लागि[१४]	लागि[२४]
२२	३	लागि[१५]	लागि[२५]
२२	४	लागि[१६]	लागि[२६]
२२	८	थियो ।[१८]	थियो ।[२७]
२२	२६	हो ।[५१]	हो ।[२९]
२३	१५	हुन्छ ।''[४९]	हुन्छ ।''[२८]
२३	२४	बनाउँछ ।[३९]	बनाउँछ ।[३०]
२७	२५	सनुसन्धानका	अनुसन्धानका
३४	२४	छन् ।[३]	छन् ।[२]
३४	२६	छन् ।[६]	छन् ।[३]
३५	९	छन् ।[१]	छन् ।[५]
३८	२४	देवी ।	देवी ।[६]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
		(ग)	(ख)
३६	८	यस पद्धतिका कोशहरू	कोशहरू यस पद्धतिका
४४	७	तिनका	तिनमा
४४	१२	संविधानपरक	संनिधानपरक
४५	५	२०१	२०१८
४६	१५	२०३६	२०३०
४६	१६	अवस्था	अवस्थामा
४७	२१	विधानका	विधानका लागि
५०	८	यस्ता प्रकाशन	यस्ता प्रकारका
५७	२२	शब्दकोशका	शब्दकोशका निकटतम स्वरुप हुन् । यस्ता कोश
५६	४	४	५
६४	९	उदाहरण	उदाहरणको
७८	२७	शब्दहरूको	एकाइहरूको
८०	१४	एक्पोजिटर	एक्सपोजिटर
१०२	१०	२.	१.
११२	६	विदिशाबाट	विदिशा, वार
११७	२८	अवगत	अ गत
१२५	२१	इ[३]	अ[३]
१२६	२६	कोशनिष्ठ	कोशनिष्ठ प्रविष्टिका अंग हुन् ।
१२८	४	यसै	यसै गरी
१४०	२३	विकृति	विवृत्ति
१४५	२६	योजनका	प्रयोजनका
१५२	५	न्सङ्याल	सन्झ्याल
१५४	१६	अन्य	अन्त्य
१५९	६	×खड्ग	। खड्ग
१६७	१६	कोशवर्ती	यो कोशवर्ती
१७२	११	क्षेत्र	क्षेत्रमा
१८१	३१	(ङ)	(च)
१८२	२६		

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	पंक्ति	भएको	हनुपर्ने
१८२	३२	त्यस	त्यसमा
१९०	२३	अविकार	अ भकार
१९१	५	ए० भी०	एन्० भी०
१९१	८	सक्तैनन् ।[३]	सक्तैनन् ।[७]
१९१	११	क्षेत्र	क्षेत्र विस्तृत
१९१	२६	घडी, टोपी	टोपी
१९३	२	कुनै	कुनैमा
१९९	२६	उद्धव	उद्भव
२०२	२	मतले विचारले	विचारले
२०७	३०	बताएकाले	बताएकाले[७]
२०८	२	पगि	पनि
२०९	५	खर्बुजा	खर्बुजो
२०९	६	भर्बुजो''[१२]	भर्बुजो ।''[१४]
२१०	१४	अनुसंकृत	अनुसंस्कृत
२१२	२२	संबन्धी	कोशसंबन्धी
२१३	२७	वाङ्यमको	वाङ्मयको
२१६	१३	(१९९८)	(१९९८–
२१६	१४	भएको	भएको)
२१६	२३	नेपाभी	नेपाली
२१९	१	स्टियाण्र्ड	स्टयाण्डार्ड
२२०	११	२०२६	२०३०
२२०	१२	यसै साल	यसअघि
२२६	१८	व्यञ्जनमा	व्यञ्जनमा परिणत
२२६	१९	तर परिणत	तर
२२६	२९	हुन्न ।[६६]	हुन्न ।''[३६]
२२८	३	लिद्धिचर	सिद्धिचरण
२३४	१७	गरी	गरी नेपाली जस्ता भाषा अलिखित
२४६	१६	सापकोटा	सापकोटाको
२४८	२५	संकलन	संस्करण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृष्ठ	पंक्ति	भएको	हुनुपर्ने
२४८	२८	साहित्य	साहित्यमा
२४९	३	तस्वीर	तर्खर
२४९	३	थिए ।	थिए ।[१]
२४९	१९	छ ।	छ ।[२]
२४९	१९	नेपाली कोशका	यसै गरी राममणिको कोशका
२४९	२१	हुन्छ ।	हुन्छ ।[३]
२५१	५	नेपाली अर्थ	नेपालीमा अर्थ
२५३	१२	प्रगाशन	प्रकाशन
२५४	८	कोशको	कोशका जस्तो
२५५	१४	२०२६	२०३०
२५६	१६	कृति	कृति[६]
२५८	२७	कृति	कृतिबाट
२६०	५	शिद्यार्थी	शिक्षार्थी
२६१	२९	काल	कालं
२६३	२८	परम्परा	परम्परामा
२६४	१५	ठरिएको	ठहरिएको
२६५	२, ४, ६, ७, ९, १०, १२, १४, १५, १७, १८, १९, २०, २१, २२, २४, २५,	अंक छुटेको	[सूचना-क्रमशः १, ...१७ सम्म अंक राख्ने]
२६६	४	त्रप	पत्र
२७३	९	Nuace	Nuance
२७३	२१	कोशविधान	कोशविज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu